कृष्णयज्वः, मीमांसापरिभाषा, वाराणसी : शारदा भवन, वि.सं.१९९२ ।

केनोपनिषद् ।

गीता ।

भट्टः, कुमारिलः, श्लोकवार्तिकम्, वाराणसी : रत्ना पब्लिकेशन्स्, १९७८ ।

महाराजः, करपात्रः, वेदार्थपारिजात, वाराणसी : राधाकृष्ण धानुका प्रकाशन संस्थान, सन् १९७९ ।

माधवाचार्यः, जैमिनीयन्यायमाला, वाराणसी : कृष्णदास अकादामी, १९८९ ।

मिश्रः, वाचस्पतिः, सांख्यतत्त्वकौमुदी (सांख्यकारिकासम्वलिता), मुम्बई : गुजराती मुद्रणालय, वि.स.१९८७ ।

♣♣♣

---

[१] सर्वज्ञो दृश्यते तावन्नेदानीमस्मदादिभिः ।
निराकरणवच्छक्या न चासीदिति कल्पना । श्लोकवार्तिकम्, चोदना ११७ ।

[२] एवञ्चेश्वरे परोक्तमनुमानं निरस्तं नेश्वरो निरस्तः ।- प्रभाकरविजयः ।

[३] विशुद्धज्ञानदेहाय त्रिवेदीदिव्यचक्षुषे ।
श्रेयः प्राप्तिनिमित्ताय नमः सोमार्धधारिणी ॥- श्लोकवार्तिकम् १ ।

[४] प्रायेणैव हि मीमांसा लोके लोकायतीकृता ।
तमास्तिकपथे कर्तुमयं यत्नः कृतो मया ॥- श्लोकवार्तिकम्, ५ ।

सामवेदीयप्रातिशाख्यैरवलम्बिता अध्ययनप्रणाली, तत्र ब्राह्मणग्रन्थप्रतिपादितप्रभावः

डा. श्रीरामअधिकारी
उपप्राध्यापकः

१.१ प्राक्कथनम्

सर्वेषां प्राणिनां कल्याणार्थमुपदिष्टं वैदिकशब्दराशिं स्वतपोबलवशाद् ऋषिमहर्षयः आत्मसात् कृत्वा गुरुमुखोच्चारणानुच्चारणात्मकं वेदाध्ययनं प्राचालयन्। पुरा श्रुतिपरम्प्राप्तानां वैदिकराशीनां यथातथ्यपाठ-उच्चारणविधि-स्वराध्ययनप्रकार-व्याकरण-छन्दस्-सन्धि-वर्णागम-लोपप्रभृतिविषयाणां विचारविमर्शाय एका परिषद् संघटिता प्राप्यते। एतच्च निरुक्ते (१.४) पदप्रकृतिः संहिता, पदप्रकृतीनि सर्वचरणानां पार्षदानि इत्यस्य भाष्ये दुर्गाचार्यः स्पष्टयति। आश्रम-विद्यापीठगुरुकुलपाठशालादिवेदाध्ययनक्षेत्रेषु कुलपति-वाचस्पतिपदविभूषिता विद्वांसो नियुक्ता भवन्ति स्म। अद्यापि दाक्षिणात्ये कुम्भघोणस्थराजवेदपाठशालायां कुलपतिभाजो विद्वांसो नियुक्ताः सन्ति। वैदिकराशिमुपरि समायोजितेषु गोष्ठीविचारविमर्शपाठपारायणादिषु विमृष्टान् स्वोपज्ञांश्च विषयान् संग्रथ्य महर्षयः वेदशाखासम्वद्धं प्रातिशाख्यं रचयामासुः। इत एव सर्वप्रथमं व्याकरणशास्त्रस्य जन्म अभवद् इत्यपि वक्तुं शक्यते।

सामवेदे चत्वारि प्रातिशाख्यानि सन्ति सामतन्त्राक्षरतन्त्रपुष्पसूत्र-ऋक्तन्त्राख्यानि। प्रतिशाखं शाखासमूहं वा अधिकृत्य प्रातिशाख्यानि विरचितानि महर्षिभिः। तानि च वेदप्रकृत्यनुसारं पृथक् पृथग् अध्ययनप्रणालीः प्रस्तुवन्ति। गद्यपद्यगीत्यात्मकेषु सामवेदः गीतिस्वरूपं प्रस्तौति। स्वरैर्गीतं गीयते। तस्य स्वर एव स्वमिति (बृ.उ.१.२५) च सर्वत्र प्रतिपादितमस्ति। स्वरसर्वस्वभूते सामवेदे उदात्तानुदात्तस्वरितस्वरनिवद्धा ऋङ्मन्त्राः क्रुष्टप्रथमादिसप्तस्वरमया गीतिमन्त्राः स्तोभमन्त्राश्च विलसन्ति। सा च अमश्च तत्साम्नः सामत्वम् (वृ.उ. ६।४।२० त्युक्तिर्द्वयो ऋङ्मन्त्रगीतिमन्त्रयोः सामूहिकं नाम सामवेदत्वेन समुपस्थापयति। गीतिष्वपि विकृतिपाठपठिता ऊहोह्यगाननिवद्धा अग्निष्टोमादिस्तोत्रमन्त्राश्च विलसन्तीति सर्वेषां प्रकृतिगतमन्त्राणामध्ययनाय बहुविधा अध्ययनप्रणाल्यः संरचिताः सन्ति तेषु प्रातिशाख्येषु। मन्त्रस्वरूपाणां वैभिन्यात् प्रातिशाख्यान्यपि चत्वारि संग्रथितानि। तत्र ऋङ्मन्त्राणामध्येतृप्रातिशाख्यमृक्तन्त्रम्, प्रकृतिगानानामध्येतृ सामतन्त्रम्।

उहोह्यगानगतस्तोत्राणमध्येतृ च पुष्पसूत्रमस्ति, गानपठितानां स्तोभमन्त्राणामध्येतृप्रातिशाख्यमक्षरतन्त्रं निर्धारयितुं शक्यते।

१.२ संहिता

वेदाध्ययनपरम्परायां प्रकृतिविकृतित्वेन संहितापदक्रमविकृतिपाठानां परिगणनं विहितमस्ति। अर्थाज् जटाद्यष्टविकृतिपाठानां प्रकृतिः क्रमपाठः, क्रमपाठस्य प्रकृतिः पदपाठः, पदप्रकृतिः संहितापाठः निर्धारितः। एवमेव संहितापाठपठितानां मन्त्राणां स्वरूपमभिलक्ष्य संहिताकथनेन पदानां सर्वत्र सन्धिभूतं स्वरूपमायाति। संहितापाठ-पदपाठ-क्रमपाठ-विकृतिपाठादीनां स्वरवर्णादिसन्धिस्वरूपनियमनाय तत्प्रख्यापनाय च प्रातिशाख्यं संग्रथितं महर्षिभिः। वस्ततस्तु परब्रह्मणा समुपदिष्टायां वैदिकसंहितायामेक एव स्वरो नियतः, प्रकृतिप्रत्ययाश्च नियताः। नियतानां स्वरूपाणामपि जनबुद्धिप्रबोधनपूर्वकं सर्वेषां पाठानां संरक्षणाय विश्लेषणमावश्यकम्। अत एव वेदपाठस्वरूपविश्लेषणपूर्वकं यथातथ्यपाठनिर्धारणाय प्रातिशाख्यानि विरचितानि। अत एव ऋगक्षरोपरि ये विकारा ये भावा ये च स्वराः प्रवर्तन्ते तैस्तैर्विकारैर्भावैः स्वरैश्च सामगानानि दृष्टानि महर्षिभिरिति दृष्ट्या वेदस्वरूपविश्लेषक्रमे मन्त्रसंहिताध्ययनादौ च प्रातिशाख्यैः पदमेव प्रकृतिं स्वीकृत्य वेदाध्ययनप्रणाल्यः संरचिताः सन्ति।

सामवेदातिरिक्तमन्त्रसंहितासु वर्णनामेकप्राणयोगः संहिता (वा.प्रा.१.१५८) इति एकश्वासोच्चार्यमाणा भवति संहिता घटते च परिभाषेयं व्यवहारदशायां परं पञ्चभक्तिषु बहुविधपर्वसमन्विते सामगाने प्रतिभक्तिं प्रतिपर्व विरामनियमनियतत्वात्सन्तत्या गानाभावस्तेन च न घटते एकश्वासोच्चार्यमाणेति परिभाषा। किन्तु सामसाहित्येऽप्यस्त्येव संहिता। परं केन विधिना संहिता संसाध्यते इत्यत्र पञ्चविधसूत्राख्यं परिशिष्टग्रन्थमुल्लिख्य पाञ्चविध्यविधिना संहितासिद्धिर्भवतीति संहितोपनिषद्ब्राह्मणस्य द्विजराजभट्टभाष्ये समुल्लिखितं यथैषा समावर्तनीयेति वेदितव्या संहिता भवति' (५.१) इति ब्राह्मणमनुसृत्य। समावर्त्य समावर्त्य प्रयोक्तव्या भवति गानसंहिता। सामवेदे एकस्यामृचि वहूनि सामानि विविधस्वरैर्गीतानि भवन्तीति समावर्तनम्। एकस्मिन् साम्नि प्रस्ताव-उद्गीथप्रतिहारोपद्रवनिधनाभिधा विभागान्विता भक्तयो भवन्ति, प्रस्तोत्रुद्गातृप्रतिहर्तारः सामगायकाः स्तोत्रसंख्यापूरकेषु स्तोमेषु प्रत्येकं स्वस्वभक्तिम् अविरामा सन्तत्या गायन्ति। तेषां पुनरावृत्या समावर्तनम्। गुरुमुखाद् वेदाध्ययनानन्तरं प्रतिदिनं ब्रह्मयज्ञार्थमभ्यासः, अत्रापि समावर्तनम्। प्रत्यृचमेकप्रभृति-षोडशपर्यन्तानि सामगानानि भिन्नस्वरेण गीतानि सन्ति (ग्रामेगेयगानम्, ९३८-९५३)। भिन्नभिन्नस्वरैस्तेषामेव पदानामावृत्या संरचितानां गानानां पाठेनापि समावर्तनम्। स्तोत्रगतेषु अग्निष्टोमाज्यसंज्ञकेषु सामसु तद्गताभिः तिसृभिः स्तोत्रियाभिरष्टाचत्वारिंशत्पर्यन्तः स्तोमः संपाद्यो भवति, अत्र स्तोत्रियाणां समावर्तनम्। एवं रीत्या समावर्तनीया बहुप्रकारा संहिता भवतीति संहितोपनिषद्ब्राह्मणं

सामगानसंहितायाः संहितात्वं संसाधयति । तदुपरि संहितोपनिषद्ब्राह्मणं विविधफलयुतसंहितानामुल्लेखपुरस्सरं तद्वै खलु समृद्धिमेव ध्यायन्नुपासीत (१.१३) इत्युक्त्या यस्याः संहितायाः समृद्धिफलं तस्या एव संहिताया अध्ययनमुपासना च विधेया भवतीति प्रतिपादयति।

१.३ स्वरः

संहितोपनिषद्ब्राह्मणं सामवेदीयसप्तस्वराणां नामानि पठति- चतुर्थमन्द्रातिस्वार्यस्वराश्च भवन्ति प्रथमस्वराश्च द्वितीयस्वराश्च प्रथमद्वितीयतृतीयस्वराश्च भवन्ति (२.१६.१७) एवं क्रुष्टस्वरं विहाय प्रथमद्वितीयतृतीयचतुर्थमन्द्रातिस्वराश्च स्वराः नामग्रहणपूर्वकं प्रस्तुताः सन्ति। पूर्वमप्युक्तं सामवेदस्य सर्वस्वं स्वर एव। अत एव स्वरस्याध्ययनाय सामप्रातिशाख्यानि स्वरसूत्रतां समुस्थापयन्त। क्रुष्टप्रथमद्वितीयतृतीचतुर्थमन्द्रातिस्वारस्वराः विनतनमनाभिगीतप्रणत-प्रेङ्खादिसहायकस्वराश्च विलसन्ति सामगाने । एतैः स्वरैः समन्विताः बहुविधपर्वभक्तित्वेन विभक्ताः सामगानमन्त्राः स्वरमयाः सन्ति। तत्रापि भवन्त्येव सर्वप्रातिशाख्यप्रतिपाद्याः वैयाकरणिकाः नियमाः सन्धिलोपागमविरामविश्लेषणादयः। अतस्तेषां समेषां विषयविस्तूनां निरूपणाय नन्दा जारा मर्ता आन्धा पाता हाहा अग्निमी इत्यादिवह्वीभिः संज्ञाभिः स्वरसूत्रतामधिकृत्य अध्ययनप्रणाली संरचिता महर्षिभिः । यथा पाणिनिः यण्संज्ञा यरलव, अच्संज्ञा. अइउऋलृएओऐऔ इत्यादयोऽनेकाः संज्ञाः

२ १ ४ ५ १ २

संरचितवान् तद्वत् नन्दा नन्दाइ (द्वितीयप्रथमस्वरः) जारा (चतुर्थमन्द्र) , आन्धा (प्रथमद्वितीय)। एतादृश्यः संज्ञा सामतन्त्रे शतत्रयाधिकाः, पुष्पसूत्रे पञ्चाशदधिका अक्षरतन्त्रे च शताधिकाः प्रक्रमन्ते। त्रिषु सामतन्त्राक्षरतन्त्रपुष्पसूत्रेषु स्वरसूत्रसंरचनाश्च समानतया रीत्या कृता विद्यते तत्तत्सूत्रकर्तृभिः औदव्रजिवररुचिकात्यायनैः। यथा अग्निन्दूता आन्धा आइन्दा इष्टाहोत्रा उतद्विता ऊता चदक्षसा तद्विविद्धा त्सिवा दाना नन्दा पिवा पहू महि मागा वाघ वारा वृणी शता ष्ठा सार्वा सूष्वा हँसिया होता इत्येतेषां मर्तादिपर्वस्वराणां समानता प्राप्यते। तत्र अक्षरतन्त्रे स्तोभाक्षरेषु समानता, पुष्पसूत्रे ऊहोह्यपठितस्तोत्रेषु स्वरसमानतास्ति। तत्र च नन्दापर्वकथनेन द्वितीयप्रथमस्वरान्वितं यत् किमपि पर्व ग्रहितुं शक्यते। नन्दासंज्ञा च स्वरसमानतया न तु व्यञ्जनाक्षराणाम्। तथैव अग्निन्दूतासंज्ञात्वेन मन्द्र (पञ्चम) स्वरवत् यत्किमपि पर्व गृह्यते अग्निन्दूताम् इति। सूत्रञ्च मिन्यग्निन्दूतायाः (सा.तं, १८४ सूत्रमिदं मकारयुते पर्वणि ग्निन्दूतायाः परवर्तिनः पर्वणः द्वितीयाक्षरं वृद्धं भवतीति

५ ० २१

विदधाति। यथा यदिन्द्राहाम्। यथा। त्वम् (ग्रा.१९९) उदाहरणेऽस्मिन् मकारयुतं पर्व त्वम् अस्ति। अग्निन्दूतासंज्ञकस्वरश्च मन्द्रस्वरवान् यदिन्दाहाम् इत्यस्ति

अग्निन्दूतापर्वपरवर्ति पर्व यथा, तस्यैव द्वितीयाक्षरं था' इति अक्षरस्य वृद्धविधानं सूत्रस्य प्रतिपाद्यम्। वृद्धस्यार्थस्तु सामवेदसंहितायामेकमात्रिकमृगक्षरं गाने मात्रावृद्ध्या त्रिमात्रिकं जायते तत्प्लुतसंज्ञकम्, दीर्घमृगक्षरं मात्रावृद्ध्या त्रिमात्रिकं सद् वृद्धमुच्यते।

ह्रस्वं द्विमात्रासंयुक्तं प्लुतमाहुर्मनीषिणः।
दीर्घन्तु मात्रासंयोगाद् बृद्धमित्यभिधीयते॥ (मा. ल.१.४)

अक्षरतन्त्रे दूता' (२।८।४) इति सूत्रमग्निन्दूतासाम्यसंज्ञामभिधत्ते। दूतास्वरे हकारान्तस्तोभः सञ्जायत इति सूत्रस्यार्थः। यथा च योविश्वादयतेवसुहाउ (ग्रा.२.१.५) अस्मिन् पर्वणि अग्निन्दूतास्वरयुतमन्द्रस्वरोऽस्ति हाउस्तोभान्तश्च। संघातस्वरश्चतुर्षु प्रातिशाख्येषु विवेचितोऽस्ति। अनेकपर्वस्थस्वरान् गृहीत्वा स्वरसमुदायस्य ग्रहणं संघातस्वरस्य वैशिष्ट्यम्। अर्थात् संघातस्वरः सामगतानेकपर्वणां स्वरसमुदायं गृहीत्वा स्वीकृतोऽस्ति। अस्यानेकपदवत्स्वपि एकपदवदेव व्यवहारः क्रियते। यत्र स्वरसमुदायस्यावस्थितिस्तत्र तत्र संघातस्वरस्य

२१
प्रयोगः सूत्रात्मकतया जायते। यथा चोदाहरणं इदंसंघातस्वरः' (पु.सू. ८।६।१४) इदन्तए
२ १ २३ ४५
काऽ३पर। उतएकाम्। अत्र त्रिषु पर्वसु क्रमशः द्वितीयप्रथमौ, द्वितीयतृतीयप्रथमाः, द्वितीयतृतीयचतुर्थपञ्चमस्वराः गृह्यन्ते। एतेषां समेषामेकपर्ववद्व्यवहारस्तेन संघातस्वरसूत्रता प्रदर्शिता। एतादृशसंघातस्वराः सामतन्त्रे त्रिंशदधिकाः पुष्पसूत्रे दशाधिकाः, अक्षरतन्त्रे केवलं सूरसंघातस्वरः, ऋक्तन्त्रे च आर्चिकस्वरानुबन्धिसंघातस्वरः इति कृत्वा निरूपिताः सन्ति।

सामप्रातिशाख्येषु एकपर्वयुतस्वरपर्वणि नन्दादिस्वरपर्वणि संघातस्वरपर्वणि च ये ये स्वरा निर्दिष्टाः सन्ति, तत्पर्वग्रहणेन ते ते स्वरा एव गृहीता भवन्ति। एतेषु स्वरपर्वसु नास्ति व्यञ्जनानां स्वराणां वा साम्यमपि तु क्रुष्टादिस्वाराणामेवेति स्वरसूत्रं संरचितं महर्षिभिः। किञ्चैकपर्वपठितस्वरस्तादृशस्वरवत्सु सर्वेषु पर्वसु स एव स्वरः स्वीकर्तुं शक्य इति स्वरेषु सूत्रात्मकता लभ्यते। एतादृशी स्वराध्ययनप्रणाली सर्वथा नूतना मौलिकी च द्रष्टुं शक्यते सामप्रातिशाख्येषु। अत्र मर्तापर्व मर्ताऽ३हो एकपर्वयुतस्वरसमुदायस्य ज्ञापकः अस्ति चेत् तीधेनावा तीधेनाऽ२३४वा इति च संघातस्वरस्योपजीव्यभूतमुदाहरणम्। अनयोर्द्वयोरुदाहरणयोः प्रस्तुत्या द्विप्रकतिकस्वरसमुदायं तीधेनावामर्तयोर्विप्रवाकः'(संहितोपनिषद्ब्राह्मणम्,२.१३) इति ब्राह्मणं विदधाति। अस्यैव ब्राह्मणस्याधारेण मर्तादिस्वरपर्वसंघातस्वरपर्वणोः पाठः सामप्रातिशाख्येषु दृश्यते। ब्राह्मणवाक्यसंकेताधारेण चतुर्षु सामप्रातिशाख्येषु स्वरसूत्रात्मकाध्ययनप्रणाली संरचितेति निश्चप्रचं कथयितुं शक्यते।

१.४ रोहस्वरः

द्वितीयस्वरात्प्रथमस्वरे वृद्ध (त्रिमात्रिक) स्वरः रोहः कथ्यते त प्रथमो रोहः (सा.तं.११९५)। सामप्रातिशाख्यकार औदव्रजिः वृश्चस्य मतमुपस्थाप्य विपरीतरोहस्वरश्च प्रस्तुतवान्। प्रथमस्वराद् द्वितीयस्वरे वृद्धः विपरीतरोहः। अस्योदाहरणं बृहत्साम्नि
१ १ २ १ ० २
सू ऽ२आर्वा ऽ२३४ (आ.२७) रोहः तथा च तवा ऽ३४ (विपरीतरोहः) त्वाकाष्ठा ऽ३४ (विपरीतरोहः) ग्रामे इह इविपरीतं वृश्चो रोहति (सा.त.१३.११.१६,१३११) सूत्रे वृश्च आचार्यः शाखान्तरीयमुदाहरणमुपस्थाप्य रोहस्वरं परिचाययति। कौथुमायान्तु इह इ (ग्रा.१०५२)। विपरीतरोहस्वरस्य द्वितीयस्वरे नास्ति वृद्धत्वम्। अत एव शाखान्तरे इह ई इत्येवं पाठो भवितुमर्हति। तेन औदव्रजिः सूत्रमिदं रचयामास। ब्राह्मणग्रन्थेऽस्य स्वरस्य उपजीव्यत्वेन ताण्ड्यब्राह्मणं द्विविधमेव रोहमभिप्रैति नवरोहान् समुपदिश्य। नव बृहतो रोहान् रोहति नव प्राणाः प्राणानेवावरुन्धे। त्रीन् प्रथमायां रोहति भूतं भवद् भविष्यत्तानेवावरुन्धे त्रीनुत्तमायां रोहति त्रय इमे लोका एष्वेव लोकेषु प्रतितिष्ठति (ता.ब्रा.७.७.७) तथैव संहितोपनिषद्ब्राह्मणमृक्पाठेऽरोहपूर्वकाणां स्वराणां सामगाने सर्वत्र रोहपूर्वकत्वामाचष्टे - सर्वत्र ह रोहपूर्वेष्वरोहपूर्वाणि (२.७)।

१.५ उदूहस्वरः

प्रकृतिपाठ (ग्रामेगेय-अरण्येगेय) स्य विकृतिपाठे (ऊहोह्ये) योनिगानत्वेन पठिते सति चतुर्थः प्रथमस्वरे, मन्द्रो द्वितीये, अतिस्वारश्च तृतीयस्वरे स्वरद्वयमन्तरालेन स्वरपरिवर्तनञ्जायते, तस्यैव नाम उदुहः। एतच्च पुष्पसूत्रं यथैतच्चतुर्थमन्द्रातिस्वार्याणां स्वराणां द्व्यन्तरमुच्चमुदूहः (पु.सू.८.५.७) सूत्रस्यास्य दीपभाष्ये चतुर्थमन्द्रातिस्वार्याणां स्वराणां द्वयोः स्वरयोरन्तरमुच्चमुदूहो भवति, चतुर्थस्य ४ ५ १ २
द्व्यन्तरं प्रथमः, मन्द्रस्य द्वितीयः, अतिस्वारस्य द्वयन्तरं तृतीयः। यथा च ग्रामेगेये गाने प्रातू, ऊहे प्रातू औशनसाम्नि (ऊ.४)। तदत्र संहितोपनिषद्ब्राह्मणम्-
चतुर्थोदात्ततमान्त्स्वारान् द्व्यन्तरानुददूहन्ति प्रागुपायान्न चेत् समानपुरुषवचने, तृतीयप्रभृतीनामुदात्ततमः कश्चित् स्वरो भवति तमुदूह इत्याचक्षते (३.२-३) अरण्ये गेयं चाधीमहे, ग्रामेगेयंच लाङ्गलानामेवैके वहुलम् (सं. उ.ब्रां३.२.५-६) एवमेव उदात्तादिस्वराणां सहायकस्वराणामपि सनामग्राहमधीते ब्राह्मणम्-सर्वत्र उदात्तेष्वनुदात्तानि, अभिगीतेष्वनभिगीतानि, विनामितप्रणामितेष्वविनामितान्यप्रणामितानि। सर्वत्रह्रस्वकर्षणेषु दीर्घकर्षणानि............अनुदात्तमुदात्तम् ....अवृद्धवृद्ध (३.७) इत्येतेषु वाक्येषु उदात्त-अनुदात्त-अभिगीतविनतप्रणतकर्षणवृद्धस्वराणां विवेचनं प्रस्तौति। स्वराणामेतानि

विवेचनानि, अधीत्य सामप्रातिशाख्यकारैः सामप्राशिाख्येषु स्वकीया मौलिकी अध्ययनप्रणाली संरचितेति निगदितुं शक्यते।

१.६ विशेषोच्चारणस्थानम्

सामगाने पठितानां किट् प्न्य हङ् इत्येतेषां पदानां विशेषोच्चारणस्थानं निर्धारितमृक्तन्त्रे महर्षिणा औदव्रजिना द्वाभ्यां सूत्राभ्यां किट्किडाकारो हन्वाम् (२.१.१०) अविशेषस्थानौ संस्वादनिगारौ (२.२.१) प्रथमसूत्रेण जम्भाख्यदन्तानामुत्पत्तिस्थानं चिबुकाख्यं स्तोभात्मकस्य किट्किडाकारशब्दवाच्यस्य किट्पदस्योच्चारणस्थानम्। किट्पदञ्च सामवेदस्य प्रकृतिगाने आरण्यके रौहिणाख्ये साम्नि (आ.२.६) पठितमस्ति। गमनार्थककिट्पदस्य श्रौतयज्ञे द्वादशवारोच्चारणस्य सम्प्रदायः। द्वितीयसूत्रं संस्वादशब्दवाच्यं प्न्यपदं प्न्य (त्रिग्रसेत्) आ. १७५) सर्वस्थानोच्चार्यमस्तीति विदधाति। प्न्य इत्यस्योच्चारणे श्वसनेन मुखाद्बहिर्गच्छति वायुः। सामगानसंहितायां त्रिवारं ग्रसनं वायोरिति व्यवस्था दृश्यते। तथैव निगारशब्दवाच्य-हकारमकारनासिक्ययुतं हङ्पदमपि सर्वस्थानोच्चार्यम् इन्द्रस्या राजनि साम्नि (आ.२०५) वर्तते। अस्योच्चारणे शरीराद्बहिर्गच्छति वायुः। जैमिनीयब्राह्मणं रौहिणादिसामगतानां किट्किडाकारपदानामुच्चारणेन एकशफाः पशवो ग्राममुपनीतेतित्याख्यायिकां प्रस्तौति। अत्र च किट्किडाकारादिपदानामुच्चारणमहात्म्यानुरूपमच्चारणेन विशिष्टं फलञ्च प्रस्तूयते। एतत् सर्वमधीत्य औदव्रजिः ऋक्तन्त्रे सामगानपदानामुच्चारणस्थानप्रतिपादकं सूत्रद्वयं रचयामास। जैमिनीयब्राह्मणवाक्यञ्च यथा- अथ रौहिणकम्। एतेन वै प्रजापतिर् एकशफानां पशूनां कामम् आरोहत्......... यथा हवा आख्या पशवो मृगा एव एतेऽग्रे एकशफाः पशवः आसुः। तान् एतैर् एव रौहिणकस्य किट्किडाकारैर् ग्रामम् उपानयत् (जै.ब्रा.२.२४) द्वितीयखण्डे, तत्रैव टिप्पण्यां किट् किडाकार is a word It refers to the stobh Reahinaka saman It is cited bycaland JBP 21 and compared with किट्किडाकार जैमिनीयब्राह्णस्य सम्पादकः लोकेशचन्द्रः भूमिकायां मोनियरविलियम्सविरचिते संस्कृत-अंग्रजीशब्दकोशेऽपठितानां पदानां ग्रहणक्रमे किट्किडाकारपदमपि संगृहीतवान्।

सन्दर्भग्रन्थाः

काशीनाथशास्त्री (सम्पा.) बृहदारण्यकोपनिषद, पुण्याख्यपत्तनम् : आनन्दाश्रममुद्रणालयः, खिष्टाब्दम् १९०२।

गगनकुमारः (सम्पा.), सामवेदः (कौथुमशाखीयगानार्चिकपदस्तोभः), गुजरात : स्वामीसदानन्दसरस्वतीजगद्गुरु शङ्कराचार्यमेमोरियलट्रष्टशारदापीठम्, वि.सं २०६१।

छज्जूरामप्रभृतयः (व्या.), निरुक्तम्, दिल्ली : मेहरचन्द्रलछमनदासपब्लिकेसन्स, सन् १९९३ ।

दीक्षितः, रामनाथः, (सम्पा.) सामन्त्रम्, वाराणसी : काशीहिन्दुविश्वविद्यालयः, सन् १९६१ ।

लोकेशचन्द्रः, (सम्पा.) जैमिनीयब्राह्मणम् (प्रथम-द्वितीयखण्डात्मकम्), गोयन्का पुस्तकालयतः छायापत्रं स्वीकृत्य नीतम् ।

वर्मा, वीरेन्द्रकुमारः (सम्पा.), वाजसनेयिप्रातिशाख्यम्, दिल्ली : चौखम्वा संस्कृत प्रतिष्ठान, ? ।

शर्मा, बी.आर्. (सम्पा.), संहितोपनिषद् ब्राह्मणम्, तिरुपति : राष्ट्रियसंस्कृतसंस्थानम्, वि.सं. १९८३ ।

शर्मा, बी.आर्.(सम्पा.), पुष्पसूत्रम्, काठमाडौं : नेपालरिसर्चसेन्टर, सन् १९८५।

........................, मात्रालक्षणम्, तिरुपति : केन्द्रीयसंस्कृतविद्यापीठम्, सन् १९७०।

श्रीकृष्णः, (सम्पा.), अक्षरतन्त्रम्, दिल्ली : निर्मलपब्लिकेसन्स्, सन् १९९४।

सूर्यकान्तः, (सम्पा.), ऋक्तन्त्रम्, दिल्ली : मेहरचन्द्रलक्ष्मणदाससंस्थानम्, सन् १९७० ।

♣♣♣

स्वसंवेदनविमर्शकारिका

डा. काशीनाथन्यौपाने:
उपप्राध्यापक:

स्वसंवेदनवादस्य युक्तियुक्तं विवेचनम् ।
अदृष्ट्वा कुरुते काशीनाथः संग्रहमुत्तमम् ॥
विज्ञप्तिमात्रसिद्धान्ते मार्गद्वयं विलोक्यते ।
युक्त्यैकमार्ग आद्यः स्यादागमादपरः स्मृतः ॥१॥
स्वसंवित्तिविहीनस्य कथं प्रत्यक्षता भवेत् ।
तदर्थं सर्ववादेषु ज्ञप्तिस्तावत् प्रतन्यते ॥२॥
चित्तस्थ-सर्वज्ञानानां सहोपलम्भकारणात् ।
संवित्तिरिति सर्वत्र मन्यन्ते चित्रवादिनः ॥३॥
चक्षुर्ज्ञानञ्च तद्रूपं सहैव लभ्यते सदा ।
प्रत्यक्षविषयीभूते स्वलक्षण इति स्थितिः ॥४॥
इन्द्रियान्मानसाद्वापि स्वसंवेदनतस्तथा ।
योगिप्रत्यक्षतश्चात्र प्रत्यक्षं तच्चतुर्विधम् ॥५॥
वाह्यार्थवस्तुहानाय योगाचारा वदन्त्यथ ।
सहोपलम्भनियमं हेतुरूपात्प्रयुञ्जते ॥६॥
भिन्ने वस्तुनि वै द्रव्याच्चक्षुर्विज्ञानके सदा ।
नीलज्ञश्चाथ नीलश्च सहोपलम्भतो भवेत् ॥७॥
पीतवच्चानुमानेन नीलं संविद्यते यथा ।
नीलभिन्नं न नीलस्य ज्ञानं ज्ञाता न भिद्यते ॥८॥
इत्थं सर्वत्र वस्तूनां ज्ञप्तिः सञ्जायते यदा ।
तदा विभेदविज्ञानं त्रिषु नूनं प्रजायताम् ॥९॥
विज्ञप्तिव्यतिरिक्तं तु न किञ्चिदिह लभ्यते ।
नीलं तज्ज्ञातृविज्ञानं द्रव्यतो नैव भिद्यते ॥१०॥
उपलब्धिर्द्वयोस्तावद्युगपज्जायते तथा ।
प्रत्यक्षालम्बनं नाम नियमादुभयोर्भवेत् ॥११॥
चक्षुर्विज्ञानकं नीले नीलमालम्वते यदा ।
स्वसंवेदनतस्तावदुभयस्य विनिश्चयात् ॥१२॥
विहाय वेदनं नैव चक्षुर्ज्ञानं कथञ्चन ।
समालब्धुं च शक्नोति प्रमातेति विनिश्चयः ॥१३॥
सहोपलम्भनियमात् तस्मिन्नाद्ये क्षणे पुनः ।
क्षणे द्वितीयके नूनं नीलज्ञः स्मरति स्वयम् ॥१४॥

पूर्वञ्चानुभवो भूयात्स्मरणं च क्रमात्ततः।
ज्ञानञ्चानुभूयात्तस्मात् नीलज्ञस्य न संशयः ॥१५॥
द्विविधं जायते ज्ञानं निर्विकल्पात् विकल्पतः।
तेनैव सह संवित्तिः सर्वत्र स्यात् प्रवर्तिता ॥१६॥
संवेदनञ्च तज्ज्ञानान्न कदापि विभिद्यते।
वाह्ये यद्विषये योगात् क्रमाद्वापि प्रवर्तते ॥१७॥
स्वयं प्रकाशते दीपश्चान्याँश्चापि प्रकाशयेत्।
एवमेव हि संवित्तिः स्वयं चान्यान् प्रदर्शयेत् ॥१८॥
एकं रूपञ्च तत्रास्ति येन स्वयं प्रकाशते।
बाह्याँश्चान्येन विषयान् प्रकाशयति सत्वरम् ॥१९॥
स्वसंवित्त्या स्वमात्मानं प्रकाश्यैव ततः परान्।
प्रकाशयेत् स्वसंवित्तिर्यथा दीपः प्रकाशते ॥२०॥
स्वात्मानञ्चाप्रकाश्यैव नान्यान् दीपः प्रकाशयेत्।
एवमेव हि संवित्तिः स्वं पराँश्च प्रबोधयेत् ॥२१॥
यद्धि संवेद्यते नूनं यस्य कारणतोऽपि वा।
तस्मादव्यतिरिक्तं तत् ततो नैव विभिद्यते ॥२२॥
यथा नीलधियः स्वात्मा द्वितीयो वा यथोडुपः।
नीलधीवेदनं चेदं नीलाकारस्य वेदनम् ॥२३॥
चक्षुरादि च विज्ञानं न वेदनमिहोच्यते।
न च संवेदनं चक्षुस्तावद्विज्ञप्तिरिष्यते ॥२४॥
अन्योन्याभावरूपात्मा नात्र भेदोऽवधार्यते।
न कर्मकर्तृभावोऽपि द्वयोरत्र विविच्यते ॥२५॥
व्यवस्थाप्यं स्थापकत्वं सम्बन्धोऽत्र स्थिरीकृतः।
स्वसंवेदनवादोऽयं विद्वद्भिः परिकल्पितः ॥२६॥
स्वयमेव तु यस्यापि वेदना जायते यदा।
परापेक्षित्वराहित्यात् स्वसंवित्तिर्निगद्यते ॥२७॥
यदापि भासते नीलं बाह्यार्थोऽपि प्रभासते।
नैकं प्रभासते यस्माद् द्वयमेव प्रतीयते ॥२८॥
नीलाकारस्तु सत्यं स्यान्मिथ्या वाह्यार्थ उच्यते।
यद्यथा भासते ज्ञानं तत्तथैवानुभूयते ॥२९॥
हेतुभावाद् ऋते नान्या ग्राह्यता नाम काचन।
तत्र बुद्धिर्यदाकारा तस्यास्तद् ग्राह्यमुच्यते ॥३०॥
ग्राह्यं वस्तु न किञ्चित्स्याद् हेतुभावात् पृथग्यतः।
नीलादिबुद्धीनां ग्राह्यहेतुभावो हि केवलम् ॥३१॥
'नीलो' हि 'हेतुभावः' स्यान्नीलज्ञो ग्राह्य उच्यते।
अस्मादन्यो न नीलज्ञो यदापि गृह्णीयात्तथा ॥३२॥

चक्षुर्विज्ञानकं तावच्चेत्याहुः पूर्वपूरुषाः ।
ग्राहकं नीलमेवात्र नान्यत् किञ्चन विद्यते ॥३३॥

नीलज्ञे नेत्रविज्ञाने नीलाकारश्च यादृशः ।
नीलज्ञः तस्य ग्राह्यः स्याद्विज्ञानं ग्राहकं भवेत् ॥३४॥

यत्तत्र हेतुभावात्मनीलं नूनं विलोक्यते ।
नीलाकारः स एव स्यादित्याहुर्धर्मकीर्तयः ॥३५॥

यदा च नेत्रविज्ञानं चित्रं वस्तु प्रपश्यति ।
नीलं पीतञ्च रक्तञ्च पश्यत्येव न संशयः ॥३६॥

यावन्ति नीलपीतादिवस्तूनीह भवन्ति च ।
तावत्यामेव सङ्ख्यायां दृष्टिजं ज्ञानमूह्यते ॥३७॥

चित्रे वस्तुनि नीलादिवर्णानि प्रभवन्ति च ।
परस्परं विभिद्यन्ते पृथक्तया स्थितानि च ॥३८॥

सहसैव सहैवैते काले समानके तदा ।
उत्पद्यन्ते च ज्ञायन्ते पृथक् पृथग् धिया स्वतः ॥३९॥

भावानां वैश्वरूप्यत्वाद् धियामपि भवेत्तथा ।
गृह्यन्ते तेन सर्वेऽत्र पदार्था विश्वरूपिणः ॥४०॥

नीलपीतादिविषया यावन्तोऽपि भवन्तीह ।
ग्राहकं नेत्रविज्ञानञ्चैकमेव व्यवस्थितम् ॥४१॥

भिन्नेषु विषयेष्वत्र ग्राह्येषु सत्सु सम्प्रति ।
ग्राहकं तच्च विज्ञानं भिद्यते न कथञ्चन ॥४२॥

यथा ग्राहकविज्ञानञ्चैकं सद् विषयान् बहून् ।
ग्रहीतुं शक्नुयादेव हीत्थं कैश्चित्प्रकल्प्यते ॥४३॥

एकं च ग्राहकं वस्तु समर्थमिति वस्तूनाम् ।
ग्रहणे बोधने वापि ग्राह्याणं भेदतो न हि ॥४४॥

भिन्ने वै ग्राहके नूनं भिद्यते ग्राह्य इत्यपि ।
यथा वा घटविज्ञाने पटज्ञानेऽत्र चैकदा ॥४५॥

ग्राह्ये भिन्ने ग्राहकस्य भेदो नूनं भवत्यहो ।
घटबुद्धिर्यदा भाति पटबुद्धिस्तदा कथम् ॥४६॥

इत्थं ग्राहकभेदेऽपि किं भेदो नावधार्यताम् ।
कथमेकेन ज्ञानेन ग्राह्याणां ग्रहणं भवेत् ॥४७॥

तस्माद्यावन्ति ज्ञानानि तावन्ति ग्राहकाण्यपि ।
ग्राह्यग्राहकयोर्भेदः स्फुटं तावत् प्रतीयते ॥४८॥

त्रयाणां मतजातानां बौद्धानां विदुषां मया ।
विवेचनं यथाबुद्धि भक्त्या वा श्रद्धयाकृतम् ॥४९॥

(कृतिरियं स्वामियोगीन्द्रानन्दशिष्यन्यौपानेकाशीनाथस्य)

♣♣♣

पौरस्त्य दर्शनमा भौतिक सृष्टिको विचार

केशवशरण अर्याल
सहायक प्राध्यापक

१. विषय प्रवेश

दर्शनशास्त्रका मूल विषयमध्ये एउटा विषय हो- सृष्टि-विचार । पूर्वमा होस् वा पश्चिममा सृष्टि-विचारका सम्वन्धमा यस जगत्को मूल तत्त्व जड हो वा चेतन भन्ने विषयमा दार्शनिकहरूको मतभेद पाइन्छ । कसै कसैले त न त शुद्ध जड तत्त्व नै यस जगत्को मूल हो न त शुद्ध चेतन तत्त्व नै परन्तु उभयविशिष्ट तत्त्व यस जगत्को मूल हो भन्ने मत राख्दछन् । यस लेखमा दर्शनशास्त्रको परिचय दिँदै पौरस्त्यदर्शनको विभाजनको रेखा कोरिनुका साथै पौरस्त्य दर्शनका आधारमा भौतिक जगत्को सृष्टिका बारेमा विश्लेषण गर्ने जमर्को गरिएको छ ।

२. दर्शन शब्दको अर्थ

दर्शन शब्दको व्युत्पत्तिलभ्य अर्थ हो- **दृश्यते (ज्ञायते) येन वस्तुतत्त्वं तदेव दर्शनम् ।** जसवाट वस्तुको यथार्थ तत्त्व जानिन्छ, त्यो नै दर्शन हो । त्यो यथार्थतत्त्व के हो ? भन्ने प्रश्नमा भनिन्छ - वस्तुको वास्तविक स्वरूप । जस्तै :- हामी को हौं ? कहाँवाट आयौं ? यो देखिँदो जगत्को वास्तविक स्वरूप कस्तो छ ? यस्को उत्पत्ति कहाँवाट कसरी भयो ? यसको उत्पत्तिको कारण के हो ? यो संसार जड हो कि चेतन ? जीवनलाई सुख र सन्तोषमय वनाउने साधन के हुन सक्छ ? यस्ता विभिन्न प्रश्नको समुचित उत्तर दिनु दर्शनको मूल लक्ष्य हो (उपाध्याय, २००१ : ३) भने त्यस प्रकारको एउटा चिन्तन प्रक्रिया वा स्वयं चिन्तन नै दर्शन हो जुन चिन्तनद्वारा उक्त विभिन्न प्रश्नहरूको सही ढंगले उत्तर खोजिने गरिन्छ। यस विषयमा उपनिषद्को निम्न वाक्य अवधेय छ - **किं कारणं ब्रहम कुतः स्म जाता जीवामः केन क्व च सम्प्रतिष्ठाः । अधिष्ठिताः केन .... श्वेताश्वतरो., १।१)** ।

पश्चिममा दर्शनका लागि **फिलोसोफी** शब्दको प्रयोग गर्दै आइएको छ । यो शब्द दुई ग्रिक शब्द क्रमशः फिलोफ=प्रेम वा अनुराग र सोफिया= ज्ञानवाट भएको हो । यसरी फिलोसोफीको व्युत्पत्तिलभ्य अर्थ **ज्ञानमा अनुराग अथवा प्रेम** भए तापनि रुढार्थ वुझ्नुपर्दछ, फलतः फिलोसोफी पद पनि दर्शन शब्दसँग समानार्थी हुन पुग्दछ । व्याकरणका आधारमा भाव, कर्म आदि छ अर्थमा दर्शन शब्द निष्पन्न हुने भए तापनि मूलतः भाव र करण अर्थमा दर्शन शब्दको प्रयोग भएको पाइन्छ । स्पष्टसँग भन्ने हो भने पश्चिममा भाव अर्थमा दर्शन शब्दको प्रयोग गरिएको पाइन्छ भने पूर्वमा करणमा । किनकि पश्चिममा दर्शन साध्य वन्यो, ज्ञानका लागि

ज्ञान गरिन्छ, त्यहीँ विश्रान्ति लिन्छ । तर पूर्वमा ज्ञान मुक्तिका लागि गरिन्छ, अतः साधनका रूपमा लिइन्छ । अझ भनौं पौरस्त्यय दर्शन-परम्पराले देखिंदो जगत्लाई तुच्छ ठानी त्यसका विषयमा केही मात्र विचारेर आत्मा र परमात्माको चिन्तनमा चुर्लुम्ब डुब्दै निःश्रेयसको (संसारदेखि छुटकाराको) स्वरूप के कस्तो छ भन्ने कुरामा विचार गर्दै जीवन, जगत्, आत्मा र परमात्माको ज्ञानलाई साधन र मुक्तिलाई साध्यका रूपमा लिएको छ भने पाश्चात्त्य दर्शन-परम्परा जीवन र जगत् के कस्तो छ ? भन्ने प्रश्नमा उत्तर खोज्दै ज्ञानका लागि ज्ञान अर्थात् ज्ञानलाई साध्य ठान्दै अगाडि बढेको पाइन्छ ।

३. पौरस्त्य दर्शनको विभाजन

पौरस्त्य दर्शनको नास्तिक र आस्तिक गरी दुई भेद गरिएको छ। सामान्यतः आस्तिक भन्नाले ईश्वरमा आस्था राख्ने र नास्तिक भन्नाले ईश्वरमा आस्था नराख्ने भन्ने बुझिन्छ। यसै अर्थमा दर्शनको आस्तिकता र नास्तिकता छुट्याउने हो भने चार्वाक, वौद्ध र जैन दर्शनले ईश्वरीय सत्ताको खण्डन गर्ने भएकाले नास्तिक दर्शन भनिनु ठिकै ठानिन्छ (यहाँ वुझ्नुपर्ने कुरो के छ भने बौद्ध सम्प्रदाय अथवा धर्मदेखि बौद्ध दर्शन भिन्न हो । त्यस्तै जैनका बारेमा पनि । बौद्ध र जैनसम्प्रदाय वा धर्मले कुनै न कुनै रूपमा ईश्वरलाई माने तापनि बौद्ध र जैनदर्शनले ईश्वर मान्दैनन्)। तर साङ्ख्य र पूर्वमीमांसा दर्शन ईश्वरीय अस्तित्वको बारेमा मौन भएकाले **मौनं स्वीकृतिलक्षणम्** का आधारमा नास्तिक भनिनु पर्ने हो, तर आस्तिकभित्र गनिन्छन् । यसै गरी व्युत्पत्तिलभ्य अर्थतिर लाग्ने हो भने पाणिनिले **अस्तिनास्तिदिष्टं मतिः** पा.सू.४।४।६०) सूत्रद्वारा परलोक छ भन्ने जसलाई लाग्दछ त्यो आस्तिक हो र परलोक छैन भन्ने जसलाई लाग्दछ त्यो नास्तिक हो भन्ने अर्थमा आस्तिक र नास्तिक शब्द सिद्ध गरेका छन् । यसैलाई आधार मान्ने हो भने वौद्ध र जैन दर्शनले पनि कर्मसिद्धान्त एवं परलोकलाई मानेको हुनाले आस्तिक दर्शन मानिनुपर्ने हो तर त्यस्तो मानिदैन । अतः दर्शनमा आस्तिकता र नास्तिकताको प्रयोग उपर्युक्त अर्थद्वयदेखि भिन्न आफ्नै प्रकारको अर्थ वुझाउने पारिभाषिक शब्दका रूपमा गरिएको छ। त्यो परिभाषाको परिधि हो- **नास्तिको वेदनिन्दकः** । उक्त मनुस्मृतिवचनका अनुसार वेदको प्रामाणिकता अर्थात् वेदलाई प्रमाणका रूपमा मानेर अगाडि बढ्ने दर्शनहरू आस्तिक दर्शन मानिए र वेदलाई प्रमाण मानेर नचल्ने दर्शनहरू नास्तिक दर्शन मानिए। साङ्ख्य र मीमांसाजस्ता दर्शनले ईश्वरलाई स्पष्टसँग उल्लेख नगरे तापनि वेदको प्रामाणिकता मान्ने भएकाले यी आस्तिक दर्शनभित्र परिगणित भए तर बौद्ध एवं जैन दर्शनले कर्मसिद्धान्त र परलोकलाई माने तापनि वेदको प्रामाणिकतालाई न स्विकार्ने भएकाले नास्तिक दर्शन भनिए। यसरी पूर्वमा न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा र वेदान्त गरी छ आस्तिक दर्शनका रूपमा प्रसिद्ध भए भने बौद्ध, जैन र चार्वाक गरी तीन दर्शन नास्तिक दर्शन मानिए ।

४. भौतिक जगत्को मूल तत्त्व

यस संसारका वारेमा उत्पत्तिपूर्व कसैले सत् थियो भन्छन् भने कसैले असत् थियो भन्छन् र त्यही सत् वा असत्वाट यस सद्रूप जगत्को उत्पत्ति भएको हो भनेर उपनिषद्ले यस जगत्को मूलतत्त्व सत् वा असत् (छान्दोग्योपनिषद्, ७।२।१) भने तापनि त्यो कुन तत्त्व थियो भन्ने कुरामा स्पष्ट पारेको छैन। यस जगत्को निर्माण कसरी भयो ? किन भयो ? कसले गऱ्यो ? यसको आदिम तत्त्व के हो ? यसको अन्त कहाँ र कसरी हुन्छ ? यो अनादि हो वा सादि ? यसको निर्माण सोद्देश्य हुन्छ वा संयोगवशात् नै अस्तित्वमा आयो ? जस्ता विभिन्न प्रश्नहरू स्वाभाविक रूपमा हाम्रा अगाडि आउँछन्। पौरस्त्य चिन्तकहरूले यस जीवन र जगत्का वारेमा गम्भीर चिन्तन गरेर निष्कर्ष निकालेका छन्। उनीहरूका निष्कर्ष सामान्यतः परस्पर विरोधीजस्ता देखिए तापनि सूक्ष्मतापूर्वक विचार गर्ने हो भने समानता पाइन्छ। स्थानभेद, कालभेद र चिन्तनको आधारका भेदले गर्दा मात्र उनीहरूका निष्कर्ष पारस्परिक रूपमा विरुद्धजस्ता लागेका हुन्। विभिन्न विषयमध्ये पौरस्त्य दर्शनमा जगत्को मूल कारण वा मूल तत्त्व के हो भन्ने एउटा प्रमुख विषय हो। प्रस्तुत लेखमा भौतिक जगत्को मूल कारणका वारेमा पौरस्त्य दर्शनमा के-कस्ता दृष्टि छन् भन्ने कुरालाई स्पष्ट पार्ने प्रयासका क्रममा जगत्लाई स्थूलतः हेर्ने भौतिकवादी कहलिएको चार्वाक दर्शन स्थूल दर्शन भएकाले प्रथमतः चार्वाक दर्शनबाट नै प्रारम्भ गरिन्छ।

४.१ चार्वाक दर्शन

साक्षात् इन्द्रियसन्निकर्षवाट जसको प्रतीति हुन्छ त्यो वस्तु नै सत्य हो भन्ने मान्दछ चार्वाक दर्शन। अतः चार्वाकको चिन्तनको केन्द्रबिन्दु नै भौतिक जगत् हो। प्रत्यक्ष प्रमाणवाट जान्न नसकिने तत्त्वको स्वीकार चार्वाक दर्शनले गर्दैन (वागीशकुमार, १९९० : ९)। चार्वाक दर्शनका अनुसार मान्छे पृथ्वी, जल, तेज र वायु चार तत्त्वहरूको संयोगबाट निर्मित हुन्छ। मान्छे मरेपछि तिनै चार वटा पृथिवी आदि तत्त्वमा गएर मिल्दछ। अर्थात् शरीरको पार्थिव तत्त्व पृथिवीमा जलीय तत्त्व जलमा तैजस तत्त्व तेजमा र वायवीय तत्त्व वायुमा गएर मिल्दछ। बृहस्पतिका नामले यस दर्शनका केही सूत्रहरू कतै कतै पाइन्छन् : **पृथिव्यप्तेजोवायुरिति तत्त्वानि, तत्समुदाये शरीरेन्द्रियविषयसंज्ञा** (?)। अर्थात् पृथिवी, जल, तेज र वायु गरी चारओटा तत्त्व हुन् र यिनै चारओटा तत्त्वहरू आवश्यक मात्रामा संयुक्त भए भने शरीर, इन्द्रिय र विषयहरू बन्दछन्। यसरी निष्कर्षमा चार्वाक दर्शनका अनुसार जगत् र जगत्का समस्त विषयवस्तुहरू यिनै चार वटा तत्त्वबाट बन्दछन्।

४.२ जैन दर्शन

जैन दर्शनअनुसार यो भौतिक जगत् पुद्गलवाट निर्मित हुन्छ वागीशकुमार, १९९० : १३)। यस दर्शनका आधारमा पुद्गल भनेको भौतिक जड

पदार्थ हो । पूरयति गलन्ति च अर्थात् पूरा हुन्छ र गल्छ भन्ने विग्रहका आधारमा पुद्गल भन्नाले त्यसलाई बुझ्नु पर्छ, जसबाट एकत्रित वा प्रचयरूपमा शरीरको निर्माण हुन्छ र विनाश हुँदा छिन्न भिन्न हुन्छ (उपाध्याय, सन् २००१ : ११०)। यो स्वरूपतः अणुरूप छ भने अणुहरू मिलेर संघातको रूप लिन्छन् (शर्मा, १९९८ : ३१)। जसलाई स्कन्ध पनि भनिन्छ र देखिने प्रत्येक भौतिक पदार्थ स्कन्ध हुन् भने समग्र जगत् महास्कन्ध हो (वागीशकुमार, १९९० : १३)। जैनमा अणु भन्नाले वैशेषिकमा झैं सबैभन्दा सानो, अवयवरहित सूक्ष्म अंशलाई बुझिन्छ र यसको विभाजन हुन सक्दैन (उपाध्याय, २००१ : १११)। अणुहरूको आदि मध्य र अन्त हुन सक्दैन । यी अत्यन्त सूक्ष्म र नित्य हुन्छन् । यिनीहरूको उत्पत्ति र नाश हुँदैन । यी अणुहरू मूर्त पदार्थका आधार हुँदा हुँदै पनि स्वयं भने अमूर्त हुन्छन् । यिनीहरूलाई सर्वज्ञ पुरुषले प्रत्यक्ष गर्न सक्ने भएकाले कहिले काहीं आकृतिमान् मानिन्छन् । न्यायवैशेषिक दर्शनमा झैं जैनमा अणुलाई पार्थिव, जलीय आदि अलग अलग मानिदैन अपि तु एकै प्रकारका अणुहरूको संयोगको वैविध्यले गर्दा भिन्न भिन्न पार्थिवादि पदार्थहरूको निर्माण हुन्छ भन्ने मानिन्छ (वागीशकुमार, १९९० : १४)। दुई वा धेरै अणुहरूको संयोगबाट संघात बन्दछ (उपाध्याय, २००१ : १११)। अन्य दर्शनले परमाणु, प्रधान, प्रकृति, अचित्, माया, आदि नाम दिएको तत्स्थानिक तत्त्वलाई जैन दर्शनले पुद्गल नाम दिन्छ । यस अर्थमा पुद्गल शब्दको प्रयोग जैन दर्शनले मात्र गर्दछ । पौद्गलिक पदार्थमा चार गुण पाइन्छन् : स्पर्श, रस, गन्ध, र वर्ण । अणु तथा संघात दुवैमा यी चार गुण पाइन्छन् । निष्कर्षमा जैन दर्शनमा यिनै पुद्गलबाट नै यस भौतिक जगत्को उत्पत्ति भएको मानिन्छ ।

४.३ बौद्ध दर्शन

बौद्ध दर्शनानुसार समस्त जगत् क्षणिक मानिन्छ । सम्पूर्ण जगत् प्रतिक्षण परिवर्तित हुन्छ । हामीले जुन नदीको जुन पानीमा खुट्टो राख्छौं पुनः त्यसै पानीमा खुट्टो राख्न सक्तैनौं । त्यस्तै एउटै दीपशिखा बलिरहन सक्तैन अर्थात् प्रतिक्षण नयाँ नयाँ दीपशिखा निक्लिरहन्छन् । हरेक वस्तु गतिशील, प्रवहणशील र क्षणिक छन् । प्रत्येक वस्तु क्षणिक हुँदा पनि त्यसैको दोस्रो रूप लिने वस्तुको अर्थात् दोस्रो क्षणमा उत्पन्न हुने वस्तुको र पहिलो क्षणको त्यही वस्तुको सदृशता हुने हुनाले यो त्यही नै हो (तदेव एतत्) भन्ने प्रत्यभिज्ञात्मक व्यवहार हुन्छ ।

यस्तो क्षणिकवादी सिद्धान्तलाई आनन्तरकालिक दार्शनिकहरूले समानरूपमा ग्रहण गरे तापनि जगत्को सत्ता र यसको मूल रूपका सवालमा भिन्न भिन्न व्याख्याहरू प्रस्तुत गरे (वागीशकुमार, १९९० : १५)। बुद्ध दर्शनका १८ वटा सम्प्रदायहरू थिए भन्ने गरिए तापनि वैभाषिक, सौत्रान्तिक, योगाचार र माध्यमिक गरी मूलतः चारवटा सम्प्रदाय छन्: । बौद्ध दर्शनमा यिनै चारवटा सम्प्रदायका आधारमा नै जगत्को मूल तत्त्वको चर्चा गरिएको पाइन्छ । वैभाषिकहरूले बाह्य पदार्थको सत्ताको स्वीकार गर्दै यस बाह्य पदार्थ वा जगत्लाई परमाणुहरूको

संघात मान्दछन् भने सौत्रान्तिकहरूले पनि वाह्य जगत्को स्वीकार गर्दा गर्दै पनि क्षणिक भएका हुनाले कुनै पनि वस्तुको प्रत्यक्ष हुन सक्तैन अपि तु ती वस्तुहरूको प्रतिबिम्ब हाम्रा चित्तमा पर्छ र त्यही चित्तमा परेको प्रतिविम्वका आधारमा वाह्य जगत्को अनुमान गरिन्छ भन्ने मान्दछन् (उपाध्याय, १९९९ : १४१)। यसरी यी दुवैले जगत्को यथार्थतालाई स्विकार्दै जगत्को मूल तत्त्वका रूपमा परमाणुलाई स्विकार्दछन्। तर सम्झनुपर्ने कुरो के छ भने वौद्धहरूद्वारा स्वीकृत परमाणु वैशेषिकहरूको जस्तो होइन अपि तु भिन्न छ : वैशेषिक दर्शनमा परमाणुहरू नित्य मानिन्छन्. वौद्धका (वैभाषिक) अनुसार धातुसम्वर्द्धिनीका समयमा रूपादिको विनाशबाट परमाणुको विनाश सिद्ध छ। वौद्ध दर्शनानुसार परमाणु चौध प्रकारका हुन्छन् : पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच विषय र चार महाभूत। यिनलाई संघात-परमाणु भनिन्छ। सात परमाणुको एउटा अणु हुन्छ सात अणुहरूको एउटा लोहरज हुन्छ। सात लोहरजको एउटा अव्रज हुन्छ। सात अव्रजको एउटा शशरज हुन्छ। सात शशरजको एउटा अविरज हुन्छ। सात अविरजको एउटा गोरज हुन्छ। सात गोरजको एउटा छिद्ररज (वैशेषिकको त्रसरेणुको समानान्तर) हुन्छ (नरेन्द्रदेव, २००१ :.३२३-२५)। परमाणु अविभाज्य, अविश्लेष्य, अदृश्य, अस्थायी र अस्पर्शनीय हुन्छ। यो देखिने शरीर अणुहरूको एकत्रीकरणबाट निर्मित हुन्छ। यो सारा संसारको आधारभूमि वर्ण, गन्ध, स्वाद र स्पर्शको संग्रह हो। यिनै गुणहरूलाई धारण गर्ने एकाइ नै परमाणु हो। जुन अझ विश्लिष्ट हुन सक्तैन (वागीशकुमार, १९९० : १६)। परमाणुहरू जव संश्लिष्ट हुन्छन् अनि तिनीहरूको समुदाय देखिन थाल्छ (विश्वनाथ, २००२ : १५१)। वौद्ध दर्शनमा वैशेषिकका विपरीत परमाणुहरूको देख्न सकिने आणविक एकाइलाई अणु भनिन्छ। यिनै परमाणु वा अणुहरूबाट यस भौतिक जगत्को उत्पत्ति हुन्छ भन्ने मान्दछन् वैभाषिक र सौत्रान्तिकहरू।

विज्ञानवादीहरूका अनुसार वाह्य वस्तुहरूको वास्तविक सत्ता हुँदैन, चित्तको मात्र सत्ता छ जसका विभिन्न प्रकारका आभासलाई हामीले जगत् वा संसार भन्दछौं (उपाध्याय, १९९९ : १४२)। चित्तलाई विज्ञान, मन, विज्ञप्ति भनिन्छ। चित्त एकाकार हुन्छ यो नै यो विचित्र जगत्का रूपमा देखिन्छ। चित्त नै कहिले शरीरका रूपमा कहिले भोगमा रूपमा प्रतिष्ठित रहन्छ (लङ्कावतार: - ३ - ३३।

यसरी विज्ञानवादीहरूले जगत्को मूल तत्त्व विज्ञान, चित्त वा विज्ञप्तिलाई मान्दछन्। माध्यमिक मतका अनुसार न त वाह्य वस्तुको सत्ता छ न त आन्तरिक चित्त वा ज्ञानको नै सत्ता छ। परन्तु शून्य नै परमार्थ हो, वास्तविक तत्त्व हो। यस जगत्को सत्ता व्यावहारिक हो शून्यको सत्ता परमार्थिक हो (उपाध्याय, १९९९ : १४२)। यस संसारको सत्ता यथार्थ हो भने यसमा कुनै परिवर्तन न आउनु पर्ने हो। सबै वस्तु वा चीजहरू प्रतीत्यसमुत्पन्न छन् अतः ती वस्तुहरूको वास्तविक अस्तित्व छैन। संसार न सत् छ, न असत् छ, न सदसत् छ, न नै सदसद्विलक्षण।

अतः यो संसार अनिर्वचनीय छ। वस्तुको न भाव छ, न अभाव छ। अतः यो शून्य हो (माध्यमिककारिका, १,७-८)। निष्कर्षमा वैभाषिक र सौत्रान्तिकहरूले वैशेषिक दर्शनस्वीकृत परमाणुभन्दा भिन्न प्रकारका परमाणुबाट भौतिक जगत्को उत्पत्ति मान्दछन् भने योगाचार र माध्यमिकले क्रमशः क्षणिकविज्ञान र शून्यको विर्वतका रूपमा जगत्लाई मान्छन्।

४.४ न्यायवैशैषिक दर्शन

यद्यपि न्याय दर्शनमा जगत्को उत्पत्तिसम्वन्धी त्यति चर्चा पाइँदैन अपितु वैशेषिकले जगत्को उत्पत्ति सम्वन्धी गरेको चिन्तन नै न्यायमा पनि मानिन्छ र प्रायः जसो कुराहरू मिल्ने हुनाले यी दुवै दर्शनलाई समानतन्त्र पनि भन्ने गरिएको पाइन्छ। भिन्नता के देखिन्छ भने वैशेषिक दर्शनले विश्वलाई तत्त्वमीमांसीय दृष्टिकोणले हेर्छ भने न्यायदर्शनले ज्ञानमीमांसीय दृष्टिकोणले हेर्छ। त्यस कारणले नै होला न्यायले विश्वको तत्त्वगत चिन्तनभन्दा ज्ञानगत चिन्तन बढी गरेको पाइन्छ भने वैशेषिकले तद्विपरीत। न्याय-वैशेषिक दर्शनमा यस भौतिक जगत्को उत्पत्तिप्रक्रिया परमाणुवादको कल्पनामा आधारित छ। संसारमा हामीले देख्ने, अनुभव गर्ने कतिपय कुराहरू उत्पन्न हुने र नष्ट हुने गरेका देखेका छौं। कतिपय अङ्ग अङ्गहरू मिलेर बनेका अङ्गी वा अवयवीहरू ती अङ्ग वा अवयवको विभाजनले अथवा तिनीहरूको नाशले नष्ट हुन्छन् भन्ने कुरो सत्य हो। उदाहरणका लागि प्रत्यक्षभूत घटको अवयव कपाल र पटको (वस्त्रको) अवयव तन्तु अर्थात् धागो हो। यिनीहरू अलगिगए अथवा नष्ट भए भने घट र वस्त्र नष्ट हुन्छन्। त्यस्तै कपाल र धागाहरू पनि नष्ट भएका र निर्मित भएका हामी देख्छौं। माथिका भनाइबाट कुन कुरो स्पष्ट हुन्छ भने निर्मित वस्तुका अवयवहरूको विभाजन वा अवयवहरूको नाशबाट निर्मित वस्तु पनि नष्ट हुँदा रहेछन्। यसले के स्पष्ट पाऱ्यो भने कपाल वा धागाका पनि अवयवहरू विभक्त भए अथवा नष्ट भए भने कपाल र धागाहरू पनि नष्ट हुन्छन्। यसरी निर्मित वस्तु (अवयवी) का अवयव फेरि ती अवयवका पनि अवयवको कल्पना गर्न हामी बाध्य हुने कुरा प्रमाणित हुन्छ र त्यस धारालाई एक ठाउँमा विराम दिनु पर्ने हुन्छ (उपाध्याय, २००१ : २४०)। त्यही विराम दिने स्थललाई नै न्याय-वैशेषिक दर्शनले परमाणु भनेर स्वीकार गरेको छ। यो नै उत्पन्न जगत्को मूल कारण हो भन्ने मान्दछ न्याय-वैशेषिक दर्शन। यो परमाणु के कत्रो छ भन्ने सवालमा भनिन्छ : घरमा कुनै झ्याल वा सानो छिद्रबाट प्रवेश गरेका सूर्यका किरणमा नाच्दै गरेका देखिने साना साना कणहरूलाई त्रसरेणु भनिन्छ भने त्यसको छैठौं भाग नै परमाणु हो :

जालान्तरगते भानौ यत् सूक्ष्मं दृश्यते रजः।
तस्य षष्ठतमो भागः परमाणुः स उच्यते ॥ (?)

यस्ता परमाणुहरू पार्थिव, जलीय, तैजस र वायवीय गरी चार प्रकारका हुन्छन्। माथि वर्णित अवयवको धाराको अन्तिम तत्त्व परमाणु नमानेर अगाडि बढे

के हुन्छ ? यदि त्यसो गर्ने हो भने कहिलेसम्म अगाडि बढ्ने भन्ने प्रश्न खडा हुन्छ। यहींसम्म पुग्ने भन्ने विनिगमना हुँदैन फलतः विभाजन हुँदै रहने स्थिति आउँछ अर्थात् अनन्त अवयव धारा मान्नु पर्ने हुन्छ। पदार्थहरूको अनन्त अवयव धारा मान्ने हो भने सर्स्युंको दाना र पर्वत दुवैका अवयव धारा समानरूपले अनन्त हुन्छन् र दुवैका परिमाण पनि समान नै मान्नु पर्ने आपत्ति आउँछ। परिमाणमा लघुता वा महत्ताको मुख्य कारण अवयवको आधिक्य वा न्यूनता नै हो। अतः के भन्नु पर्ने हुन्छ भने सर्स्युंका दानाको लघु परिमाण र पर्वतको वृहत्परिमाणको कारण तिनीहरूका अवयवको संख्यागत भिन्नता नै हो। अतः अवयववाला प्रत्येक पदार्थको अन्तिम अविभाज्य अवयव परमाणु हो (वागीशकुमार, १९९० : ११)। अवयवहरूबाट निर्मित सबै पदार्थ अनित्य हुन्छन् तर त्यस पदार्थको अन्तिम अवयव (परमाणु) नित्य हुन्छ अर्थात् त्यसको न त उत्पत्ति हुन्छ न त नाश नै। वस्तु निर्मित हुँदा प्रथमतः दुइटा परमाणुको संयोगबाट द्वचणुकको (दुइटा अणु = परमाणुबाट निर्मित कार्यको) उत्पत्ति हुन्छ। त्यसपछि तीनवटा द्वचणुकबाट त्र्यणुकको (तीनवटा अणु(द्वचणुक)बाट निर्मित कार्यको) उत्पत्ति हुन्छ। जुन देखिन थाल्छ। अनि चतुरणुक पञ्चाणुक हुँदै महावयवीको उत्पत्ति हुन्छ। यसरी निष्कर्षमा न्यायवैशेषिक मतमा यो समग्र भौतिक जगत् उक्त परमाणुबाट निर्मित हुन्छ भने **कारणगुणाः कार्यगुणान् आरभन्ते** भन्ने नियमका आधारमा ती उत्पन्न भौतिक वस्तु र तिनका अवयवका आधारमा गुणादिको उत्पत्ति हुन्छ।

४.५ साङ्ख्य–योग दर्शन

सांख्य दर्शनानुसार (जुन कुरो योगदर्शनले पनि स्विकार्दछ) यो सम्पूर्ण जगत्को कारण प्रकृति हो। कार्य जस्तो छ कारण पनि त्यस्तै नै मान्नु पर्ने हुन्छ। यो जगत् त्रिगुणात्मक छ अतः यसको कारण पनि त्रिगुणात्मक नै हुनुपर्छ र त्यस्तो त्रिगुणात्मक प्रधान अर्थात् प्रकृति भएकाले सोही प्रकृति नै जगत्को कारण हो (ईश्वरकृष्ण, २००१ : ७,भूमिकात्मक)। त्रिगुणात्मक भन्नाले सत्त्व, रज, तमोगुणात्मक हो। यिनीहरूको साम्यावस्था प्रकृति हो (साङ्ख्यसूत्र १-६१)। सत्त्व, रज, तमः क्रमशः सुखरूप, दुःखरूप र मोहरूप भनौं प्रीत्यात्मक, अप्रीत्यात्मक र विषादात्मक हुन्छन् (साङ्ख्यकारिका- १२)। सत्त्व लघु, प्रकाशक र इष्ट अर्थात् प्रीत्यात्मक हुन्छ। रजोगुण उपष्टम्भक र चञ्चल हुन्छ। त्यस्तै तमोगुण गुरु र अवरोधक हुन्छ (साङ्ख्यकारिका - १३)। यी तिनै गुण एक आपसमा संयुक्त रहन्छन् र एक आपसमा अभिभव पनि गरेका हुन्छन् (साङ्ख्यकारिका- १२)। सत्त्वगुणले रजोगुण र तमोगुणलाई अभिभव गरेर आफ्नो कार्य गर्दछ। त्यस्तै रजोगुणले सत्त्वगुण र तमोगुणलाई अभिभव गरेर स्वकार्य गर्दछ र तमोगुणले पनि सत्त्व र रजोगुणलाई अभिभव गरेर आफ्नो मूढ वृत्तिलाई उत्पन्न गरेर स्वकार्य गर्दछ। यिनीहरू अन्योन्याश्रित हुन्छन्। कुनै पनि गुणले एक्लै आफ्नो कार्य गर्न सक्तैन। प्रत्येक गुणले आफ्नो कार्य/क्रिया निष्पन्न गर्न अर्को गुणको आश्रय लिन्छन्। यी

गुणहरू एक आपसमा विरोधी स्वभावका भए तापनि यिनीहरूको प्रवृत्ति दियो जस्तो हुन्छ (साङ्ख्यकारिका- १३)। तेल, रुई/कपास, आगो एक आपसमा विरोधी स्वभावका हुन्छन् तर तिनीहरू एक आपसका सहयोगी बन्दै एउटा विशेष प्रकारले व्यवस्थित भएर उज्यालो दिने काम गरे झैं उक्त गुणहरू पनि एक आपसमा विरोधी भए तापनि पारस्परिक सहयोगबाट यस जगत्को सृष्टि गर्छन्। यसरी निष्कर्षमा साङ्ख्यमा त्रिगुणात्मक प्रकृतिबाट जगत्को उत्पत्ति हुन्छ भन्ने मानिन्छ।

४.६ मीमांसा दर्शन

वास्तवमा आस्तिक दर्शनमध्ये सांख्य र वैशेषिक दर्शनले मात्र भौतिक जगत्का बारेमा विवेचना गरेका छन् र अन्य दर्शनले त्यसैलाई नै सामान्यतः स्विकारेको देखिन्छ। मीमांसा दर्शनको कुरा गर्दा यसमा भौतिक जगत् वा यसको मूल कारणका बारेमा छुट्टै विचार पाइँदैन। मीमांसाका दुई प्रमुख व्याख्याकार कुमारिल तथा प्रभाकरले जगत्का विषयमा न्याय-वैशेषिक दर्शनको दृष्टिकोणलाई नै केही पविर्तनका साथ ग्रहण गरेका छन्। मीमांसामा मूल जगत्को सृष्टि तथा प्रलय मानिदैन अपि तु व्यक्तिको मात्र उत्पत्ति र नाश हुन्छ (उपाध्याय, २००१ : ३२६)। हाम्रा इन्द्रियहरू नै वाह्य वस्तुहरूका उपलब्धिका साधन हुन् र ती इन्द्रियबाट जगत् जुन रूपमा उपलब्ध हुन्छ त्यही रूपमा नै जगत् सत्य मान्नु पर्दछ (श्लो.वा., अनु.परि., श्लो. १८६)। त्यसरी ज्ञान गर्दा यस संसारमा शरीर (भोगायतनं शरीरम् = भोगको आयतन अर्थात् घर), इन्द्रिय र भोगका विषयहरूको ज्ञान गरिन्छ। यस्ता तीन विषयवाला नाना रूपात्मक यो जगत् अनादि र अनन्त छ। तर केही मीमांसकहरू भने अणुवाद मान्दछन् अर्थात् परमाणुलाई नै जगत्को मूल कारण मान्दछन् भन्ने कुरो श्लोकवार्त्तिककारको खण्डनबाट जानकारी हुन्छ :

मीमांसकैश्च नावश्यमिष्यन्ते परमाणवः।
यद्बलेनोपलब्धस्य मिथ्यात्वं कल्पयेत् भवान् ॥(श्लो.वा,अनु.परि.,श्लो. १८३)।

न्याय-वैशेषिकमा परमाणुको दृश्यता छैन अर्थात् प्रत्यक्षसिद्ध नमानेर अनुमेय मानिन्छ तर मीमांसामा (एकदेशी) नेत्रगोचर कण नै परमाणु हुन्। यिनीहरूभन्दा पनि सूक्ष्म कणहरूको कल्पना गरिदैन (उपाध्याय, २००१ : ३२६)। निष्कर्षमा मीमांसामा (एकदेशी) तिनै परमाणुबाट जगत्को उत्पत्ति हुने मानिन्छ।

४.७ वेदान्त

पौरत्स्य दर्शनमा वेदान्त दर्शनलाई मुकुटमणि मानिन्छ। वेदान्तको मूल उपनिषद् हो परन्तु समय वित्दै जाँदा औपनिषद सिद्धान्तहरूमा केही विरोध भएको अनुभूति गर्न थालियो र विरोधको परिहारका साथै एकवाक्यता गर्न वादरायण व्यासले ब्रह्म सूत्रको निर्माण गरे। साढे पाँच सय संख्याका यिनै ब्रह्म सूत्र नै सारा वेदान्तका मूल हुन्। पछिल्ला आचार्यहरूले तिनैलाई आफ्ना आफ्ना दृष्टिले व्याख्या गरेर आ-आफ्ना सिद्धान्त वा मतलाई प्रतिष्ठापित गर्ने कार्य गरे। ती मतमध्ये यहाँ

प्रमुखता र प्रतिनिधिका आधारमा अद्वैत र विशिष्टाद्वैत सिद्धान्तका आधारमा जगत्को मूल तत्त्वको विवेचना गरिन्छ। अद्वैतवेदान्तानुसार चेतन तत्त्व ब्रह्म नै यस जगत्को मूल कारण हो (वागीशकुमार, १९९० : ६१)। ब्रह्म यस जगत्को उपादान कारण र निमित्त कारण दुवै हो। जगत्को उत्पत्तिको मात्र नभएर स्थिति र लयको कारण पनि ब्रह्म नै हो। यस जगत्को मूल तत्त्व वा कारण त्यो नै हुन सक्छ जुन सबै पदार्थको अधिष्ठाता होस्। जसमा यस जगत्का सबै पदार्थहरू समान रूपमा अनुस्यूत रहून् र जसलाई छोडेर ती पदार्थहरू एक छिन पनि अस्तित्वशाली रहन नसकून्। यस्तो वस्तु सत्ता हो जुन शुद्ध सत्ता हो। यसरी सत्तालाई नै सारा चीजहरूको (चाहे भौतिक चाहे मानसिक) मूल कारण मान्नु पर्दछ। यही शुद्ध सत्ता नै नाना रूपमा प्रकट भएर यस संसारका रूपमा प्रतीत हुन्छ र स्वयं निराकार वा निरवयव हुन्छ। त्यसलाई ब्रह्मको संज्ञा दिइएको छ।

विशिष्टाद्वैत वेदान्तानुसार सर्वव्यापी ब्रह्ममा चित् र अचित् दुइटा तत्त्व विद्यमान छन्। तीमध्ये चित् जीव वा त्यसको द्योतक तत्त्व हो भने अचित् जड तत्त्व वा प्रकृति हो। रामानुज वेदान्तमा पनि प्रकृति तत्त्व सांख्यको प्रकृति तत्त्व जस्तै जस्तै हो तर भिन्नता केमा छ भने सांख्यमा यस तत्त्वले स्वयं नै सृष्टि गर्छ अर्थात् सृष्टिको प्रमुख स्वयं नै हो तर रामानुज वेदान्तका अनुसार ईश्वरका अध्यक्षतामा प्रकृतिले सृष्टिको कार्य गर्छ (उपाध्याय, २००१ : २५१) । सांख्य र रामानुज वेदान्तमा प्रकृति विषयक भिन्नता निम्नानुसार पाइन्छ : सांख्यको प्रकृति त्रिगुणात्मक हो अर्थात् सत्त्व, रज र तम प्रकृतिका गुण नभएर त्रिगुणात्मक नै प्रकृति हो तर रामानुज वेदान्तका अनुसार ती प्रकृतिका गुण हुन्। सांख्यको प्रकृति स्वतन्त्र छ तर रामानुज वेदान्तको प्रकृति ईश्वरमा आश्रित र ईश्वरदेखि अपृथक् छ, जुन ईश्वरको शरीर हो (शर्मा, १९९८ :३०८)। सांख्यमा तामसाहंकारबाट एकै चोटि पञ्चतन्मात्राको उत्पत्ति र पञ्चतन्मात्राबाट पञ्च भूतको उत्पत्ति पनि एकै चोटि हुने मानिन्छ भने रामानुज वेदान्तमा **आत्मन आकाशः सम्भूतः। आकाशाद्वायुः** ... भन्ने तैत्तिरीय उपनिषद्को वाक्यका आधारमा आत्मा भन्नाले सूक्ष्म चिदचिद्विशिष्ट ब्रह्मको उपलक्षण र त्यसको अचित् (जड=प्रकृति) पक्ष वा तत्त्वबाट यस दृश्यमान स्थूल जगत्को (स्थूल चिदचिद्विशिष्ट ब्रह्मको) उत्पत्ति हुन्छ भन्ने मानिन्छ। यसरी सृष्टि हुँदा तामसाहंकारबाट शब्दतन्मात्रा, त्यसबाट आकाश, त्यस(आकाश)बाट स्पर्शतन्मात्रा, त्यसबाट वायु, वायुबाट रूपतन्मात्रा, त्यसबाट तेज, तेजबाट रसतन्मात्रा, त्यसबाट जल, त्यस जलबाट गन्धतन्मात्रा, त्यसबाट पृथ्वीको उत्पत्ति हुन्छ (वेदान्तदेशिकः, वि.सं. २०६० : २६)। निष्कर्षमा के भन्न सकिन्छ भने यद्यपि प्रकृतिको स्वरूप, यस भौतिक जगत्को सृष्टिमा त्यसको प्रमुखता वा अप्रमुखता र सृष्टिको प्रक्रियामा भिन्नता भए तापनि साङ्ख्य र रामानुज वेदान्तले यस दृश्यमान भौतिक जगत्को मूल कारण प्रकृतिलाई नै मान्दछन्।

५. निष्कर्ष

पौरस्त्य चिन्तनमा एक थरी दार्शनिकहरूले यस भौतिक जगत्को मूल कारण भौतिक सूक्ष्म तत्त्वलाई मान्दछन् र त्यसको नाम कसैले अणु, कसैले परमाणु, कसैले प्रकृति दिन्छन् भने अर्का थरी दार्शनिकले चित् तत्त्व वा शून्य तत्त्वलाई मान्दछन् । त्यसलाई कसैले क्षणिक विज्ञान कसैले नित्य विज्ञान र कसैले शून्य भन्दछन् ।

सन्दर्भ ग्रन्थसूची :

उपाध्याय, बलदेव (१९९९), बौद्ध दर्शन मीमांसा (पञ्चम संस्करण), वाराणसी : चौखम्बा विद्याभवन ।

......................, (२००१) भारतीय दर्शन (पुनर्मुद्रण संस्करण), वाराणसी : शारदा मन्दिर ।

कुमार, वागीश (१९९०) भारतीय दर्शनों में अन्तर्निहित समरूपता, दिल्ली : परिमल पब्लिकेशन ।

कृष्णः, ईश्वर (२००१), सांख्यकारिका, श्रीशिवनारायणशास्त्रि विरचितया सारबोधिनीव्याख्यया समलङ्कृता(पुनर्मुद्रित संस्करणम्), वाराणसीः चौखम्बा विद्याभवन ।

गिरि,स्वामीश्रीकाशिकानन्द (१९८८), द्वादशदर्शनसंग्रहः, वाराणसी : श्रीस्वामी काशिकानन्दजी ट्रस्ट ।

नरेन्द्रदेव (२००१), बौद्धधर्म-दर्शन (पुनर्मुद्रण संस्करण), दिल्ली : मोतीलाल बनारसीदास ।

भट्टः, नारायणमिश्रः (१९९६), मानमेयोदयः -द्वितीयं संस्करणम्), वाराणसी : चौखम्बा विद्याभवन ।

भट्टाचार्यःविश्वनाथपञ्चाननः (२००२), न्यायसिद्धान्तमुक्तावली, दिनकरीरामरुद्री टीकाद्वयोपेता (पुनर्मुद्रितं संस्करणम्), देहली : राष्ट्रियसंस्कृतसंस्थानम् ।

वेदान्तदेशिकः (वि. सं. २०६०), तत्त्वमुक्ताकलापः, सर्वङ्घषाव्याख्यासहितः (व्याख्याता के. एस. वरदाचार्यः), मैसूरु : आर्षग्रन्थप्रकाशनम् ।

शर्मा, चन्द्रधर (१९९८), भारतीय दर्शन : आलोचना और अनुशीलन, पुनर्मुद्रण, दिल्ली : मोतीलाल बनारसीदास ।

शर्मा, वासुदेवः, सम्पादकः (२००३), **ईशाद्यष्टोत्तरशतोपनिषदः**, दिल्ली : राष्ट्रियसंस्कृतसंस्थानम् ।

हसूरकर, श्रीपादशास्त्री (१९९३), द्वादशदर्शनसोपानावलिः, बडोदरा : गुड कम्पेनियन्स् ।

भाषाहरूको पारिवारिक वर्गीकरण र नेपालमा बोलिने मुख्य भाषाहरूको सङ्क्षिप्त अध्ययन

खिलनारायण पराजुली
आचार्य, प्रथम वर्ष

१.पारिवारिक वर्गीकरण

मानिसका मनका कुराहरू आवाज वा सङ्केतका माध्यमबाट व्यक्त गरी इच्छा पूरा गर्ने एउटा महत्त्वपूर्ण साधन भाषा हो। भाषाले मानव जीवनलाई सहज र सरल ढङ्गबाट चल्न सिकाउँदछ। भाषाको आदानप्रदानबाट मानिसका हरेक कामहरू बन्दछन् मूक वा अमूक रूपमा मानिसले जन्मेदेखि भाषाको प्रयोग कुनै न कुनै माध्यमबाट गरिरहेको हुन्छ।

मानिसको विकाससँगै भाषाको पनि विकास हुँदै जान्छ। मानिसका स्वभाव फरकफरक भएझैँ भापाहरूको पनि कालान्तरमा स्वरूप परिवर्तन हुँदै जान्छ। जसको फलस्वरूप विभिन्न खालका भाषाहरूको निर्माण हुन पुग्दछ। भाषाहरू निर्माण हुने क्रममा एउटै भाषामा पनि विभिन्न शाखा तथा उपशाखा विकसित हुन्छन्। तिनै शाखा उपशाखाहरू नै कालान्तरमा भाषा बनेर विकसित हुन पुग्दछन्। संसारमा अनेकौँ भापाहरू छन्। ती भाषाहरूलाई भाषाशास्त्रीहरूले अध्ययन गरेर विभिन्न विशेषता र स्वरूपका आधारमा आजको परिवारमा सङ्गृहीत गर्दछन् र वर्गीकरण गर्ने काम गर्दछन्।

संसारका भाषालाई महाद्वीपका आधारमा, देशका आधारमा, धर्मका आधारमा, कालका आधारमा, संरचनाका आधारमा वा आकृतिका आधारमा, प्रभावका आधारमा गरी थुप्रै आधारहरूबाट वर्गीकरण गर्न सकिन्छ। यीमध्ये माथिका सबै आधारहरूलाई समेट्न सक्ने मुख्य आधारहरू यी हुन सक्छन्।[1]
(क) पारिवारिक वा वंशगत वर्गीकरण, (ख) संरचनात्मक (आकृतिमूलक) वर्गीकरण र (ग) भौगोलिक वर्गीकरण यी तीन मुख्य आधार भाषावर्गीकरणका सरल, वैज्ञानिक र मुख्य आधारहरू हुन्। यहाँ पारिवारिक र वंशगतसँगै सबै वर्गीकरणको आधारलाई प्रस्ट्याइन्छ।

भाषाको पारिवारिक वर्गीकरण विभिन्न भाषाहरूमा भएका व्याकरणिक कोटिको समानता र भिन्नतामा निर्भर हुन्छ। भाषाको पारिवारिक वर्गीकरणमा सर

---

[1] रामनाथ ओभा र मधुसूदन गिरी, भाषा विज्ञान, पांचौं संस्करण (काठमाडौं : सनलाइट पब्लिकेसन, २०६४), पृ. १८६-१८७।

विलियम जोन्स (इ.१७४६-१७९४) को महत्त्वपूर्ण योगदान छ। जोन्सका अनुसार सबै भाषाको मूल एउटै हो। कालान्तरमा यी अलगअलग बन्न गएका हुन्। ध्वनिव्यवस्था, शब्दभण्डार, वाक्यगठन आदि तत्त्वका आधारमा पनि भाषाको पारिवारिक वर्गीकरण गरिएको पाइन्छ। भाषाहरूको पारिवारिक वर्गीकरण गर्दा भौगोलिक क्षेत्रलाई विशेष आधार बनाइन्छ। यस्ता भौगोलिक क्षेत्र मूलतः चारओटा छन् -

(क) दक्षिण अमेरिका क्षेत्र (ख) मध्य तथा उत्तर अमेरिका क्षेत्र
(ग) प्रशान्त महासागर क्षेत्र (घ) एसिया, अफ्रिका र युरोप क्षेत्र।

१.१ दक्षिण अमेरिका

दक्षिण अमेरिकामा बोलिने भाषाहरूलाई इस्नोलगमा ३४ भाषापरिवार रहेको जानकारी पाइन्छ। ती निम्नानुसार छन् : (१) अलाकालुफान (२) अराउकानियम (३) अरावाकक (४) आस्तानी सेप (५) अयमारज (६) बार्बाकोअन (७) चहुवापानाम (८) करिक (९) चपुकुरा-बान्नाम (१०) चिबचन (११) चोकी (१२) चौन (१३) जिबारोअन (१४) कटुकिनाम (१५) लुने-मिलेला (१६) मात्तो-गे (१७) माकु (१८) मास्कोइअन (१९) माताको गुवाइकुरु (२०) मोसेटेनत् (२१) मुरा (२२) नाम्विक्वारान (२३) पानोअन (२४) पेवा यागुअन (२५) क्वेचुअन (२६) सालिरान (२७) तकनान (२८) तुकानोन (२९) तुसी (३०) उरु-चिपाय (३१) बिटोटोअन (३२) यानोमान (३३) र जमुकोअन।

१.२ मध्य तथा उत्तर अमेरिका

यसमा २६ भाषापरिवार रहेको जानकारी पाइन्छ। ती हुन् :
(१) अल्जिक (२) क्याडोअन (३) चिमाकुअन (४) चोह इल्टेकन (५) एस्किमो-उलेउर (६) गल्फ (७) होकान (८) हुबावेअन (९) इरोक्विअन (१०) केरेस (११) किओटा (१२) तानोअन (१३) मायान (१४) मिसुमाल्पन (१५) याक्स जेक्वे (१६) मुस्कोजिअन (१७) ना-देने (१८) आटो-माङखियन (१९) पेनसिअन (२०) सालिसान (२१) भिओयुआन (२२) सुटियेवा-ट्लाफने (२३) टोटानाकान (२४) अटो-अजेटक (२५) वाकासन र (२६) युकी।

१.२ प्रशान्त महासागर क्षेत्र

प्रशान्त महासागर क्षेत्रमा सामान्यतया एउटा मात्र भाषा परिवार भएको चर्चा पाइन्छ। यो हो मलयपोलिनेसियाली तर इटनोलगमा यस क्षेत्रमा १५ भाषापरिवार रहेको जानकारी दिइएको छ। यस्ता भाषापरिवार निम्नलिखित छन् :
(१) अक्टो मुसान (२) अस्ट्रेलियाली (३) इस्टवर्डसर (४) हेडइहट (५) पपुवाली (६) केन्ट (७) गिलभिङ्ग (८) वाई (९) क्वाग्तारी-वाइवाई (१०) लेपरमाई (११) ऐयिक - रामू (१२) स्को (१३) तोरिकेली (१४) द्वान्स-न्युगयाना (१५) र पश्चिमी पपुवाली।

१.४ एसिया, अफ्रिका र युरोप

यो क्षेत्र भौगोलिक रूपमा निकै विस्तृत छ तापनि यस क्षेत्रका भाषा २२ भाषापरिवारमा समेटिएका छन् । यस्ता भाषापरिवार केही परम्परागत वर्गीकरणसँग मिल्दछन् र केही भिन्न छन् :- (१) अफ्रो-एसियाली (२) एट्लान्टिक (३) अन्डमानिज (४) अस्ट्रो-एसियाटिक (५) अस्ट्रोनेसियाली (६) वास्क (७) चुकाटोअम्चट्कन (८) द्रविडेली (९) धमोङ-मेई (१०) भारोपेली (११) जापानी (१२) खोइसन (१३) नाइलसादरन (१४) उत्तरी ककेसियाली (१५) भोटचिनियाँ (१६) दक्षिण ककेसियाली (१७) ताई-कढाई (१८) युरालिक (१९) थेमिसेइ (२०) अजटेक (२१) युकाड्गिर (२२) र नाइजर-कङ्गी ।

यसरी विभिन्न क्षेत्रलाई भूगोलका आधारमा पारिवारिक वर्गीकरण गर्दा प्रमाणिक र वैज्ञानिक हुन जान्छ ।[1] समग्रमा हेर्दा माथिका सबै भाषापरिवारलाई निम्नलिखित दस परिवारमा समेट्नु समीचीन हुन जान्छ ।

(क) भारोपेली भाषापरिवार (ख) द्रविड भाषापरिवार
(ग) चिनियाँ-तिब्वती भाषापरिवार (घ)आस्ट्रिक-आग्नेयी भाषापरिवार
(ङ) मलय-पोलेनेसियाली भाषापरिवार (च) ककेसियाली भाषापरिवार
(छ) जापान-कोरियाली भाषापरिवार (ज) अमेरिका भाषापरिवार
(झ) अफ्रिकाली भाषापरिवार (ञ) युराल-अल्टाइक भाषापरिवार

२ नेपालमा बोलिने मुख्य भाषाहरू

नेपालमा भारोपेली भाषापरिवार, चिनियाँ-तिब्वती भाषापरिवार, द्रविड भाषापरिवार र आग्नेयी भाषापरिवारका भाषाहरू बोलिन्छन् । यीमध्ये नेपालमा भारोपेली भाषापरिवारका भाषाहरू बढी बोलिन्छन् । यसपछि चिनियाँ-तिब्वती भाषापरिवारका भाषाहरू बोलिन्छन् । द्रविड र आग्नेयी भाषा परिवारका भाषाहरू नेपालमा कम मात्रामा बोलिन्छन् । नेपालमा बोलिने चारवटै भाषापरिवारका मुख्य-मख्य भाषाहरूको सङ्क्षिप्त चर्चा गरिन्छ :

२.१ भारोपेली भाषापरिवार

भारोपेली परिवारका भाषाहरूमध्ये मुख्य गरी सतम्वर्गको भारत-इरानेली शाखाका प्राकृत र अपभ्रंश भाषाहरू नेपालमा बोलिन्छन् । भारत-इरानेली शाखाका नेपाली, मैथिली भोजपुरी, थारू, अवधी, उर्दू, हिन्दी, बज्जिका, राजवंशी (ताजपुरी), बङ्गाली, दनुवार, माझी, अङ्गिका, दरै, बोटे, कुमाल, चुरेटी, मारवाडी, मगही आदि

---

[1] ऐजन, पृ. ३९

भाषाहरू नेपालमा बोलिन्छन् । यी मध्ये प्रमुख भाषाहरूको तल छोटो चर्चा गरिन्छ :

२.१.१ नेपाली : 'नेपाली' खस अपभ्रंशबाट जन्मेको भाषा हो । नेपाली भाषा बहुसङ्ख्यक नेपालीको मात्र भाषा हो । २०५८ को जनगणनाअनुसार नेपाली भाषालाई नेपालका सर्वाधिक जनताले मात्र भाषाका रूपमा बोल्छन् भने त्यसका अतिरिक्त ९० प्रतिशत जनताले दोस्रो भाषाका रूपमा प्रयोग गर्छन् । नेपाली भाषा नेपालबाहिर पनि साझा सम्पर्क भाषाका रूपमा रहिआएको छ ।[१] विश्वमा नेपाली भाषा पाँच करोडभन्दा बढी वक्ताहरूले बोल्छन् । यस भाषाले राष्ट्रभाषाको मान्यता प्राप्त गर्नुका अतिरिक्त २०४८ को संविधानले पनि सरकारी कामकाजको भाषा भनेर तोकेको छ ।[२]

२.१.२ मैथिली : 'मैथिली' भाषा नेपालको दोस्रो ठूलो भाषा हो । मैथिली भाषाका वक्ता नेपालमा १२.३% छन् । यो भाषा पूर्वी तराईका सप्तरी, धनुषा, सिरहा, महोत्तरी, सर्लाही, मोरङ, सुनसरी आदि जिल्लाहरूमा बोलिन्छन् । यस भाषाका चौथो शताब्दीदेखि लिखित सामग्री पाइन्छन् । प्राचीन कालमा यसको छुट्टै लिपि पनि रहेको देखिन्छ ।[३] जसलाई मिथिलाक्षर भनिन्छ । यो मागधी प्राकृतबाट जन्मेको भाषा हो । मैथिली भाषाका साहित्य र वाङ्मय प्राप्त छन् । यस भाषाका सामाजिक तथा क्षेत्रीय भेदहरू रहेका छन् ।

२.१.३ भोजपुरी : यो नेपालको तेस्रो प्रमुख भाषा हो । २०५८ को सर्वेक्षणअनुसार यसका वक्ता नेपालमा ७.५३ प्रतिशत छन् । यो भाषा मध्यतराईका बारा, पर्सा, रौतहट, रूपन्देही, नवलपरासी र सर्लाही आदि जिल्लामा फैलिएको छ । यस भाषामा विक्रमको दसौं शताब्दीतिर नै कबीरदासले साहित्य रचना गरेका भए पनि यस भाषामा साहित्य र वाङ्मयको उचित विकास हुन सकेको छैन । पहिले यो भाषा कैथीलिपिमा लेखिए पनि हाल देवनागरी लिपिमा लेखिन्छ ।[४]

२.१.४ थारू : नेपालको चौथो प्रमुख भाषा थारू हो । यस भाषाका वक्ता नेपालमा ५.६७ प्रतिशत छन् । यस भाषाका वक्ता वर्दिया, कैलाली, दाङ, सिरहा, कञ्चनपुर, सप्तरी, सुनसुरी, बाँके, चितवन, कपिलवस्तु आदि जिल्लामा छरिएर रहेका छन् ।

---

[१] देवीप्रसाद गौतम, नेपाली भाषा परिचय, (ललितपुरः साझा प्रकाशन २०४९), पृ. १३२ ।

[२] रामचन्द्र लम्साल र अन्य, प्रायोगिक भाषाविज्ञान, दो.सं.,(काठमाडौंः भुँडी पुराण प्रकाशन, २०६६),पृ. ३९ ।

[३] मुकुन्दराजा शर्मा, सामान्य र प्रायोगिक भाषाविज्ञान, काठमाडौँ, एम के पब्लिसर्स, (२०५७), पृ. १०३ ।

[४] रामनाथ ओझा र मधुसूदन सुवेदी, पूर्ववत्, पृ. १९० ।

यसले हाल सञ्चार क्षेत्रमा पनि स्थान पाएको छ। यस भाषाका साहित्यिक रचनाहरू प्रशस्तै फेला पर्न थालेका छन् ।

२.१.५ अवधी : अवधी भाषा नेपालका २.४७ प्रतिशत वक्ताले बोल्छन्। यो भाषा खास गरी कपिलवस्तु, रूपन्देही, बाँके र बर्दिया आदि जिल्लामा बोलिन्छ। यो भारतको उत्तरप्रदेशको अवध क्षेत्रको पनि प्रमुख भाषा हो। यसमा साहित्यिक रचनाहरू अथाह छन्। महाकवि तुलसीदासको भाषा अवधी हो भने अन्य धेरै कविले पनि अवधी भाषाको प्रयोग गरेका छन्। यो अर्धमागधीको अपभ्रंश भाषा हो ।

२.१.६ उर्दू : उर्दू भाषा नेपालका वक्ताहरूमा ०.७७% ले बोल्छन्। यो भाषा नेपालमा खास गरी मुसलमान जातिले बोल्छन्। उर्दू भाषा अरबी लिपिमा लेखिन्छ। यसको भाषा, साहित्य र वाङ्मयको प्रशस्त विकास भएको पाइन्छ। यो भाषा विशेष गरी नेपालगन्ज, वीरगन्ज, सुनसरी, मोरङ, सप्तरी र सिरहा आदि जिल्लामा बोलिन्छ ।

२.१.७ हिन्दी : नेपालमा हिन्दी भाषा बोल्नेहरू ०.४७ प्रतिशत छन्। यो नेपालका अधिकांश तराईका भूभागहरूमा बोलिन्छ। यो साहित्य र वाङ्मयको अथाह भण्डार भएको भाषा हो ।

२.१.८ राजवंशी (ताजपुरी) : यो भाषा नेपालका मुख्य गरी झापा, मोरङलगायतका जिल्लामा बोलिन्छ। मागधी प्राकृतबाट विकसित यस भाषाको प्राचीन ग्रन्थ महाराज नरनारायणको समयमा कवि शंकरदेवद्वारा रचित गोपीचन्द्रे र गान महाकाव्य हो। यो भाषा बाल्नेहरूको सङ्ख्या नेपालमा ०.५७ प्रतिशत छ। यस भाषाको लिपि ब्राह्मी हो ।

यसैगरी नेपालमा भारोपेली पारिवारका बज्जिका, बङ्गाली, दनुवार, माझी, अङ्गिका, दरै, बोटे, कुमाल, चुरेटी, मारवाडी, मगही, सर्दन आदि गरी ३० भन्दा बढी भाषाहरू बोलिन्छन् ।

२.२ चिनियाँ-तिब्बती भाषापरिवार

चिनियाँ-तिव्वती भाषा परिवारका भाषाहरू नेपालमा २८ भन्दा बढी छन्। तिनका केही भाषालाई तालिकामा देखाइएको छ :

क्र. सं.	भाषा	मुख्य बोल्ने स्थानहरू	बोल्ने प्रतिशत वा सङ्ख्या	पत्रिका/साहित य वा वाङ्मय	लिपि वा विशेषता
१	नेवारी	काठमाडौं,	३.६३% (	११७२ को	रञ्जना लिपि

		ललितपुर, भक्तपुर	२०५८ जनगणनाअनुसार) ८,२५,४५८ जना	ताम्रपत्र, व्याकरण ग्रन्थ शब्दकोश निर्माण	असार्वनामिक भाषा
२	तामाङी	काठमाडौँ, उपत्यका वरपरका जिल्ला (काभ्रे., सिन्धु., मकवानपुर, रसुवा, हुम्ला, मुगु, दोलखा, नुवाकोट, धादिङ, रामेछाप)	५.१९% (२०५८ जनगणनाअनुसार ११,७९,१४५	विकासोन्मुख	हाल देवनागरी
३	चेपाङ	धादिङ, चितवन, मकवानपुर	३६८०७ जना	विकसित हुँदै	
४	मगर	पाल्पा, स्याङ्जा, तनहुँ,	३.३९% ७,७०,११६ जना	'कानुङ लाम' कवितासङ्ग्रह 'विमलिक' पत्रिका	
५	गुरुङ	मनाङ, मुस्ताङ, कास्की, पर्वत, लमजुङ, गोरखा, तनहु, स्याङ्जा	१.४७% ३३८९२६	आधारभूत गुरुङ व्याकरण	
६	लिम्बू	इलाम, पाँचथर, तेह्रथुम, ताप्लेजुङ, धनकुटा	१.४७ % ३३३७६३३	प्राचीन साहित्य छ ।	
७	सेर्पा	सोलुखुम्वु, हुम्ला, मुस्ताङ, सङ्खुवासभा, ताप्लेजुङ, मुगु, रामेछाप, डोल्पा, म्याग्दी, रोल्पा	१३३७६१ जना	विकासोन्मुख	
८	राई	पाँचथर, भोजपुर, खोटाङ, इलाम, तेह्रथुम, ताप्लेजुङ, उदयपुर, ओखलढुङ्गा	५४००५७	विकासोन्मुख	

यसैगरी नेपालमा यस भाषापरिवारका वायु, व्यासी, राउटे, पहरी, तिब्बती, दूरा, कैके, राजी, कगते, खाम, तिछुरोङ, ल्होमी, भ्रामु, घले, वुजाल, छन्त्याल, ल्होके, कुसुन्डा, लेप्चा, सुनवारी, मेचे, जिरेल, धामी, धिमाल पर्दछन्।

२.३ द्रविड भाषा परिवार

नेपालमा द्रविड भाषापरिवारिका दुई भाषा वोलिन्छन्। ती हुन्- झागड र किसान। झागडहरू मोरङदेखि पर्सासम्मको तराईखण्डमा सानोतिनो सङ्ख्यामा छरिएर रहेका छन्। यिनीहरूको कुल सङ्ख्या २८,६१५ छ। यिनका भाषामा मैथिली र भोजपुरीको वढी प्रभाव छ। यो भाषा लोकसाहित्यका रूपमा समृद्ध देखिए तापनि लिखित रूपमा छैन।

पूर्वी तराईमा वोलिने यस परिवारको अर्को भाषा किसान हो। किसान भाषी ४८९ (०५८ को जनगणनानुसार) छन्। यसका वक्ताहरू धेरैजसो झापा जिल्लामा छन्।

२.४ आग्नेयी भाषा परिवार

आग्नेयी भाषापरिवारका सतार र खडिया भाषा नेपालमा बोलिन्छ।

(क) सतार भाषा - यसको अर्को नाम सन्थाल हो। यो झापा र मोरङका सतारहरूले वोल्ने भाषा हो। यस भाषाका वक्ताहरू ४०२६० छन्। यो भाषाको साहित्य र वाङ्मय विकासोन्मुख अवस्थामा छ।

(ख) खडिया भाषा - यो भाषा झापा, मोरङ र कपिलवस्तुका केही मानिसले वोल्दछन्। यस भाषाका भाषीहरूको सङ्ख्या १५७४ छ। यो अनुसन्धेयका रूपमा रहेको भाषा हो।[1]

समग्रमा भारेपेली भाषापरिवार, चिनिया-तिब्वती भाषापरिवारका धेरै भाषाहरू नेपालमा वोलिन्छन् भने द्रविड र आग्नेयी भाषापरिवारका केही भाषा मात्र बोलिन्छन्।

सन्दर्भसामग्री

ओझा, रामनाथ र मधुसूदन गिरी, (२०६४) भाषाविज्ञान, पाँचौं सं., काठमाडौँ : सनलाइट पब्लिकेसन।

गौतम, देवीप्रसाद, (२०४९), नेपाली भाषा परिचय, ललितपुर : साझा प्रकाशन।

लम्साल, रामचन्द्र र अन्य,(२०६६) प्रायोगिक भाषा विज्ञान, दो.सं., काठमाडौँ : भुँडीपुराण प्रकाशन।

शर्मा, मुकुन्दराज, (२०५७) सामान्य र प्रायोगिक भाषाविज्ञान, काठमाडौँ : एम.के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स।

♣♣♣

[1] रामचन्द्र लम्साल र अन्य, पूर्ववत्, पृ. ६५।

न्याय दर्शनमा मुक्तिको स्वरूप

ख्यामराज घिमिरे
सहायक प्राध्यापक

यस जगत्मा रहेका सम्पूर्ण मानिसहरू एउटा न एयटा दुःखको चपेटामा परिरहेका हुन्छन्। कोही पढ्न नपाएर दुःखी, कोही पढाउन नपाएर दुःखी, कोही खान नपाएर दुःखी, कोही सन्तान नभएर दुःखी, कोही सम्पत्ति नभएर दुःखी यस्तै यस्तै केही न केही दुःखमा मानिस फसिरहेको हुन्छ। संसारका सबै मानिसको उद्देश्य एउटै हुन्छ, त्यो हो दुःखबाट सदाका लागि छुटकारा पाउनु। अनि ऊ भौतिक पदार्थको सङ्ग्रह गर्नाले दुःख नाश हुन्छ भन्ने भ्रममा परेर भौतिक पदार्थको सङ्ग्रहतिर लागिरहन्छ। तर, भौतिक पदार्थको सङ्ग्रहबाट दुःख नाश हुनु त कता हो कता अझ दुःखै थपिन्छ। सधैँ एक न एक दुःखले पीडित भइरहन्छ। एउटा दुःख नाश भयो अर्को दुःख आइपर्छ, त्यो नाश भयो भन्यो त्यही अर्को दुःखको रूपमा देखा पर्छ। एवम् क्रमले दुःखबाट मानिस टाढा हुनै सक्दैन। भौतिक वस्तुको सङ्ग्रहबाट दुःखको समूल नाश हुन सक्दैन।

मिथ्याज्ञान नाश भएमा मात्र दुःखको निर्मूल हुन सक्छ। फेरि कहिल्यै पनि प्राप्त नहुने गरी दुःखको अन्त्य भएको अवस्थालाई मुक्ति भनिन्छ। सदाका लागि दुःख नाश गर्ने पथप्रदर्शन गर्नकै लागि पूर्वीय दर्शनको विकास भयो। पूर्वीय दर्शनमध्येका छओटा दर्शनअन्तर्गत न्याय, वैशेषिक, वेदान्त, मीमांसा, योग र साङ्ख्य पर्दछन्। यी दर्शनहरूलाई वैदिक दर्शन भनिन्छ। यी सबै दर्शनको मूलभूत उद्देश्य भनेको दुःखरूपी सागरमा डुबेका मनुष्यको आत्यन्तिक दुःख निवृत्ति हुने मार्ग प्रदर्शन गर्नु हो। पदार्थको परिगणना, विवेचना र स्वीकार गर्ने क्रममा यी छ दर्शनबीच एकआपसमा मतभिन्नता भए तापनि मुक्तिको अवस्थामा दुःखको पूर्ण निवृत्ति हुन्छ भन्ने विषयमा मतैक्य देखिन्छ। यहाँ चर्चा गर्न लागिएको विषय भनेको ती छ वैदिक दर्शनमध्येको न्याय दर्शनमा रहेको मुक्तिको स्वरूप हो। यहाँ न्यायदर्शन भनेको के हो ? भन्ने जिज्ञासा रहन सक्छ। त्यो जिज्ञासा निवारण गर्न न्याय शब्दको व्युत्पत्तितिर लागौँ। पाणिनीय व्याकरणका अनुसार 'नि' उपसर्गपूर्वकको गत्यर्थक इण् धातुमा "परिन्योर्नीणोद्युताभेषयोः"[१] भन्ने सूत्रले 'घञ्' प्रत्यय भएर आदिवृद्धि अनि आय् आदेश हुँदा न्याय शब्द बन्छ; जसअनुसार न्याय

१ भट्टोजिदीक्षितः सिद्धान्तकौमुदी, चौखम्वासंस्कृतप्रतिष्ठानम्, (दिल्ली : पुनर्मुद्रितं संस्करणम्, सन् १९८९), पृ. ३४३।

शब्दको अर्थ 'न्याय उचितमित्यर्थः'[१] अर्थात् न्याय शब्दको अर्थ उचित भन्ने बुझिन्छ। त्यसमा दर्शन शब्द जोडिँदा न्याय दर्शन शब्द बन्दछ। अब यसको समग्र अर्थ गर्नुपर्दा अरू दर्शनका अनुयायीहरूको मतको विचारविमर्श गरी उचित कुराको निर्णय दिने दर्शन नै न्याय दर्शन हो।

न्यायभाष्यकार वात्स्यायन न्यायको लक्षण यसरी गर्छन्- 'प्रमाणैरर्थपरीक्षणं न्यायः'[२] अर्थात्, प्रत्यक्षादि प्रमाणद्वारा पदार्थको परीक्षण गर्नु नै न्याय हो। त्यस्तै प्रत्यक्षादि प्रमाणद्वारा पदार्थको परीक्षण गर्ने दर्शनको नाम नै न्याय दर्शन हो। न्याय दर्शनका प्रतिपादक गौतममुनि हुन् भन्ने कुरा पद्मपुराणको यो श्लोकबाट पनि प्रस्ट हुन्छ - कणादेन तु सम्प्रोक्तं शास्त्रं वैशेषिकं महत्।[३] गौतमेन तथा न्यायं सांख्यं तु कपिलेन वै॥

गौतम मुनिले आफ्नो न्यायसूत्रको प्रथमसूत्रमा यसरी मुक्तिको उपाय दर्साएका छन्। "प्रमाणप्रमेयसंशयप्रयोजनदृष्टान्तसिद्धान्तावयवतर्कनिर्णय वादजल्प वितण्डाहेत्वाभासच्छलजातिनिग्रस्थानानां तत्त्वज्ञानान्निःश्रेयसाधिगमः"[४] यस सूत्रअनुसार प्रत्यक्षादि सोह्र पदार्थहरूको यथार्थज्ञानद्वारा निःश्रेयस मिल्दछ। निःश्रेयस भनेको मुक्ति हो। अमरकोशमा मुक्तिका आठ नाममध्ये 'निःश्रेयस' पनि छ।

'मुक्तिः केवल्यनिर्वाणं श्रेयोनिः श्रेयसामृतम्।
मोक्षोऽपवर्गोऽथाज्ञानमविद्याहं मतिः स्त्रियाम्॥'[५]

प्रत्यक्षादि निग्रहस्थानान्त सोह्र पदार्थको यथार्थज्ञानद्वारा मुक्ति मिल्छ भन्ने कुरा त थाहा हुन्छ तर यी पदार्थको यथार्थ ज्ञान हुनेबित्तिकै मुक्ति मिल्छ कि केही काल पछि मिल्छ ? यदि पूर्वोक्त सोह्र पदार्थको यथार्थज्ञान हुनेबित्तिकै अपवर्गको प्राप्ति हुने हो भने शास्त्रमै शङ्का भयो किनकि ती पदार्थका यथार्थज्ञाता गौतम मुनिको तुरुन्तै मुक्ति भएको भए न्यायसूत्रको प्रतिपादन कसले गऱ्यो होला ? यदि षोडश पदार्थको यथार्थ ज्ञान भएका गौतम मुनिले न्यायसूत्र प्रतिपादन गरेका भए उनको पनि मुक्ति भएको रहेनछ। त्यसो हुँदा षोडश पदार्थको यथार्थ ज्ञानबाट मुक्ति मिल्छ भन्नु नै भ्रामक कुरा भयो। सर्वप्रथम यहाँ थाहा पाउनुपर्ने कुरा के छ भने मुक्ति दुई प्रकारका हुन्छन्। पहिलो जीवनमुक्ति र दोस्रो परममुक्ति अर्थात् सदेहमुक्ति र विदेहमुक्ति। तत्त्वज्ञान भएपछि पहिले सदेहमुक्ति र अन्त्यमा विदेहमुक्ति मिल्दछ। सदेहमुक्तिको विदेहमुक्ति निश्चित हुन्छ। यिनै कुरा दर्साउनका लागि गौतमीय दोस्रो सूत्रको प्रतिपादन भयो, जसमा यथार्थज्ञान पछि कसरी दुःखनाश हुन्छ भन्ने एकप्रकारको कारण नाशको क्रम बताइएको छ।

---

१ पूर्ववत्, पृ. ३४३।
२ वात्स्यायनः, न्यायभाष्यम् चौखम्वासस्कृतसंस्थानम्, (वाराणसी : चतुर्थ संस्करणम्, सन् १९९०), पृ. ८।
३ पद्मपुराणोत्तोरखण्डम्, अध्याय २६३।
४ न्यायसूत्रम् १।१।१।
५ अमरकोश, श्लोक २८९/२९०।

"दुःखजन्मप्रवृत्तिदोषमिथ्याज्ञानानामुत्तरोत्तरापायेतदन्तरापायादपवर्गः"[१]अर्थात् सर्वप्रथम तत्त्वज्ञानद्वारा मिथ्याज्ञान नाश हुन्छ। मिथ्याज्ञानको कार्य भनेकै दोष हो। दोषको कारण भनेकै मिथ्याज्ञान हो। कारणको नाश भएपछि कार्यको पनि नाश हुन्छ, यो नियमअनुसार दोष नाश भएपछि प्रवृत्तिको नाश हुन्छ। प्रवृत्ति नाश भएपछि जन्म नाश हुन्छ। जन्म नाश हुनु भनेकै दुःखनाशः हुनु हो। दुःखका भेद कति छन् त भन्दा न्यायभाष्यवार्तिककार भारद्वाज उद्योतकार एक्काइस प्रकारको भेद बताउँछन्- "षडिन्द्रियाणि षड्विषयाः, षड्ज्ञानानि, शरीरं, सुखं, दुःखञ्चेति"।[२] यिनै एक्काइस प्रकारका दुःखको निर्मूल उच्छेद हुनुलाई नै मुक्ति भनिन्छ। दुःख केलाई भनिन्छ ? भन्ने प्रश्नको उत्तरमा न्यायसूत्रले बताउँछ- "बाधनालक्षणं दुःखम्"[३] अर्थात् पीडा (ताप) को स्वरूप नै दुःख हो। त्यसैको आत्यन्तिक निवृत्ति नै मुक्ति हो। "तदत्यन्ताविमोक्षोऽपवर्गः"[४] यसरी मुक्तिको प्राप्ति भनेकै दुःख निवृत्ति हो। त्यसका लागि तत्त्वज्ञान हुनु जरुरी छ। यथार्थज्ञान भएपछि मानिस जीवनमुक्त हुन्छ। जीवनमुक्त पुरुष प्रारब्ध कर्मफलको भोग समाप्तिपर्यन्त शरीर धारण गर्दछ। प्रारब्ध कर्मफलको भोग समाप्त भएपछि मात्र शरीर उत्सर्ज गर्दछ । त्यही प्रारब्ध कर्मफलको भोग गर्न मात्र शरीर धारण गरेको अवस्थामा जीवनमुक्तले शास्त्र निर्माण गर्दछ। यही कुरा गौतम मुनि र गोतमीय सूत्रप्रति लागु हुन्छ। अर्थात्, जीवनमुक्त अवस्थामा गौतम मुनिले शास्त्र (न्यायसूत्र) रचना गरे। यसैले गौतम मुनि र न्यायसूत्रमा माथि गरिएजस्तो शङ्का गर्नु व्यर्थ हुन्छ।

न्याय दर्शनका अनुयायीहरूमध्ये भासर्वज्ञालाई छोडेर सवैले दुःखको आत्यन्तिक निवृत्ति नै मुक्ति हो भनेर स्वीकारेको पाइन्छ। तर भासर्वज्ञ चाहिँ मुक्त्यवस्थामा दुःख निवृत्तिमात्र नभएर नित्यसुखाभिव्यक्ति हुन्छ भनेर स्विकार्छन्। उनको मत यस्तो छ- सुखमात्यन्तिकं यत्तत् बुद्धिग्राह्यमतीन्द्रियम्।
तं वै मोक्षं विजानीयात् दुष्प्रापमकृतात्मभिः ॥[५]

मोक्ष अवस्थामा नित्यसुखको अभिव्यक्ति हुन्छ भन्ने मतलाई भाष्यकार वात्स्यायनको यस पङ्क्तिले खण्डन गर्दछ। "नित्यं सुखमात्मनो महत्त्ववन्मोक्षे व्यज्यते, तेन अभिव्यक्तेन अत्यन्तं विमुक्तः सुखी भवति इति केचित् मन्यन्ते। तेषां प्रमाणाभावाद् अनुपपत्तिः"[६] अर्थात् दुःखको निवृत्ति भएको अवस्थामा सुखको अभिव्यक्ति हुन्छ भन्नुमा कुनै प्रमाण नभएको हुँदा मोक्षावस्थामा सुखाभिव्यक्ति हुन्छ

---

१ न्यायसूत्रम् १।१।२।

२ भारद्वाज उद्योतकर, न्यायभाष्यवार्तिकम्, (भारतीय दार्शनिकानुसन्धान परिषद्, दिल्ली, सन् १९९६), पृ. २।

३ न्यायसूत्रम् १।१।२१

४ न्यायसूत्रम् १।१।२२

५ भासर्वज्ञ, न्यायभूषणम्, (षड्दर्शन प्रकाशन प्रतिष्ठान, वाराणसी सन् १९८६), पृ. ५९५।

६ वात्स्यायन, न्यायभाष्यम्, (सुदर्शनाचार्यकृत प्रसन्नपादव्याख्या संवलितम्) बौद्ध भारती, वाराणसी, सन् १९९८, पृ. ३९।

भन्नु गलत हो। यदि सुखाभिव्यक्ति हुन्छ भने त्यो सुखको अनुभव कसरी हुन्छ ? शरीरद्वारा हुन्छ कि ? इन्द्रियद्वारा हुन्छ ? सुख दुःखको अनुभव गर्ने साधन यिनै हुन्। मुक्त्यवस्थामा यी दुवैको अभाव हुन्छ। यदि मुक्तिको अवस्थामा सुखाभिव्यक्ति मान्ने हो भने "अशरीरं वा वसन्तं प्रियाप्रिये न स्पृशतः"[1] यो श्रुतिवाक्य व्यर्थ होला। यस श्रुतिवाक्यमा प्रयुक्त प्रिय शव्दले सुख र अप्रिय शव्दले दुःख भन्ने बुझाउँछ। त्यसैले मुक्त्यवस्थामा न सुखाभिव्यक्ति न दुःखाभिव्यक्ति नै हुन्छ। दुवैको शून्य अवस्था नै मुक्ति हो।

माथिका प्रसङ्गबाट यो कुरो प्रस्ट हुन्छ कि मिथ्याज्ञानको कारण जीव संसारबाट मुक्त हुन सक्दैन। मिथ्याज्ञान निवृत्ति नभई मुक्ति मिल्दैन। तत्त्वज्ञानबाट मात्रै मिथ्याज्ञान नाश हुन्छ। त्यसका लागि सर्वप्रथम अहङ्कार नाश हुनुपर्छ। अहङ्कारको निवृत्ति कसरी हुन्छ भन्ने जिज्ञासा निवारण गर्न गौतमीय सूत्र यहाँ प्रस्तुत गरिन्छ - "दोषनिमित्तानां तत्त्वज्ञानाद् अहङ्कार निवृत्तिः"[२] न्यायसूत्रमा वताइएका सोह्र पदार्थमध्येको दोस्रो प्रमेय हो। प्रमेयका बाह्र भेद छन्- "प्रवृत्ति, दोष, प्रेत्यभाव, फल, दुःख, अपवर्ग। यी बाह्र प्रमेयमध्ये शरीरदेखि दुःखसम्मका दस प्रमेय संसार बन्धनका मूल कारण रागादि दोषका निमित्त हुन्। ती दश पदार्थलाई यथाथ रूपबाट बुझ्नाले अहङ्कार नाश हुन्छ। त्यसपछि बाह्र प्रमेयमध्येको पहिलो प्रमेय आत्माको निदिध्यासनद्वारा साक्षात्कार गर्नाले बाह्रौं प्रमेय अपवर्गको (मोक्षको) प्राप्ति हुन्छ।

सन्दर्भग्रन्थसूची

उपाध्याय, वलदेव, 'भारतीय दर्शन' द्वितीय संस्करण, वाराणसी शारदा मन्दिर, सन् १९४५।

कुमार, वागीश, भारतीय दर्शनों मे अन्तर्निहित समरूपता, दिल्ली परिमल पब्लिकेशन्स १९९०।

गिरि श्रीकाशिकानन्द, द्वादशदर्शन संग्रह वाराणसी, स्वामी काशिकानन्दजी ट्रष्ट, सन १९८८।

पद्मपुराणम् ....।

भट्ट जयन्त, न्यायमञ्जरी, तृतीय संस्करण, वाराणसी, चौखम्वा संस्कृत संस्थान, वि.सं. २०५५।

भट्टोजिदीक्षितः सिद्धान्त कौमुदी, पुनर्मुद्रित संस्करण, दिल्ली, चौखम्वा संस्कृत प्रतिष्ठान, सन् १९८९।

---

[1] छान्दोग्योपनिषद् ८।१२।१।

[२] न्यायसूत्रम् ४।२।१।

भारद्वाज उद्योतकार, न्यायभाष्यवार्तिकम्, दिल्ली, भारतीय दार्शनिकानुसन्धान परिषद्, सन् १९९६ ।
भासर्वज्ञ, न्यायभूषणम्, वाराणसी षड्दर्शन प्रकाशन प्रतिष्ठान, सन् १९६८।
माधवाचार्य, सर्वदर्शनसंग्रह, वाराणसी, चौखम्बा विद्याभवन, ई.सं. १९८४ ।
वाणा, अमरसिंह अमरकोश, (सम्पा. कुलचन्द्र गौतम) काठमाडौं : नेराप्रप्र, २०२६ ।
वात्स्यायन, न्यायभाष्यम् (सुदर्शनाचार्यकृत प्रसन्नपाद व्याख्या संवलित) बौद्धभारती, वाराणसी, सन् १९९८ ।
विजल्वान चक्रधर, भारतीय न्यायशास्त्र, लखनउ, उत्तरप्रदेश हिन्दी संस्थान, सन् १९९८।
शर्मा राममूर्ति, न्यायवैशेषिक एक चिन्तन, नवदेहली राष्ट्रिय संस्कृत संस्थान, सन् १९९८ ।

♣♣♣

पूर्वीय काव्यसिद्धान्त र काव्यात्मा

गणेशप्रसाद घिमिरे
उपप्राध्यापक

संस्कृत काव्यशास्त्रको लामो चिन्तन परम्परामा काव्य स्वरूपलाई गतिशील तुल्याउने क्रममा विभिन्न सैद्धान्तिक आधारहरू देखा परेका छन्। प्राच्य आचार्यहरूले आफ्नो प्रज्ञाले भ्याएसम्म सैद्धान्तिक आधारहरू प्रस्तुत गरे जसले काव्यसम्बन्धी धारणालाई प्रमुख रूपमा अघि वढाएको देखिन्छ। यी सैद्धान्तिक आधारहरूले आफ्नो उपस्थितिलाई प्रत्यक्ष रुपमा प्रस्तुत गर्दै काव्य आधारस्तम्भको खोज गरेको देखिन्छ। काव्यात्माको खोजमा उपस्थित भएका यी सिद्धान्तहरूमा एक अर्काप्रतिको दृष्टिकोण प्रत्यक्ष अप्रत्यक्ष रूपमा सकारात्मक नै पाइन्छ।

पूर्वीय काव्यसिद्धान्तका समीक्षकहरू प्राच्य मान्यताका आधारभूत चिन्तनलाई एउटै बाटोमा डोऱ्याउन सफल भएको देखिन्न। कतै सिद्धान्त, कतै वाद र कतै सम्प्रदायको घोषणा गर्दै एक अर्का बीच सामञ्जस्यता कायम गर्न खोजेको देखिन्छ। सामञ्जस्यताको स्वरूपलाई अघि सारिए पनि आफ्नो मान्यता नै सर्वोपरि मान्ने प्रवृतिले पूर्वको अध्ययन फराकिलो बनेको देखिन्छ । कतै ती आचार्यहरू एक अर्काका विपरीत ध्रुवमा समेत उभिएका छन्। प्राच्य आचार्यहरूले आफ्नो मतलाई सर्वोपरि ठान्ने परम्पराले गर्दा कतिपय सिद्धान्तहरू लडखडाएका पनि देखिन्छन् । यो प्राच्य आचार्यहरूमा देखिएको विमतिको उपज मानिन्छ। संस्कृत काव्यशास्त्रीय परम्परामा कतिपय सिद्धान्तहरू नित्य नवीन रहेर आफूलाई प्रस्तुत गरे भने कतिपय सिद्धान्तको आधार धर्मराउन खोजेको समेत प्रतीत हन्छ। जुन सैद्धान्तिक परम्परामा पूर्वीय काव्य चिन्तन उठेको छ त्यसको सम्वन्ध र नीव दरिलो देखिनु नै यसको मूलभुत प्राप्ति मान्न सकिन्छ। संस्कृत काव्यशास्त्रको सम्प्रदायगत विवेचनाका क्रममा शब्द र अर्थलाई मुख्य आधार मानेको देखिन्छ। शब्द र अर्थको सहभाव काव्य मान्ने पद्यतिमा धर्म, व्यापार र व्यङ्ग्यलाई आधार मानेर काव्य सम्प्रदायको उठान देखापरेको प्रतीत हुन्छ। धर्मका नित्य अनित्य गरी दुई रेखा कोरिएका छन्। जसमा नित्यअन्तर्गत गुण र रीति छन् भने अनित्यमा अलङ्कारलाई अघि सारिएको छ। व्यापारमा भुक्तिको उपस्थिति देखिन्छ भने भुक्तिकै सहसंयोजनमा रसलाई समाहित गरिएको छ। व्यङ्ग्यको व्यापारतत्त्वका रूपमा ध्वनिको उपस्थितिलाई समेटिएको छ (मिश्र : इ. १९६४ : २०१) माथिको विमर्शलाई हेर्दा निम्न सम्प्रदायहरू प्रकट रूपमा देखा परेका छन् –

(क) अलङ्कार सम्प्रदाय, (ख) गुण वा रीति सम्प्रदाय,

(ग) वक्रोक्ति सम्प्रदाय, (घ) रस सम्प्रदाय र

(ङ) ध्वनि सम्प्रदाय ।

गुण र रीतिलाई एउटै मान्दा पाँच र भिन्नभिन्न रूपमा स्विकार्दा छ सम्प्रदायको उपस्थिति देखिन आउँछ। प्राच्य काव्यशास्त्रको अध्ययन गर्ने काव्यशास्त्रीहरूको दृष्टिकोणमा सामान्यतः यही पक्ष नै सबल बनेर उभिएको प्रतीत हुन्छ ।

नेपाली साहित्यमा पूर्वको काव्यशास्त्रसम्वन्धी अध्ययन गर्ने केशवप्रसाद उपाध्यायको मत भिन्न खालको देखिन्छ। उनी पूर्वका यी चिन्तनहरूलाई वाद वा सिद्धान्त मान्न तयार देखिन्नन्। कुनै पनि विपरीत मतलाई तर्क र खण्डन गरी आफ्नो मान्यता पेश गर्नु वाद वा सिद्धान्तको लक्षण हो तर पूर्वीय चिन्तनमा यस किसिमको प्रवृत्ति नदेखिने कुरा उनले राखेको देखिन्छ। यिनले पूर्वको काव्य चिन्तनमा देखिएका मूल सम्प्रदायहरूलाई भाव, शिल्प र समन्वय गरी तीन भागमा वर्गीकरण गरेका छन्। भावमा रस र ध्वनिलाई समाहित गरेका छन् भने शिल्पमा अलङ्कार र रीतिलाई राखेका छन् । त्यसरी नै समन्वयमा वक्रोक्ति र औचित्यको उपस्थिति देखिएको छ (उपाध्याय : २०४८ : १५) उपाध्यायका दृष्टिमा काव्यको भावलाई रस र ध्वनिले हेरेका छन्। शिल्पगत सौन्दर्यलाई अलङ्कार र रीतिले प्रकट गरेको देखिन्छ। यसरी नै भाव र शिल्पका बीच समन्वयकारी भूमिका वक्रोक्ति र औचित्यको प्रतीत हुन्छ। उपाध्यायका दृष्टिमा ६ सम्प्रदाय देखिए पनि सिद्धान्त मान्न उनी तयार देखिन्नन्। तार्किक क्षमता तथा खण्डन मण्डनको प्रयोगगत अभावका कारण यस्तो भएको तर्क उनको देखिन्छ। वस्तुतः प्राच्य काव्य चिन्तनमा आफ्नो मतलाई पुष्टि गर्दा अन्य मतको खण्डन प्रत्यक्ष अप्रत्यक्ष रूपमा भएको पाईन्छ। रस, ध्वनि, गुण, रीति, वक्रोक्ति र औचित्य आदिको स्थापनामा पूर्ववर्ती आचार्यहरूका मतलाई प्रज्ञाले भ्याएसम्म खण्डन गरी आफ्नो मतलाई स्थापित गरेको देखिन्छ । पूर्वको काव्य चिन्तनमा देखिएको सबल पक्ष तार्किकता मानिएको छ। आफ्नो सिद्धान्तलाई स्थापित गर्ने क्रममा विरोधी मतको तर्कपूर्ण उत्तर दिएर नै स्थापित भएका यी सैद्धान्तिक मान्यतालाई वाद वा सिद्धान्तका कोटिमा नराख्नु युक्तिसंगत देखिन्न। आचार्यहरूले तर्कको नीव राखेर नै आफ्नो सैद्धान्तिक मान्यताको पर्खाल खडा गरेका हुन् र यो प्रक्रियागत मान्यतामा पूर्वीय चिन्तन खडा भएको छ। पूर्वका सैद्धान्तिक आधार तथा पश्चिमका सैद्धान्तिक मान्यताका बारेमा विस्तृत अध्ययन गर्ने नगेन्द्रको दष्टिकोण भने भिन्न किसिमको रहेको छ। उनले काव्यको बाह्य तह शरीरलाई सुदृढ तुल्याउने पक्षलाई वस्तुवादी र आन्तरिक पक्ष तथा भित्री तहमा रहेर काव्य सौन्दर्यमा निखार ल्याउने तत्त्वलाई आत्मवादी मानेको देखिन्छ। उनले बहिरङ्ग देहवादी अलंकार, रीति, वक्रोक्ति र अन्तरङ्ग आत्मवादी ध्वनि, रस, औचित्यलाई पूर्वको काव्य चिन्तका मुख्य आधार मानेको देखिन्छ (नगेन्द्र : इ. १९६४ : ३१५) यो उपयुर्क्त बाँडफाँडले

पूर्वको काव्य चिन्तनमा तथ्यगत मान्यता अघि आएको देखिन्छ। यी काव्यको तत्वगत रूपमा देखापरेका प्राच्य काव्यशास्त्रीय आधारस्तम्भ मानिन्छन्।

काव्यशास्त्रीय परम्पराको सुदीर्घ मार्गमा विविध सम्प्रदायहरू देखापरेको तथ्यलाई सकार्न सकिन्छ। काव्यशास्त्रको समीक्षात्मक परम्परामा खासगरी छ सम्प्रदायहरू प्रकट भएका देखिन्छन्। ती सम्प्रदायका प्रर्वतकहरूले आफ्नो सिद्धान्तको सैद्धान्तिक पृष्टभूमिलाई मुख्य रूपले अघि बढाएको देखिन्छ। काव्यात्माको खोजका सन्दर्भमा देखिएका मुख्य प्राप्तिहरूलाई हृदयङ्गम गर्दा काव्यशास्त्रीहरू आफ्नो सिद्धान्तप्रति सचेत समेत देखापरेका छन्। ती सिद्धान्तलाई प्रतिपादित गर्ने निम्न आचार्यहरू प्रर्वतक बनेर आएका छन्। काव्यात्माको खोजमा निरन्तर क्रियाशील आचार्यहरूले आफूले प्रतिपादित गरेका सिद्धान्तलाई काव्यात्मा मान्ने होडले नै विभिन्न सम्प्रदायको जन्म भएको देखिन्छ। ती सम्प्रदाय र प्रर्वतक आचार्यहरूको रूपलाई यसरी हेर्न सकिन्छ – .

सम्प्रदाय	आचार्य	रचना	समय
रस सम्प्रदाय	• भरत • लोल्लट • शङ्कुक • भट्टनायक	• नाट्यशास्त्र	• इ.पू.प्रथम
अलङ्कार सम्प्रदाय	• भामह • उद्भट • रूद्रट	• काव्यालङ्कार • अलङ्कारसङ्ग्रह • काव्यालङ्कार	• इसा. छैठौं • " " आठौं • " " नवौं
रीति सम्प्रदाय	• वामन • दण्डी	• काव्यालङ्कारसूत्र • काव्यादर्श	• " " आठौं • " " सातौं
ध्वनि सम्प्रदाय	• आनन्दवर्धन • अभिनवगुप्त • मम्मट	• ध्वन्यालोक • लोचन (टीका) • काव्यप्रकाश	• " " नवौं • " " दशौं • " " दशौं
वक्रोक्ति सम्प्रदाय	• कुन्तक	• वक्रोक्तिकाव्य जीवितम्	• " " दशौं
औचित्य सम्प्रदाय	• क्षेमेन्द्र	• औचित्यविचारचर्चा	• " " एघारौं

यी उपर्युक्त आचार्यहरूले प्रतिपादन गरेका काव्य सम्प्रदायहरू पूर्वीय काव्य चिन्तनका मेरूदण्ड मानिएका छन्।जसले गर्दा पूर्वको काव्यिक

मान्यता र परम्पराले ठूलो योगदान गरेको तथ्यलाई सर्हष स्वीकार गर्नुपर्ने हुन्छ। काव्यमा प्रयोग भई काव्यतत्वका विविधतामा मुख्यरुपले क्रियाशील यी सिद्धान्तहरूको वस्तुनिष्टता अत्यधिक प्रबल देखिएको प्रतीत हुन्छ। प्राच्यआचार्यहरूको प्रज्ञाले खोज गरेका मुख्य मान्यताका कसीमा हेर्दा रसलाई सार्वोपरि प्राप्ति मान्ने पक्ष खत्यधिक प्रबल वनेर आएको देखिन्छ। पूर्वका काव्यशास्त्री महीम भट्टले "रस काव्यात्मा न कस्यचिद्विमति" भनेबाट प्रस्ट हुन्छ (भट्ट : २०३५ : ९७)। यसरी संस्कृत काव्यशास्त्रको लामो तथा विवेचित इतिहासमा रसको उत्कृष्टता अपरिहार्य रहेको मान्यतालाई मुख्यरूपले काव्यशास्त्रीहरूले अभिव्यक्त गरेको तथयलाई नकार्न सकिन्न।

रस सम्प्रदायको उद्भव र विकासमा महत्त्वपूर्ण योगदान दिने आचार्यहरूले देखाएको बाटोमा पूर्वको चिन्तन फराकिलो बन्दै गएको देखिन्छ। त्यो चिन्तनको मुख्य मान्यता जे जस्तो देखा परे पनि काव्यिक मान्यताको कसी रसलाई मानेको तथ्य सहज रुपमा स्विकार्नुपर्ने देखिन्छ। खास गरी अलङ्कारलाई काव्यको सर्वोपरि ठान्ने भामहले रसलाई अलङ्कारमा लगेर अन्तर्भाव गरे। शव्दार्थ युगल काव्य मानिने हुँदा शब्दगत चमत्कार र अर्थगत चमत्कारलाई प्रकाशित गर्ने अलङ्कारलाई काव्यको आत्मा मानियो। भामह, दण्डी, वामन आदि अलङ्कारवादीहरूको दृष्टिले काव्यको मूल तत्व अलङ्कार मानेको देखिन्छ। ध्वनि सिद्धान्तको उदयसँगै अलङ्कारको अस्तित्व हारादिवत्मा साघुँरिन पुग्यो। काव्य सौन्दर्यमा चमत्कारजनकत्व प्रदान गर्ने अलङ्कार रसलाई उपकार गर्ने अङ्गका रुपमा रहन पुगे। ती अङ्गीका रुपमा शोभाधायक बन्न सक्ने अवस्थामा देखिएनन् :

उपकुर्वन्ति तं सन्तं येऽङ्गद्वारेण जातुचित्।
हारादिवदलङ्कारास्तेऽनुप्रासोपमादयः॥ (मम्मट :२०४२ :३८१)

सामान्यतया लोकमा स्वाभाविक सुन्दरता देखिएमा अलङ्कारले शोभातिशयको रूपलाई उत्कर्षमा पुऱ्याएको हुन्छ। त्यसरी नै अलङ्कार काव्यशोभाका उत्कर्षाधायक तत्त्व होइनन् ती त उत्कर्षको साधन मात्र मानिन्छ (मिश्र : इ. १९६४ : ३८१)। अलङ्कारवादी आचार्यहरूको काव्यात्मासम्वन्धी दृष्टिकोण अलङ्कारमै अडिएको देखिन्छ। तापनि, काव्यात्माको रुपमा अलङ्कारको उपस्थिति अग्राह्य नै मानिएको छ। शब्दार्थ सहभाव काव्य भए पनि शब्दार्थ काव्यका आत्मा होइनन्। त्यसकारण काव्यको सौन्दर्यवर्धक अलङ्कार रसरूपी अङ्गीका उपकारक तत्त्व मात्र हुन्।

आठौं शताब्दीमा उदाएका वामनले 'काव्यालङ्कार सूत्रवृति'मा रीतिलाई काव्यात्माको स्वरुपमा खडा गरे। काव्यशास्त्रीय इतिहासमा वृति, मार्ग, पन्थाका रूपले परिचित रीतिलाई वामनले काव्यको आत्माका रुपमा स्वीकार गरे। उनले सर्वप्रथम 'रीतिरात्मा काव्यस्य । विशिष्ट पदरचना रीति। विशेषो गुणात्मा' (वामन :इ १९५७. :३४)। यसरी रीतिलाई काव्यात्मा मान्ने वामन काव्यको मूल आधार रीति र त्यसको परिपुष्टता रीतिमा हुने धारणा अघि सार्छन्। वस्तुतः वामन रीति र

गुणमा अभेदको अवस्थालाई स्वीकार गर्छन्। किन्तु गुण र रीतिमा अभेदको अवस्था सिद्ध हुन सक्दैन। रीति गुणाश्रयी हुने हँदा यी दुवैका बीचको अभेदत्व सिद्ध नहुने अवस्था टड्कारो बनेर उभिएको प्रतीत हुन्छ। यसरी माधुर्यादि गुणमा आश्रित रहेका रीतिले कसरी काव्यको आत्मत्वलाई अङ्गीकार गर्दछन्। अतः रीति काव्यको आत्मा नभई अङ्गका रूपमा स्थापित भएका धर्म हुन् जसलाई काव्यको अङ्गका रुपमा मान्नुपर्ने देखिन्छ।

पूर्वको काव्यचिन्तनमा काव्यात्मरूपी धारणलाई लिएर वक्रोक्तिजीवितकार कुन्तक देखा पर्छन्। काव्यमा अलङ्कारको प्रतिष्ठा पाएको वक्रोक्तिलाई कुन्तकले अलङ्कार्यका रुपमा लिदै वैदग्ध्य भङ्गी भणिति वा चतुर कवि कर्मको कुशलतापूर्वक कथन हो भनेका छन्। उनका अनुसार काव्यको वैचित्रय तथा चमत्कारजनकत्व तत्वको नाम नै वक्रोक्ति हो (कुन्तक : इ. १९४६ : ५७)। काव्यको शरीरका रुपमा परिगणन गरिएका शब्द र अर्थलाई कुन्तकले अलङ्कार्यका रूपमा स्वीकार्नु काव्य चिन्तनगत दृष्टिले युक्तिसंगत मानिन्न। काव्यको मूल तत्व आनन्द हो। आनन्द प्रदान गर्न शब्दार्थको भूमिका गौण रूपमा रहन्छ। शब्दार्थलाई अलङ्कार्य मान्ने कुन्तकले अलङ्कारका रुपमा प्रतिष्ठित वक्रोक्तिलाई काव्यात्माको शिखरमा पुऱ्याउनु वस्तुतः अनुपयुक्त नै ठहरिएको प्रतीत हुन्छ। वक्रोक्ति अलङ्कार हो र अभिधार्थमा अलङ्कारका रूपमा परिगणन गरिएको छ। त्यसकारण काव्यको अङ्गी वा आत्माका रूपमा वक्रोक्तिलाई स्वीकार्नु अनुचित हुँदा त्यसलाई रसोत्कर्षमा पुऱ्याउने सहयोगी तत्वका रूपमा स्वीकार्नु पर्ने देखिन्छ।

एघारौं शताब्दीको उत्तरार्धमा उदाएका क्षेमेन्द्रले औचित्यलाई काव्यको सर्वोपरि तत्वका रूपमा स्वीकार गरे। औचित्य सम्प्रदायका प्रस्थापक आचार्य क्षमेन्द्रले औचित्यको उपस्थितिलाई स्वीकार गर्दै -

अलङ्कारास्त्वलङ्कारा गुणा एव गुणा :सदा।
औचित्यं रस-सिद्धस्य स्थिरं काव्यस्य जीवितम्॥ (क्षमेन्द्र : १९८२ : ६)

अलङ्कार अलङ्कार हुन्, गुण गुण नै हुन्, किन्तु रससिद्धिको मुख्य कारण भने औचित्य हो। उनका अनुसार काव्यङ्गका रूपमा मानिएका गुण अलङ्कार आदिको सही विन्यास हुनु औचित्य हो। शरीरमा आत्माको व्यापकता सरह नै काव्याङ्गको व्यापकताले औचित्यको मूल्यलाई स्थापित गरेको छ। खासगरी रससिद्धका औचित्य विधान गरिएको हुन्छ औचित्य सिद्धिका लागि रसविधान होइन (मिश्र : इ. १९६४ : ३१५)। कविको मुख्य उद्देश्य रस प्रवाहित गरी पाठकलाई आनन्दानुभूति दिनु हो औचित्य पेश गर्नु होइन। त्यसैले गुण, रीति, अलङ्कार आदिको उचित विन्यासद्वारा रसानुभूति उपस्थित हुने हुँदा रसका निमित्त औचित्य हो औचित्यका निमित्त रस होइन। औचित्य सम्प्रदाय रसलाई काव्यात्मा स्वीकारेर अलङ्कारलाई त्यसको पोषक मान्दछ। त्यसैले अलङ्कारको सम्यक विन्यास नै रस सिद्धिको प्रमुख कारक मानिन्छ (हीरा : इ. २००७ :१४२)। वस्तुतः काव्यङ्गको समग्र विन्यासलाई

उचित प्रक्रियाद्वारा विन्यस्त चाहने औचित्य काव्यात्मा नभई काव्याङ्गका रूपमा भारतीय काव्यशास्त्रमा प्रतिष्ठित देखिन्छ ।

नवौं शताब्दीको अन्त्यतिर पूर्वको काव्यचिन्तनमा ध्वन्यालोक लिएर आनन्दवर्धनको उदय भएको देखिन्छ । उनी ध्वनि सिद्धान्तका प्रस्थापक आचार्य हुन् । उनले ध्वनिविरोधी मतहरूको खण्डन गर्दै ध्वनिलाई काव्यात्माको संज्ञा प्रदान गरेको देखिन्छ । काव्यको लक्षण गर्ने क्रममा 'सहृदयहृदयाह्लादि शब्दार्थमयत्वेन काव्यलक्षणम्' (आनन्दवर्धन : २०४२:५) । सहृदयको हृदयलाई आह्लादित तुल्याउने शब्दार्थकाव्य हुने र कोरा शब्दार्थले काव्यरूप प्राप्त नगर्ने ठहर उनको देखिन्छ । काव्यमा सहृदयको मनलाई खिच्न सक्ने अवस्था वाच्यमार्थमा प्रतीत नहुँदा व्यङ्ग्यार्थलाई प्रत्यक्षतः ध्वनि स्वीकारेको देखिन्छ । व्यङ्ग्यको प्रकटीकरणका माध्यमले सहृदयको वासना जागृत हुने हुँदा रस नै ध्वनि बनेर उद्भाषित भएको देखिन्छ । रसलाई स्व शब्दमा व्यक्त गर्दा दोष प्रतीत हुँदा नै रसोत्कृष्टतालाई प्रकट गर्ने ध्वनिलाई रसध्वनिका रूपमा मानिएको देखिन्छ । रसको प्रत्यक्ष वाचन नहुनु र अप्रत्यक्ष रुपमा ध्वनन हुँदा ध्वनिकारले रसध्वनिलाई सर्वोत्कृष्ट मानेको देखिन्छ । ध्वनिलाई काव्यात्माको सज्ञा दिंदै ध्वनिकार भन्छन् रस एव वस्तुतः आत्मा वस्त्वलंकारध्वनि तु रसंप्रति पर्यवस्यते (गुप्त : १९७५:५८) । ध्वनिसम्प्रदायको जग व्यङ्ग्यार्थमा खडा भएको छ । व्यङ्गको उत्कृष्टताद्वारा रसप्रतीतिमा पूर्ण सहजता प्रकट भएको हुन्छ । त्यसकारण ध्वनिवादीहरू अप्रत्यक्षरूपमा रसध्वनिलाई काव्यात्माको मुख्य उपाधि प्रदान गर्ने आलोचक हुन् । यिनीहरूका दृष्टिमा प्रत्यक्ष रुपमा ध्वनि भए पनि अप्रत्यक्ष वा सर्वस्वीकार्य रूपमा रस नै काव्यात्मा हो ।

वस्तुतः काव्यात्मालाई लिएर देखा परेको काव्यशास्त्रीय चर्चामा विभिन्न सिद्धान्तहरूको उपस्थिति देखियो । वैदिक कालदेखि प्रवाहित रसलाई साहित्यिक भूमि प्रदान गर्ने प्रथम आचार्य भरत हुन् । उनले नाट्यशास्त्रको छैठौं अध्याय मार्फत रससूत्रलाई सार्वजनीन गरे । सार्वजनिक भएको रससूत्र उत्तरवर्ती आचार्यहरूका निम्ति व्याख्याको विषय बनेर देखियो । खाशगरी भरतले रससूत्रलाई वाहिर ल्याए तर काव्यात्माका सम्वन्धमा भरतको दृष्टि भने आएको देखिन्न । उत्तरवर्ती समयमा रसको उपस्थितिलाई काव्यात्माका रूपमा स्वीकार गरेको देखिन्छ । अलङ्कारवादीहरू तथा वामन, कुन्तक, क्षमेन्द्र आदि आचार्य रसलाई प्रवल रुपमा अस्वीकार गरे पनि उसको उपस्थिति काव्यमा हुनु पर्ने मान्यता अघि सार्छन् । ध्वनिवादी आचार्यहरूले वस्तुध्वनि, अलङ्कार ध्वनि र रसध्वनिको प्रत्यक्षतामा काव्यको वर्गीकरण गरेका छन् । ध्वनिकालमा रसको उत्कृष्टता प्रकट भएको देखिन्छ ।

आचार्य विश्वनाथले रसलाई काव्यको सर्वोपलब्धि मानेर' वाक्यं रसात्मकं काव्यम् (विश्वनाथ : इ. १९८६ :१९) भनेर काव्य लक्षण अघि सारेको देखिन्छ । उनले काव्यको चमत्कार तत्वका रुपमा रसलाई लिएका छन् । काव्यको उच्चता रस रहने हुँदा रसविहीन वाक्य काव्य नहुने संकेत उनले दिएका छन् । रसको

आनन्दरुपताका कारणले आचार्यहरूले नाटक वा काव्यमा रसलाई प्रधानता दिएका हुन् । काव्यात्माका रुपमा देखापरेको रस सिद्धान्त सार्वकालिक, सार्वजनीन रुपमा काव्यको मुख्य अन्तर्वस्तु बनेको देखिन्छ । रस सिद्धान्त साहित्यको यस्तो मापदण्ड हो जो सवै देश , कालका रचनामा आर्विभूत भएको हन्छ (गुप्त :इ. १९९५ : ८५) त्यसकारण पूर्वीय काव्य चिन्तनको मूल धुरीका रुपमा रहेको रस सिद्धान्त वस्तुत : काव्यात्माका रूपमा स्थापित सिद्धान्त हो । रचना वैदिक कालको होस् वा आधुनिक कालको त्यसमा रागात्मकता र आह्लादात्मकताको उपस्थिति अनिवार्य हुनुपर्दछ । रागात्मकता रआह्लादात्मकता रसमा पूर्णतः देखिने हुँदा रस नै काव्यात्माको कोटिमा पर्ने पूर्वको साहित्यिक चिन्तन परम्परा हो । सदा नवीन नूतन र लोकप्रिय रसलाई काव्यात्माको महनीयता प्रदान गरी पूर्वीय काव्य चिन्तनका अन्य सिद्धान्त अङ्ग र रस अङ्गीका रूपमा स्थापित गर्नु प्रस्तुत लेखको अभीष्ट देखिएको छ ।

सन्दर्भग्रन्थ सूची

उपाध्याय, केशवप्रसाद, पूर्वीय साहित्य सिद्धान्त, दोस्रो संस्करण : ललितपुर : साझा प्रकासन :२०४८ ।

कुन्तक, वक्रोक्ति काव्य जीवितम् : चौखम्वा विद्याभवन, वाराणसी, १९६४ ।

गुप्त, गणपतिचन्द्र, भारतीय एवं पाश्चात्य काव्यसिद्धान्त :दिल्ली : लोकभारती प्रकाशन, इ. १९९५ ।

नगेन्द्र, रससिद्धान्त, दिल्ली :नेशनल पब्लिशिङ्ग हाउसःसन्, १९९५ ।

भट्ट महीम, व्यक्तिविवेक, चौखम्वा विश्वभारती : वनारस, २०३५ ।

भरत, नाट्यशास्त्र, वनारस : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, २०५२ ।

मम्मट, काव्यप्रकाश, वनारस : ज्ञानमण्डल लिमिटेड, २०४२ ।

मिश्र, जयन्त, काव्यात्मामीमांशा,वनारसः चौखम्वा विद्याभवन,इ १९६४ ।

वामन, काव्यालंकार सूत्रवृत्ति, चौखम्वा विद्याभवन : वाराणसी, इ. १९५७ ।

विश्वनाथ, साहित्य दर्पण, मोतीलाल बनारसीदास : वाराणसी, इ. १९८६ ।

क्षेमेन्द्र, औचित्यविचारचर्चा, कृष्णदास अकादमी वाराणसी २०३९ ।

♣♣♣

विवाह परिचय

डा.गोविन्दप्रसाद आचार्य
सहप्राध्यापक

वैदिक सनातन धर्मशास्त्रमा गर्भाधानादि अठचालीस (४८) प्रकारका संस्कारहरूको व्यवस्था गरिएको छ।[1] अहिले प्रायः सोह्र (१६) प्रकारका संस्कारहरू प्रचलनमा देखिन्छन्। ती संस्कारहरूमध्ये विवाह संस्कार पनि एक हो। विवाह शब्दले पाणिग्रहण संस्कारविशेषलाई बुझाउँछ। विवाहसंस्कार आश्रमसँग सम्बन्धित छ। शास्त्रले चार आश्रमको व्यवस्था प्रतिपादन गरेको छ। ती हुन्- १) ब्रह्मचर्याश्रम २) गृहस्थाश्रम ३) वानप्रस्थाश्रम ४) संन्यासाश्रम। "शतायुर्वै पुरुषः"[२] भनेर श्रुतिमा उल्लेख भएको हुँदा मनुष्यको आयु सामान्यतया सय (१००) वर्षको हुन्छ भन्ने बुझिन्छ। सय वर्षलाई चार भाग गर्दा एक भागमा २५ वर्ष हुन आउँछ र प्रत्येक आश्रमा २५-२५ वर्षका हिसावले रहनुपर्ने देखिन्छ। यसैले जन्मदेखिका २५ वर्षसम्म ब्रह्मचर्याश्रममा रही वेद धर्मशास्त्रादि अध्ययन गर्नुपर्छ। वेदादिशास्त्र अध्ययनपश्चात् उसलाई स्नातक भनिन्छ। १. आजीवन ब्रह्मचर्याश्रममा वस्न चाहने ब्रह्मचारीलाई नैष्ठिक ब्रह्मचारी भनिन्छ। २. स्नातक भएपछि गृहस्थाश्रममा प्रवेश गर्न चाहने ब्रह्मचारीलाई उपकुर्वाण ब्रह्मचारी भनिन्छ। उपकुर्वाण ब्रह्मचारी गुरुको आज्ञा लिएर गृहस्थाश्रममा प्रवेश गर्दछ। गृहस्थाश्रम स्वीकार गर्ने स्नातकले सलक्षणा कन्याका साथ विवाह गर्नु नै पर्ने व्यवस्था शास्त्रले गरेको पाइन्छ। यसैले मनुले प्रतिपादन गरेका छन्।[३]

समानवर्णकी शास्त्रले निर्देश गरेबमोजिमका लक्षणहरूले युक्त भएकी कन्या विवाह गर्नुपर्ने शास्त्रीय व्यवस्था छ। समानवर्णमा पनि मातातर्फकी असपिण्डा तथा पितातर्फकी असगोत्रा विवाह योग्या हुने शास्त्रको स्पष्टाभिव्यक्ति पाइन्छ।[४] "असपिण्डा च या मातुः" भनी भनिएको छ तापनि मामाका गोत्रमा सम्भव भएसम्म विवाह नगर्नु श्रेयस्कर हुन्छ।

---

[1] मुहूर्तचिन्तामणिः, पीयूषधारा, संस्कारप्रकरण।
[२] मनुस्मृतिः, ४।१, मन्वर्थमुक्तवली।
[३] गुरुणाऽनुमतः स्नात्वा समावृत्तो यथाविधि।
उद्वहेत द्विजो भार्यौ सवर्णां लक्षणान्विताम्॥ म.स्मृ. ३।४।
[४] असपिण्डा च या मातुरसगोत्रा च या पितुः।
सा प्रशस्ता द्विजातीनां दारकर्मणि मैथुने॥ म.स्मृ. ३।५।

विवाह गर्नुको उद्देश्यका सम्वन्धमा किञ्चित् प्रकाश पार्नु उपयुक्त देखिन्छ। ती उद्देश्यहरू क्रमशः यसप्रकार छन्।

१. उत्कृष्ट धार्मिक सन्तान उत्पादन गरी वंश विस्तार गर्नु वंशरूपी तन्तु न छिनाउनु भनी वेदले उपदेश गरेको छ।[१] निःसन्तानका लागि परलोकमा गति नहुने शास्त्रीय मान्यता छ।[२] पुत्रादि उत्पादन गर्न र धर्मादि वृद्धि गर्न दम्पतिको आनुकूल्य नभै सम्भव हुँदैन। यसैले याज्ञवल्क्यले भनेका छन्- धर्मार्थ रकामको वृद्धि पनि अनुकूल वैवाहिक सम्वन्धले हुन सक्छ।[३]

२. अग्निहोत्रादि नित्यकर्म सम्पन्न गर्न दम्पति दुवैको समान आवश्यकता पर्ने हुँदा धर्मोपार्जनका निमित्त विवाह गर्नुपर्ने हुन्छ।

३. मनुष्य जन्मतः तीन प्रकारका ऋणले युक्त भएर यस संसारमा आएको हुन्छ। ती यस प्रकारका छन् - (क) पितृऋण (ख) ऋषिऋण (ग) देवऋण। जीवित उत्कृष्ट पुत्र जन्माई त्यसको मुख देखेपछि र पितृहरूलाई श्राद्धादिकार्यद्वारा सन्तुष्ट गराएपछि पितृऋणवाट छुट्कारा पाइन्छ। वेदधर्मशास्त्रादि अध्ययन गरेपछि ऋषिऋणवाट मुक्त होइन्छ। यज्ञ देवार्चनादि गरेपछि देवऋण तिरिन्छ। अतः पितृऋण तिर्नका निमित्त धर्मपूर्वकको विवाह विधिद्वारा विवाहिता धर्मपत्नीवाट पुत्र पैदा गराउन विवाह गर्नुपर्ने हुन्छ। श्रुतिको पनि यस्तै आदेश पाइन्छ।[४]

४. ब्रह्मचर्याश्रम त्याग गरेर गृहस्थाश्रममा प्रवेश गर्नका निमित्त विवाह गर्नुपर्छ। एकक्षण पनि आश्रमरहित भएर वस्न न हुने शास्त्रीय आदेश पाइन्छ।[५]

उपर्युक्त विवाहका उद्देश्यहरूवाट त्रिवर्ग (धर्म, अर्थ काम) प्राप्त गर्नु नै स्त्रीपुरुष विवाहको विशेषता हो भन्ने वुझिन्छ।

आश्रमहरूमा गृहस्थाश्रम सवैभन्दा जेठो र उपजीव्य मानिन्छ। जसरी प्राणिमात्र वायुको आश्रय पाएर जीवित रहन्छन् त्यसरी नै अन्य आश्रमका मनुष्यहरू गृहस्थाश्रमको नै आश्रय पाएर जीवन निर्वाह गर्दछन्। मनुले यसै भनाइलाई प्रस्ट पारेका छन्।[६] स्त्री र पुरुषको वैवाहिक सम्वन्धन नै गृहस्थाश्रम

---

[१] प्रजातन्तुं मा व्यवच्छेत्सीः। विवाहपद्धतिः, म.सं.वि. ४६ पुष्पम्, वि.सं. २०५७, भूमिकाखण्ड।

[२] नाऽपुत्रस्य लोकोऽस्ति। ऐ.ब्रा. ३।२।२, ब.ब्रा.पं. ७।३।

[३] यत्रानुकूल्यं दम्पत्योस्त्रिवर्गस्तत्र वर्धते ॥ या.ब.स्मृ १।७४।

[४] ऋणमस्मिन्सन्नयत्यममृतत्वं च गच्छति।
पिता पुत्रस्य जातस्य पश्येच्चेज्जीवतो मुखम् ॥ ऐ.ब्रा.३३।१, ब.ब्रा. पञ्जिका ७।३।

[५] अनाश्रमी न तिष्ठेत क्षणमेकमपि द्विजः।
आश्रमादाश्रमं गच्छेदेष धर्मः सनातनः ॥ मुहूर्तचिन्तामणिः, पीयूषधारा, विवाहप्रकरणभूमिका।

[६] यथा वायुं समाश्रित्य वर्तन्ते सर्वजन्तवः।
तथा गृहस्थमाश्रित्य वर्तन्ते सर्वजन्तवः ॥
यस्मात्त्रयोऽप्याश्रमिणो ज्ञानेनान्नेन चान्वहम् ।गृहस्थेनैव धार्यन्ते तस्माज्जेष्ठाश्रमो गृही ॥ मनुस्मृ.। ३।७७-७८।

हो। विवाह गर्नु भनेको दुई शरीरको मिलन मात्र नभई दुई जीवात्माको मिलन हो। दुई शरीरका साथै दुई जीवात्माको मिलन नै पारस्परिक सहयोग वृद्धि गराउने हुन्छ र गृहस्थाश्रम धर्म पालन हुनमा कारण बन्दछ। अतः गृहस्थाश्रमोक्त धर्मवृद्धि गर्नु स्त्री र पुरुष विवाहको परम लक्ष्य हो।

सनातन धर्मशास्त्रले आठ प्रकारका विवाहहरू निर्देश गरेको पाइन्छ। ती यस प्रकारका छन् - १. ब्राह्म २. दैव ३. आर्ष ४. प्राजापत्य ५. आसुर ६. गान्धर्व ७. राक्षस ८. पैशाच।[1] यी आठ किसिमका विवाहका लक्षणहरू क्रमशः निम्न प्रकारका छन्-

१. शास्त्रोक्तगुणले सम्पन्न भएको विद्वान् वरलाई बोलाई वस्त्रालङ्कारादिले सिङ्गारिएकी कन्यादान दिनु ब्राह्मविवाह हो। यो विवाह गरेर जन्मेको पुत्रले अगाडिका दश पछाडिका दश र आफूसमेत एक्काइस पुस्तालाई पवित्र गराउँछ।
२. यज्ञमा वरणगरिएका ऋत्विक्लाई अलङ्कारादिले विभूषित गराइएकी कन्यादान गर्नु दैवविवाह हो। यो विवाह गरी जन्माइएको छोराले अगाडिका सात पछाडिका सात समेत चौध पुस्तालाई पवित्र गराउँछ।
३. यज्ञादि धार्मिककार्यका निमित्त वरबाट दुइओटा गाई लिएर कन्यादन दिनु आर्षविवाह हो। यो विवाह गरेर उत्पन्न भएको सन्तानले पहिलेका तीन र पछिका तीन जम्मा छ पुस्तालाई पवित्र पार्छ।
४. तिमीहरू दुवैले मिलेर गृस्थादिधर्मको पालन गर्नु भनी विधिपूर्वक वरलाई पूजेर कन्यादान दिनु प्राजापत्य विवाह हो। यस विवाहद्वारा विवाहितामा उत्पन्न सनतानले अगाडिका छ पछाडिका छ आफूसमेत तेह्र पुस्ता पवित्र गराउँछ।
५. कन्यालाई अथवा कन्याका आफन्तलाई वरपक्षबाट धन दिएर गरिने विवाहलाई आसुरविवाह भनिन्छ।
६. कन्या र वरको परस्पर प्रेम भएर हुने विवाहलाई गान्धर्वविवाह भनिन्छ।
७. कन्याका आफन्तहरूलाई वरपक्षकाले युद्धमा जिती कन्याहरण गरेर हुने विवाह राक्षसविवाह हो।
८. निदाएकी वा मदिरादिका नशाले उन्मत्त भएकी कन्यालाई एकान्तपारी छल गरी पत्नी तुल्याउनु पैसाचविवाह हो।

यी आठ प्रकारका विवाहहरूमध्ये ब्राह्म, दैव, आर्ष र प्राजापत्य विवाहहरू धर्म्यविवाह भनिन्छन् र बाँकी चारप्रकारका आसुर, गान्धर्व, राक्ष्स र पैशाच विवाहहरू निन्दित मानिएका छन्। यी आठै विवाहका लक्षणहरू याज्ञावल्क्यले पनि

---

[1] ब्राह्मो दैवस्तथैवार्षः प्राजापत्यस्तथाऽऽसुः।
गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधमः॥ म.स्मृ. ३।२१।

प्रतिपादन गरेका छन् ।[1] यसरी वैदिक सनातन धर्ममा विवाहको आदर्श निर्धारण भएको पाइन्छ ।

सनातन धर्मावलम्वीहरूको शास्त्रमा स्त्री र पुरुषको विवाहको उद्घोप भएको छ। समलिङ्गी (स्त्री+स्त्री) (पुरुष+पुरुष) को विवाहको प्रावधान सनातन धर्मशास्त्रले गरेको पाइन्न। हाम्रा धर्मशास्त्र प्रवर्तक, चिन्तक, ऋषिमुनिहरूले सामाजिक व्यवस्था सुसञ्चालनार्थ समलिङ्गी विवाहलाई उपयुक्त मानेको वा ठानेको पाइँदैन। वरु वहुविवाहजन्य दोष, वालवैधन्यजन्य दोष निवारणका निमित्त शास्त्रमा अर्कविवाह (आँकसँग गरिने विवाह), अश्वत्थविवाह, विष्णुप्रतिमाविवाह, कुम्भविवाहजस्ता विवाहविधिको व्यवस्था भएको पाइन्छ, समलिङ्गीविवाह विधिचाहिँ पाइन्न। अर्कविवाह आदि विवाहविधि पनि कन्या र वरको सम्पन्न गरिने विवाह अनिष्टकारी नहोस् भन्नका निमित्त उपदेश भएका हुन् भन्ने प्रस्ट नै बुभ्न सकिन्छ। अतः हाम्रो समाज सुसञ्चालनार्थ प्रकृति (स्त्री) र पुरुषको नै विवाह सम्बन्ध जोड्नु समाजोपयोगी हुने देखिन्छ।

सन्दर्भग्रन्थसूची

घिमिरे, ऋपिरामशर्मा, विवाहपद्धतिः, महेन्द्र-संस्कृत-विश्वविद्यालयः, वेलभुण्डी दाङ वि.सं. २०५७ ।

मनुः मनुस्मृतिः, भदृकुल्लूकः (व्या.) चौखम्वा संस्कृत सीरीज अफिस, वाराणसी : २०२६ ।

याज्ञवल्क्यः याज्ञवल्क्यस्मृतिः विज्ञानेश्वरः चौखम्वा संस्कृत सीरीज अफिस वाराणसी १ वि.सं. २०२४ ।

रामदैवज्ञः, मुहूर्त चिन्तामणिः, दैवज्ञ गोविन्द ज्योतिविद् (व्या.), मुम्वय्यां नुकाराम जानजी इत्यनेन निर्णयसागरमुद्रणयन्त्रालयाधिपतिना स्वीयेऽङ्कनालये संमुद्रय प्राकाश्यं नीतः, शाकः १८३६ ।

स्यार-राज-राधाकान्त, शब्दकल्पद्रुमः चौखम्वा संस्कृत ग्रन्थमाला, ग्रन्थसंख्या ९३,इ. १९६१ ।

♣♣♣

[1] व्राह्मो विवाह आहूय दीयते शक्त्यलङ्कृता ।
तज्जः पुनात्युभयतः पुरुषानेकविंशतिम् ॥
यज्ञस्य ऋत्विजे दैव आदायार्षस्तु गोद्वयम् ।
चतुर्दश प्रथमजः पुनात्युत्तरजश्च षट् ॥
इत्युक्त्वा चरतां धर्मं सह या दीयतेऽर्थिने ।
स कायः पावयेत्तज्जः षट् षट् वंश्यान्सहात्मना ॥
आसुरो द्रविणादानाद् गान्धर्वः समयान्मिथः ।
राक्षसो युद्धहरणात्पैशाचः कन्यकाच्छलात् ॥ या.व.स्मृ. १।५८-६१ ।

रसको वर्गीकरण

घनश्याम दाहाल
उपप्राध्यापक

१.१ विषयप्रवेश

रस भनेको भावहरूको परिपाक हो। पूवीर्य काव्य साहित्यमा रसलाई अलौकिक, आनन्दमय, ब्रह्मस्वरूप र अखण्ड भनेर परिभाषित गरेको पाइन्छ। यस आधारमा रसलाई वगीकरण गर्न अनौचित्यपूर्ण देखिए तापनि स्थायी भावका दृष्टिले रसलाई वगीकरण गर्नु औचित्यपूर्ण देखिन्छ। नाट्याचार्य भरतले रसलाई शृङ्गार, वीर, रौद्र र बीभत्स गरी सर्वप्रथम चार भागमा विभाजन गरे पनि पुनः हास्य, करुण, अद्भुत एवं भयानक रसलाई स्विकार्दै रसको सङ्ख्या आठ मानेको पाइन्छ। उद्भट, आनन्दवद्धन आदि पूर्वीय आचार्यहरूले भरतका आठ रसलाई आत्मसात् गरेर शान्तरसलाई थपी नौवटा बनाएको पाइन्छ। आचार्य धनञ्जयले भने शान्तरसको प्रवल रूपमा विरोध गरी अस्वीकार गरेको देखिन्छ। रूप गोस्वामीले भक्तिरसको व्यापक चर्चापरिचर्चा गर्दै देवता आदि विषयक रतिलाई भाव र साक्षात् भगवान् श्रीकृष्ण विषयक रतिलाई भक्तिरसको संज्ञा दिएको पाइन्छ। साहित्य दपर्णकार विश्वनाथले बालकप्रतिको स्नेह र सद्भावलाई प्रकट गरेर वात्सल्य रसलाई थपेको देखिन्छ। वास्तवमा ठूलाले सानाप्रति गरेको स्नेह र सद्भावलाई वात्सल्य र सानाले ठूलाप्रति गरेको स्नेह र सद्भावलाई भक्ति रस नमानेर भाव मान्नु औचित्यपूर्ण एवं सार्थक प्रतीत हुन्छ। अधिकांश पूर्वीय आचार्यहरूले नौवटा रसलाई नै स्वीकार गरेको अवस्था छ। लोक जीवनमा समेत 'नवरस'का नामले चर्चित रहेको परिस्थिति सर्वमान्य बनेको देखिन्छ। यस आधारमा रसलाई नौ भागमा विभाजन गरेर प्रत्येक रसको सामान्य परिचय र उदाहरणलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१.१.१ शृङ्गार रस

नौवटा रसमध्येको वहुचर्चित एवं सर्वमान्य रसका रूपमा शृङ्गार रसको उल्लेख्य भूमिका रहेको पाइन्छ। सहृदयको आत्मामा संस्कार विशेषका रूपमा रहेको स्थायीभाव रतिलाई रसानुभूतिको अवस्थासम्म पुऱ्याएर अलौकिक आनन्द प्रदान गर्ने कार्य शृङ्गार रसबाट हुन्छ। नारी र पुरुषका बीचको सहज एवं स्वाभाविक आकर्षणलाई रति भन्न सकिन्छ। रति र विभावदिको संयोगबाट परिपक्व अवस्थामा पुगेपछि शृङ्गाररसको अनुभूति हुन्छ। यसलाई दुई भागमा विभाजन गर्न सकिन्छ।

(क) सम्भोग शृङ्गार : यो नायक नायिकाको आपसी मेल, विशेष आकर्षण एवं उत्तेजनामूलक कामेच्छा आदि विषयमा केन्द्रित रस हो । यस रसभित्र पर्ने रसअवयव वा रस सामग्रीहरूमध्ये स्थायीभावका रूपमा रति (प्रीति), विभावमध्ये आलम्वनका रूपमा नायक र नायिका, अनुभावमा एकआपसमा अङ्कमाल गर्नु वा मायाप्रेमले मुस्कुराएर हेर्नु, चुम्वन गर्नु आदि र व्यभिचारी भावमा हर्ष, चपलता एवम् उन्माद आदि पर्दछन् ।

जस्तै; मन मिसिसकि गाला प्रीतिले टम्म जोडी
क्रमनियम दुवैले वोलिको चाल छोडी ।
वल पनि भलिभाँती वाहुलीले लिएछ,
नसकि मनकथा त्यो रात सुत्तै गएछ ॥
(उत्तररामचरित्र,कालीदास पराजुली)

(ख) विप्रलम्भ शृङ्गार : यो वियोगको अवस्थामा हुने रस हो । नायक नायिकाका वीचमा कुनै कारणले प्रेमसम्वन्ध कायम हुन नसकेको अवस्था, प्रेमसम्वन्ध स्थापित भएर पनि वीचैमा टुट्न गएको परिस्थिति र मिलनको आशामा छटपटिएको एवं मुरमुरिएको मानसिकताको वर्णन यस विप्रलम्भ शृङ्गारमा हुन्छ। यस रसभित्र पर्ने रसअवयव वा रस सामग्रीहरूमध्ये स्थायीभावमा रति (प्रीति), विभावमध्ये आलम्वनमा नायक-नायिका, उद्दीपनमा पहिलेका क्रियाकलापको स्मरण, एकान्त ठाउँ, प्रकृति आदि, अनुभावमा टोलाउनु, आँखावाट आँशु झार्नु, छट्पटि हुनु, पिरोलिनु आदि र व्यभिचारी भावमा चिन्ता, वितर्क, ग्लानि आदि पर्दछन् । जस्तै;

वाटो हेर्लान् विरह दिनका नित्य औंला गनेर
सुस्केरामै मिरमिर हुनन् रात कोल्टो फिरेर ।
तिम्रै जस्तो म पनि दिनहूँ देख्छु संसारलाई
भन्ने मेरो खवर लगिद्यौ कल्पदी वैंसलाई । (दैवज्ञराज न्यौपाने)

१.१.२ हास्यरस

कुनै अनौठा व्यक्ति देख्दा, उसको बोली सुन्दा उसको ल्वाइख्वाइ देख्दा मानवीय मनमा उत्पन्न हुने एक किसिमको सुखद एवं मनोरञ्जनात्मक परिस्थितिलाई हास्य रस मानिन्छ। यस रसभित्र पर्ने रस अवयव वा सामग्रीहरू यसप्रकार छन् : स्थायीभावमा हाँसो (हास्य) विभावमध्ये आलम्वनमा अनौठो किसिमको बोली एवं अनौठो लवाइखवाइ उद्दीपनमा अनौठो किसिमको पात्रको अनुहार, बोली, पहिरन र चेष्टा आदि तथा अनुभावमा अनौठो पात्र देखेर पेट मिचिमिचि हाँस्नु, आँखा तरल हुनु, मुख विगार्नु आदि र व्यभिचारी भावमा निद्रा, हर्ष, चपलता, स्वप्न आदि । जस्तै;

वेस छ वज्यै ? भन्यो भने भन्यो भने 'वोस्से' भनिस् भन्थी

अरू जब 'हाँडी' भन्थे ऊ त 'राँडी' सुन्थी । (बालकृष्ण सम)

१.१.३ करुण रस

आफूलाई मन पर्ने व्यक्ति वा वस्तुको नाश हुँदा मानवीय मनमा देखा पर्ने एक किसिमको दुःख वा करुणाको भावलाई करुण रस भनिन्छ। करुण रसले दःखद् परिस्थितिको भावलाई जाग्रित गर्दछ। यस रसका अवयवहरूमा स्थायीभावका रूपमा शोक, विभावमध्ये आलम्बनमा नायकनायिका, उद्दीपनमा आफन्तको मृत्यु, मनपर्ने वस्तु नाश, शव, शवयात्रा आदि तथा अनुभावमा छाती पिटीपिटी रुनु, चिच्याउदै कराउनु, आँखाबाट आँशु झार्नु आदि र व्यभिचारी भावमा विषाद, मोह, चिन्ता आदि पर्दछन् । जस्तै;

त्यस्तै तिम्रो पनि मगजमा बोझ ज्यादा हुनाले
पल्टेका हौ उपिन नसकी ऊंट झैँ स्थूलताले ?
सारा बोझा परतिर गयो बोक्दछन् ज्येष्ठ पुत्र
प्यारा बोझा परतिर गयो बोक्दछन् ज्येष्ठ पुत्र
प्यारा राजा । उठ न उठ है ! हेर खोलेर नेत्र ॥ (यशस्वी शव

१.१.४ वीर रस

कुनै पनि कार्य गर्न उत्साहित एवं प्रेरित गर्ने काम वीर रसमा हुने गदर्छ। शत्रुको चुनौतीको सामना गर्न, दुःख र सङ्कटमा परेका व्यक्तिको उपकार र सहयोग गर्न, जातीय अस्तित्व, दृढता एवं राष्ट्रिय स्वार्थलाई बचाउन मानवीय अन्तर्मनमा उत्पन्न हुने एक प्रकारको साहस दृढता एवं आँटलाई वीर रस मान्न सकिन्छ। यस रसभित्र देखा पर्ने रससामग्रीहरूमध्ये स्थायी भावका रूपमा उत्साह, विभावमध्ये आलम्बनमा वीर लडाकु, शत्रु आदि, उद्दीपनमा शत्रुको चुनौती, युद्धभूमि, विभिन्न किसिमका हातहतियार आदि, अनुभावमा हात पाखुरा सुर्कनु, गर्वयुक्त आवाज निकाल्नु, दाह्रा किट्नु, मुट्ठी कस्तु आदि र व्यभिचारी भावमा आवेग, उन्माद, गर्व आदि पर्दछन् । जस्तै;

छप्काई शत्रुलाई छपछप खुकुरी धार मेरो कुँडिन्न
गर्दा घम्सान पर्दा पछितिर मुहुडा हेर हाम्रो मुडिन्न
नेपाली वीर, तातो रगत छ, कहिल्यै शक्ति गल्दैन राम्रो
आफ्नै सत्मा उठेको ध्वजपट कहिल्यै हेर ढल्दैन हाम्रो । (माधव घिमिरे

१.१.५ रौद्र रस

आफ्नो अस्तित्वमा आघात एवं गम्भीर चोट पुऱ्याएका अवस्थामा रौद्ररस उत्पन्न हुने गर्दछ। कसैले आफुलाई अपमान गर्दा र आफ्नो जनधनमा क्षति पुऱ्याउँदाका अवस्थामा मानवीय मनमा एक प्रकारको प्रतिशोधात्मक एवं उत्तेजनामूलक भाव निस्कन्छ, त्यसलाई नै रौद्र रस मान्न सकिन्छ। यस रसभित्र

देखा पर्ने रसका अवयवहरूमा स्थायीभावका रूपमा क्रोध, विभावमध्ये आलम्वनमा पक्षप्रतिपक्षका वादी-प्रतिवादी पात्रहरू, उद्दीपनमा विरोधीद्वारा गरिएको अनिष्ट कार्य, हस्तक्षेप, अपमानपूर्ण व्यवहार आदि, अनुभावमा हात पाखुरा सुर्कनु, अनुहार रातोपिरो वनाउनु, ठूलो आवजमा कराउनु, दाँत किटकिटाउनु आदि र व्यभिचारी भावमा गर्व, उन्माद, उग्रता, अमर्ष आदि पर्दछन्। जस्तै;

गड्क्यो रावणको पटापट महाहङ्कार-हुङ्कारको
जोडा राघवको चटाचट धनुष्टङ्कार ठङ्कारको
अन्धाधुन्ध कबन्ध-ताण्डव खुल्यो ढाकी रण प्राङ्गण
हेर्थे मुण्डहरू उछिट्टिई हुँदै वाणाग्रका कङ्कण ॥ (सोमनाथ सिग्देल)

१.१.६ भयानक रस

कुनै पनि डर लाग्दो चीज, घटना एवं प्राणी देख्दा र डर लाग्दा वस्तुका वारेमा पढ्दा र सुन्दा मानवीय अन्तर्मनमा उत्पन्न हुने एक किसिमको त्रासपूर्ण मनोविकारलाई भयानक रस मान्न सकिन्छ। यस रसभित्र देखा पर्ने रससामग्रीहरूमा स्थायी भावका रूपमा भय (डर), विभावमध्ये आलम्वनमा डर उत्पन्न गराउने पात्र वा वस्तु आदि, उद्दीपनमा डर उत्पन्न गराउने पात्र वा वस्तुको क्रियाकलाप वा चेष्टा आदि, अनुभावमा थर्थर काम्नु, चिच्याएर कराउनु, एक्कासी कहालिनु आदि र व्यभिचारी भावमा सन्त्रास, शङ्का, आवेग आदि पर्दछन्।

जस्तै; रागेपाटे अतिशय ठूलो लौन नि बाघ आयो
झम्ट्यो गाई थरथर भएँ होश मेरो हरायो
कामे गोडा ढुकढुक मुटु ठाउँ नै छेड्न लाग्यो
भागौं हामी घरतिर छिटै साहिँलो फुत्त भाग्यो। (मेदिनीनाथ शर्मा)

१.१.७ अद्भुत रस

कुनै असामान्य अलौकिक किसिमका पात्र वा वस्तु आदि देख्दा, पढ्दा वा सुन्दा मानवीय मनमा उत्पन्न हुने एक किसिमको आश्चर्यलाई अद्भुत रस मान्न सकिन्छ। यस रसभित्र देखा पर्ने रसका अवयवहरूमा स्थायीभावका रूपमा विस्मय (आश्चर्य), विभावमध्ये आलम्वनमा आश्चर्यजनक विचित्र किसिमका पात्र वा वस्तु आदि, उद्दीपनमा आश्चर्यजनक विचित्र किसिमका पात्र वा वस्तुको रूपरङ्ग, अनुभवमा जिब्रो टोक्नु, वाल्ल पर्नु, औंला टोक्नु आदि र व्यभिचारी भावमा शङ्का, विर्तक, आवेग, स्वप्न आदि पर्दछन्।

जस्तै;

सुधाको त्यो झार्ना, कवि हुन गए सीकार सरी
थियो त्यो शोभाको जलधि, कविजी मञ्जु लहरी
मिठो त्यो मिश्रीको रस मधुर मिश्री कवि थिए
अहा ! कस्तोकस्तो अगम छविमा तन्मय भए। (लेखनाथ पौड्याल)

१.१.८ बीभत्स रस

कुनै घिन लाग्दो वस्तु, पात्र वा दृश्य आदि देख्दा, पढ्दा र सुन्दा मानवीय मनमा उत्पन्न हुने एक किसिमको घृणालाई बीभत्स रस मान्न सकिन्छ। यस रसका लागि आवश्यक पर्ने रससामग्रीहरूमा स्थायीभावअन्तर्गत जुगुप्सा (घृणा), विभावमध्ये आलम्बनमा घिन लाग्दो वस्तु, पात्र, व्यक्ति, जनावर, रगत,, सडेको मासु, डङडङि गन्हाउने वस्तु आदि, उद्दीपनमा घिन लाग्दो वस्तु वा चिज आदिमा स्याउँस्याउँती कीरा परेर दुर्गन्धित हुनु आदि, अनुभावमा नाँक थुन्नु, थुःथु गर्नु, आँखा चिम्लनु, छिःछि गर्नु आदि र व्यभचारी भावमा ग्लानि, चिन्ता र व्याधि आदि पर्दछन्। जस्तै;

अहो ! फ्याक्क थियो थाप्लो छित्रिएको थियो गिदी
पत्रपत्र थियो छाती, प्याक्कप्याक्क थियो मुख। (मोदनाथ प्रश्रित)

१.१.९ शान्त रस

सांसारिक भोग वासना, भौतिक सुख सुविधा मानसम्मानलाई समेत पूर्ण रूपमा त्यागेर आध्यात्मिक आनन्दतर्फ उन्मुख हुँदा मानवीय मनमा उत्पन्न हुने एक किसिमको विरक्तिलाई शान्त रस मान्न सकिन्छ। यस रसका लागि आवश्यक पर्ने सामग्रीहरूका रूपमा स्थायीभावमा शर्म (भित्री शान्ति), विभावमध्ये आलम्बनमा भौतिक सुख सुविधाप्रति वैराग्य उत्पन्न भएको पात्र वा व्यक्ति आदि, उद्दीपनमा तीर्थयात्रामा लाग्नु, स्थिर किसिमको सोचविचारमा लाग्नु, विरक्ति हुनु आदि, व्यभिचारी भावमा स्मृति, आलस्य, औत्सुक्य र जडता आदि पर्दछन्। जस्तै;

अति सुन्दर मानव-जीवन यो
अझ सुन्दर पार्नु कसो गरि हो ?
गरि काव्य-सुधा-रस-पान अरे
गर मानव-जीवन सार्थक रे। (धरणीधर कोइराला)

१.२ काव्य वा साहित्यमा रसको स्थान

काव्य वा साहित्य स्वयं पूर्ण बन्न सक्तैन। त्यसलाई आकर्षक सशक्त बनाउन कुनै साधन अपरिहार्य ठानिन्छ। पूर्वीर्य काव्य चिन्तनभित्र विभिन्न सम्प्रदायको आफ्नै किसिमको पहिचान र महत्त्व रहेको कुरा नकान मिल्दैन। पूर्वीय काव्य परम्परामा अलङ्कार, ध्वनि, रीति, गुण, वक्रोक्ति, औचित्य आदि सम्प्रदायको आफ्नै किसिमको मूल्य र मान्यता रहिआएको कुरा सर्वमान्य छ। काव्य साहित्यमा यी विविध सम्प्रदायको अस्तित्व एवं महत्त्व गौण रूपमा स्विकार्दा पनि हुने अवस्था सर्वविदित छ तर काव्यलाई अर्थपूर्ण वा चमत्कारपूर्ण एवम् स्वादिलो पार्न रस पहिलो अनिवार्य सामग्रीका रूपमा देखिन्छ र काव्यिक मर्मलाई स्वादिलो, खँदिलो, वोधगम्य एवं प्रभावपूर्ण बनाउन रसको उपयोगिता देखिन्छ। भाषाशैलीलाई

चमत्कारपूर्ण एवं पाठकको अन्तर्मनलाई स्पर्श गर्न रसको सामर्थ्य देखिन्छ। बौद्धिक विनियोजन गर्ने क्षमताको एउटा सशक्त माध्यमका रूपमा रसको भूमिका र महत्त्व देखिन्छ। त्यसैले काव्य साहित्यमा रसको स्थान विशिष्ट अपरिहार्य एवं सर्वमान्य रूमा देखिन्छ।

१.३ निष्कर्ष

रस काव्य वा साहित्यको मुख्य तत्त्व वा आत्मा हो। काव्यिक मर्मलाई खुलस्त पार्न रस अपरिहार्य साधनका रूपमा देखिन्छ। पूर्वीय काव्यमा जति रसको चिन्तन भएको छ त्यति चिन्तन पाश्चात्य साहित्यमा पनि भएको पाइँदैन। आधुनिक मनोविज्ञानले समेत रसको अस्तित्व र उपयोगितालाई स्विकारेको अवस्था देखिन्छ। उपनिषद्ले ब्रह्मलाई पनि रसमय स्विकारेको देखिन्छ भने साहित्यिक आनन्दको उत्कृष्ट लक्ष्य नै रस हो भन्ने मान्यतालाई आत्मसात् गरेको अवस्था विद्यमान छ। काव्य साहित्यका अनुरागीहरूले पनि 'सर्व रसमयं जगत्' भन्ने कुरालाई उल्लेखनीय स्थान दिएको पाइन्छ। पूर्वीय काव्य चिन्तनमा देखा परेका विभिन्न सम्प्रदायहरूमध्येको उत्कृष्ट सम्प्रदायका रूपमा रससम्प्रदाय देखिन्छ।

सन्दर्भग्रन्थ सूची

अधिकारी, हेमाङ्गराज, पूर्वीय समालोचना सिद्धान्त, काठमाडौँ : साझा प्रकाशन, २०३१।

उपाध्याय, केशवप्रसाद पूर्वीय साहित्य सिद्धान्त, ललितपुर :साझा प्रकाशन २०४८।

थापा, मोहन हिमांशु, साहित्य परिचय, ललितपुर : साझा प्रकाशन २०३६।

दाहाल घनश्याम र लावण्य ढुङ्गाना, खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य काठमाडौँ: भुँडीपुराण प्रकाशन, २०५७।

न्यौपाने, टङ्कप्रसाद, साहित्यको रूपरेखा, ललितपुर : साझा प्रकाशन, २०२९।

भरतमुनि, नाट्यशास्त्रम्, साहित्य भूषण, केदारनाथ(सम्पा.), दिल्ली: भारतीय विद्या प्रकाशन, सन् १९८३।

भट्टराई, गोविन्दप्रसाद, भरतको नाट्यशास्त्र, काठमाडौँ: ने.रा.प्र.प्र., २०३९।

मम्मट, काव्यप्रकाश, व्याख्या, सिंह, सत्यब्रत, वनारस: चौखम्वा विद्या भवन, सन् १९५५।

विश्वनाथ, साहित्यदर्पण, व्याख्या, सिंह, सत्यब्रत, षष्ठ संस्करण, वाराणसी: चौखम्वा विद्याभवन, सन् १९८२।

वेदान्त दर्शनमा ब्रह्मवाद

चेतमणि न्यौपाने
सहायक प्राध्यापक

अनादि परम्पराबाट सिद्ध अर्थात् कुनै पुरुषले रचना नगरेको अपौरूषेय[१] शब्दराशि वेद हो, जसका ऋक्, यजु, साम र अथर्व धर्म छन्। धर्मको भेदले धार्मिमा पनि भेद भएको मानेर ४ भागमा विभक्त भएको वेद वास्तवमा एकमात्र[२] हो। एकमात्र हुँदाहुँदै पनि प्रयोग र आवश्यकतानुसार एउटै मन्त्रमा पनि फरकफरक धर्मको आधान हुन्छ। तसर्थ धर्मको भेदले वेद फरक भएको मानिन्छ, जस्तो कि एउटै मन्त्रमा ऋक्त्व धर्म चढेको वेलामा त्यो मन्त्र ऋक् हुन्छ। यजुष्टव धर्म चढेमा यजु हुन्छ त्यसै गरी सामत्व धर्म चढेमा साम र अथर्वत्वको आधान भएमा अथर्व कहिन्छ। तसर्थ ऋक् यजु तथा साममा आपसमा मन्त्र एउटै हुनु स्वाभाविक हो। कालक्रमले आयु क्षीण भएका असमर्थ[३] व्यक्तिहरूका लागि वेदगत धर्मको विभाजन हुनु जरुरी थियो। त्यसैले वेदगत धर्मको विभाजन महर्षि वेदव्यासले गरे। यसरी धर्मको विभाजन हुनुपूर्व एउटै मन्त्रमा ऋक्त्व, यजुष्टव, सामत्वको आधान हुने गरेको थियो। यसप्रकारको अनादि गुरुशिष्य परम्पराद्वारा सुरक्षित वेदको धर्म विभाजनपछि आवश्यकतानुसार र तत्तद् धर्मसहितको मन्त्रको प्रयोग हुँदै आएको र शिष्यप्रशिष्यहरूको भेदका कारण शाखाभेद भएको देखिन्छ।

मूलत: कर्मको स्वरूप, निमित्त र फल प्रतिपादनमा विभेद जस्तो देखिए तापनि फलत विविध कर्महरूको तात्पर्यमा[४] एकता अर्थात् संसारको आत्यान्तिक निवृत्तिमा कर्मको माध्यमबाट ब्रह्मज्ञान र ब्रह्मज्ञानपछि अध्यात्म विधाको सारभूत तथा जीवात्माहरूको अत्यन्त इप्सित परम पुरुषार्थ मोक्ष प्राप्त हुनुमा[५] तात्पर्य रहेको छ भन्ने कुरो वेदाध्ययनमा दत्तचित्त भएर सामान्य तात्पर्यसम्म बुझ्ने चेष्टा भएकाले राम्रैसँग बुझ्न सक्छन्। इत्यादि प्रसङ्गबाट वर्तमान अवस्थामा ऋक्, यजु, साम, अथर्वमध्ये कुनै एक वेदको अध्येताले वेदगत एक धर्मको मात्र अध्ययन गरेको प्रस्ट हुन्छ। अत: वैदिक यज्ञमा चारै वेदका अध्येता ऋत्विक्हरू तथा आचार्यको

---

[१] तस्माद्यज्ञात्सर्वहुत त्तच्च: सामानि जज्ञिरे।
ब्रह्म स्वयंभू - वाचा विरूप नित्यया-तै.सं. २/६/११ श्रुतीनामीश्वराजन्म केवलं श्रुतिपु श्रुतम्।

[२] चातुहोत्रं कमं शुद्धं प्रजानां वीक्ष्य वैदिकम्।
व्यदधाद्यज्ञसन्तत्यै वेदमेकं चतुर्विधम्॥ श्रीमदभागवत १/४/१९

[३] दुर्भगांश्च जनान् वीक्ष्य मुनिर्दिन्येन चक्षुषा।
सर्ववर्णाश्रमाणां यद्दध्यौहितममोघदृक्॥ श्रीमदभागवत १/४/१८

[४] सर्वं कर्माखिलंपार्थ ज्ञाने परि समाप्यते। श्रीमगवदीता ४/३३

[५] ब्रह्मविदाप्तोति परम्। तैत्तिरीयोपनिषद् २/१

आवश्यकता वेदगत धर्मका कारणले हो। यसप्रकार कर्ममा विनियोग हुँदा धर्महरू फरकफरक र छुट्टछुट्टै प्रयोग हुने तर समग्रमा धर्मिको अंशमा तात्पर्यचाहिँ एउटै हुने यस्तो विलक्षण चिन्तनको प्रवर्तक दर्शनको खानी वेदमा छ।[1] यो वर्तमान भूमण्डलमा प्राप्य धर्म र दर्शनमध्ये अन्यत्र अप्राप्य विलक्षण र सर्वतोमुखी चिन्तन हो यसको आकारग्रन्थ वेद नै हो।

शव्द दुई प्रकारको हुन्छ ध्वन्यात्मक र वर्णात्मक।[2] ध्वन्यात्मक नित्य हुन्छ भने वर्णात्मक अनित्य। शव्दराशिमा विभक्त वेदको अर्थसँग सम्वन्ध हुन्छ। यसलाई वाच्यवाचकभाव सम्वन्धवाट वुझ्नुपर्छ। यसर्थमा शव्दराशि वेद वाचक र त्यसको समन्वय हुने ध्वन्यात्मक अर्थ वाच्य हुन्छ। शव्दराशि नाशवान् हुन्छ भने ध्वन्यात्मक अर्थलाई निर्देशन गर्ने वाच्यभावमा रहेको वेद नित्य हुन्छ। यसर्थ वेदको नित्यत्व र अपौरूषेयत्व "शास्त्रयोनित्वात"[3] इत्यादि शास्त्रवाट स्पष्ट हुन्छ र हो पनि। यसप्रकारको वेदार्थको (वेद र अर्थको) सम्वन्ध भेदाभेद मानिन्छ भन्ने शव्दराशि वेदलाई चाहिँ प्रवाह[4] नित्यको रूपमा मानिन्छ।

यस्तो अपौरुषेय प्रवाह नित्य वेदमा कर्मभाग र ज्ञानभाग रहेको छ। यी दुई भागदेखि अतिरिक्त उपासना भाग पनि रहेको छ भन्नेहरू धेरै छन्। उपासनापरक मन्त्रहरूको कर्ममा र ज्ञानमा समुचित रूपमा अन्तर्भूत गरिएमा वेदको दुई भागमात्र हुन्छ भने उपासनापरक मन्त्रहरूलाई छुट्टै संज्ञा दिँदा कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड गरी तीन काण्ड वेदमा छ भन्न सकिन्छ। वेदको कर्मभागको तात्पर्य निर्धारण पूर्वमीमांसाद्वारा हुन्छ भने ज्ञानभागको तात्पर्य निर्धारण उत्तरमीमांसाले गर्दछ। यसलाई व्रह्ममीमांसा वा वेदान्त पनि भनिन्छ। कुनै पनि नीति, सिद्धान्त, कर्म वा विचारको नेतृत्व दर्शनले गर्दछ। यहाँ पनि सर्वमानव कल्याणको सन्देश दिँदै मोक्षको राजमार्गलाई प्रशस्त पार्ने व्राह्मणहरूको सर्वस्वको[5] रूपमा रहेको वेदद्वारा निर्देशित कर्मकाण्ड, संस्कार, उपासना, भक्ति, त्याग, दान लगायतका लोककल्याणकारी सामान्य तथा विशेष दुवै धर्मको नेतृत्व दर्शनले गर्दछ। त्यो हो वेदका सम्पूर्ण मन्त्रहरूको तात्पर्यले ओप्रोत र महावाक्यहरूद्वारा शव्दतः भनिएको गुरुशिष्यपरम्परामा रहेको वैदिक परम्पराका सम्पूर्ण कृत्यहरू र आत्मदर्शनरूप ज्ञानको निर्देशक वेदान्तदर्शन यसको सारांश आत्मावाद हो।[6]

---

[1] वेदान्ते परमं गुह्यं पुराकल्पे प्रचोदितम्।
नाप्रशान्ताय दातव्यं ना पुत्रायाशिष्याय वा पुनः॥ श्वेताश्वतरोपनिपद् ६/२२।

[2] शव्दो द्विविधः ध्वन्यात्मको वर्णात्मकश्च। तर्कसंग्रह-गुण निरूपण प्रसङ्गे।

[3] व्रश्मसूत्र १/१/३।

[4] अत एव च नित्यत्वम- व्रह्मसूत्र १/३/२९।

[5] वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम्। आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च॥ मनु २/६।

[6] स एवा धस्तात्सउपरिष्टात्स पश्चात् ..... छान्दोग्योपनिषद् ७/२५/१

आत्मवाद आत्मालाई केन्द्रबिन्दुमा राखेर त्यसैको सेरोफेरोमा अन्य पदार्थहरूको सञ्चालक अर्थात् आत्मसँग सम्बन्धित सिद्धान्त हो । वैदिक परम्परामा कर्मकाण्डलगायतका यावत् कृत्यहरू आत्मसँग जोडिएको हुन्छ । तसर्थ वैदिक परम्पराको मूल सिद्धान्त नै आत्मवाद हो । आत्मा पुलिङ्गी प्रयोग हो भने नपुंसक लिङ्गमा ब्रह्म हुन्छ र यसको सवैभन्दा नजीक रहने तत्त्व माया, प्रकृति वा शक्ति हुन्छन् । यीचाहिँ स्त्रीलिङ्गी प्रयोग हुन् । ब्रह्मवादको सेरोफेरोमा माया ब्रह्मविवर्त पदार्थ हो । यही मायाको भेदभित्रको अविद्यामा प्रतिबिम्वित जीवात्माहरू उपाधिका कारणले नाना[१] छन् उपाधिलाई छोडेर उपधेयलाई लिने हो भने चैतन्य[२] एक मात्र हुन्छ । माया ब्रह्मपछिको दोस्रो ठूलो शक्ति हो किनकि प्रपञ्चका प्राणीहरू मायाको वशमा छन् । मायाको वशमा भएकै कारण जीवात्माहरू जन्मान्तरमा घुमिरहन्छन्, विविध प्रकारका कर्महरू गर्छन् र फलभोग पनि विविध प्रकार भोग्छन् । यी प्राणीहरूको कर्मको र त्यसको फलको लेखाजोखा गर्ने फलानुरूपको भोगायतन शरीर दिने काम चेतनले गर्दछ भने प्रकृति त्यसको सहयोगी हो । यसैको सहयोगमा अदृष्टवत् आत्मसंयोगले भोग सम्पादन गर्दछ ।

यसै प्रसङ्गमा परलोकगामी आत्माले पनि इहलोकमा आफ्ना सन्ततिद्वारा दिइएको पिण्डपानी र त्यसको सारमा रहेको अतिशयको ग्रहण गर्दछ कसरी ? यदि आत्माको अजरत्व अमरत्व र शाश्वतताको थाहा नभएको भए शास्त्र निर्दिष्ट दशादिकिया हुने थिएन तसर्थ आत्माको अस्तित्वलाई लोकमा आस्तिकहरू सवैले स्वीकार गरेको देखिन्छ । यदि आत्माको अस्तित्वलाई स्वीकार नगर्ने हो भने मृतपुरुषमा[३] व्यभिचार हुन्छ । परलोकगामी आत्माले ऋत्विक्, विश्वेदवा[४] अर्थात् प्रकृतिमा प्रयुक्त अन्नहरूलाई माध्यम बनाएर अर्थात् शब्दका माध्यमबाट सोझै सत्त्वग्रहण गरेर अथवा यी पद्धतिमध्ये जुनसुकै प्रकारबाट पनि प्रयुक्त द्रव्यको सारतत्त्व अतिशयग्रहण गरी परलोकगामी आत्मा तृप्त हुन्छ । यहाँ भोज नगर्ने ब्राह्मणत्व विशिष्ट आत्मा र परलोकगामी आत्माका बीचमा आत्मैक्यवाद हावी भएको छ । यही वादको आधारमा विविध प्रकारका दानको अन्तमा तत् सत् न मम भन्नै वाक्य प्रयोग भएकाले आत्मवाद स्थापित छ । अर्थात् दानको अधिष्ठित वस्तु आत्मा नै हो यहाँको न ममले अहङ्कारजनित सत्वको निषेध गरेको छ तसर्थ अहंको नासोत्तर कालमा आत्माको अपरोक्षताले तत् सत् न ममले देखाउँछ । दान प्रदानका विषयमा दन उपभोग गर्ने द्वितीय पुरुष र

---

[१] अत उव चोपमा सूर्यकादिवत् ब्र.सू. ३/२/१८
[२] एकमेवाऽद्वितीयम् - छान्दोग्योपनिषद् ६/२/१
[३] शरीरस्य न चैतन्यं मृतेषु व्यभिचारत :- कारिकावली ४८
[४] प्रतानां श्रृणु पक्षीन्द्र यथा श्राद्धं तु तृत्तिदम । देवो यदपि जातोऽयं मनुष्यः कर्मयोगतः ॥ २/१०/४
तस्याऽन्नममृतं भूत्वा देवत्वेऽप्यनुयाति च ।
गान्ध भागरूपेण पशुतवे च तृणां भवेन ॥ गकदमूल २/१०/४/५.... २६ सम्म

त्यसको फलभोग गर्ने प्रथम पुरुषमा आत्मैम्यवादको अहं भूमिका रहेको छ। तसर्थ दुवै सुखी र सन्तुष्ट भई दिनचर्या साथै अध्यात्ममा सफल भएका हुन्। आत्मैक्यवादवेदको[1] चरम सिद्धान्त भएकाले एक पुरुषको वियोगमा धेरैले वियोगानुभूति र माङ्गलिक कार्यमा हर्षानुभूति व्यक्त गरी मङ्गलवाद गाउने एवम् आशीर्वाद दिने अद्वैतवादकै मूल चुरो हो।

यस विषयमा एकादशाहमा गरिने वृषोत्सर्ग र त्यसपछिको गोवंशवृद्धि १०००।- पुगेपछि उक्त उद्देश्यभूत पितृको मुक्ति हुन्छ भन्ने प्रसङ्ग मननीय छ। गोवंश वृद्धिमा भएका आनन्दहरूको संयोगबाट परमानन्दको उत्पत्ति भई त्यसका माध्यमले पितृको मुक्ति हुने यो प्रसङ्ग आत्मैक्यवादको उदाहरण हो। व्यक्तिले समाजमा स्वापकर्षवाधिक उत्कृष्टवोधक व्यापारविशेषका रूपमा प्रयोग गर्ने अभिनयमा प्रयुक्त नमन आत्मापरक हो किनकि नमलाई उल्ट्याउँदा मन वन्दछ र मनभन्दा भिन्न निर्विशेष चेतन तत्त्व छ, जो जीवात्माको चरम सिद्धान्त हो। यस संसारमा जति पनि पदार्थहरू छन् ती समष्टि हुन् भने शरीर व्यष्टि हो। जस्तो संसारमा अग्नि छ, शरीरमा पनि अग्नि छ, यसलाई शरीरमा रहँदा वैश्वानर[2] अथवा जाठराग्नि भनिन्छ यो व्यष्टि हो भने संसारको अग्नि समष्टि हो। त्यसैगरी संसारको वायु शरीरान्तर्वर्ती हुँदा प्राण अंश हो। त्यस्तै जल र पृथ्वी पनि प्रचुर मात्रामा छ। यी सवै व्यष्टि पदार्थहरू मिलेको सङ्घटनलाई शरीर भनिन्छ र त्यसको नायक आत्मा हो। यही आत्माको निगरानी र नियन्त्रणमा शरीरको परिचालन हुन्छ र लोकमा वाग्व्यवहार हुन्छ। यही आत्मामा कर्तृत्व र भोक्तृत्व रहेको वेलामा जीवात्मा कुहिन्छ भने यी दुवै धर्म नरहेमा परमात्मा वा मुक्तात्मा हुन्छ। आत्माको विवर्त हुँदा अदृष्टवत् आत्मसंयोगवश पुत्रादिको जन्म हुन्छ "आत्मा वै जायते पुत्र"[3] इत्यादि शास्त्रबाट आत्मैक्यवाद छर्लङ्ग हुन्छ। यहाँ उपलब्ध भोज्य पदार्थहरू अग्नि सोमात्मक छन्।[4] यी तत्त्वद्वयको तारतम्यले संसारका प्राणीहरूको भरणपोषण हुन्छ। यी शरीरमा अग्निप्रधान प्रंशरीर र सोम प्रधान स्त्री शरीरबाट रजवीजको संयोग संसारको कारण हो, यसको सारचाहिँ आत्मवाद हो। आत्मवादको सेरोफेरोमा आत्मज्ञानका यी विविधपक्षहरूलाई केलाउन सके परमपुरुषार्थको मूल सिद्धान्त- मनोनाश, वासनाक्षय र तत्त्वज्ञानका लागि मार्ग प्रशस्त भई पुरुषले जीवनमुक्ति प्राप्त गर्न सक्ने सम्भावना हुन्छ। मुक्ति भनेको दुःखको आत्यन्तिक निवृत्तिपूर्वक

---

[1] स आत्मा तत्त्वमसि -६। छान्दोग्योपनिषद् ६/९/४

[2] अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः।
प्राणामानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥ श्रीमद्भगवद्गीता १५/१४

[3] आत्मा वै पुत्र उत्पन्न इति वेदानुशासनम्।
तस्मादस्य भवेद् वक्ता आयुरिन्द्रियसत्ववान् ॥ श्रीमद्गागवत १०/७८/३६

[4] अग्निमसृजत तस्मादेतदुभय ..... तदु सोम ..... वृहदारण्यकोपनिषद् - १/४/६

परमानन्द प्राप्ति वा स्वस्वरूपावस्थान हो । आनन्द प्राप्तिमा विषय जनितलाई छोडेर फलांशमात्र आनन्द चाहिँ ब्रह्म हो ।[1] मुक्त पुरुष संसारमा कहिल्यै जन्म दिने ऊ परमात्मा नै बन्दछ ।[2] यसरी जीवात्मा र परमात्माको एकताबोध गराउने वेदको चरम तात्पर्यले ओतप्रोत भएको दर्शन वेदान्तमात्र हो । जीवात्मा र परमात्मा परमार्थमा एउटै हो । व्यवहार दशामा उपाधिका कारणले मात्र भेद भएको हो उपधेय चेतन तत्त्व एक मात्र छ द्वैत छँदै छैन भन्ने यस किसिमको सिद्धान्तलाई मूल धेय बनाएर प्रवाहित भएको वेदान्त दर्शनको आत्मवादको महत्ता र गरिमालाई राम्रैसँग बुझ्नु आजको आवश्यकता हो । हाम्रो दर्शनमा आघात पार्ने परचक्रीहरूको अनर्गल प्रचार र अपव्याख्यालाई तर्क, युक्ति र प्रमाणका आधारमा खण्डन गरी आफ्नो पक्षलाई स्थापन गर्न सक्ने योग्य व्यक्तिहरू खडा गरी समाजमा स्थापित गराउन सके आत्मवादको दियालोलाई सदा देदिप्यमान सूर्यजस्तै चम्काइराख्न सकिने थियो ।

सन्दर्भग्रन्थसूची

वृहदारण्यकोपनिषद्, सानुवाद शाङ्करभाष्यसहित वि.सं. २०५८ । गीताप्रेस

ईशादि नौ उपनिषद्, शाङ्करभाष्यार्थ वि.सं. २०५९ । गीताप्रेस

छान्दोग्योपनिषद्, शाङ्करभाष्यसहित वि.सं. २०५८ । गीताप्रेस

अनन्तकृष्ण शास्त्रि, ब्रह्मसूत्रशाङ्करभाष्यम्, चौखम्बाप्रेस वाराणसी वि.सं. २०३९ ।

आचार्य कौण्डित्र्यायनः, सम्पा. ब्रह्ममीमांसासूत्रम्, चौखम्बा विद्याभवन इ. २००२ ।

हरगोविन्द शास्त्री, सम्पा., मनुस्मृतिः --चौखम्वा संस्कृत संस्थान वाराणसी वि.सं. २०६० ।

त्रिपाठी, केदारनाथ, तर्कसङ्ग्रह, मोतीलाल बनारसीदास ई. १९९५ ।

राजेश्वरशास्त्रि, सम्पा., न्यायसिद्धान्तमुक्तवली, द्राविड- चौखम्वा सं संस्थान वि.सं. २०५४ ।

आचार्य, शिवराज, सम्पा., गरुडपुराणम्, चौखम्बा विद्याभवन वाराणसी इ.२००४ ।

स्वामी योगीन्द्रान्द, तत्त्वप्रदीपिका, चौखम्वा विद्याभवन वाराणसी इ.१९८५।

♣♣♣

[1] आनन्दो ब्रह्मेति व्यजानात् तैत्तिरीयोपनिषद् - २/६/१

[2] न च पुतरावर्तते - छान्दोग्योपनिषद् - ८/१५/१

गान्धीवादमा धर्मको प्रभाव

जनकराज भट्ट
उपप्राध्यापक

१.१ विषयप्रवेश

महात्मा गान्धीको जन्म २ अक्टोवर १८६९ मा भारतको गुजरातमा भएको हो। उनले बेलायतबाट कानुनमा उच्च शिक्षा प्राप्त गरे। त्यसपछि जीवनका २० वर्ष दक्षिण अफ्रिकामा वकालती पेसा गरी विताए। त्यस बेला दक्षिण अफ्रिकामा हुने गरेको रङ्गभेदको विरोध गर्न उनले सत्याग्रह जस्तो विलक्षण र शक्तिशाली अस्त्रको निर्माण गरे।[१] सन् १९१४ मा भारत फर्केपछि गान्धीको जीवनको सवैभन्दा महत्वपूर्ण अध्याय प्रारम्भ भयो। सुरुमा उनी बेलायती शासन प्रणलीका समर्थक थिए तर अनुभव बटुल्दै गएपछि उनले ब्रिटिस शासनलाई राक्षसी व्यवस्थाको संज्ञा दिए।[२] सन् १९२० पछि गान्धीले भारतबाट अङ्ग्रेज शासन हटाउने आन्दोलनको नेतृत्व प्रदान गरे। सत्य, अहिंसा, ब्रह्मचर्य, सविनय अवज्ञा जस्ता नैतिक र आध्यात्मिक बलबाट विश्वकै ठूलो शक्तिलाई परास्त गर्न सकिन्छ भन्ने कुरा गान्धीले प्रमाणित गरेर देखाइदिए। आन्दोलनसँगै उनको व्यक्तित्व चुलिएर सगरमाथाजत्तिकै सर्वोच्च स्थानमा पुग्यो भन्दा अत्युक्ति नहोला। उनलाई गुरुदेव रवीन्द्रनाथ ठाकुरले सर्वप्रथम महात्माको उपनाम दिएका हुन्।[३]

महान् व्यक्तिहरू केही विवादमा पर्नु नौलो कुरा होइन। तात्कालिक विविध घटनाले भारतका सर्वोच्च नेता गान्धीलाई पनि विवादको घेराभित्र ल्यायो। विशेष गरी भारत विभाजनको प्रमुख कारक गान्धीलाई नै मानियो। फलस्वरूप अतिवादी हिन्दु सङ्गठनका सदस्य नाथुराम गोड्सेद्वारा ३० जनवरी १९४८ मा गान्धीको हत्या भयो। केहीले गान्धीहत्यालाई उचित सावित गर्न खोजे पनि सम्पूर्ण सभ्य संसारले त्यसको भर्त्सना गरेको छ। प्रसिद्ध साहित्यकार जर्ज बर्नार्ड शाले गान्धी हत्यामाथि टिप्पणी गर्दै "असाध्यै असल र सत्यप्रेमी हुनु पनि खतरनाक छ" भन्ने विचार व्यक्त गरे।[४] विश्वविख्यात वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले "आगामी पुस्ताले गान्धी जस्तो व्यक्ति पनि यो संसारमा थियो भन्ने कुरा पत्याउन पनि गारो छ" भन्ने टिप्पणी गरे।[५] हाम्रा कविशिरोमणि लेखनाथ पौडेलले महात्मा गान्धी मरेर पनि अमर भए भन्ने विचार व्यक्त गर्दै "अमर ज्योतिको सत्य सन्देश" नामक शोक-काव्य लेखे।

अक्सफोर्ड राजनीतिक शब्दकोषले गान्धीलाई आधुनिक भारतका सवैभन्दा प्रभावकारी नेता, भारतीय राष्ट्रवादका प्रतीक र भारतका राष्ट्रपिताको रूपमा चित्रण गरेको छ।[६] गान्धीलाई कर्मयोगी र सत्यप्रेमी राजनेता (Statesman) को रूपमा लिन सकिन्छ।

१.२ गान्धीवाद के हो ?

महात्मा गान्धी पद्धतिनिर्माता (syatem builder) थिएनन्। उनी त प्रयोगात्मक राजनीतिज्ञ थिए। गान्धीले आफ्ना विचारलाई क्रमवद्ध गरेर कुनै वादको रूपमा विकास गर्ने प्रयास गरेनन्। गान्धीको भनाइ छ "गान्धीवाद नामको कुनै वस्तु छैन। म आफू पछाडि कुनै सम्प्रदाय छोड्न पनि चाहन्न। म कुनै नयाँ सिद्धान्त चलाएको दावी पनि गर्दिन। मैले केवल सत्यलाई समस्या हल गर्नेतर्फ लागू गरें।[७] यसवाट गान्धीले कुनै वादको प्रतिपादन गरेको दावी नगरे पनि उनका अनुयायीहरूले यसलाई गान्धीवादको रूपमा विकास गरे।

डा. पट्टाभि सीतारामैयाको भनाइमा गान्धीवाद सिद्धान्त, मत, नियम र आदेशको समूह नभएर जीवन शैली वा जीवन दर्शन हो। यसले नयाँ दिशातर्फ संकेत गर्दै आधुनिक समस्याहरूलाई प्राचीन पद्धतिको आधारमा समाधान गर्ने प्रयास गर्छ।[८]

१.३ धर्म र राजनीति :

धर्म र राजनीति एक आपसमा गाँसिएका वा अलग हुन भन्ने विवादको विषय छ। मध्यकाल सम्म दुवैलाई एकै ठाउँमा राखिन्थ्यो। राजनीतिक संस्थाहरू पादरीका आदेशले चल्थे। सोह्रौं शताव्दीका राजनीतिक चिन्तक म्याकियावेली (Machiavelli) ले राजनीतिलाई धर्मबाट अलग राख्ने प्रयास गरे।[९] हालसम्म पनि राजनीतिवाट धर्म अलग हुन सकेको छैन। गान्धीको भनाई छ "मैले भेटेका धेरै धार्मिक व्यक्तिहरू छद्मवेशमा राजनीतिज्ञ भएको पाएको छु। म वास्तविक राजनीतिज्ञ भएपनि हृदयतः धार्मिक व्यक्ति हुँ।[१०] गान्धीको मतमा जीवनका हरेक क्षेत्र जस्तैः वौद्धिक, आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक आदि धर्मबाट प्रेरित हुनुपर्छ। उनले आफुलाई हिन्दु मात्र नभएर वौद्ध, मुस्लिम र ईसाई सबै हुँ भनेका छन्।[11] उनले यस्तो सार्वभौमिक धर्म जस्ले सबै विशेष धर्मलाई अतिक्रमण गर्छ त्यसअन्तर्गत राजनीतिलाई राख्ने प्रयास गरेका छन्।

१.४ गान्धीवादमा धर्महरूको प्रभाव

गान्धीका चिन्तनहरू अध्यात्मवाटै प्रभावित छन्। गान्धीवाद विशेषतः निम्न धर्म, धार्मिक मत र व्यक्तिका विचारवाट प्रभावित भएको पाइन्छ :

(१) हिन्दुधर्म र गान्धीवाद : हिन्दुधर्म अत्यन्त उदार, विशाल र प्रजातान्त्रिक मानिन्छ। हिन्दुधर्मलाई विद्वान्हरूले धार्मिक मत र आध्यात्मिक विश्वासहरूको विशाल संघीय स्वरूप जस्तै मानेका छन्। गान्धीले हिन्दुधर्मलाई सङ्कीर्णतावाट माथि उठेको विकासवादी प्रक्रियाको रूपमा चित्रण गर्दछन्।[१२] म्याक्समुलरले हिन्दुधर्ममा सबै धर्महरूको स्थान छ

भन्ने विचार व्यक्त गरेका छन् ।[१३] गान्धीवाद हिन्दुधर्मबाट बढी प्रभावित छ । गान्धीले बेलायतमा सर एड्विन अर्नाल्डको गीताको अंग्रेजी अनुवाद पढेपछि त्यसबाट बढी प्रभावित भए । उनले गीतालाई आध्यात्मिक निर्देश ग्रन्थ (Spiritual reference book) मानेका छन् । उनले सत्य र अहिंसाका पाठ गीताबाटै राम्ररी सिके । उनले गीता वा त्यस्तै आफ्नो आस्थाको ग्रन्थ कण्ठ गर्नुपर्ने बताएका छन् । उनी स्वयंले गीताको १३ अध्यायसम्म कण्ठ गरेकोमा सन्तोष व्यक्त गर्दै बाँकी कण्ठ गर्न नसकेकामा पश्चात्ताप व्यक्त गरेका छन् । यस्तो आधार ग्रन्थ कण्ठ गरेर त्यसै अनुसार आचरण गर्नाले जीवनमा ठुलो सफलता प्राप्त हुने उनको मत छ ।[१४] हिन्दुका उपनिषद्, पतञ्जलिको योगसूत्र, रामायण, महाभारत जस्ता ग्रन्थबाट पनि गान्धीवाद प्रभावित छ । गान्धीले स्वराज वा स्वदेशी शासनमा जोड दिए । विदेशी वस्तुको वहिस्कारलाई आन्दोलनकै रूपमा अघि बढाए । उनका अनुयायीहरूले यसलाई 'रामराज्य' मानेका छन् ।

(२) बौद्धधर्म र गान्धीवाद : संसारमा दुःख छ, दुःखको कारण छ, दुःख निरोध हुनसक्छ र दुःख निरोधको उपाय अष्टाङ्गिक मार्ग हो भन्ने बौद्धधर्मको मुख्य उपदेश हो ।[१५] हिंसा नगर्नु, चोरी नगर्नु, मद्यपान नगर्नु, झूटो नबोल्नु र ब्रह्मचर्यमा रहनु बौद्ध धर्मका पञ्चशीलबाट गान्धी प्रभावित छन् । जातीय भेदभावको विरोध र छुवाछुत प्रथाको अन्त्य गर्ने कुराहरू गान्धीले बौद्धधर्मबाट प्रभावित भएर अंगालेका हुन् । बुद्ध र गान्धी दुवैलाई महात्मा र अहिंसाका पूजारी मान्न सकिन्छ । प्रसिद्ध गान्धीवादी लेखक प्रा. रामजी सिंहले गान्धीलाई २० औ शताब्दीका बोधिसत्व मानेका छन् ।[१६] आफ्नो जीवनकालमा ५ पटक नोवेल शान्ति पुरस्कारको लागी मनोनयनमा परेपनि गान्धीले उक्त पुरस्कार पाएनन् । यसमा नोवेल पुरस्कार छनोट समितिले कमजोरी पनि महसुस गरेको छ ।

(३) इस्लामधर्म र गान्धीवाद : अरबी भाषाको इस्लाम शब्दले अल्लाहप्रति आत्मसमर्पण भन्ने बुझिन्छ । इस्लामको पवित्र धर्मग्रन्थ कुरानले अहिंसाको पाठ सिकाएको छ ।[१७] गान्धीको विचारमा विश्वबन्धुत्वको पाठ इस्लाम धर्मले जति राम्ररी अन्य धर्मले सिकाउन सकेको छैन ।[१८]

(४) इसाई धर्म र गान्धीवाद : ईसाई धर्मग्रन्थ न्यू टेस्टामेन्ट (New Testament) र सर्मन अन द माउन्ड (Serman on the mount) बाट गान्धी निकै प्रभावित छन् ।[१९] गान्धीले ईसा मसीहालाई सत्याग्रहीहरूका राजकुमार मानेका छन् ।[२०] गान्धीको अहिंसक प्रतिरोध (Resistance) को शिक्षा इसामसीहाको भनाई "हे भगवान् ती व्यक्तिहरूलाई क्षमा गर्नुहोस् किनभने तिनीहरूले के गरिरहेका छन् भन्ने कुरा जान्दैनन्" भन्नेबाट

प्रभावित छ। बाईबलका निम्न उपदेशको प्रभाव गान्धीवादमा स्पष्ट परेको देखिन्छ।[२१]

- आफ्ना शत्रुहरूलाई पनि प्रेम गर (Love your enemies)
- तिमीलाई दुःख दिनेप्रति पनि शुभेच्छा प्रकट गर (Bless them that curse you)
- तिमीलाई घृणा गर्नेको पनि भलो गर (Do good to them who hate you)
- तिमीप्रति अत्याचार गर्ने व्यक्तिको पनि भलाईका लागि ईश्वरसंग प्रार्थना गर (Prey for them that despitefully use you and persecute you)
- तिमीलाई कसैले एक गालामा थप्पड हान्छ भने उस्को अगाडि अर्को गाला पनि थाप (If a man smite thee on one cheek turn to him the other also.)

(५) अन्य धर्म र गान्धीवाद : गान्धीले जैनधर्मबाट कडाईका साथ अहिंसाको पाठ सिके। लाओत्सेको भनाइ छ 'मेरा शुभचिन्तकका लागि म राम्रो छु तर जो मेरा शुभचिन्तक छैनन् तिनका लागि पनि म राम्रै छु।' कन्फ्युसियसको भनाइ छ- "अरूप्रति त्यस्तो व्यवहार नगर जस्तो व्यवहार तिमी अरुबाट मन पराउदैनौ।" गान्धीवादमा उक्त भनाइहरूको स्पष्ट छाप परेको छ।[२२]

(६) प्रमुख विचारकको प्रभाव र गान्धीवाद : गान्धीले जोन रस्किनको पुस्तक अनटु द लास्ट (Unto the last) बाट श्रमप्रति आदर गर्ने कुरा सिके। डेभिड थोरोबाट सविनय अवज्ञाको पाठ सिके। टल्स्टोयका विचारबाट गान्धीमा नास्तिकता हटेर गयो। त्यसैगरी भारतीय कवि, तथा सुधारक रामचन्द्रजीको नैतिकता र धार्मिक प्रवृत्तिबाट पनि गान्धीमा राम्रो छाप परेको कुरा गान्धीले आफ्नो आत्मकथामा लेखेका छन्।

१.५ उपसंहार

गान्धीवादको अध्ययन गर्दा गान्धीलाई कोरा आदर्शवादी र स्वप्नलोकीय विचारक मान्न सकिन्छ। उनले सत्यलाई सबैभन्दा बढी जोड दिएका थिए। रागद्वेषादि द्वन्द्वबाट सर्वथा मुक्ति लिएपछि मात्र सत्यको शोध गर्न सकिने उनको विचार थियो।[२३] उनले कल्पना गरेको समाजलाई व्यवहारमा उतार्न कठिन छ। उनको चिन्तन रुढीवादी जस्तो देखिए पनि उनले आफ्नो देशलाई आधुनिकतातर्फ लग्न ठुलो प्रयास गरे। उनी स्वतन्त्रता समानता र भ्रातृत्वमा आधारित आधुनिक समाज निर्माण गर्न चाहन्थे।[२४] उनलाई आदर्शवादी राजनीतिज्ञका साथै धर्मप्रवर्तक पनि मान्न सकिन्छ।

पादटिप्पणी

१) डा. वीरकेशरप्रसाद सिंह, राजतीतिशास्त्रके मूल सिद्धान्त, (पटना, ज्ञानदा प्रकाशन, सन् १९७३, पृ. ७७७।

२) डा. राममनोहर लोहिया, गान्धी र समाजवाद (समाजवाद अध्ययन केन्द्र) पृ.१।

३) wapedia.mobi/en/gandhism.

४) प्रो. रत्नकमल वैद्य, विश्वका प्रमुख वादहरू, (रत्नपुस्तक भण्डार काठमाडौं, २०३९) पृ. ११९।

५) On the demise of Mahatma, Albert Einstein paid an unusual tribute to say that "the generations to come may not believe that there walked a man like Gandhi on this very earth"
- Experiment with truth and non-violence: page 133
- Google books.com.np.

६) Ed. Iain Mclean and Alistair McMillan, The concise Oxford Dictionary of politics (Oxford University Press 2005) page 218.

७) सिंह, पूर्ववत् पृ - ७८० । Rao, Ibid. P.12.

८) सिंह, ऐजन, पृ. ७८१

९) S.C.pant, History of Western Political Thought, Prakashan Kendra, Lucknow, 2004) p.351.

१०) सिंह, पूर्ववत् पृ. ७८३

११) Gandhi Claimed that he was not only a Hindu, but also a Muslim, a Christian, and a Buddhist. Such a position would be considered absured in the semitic traditions. But Gandhi was not claiming to be a Mussalman or a Christian in the accepted sense of the term. K.L.Seshgiri Rao Mahatma Gandhi and Comperative religion (Motilal Banarasidass, Delhi 1990) p.12.

१२) Gandhi said- "Hinduism is a grand evolutionary process and not a narrow creed".
Rao, Ibid. P.12.

१३) Rao, Ibid. P.12.

१४) महात्मा गान्धी, धर्म-नीति (सस्ता साहित्य मण्डल, नयाँ दिल्ली सन् १९६२) पृ. १८१-१८२

१५) डा. राजबली सिंह, हिन्दुधर्म कोश, (उत्तर प्रदेश हिन्दी संस्थान, लखनउ, सन् २००३) पृ ४४३-४४४

१६) Eminent scholar, professor Ramjee Shng has called Mahatma Gandhi the Bodhisattra of twentieths century.
Http://en.wikipedia.org/wiki/gandhism.

१७) Islam is religion which teaches non-violence. According to the Qur'an, God does not love *fasad,* violence. (google book: The True Jihad: The concept of Peace Tolerence and Non Violence in Islam. P.44

१८) Ghandhi declares that in his views, the paoint of brotherhood is manifested in no another religion as clearly as in Islam. The reading of Koran convinced Gandhi that the basis of Islam is non-violence.
Google book, fundamentals of gandhism. P. 12.

१९) सिंह, पूर्ववत - पृ ७८२

२०) in the cross of Christ Gandhi found the supreme example of satyagraha. Christ was the prince of satyagrahis:
Google books, Neo Hindu views of Christianity-P.149.

२१) सिंह, पूर्ववत - पृ. ७८२.

२२) सिंह, ऐजन् पृ. ७८२

२३) कल्याण, सन्तवाणी अङ्क (गीताप्रेस, गोरखपुर, तेस्रो सं. २०६१) पृ. ६०६

२४) S.P. Varma, Modern Political Theory (Vikas Publishing House, New Delhi, 2006) P.385.

सन्दर्भ ग्रन्थसूची

ईशादि नौ उपनिषद्, गोरखपुर, गीताप्रेस, २०६१ ।

कल्याण : सन्तवाणी अङ्क, (ते.सं.२०६१), गोरखपुर : गीताप्रेस ।

कल्याण : हिन्दु-संस्कृति अङ्क (सातौ पुनर्मुद्रण) गोरखपुरः गीताप्रेस, २०६४ ।

गान्धी, महात्मा धर्मनीति, (दो.सं. १९६२) नयाँ दिल्ली : सस्ता साहित्य मण्डल ।

पाण्डेय, डा.राजबली, हिन्दुधर्मकोश, (ते.सं. २००३) लखनउ : उत्तर प्रदेश हिन्दी संस्थान ।

Bhardwaj K.K., **Gandhian Thought**, New Delhi: Sudha Publications (p) Ltd.

Politics, Oxford University Press.

Varma S.P. (2006) Modern Political Theory: New Delhi, Vikas Publishing House.

सिंह, वीरकेशरप्रसाद राजनीतशास्त्रके मूल सिद्धान्तः पटना ४, ज्ञानदा प्रकाशन (१९७३) ।

♣♣♣

हिन्दुत्व विचार

डा.देवमणि भट्टराई
सहप्राध्यापक

१.१ प्रस्तावना

सनातन वैदिक धर्मको अनुसरण गर्ने व्यक्तिहरूको परिचय हिन्दु धर्मालम्वीका रूपमा गरिन्छ। प्रचलित प्राचीन वाङ्मयका ग्रन्थहरूमा अनेक परिभाषा गर्न मिल्ने गरी चलनचल्तीमा रहेका शव्दकोष आदि ग्रन्थहरूमा हिन्दु शव्द यथेष्ट उपलब्ध देखिँदैन। वैदिक-सनातन धर्मकै विभिन्न व्याख्या उपव्याख्याअन्तर्गत आ-आफ्ना मान्यताअनुरूप हिन्दु शव्दको व्याख्या गरेको देखिन्छ। हिन्दु शव्दको सर्वप्रथम प्रयोग तान्त्रिकवाङ्मयमा गरिएको तथ्य शव्दकल्पद्रुमकारले यसरी व्यक्त गरेका छन् –

पश्चिमाम्नायमन्त्रास्तु प्रोक्ताः पारस्यभाषया।
अष्टोत्तरशताशीतिर्येषां संसाधनात् कलौ ॥
पञ्च खाना सप्त मौरा नव शाहा महावला :।
हिन्दुधर्मप्रलोप्तारो जायन्ते चक्रवर्त्तिन :॥
हीनं च दूषयन्त्वेव हिन्दुरित्युच्यते प्रिये ॥[1] (इति मेरुतन्त्रे ३३ प्रकाश)

उपर्युक्त श्लोकहरूबाट "पश्चिमाम्नायका मन्त्रहरू पारसी भाषामा उपदेश गरिएका थिए। ती मन्त्रहरूको साधनाबाट पाँच किसिमका खानहरू, सात किसिमका मौलवीहरू, नौ किसिमका शाहहरू अत्यन्त वलवान भई हिन्दु धर्मलाई लोप गर्ने खालका चक्रवर्ती राजा हुनेछन् भन्ने र हीनलाई दूषित मान्ने व्यक्ति नै हिन्दु भनिनेछन्" जस्ता आशय व्यक्त भएको पाइन्छ।

१.२ हिन्दुशव्द

हीनं दूषयति यस विग्रहमा हीन उपपदपूर्वक दिवादिगणको दुष् धातु (११८५) देखि पृषोदरादीनि यथोपदिष्टम् (पा.सू.६।३।१०९) यस सूत्रले डु प्रत्यय गरेर हिन्दु शव्दको निष्पत्ति कोशकारहरूले गरेका छन्। यसको अर्थ जाति विशेष अथवा धर्म विशेष भन्ने गरेको पाइन्छ।[२] हिन्दु शव्दको प्रयोग सर्वप्रथम मेरुतन्त्रको ३३ प्रकाशमा भएको जानकारी पनि शव्दकल्पद्रुमले दिएको उल्लेख माथि नै भइसकेको छ।

ॐकारमूलमन्त्राढ्य : पुनर्जन्मदृढाशय :।
गोभक्तशीलपूज्यश्च स वै हिन्दुरिति स्मृत :॥

(गोभक्तो भारतगुरुर्हिन्दुर्हीनत्वदूषक :) ॥ [३]

अपौरुषेय शास्त्र वेदको प्रस्थानविन्दु ॐकारलाई मूलमन्त्र मान्ने, पुनर्जन्ममा विश्वास राख्ने गोब्राह्मणादिपूजन सेवनमा निष्ठावान् मानव हिन्दु हो भनेर निश्चय गरिएको छ। गोभक्तशीलपूज्यश्चमा चकारले ब्राम्हण, गुरु, मातापिता, मान्यजन, दिदीबहिनी, राष्ट्र एवं आफ्नो कुल परम्पराको अनुसरण गर्ने विषयहरू लिइन्छन् र हिन्दुमा हीनत्वदूषक गुण पनि रहन्छ। हीनताबोध, सकारात्मक चिन्तन, सद्भावपूर्ण व्यवहार, दया, मैत्री, परोपकार, मानवता जस्ता अति विशिष्ट समाचरणलाई हीनत्वदूषक गुण भनिएको आशय स्पष्ट हुन्छ।

कामक्रोध, लोभ, मोह, मद, मात्सर्यजस्ता आफूभित्र रहने षड्शत्रु र यावत् दुष्कर्मबाट टाढा रहने एवं मन, वचन र कर्मले हिंसा नगर्ने र अरुलाई पनि हिंसाबाट टाढा राख्ने व्यक्तिलाई हिन्दु भनिन्छ। [४] अर्को परिभाषा प्राचीन हिन्दु विज्ञानमा यसरी गरिएको छ, "जो आफ्ना दैहिक एवं मानसिक पापहरूलाई तपस्याद्वारा विनाश गर्दछन् एवं शस्त्र -अस्त्रद्वारा शत्रुहरूलाई परास्त गर्दछन्" त्यस्तालाई हिन्दु भनिन्छ र यस्तै हिन्दु शब्दका अन्य परिभाषाहरू पनि त्यही उल्लेख गरिएका छन्।

हिनस्ति तपसा पापान् दैहिकान् दुष्टमानसान्।
हेतिभि : शत्रुवर्गाश्च स हिन्दुरभिधीयते। [५]

उपर्युक्त प्रमाणहरूबाट पुष्टि हुन आउँछ कि हिन्दु कुनै जाति, धर्म, सम्प्रदायविशेषको संज्ञा नभई सर्वजन हिताय सर्वजनसुखायमा तल्लीन रहने शब्दको वाचक हो जो हिंसा गर्दैन, ॐकारलाई मूलमन्त्र मान्दछ र आफूभित्रका कामक्रोधादि शत्रुलाई परास्त गर्दै तपस्यामा स्वकर्तव्यमा निरन्तर लागिरहन्छ त्यस्तो व्यक्ति नै 'हिन्दु' शब्दले सम्बोधित हुन्छ भन्ने तथ्य स्पष्ट हुन्छ। [६]

१.३ हिन्दुत्वको शास्त्रीय स्वरूप

"हीनं दूषयतीति हिन्दु" भन्ने यस व्युत्पत्तिअनुसार हीन भाव, दुष्कर्म, दुष्चरित्रबाट मानवमात्रलाई हटाई सकारात्मक भावना भर्दै माथि उठाउने कार्य हिन्दुत्वले गर्दछ। जुन हिन्दुपनको माध्यमबाट पतन हुन लागेका व्यक्तिलाई, खराव कार्यतिर अग्रसर व्यक्तिलाई, समाजलाई, राष्ट्रलाई एवं विश्वलाई नै कुमार्गबाट सन्मार्गतिर, ईश्वरीय शक्तितिर, भगवत्प्राप्तितिर उन्मुख गराउँछ, आकृष्ट गर्दछ त्यस्तो शक्तिलाई हिन्दुत्व भनिएको छ। बल, बुद्धि, विद्या, ऐश्वर्य आदिमा कमजोर रहेकालाई त्यसै शक्तिले उठाउनमा मद्दत गर्दछ। निकृष्ट दृष्टिले हेर्ने, हीनता बोध गर्ने, अहं भाव जस्ता गलत बाटोबाट हटाई कुशल मार्ग देखाई सदाचारवान बनाई सन्मार्गमा पुऱ्याउने काम एवं अभ्युत्त्थानको मार्ग तय गर्न हिन्दुपनले सिकाउँछ। हिन्दु जाति वा धर्म भनी आज हाम्रो व्यवहारमा भएका मात्र नभएर हिन्दुत्वका अनुयायीहरू जोकोही पनि हुन सक्दछन्। स्वामी विवेकानन्दले अमेरिकाआदि देशहरूमा गएर भाषण गर्दा वहाँका अनुयायीहरू धेरैजसो अन्य धर्मका पनि भएका

थिए। वस्तुत : उनीहरू हिन्दुधर्मका गुणका कारण हिन्दु धर्मका अनुयायी भएका हुन्। हाल पनि इतर धर्म मान्ने विभिन्न व्यक्तिहरू हिन्दु धर्मका अनुयायी हुँदैछन्।[७] हीनत्वको दूषक र गौरवको अनुभव गराउँने धर्म नै हिन्दु धर्म हो। अरुको ललाई फकाई वा कट्टरपनमा आफ्नो हिन्दुत्व रूप शालीन गुण नछोड्ने नै सच्चा हिन्दु हुन्छ र उसलाई सनातन वैदिक हिन्दु धर्मको सच्चा पुजारी मानिन्छ। त्यसैले हिन्दुत्व जाति विशेषमा मात्र नरही व्यक्तिका समस्त क्रियाकलापमा प्रस्फुटित भइरहेको हुन्छ जो व्यक्तिको निरन्तर कल्याणका साथसाथै समाजको र राष्ट्रको नै कल्याणकारी सिद्ध हुन्छ। वास्तविक हिन्दुत्व त्यो हो जो सनातन वैदिक धर्मका सच्चा अनुयायीहरूको प्रातः कालमा जागेका अवस्थादेखि शयनसम्मका कृत्यहरूको समाचरण हो। प्रातः भगवत्‌चिन्तन, शौच, स्नान, देवपूजन, स्वाध्याय, गोग्रासादि दानपूर्वक भोजन आआफ्नो पेसा व्यवसायको दृढताका साथ कार्य सम्पादन, घर गृहस्थमा व्यावहारिक वार्तालाप (छलफल, सुख दुःखको अनुभव साटासाटआदि), सायंकालीन सन्ध्यावन्दन, रात्रिभोजन, भगवद् स्मरणपूर्वक शयनजस्ता दैनिक कृत्यहरू नै वास्तविक सनातन हिन्दु धर्मका वा हिन्दुत्वका समाचरण हुन्, हिन्दु धर्मका परिचायक हुन्।[८] यी सबैको योग भगवानसँग हुन्छ। यी आचरण सम्पन्न गर्नेलाई नै सनातन वैदिक धर्मको आधिकारिक व्यक्ति मानिन्छ। यही नै सनातन हिन्दुत्वको शास्त्रीय स्वरूप मानिएको पाइन्छ।

१.४ हिन्दुको समाचरण नै हिन्दुधर्म

हिन्दु धर्म कुनै सम्प्रदाय वा जातिको धर्म नभई शिष्टहरूको आचरण हो। त्यो आचरण रागद्वेषरहित पूर्वाग्रहविहीन, कामनारहित विद्वानहरूद्वारा सेवित आचरण रहेकाले त्यसको अनुसरण गर्दा सबैको कल्याण हुन्छ। त्यो कल्याणकारी समाचारण नै धर्म हो।[९] त्यस आचरणको अनुसरण गराउने शास्त्रहरूमा वेद, धर्मशास्त्र र तदनुकुल आचरण धर्मका लक्षण हुन् भनी मनुयाज्ञवल्क्यआदि स्मृतिमा वताइएको छ।[१०] वेदःस्मृति : सदाचार : स्वस्य च प्रियमात्मन :।

एतच्चतुर्विधं प्राहु : साक्षाद्धर्मस्य लक्षणम् ॥ (मनुस्मृति)

यस्तो धर्म कुनै जाति, संप्रदाय, व्यक्ति, परिवार, स्थानविशेष वा कालविशेषको मात्र नभई सर्वजनीन सार्वकालिक हुन्छ, सदावहार हुन्छ र सवै चराचर जगत्‌लाई समानरूपले कर्तव्याकर्तव्यको बोध गराइरहेको हुन्छ। त्यसको पालन अनुसरण गर्नेले विविधरूप बुझी ग्रहण गरेका हुन्छन्। वेदस्मृति आदि ग्रन्थले प्रतिपादन गर्ने धर्म सनातन धर्म हो। सनातन धर्म विशालकाय एउटा वृक्ष हो भने यसका धेरै शाखाहरू पूर्वपश्चिम हुँदै विभिन्न धर्मका स्वरूप र नाम स्वीकार गर्दै फैलिएका पाइन्छन्। मूल वृक्षका हाँगाहरूले आफूलाई अलग सम्झिएता पनि सनातन वृक्षरूपी हिन्दुत्वका गुणहरू, मन्त्रहरू, भेषभूषाहरू भने कतै पूर्ण रूपमा त कतै आंशिक रूपमा स्वीकार गरेको देखिन्छ। मन्त्रका रूपमा उच्चारणमा ॐ मणिपद्मे हुम् - बौद्ध, इक्क ओंकार सिरी सतगुर परसादी, - सिख,

ॐ नमो अरिहंताणं नमो सिद्धाणम् - जैन, ओं इत्येकाक्षरं व्रंह्म - (गीता), इत्यादिबाट पुष्टि हुन्छ कि सबैको मूलमन्त्र ॐकारयुक्त छ।[११] केवल स्थान, उच्चारण भेदले र कालान्तरमा गएर रहनसहन खानपान उपलब्ध वस्तुको प्रयोग तथा उपयोगले मात्र फरक भएको देखिन्छ। पछि गएर धर्म शब्दका अगाडि अनेक नाम जोडिदै गए र फरक धर्म देखिए। सनातन वृक्ष वृहद् छ यसमा कुनै धर्मका विशेषताले भेट्नै सक्दैन। त्यही सनातन धर्मको यथाशास्त्रस्वरूप तथाप्रयोग हिन्दु धर्ममा भएको छ। यसरी हिन्दु धर्मको स्वतः अनुसरण भइरहेको धर्मलाई पछि हिन्दु धर्म भनियो। वैदिक सनातन धर्म र हिन्दु धर्म एक अर्काका पर्यायवाची वन्न पुगे। यही धर्म वा यसका गुणलाई लिएर सनातन वैदिक हिन्दुधर्म विश्वमा परिचित हुन पुग्यो। आंशिक शब्द व्यवहार गरी यसलाई वैदिक धर्म, सनातन धर्म, आर्य धर्म, हिन्दु धर्मका नामले पनि यो धर्मलाई अन्य मुलुकमा चिनिन थालियो।

यो सनातन सभ्यता सिन्धु, इन्दु, गङ्गा आदि नदीकिनाराको सभ्यतामा हुर्किएर विकसित भएकाले यसलाई सिन्धु नदीसँग जोडेर सिन्धु घाँटीको सभ्यता पनि भनेर चिनिन्छ। यस सभ्यताको विकास हुनुभन्दा पहिला नै सनातन हिन्दु धर्म विकसित भइसकेका तथ्य विभिन्न सभ्यताको विकासक्रमवाट पुष्टि हुन्छ। यो अवश्य हो कि सिन्धु, गङ्गा आदि नदीहरूको उद्गमस्थल हिमाल भएकाले त्यहाँ वसोवास गर्नेहरूको सभ्यता सनातन वैदिक धर्मको पूर्ण प्रयोग थियो त्यसैले सभ्यताको विकासक्रम पत्ता लगाउँदा सिन्धु नदीसँग जोडेर सिन्धु-हिन्दु भन्दै हिन्दु भएको भनिन्छ। तर, त्यो पत्ता लगाउनुभन्दा पहिलेदेखिको जो आचरण, व्यवहार, रीतिथिति सबै सनातन हिन्दु धर्मको सच्चास्वरूप थियो भन्ने पुष्टि हुन्छ। हिमालयदेखि इन्दु सरोवरसम्मको देशलाई सनातन धर्मको पालकस्थान हिन्दुस्थान भनिन्छ भन्ने कुरा प्राचीन हिन्दु विज्ञानबाट प्रष्ट हुन आउँछ।[१२] त्यो सिन्धु नदीका किनारमा सनातन वैदिक धर्मका अनुयायीहरू ऋषि सन्तति भएका र उनीहरूको समाचरण नै सनातन वैदिक हिन्दु धर्मको आचरण रहेकाले त्यो सभ्यता त्यहाँको रहन सहन आदि सबै सनातन धर्मका आचरणहरू भएको प्रष्ट हुन्छ।

अतः भन्न सकिन्छ कि सिन्धु सभ्यता आज चिनिने नेपाल, भारत, पाकिस्तान, बङ्गालादेश, भुटान आदि देशका हिमश्रृङ्खला तलपट्टिका अर्थात् पहिलेको भारतवर्ष हो त्यही भारतवर्ष हिमालयको काखमा ऋषिमुनिहरूद्वारा सेवित वेदादिशास्त्रसम्मत धर्म नै सनातन वैदिक हिन्दु धर्म हो। यही सभ्यता पछि गएर अन्यत्र हिन्दु धर्मले परिचित हुन पुग्यो।

हिमालय नजिकको दक्षिणपट्टिको वसोवास, आचरण एक संस्कृति वन्न पुग्यो। अपौरुषेय वेदका अनुयायी ऋषिमहर्षिहरूको तपस्याबाट निःसृत ज्ञानराशिको परिपाकवाट परिस्कृत सेवित त्यो सभ्यता हो। यस प्रकारको सभ्यताको विकास हिमनदीहरूका कलकल स्वरमा र हिमश्रृङ्खला समीपमा मात्र सम्भव छ किनकि हिमालय ऋषिमहर्षिहरूको तपस्थली हो। आज पनि हिमालय तपस्थलीकै रूपमा परिचित छ। त्यहाँको आचरण व्यवहार ऋषिमुनिसम्मत रहन्छ। यसप्रकारको

सनातन हिन्दु धर्म वेदादि अपौरुषेय शास्त्रसम्मत भएकाले नै यस हिन्दु धर्मको अनादित्व सिद्ध हुन्छ। वेद, धर्मशास्त्र आदि यसका मूल ग्रन्थहरू हुन् भने वेदविहित विधिनिषेध वाक्यहरूको अनुसरण गर्ने, आचरण गर्ने हिन्दुहरू हुन्। सनातन धर्मका श्रुतिस्मृति शास्त्रहरू प्राणीमात्रका कल्याणका मार्ग प्रशस्त गर्ने, आनन्दमा पुऱ्याउने र अरुलाई वाधा अड्चन नगरी सर्वजनीन कल्याणकारी वाटो देखाउने शास्त्र हुन्। श्रुति स्मृति सदाचारआदि पूर्व पूर्व बलवान् मानिन्छन्। वेदजस्तो प्राचीन र शाश्वत ज्ञानको भण्डार भएको ग्रन्थ संसारको अरु कुनै पनि धर्ममा छैन श्रुति र स्मृति हिन्दु धर्मदर्शनका आधारस्तम्भ हुन् यसको अनुसरण हिन्दु सभ्यता संस्कृतिको पालन हो। यस धर्ममा अरूप्रति इर्ष्या, द्वेषआदि नकारात्मक भावना नभई सबैको उन्नति, सवैको भलाइ र विश्वकल्याणका लागि सकारात्मक भावनाहरू रहेको एवं अनादि अपौरुषेय वेदस्मृति धर्मशास्त्रआदि ग्रन्थहरूको सम्मति प्रदान शास्त्रीय मर्यादा कायम रहेको पाइन्छ।[१३]

हिन्दु शब्द अहिंसा वाचक शब्द पनि भएकाले वेद धर्मशास्त्रविहित पशुवलिबाहेक अन्य हिंसा यसले सहदैन। अहिंसक समाजको निर्माण गर्नमा हिन्दु धर्मले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ। हिन्दु, जैन, वौद्ध, सिख आदि अनेकौं धर्महरू छन् जहाँ हिंसाको, हीनताको प्रश्रय छैन र यिनीहरू वेदध्वनिद्वारा आफूलाई आनन्दित मान्दछन्। वेदध्वनिद्वारा जीवलाई शिवमा परिणत गरी स्वर्ग मोक्ष प्राप्त गराउने क्षमता यस धर्ममा मात्र छ। यिनै हिन्दु धर्ममा धर्म संस्कार, संस्कृति कर्मकाण्डआदि कार्यहरूमा वेदादिशास्त्रोक्त मन्त्रद्वारा कृत्यहरू सम्पादन गरिन्छन्। अन्यत्र यस्तो शास्त्रीय परम्परा नभएकाले यिनै कुरालाई आत्मसात गरी हिन्दुत्वका भेषभूषा, मन्त्रतन्त्रका पछिपछि अन्य धर्मीहरू लाग्दछन्। यसै हिन्दु धर्मका मन्त्रहरू जप गर्न चाहन्छन् र जपिरहेका हुन्छन्। तिलक चन्दन हिन्दुअनुसार नै लगाएको सिको गरेको देखिन्छ। गायत्री आदि मन्त्रहरूमा शक्ति रहेको कुरालाई बुझी ब्रह्मगायत्री जप गरेको, धोती पाटा फेरेर हिंडेको देखिन्छ। वस्तुतः उनीहरूको बुझाइ फरक हो। सनातन हिन्दु धर्म विशाल भएर नै सबै प्रकारका मानवलाई सनातन हिन्दु धर्ममा स्थान रहेको छ। प्रायश्चित्तादि शुद्धिप्रकारको अनुसरण र त्यसको मर्यादापालन भने अवश्य सवैले गर्नुपर्दछ।[१४] त्यो हिन्दु मर्यादा आचरणको अनुसरण गर्न सकियो भने हिन्दुत्व स्वतः आउने कुरा हो।

हिन्दुत्व प्राप्त गर्न हिन्दुधर्ममा रहेका कर्तव्याकर्तव्यका ज्ञानले सवैलाई सन्मार्गमा हिंडाउनका साथै समता, शान्ति, दया, मैत्रीजस्ता मानवीय गुणहरूको अभिवृद्धि गर्दै कर्तव्यपरायण मानव निर्माण गर्दछ। विश्वका चराचर सवैको सुख, निरोग, सुदृष्टि, दुःखरहित समाजको कामना हिन्दुले प्रतिदिन गर्दछन्। सबैको कल्याणमा आफूलाई समर्पण गर्नु हिन्दु धर्मावलम्वीहरूको विशेषता हो।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया :
सर्वे भद्राणि पश्यन्तु या कश्चित् दुःखभाक् भवेत्॥[१५]

यसरी सर्वजनीन कल्याणको उद्घोष हिन्दुधर्मले गरेको छ। अतः विश्वका मानव समुदायले आफ्नो र अरु सबैको ऐहिक पारलौकिक कल्याणका लागि तथा आध्यात्मिक उन्नतिका लागि हिन्दुत्वको अनुसरण गर्नु सर्वथा उपयुक्त देखिन्छ।

उद्धरण

१. शब्दकल्पद्रुमः, हिन्दु शब्द, भाग ५, पृ. ५३७। २. वाचस्पत्यम् भाग ६, पृ.५४२७
३. 'क्यों' उत्तरार्द्ध पृ.७१
४. कामक्रोधादिषड्वर्गान् हन्तुं यश्चेष्टते सदा।
हिंसया दूयते सोकयं हिन्दुरित्यभिधीयते । हिन्दुस्मृति।
५. प्राचीन हिन्दु विज्ञान पृष्ठ ३८। ६. क) ऐजन
ख) 'क्यों' उत्तरार्द्ध पृ. ६१-६३, ६८, ७०।
७. जुलिया रोवर्ट, हलिउडकी प्रसिद्ध अभिनेत्री हुन्। उनीद्वारा हिन्दु धर्म स्वीकार गरेको समाचार २०६७।०४।२३ गतेको समाचारमा कान्तिपुर टिभीद्वारा प्रस्तुत।
८. आह्निकसूत्रावलि : पृ. १४,१११। ९.मनुस्मृति अध्याय २-१।
१०. क) मनुस्मृति अध्याय २-१२ ।ख) याज्ञवल्क्यस्मृति : आचाराध्याय : श्लोक ७।
११. 'क्यों' उत्तरार्द्ध पृ. ७२-७६।
१२. प्राचीन हिन्दु विज्ञान पृष्ठ ३७। हिमालयं समारभ्य यावदिन्दुसरोवरम्।
तं देवनिर्मितं देशं हिन्दुस्थानं प्रचक्षते ॥ वार्हस्पत्यशास्त्रको वचन।
१३. क) हिन्दुधर्म, शीर्षक-हिन्दुधर्म की सार्वभौमिकता पृ. १-२५।
ख) धर्मशास्त्रको इतिहास भाग - ३ पृ. ८ (प्राक्कथन) पृ. ४-५।
१४. प्रायश्चित्तमयूख : पृ. १८१, प्रायश्चित्त सम्वन्धी विभिन्न धर्मग्रन्थहरू।
१५. भविष्यपुराणम् ३/२/३५/१४ गाण्डीवम् संस्कृतप्रगतिविशेषाङ्क, ३, पृ. १४७।

सन्दर्भ ग्रन्थहरू

राधाकान्तदेव वहादुर, शब्दकल्पद्रुम : १९८७ पु.मु नाग प्रकाशक दिल्ली।
माधवाचार्य, क्यों उत्तरार्द्ध २०५३ (अष्टम) माधवपुस्तकालय दिल्ली।
काशीनाथ न्यौपाने, (डा.) हिन्दुस्मृति : प्राचीन हिन्दु विज्ञान अप्रकाशित डा. स्वामी प्रपन्नाचार्य २०३९ प्रेम राई, धरान नेपाल।
नारायण शर्मा, आह्निक सूत्रावलि :२००६ पु.मु.चौखम्वा विद्या भवन, वाराणसी।
मनुमहर्षि, मनुस्मृति, १९९० पु.मु.मोतीलाल वनारसीदास, वाराणसी।
याज्ञवल्क्य, याज्ञवल्क्यस्मृति : १९४९ निर्णयसागर प्रेस बम्बई।
पाण्डुरङ्ग वामन काणे, धर्मशास्त्र का इतिहास, १९८० (तृतीय) उ.प्र. हिन्दी संस्थान, लखनउ।
नीलकण्ठभट्ट, भगवन्तभाष्कर, (प्रा. मयूखः) : १९८६ चौखम्वा संस्कृत प्रतिष्ठान, दिल्ली।
गाण्डीवम् साप्ताहिकं चन्द्रकान्ता रायादि १९९७ सं.सं. वि.वि वाराणसी।

♣♣♣

नेपाली उखानमा जातीय आरोप

देवी नेपाल
उपप्राध्यापक

युगौंयुगदेखि मौखिक परम्पराका रूपमा एउटा पुस्तादेखि अर्का पुस्तामा हस्तान्तरित हुँदै आएका र व्यक्तिविशेषकै रचना भए पनि सामूहिक सम्पत्ति मानिएका अनि अलिखित रहेरै पनि लोकजीवनमा अजरअमर बनेर रहेका रचनाहरूलाई लोकसाहित्य भनिन्छ। (पराजुली : २०४७) लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक जस्तै उखान पनि लोकसाहित्यको एउटा महत्त्वपूर्ण विधा मानिन्छ। लोकसाहित्यको एउटा अङ्ग भएर पनि आफ्नो छुट्टै र विशिष्ट चिनारी बोकेको जनजिब्रोको अभिन्न साथी नै उखान हो। संस्कृतको 'उपाख्यान' शब्दबाट बनेको उखानलाई अङ्ग्रेजीमा 'प्रोभर्व', उर्दूमा 'जर्बुल मिस्ल', हिन्दीमा 'कहावत', संस्कृतमा 'लोकोक्ति', गुजरातीमा 'उखाणु', राजस्थानीमा 'ओखाणो', गढवालीमा 'पखाण', थारूमा 'वटकही', नेवारीमा 'छुनाखँ', भोजपुरीमा 'कहानी', मैथिलीमा 'कहवी' र मलयमा 'उम्पमान' भनिन्छ।(शर्मा, २०५७) नेपालीमा उखानका पर्यायवाची शब्दका रूपमा आहान, उक्ति, लोकोक्ति, कहावत, लौकिक न्याय, प्राज्ञोक्ति, प्रहेलिका, खिसा र आइनाजस्ता शब्दहरू प्रयोगमा आएका देखिन्छन्।

अतिसङ्क्षिप्त तर अर्थगौरवपूर्ण तार्किक र व्यञ्जनार्थप्रधान तीक्ष्ण अभिव्यक्ति नै उखान हो। उखानको उत्पत्ति लोकजीवनमा भएको हो। लिखितरूपमा भन्दा बढी मौखिक परम्परामा जीवित हुँदै आएको उखानले नछोएको क्षेत्र काहीँ पनि छैन। विद्वान्हरूले उखानलाई रूपात्मक र विषयात्मक गरी दुईवर्गमा विभाजन गरेका छन्। रूपात्मक वर्गीकरणमा शब्दशक्तिमूलक, संरचनामूलक र रसमूलक गरी तीन उपवर्गमा विभाजन गरेका छन् भने विषयात्मक वर्गीकरणअन्तर्गत कथागत, नीतिगत, उपदेशगत, दृष्टिकोणमूलक, पौराणिक, ऐतिहासिक, सामाजिक, मानसिक पक्षसम्वन्धी र विविध विषयसँगसम्वन्धी उखानहरूको स्थाननिर्धारण गरेका छन्। उपर्युक्त भेद र उपभेद गरी सयौं वर्गमा उखानहरूको वर्गीकरण गरिएको भए पनि 'जातीयता आरोपित उखान' भनेर नामकरण गरिएको कतै पनि पाइँदैन।

भनिन्छ, उखानहरू ईश्वरीय वाणी हुन्, संसारका सम्पूर्ण सद्भावनाहरू उखानमा निहित हुन्छन्, उखानहरू ज्ञानका मार्ग हुन्, प्रत्येक उखान सत्य हुन्छ अथवा उखानहरू कहिल्यै भूठो बोल्दैनन्। तर, जुन लोकजीवनमा उखानको उत्पत्ति र विकास भयो, त्यही लोकजीवनमा आपसी विभेद र विद्वेष उत्पन्न गराउने

उखानहरू पनि प्रशस्त पाइन्छन् । जुन लोकले 'पोडे र चमार' भन्दै कसम खाने गऱ्यो, त्यही लोकले खेम गुरुङ्गले 'पोडे होला चमार होला, तिम्रै माया लाग्छ' भनी गीत गाउँदा विरोध गऱ्यो । विरोध हुनु पनि स्वाभाविक हो । पुराना कुराहरू जति सबै क्षम्य हुन्छन् भन्ने होइन । हरेक क्षेत्रमा परिवर्तनको आवश्यकता छ भने लोकजीवनमा परापूर्वकालदेखि चल्दै आएका सामाजिक विभेद उत्पन्न गराउने मानवताविरोधी उखानहरूको चाहिँ किन संरक्षण गरिरहने ? यो कुरा वर्तमानको अत्यन्त खोजीको विषय हो ।

उखानमा सामूहिक भावना र सरल अभिव्यक्त हुन्छ । सहजता, सजीवता, लोकप्रियता र प्रवाहमयताजस्ता विशेषताहरू उखानमा पाइए पनि कतिपय उखानहरू एउटा वर्गले अर्का वर्गप्रति पोखिएका आक्रोशका रूपमा मात्र पनि सीमित रहेका छन् । यस्ताखाले उखानले मानवता, मित्रता र विश्वबन्धुत्वको भावना जागृत गराउनुको सट्टा सांस्कृतिक विचलन, जातीय विखण्डन र मानवीय विद्वेष उत्पन्न गराउने काममात्र गर्दछन् । नेपाली लोकजीवनमा जीवित बहुसङ्ख्यक उखानहरू ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र भनी विभाजनको रेखा कोरिएका विभिन्न थरका विरोधमा प्रयोग भएका छन् । यी उखानहरूले ठूलो जात र सानो जात भन्ने सोचलाई, एउटाले अर्काको विरोध गर्ने प्रवृत्तिलाई, छुवाछूतको प्रथालाई र जातीयताका नारामा मानवताको अवहेलना गर्ने कुसंस्कारलाई झन् बल पुऱ्याइरहेका छन् । यस्ताखाले केही प्रचलित नेपाली उखानहरूको विश्लेषणात्मक चर्चा गर्नु यस लेखको उद्देश्य हो ।

बाहुनलाई आरोप

वाहुनहरू ठूला जाति मानिन्छन् । वेद, पुराण आदिका तर्क दिएर आफूलाई ठूला घोषित गर्ने प्रवृत्तिले गर्दा यिनीहरू ठूला भएका हुन सक्छन् । परापूर्व कालदेखि आफू ठूलो भएको अभिमानमा अन्य जातिलाई होच्याउने प्रवृत्तिको फलस्वरूप बाहुनविरोधी उखानहरूको जन्म भएको हुन सक्छ तर वर्तमान परिवेशमा भने यस्ताखाले उखानहरूले केवल आपसी ईर्ष्या पैदा गराउने काममात्र गरेका छन् । यहाँ केही तत्सम्वन्धी उखानहरू उदाहरणका रूपमा प्रस्तुत गरिएका छन् ।

- बाहुनको चित्त माखाको पित्त- बाहुनको चित्त अत्यन्त सानो हुन्छ भन्ने यस उखानको आशय हो । यस उखानमा बाहुनलाई अत्यन्त सङ्कुचित, अनुदार, सहिष्णुतारहित र पिन्चे स्वभाव भएको जातका रूपमा चित्रण गरिएको छ ।
- क्षेत्री-बाहुनको जात कोखामा दाँत- क्षेत्री-बाहुनहरू धोकेवाज हुन्छन् भन्ने यस उखानको आशय हो । यसले क्षेत्री र बाहुन दुवैलाई एकै ठाउँमा समेटेर यिनीहरू बाहिर राम्रा र भलादमी देखिए पनि भित्र अत्यन्त भयानक र घातक हुन्छन् भन्ने विरोधी स्वरलाई अगाडि सारेको छ ।

- वाहुनका राँडी हरे रामराम, केलादी घाटमा भुँडी ड्यामड्याम- वाहुनी विधवाहरू वाहिर एकखाले देखिन्छन् भने भित्र अर्कै चरित्रका पाइन्छन् भन्ने भाव यस उखानले वोकेको छ। वाहिर धार्मिक रूप देखाएर भित्र कलङ्क वोक्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको भए पनि यसले सम्पूर्ण ब्राह्मण जातिका विधवा नारीहरूको चरित्रमाथि ठूलो आरोप लगाएको छ।
- जहाँ केरा, उहीँ वाहुनको डेरा/ जहाँ गुलियो, उहीँ वाहुन भुलियो- यी दुवै उखानहरू एकैखाले छन्। यिनीहरूले वाहुनको गुलियो खाने प्रवृत्तिप्रति सङ्केत गर्दै गुलियो भनेपछि वाहुनले अरू सवै कुरा विर्सन्छ भन्ने आरोप पनि लगाएका छन्।
- वाहुनले च्याउ खाओस् न स्वाद पाओस्- अनुभव नगरेका कुराका वारेमा केही थाहा हुँदैन भन्ने यस उखानको आशय हो तर यहाँ वाहुनको उल्लेख गर्नुपर्ने आवश्यकता छैन। खानेकुरा कसैको पेवा हुँदैन, खाद्यवस्तुको वर्गीकरण जातीयताका आधारमा गर्नु वर्तमानमा सान्दर्भिक देखिँदैन।
- अघाएको वाहुनलाई फुरौलो तितो- जुनसुकै वस्तुको पनि आवश्यकता रहुन्जेलमात्र महत्त्व हुन्छ भन्ने कुरा यस उखानले सङ्केत गरेको छ तर पनि जुनसुकै मानवको स्वभावगत एकताको सन्दर्भलाई वाहुनसँग मात्र जोडेर सीमित गर्नु न्यायोचित देखिँदैन।
- अघाएको वाहुन र भोको क्षेत्री चलाइनसक्नु हुन्छ- यस उखानको क्षेत्री र वाहुनलाई आरोप लगाउनुवाहेक अर्को कुनै महत्त्व देखिँदैन। त्यसमा पनि केवल विरोधका लागि विरोधमात्र देखिन्छ।
- कलिका बाहुन वेदपुराण बेच्न जाऊन्- यस उखानले समयअनुसार वाहुनको स्वभावमा पनि परिवर्तन आएको सङ्केत गरेको छ। यसले कलियुगमा आएर बाहुनहरू पतित हुँदै गएको र आफ्नो धर्म, संस्कृति र परम्परा भुल्दै गएको आरोप पनि लगाएको छ।
- कसाईको कुकुर र भान्से वाहुन कहिल्यै दुब्लाउँदैनन्- यहाँ भान्से बाहुनलाई कसाईको कुकुरसँग तुलना गरिएको छ। यहाँ कुकुरको चोरेर खाने, फ्याँकेका हाडखोडहरू जथाभावी खाने प्रवृत्तिसँग भान्से बाहुनलाई तुलना गरेर ऊ पनि चोरेर खान्छ वा उब्रिएको जूठो पनि खान्छ अनि मोटाउँछ भन्नेजस्तो निकृष्ट आरोप लगाइएको छ।
- बाहुनलाई पाटो नदिनु, नेवारलाई बाटो नदिनु- यस उखानमा चाहिँ बाहुन र नेवार दुवैको संयुक्तरूपमा अपमान गरिएको छ। बाहुन र नेवार दुवै खराब हुन्। यिनीहरू सहयोग गर्न वा नजिकमा ल्याउन योग्य जात होइनन् भन्ने आरोप यस उखानले लगाएको छ।

- बाहुन काठा लपलपे, सुँगुरको मासु चपचपे- यस उखानले बाहुनको लपलपे स्वभावले गर्दा सुँगुरको मासु खान थालेको आरोप लगाएको छ र यसको भाषामा गालीसिबाय अरू केही पाइँदैन ।
- बाहुन काठा लोरी गा, सुँगुरको मासु चोरी खा, जनै लाउँछन् डोरीका, चोक्टा लुच्छन् छोरीका- यो उखान बाहुनविरोधी अभिव्यक्तिको उत्कर्ष हो । अनुप्रासले भाषालाई सजाउन खोजिएको भए पनि यो गालीको चरम अभिव्यक्ति हो ।

क्षेत्री र कुमाइँलाई आरोप

जातीय विभाजनमा क्षेत्री र कुमाइँ बाहुनपछिका ठूला जाति मानिन्छन् । कतिपय उखानहरूले क्षेत्रीलाई पनि वाहुनसँगै चित्रण गरेका छन् भने कतिपयले अलग राखेका छन् । यसरी नै कतिपयले क्षेत्रीका पनि निश्चित थरलाई किटान गरेका छन् भने कतिपयले क्षेत्री शब्दमा नै सबैलाई समेटेका छन् । यसैगरी कुमाईंलाई आरोप लगाइएका उखानहरू पनि प्रशस्त छन् ।

- बिग्रेको ठकुरी, सप्रेको खस, त्यसका छेउमा बस्दै नबस्- यस उखानले ठकुरी र खसको अपमान गरेको छ । जातीयताका दृष्टिले त दुवै क्षेत्री नै हुन् तापनि यहाँ भिन्नजस्तो देखाएर आर्थिक वा पदीय आँखाले हेरेर स्वार्थी अभिव्यक्ति दिइएको छ ।
- एउटा कुमाइँले सयजना अलमल्याउँछ- यस उखानले एकातिर कुमाइँको क्षमता र चतुरताको प्रशंसा गरेजस्तो लाग्छ भने अर्कातिर उनीहरूको धूर्तताप्रतिको आरोप पनि प्रत्यक्षरूपमा पाउन सकिन्छ ।
- खाँटी कुमाइँले पिसाब फेर्दा दुबो पनि मर्छ- दुबो हत्तपत्त नमर्ने वनस्पति हो । त्यो पनि कुमाइँले पिसाव फेर्दा मर्छ भन्नुको तात्पर्य यिनीहरू अत्यन्त रूखा हुन्छन् भन्ने हो । यसले सम्पूर्ण कुमाइँहरूको ठाडो अपमान गरेको छ ।

नेवारलाई आरोप

क्षेत्री-वाहुनको जस्तै नेवारको विरोध गरिएका उखानहरू पनि नेपाली लोकजीवनमा प्रशस्त पाइन्छन् । यस्ताखाले उखानहरूले कतै नेवारको वाहिरी चरित्रलाई खोतलेका छन् भने कतै आन्तरिक चरित्रहत्या गर्ने काम गरेका छन् ।

- नेवार इष्ट र बाबु दुष्ट कहिल्यै हुँदैन- यस उखानले नेवार जातिको घोर अपमान गरेको छ । वाबु दुष्ट नभएजस्तै नेवार पनि इष्ट हुँदैन भन्नुको तात्पर्य नेवार कहिल्यै आफन्त हुन सक्दैन, त्यससँग खालि शत्रुताको मात्र व्यवहार गर्नुपर्छ भन्ने हो । यसले जातीय एकतामाथि कुठाराघात गरेको छ ।
- नेवार बिग्रियो भोजले, क्षेत्री बिग्रियो मोजले- यस उखानले नेवार र क्षेत्री दुवैको प्रवृत्ति निर्धारण गरेको छ । यी दुवै जाति देखावटीमा केन्द्रित छन् र

खानपिन र मोजमस्तीमा नै आफ्नो स्तर घटाइरहेका छन् भन्ने आरोप पनि यसले लगाएको छ ।

- नेवार बिग्रेको र फर्सी कुहेको थाहा हुँदैन- यस उखानमा नेवारको विग्रिने प्रवृत्तिलाई फर्सीको कुहिने प्रक्रियासँग तुलना गरिएको छ । यी दुवै कार्य भित्रभित्रै हुन्छन् र काम नलाग्ने भएपछि मात्र थाहा हुन्छ भन्ने कुरा यहाँ देखाइएको छ ।

मगर, भोटे, गुरुङ र थारूलाई आरोप

जनसङ्ख्याका हिसावले हेर्दा किराँत वा मङ्गोल र थारूजातिको सङ्ख्या पनि नेपालमा कम छैन । तर, जातीय विभेदका कारण यी जातिहरू पनि उच्च पङ्क्तिमा पुग्न सेकका छैनन् । यिनीहरूले पनि लोकप्रचलित उखानले लगाएका विविध आरोपहरूको पीडा भने भोग्नुपरिरहेकै छ । उपर्युक्त जातिहरूप्रति आरोपित उखानहरूलाई पनि यहाँ क्रमशः प्रस्तुत गरिन्छ ।

- अर्ती भनेको घर्तीको पनि लिनुपर्छ- अर्ती जोसुकैवाट पनि लिन सकिन्छ भन्ने आशय यस उखानको भए पनि यहाँ प्रयोग भएको 'पनि' शव्दले घर्ती वा मगरजातिको घोर अपमान गरेको छ । घर्तीको पनि भन्नुको तात्पर्य घर्तीहरू अत्यन्त अशिक्षित, पाखे र गवाँर हुन् तापनि अर्तीचाहिँ लिनुपर्छ भन्ने हो । घर्ती हुनेवित्तिकै ती चाहिँ मूर्ख नै हुन्छन् भन्ने छ र? यो स्वघोषित ठूला जातिले मगरजातिप्रति लगाएको आरोप हो ।
- मगरको बुद्धि कोदाको तेल- यस उखानले पनि मगरहरू मूर्ख हुन्छन्, तिनीहरूको बुद्धि कोदाको तेल अथवा जाँड-रक्सीजस्तै हानिकारक हुन्छ भन्ने आरोप लगाएको छ । अर्का अर्थमा हेर्दा जसरी कोदाको तेल हुँदैन, त्यसरी नै मगरको पनि बुद्धि हुँदैन भन्ने अर्थ पनि यसवाट निस्किन्छ ।
- आइमाईलाई सारी, मुसलमानलाई दारी, के खोज्छेस् भोटिनी, नाम्लाको भारी- यस उखानले आइमाईका लागि सारी र मुसलमानका लागि दारीको जुन महत्त्व छ, त्यही महत्त्व भोटिनीका लागि भारीको छ भन्ने देखाएको छ । यसको अर्थ भोटिनीको काम अर्काको भारी बोक्ने मात्र हो । यस उखानले भोटेहरू अरू जातिबाट शोषित र अपमानित छन् भन्ने अथार्थता स्पष्ट पारेको छ ।
- भोटेको बुद्धि भेडासरह- यहाँ भोटेलाई भेडासँग तुलना गरिएको छ । भेडाहरू एकोहोरा हुन्छन् र भोटे पनि मैर्ख हुन्छ भन्ने यसको आशय हो । यहाँ भेडाको सुधोपन, मूर्खता, अज्ञानता र अपरिवर्तनीय स्वभावसँग भोटेलाई एकीकरण गर्नाले त्यस जातिको अपमान भएको छ ।
- जता मऱ्यो भेडा, उता सऱ्यो गुरुङ - यस उखानमा भेडा मर्नासाथ गुरुङ दगुर्ने कुराको उल्लेख भएको छ । यसको तात्पर्य गुरुङ्गको काम मरेको भेडातिर दगुर्ने मात्र हो । वर्तमान परिवेशमा यो उखान केवल गालीमात्र हो ।

- आयो माघ, थारू बाघ - यस उखानले थारूजातिले मनाउने माघी पर्वलाई सङ्केत गर्न खोजेको छ। वर्षभरि कमैया भएर एकछिन पनि हाँस्न नपाएको थारूले एकदिन मनाएको खुसियालीलाई देख्न नसक्नेहरूको रुष्ट अभिव्यक्ति हो यो उखान। एक पाइलो खुट्टा राख्ने आफ्नो जग्गा नभएका विचरा थारूहरू कसरी बाघ बन्न सक्छन् र ?
- जहाँ दारु, त्यहाँ थारू- यस उखानले पनि थारूजातिलाई रक्सीमा मात्र सीमित गरेको छ। रक्सी भनेपछि हुरुक्क हुने थारूजातिले कुनै पनि हालतमा प्रगति गर्न सक्दैन भनी निरन्तर शोषण गरिरहने मानसिक भाव यहाँ व्यक्त भएको छ।

कामी, दमाई, सार्की र धोवीलाई आरोप

कामी, दमाई, सार्की र धोवीलाई हाम्रो समाजले अछूत मानेको छ। आफूलाई उच्च घोषित गर्ने जातिहरूले विभिन्न उखानका आडमा यी जातिहरूको विरोध गरेको यत्रतत्र पाउन सकिन्छ। नेपाली समाजले बाहुनलाई सबैभन्दा उच्च जाति र कामी, दमाईलाई सबैभन्दा नीच जाति मानेको छ। तर, लोकजीवनमा प्रचलित उखानहरूमा चाहिँ सबैभन्दा वढी वाहुनको विरोध पाइन्छ भने त्यसपछि मात्र अछूत आरोपित यी जातिहरूको। 'जो होचो उसका मुखमा घोचो' भनेझैँ जसलाई नेपाली समाजले सबैभन्दा तल्लो दर्जा दिएको छ, त्यसैका विरोधमा अनेकौँ उखानहरूको प्रयोग गरेर तिनीहरूको घोर अपमान गर्न पनि त्यो समाज पछि परेको छैन। यस्ताखाले केही उदाहरणहरू निम्नलिखित उखानहरूमा पाउन सकिन्छ।

- मरेपछि डुमै राजा - यस उखानको आशय आफैं नरहेपछि जे भए पनि के मतलब ? भन्ने हो। तर, यसमा प्रयोग भएको डुमै (डुम नै) शव्दले आफू जीवित रहुन्जेलसम्म चाहिँ डुमलाई माथि उठ्न नदिने कुराको सङ्केत गरेको छ। यस उखानमा म वाँचुन्जेलचाहिँ डुमलाई शोषण गरिनै रहन्छु, मरेपछि जेसुकै होस् भनिएकाले यसले उक्त जातिको घोर अपमान गरेको छ।
- कामीको बेहुलो - राम्रो लुगा लगाउँदा पनि सुहाएन भने यस उखानको प्रयोग गर्ने चलन छ। जतिसुकै शृङ्गार गरे पनि कामीलाई सुहाउँदैन भन्ने आशय यसको हो। सबैका वेहुला समान हुन् तर यहाँ हेय भावमा 'कामीको' भनिएकाले गर्दा यस उखानमा कामीप्रति नराम्रो सोच राखिएको छ।
- राजाको काम छाडी कामीको देवाली - यस उखानमा पूर्णतः वर्गीय विभाजन पाइन्छ। जसले उच्चता र नीचताको भावलाई पूर्णरूपमा अगाडि सारेको छ। यसका अभिव्यक्तिमा जातीय अपमानको भाव सबैभन्दा अगाडि देखापर्छ।

- आफ्नो काम छाडी सार्कीको सराद्दे - यस उखानले पनि वर्गीय असमानतालाई नै प्रमुखता दिएको छ। सार्कीको सराद्दे महत्त्वहीन कार्यको उदाहरण हो र यस अभिव्यक्तिमा सार्कीप्रतिको तुच्छताको भाव पाइन्छ।
- कामी-दमाईको बोली, कहिल्यै नछुट्ने भोलि - भोलि भनेर कामबाट पन्छिने प्रवृत्ति मानवजातिको संस्कृति नै बनेको वर्तमानमा कामी-दमाईलाई मात्र आरोपित गरेर आफू चोखिने मनसाय अरू जातिले व्यक्त गरेका छन् यस उखानमा।
- कामी-दमाईलाई बोलाई नुनको खती - यस उखानले कुनै पनि काममा कामी-दमाईलाई बोलाउनु हुँदैन, तिनीहरूले केही काम दिँदैनन्, केवल नुनको क्षतिमात्र हुन्छ भन्ने अहङ्कारी भाव व्यक्त गरेको छ।
- दुलाहालाई टपरी छैन, दमाईलाई थाली - यसमा पनि विभाजनको रेखा स्पष्ट देखिन्छ। दमाईचाहिँ तुच्छ जात हो, यसलाई थालीमा खाने कुरा दिनु हुँदैन भन्ने भाव यस उखानले व्यक्त गरेको छ।
- राम्री सर्किनीभन्दा नराम्री बाहुनी बेस- यसले व्यक्तिको सुन्दरता र योग्यताको निर्धारण पनि जातका आधारमा गरेको छ। बाहुन भएपछि जस्तोसुकै भए पनि त्यो उत्तम नै ठहर्छ भन्ने यसको आशय हो।
- कामी, धोवी र दर्जी, तीनै जात अलगर्जी- यसले त झन् कामी, धोवी र दर्जी काम नलाग्ने जात हुन् भनेर किटान नै गरेको छ।

धेरै जातमाथि शृङ्खलित आरोप

कतिपय उखानहरू आनुप्रासिक संयोजनका लागि मात्र निर्माण गरिएका छन्। एउटै झट्कामा धेरै जातको विरोध गरिएका उखानहरू पनि प्रशस्त पाइन्छन्।

- कुइरे बाहुन, कैले खस, जुँगे मगर, रस न बस- यस उखानमा प्राकृतिक स्वाभाविकतामा पनि जातीय आरोप छ। व्यक्ति कुइरो हुनु, कैलो हुनु र जुँगे हुनु उसको रहर होइन, प्रकृतिको स्वाभाविक देन हो तर यसलाई आधार बनाएर यस उखानले जातीय विरोधको स्वरलाई अघि सारेको छ।
- कुमाईंको घुमाइ, जैसीको जाल, नेवारको लेखाइ, लिम्बूको काल- यस उखानले पनि व्यक्तिको कार्य वा स्वभावसँग जातीयतालाई समावेश गरेको छ।
- गुरुङलाई वन नदिनु, क्षेत्रीलाई मन नदिनु, ठकुरीलाई धन नदिनु- यहाँ पनि वन, मन र धनको अनुप्रास मिलाउनका लागि गुरुङ, क्षेत्री र ठकुरीको अपमान गरिएको छ। यी तीनै जात धोकेवाज हुन्छन् भन्ने आरोप यस उखानले लगाएको छ।

निष्कर्ष

उखानहरू भाषाका गहना हुन्, लोकजीवनका प्रतिविम्ब हुन् र भूत, भविष्य र वर्तमान तीनै कालका जीवन्त अभिव्यक्ति हुन् । उखानमा काव्यात्मकता पाइन्छ, तार्किकता र बौद्धिकता पाइन्छ अनि सरल र सहज अभिव्यक्तिभित्र जीवनको मूर्तरूप पाइन्छ । उखान मौखिक सिर्जना हो, पुर्खाद्वारा हस्तान्तरित सम्पत्ति हो र अजम्वरी सांस्कृतिक धरोहर पनि हो तापनि समय, समाज र मानवचेतनाको विकाससँगै कतिपय सोचमा पनि परिवर्तनको आवश्यकता पर्छ । परम्परा हो भन्दैमा जुन कुराले मानवीय मूल्य, मान्यता, आस्था, विश्वास र भावनामा कुठाराघात गरिरहेको हुन्छ, त्यसको संरक्षण गर्नै पर्छ भन्ने छैन । माथि चर्चा गरिएका सम्पूर्ण उखानहरूले जातीय विभेद उत्पन्न गराउनमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । यतिमात्र नभएर *ताक परे तिवारी नत्र गोतामे, सुनारको सय चोट, लोहारको एक चोट, जोगीका घरमा सन्यासी पाहुना, धोबीको कुकुर घरको न घाटको, माझीको मतो गर्दा सात गाउँ डुबे, दखौंला नि पाँडेको दीर्घायु, अरूले देखेको दमाई-कामीले सुनेको, खेल खेलाडीको पैसा मारवाडीको, कहाँ इन्दिरा गान्धी कहाँ खड्किनी बूढी, अनुहार न दनुवार पाण्डव सुनुवार, अघाएकी डुमिनी फोक्साले गुहु पुस्छे, आफ्नो कामका लागि कामीको पाउ मोल्नु, कामी खाँदैन घिनले, सार्की खाँदैन रिसले, कामी ठस्सा दमाई स्वाङ, सार्की लड्यो तीन बल्ड्याङ्ग*जस्ता उखानहरूमा पनि प्रत्यक्षरूपमा जातीय आरोपको गन्ध पाइन्छ । यसरी नै अन्य कतिपय उखानहरूले कतै रहनसहनलाई आधार बनाएर, कतै व्यवसायलाई आधार बनाएर र कतै शारीरिक वनोटलाई आधार वनाएर मानवताको विरोध गरेका छन् ।

निष्कर्षमा भन्नुपर्दा उखानहरूले भाषालाई सरस र आलङ्कारिक वनाउनमा मद्दत पुऱ्याएकै भए पनि कतिपय जातमाथि आरोप लगाउने तथा मानवताविरोधी उखानहरूलाई भने काव्यमा, औपचारिक बोलीमा र लेखरचनाहरूमा प्रयोग गर्दाचाहिँ धेरै सचेतता अपनाउनुपर्छ, जसले जातीय एवम् सांस्कृतिक विखण्डन सिर्जना नगरोस् । यस कुरामा लोकसाहित्यका अध्येताहरूले पनि गहिरिएर सोच्ने वेला आएको छ । अब भने उखानको वर्गीकरण गर्दा 'जातीयता आरोपित उखान' भनेर यस्ताखाले उखानहरूको छुट्टै स्थान निर्धारण गरिदिनुपर्छ र क्रमशः तिनीहरूको प्रयोगमा कमी ल्याउँदै गएर अन्त्यमा तिनीहरूलाई लोकजीवनवाट हटाउनुपर्छ ।

सन्दर्भ सामग्रीहरू

१. गिरी, जीवेन्द्रदेव, लोकसाहित्यको अवलोकन, काठमाडौं : एकता प्रकाशन, २०५७ ।

२. पराजुली, कृष्णप्रसाद, नेपाली उखान गाउँखाने कथा, (दो.सं.), काठमाडौं : रत्न पुस्तक भण्डार, २०४७ ।

३. शर्मा, झमकप्रसाद, (सम्पा.), नेपाली अङ्ग्रेजी उखानकोश, श्रीमती इन्दिरा शर्मा, २०५७ ।

वाक्य र वाक्यार्थ

ध्रुवप्रसाद ज्ञवाली
सहप्राध्यापक

१. विषयप्रवेश

समग्र भाषिक व्यवहार वाक्यका रूपमा परिचालित छन्। अर्थहीन वर्णहरूको विशिष्ट संघटनले अर्थवान् शब्दहरूको निर्माण गर्दछ तर सार्थक हुँदाहुँदै पनि सबै शब्दमा स्वतन्त्र प्रयोगको क्षमता रहँदैन। तिनीहरूमा प्रयोग हुने योग्यता त्यति वेला आउँदछ जब उनीहरूमा विभक्ति वा प्रत्ययको योग भएर पदका रूपमा व्युत्पन्न भई कुनै वाक्यको अङ्गका रूपमा जोडिन पुग्दछन्। प्रातिपदिक वा धातु अर्थवान् त हुन्छन् तर तिनीहरू मूलरूपमा भाषामा प्रयोग हुन पाउँदैनन्। यदि भाषिक व्यवहारको सार्थकता निश्चित विचार सम्प्रेषण या आदन-प्रदानलाई मान्ने हो भने त्यो उद्देश्य पुरा गर्ने भाषाको न्यूनतम मूल एकाइ वाक्यलाई नै मान्नुपर्ने हुन्छ। जसवाट कुनै एउटा विचारखण्ड आफ्नो पूर्णताका साथ व्यक्त हुन सक्दछ। वाक्य र वाक्यार्थको स्वरूपका सम्वन्धमा अनेक प्रकारका मतहरू प्रकट भएका देखिन्छन्। केही चिन्तकहरूले वाक्यलाई पदहरूको समूह मानेका छन् र वाक्यार्थ पृथक्-पृथक् पदार्थहरूको योगलाई मान्दछन्। यसको ठीक उल्टो वैयाकरणहरू वाक्यस्फोटको स्वतन्त्र र अखण्ड सत्ता मानेर वाक्य र वाक्यार्थलाई पद-पदार्थको योग मान्ने पक्षको खण्डन गर्दछन्। पौरस्त्य भाषा वैज्ञानिकहरूले उक्त दुई पक्षलाई प्रकारान्तरले अभिहितान्वयवाद र अन्विताभिधानवादका रूपमा परिभाषित गरेका छन्।

२.वाक्यका सम्बन्धमा महाभाष्यकारका विभिन्न लक्षण

'प्रविश, पिण्डीम्' जस्तो एक पदात्मक वाक्यको लघुतम रूपको निर्धारण हुनसक्दछ तर त्यसको दीर्घतमरूप कस्तो हुनसक्दछ भन्ने कुराको निरूपण गर्नु असम्भवप्राय छ। बाणभट्टको कादम्बरी ग्रन्थमा दीर्घाकार वाक्य देखिए तापनि तिनीहरूको इयत्ता निर्धारण गर्ने आधार केही छैन। वार्तिककार कात्यायन र भाष्यकार पतञ्जलिले प्राचीन आचार्यहरूका विभिन्न मत सङ्ग्रह गर्दै महाभाष्यमा वाक्यका चार लक्षण वताएका छन् -

२.१ आख्यातं साव्ययकारकविशेषणं वाक्यम् - क्रियापदका साथमा अव्यय, कारक र विशेषणमध्ये कुनै एउटाको प्रयोगयुक्त वाक्य हुन्छ। जस्तै- उच्चैः पठति। यो एउटा वाक्य हो, यसमा क्रिया र अव्यय पदको प्रयोग भएको छ। ओदनं पचति। यो अर्को वाक्य हो, यसमा क्रियासँग कारकीय पदको प्रयोग भएको छ। ओदनं मृदु

पचति । यो तेस्रो वाक्य हो, यसमा क्रिया कारकका साथमा विशेषणको पनि प्रयोग भएको छ ।

२.२ सक्रियाविशेषणं च वाक्यम् - यस लक्षणमा क्रियाविशेषणलाई थप गर्नुपर्दछ भन्ने अर्को मत छ । जस्तै- सुष्ठु पचति । यो एउटा क्रियाविशेषणयुक्त वाक्य हो ।

२.३ आख्यातं सविशेषणं वाक्यम् - विशेषणले युक्त क्रिया वाक्य हो । माथि क्रियासँग अव्यय, कारक र विशेषण तथा क्रियाविशेषणको योगलाई वाक्य भनिएको छ । ती सबै तत्त्वहरू विशेषणभित्र समेटिने हुँदा यो लक्षण वाक्यको स्वरूप निर्धारण गर्न पर्याप्त छ भन्ने धेरैको मान्यता रहेको छ । यहाँ कारक आदिलाई क्रियाका विशेषणका रूपमा परिभाषित गर्न खोजिएको देखिन्छ । त्यो कसरी र किन भन्ने सम्वन्धमा सानो चर्चा गर्नु उपर्युक्त हुनेछ । भावप्रधानमाख्यातं सत्त्वप्रधानानि नामानि निरुक्तको यो यास्कवचन र सर्वं वाक्यं क्रियया परिसमाप्यते' यो वैयाकरणहरूको मान्यता अनुरूप शाव्दबोधमा व्यापार (क्रिया नै) मुख्य विशेष्यका रूपमा स्थापित हुनेहुँदा वाक्यका अन्य सबै पदार्थहरू क्रियाका विशेषण बनेर अन्वित हुने गर्दछन् । जस्तै- पाचक ओदनं पचति = पाचकाभिन्नैककर्तृक-ओदनकर्मको वर्तमानकालिकः पाकानुकूलो व्यापारः । यो शाब्दबोधको आकारमा पूर्वका सबै पदार्थहरू व्यापारका विशेषण बनेर उपस्थित भएका छन् । तर व्यापार कसैको विशेषण बनेको छैन ।

२.४ एकतिङ् वाक्यम् - एउटा क्रियायुक्त पदसमुच्चय वाक्य हो । वाक्यको यो लक्षणलाई उदाहरणमा समन्वय गर्ने क्रममा आएका ब्रूहि ब्रूहि; पचति भवति; पश्य मृगो धावति जस्ता वाक्यहरूलाई ध्यानमा राखेर उक्त लक्षणमा परिष्कार गरेको पनि पाइन्छ । कैयटले 'एकः'शब्दको सदृश अर्थ मानेर सदृशार्थक तिङन्तको स्वरूपलाई एकः=सदृशार्थकः तिङ् यत्र तद् वाक्यम् यस्तो बहुब्रीहि समास गरेर त्यसलाई वाक्य बताएका छन । भूषणसारमा कौण्डभट्ट भने पश्य मृगो धावति जस्ता वाक्यको अभिप्रायलाई एक वाक्यतामा समेट्ने एकतिङन्तार्थमुख्यविशेष्यकं वाक्यम् भनी उक्त लक्षणको परिष्कार गरेका छन् । अतिङन्त पददेखि पर रहेको समान (एक) वाक्यको तिङन्तपदमा अनुदात्त स्वरविधान गर्ने 'तिङतिङः' (८/१/२८) सूत्रबाट पाणिनिले पनि एउटा वाक्यमा एउटाभन्दा बढी तिङन्तपद हुन सक्ने सम्भावना देखाएका हुँदा पनि उक्त लक्षणलाई परिष्कार गर्नेहरूको मत प्रबल रहेको देखिन्छ ।

वाक्यका सम्वन्धमा अन्य केही मतहरू दिग्दर्शनका लागि मात्र भए पनि यहाँ सङ्कलन गर्नु उपयुक्त हुनेछ -

आह चैवं भाष्यकारः-तदस्मान्मन्यामहे पदान्यसत्यानि एकमभिन्नस्वभावकं वाक्यम् । तदबुधबोधनाय पदविभागः कल्पित इति । (पुण्यराज, वाक्यपदीय २/५८)

अभेदपूर्विका भेदाः कल्पिता वाक्यवादिभिः । -वाक्यपदीय २/५८)
सूत्रकारस्य भाष्यकारस्य चाखण्डपक्षोऽभिरुचितः । (पुण्यराज)
शव्दानां भेदपक्ष एवं वार्तिककारस्याभिरुचित इति ।
(पुण्यराज, वाक्यपदीय २/१०४)
मिथः साकाङ्क्षशब्दस्य व्यूहो वाक्यं चतुर्विधम् ।
सुप्तिङन्तचयो नैवमतिव्याप्त्यादिदोषतः । (शब्दशक्तिप्रकाशिका, श्लोक १३)
वाक्यं स्याद् योग्यताकाङक्षसत्तियुक्तः पदोच्चयः । (साहित्यदर्मण २/१)
सुप्तिङन्तचयो वाक्यं क्रिया वा कारकान्विता । (अमरकोश)
आख्यातशब्दः सङ्घातो जातिः सङ्घातवर्तिनी ।
एकोऽनवयवः शब्दः क्रमो बुद्धचनुसंहृतिः ॥
पदमाद्यं पदं चान्त्यं पदं साकाङ्क्षमित्यपि ।
वाक्यं प्रति मतिर्भिन्ना वहुधा न्यायवादिनाम् ॥ (वाक्यपदीय २/१-२)
अर्थैकत्वादेकं वाक्यं साकाङ्क्षं चेद् विभागः स्यात् ।
(मीमांसासूत्र २/१/४६)
एकार्थः पदसमूहो वाक्यम् । (शवरभाष्य, मीमांसासूत्र, २/१/४६)
पदसङ्घात एवाकाङ्क्षायोग्यतासन्निधिवशात् ।
परस्परसमन्वितं वाक्यम् । संसर्गश्च वाक्यार्थः ।
(पुण्यराज, वाक्यपदीय २/१५)

उपर्युक्त सङ्ग्रहमा वाक्यका सम्वन्धमा जति पनि दृष्टिकोणहरू प्रस्तुत गरिएका छन् ती सबैवाट एउटा सारांश के निस्कन्छ भने केही पदहरूको एउटा क्रमले विन्यास गर्नु मात्र वाक्य होइन । वाक्य वन्नका लागि त पदहरूको परस्पर अन्विति या सापेक्षता आवश्यक पर्दछ । प्रायः गरेर भाषाशास्त्रमा वाक्यको स्वरूप विधान गर्नका लागि पदहरूको योजनामा योग्यता, आकाङ्क्ष र आसत्ति हुनु आवश्यक मानिन्छ । उक्त तत्त्वले नै पदहरूको समूहलाई वाक्यको स्वरूप प्रदान गर्दछ र त्यसको अभावमा पदहरूको समूह वाक्य वन्न सक्दैन । जस्तै - वन्हिना सिञ्चति यहाँ आगोलाई साधन वनाएर भिजाउने काम सम्पन्न गर्न नसकिने हुँदा दुईवटा पदार्थमा परस्पर अन्वय हुने योग्यता नरहेकाले अर्थबोध हुन सक्दैन र त्यसलाई वाक्य पनि मानिँदैन भन्ने नैयायिकहरूको दृढ धारणा रहेको बुझिन्छ ।

वैयाकरणहरूले वौद्ध पदार्थ मान्ने हुँदा वाह्य सत्ता विशिष्ट पदार्थ नभए तापनि उक्त वाक्यवाट शाब्दबोध हुने मान्यता राख्दछन् ।

योग्यता अर्थसापेक्ष हुने गर्दछ। अर्थसङ्गतिको हिसावले नै पदहरूको अन्वितिपरक विचार गर्न सकिनछ। चीसो छ, भने पछि त्यहाँ पानीको अध्याहार हुन्छ किनकि पानीमा त्यो योग्यता रहन्छ। आगोको त्यहाँ प्रयोग हुँदैन। अतः यसवाट के स्पष्ट हुन्छ भने वाक्यको रूपविधानमा पदहरूको समूह वा क्रियायुक्त पदसमुच्चय मात्र पर्याप्त हुँदैन, ती प्रयुक्त पदहरूमा क्रियापदसँगको अन्विति र परस्परमा अन्वयको योग्यता रहनु पनि आवश्यक हुन्छ, जसको निर्णय अर्थगत

सङ्गतिको दृष्टिले मात्र गर्न सकिन्छ। त्यसैले पदसमूह, तिनीहरूको कुनै क्रियामा अन्विति, पदहरूको परस्परमा अन्वययोग्यता र एउटा समन्वित अर्थलाई वाक्यस्वरूपका घटकहरूका रूपमा स्वीकार गर्नु उपयुक्त देखिन्छ।

आकाङ्क्षा - पदसमूहमा परस्पर अन्वय हुने आकाङ्क्षा रहनु वाक्यविधानको आवश्यक अङ्ग मानिन्छ। मञ्जूषामा नागेश भट्टले आकाङ्क्षालाई वाक्यार्थबोधको अनिवार्य साधक मानेका छन्। आकाङ्क्षालाई स्पष्ट पार्दै उनले भनेका छन् - पदसमूहमा एउटा पदको अर्थबोध भएपछि त्यस अर्थसँग अन्वित हुने योग्य पदार्थ विषयक जिज्ञासालाई आकाङ्क्षा भनिन्छ। वस्तुतः त्यो आकाङ्क्षा प्रमातामा रहन्छ। वाक्य सुन्ने व्यक्तिको एक किसिमको मानसिक स्थिति जसमा कि एउटा पदको अर्थसँग अन्वित हुने अन्य पदार्थको जिज्ञासा उठ्दछ त्यो आकाङ्क्षाको स्वरूप हो तर पनि त्यो आफ्नो विषयभूत अर्थमा आरोपित हुन्छ। यसरी नागेशको दृष्टिमा आकाङ्क्षाको वास्तविक सत्ता प्रमातामा रहे तापनि वाक्यगत पदहरूको अर्थमा आरोपित हुने हुँदा साकाङ्क्ष पदहरूलाई वाक्यका उपादान मानिएको हो।

वाक्यसमयग्राहिका च आकाङ्क्षा। सा चैकपदार्थज्ञाने तदर्थान्वययोग्यस्यार्थस्य यज्ज्ञानं तद्विषयेच्छा। 'अस्यान्वय्यर्थः कः' इत्येवंरूपा पुरुषनिष्ठैव। तथाऽपि तस्या आकाङ्क्षाविषयेऽर्थे आरोपः एतदेव अभिधानापर्यवसानमित्युच्यते, अयमर्थोऽर्थान्तरमाकाङ्क्षते (साकाङ्क्षः) इति व्यवहारात्। पदे तु नारोपः, मानाभावात्, अर्थबोधोत्तरमेव जिज्ञासोदयाच्च। 'पदं साकाङ्क्षम्' इति तु साकाङ्क्षार्थकवोधकमित्यर्थकम्। (लघुमञ्जूषा, पृ. ४९५)

महाभाष्यकार पतञ्जलिले पनि पदबाट बोध हुने अर्थको पारस्परिक व्यपेक्षाका रूपमा आकाङ्क्षालाई यसरी परिभाषित गरेका छन् -

परस्परव्यपेक्षायां सामर्थ्यमेके इच्छन्ति। का पुनः शब्दयोर्व्यपेक्षा ? न ब्रूमः शब्दयोरिति। किं तर्हि ? अर्थयोः। इह 'राज्ञः पुरुषः' इत्युक्ते राजा पुरुषमपेक्षते, ममायमिति। पुरुषोऽपि राजानमपेक्षते- अहमस्येति। (महाभाष्यम्, ?)

शब्दशक्तिप्रकाशिका ग्रन्थका प्रणेता जगदीशले आकाङ्क्षाविवेचनको सार प्रस्तुत गर्ने क्रममा आकाङ्क्षा धातु, प्रातिपादिका र विभक्ति, प्रत्ययका बीचको आनुपूर्वी धर्म हो र जे-जस्तो शब्दबाट जे-जस्तो अर्थको बोध गराउने पारस्परिक आकाङ्क्षा रहन्छ त्यस अर्थमा प्रयुक्त ती-ती शब्दहरूको समूह वाक्य हो भनेका छन्- यादृशशब्दानां यादृशार्थविषयिताकान्वयबोधं प्रति अनुकूला परस्पराकाङ्क्षा तादृशशशब्दस्तोम एव तथाविधार्थे वाक्यम्। (शब्दशक्तिप्रकाशिका, ६४)

आसत्ति - आसत्तिको अर्थ सन्निधि हो। वाक्यमा आसत्तिको आवश्यकता मान्नेहरूको अवधारणामा परस्पर सम्वद्ध पदहरूको अव्यवहित प्रयोग भएपछि मात्र ती पदहरू वाक्यका रूपमा घटित हुन्छन्। पदहरूमा व्यवधान भएको अवस्थामा उनीहरूको अर्थबोध खण्डित हुन जान्छ र त्यस्तो व्यवच्छिन्न बोधले एक वाक्यार्थ स्वरूप धारण गर्न सक्दैन। अतः वाक्यमा प्रयोग हुने पदहरूको अव्यवहित उपस्थिति आवश्यक मानिन्छ। मोहनो गृहम् भनेर केही कालपछि गच्छति भनेको

अवस्थामा मोहनः गृहं गच्छति रूप वाक्य वन्न सक्दैन र मोहनकर्तृकगृहकर्मकवर्तमानकालिकगमनानुकूलो व्यापारः यो आकारको वाक्यार्थबोध वा शाब्दबोध पनि हुन सक्दैन भन्ने आसक्तिका पक्षधरहरूको तर्क छ। तर वैयाकरण नागेश भने आसत्तिलाई मन्दबुद्धि भएका व्यक्तिहरूका लागि मात्र आंशिक आवश्यक तत्त्व मान्दछन्। तीक्ष्ण वुद्धि भएका व्यक्तिले साकाङ्क्ष पदार्थहरूको स्वयं समन्वय गरी अर्थबोध गर्दछन् भन्ने धारणा उनले राखेका छन्। यस तर्कको पुष्टिका लागि लघुमञ्जूषामा उनी भन्दछन् - आसत्तिरपि मन्दस्याविलम्वेन शाब्दबोधे कारणम्। सा चान्वयप्रतियोगिपदार्थानां तद्बोधकपदानां चाव्यवधानेन प्राथमिकोपस्थितिरूपा काव्ये, अन्यत्र च सर्वान् प्रति प्रायेण तादृशबुद्धेरेव वक्तुरुद्देश्यत्वात्। अनासन्नस्थले योजनावाक्यान्मन्दस्य बोधेऽपि विलम्बोऽस्त्येव।

न च अस्मात्पदादयमर्थो बुद्धः इत्यनुभवो विरुध्येतेति वाच्यम्, योजनावाक्यसम्पादनद्वारा तस्यापि बोधे उपयोगेनादोषात्। अमन्दस्य तु आसत्त्यभावेऽपि पदार्थोपस्थितौ आकाङ्क्षाज्ञानवतो बोधोऽविलम्बेनैव भवति। इति न तद्बोधे तस्याः कारणत्वम्। (लघुमञ्जूषा, पृ. ५२६)

३. मीमांसकहरूको वाक्यार्थबोध विषयक चिन्तन

वाक्यार्थबोधको प्रक्रिया र स्वरूपका सम्बन्धमा वाक्यशास्त्री मीमांसकहरूले गहिरो र व्यापक चिन्तन प्रस्तुत गरेका छन्। मीमांसकहरूका दुई धारा अभिहितान्वयवाद र अन्विताभिधानवादमा वाक्यार्थबोधको सुस्पष्ट चित्र खिचिएको छ।

३.१ अभिहितान्वयवाद

कुमारिल भट्टले वाक्यार्थबोधको स्वरूपका सम्बन्धमा अभिहितान्वयवादी दृष्टिकोणको प्रवर्तन गरेका छन्। उनको धारणा छ कि वाक्यार्थको वोध पदनिष्ठ शक्तिबाट नभई विभिन्न पदहरूको अर्थमा अन्तर्निहित पारस्परिक सम्बन्धबोधक सामर्थ्यबाट हुने गर्दछ। पदहरूमा अभिधा नामक जो अर्थबोधक शक्ति रहन्छ त्यसले पदको सङ्केतित अर्थको मात्र बोध गराउँदछ। अधिभा शक्तिबाट प्राप्त हुने ती पदार्थहरू परस्पर निरपेक्ष हुने गर्दछन्। ती छुट्टाछुट्टै उपस्थित पदार्थहरूलाई एउटा सम्बन्धसूत्रमा गाँसेर एक वाक्यार्थरूपमा वुद्धिग्राह्य बनाउने तात्पर्यशक्ति पदबाट अभिहित अर्थमा अन्तर्निहित रहन्छ। यसरी कुमारिल भट्टका अनुसार कुनै पनि वाक्यमा प्रयुक्त पदहरूले पहिले आफ्नो अभिधाशक्तिद्वारा स्वतन्त्र अर्थको बोध गराउँदछन्, तदनन्तर ती पदार्थहरूले आफूमा अन्तर्निहित तात्पर्यशक्तिद्वारा पारस्परिक सम्बन्धबोध गराएर स्वयं एउटा पूर्ण वाक्यार्थबोधका रूपमा पर्यवसित हुन्छन्।

जैमिनीय सूत्रको भाष्यमा शबरस्वामीले पदको अर्थबोधक शक्तिका सम्बन्धमा आफ्नो विचार राख्दै भनेका छन् - सबै पदले आफूमा अन्तर्निहित

शक्तिद्वारा आ-आफ्नो स्वतन्त्र अर्थको बोध गराउँदछन् । अर्थबोध गराएपछि पदनिष्ठ शक्ति कृतकार्य भैसकेपछि त्यसभन्दा पछिको सम्बन्धबोध गराउने काम पदबाट सम्भव हुँदैन । पदबाट अर्थबोध भइसक्दछ पदार्थगत शक्तिद्वारा परस्पर सम्बन्धको ज्ञान भएर सिङ्गो वाक्यार्थको बोध उत्पन्न हुन्छ ।

पदानि हि स्वं स्वमर्थमभिधाय निवृत्तव्यापाराणि । अथेदानीं पदार्था अवगताः सन्तो वाक्यार्थमवगमयन्ति । जैमिनिसूत्र, शावरभाष्य, ११/२५)

कुमारिल भट्टले वाक्यार्थबोधविधिका सम्बन्धमा शबर स्वामीद्वारा प्रतिपादित उपर्युक्त सिद्धान्तका आधारमा अभिहितान्वयवादको पक्ष स्थापित गरेका छन्। उनको धारणामा वाक्यका अङ्गभूत पद र पदार्थमा परस्पर सम्बन्धको जुन ज्ञान हुन्छ त्यो शक्ति पदमा रहँदैन। संसर्ग बोध नै वाक्यार्थ बोधकोा स्वरूप हो। अतः वाक्यगत पदबोध्य पदार्थमा आकाङ्क्षा, योग्यता, आसत्ति आदिद्वारा उत्पन्न हुने परस्परको सम्बन्धविशिष्ट अर्थ नै वाक्यार्थ हो ।

३.२ अन्विताभिधानवाद

भाषिक बोधविधिको विश्लेषण गर्दै प्रभाकरले वाक्यबाट एउटा अन्वित अर्थको अभिव्यक्ति हुने सिद्धान्त स्थापित गरेका छन्। भाषा प्रयोगको उद्देश्य र विधिमा ध्यान दिने हो भने स्पष्ट हुन्छ कि समन्वित पूर्वविचारखण्डलाई सम्प्रेषण गर्नका लागि भाषाको प्रयोग गर्ने गरिन्छ। त्यस प्रयोजनका लागि निश्चित भाव व्यक्त गर्ने पदहरूलाई समन्वित गरी वाक्यका रूपमा प्रयोगमा ल्याइन्छ। वाक्यार्थलाई नै भाषिक बोधको मूल एकाइ मानेर वाक्यार्थका रूपमा अन्वित पद वा अन्वितियुक्त पदहरूले आफ्नो वाच्य अर्थ मात्र नबुझाएर पारस्परिक अन्विति या सापेक्षताको बोध पनि गराउँदछन्। पदहरू विभक्तियुक्त हुन्छन्, ती विभक्तिहरूको सार्थकता वाक्यमा ती पदहरू र पदार्थको पारस्परिक सम्वन्ध बोधमा रहेको हुन्छ। धातु र प्रातिपदिकको मात्र आफ्नो एउटा निश्चित वाच्यार्थ हुँदाहुँदै पनि विभक्ति वा प्रत्यय नजोडिकन शब्दको वाक्यमा प्रयोग नगरिने नियमले पनि पदमा वाच्यार्थका साथसाथै सम्वन्धार्थ रहन्छ भन्ने अवधारणालाई बल पुऱ्याएको देखिन्छ। वैयाकरणहरूको अखण्ड वाक्यस्फोट यसै अभिप्रायको नजिक रहेको प्रतीत हुन्छ।

वाक्यबाट एउटा सुसम्वद्ध अर्थको बोध हुने मान्यतामा कसैको विमति रहेको देखिँदैन। विमति मात्र केमा छ भने पद र पदार्थलाई भाषाको मूल एकाइ मानेर तिनलाई वाक्यार्थका रूपमा सङ्घटित गर्ने छुट्टै सम्बन्धबोधक शक्तिको कल्पना गर्ने कि वाक्य वा वाक्यार्थलाई नै भाषाको मूल एकाइ मानेर पूर्व अन्वित अर्थको वाक्यबाट अभिव्यक्ति हुने सिद्धान्त स्वीकार गर्ने ? वाक्यबाट एउटा पूर्ण अर्थको बोध हुन्छ भन्ने कुरामा वैयाकरण, नैयायिक, मीमांसक सबै एकमत छन्। तर पद-पदार्थ तथा वाक्य-वाक्यार्थका बीचमा सम्वन्धको निरूपण र भाषाको मूल एकाइका सम्बन्धमा अभिहितान्वयवादी र अन्विताभिधानवादी मीमांसकहरूका विचार फरक-फरक छन्।

४. उपसंहार

शाव्दबोधका सम्वन्धमा अर्थात् वाक्यको पूर्ण अर्थवोधका सम्वन्धमा वाक्यमा कुन पदको अर्थ प्रधान वा मुख्य हुन्छ भन्ने विषयमा वैयाकरण, नैयायिक र मीमांसकका आ-आफ्ना विशिष्ट अवधावरणाहरू रहेका छन्। नैयायिकहरूको मान्यतामा वाक्यस्थित प्रथमा विभक्त्यन्त पद अर्थ प्रधान हुन्छ अन्य पदका अर्थहरू विशेषणका रूपमा अन्वित हुन्छन्। वैयाकरणको विचारमा वाक्यमा क्रियापदको अर्थ मुख्य हुन्छ , अन्य पदार्थहरू विशेषण हुन्छन्। भावप्रधानमाख्यातम् यो यास्क वचनले वैयाकरणहरूलाई व्यापारमुख्यविशेष्यक शाव्दवोधतर्फ उन्मुख गराएको छ। फलव्यापारयोर्धातुराश्रयस्तु तिङः स्मृताः भन्ने भूषणकारको वचनले पनि फल र व्यापार रूप धात्वर्थमा फलजनकत्वेन व्यापारको प्रधानता रहने कुरा बताएको छ तर मीमांसकहरू प्रकृतिप्रत्ययौ सहार्थं ब्रूतस्तयोः प्रत्ययार्थस्यैव प्राधान्यम् भन्ने वाक्यको अनुसरण गर्दै तिङन्त पदमा धात्वर्थ फल र तिङर्थ भावना स्वीकार गर्दछन् र वाक्यमा भावना मुख्यविशेष्यक शाव्दबोध स्वीकार गर्दछन्। व्यापारो भावना सैव उत्पादना सैव च क्रिया भन्ने भूषणसारकारका भनाइवाट व्यापार र भावनाको समान अर्थ वुझिए तापनि वैयाकरणहरू व्यापार शव्दलाई र मीमांसकहरू भावना शव्दलाई प्रयोगमा ल्याउने गर्दछन्।

पद-पदार्थ र वाक्य-वाक्यार्थका सम्वन्धमा विभिन्न दर्शनहरूमा उठेका मान्यताहरूको निष्कर्षका साथै प्रतिभारूप वाक्यार्थको निरूपण गर्ने वैयाकरणसिद्धान्तलघुमञ्जूषामा प्रस्तुत नागेशको भनाइलाई उद्धृत गरी प्रस्तुत चिन्तनलाई उपसंहार गर्ने अनुमति चाहन्छु -

एवमर्थेऽपि ये वादिनां नानापक्षास्तेऽपि तत्तच्छास्त्रवासनावशात् कल्पिता एव। यथा- अभिहितान्वयः , अन्विताभिधानमिति। संसर्गो वाक्यार्थः, संसृष्टाः, पदार्थाः स इति। जातिः पदार्थो व्यक्तिवेत्यादि। अत एव 'घटः' इति प्रयुक्ते वैशेषिकोऽतिरिक्तमवयविनं बुध्यते, साङ्ख्यो गुणसमूहम्, बौद्धादिः परमाणुसमूहम्।

यद्यपि ऋषीणां दर्शनं तत्त्वविषयं भवति, तथापि तत्त्वभूतेन वस्तुना व्यवहारासम्भवाद् व्यवहारकाले तेऽपि अदृष्टतत्त्वसदृशा नानाप्रकारैव्यवहारन्तीति न तद्वचसाऽपि पदपदार्थसत्यत्वं मन्तव्यम्। त्र वाक्यार्थस्यापेक्षिकं सत्यत्वं द्रष्टव्यम्, सर्वव्याहारस्यासत्यविषयत्वात्। वाक्यार्थश्च प्रतिभामात्रविषयः। प्रतिभा च जन्मान्तरसंस्कारजपि। यथा - मधौ पिकस्य पञ्चमस्वरविरावो जन्मान्तरसंस्कारजः। अत एव 'शशश्रृङ्गमस्ति' इत्यादितोऽपिसः। प्रतिभाविषयतवाच्च 'प्रतिभा वाक्यार्थः' इति व्यवहार इत्यलम्।

सन्दर्भग्रन्थसूची

तर्कालङ्कारः, जगदी शब्दशक्तिप्रकाशिका (द्वितीयसंस्करणम्), वाराणसी : चौखम्वा संस्कृत सीरिज आफिस, वि.सं. २०२९।

पतञ्जलिः, व्याकरणमहाभाष्यम् (संशोधकः भार्गवः शास्त्री जोशी), दिल्ली : चौखम्वासंस्कृतप्रतिष्ठानम्, ई. सं. १९९१।

भट्टः, कौण्डः, वैयाकरणभूषणसारः, दर्पणव्याख्यासंवलितः, (व्याख्याता श्रीहरिवल्लभः), तथा सुवोधिनीहिन्दीव्याख्योपेतः, (व्याख्याकारः, डा. चन्द्रिकाप्रसादद्विवेदी), दिल्ली : चौखम्वासंस्कृतप्रतिष्ठानम्, ई. सं. २००१।

भट्टः, कुमारिलः, श्लोकवार्त्तिकम्, न्यायरत्नाकरव्याख्यया सनाथम्, (व्याख्याकारः र्थसारथिमिश्रः), (सम्पादक एवं परिष्कारकश्च डा. गङ्गासागररायः), वाराणसी : रत्नापव्लिकेशन, ई. सं. १९९३।

भट्टः, नागेशः, वैयाकरणसिद्धान्तलघुमञ्जूषा (संपादक आचार्यश्रीरामप्रसादः त्रिपाठी), वाराणसी : सम्पूर्णानन्दसंस्कृतविश्वविद्यालयः, ई. सं. १९९०।

भट्टः, नागेशः, वैयाकरणसिद्धान्तपरमलघुमञ्जूषा, किरणावलिसंस्कृतव्याख्योपेतहिन्द्यनुवादसहिता, (व्याख्याकारः लोकमणिदाहालः), वाराणसी : चौखम्वासुरभारतीप्रकाशनम्, ई. सं. १९९१।

भर्तृहरिः, वाक्यपदीयम् अम्वाकर्त्रीव्याख्यया च सहितम् (व्यााख्याकारः संपादकश्च, पण्डितरघुनाथः शर्मा, पद्मश्रीः), वाराणसी : सम्पूर्णानन्दसंस्कृतविश्वविद्यालयः, वि. सं. २०४५।

यास्कः, निरुक्तम्, मुम्वयी : क्षेमराज श्रीकृष्णदास, वेङ्कटेश्वर यन्त्रालय, वै. १९६८।

शवरः, मीमांसाशावरभाष्यम्, पुण्याख्यपत्तनम् : आनन्दाश्रममुद्रणालयः, ई. सं. १९२९।

‘कुमारसम्भव’को पञ्चम सर्ग र ‘मुकुन्द इन्दिरा’ : सम्बन्ध–निरूपण

ध्रुवप्रसाद भट्टराई
सहप्राध्यापक

१. विषयाधान

कुमारसम्भव महाकवि कालिदासको पहिलो महाकाव्य हो। सत्र सर्गको यस महाकाव्यको प्रारम्भदेखि आठ सर्ग कालिदासका रचना मानिन्छन्। भाषा, कल्पना र अर्थसौन्दर्यको सूक्ष्म अध्ययन गरेर विद्वान्हरूले यस्तो निष्कर्ष निकालेका छन्।[१] अर्को मतअनुसार बाँकी सर्ग पनि प्रक्षेप नभई कालिदासकै रचना हुन्।[२] अहिले प्राप्त महाकाव्य कालिदासकै रचना हो भन्ने विषयमा बहुमत छ।

नाट्यसम्राट् बालकृष्ण समद्वारा लिखित मुकुन्द इन्दिरा (१९९४) समको नाट्ययात्राको उत्कर्ष कालका रूपमा रहेको तेस्रो चरण (१९९४-२०१४) को प्रवर्तक संयोगान्त नाटक हो। यस चरणमा समको लघुतम नाट्यकृति ‘सबभन्दा छोटो नाटक’ (एकाङ्की, प्रथम प्रकाशन २०११) देखि बृहत्तम नाट्यकृति ‘प्रेमपिण्ड’ (पूर्णाङ्की, रचना २००५, प्रथम प्रकाशन २००९) को प्रकाशन भएको छ। सबभन्दा छोटो नाटक सम्भवतः विश्वकै लघुतम नाट्यरचना मानिन्छ।[३] यस चरणमा समका अन्य पूर्णाङ्की र एकाङ्की पनि लिखित एवम् प्रकाशित छन् जसले उनलाई नेपाली साहित्यमा महान् र विशिष्ट नाटककारका रूपमा स्थापित गरेका छन्।

महाकवि कालिदास र नाटककार सम काव्यव्यक्तित्व, कृतित्व र कीर्तिविस्तारका दृष्टिले एउटै श्रेणीका होइनन्। कालिदासको काव्यकला र समको नाट्यकला सन्दर्भअनुसार भिन्नभिन्न विधिबाट मूल्याङ्कित हुन सक्छन्। नेपाली साहित्य र समालोचनामा सम कालिदासबाट प्रभावित भएको प्रसङ्ग पनि कमै चर्चित छ। यही यथार्थको पृष्ठभूमिमा यहाँ कुमारसम्भवको पञ्चम सर्ग र मुकुन्द इन्दिराको सम्बन्ध निरुपण गर्न खोजिएको छ।

---

[१] कालिदास, कुमारसम्भवम्, पुनर्मुद्रित सं., (वाराणसीः चौखम्बा विद्याभवन, प्रस्तावना खण्ड, इ. २००१) पृ. ९।

[२] डा. विजयपाल सिंह, संस्कृत साहित्यका इतिहास, द्वि.सं., (दिल्लीः राजपाल, इ. २००२) पृ. ७८।

[३] डा. केशवप्रसाद उपाध्याय, नेपाली नाटक र नाटककार, (ललितपुरः साझा प्रकाशन, २०६१) पृ. २०।

२. कथ्य

कुमारसम्भव शिवजीले कामदेवलाई आफ्नैअगाडि भस्म गरिदिएपछि पार्वतीलाई आफ्नो रूप निन्दनीय लाग्छ। रूप र यौवनले मात्र शिवजी आकर्ष्य छैनन् भन्ने निश्चय भएपछि उनी कठोर तपश्चर्याका लागि ससखी गौरीशिखर जान आमा मेना (मेनका) सँग प्रस्ताव राख्छिन्। आमाले अनेक कारण देखाई तपश्चर्याबाट विमुख गराउन प्रयास गरे पनि पार्वती अभीष्टसिद्धिका लागि तपस्यामा लीन हुन्छिन्। ब्रह्मचारी वटुकको वेशधारी अन्तर्यामी शिवजी पार्वतीसँग तपस्याको कारण सोध्छन् र आफैलाई पतिका रूपमा वरण गर्न चाहेको यथार्थ बुझेपछि प्रेमको प्रतिवद्धता परीक्षण गर्ने उद्देश्यले शिवको निन्दा गर्न थाल्छन्। ब्रह्मचारी र पार्वतीबीच रोचक वादविवाद हुन्छ। सर्गान्ततिर शिवजी आफ्नो यथार्थ रूप देखाई पार्वतीलाई स्वीकार गर्छन्। पार्वती सिद्धकामा हुन्छिन्। मुकुन्द इन्दिरा पाटनको साहू रूपनारायण श्रेष्ठको छोरो मुकुन्दलाल पढ्न भनेर कलकत्ता गएपछि त्यताको रौस, रङ्ग र रमितामा भुलेर घरपरिवारलाई कुनै सन्देश पठाउँदैन। यसबाट मुकुन्दको वाबु विरामी, आमा चिन्तित र पत्नी इन्दिरा व्याकुल वन्न पुग्छन्। रूपनारायणको मित्र भवदेव उपकारको भावनाले कलकत्ता गई सुरा सुन्दरीमा तल्लीन मुकुन्दलाई भेट्छ र घर फर्किन आग्रह गर्छ। मुकुन्द एकोहोरो भइसकेकाले घर फर्किन मान्दैन। इन्दिराको पतिप्रेम र पातिव्रत्यको परीक्षा लिने सहमति भएपछि मुकुन्द भवदेवसँग नेपाल फर्किन्छ। मुकुन्दको साथी वनेको छद्मवेशी मुकुन्द नै इन्दिराले नचिन्ने गरी उसको परीक्षा लिन्छ। परीक्षामा इन्दिरा समुत्तीर्ण र मुकुन्द पराजित हुन्छन् र नाटक संयोगान्त हुन्छ। कुमारसम्भवमा अपेक्षित पतिको प्राप्ति र मुकुन्दइन्दिरामा प्राप्त पतिको पुनः प्राप्तिका लागि दुवै नायिकाको अनन्य र अविचलित निष्ठा छ। आफ्नो आस्था र समर्पणवाट दुवै नायिका परीक्षामा उत्तीर्ण भएको तथ्य कथ्यबाट पुष्ट हुन्छ।

३. नायक

कुमारसम्भवको पाँचौ सर्गका नायक ब्रह्मचारी वटुकको वेशधारी भगवान् शिवजी हुन्। तपस्विनी पार्वतीका तपोवनमा आएका ती ब्रह्मचारी बह्मचर्याश्रममा स्वयं शरीर धारण गरेर आएझैँ देखिन्छन् -

विवेश कश्चिज्जटिलस्तपोवनं शरीरबद्धः प्रथमाश्रमो यथा ॥३०॥

पार्वती अतिशय कोमलाङ्गी भएकीले तपस्या कठिन हुने ब्रह्मचारीको तर्क छ। अतः आफ्नो शारीरिक क्षमताअनुसार तपस्या गर्न ब्रह्मचारीले पार्वतीलाई परामर्श दिएका छन् र भौतिकवादप्रति पनि आकर्षण देखाएका छन् -

अपि स्वशक्त्या तपसि प्रवर्तसे शरीरमाद्यं खलु धर्मसाधनाम् ॥३३॥

सौन्दर्य र सदाचार परस्पर परिपूरक हुन् भन्ने यथार्थमा ब्रह्मचारी विस्वस्त छन्। पार्वतीको तपोवनाश्रित स्वागत-सत्कार पाएका ब्रह्मचारीले यसको

पुष्टि गरेका छन् । पार्वतीको व्यवहार मुनिजनलाई पनि शिक्षा दिन योग्य छ भन्ने उनको विचार छ -

यदुच्यते पार्वति ! पापवृत्तये न रूपमित्यव्यभिचारि तद्वचः ।
तथा हि ते शीलमुदारदर्शने ! तपस्विनामप्युपदेशतां गतम् ॥३६॥

ब्रह्मचारी व्यक्तिगत गोपनीयता र त्यसमा विशेषतः नारीवर्गको निजी विषयसँग सचेत छन् । आफूले सोधेको कुराको उत्तर पार्वतीले दिनैपर्छ भन्ने आग्रह नभएका उनी तपस्याको कारण भन्न मिल्ने भए मात्र भन भन्दै यसो भन्छन् -

अचं जनः प्रष्टुमनास्तपोधने ! न चेद्रहस्यं प्रतिवक्तुमर्हसि ॥४०॥

वटुकको रूपमा आएका भए पनि ब्रह्मचारी पार्वतीको रूपलावण्यप्रति आकृष्ट छन् । पार्वतीलाई तपस्विनीका रूपमा भन्दा पनि सुन्दरीका रूपमा देख्ने ब्रह्मचारीले प्रयोग गरेका सम्वोधनहरू यसै कथनलाई पुष्टि पार्छन् : उत्पलाक्षि (श्लोक ३५), भाविनि (श्लोक ३८), सन्नतगात्रि (श्लोक ३९), कृशोदरि (श्लोक ४२), शुभ्रु (श्लोक ४३), बालमृगाक्षि (श्लोक ७२), अवनताङ्गि (श्लोक ८६) ।

ब्रह्मचारी समान स्तरको विवाहका पक्षपाती छन् । असमान विवाहलाई समाजले उपेक्षा र उपहास गर्छ भन्ने समाजवोध उनमा छ । उनी शिवजीसँग विवाह भएपछि तिमीलाई वूढो गोरुमाथि चढेको देखेर साधुजन हाँस्ने तर्क गर्दै पार्वतीसँग भन्छन् -

विलोक्य वृद्धोक्षमधिष्ठितं त्वया महाजनः स्मेरमुखो भविष्यति ॥७०॥

कन्याहरूले भावी पतिमा अपेक्षा गरेका गुणहरूसँग पनि ब्रह्मचारी परिचित छन् । वर्तमानमा जस्तै पौराणिक कालमा पनि रूप, गुण र सम्पत्ति वरको प्राथमिक योग्यता भएको तथ्य ब्रह्मचारीको भनाइवाट स्पष्ट हुन्छ -

वपुर्विरूपाक्षमलक्ष्यजन्मता दिगम्वरत्वेन निवेदितं वसु ।
वरेषु यद् वालमृगाक्षि ! मृग्यते तदस्तिं किं व्यस्तमपि त्रिलोचने ॥७२॥

वास्तविक स्वरूपको दर्शन दिइसकेपछि शिवजीले आफूलाई पार्वतीको तपस्यावाट किनिएको दासका रूपमा चित्रण गरेका छन् । यसबाट नारीहरू आफ्नो व्रत सफल भएको अनुभव गर्न सकून् भन्ने भावना शिवजीमा रहेको प्रमाणित हुन्छ -

अद्यप्रभृत्यवनताङ्गि ! तवास्मि दासः
क्रीतस्तपोभिरिति वादिनि चन्द्रमौलौ ।
अह्वाय सा नियमजं क्लममुत्ससर्ज
क्लेशः फलेन हि पुनर्नवतां विधत्ते ॥८६॥

यी सुन्दर्भहरूवाट प्रस्तुत महाकाव्यको पञ्चम सर्गका नायक सुसंस्कृत, सामजिक, प्रणयी र परीक्षणप्रवीण देखा पर्छन् ।

मुकुन्द इन्दिराको मुकुन्द सामान्य मानवीय नायक हो । उसको चरित्र नाटकभरि केलाउँदा सत्, असत् र सदसद्वृत्तिवाट अघि वढेको पाइन्छ । सत्ययुगको नभई कलियुगको राणाकालिक परिवेशको नायक भएकाले उसमा

अनेकौं दोष र दुर्गुण छन् भने सौजन्यका सङ्केत पनि छन्। कलकत्ता जानुपूर्व उसले घरपरिवार र पत्नीप्रति सद्भाव नै देखाएको छ। कलकत्तामा उसलाई बिगार्ने सुरासुन्दरी मात्र होइनन्, साथीहरू पनि हुन्। घरमा लेखेको चिठीमा प्रयोग गरेको भाषाबाटै उसको चरित्रको अनुमान हुन्छ- 'डियर फादर, तपाईको लेटर पाएँ, होममा कहिले फर्कने भनी रिप्लाई माग्नु भएको रहेछ।' (प्रथम अङ्क) भवदेवले चार वर्षअघि भेट्तासम्म मुकुन्द यस्तो थिएन। कुसङ्गतिले उसलाई बिगारेको छ। कलकत्तामा अखतरी ज्यानहरूको नाचगानमा डुबेको मुकुन्द भवदेवले इन्दिरालाई सम्भेर नेपाल फर्किन आग्रह गर्दा नारीहरूलाई जाल रच्न सिपालु भन्दै यस्तो आरोप लगाउँछ :

स्वास्नीमानिसको जाल लोग्नेमानिसको बल
दुवैसँगै रहे हुन्थे सबै मानिस राक्षस।
स्वामी मारी सती जान्छन् यस्ता स्त्रीको चरित्र त
ब्रह्मा समेत जान्दैनन् के जान्लान् भवदेव यी। (द्वितीय अङ्क)

पौराणिक पतिव्रता नारीहरूले चरित्रमा मुकुन्दको विश्वास छैन। त्यस्ता चरित्रलाई उसले यसरी टिप्पणी गरेको छ - *सीता, सावित्री, सती शर्मिष्ठाहरूका चरित्र गंजडीका ध्वांसाको मसीले घोडाको कागतमा लेखिएका केटाकेटीको निद्रा बोलाउने दन्त्यकथा मात्र हुन्।* (तृतीय अङ्क)

मुकुन्द नारीहरूको परीक्षा गर्न आफू निकै समर्थ भएको अहङ्कार गर्छ। कलकत्ते नारीहरूको समेत परीक्षा गरेको गर्व अनुभव गर्ने मुकुन्द पखिनी इन्दिराको परीक्षा सजिलै गर्न सक्ने उत्तर भवदेवलाई यसरी दिन्छ -

ठूलो दूर्वीन लाएर रोमकूप गनी गनी
आँखा जाँचिसकें कैयन् अप्सराहरूका अब
एउटी पखिनीको के म जाँच्न सक्तिन ? (चतुर्थ अङ्क)

मुकुन्द भ्रष्ट र अहङ्कारी मात्र छैन, इन्दिराको कठोर परीक्षा लिइसकेपछि क्षमायाचना पनि गर्छ। यसले उसलाई सद्व्यवहारप्रति उन्मुख गराएको छ। ऊ इन्दिराबाट क्षमा याचना गर्छ -

नदेउ यसरी मेरो पापमा त क्षमा पनि
माग्नु नै पाप हो, आफैं देऊ दिन हुने भए। (पञ्चम अङ्क)

मुकुन्दमा मानसिक परिवर्तन भइसकेको छ। आमाबाबुलाई दुःख दिने पुत्रका लागि सानातिना दण्डभन्दा मृत्यु नै लायक छ भन्ने मुकुन्दको धारणा छ-

आमाबाबुहरूलाई जल्ले दुःख दियो यति
त्यसलाई त यो घाउभन्दा मृत्यु छ लायक। (पञ्चम अङ्क)

यसरी दुवै कृतिका नायक छद्मवेशमा उपस्थित भई आ-आफ्ना प्रणयिनी र पत्नीको परीक्षण गर्दछन्। शिवजी दैवी चरित्रको सट्टा ब्रह्मचारी वटुकको रूपमा उपस्थित छन् भने मुकुन्द सामान्य, खराब र असल नायकका रूपमा उपस्थित छ। चरित्र र चेतनाका स्तरमा मुकुन्द ब्रह्मचारी वटुकको स्तरमा पुग्न सकेको छैन।

दुवैमा समानताचाहिँ केछ भने परीक्षापछि दुवैले प्रणयिनी र पत्नीलाई मानसिक सन्तोष दिई विजयिनी बनाएर आफूलाई पराजित गराएका छन्। संयोगान्त कृतिको सफलताका लागि यसो गर्नु स्वाभाविक पनि छ।

४. नायिका

कुमारसम्भवकी नायिका पार्वती हुन्। धार्मिक वर्गका लागि पार्वती देवी भवगती, शिवजीका लागि अर्धाङ्गिनी र काव्यपारखीका लागि नायिका हुन्। पञ्चम सर्गमा उनी सामान्य नायिका मात्र नभई असामान्य दृढ तपस्विनी वनेकी छन्। आमावाबुलाई समेत मनाएर पतिप्राप्तिका लागि तपस्यामा जाने उनी प्रियलाई आकृष्ट गर्न नसक्ने सौन्दर्य निष्फल ठान्दै शिरीषको फूलजस्ती कोमल भएर पनि तपस्यारूपी पक्षीको पदभार सहन र वहन गर्न तत्पर छन्। जटाधारिणी वल्कलवाहिनी भएर पनि सुन्दरी देखिने पार्वती अग्निमा हवन र स्तुतिपाठ गर्दै वसेकी छन्। उनलाई हेर्न ऋषिगण पनि उपस्थित छन् -

कृताभिषेकां हुतजातवेदसं त्वगुत्तरासङ्गवतीमधीतिनीम्।
दिदृक्षवस्तामृषयोऽभ्युपागमन्न धर्मवृद्धेषु वयः समीक्ष्यते ॥१६॥

रुखबाट आफै झरेका पात खाएर जीवन निर्वाह गर्नु तपस्याको चरमसीमा मानिन्छ। पार्वतीले त्यस्ता पातसमेत खान छाडेकी हुनाले उनको नाम नै 'अपर्णा' रहन पुगेको औचित्य यसरी देखाइएको छ -

स्वयंविशीर्णद्रुमपर्णवृत्तिता परा हि काष्ठा तपसस्तया पुनः।
तदप्यपाकीर्णमतः प्रियंवदां वदन्त्यपर्णेति च तां पुराविदः ॥२८॥

ब्रह्मचारीमा जस्तैपार्वतीमा पनि सामाजिक शिष्टाचार छ। अतिथिसत्कारमा उनी प्रवीण छन्। ब्रह्मचारीले नारीको निजी कुरा सोझैँ सोध्नु हुँदैन भनेर बुझेझैँ पार्वतीले पनि आफ्नो तपस्याको उद्देश्य सोझै भन्नु हुँदैन भनेर राम्ररी बझेकी छन् र सखीको माध्यमबाट रहस्य खोलेकी छन्। शिवजीको सम्वन्धबाट उच्चपद प्राप्त हुन्छ भन्ने पार्वतीको विश्वास छ। ब्रह्मचारीले शिवको निन्दा गरेकामा पार्वती खिन्न छन् र मुर्खहरू महात्माहरूको निन्दा गर्छन् भन्ने उनको तर्क छ। ब्रह्मचारीको शिवनिन्दा सुनिसकेपछि पार्वतीले शिवको व्यक्तित्वका वास्तविक ज्ञाता छैनन् भन्ने निष्कर्ष निकालेकी छन्। पार्वती आधुनिक युगकी आदर्श प्रेमिकाजस्ती पनि छन्। आफ्नो इच्छाले प्रेममा तल्लीन मानिस निन्दाबाट कल्यै डराउँदैन भन्ने उनको तर्क छ। महात्माहरूको निन्दा गर्नु हुँदैन, न त उनीहरूको निन्दा सुन्नु नै हुन्छ। त्यस्ता महात्माहरूको निन्दक मात्र होइन श्रोता पनि पापी हुन्छ भनेर पार्वतीले नीतिज्ञताको परिचय दिएकी छन् -

न केवलं यो महतोऽपभाषते श्रृणोति तस्मादपि यः स पापभाक् ॥८३॥

अभीष्टको प्राप्तिपछि पार्वतीले तपस्याबाट प्राप्त कष्ट सबै बिर्सिन् र उनको जीवनमा नवीनताको प्राप्ति भयो भन्ने टिप्पणी महाकविले गरेका छन् -

क्लेशः फलेन हि पुनर्नवतां विधत्ते ॥८६॥

यसरी कुमारसम्भवकी पार्वती व्रती, दृढप्रतिज्ञा, शिष्टाचारिणी, आदर्श प्रेमिका र देवी भगवतीको सट्टा साधारण युवतीका रूपमा चित्रित छन् ।

मुकुन्द इन्दिराको नायिका इन्दिराको चरित्रमा अनेकौं विशेषता छन् । ऊ पतिको पुनःप्राप्तिका लागि लालायित प्रोषितभर्तृका नायिका हो । ऊ वाहिरी रूपमा घरधन्दा गर्ने, सासुसुराको सेवा गर्ने र रामायणको वाचन गर्ने गर्छे र समय विताउँछे भने आन्तरिक रूपमा मुकुन्दको प्रतीक्षामा व्यग्र हुन्छे । कलकत्तामा बसेको मुकुन्दको विषयमा जान्नबुझ्न ऊ अति नै उत्कण्ठित छे । भवदेवले दिन कसरी विताउँछ्यौ भनेर सोद्धा इन्दिरा दिनमा फुर्सद नहुने, रातचाहिँ कथा हेरेर, बत्ती कातेर बित्ने र निदाएको समयमा पनि कहिले सपना देख्ने र कहिले त्यो पनि नदेख्ने कुरा गर्छे -

निद्राले कहिले मूर्छा पर्छु यो भूइँमै पनि
कहिले सपना देख्छु कैहिले देख्दिनँ त्यो पनि (प्रथम अङ्क)

इन्दिराका बिचारमा नारी दुःख भोग्नुपर्ने जात हो । उनीहरूले अनादि कालदेखि दुःख पाउँदै आएको र आफू पनि त्यसमा अभ्यस्त भइसकेको तथ्यलाई उसले यसरी पुष्टि गरेकी छ -

पार्वतीको गर्भबाट ब्याएदेखि त्यही दिन
स्वास्नीमान्छेहरूलाई चिनेको हुन्छ दुःखले । (तृतीय अङ्क)

इन्दिरा पुरुष वर्गप्रति ज्यादा उदारभाव राख्दै नारीवादीको सट्टा पुरुषवादी वन्न पुगेकी छ । उसलाई नारी लोग्नेमानिसका पुतली हुने भन्ने लाग्छ । उसको विचारमा पुरुष नारीको जीवन वनाउने कर्मी देवता हुन् । 'पति भक्ति त मर्दैन पापी पती भए पनि' भन्ने आर्दश वोकेको इन्दिरा पतिवाट टाढा भएकी नारी अभागिनी र पतिको गाली र लात्ती पाए पनि भाग्यमानी हुन्छे भन्ने विश्वास यसरी व्यक्त गर्छे । इन्दिरा पतिलाई ब्रह्म र महेश्वर ठान्छे । पतिले पहिला राखेको ठाउँसमेत पवित्र हुने विश्वास भएकी इन्दिरा पतिको निन्दा गर्नेहरूले त्यहाँ कुल्चन नहुने विचार प्रकट गर्छे । पतिप्रेमको भाङले मातेकी एकोहोरी[1] भनेर उसको चरित्रवारे गरिएको टिप्पणी यस सन्दर्भमा विचारणीय छ । उसले पतिको नामलाई पुराण र निन्दालाई पाप ठानेकी छः

पुराण सुन्न आएकी स्वामीको नामको यहाँ
निन्दा मात्र सुनें मैले पाप लाग्यो क्षमा गर ॥(चतर्थ अङ्क)

इन्दिरा मुकुन्दबाहेक अरू कसैसँग पनि समर्पित हुन चाहन्न । खुकुरी वोकेर आएको छद्मभेशी मुकुन्दलाई ऊ बरू मार्न तयार हुन्छे, प्रेम प्रस्ताव स्वीकार गर्दिन :

जाऊ जाने भए मुखले नत्र दुःखको

---

[1] तानासर्मा, सम र समका कृति, छैटौं सं. (ललितपुरः साझा प्रकाशन, २०५८), पृ. १४० ।

घना जङ्गलमा आज सम्मनको क्रोध सल्किँदै
डढेलो लाग्न पुग्नेछ, ज्यानमारा हुनेछु म,
ज्यान जानेछ तिम्रो त । (पञ्चम अङ्क)

पति मुकुन्दलाई पाइसकेपछिको क्षण विपना भए रहर पूर्ण भएको र सपना भए फेरि व्युँझन नपर्ने हुन सकोस् भन्ने कामना गर्ने इन्दिरा यसो भन्छे :

विपना हो भने आजै मेरो रहर पूर्ण भो
सपना हो भने फेरि नब्युँझूँ यसबाट म । (पञ्चम अङ्क)

प्रायश्चित गरेर असल पति बनिसकेको मुकुन्दसँग इन्दिरा कहिल्यै पनि नछुट्टिने गरी सँगै बसौं भन्ने प्रस्ताव गर्छे र सुखद दाम्पत्य जीवनको कामना पनि गर्छे ।

दुवै कृतिका नायिका आफ्नो सङ्कल्पमा दृढ, पतिपरायण, अतिथिसेवामा तत्पर, अनुशासित र परिणामपछि खुसी देखिन्छन् । दुवै नायकलाई आफूप्रति समर्पित गराउन सफल छन् । दुवै पतिको निन्दा सुन्न चाहँदैनन् । दुवै नायिका प्रेमको परीक्षामा पूर्णतः समुत्तीर्ण पनि भएका छन् । यस्ता समान पक्षका साथै यिनीहरूबीच असमान पक्ष पनि छन् । पार्वती आयोजनापूर्वक तपश्चर्यमा गएकी छन् भने इन्दिराको पति प्राप्त गर्ने आयोजित तपस्या छ । पार्वती तपस्विनी प्रेमिका हुन् भने इन्दिरा गृहिणी पत्नी हो । पार्वतीको परीक्षा तपोवनमा भएको छ, तर इन्दिराको परीक्षा घरायसी परिवेशमा भएको छ । पार्वतीका परीक्षक ब्रह्मचारी वटुकको रूपमा अभीष्ट शिवजी हुन्, तर इन्दिराको परीक्षा मुकुन्दको साथी बनेको व्यभिचारी पति मुकुन्दबाट भएको छ । शिवजीलाई पाएपछि पार्वतीको वचनगत प्रतिक्रिया छैन भन्ने मुकुन्दलाई पाएकी इन्दिरा कहिल्यै नछुट्टिने गरी सँगै बस्न प्रस्ताव गर्छे । पार्वतीदेवीको तहबाट नारीको तहमा र इन्दिरा नारीको तहबाट कतैकतै देवीको तहमा पुग्न खोजेको अवस्था पनि छ ।

५. प्रणयपरीक्षण विधि

कुमारसम्भवको पञ्चम सर्गमा ब्रह्मचारीले कुनै भूमिका नबाँधी पार्वतीको तपस्याबारे प्रश्न गरेका छन् र शरीर विचार गरेर तपस्या गर्न परामर्श पनि दिएका छन् -

अपि क्रियार्थं सुलभं समित्कुशं जलान्यपि स्नानविधिक्षमाणि ते ।
अपि स्वशक्त्या तपसि प्रर्वतसे शरीरमाद्यं खलु धर्मसाधनम् ॥३३॥

ब्रह्मचारीलाई पार्वतीमा सबै गुण विद्यमान छन् भन्ने लाग्छ । शिवको आराधनाबाट उनलाई विमुख गराउन उनी रत्नको संज्ञा दिन्छन् र त्यो खोज्न मानिस (वर) आफैँ आउने तर्क गर्छन् -

न रत्नमन्विष्यति मृग्यते हि तत् ॥४५॥

शिवजीको पार्वतीप्रति अखण्ड प्रेम छ। उनलाई शारीरिक कष्ट सहन नपरोस् भनेर ब्रह्मचारीले आफूले सञ्चय गरेको तपस्याको आधी भाग दिएर प्रतिप्राप्तिको उद्देश्यमा सहयोग गर्न खोजेका छन् -

कियच्चिरं श्राम्यसि गौरि ! विद्यते ममाऽपि पूर्वाश्रमसञ्चितं तपः ।
तदर्धभागेन लभस्व काङ्क्षितं वरं तमिच्छामि च साधु वेदितुम् ॥५०॥

परीक्षण सफल हुन सकोस् भनेर ब्रह्मचारीले पार्वतीको तपस्याको कारण बुझेर पनि आफ्नो खुसी लुकाएर संवाद गरेका छन्। यसबाट ब्रह्मचारीको मनोवैज्ञानिक चेतना समेत प्रतिविम्बित हुन्छ। ब्रह्मचारी जतिजति शिवको निन्दा गर्दै जान्छन् त्यतित्यति पार्वतीको मन शिवप्रति बढी समर्पित हुँदै जान्छ। ब्रह्मचारीले शिवका विपक्षमा उठाएका तर्कभन्दा पार्वतीले उत्तरमा प्रस्तुत गरेका तर्क बलवान् हुन्छन्। शिवको निन्दा गर्ने ब्रह्मचारीलाई थप बोल्नबाट रोक्न पार्वतीले सखीलाई अह्राएकी छन् र विकल्पमा आफै त्यहाँबाट हट्न चाहेकी छन्। हिँडाइको झट्काले वक्षस्थलमा लगाएको वल्कल खुस्किँदा शिवले मुस्कुराउँदै पार्वतीलाई समाउनासाथ मनोरथपूर्ण भएकी पार्वतीको हर्षको सीमा रहँदैन। यसरी शिवले लिएको परीक्षामा पार्वती सजिलै उत्तीर्ण भएकी छन्।

मुकुन्द इन्दिराको तृतीय अङ्कमा छद्मवेशी मुकुन्द र इन्दिराको भेट रूपनारायणको घरनजिकको धारामा हुन्छ। मुकुन्द अभिनय गर्न सिपालु छ र विस्तारै 'इन्दिरा' उच्चारण गरेर आफू मुकुन्दको अभिन्न मित्र भएको जानकारी दिन्छ। इन्दिराले ससुरालाई भेट्न अनुरोध गर्दा मुकुन्द भन्नुपर्ने कुरा इन्दिरालाई नै भेटेर सुनाउने जिद्दी गर्छ। त्यसपछि अर्को दिन बारीमा भेट्ने सहमति हुन्छ। बारीमा भेट्ता इन्दिरा मुकुन्दको अवस्था बुझ्न व्यग्र हुन्छे। नक्कली मुकन्द इन्दिरालाई पति मुकुन्दले बिर्सिसकेको र ऊ रक्सीमा फँसेको कुरा पनि सुनाउँछ। ऊ इन्दिरालाई पोस्टकार्ड पनि दिन्छ। उसले मुकुन्द 'रोजी' नामकी वेश्यासँग लागेको सूचना दिँदै इन्दिरालाई पतिभक्तिबाट विचलित गराउने अनेक तर्क गर्छ। उसको प्रयास सफल हुँदैन। इन्दिरा मुकुन्दलाई सुधार गर्ने कुरा गर्छे, तर उसलाई छोड्ने र अरूलाई रोज्ने कुरा गर्दिन। छद्मवेशी मुकुन्दले आफ्नो विवाह नभएको भूमिका बाँधेर इन्दिरालाई मन पराएको आशय व्यक्त गर्दा इन्दिरा मामाकी छोरीको कुरा चलाइदिने प्रस्ताव गर्छे। परीक्षणकै क्रममा मुकुन्दले जबर्जस्ती गर्न खोज्दा इन्दिरा उसलाई चण्डाल, शत्रु, पापपिण्ड भन्दै दुत्कार्छे र भगाउन खोज्छे -

कराइदिन्छु चण्डाल, घरै फुट्ने हिसाबले
हावामा बिजुली पर्ने गरेर अब भित्रको
भकुन्डोमा दबी शत्रु आएको होस्,
चिन्हैं कि त अनुहार लुकाएर भाग् तेरो पापपिण्डको
जा, जा, जा, जा, (चतुर्थ अङ्क)

मध्यराततिर खुकुरी भिरेर आफ्नो सुत्ने कोठामा आएको मुकुन्दले गरेको अन्तिम परीक्षामा पनि इन्दिरा सफल छ। कोठामा आएको मुकुन्दले कि त्यहाँबाट

तुरुन्त बाहिर जानुपर्ने कि त मर्न तयार हुनुपर्ने विकल्प इन्दिराले अघि सारेकी छ। अन्तिममा इन्दिराले मुकुन्दलाई खुकुरी प्रहार गरेर भए पनि आफ्नो चरित्र सुरक्षित राखेकी छ। भवदेवले वास्तविक मुकुन्द हो भन्ने सूचना दिएपछि मुकन्द पनि आफूलाई निर्दयी पति भन्दै रहस्य खोल्छ। इन्दिराका हातबाट खुकुरी खस्छ, ऊ मूर्च्छा पर्छे। मुकुन्दको उपचार प्रारम्भ भएपछि इन्दिरा खुसी हुन्छे र दुवैजनाले नछुट्टिने सङ्कल्प गरेपछि नाटक टुङ्गिन्छ।

यसरी दुवै कृतिमा नारीलाई आफ्नो अवस्था र उद्देश्यबाट विचलित गराउन परीक्षणविधिको अवलम्वन गरिएको छ। कुमारसम्भवमा व्रह्मचारी एक्लै पार्वतीको पतिप्रेमको परीक्षण गर्दछन् भने मुकुन्द इन्दिरामा मुकुन्दले भवदेवको विशेष सहयोग पाएको छ। कुमारसम्भवमा व्रह्मचारीको आगमन वढी स्वाभाविक छ तर मुकुन्दले सुरुमै इन्दिरालाई भेट्दा उसको नामोच्चारण गर्नु कम स्वाभाविक छ। कुमारसम्भवमा शिष्ट र शालीन भाषामा वादविवाद भएको छ। दुवैले आ-आफ्नो पक्षलाई तार्किक रूपमा प्रस्तुत गरेका छन्। मुकुन्द इन्दिरामा चाहिँ छद्मभेषी मुकुन्दले वास्तविक मुकुन्दको कुलतको वढी चर्चा गरेको छ। शिवले वास्तविक रूप देखाएर पार्वतीलाई समातेका छन्, तर मुकसुन्द घाइते भइसकेपछि मात्र इन्दिराले उसलाई चिनेकी छ। शिवपार्वतीको संयोग तत्काल सुखदायी वनेको छ भने मुकुन्द इन्दिराको संयोग आशङ्का र आवेगवाट पनि सुखद स्थितितर्फ उन्मुख छ। शिवपार्वतीवीच वियोगभन्दा पनि संयोगको स्थिति प्रवल छ तर मुकुन्द इन्दिरामा संयोगभन्दा वियोगको स्थिति प्रवल छ र बलात् संयोगको अवस्था सिर्जना गरिएको छ। कुमारसम्भवमा रूप, धन र यौवनका पक्षबाट शिवलाई कमजोर र पार्वतीलाई सबल देखाउँदै दुईवीचको संयोग अनुचित हुने तर्क गरिएको छ। मुकुन्द इन्दिरामा चाहिँ मुकुन्दको सुरासुन्दरीप्रतिको कुलत र घरपरिवारप्रतिको उपेक्षा प्रमुख कारण देखाइएको छ। उपेक्षाभावलाई कारण वनाउँदै इन्दिरालाई आग्रह गरिएको छ। तर पनि दुवै कृतिमा नायक नै नायिकाका परीक्षक हुनु, नायिका उत्तीर्ण हुनु, नायकले अफूलाई दासका रूपमा प्रस्तुत गर्नु, संयोगान्त अवस्था सिर्जना हुनु र भक्ति, प्रेम र समर्पणको भावना हुनुसम्मका पक्ष देखा पर्छन्।

६. निष्कर्ष

कुमारसम्भव महाकवि कालिदासप्रणीत संस्कृतको महाकाव्य हो। यहाँ पौराणिक विषयवस्तुलाई काव्यात्मक र कलात्मक रूपमा प्रस्तुत गरिएको छ। प्रस्तुत महाकाव्यमा कथावस्तुका विविध मोड छन् र तीमध्ये पञ्चम सर्गमा पार्वतीले शिवलाई पतिका रूपमा प्राप्त गर्न प्रारम्भ गरेको तपश्चर्या र ब्रह्मचारी वेशधारी शिवबाट लिइएको परीक्षा एवम् पार्वतीको विजयपछि उत्पन्न सुखद संयोग मूल कथ्य छ। यही एउटा सर्गको मात्र पनि काव्यात्मक मूल्य उत्कृष्ट छ। मुकुन्द इन्दिरा नाट्यसम्राट वालकृष्ण समको सामाजिक विषयवस्तुमा आधारित प्रसिद्ध

संयोगान्त नेपाली नाटक हो । कुमारसम्भवको काव्यात्मक उचाइ र प्रसिद्धि यससँग तुलनीय छैन तापनि देशपक्तिभाव र पतिभक्तिचेतनाका दृष्टिबाट यसको मूल्य सर्वस्वीकृत छ । यथार्थ यही हो तापनि प्रणय र समर्पणको परीक्षणका दृष्टिले कुमारसम्भवबाट मुकुन्द इन्दिरा धेरै टाढा छैन । दुवै कृतिमा असमानताको मात्रा नै बढी भए पनि नायकले नायिकाको सुखप्राप्तिको प्रणय परीक्षण गर्ने विधिहरू यिनमा पाइने मुख्य समानता हुन् । धार्मिक पौराणिक सन्दर्भमा पार्वतीको स्थान महनीय भए पनि सामाजिक र मानवीय तहमा कतैकतै इन्दिरा पार्वतीभन्दा पनि माथि उठ्न खोजेकी छ । पार्वतीले समग्र पुरुष जातिभन्दा शिवप्रति अतिशय अनुराग देखाएको पाइन्छ भने इन्दिराले पनि मुकुन्दप्रति निष्ठा र श्रद्धा राख्दै पुरुष वर्गकै भूमिकाको पुष्टि गरेकी छ । यस अर्थमा इन्दिरा पार्वतीभन्दा उदार र वीराङ्गना दखा पर्छे । नाटककार समले प्रणय परीक्षणमा नायकलाई पराजित र नायिकालाई विजयिनी बनाउनमा कुमारसम्भवबाट प्रभाव, प्रेरणा र प्रविधि ग्रहण गरेको देखिन्छ ।

सन्दर्भसूची

उपाध्याय, केशवप्रसाद, समको दुःखान्त नाट्यचतना, दोस्रो सं., ललितपुरः साझा प्रकाशन, २०५२ ।

........................, नेपाली नाटक र नाटककार, ललितपुरः साझा प्रकाशन, २०६१ ।

उपाध्याय बलदेव, संस्कृत कविचर्या, काशीः मास्टर खेलाडी लाल एन्ड सन्स, इ. १९३२ ।

कालिदास, कुमारसम्भवम्, पुनर्मुद्रित सं., वाराणसी : चौखम्वा विद्याभवन, इ. २००१ ।

खनाल, चूडामणि, संस्कृत साहित्यको परम्परा, ललितपुरः साझ प्रकाशन, २०६३ ।

गैरोला, वाचस्पति, संस्कृत साहित्यका इतिहास, द्वितीय संस्करण, वाराणसी : चौखम्वा विद्याभवन, २०३२ ।

शर्मा, गोपीकृष्ण, संस्कृत साहित्यको रूपरेखा, दोस्रो सं., काठमाडौं : अभिनव प्रकाशन, २०५६ ।

सम, बालकृष्ण, मुकुन्द इन्दिरा, अठारौँ सं., ललितपुरः साझा प्रकाशन, २०५८ ।

सर्मा, ताना, सम र समका कृति, छैटौं सं., ललितुर : साझा प्रकाशन, २०५८ ।

सिंह, विजयपाल, संस्कृत साहित्यका इतिहास, द्वितीय सं., दिल्लीः राजपाल, इ.२००२ ।

♣♣♣

मुकुन्द-इन्दिरा नाटकको रंगविधानमा पौरस्त्य संस्कृतिको प्रभाव

नवराज कट्टेल
उपप्राध्यापक

१. पृष्ठभूमि

बालकृष्ण सम(१९५९-२०३८)द्वारा लेखिएको तेस्रो नाट्य-कृतिका रूपमा मुकुन्दइन्दिरा नाटक (१९९४) नेपाली साहित्य उद्यानमा पुष्पित भएको पाइन्छ। समका संयोगान्त नाटकमध्ये ज्यादै सशक्त, लोकप्रिय र स्तरीय सामाजिक नाटकका रूपमा मुकुन्द-इन्दिरा नाटकलाई लिइन्छ। यस नाटकले मूलतः नव्वेको दशकको नेपाली समाजको प्रतिविम्ब उतारेको छ। पौरस्त्य धर्मदर्शनलाई ज्यादै आत्मसात् गर्ने खालको त्यस समयको नेपाली समाज संसारको प्रभाववाट मुक्त रहेको पाइन्छ। हिमालको काखमा संसारबाट असंपृक्त रहेको नेपाल वैदिक सभ्यताको उद्‌गमभूमि र संपोषक भूमिको रूपमा रहँदै आएको देखिन्छ। वेद, व्राह्मण, आरण्यक, उपनिषद्, रामायण, महाभारत, स्मृति, पुराण, तन्त्र आदिको र तिनको प्रभाव र चिन्तनवाट निर्मित सभ्यता र संस्कृतिलाई नै यहाँ पौरस्त्य सभ्यता एवं पौरस्त्य संस्कृति भनिएको हो। मतलव यहाँ सनातन संस्कृतिलाई नै पौरस्त्य संस्कृति भनिएको हो। यद्यपि नेपालमा वहुविध संस्कृतिको उपस्थिति र अन्तर्मिश्रण भएको पाइएपनि पौरस्त्य संस्कृतिले नेपाली संस्कृतिका धेरै पक्षलाई समेट्न सक्छ तर सवै पक्षलाई भने समेट्न सक्तैन। हुन त सिन्धु नदी पूर्वका सवै सभ्यतालाई पौरस्त्य सभ्यता मान्दा पौरस्त्य संस्कृतिले नेपालका सवै संस्कृतिलाई समेट्ने देखिन्छ। तर यहा पौरस्त्य संस्कृतिले सनातन संस्कृतिलाई नै संकेत गरिएको हो। प्रस्तुत नाटकको विभिन्न पक्षमा संस्कृतिको प्रभाव रहेको छ, त्यसमध्ये रंगविधानमा पौरस्त्य संस्कृतिको प्रभाव र प्रयोग के कसरी भएको छ भन्ने कुरालाई यहा विश्लेषणको विषय वनाइएको छ।

२. नाटकमा संस्कृतिको रूपायन

संस्कृति र सभ्यतालाई सवैभन्दा वढी सूक्ष्म र स्थूल दुवै रूपमा रूपायन गर्ने साहित्यिक विधा भनेकै नाटक हो। भावगत र विचारगत हिसावले सूक्ष्म र कायिक, वाचिक र आहार्य वृत्तिका माध्यमले स्थूल रूपमा नाटकमा संस्कृति

अनुस्यूत हुन्छ ।[१] नाटक रङ्गमञ्चीय विधा भएकाले यसका सबै कार्य-व्यापारहरू रङ्गमञ्चमा प्रस्तुत हुन्छन् । दर्शक पात्रका क्रियाव्यापारबाट प्रत्यक्ष प्रभाव ग्रहण गर्दछ । रङ्गमञ्चको साजसज्जा र परिवेश सांस्कृतिक धरातलमा आधारित हुन्छ । पात्रहरूको आगमन र वहिर्गमन, अभिनय र संवाद सांस्कृतिक पृष्ठभूमिमै आएका हुन्छन् । तिनले आफ्नो युगको, युगजीवनको र युगसंस्कृतिको प्रतिनिधित्व गर्दछन् ।[२]

मुकुन्दइन्दिरा नाटकमा विभिन्न किसिमको सांस्कृतिक प्रभाव रहेको पाइन्छ । नाटकको नामकरण, वस्तुविन्यास, पात्रविधान, परिवेश निर्माण, चरित्रविधान, रङ्गविधान, अलङ्कार वेशभूषा, भावविचार संप्रेषण, आचार, विचार र व्यवहार आदिमा संस्कृतिको स्पष्टै छाप रहेको पाइन्छ । अध्यात्मवादी, देववादी, चाडपर्वतिथिव्रत, संस्कारजन्य संस्कृति पनि यस नाटकको महत्त्वपूर्ण पक्ष हो । पतिप्रेम, राष्ट्रप्रेम र मित्रप्रेमको संस्कृति पनि यहाँ मुखरित छ । ती सबै पक्षलाई नलिई यहा केवल रङ्गविधानमा पौरस्त्य संस्कृतिको प्रभावका विषयमा अध्ययन गर्न खोजिएको छ ।

३. रङ्गविधानमा पौरस्त्य संस्कृतिको प्रभाव

प्रस्तुत नाटकको दृश्यविधान वा रङ्गविधानमा पौरस्त्य संस्कृतिको प्रभाव रहेको छ । रंग निर्देश नाटकको महत्वपूर्ण पक्ष हो । यसमा नाटक प्रस्तुत गर्दा रंगमञ्चको व्यवस्थापनमा गर्नुपर्ने कुराहरूको निर्देश गरिएको हुन्छ । कुन दृश्य कुन स्थान, काल र परिवेशमा आउनुपर्ने हो सोको संकेत गरिएको हुन्छ । यसमा दृश्यको साजसज्जा, प्रकाश व्यवस्था, वेशभूषा, अभिनय निर्देशन, ध्वनिव्यवस्था, पटाक्षेप, पात्र परिचय आदि रहेका हुन्छन् ।[३]

मुकुन्द इन्दिरा सामाजिक नाटक हो । नेपाली समाजबाट नै यसको कथानक, घटना र पात्र ग्रहण गरिएकाले परिवेश चित्रणमा र रङ्गविधानमा नेपाली समाजको प्रतिविम्व आउने नै भयो । नेपाली समाजको चित्रणसंग नेपाली संस्कृति भनौं अथवा पौरस्त्य संस्कृति पनि अभिन्न रूपमा अनुस्यूत भएर नआउने कुरै भएन ।

प्रथम अङ्कको दृश्य एक रूपनारायणको सुत्ने कोठामा अभिहित छ । पाटन, मध्याह्नको समय छ । रूपनारायणको कोठाका भित्तामा ध्रुवनारायण, कमला

---

[१] सोमनाथ सिग्देल, साहित्य प्रदीप, (काठ. पुस्तक संसार,२०२८) पृ. १३४ ।

[२] नवराज कट्टेल, *बालकृष्ण समको अन्धवेग नाटकमा सांस्कृतिक पक्ष,* उन्नयन (अङ्क ७३, २०६६ मंसिरपुस) पृ. ८४ ।

[३] केशवप्रसाद उपाध्याय, साहित्य प्रकाश, (ल.पु. साझा प्रकाशन,,२०२८) पृ. ९४ ।

(लक्ष्मी) सरस्वती इत्यादिको फोटो टाँगिएको कोठाको वातावरण छ। यहाँ इत्यादि भनेकाले देवदेवीका अनेक स्वरूप संझाउने पौरस्त्य वाङ्मयले संकेत गरेका देवदेवीको तस्वीरहरू कोठामा टाँगिएका छन् भन्ने स्पष्टै बुझिन्छ। फोटो मात्र होइन एउटा कागजमा राम राम रमा राम, राम राम रमा रमा। रमा राम राम रमा लेखिएको छ र त्यो पनि भित्तामा नै टाँगिएको छ। राम र रमा शव्द एउटै मूलबाट वनेको व्युत्पन्न शब्द हुन्। 'रमु' क्रीडायाम् धातुवाट यी दुई शब्द वन्दछन्। 'रमयति इति रमा र रमन्ते योगिनः यस्मिन् इति रामः' यस्तो व्युत्पत्ति कोशकारहरूले गरेका छन्। राम र रमा शब्द प्रकृति र पुरुष वाचक शब्द हुन्, शिव र शक्ति वाचक शब्द हुन्, विष्णु र लक्ष्मी वाचक शब्द हुन्।[१]

पौरस्त्य संस्कृति, धर्म र दर्शनमा यी दुई शब्दले ज्यादै महत्त्व राख्दछन्। यी पवित्र शब्द हुन्। यिनमा पौरस्त्य संस्कृति, सभ्यता, र चिन्तनको सम्पूर्ण रहस्य लुकेको पाइन्छ। त्यसैले गर्दा समले निकै विचारेर उक्त मन्त्रमय श्लोक समावेश गरेका हुन् भन्ने वुझिन्छ। यसले पौरस्त्य संस्कृतिबाट प्रभावित परिवेश निर्माणमा महत्त्वपूर्ण अर्थ राखेको देखिन्छ। तखता देखिनु, तखतामा सिसीहरू देखिनु, भित्तामा ठड्याइएको वालिस्ठ, सिरकमा गुटुमुटु भएको अवस्थाले नेपालीपन र काठमाडौंको जाडोको वातावरणलाई समेत संकेत गरेको छ।

रूपनारायणको सिरानमा जपमाला, पुरानो स्तोत्ररत्नाकर देखिन्छ। यी दुवै चिजले धार्मिक, आध्यात्मिक र सांस्कृतिक परिवेश निर्माणमा र दर्शक एवं पाठकको मनोभावमा सांस्कृतिक प्रभाव दिनुमा महत्त्वपूर्ण कार्य गरेको प्रतीत हुन्छ।

तात्कालीन समाजमा पुरानो मात्र होइन नयाँ सभ्यता, संस्कृति र भौतिक वस्तुको समेत प्रवेश भएको र त्यसको समेत जीवनशैलीमा प्रभाव परेको पाइन्छ। रूपले जरो नाप्न मुखमा डिग्री च्यापेको र भवदेवले जेवघडी हेरी वसेको परिवेशबाट आधुनिक उपकरणको प्रभाव पनि जीवनशैलीमा परेको देखिन्छ। हिजोआज जेवघडीको चलन छैन। त्यस समयमा जेवघडी प्रचलनमा थियो, वेलायती घडी राम्रो बलियो। घडी संग्रहमा अझै पनि त्यो हेर्न पाइन्छ। त्यस्तै वृहत्स्तोत्ररत्नावलीको बीचबाट मुकुन्दको पत्र झिकेर रूपनारायणले भवदेवलाई देखाएको दृश्य देखिन्छ। यसबाट उनी दैनिक रूपमा पाठ गर्दथेहोला भन्ने अनुमान सहजै गर्न सकिन्छ।[२]

अङ्क १ को दृश्य २ इन्दिराको सुत्ने कोठामा खुल्दछ। खाट सुत्ने झुल फट्टाएर कसिराखेको,संझ्याल, एउटा पुस्तक (संभवतः रामायण) देखिन्छ। खोपावारिपारि गङ्गावतरण र इन्दुमतीलाई अगाडि राखेर अज विलाप गरिरहेको चित्र देखिन्छ। यी सन्दर्भहरू मूलतः पौरस्त्य संस्कृतिकै प्रभावमा आएका हुन्। अन्यथा

---

१ इन्दिरा लोमाता मा क्षीरोद तनया रमा । अमरकोश स्वर्ग वर्ग। बले रामः। अमरकोश, नानार्थवर्ग।
२ बालकृष्ण सम, मुकुन्द इन्दिरा, (ल. पु., साझा प्रकाशन, २०५८), पृ. ५

बत्ती काट्ने ढक्की, रामायणको पुस्तक गङ्गावतरणको चित्र किन देखिन्थे। ढाकाको खास्टो, काठको सन्दूस, करुवा, सतरन्जा नेपाली गलैचा, सुकुल देखिनुले नेपाली संस्कृतिका जीवन शैलीलाई नै संकेत गरिरहेको देखिन्छ। त्यस्तै रूप र भव रङ्गमञ्चबाट निस्किएपछि इन्दिरा झ्यालमै बसी रामायणबाट मुकुन्दको चित्र झिकेर हेर्दछिन्। यसवाट इन्दिराको मनोवृत्तिको मात्र बोध हुँदैन, नाटककारको मनोवृत्ति, सांस्कृतिक चेतना र झुकावको समेत अवगाहन गर्न सकिन्छ।[१]

दृश्य ३ संभवतः चन्दागिरिको बाटोमा खुल्दछ। वटुवाहरू आवतजावत गरिरहेका छन्। बटुवाले भारी बिसाएको हुनाले यो चौतारो हुनुपर्छ। रङ्गविधानमा निर्देशकले तदनुसार रङ्गव्यवस्था मिलाएको हुन्छ। भरियाले गीत पनि गाएका छन्। गायन, भरिया र भारवहनको संस्कृति यहाँ संकेतित छ। बटुवाहरू द्यौराली माईलाई ढुङ्गा चढाएर अगाडि बड्छन्। द्यौराली माईलाई कतै ढुङ्गा कतै लट्ठी र कतै फूलपात चढाएर हिड्ने चलन नेपाली समाजमा भेटिन्छ। यो पौरस्त्य संस्कृतिको उपज हो। भवदेव ब्राह्मण भएकाले संभवतः दौरासुरुवाल, कोट, टोपीमा देखापर्दछन् भने पुनाचा नेवार भएको हुनाले नेवारी पहिरनमा देखा पर्दछन्।[२]

दोस्रो अङ्क पूरै कलकत्ताका हरिसन रोड, चितपुररोड (मुकुन्दको डेरा) र हवडापुलको दृश्यमा देखिन्छ। यसमा केही पौरस्त्य संस्कृतिका सन्दर्भ आएका छन् भने अन्य पाश्चात्य संस्कृतिको प्रभाव भेटिन्छ। आधुनिक उपकरणहरू यातायातका साधनहरूको प्रयोग भएको थाहा पाइन्छ। रक्सीले वेहोस मुकुन्दलाई पशुपतिको चन्दन लगाइदिएको दृश्यले सांस्कृतिक धार्मिक सन्दर्भ प्रस्तुत गर्दछ। काठमाडौंवाट बाहिर जाने हिन्दुहरूले पशुपतिको चन्दन, फूलप्रसाद लिएर जाने प्रचलन थियो र अद्यापि छदैछ। त्यो संस्कृति यहाँ संकेतित छ।[३]

तेस्रो अङ्क पाटन रूपनारायणको घर इन्दिराको कोठामा खुल्दछ। उनी रामायण बाचिरहेकी देखिन्छिन्। रामायणको श्लोक नै प्रस्तुत हुनुले पौरस्त्य जगत्को उपजीन्य काव्य र तज्जन्य संस्कृतिको गहिरो छाप यहाँ स्पष्ट देखिन्छ। धनमती, राजमती पनि इन्दिराको कोठामा प्रवेश गर्दछन् भने रूपनारायण हात हेर्नेलाई लिएर प्रवेश गर्दछन्। विभिन्न विधिबाट मानिसको भाग्य भविष्य भन्ने प्रचलन हामीकहाँ छ। त्यसमध्ये जन्म कुण्डली र हात हेर्ने प्रचलन वढी देखिन्छ। त्यसको केही स्वरूप उद्घाटित छ।[४]

दोस्रो अङ्क पाटन कृष्ण देवलको दृश्यमा खुल्दछ। बत्ती बालेर वाजा वजाउँदै यात्रीहरूको ठूलो लावालस्कर लागेको देखिन्छ। कृष्ण र कृष्णको मन्दिर

---

[१] पूर्ववत्, पृ.९
[२] पूर्ववत्, पृ. १५
[३] पूर्ववत्, पृ. २०, २६, ३५
[४] पूर्ववत्, पृ. ४०

सिङ्गै पौरस्त्य संस्कृति र सभ्यताको आधार हो। भागवतादि अनेक ग्रन्थ, उपनिषद्, वेदान्तादि दर्शन गीता आदि शास्त्र कृष्णतत्त्व निर्वचनमा केन्द्रित छन्। त्यस मन्दिरमा प्रत्येक वर्ष चल्ने जात्रा पनि यहाँ संकेतित छ भने बत्ती बाल्नु र बाजा बजाउनुले पनि पौरस्त्य संस्कृति संकेतित हुन्छ।

त्यस्तै मुकुन्द र भवदेवका भेशभूषाले तात्कालीन नेपालीहरूको वस्त्राभूषणको संस्कृतिलाई संकेत गर्दछ। उनी दौरा सुरुवालको नेपाली लुगामा छन्। कोट पनि लगाएका छन्। त्यसभित्र सेतो पोटुका बाँधि खुकुरी पनि भिरेका छन्। त्यस्तै सेतो दाह्री जुँगा कपाल लगाई कोकिटाका छकल्ले टोपी, सुरुवाल र अंगरखा माथि ठूलो बदामी रङ्गको धुस्सा ओढेका भवदेव देखिन्छन्। यहाँ मन्दिर र नेपाली पहिरनको दृश्य विधान छ। दौरा सुरुवाल, र उपर्नामा भव देखिन्छन्। उपर्ना प्रायः ब्राह्मणहरूले प्रयोग गर्दछन्। क्षत्री, नेवार, र अलि काठमाडौंको तात्कालीन सभ्यता पाएकाहरूले दौरा सुरुवाल कोट, टोपी, जुत्ता, कम्मरपेटी वा पटुका पहिरन्थे त्यो पहिरन संस्कृति यहाँ संकेतित छ।[१]

दृश्य ३ रूपनारायणको घर अगिल्तिरको परिदृश्यमा खुल्दछ। त्यहाँ पानी थाप्ने पधेर्नीहरूले आवतजावत गरेको देखिन्छ। काठमाडौंमा सार्वजनिक धारा सार्वजनिक इनारको प्रचलन तत्काल व्यापक थियो। घरघरमा पानीको वितरण थिएन। त्यो संस्कृति यहाँ संकेतित छ। काम गर्ने नोकर चाकरले पानी ओसारे तापनि चोखो पानी चाँहि आँफै बोक्ने चलन नेवारी समुदायमा देखिन्छ। ब्राह्मणहरू पनि चोखो पानी आफै बोक्छन्। दृश्यमा एकजना धोतीमात्र लगाएका बाहुन देखिन्छन् र उनी नित्य पूजामा बस्छन्। रंगविधानमा बाहुनको प्रवेश नगराए पनि खास फरक पर्दैन तर हास्यतत्त्वको आधान र सांस्कृतिक तत्त्वको विन्यासका लागि उक्त पात्रको प्रवेश गराइएको देखिन्छ। घल्चामा गाग्रीकै सानो आकारको जलपात्र चोखो पानी लिने चलन देखिन्छ। यही धारामा नै भव र मुकुन्द पनि देखापर्दछन्। पधेर्नीहरू पनि देखिन्छन् र इन्दिरा पनि देखिन्छिन्। यहीं मुकुन्द र इन्दिराको प्रथम भेट र संवाद चलेको छ।[२] यसले काठमाडौंको जीवनशैलीमा धाराको प्रयोग गर्ने संस्कृति संकेतित हुन्छ।

दृश्य ४ रूपको घर पछाडि बारीमा खुल्द छ। प्रतःकालीन वातावरण र परिवेशको झल्को यहाँ देखिन्छ। मुकुन्द र इन्दिराको संवाद चल्छ। मुकुन्दका नराम्रा कुरा सुनेर उनी भुईमा घोप्टिएर रुन्छिन्। भुँइको माटोले मुकुन्दलाई हिर्काउछिन्।

दृश्य ५ रूपनारायणको सुत्ने कोठामा खुल्दछ। सामान्यतया काठमाडौंको शयनकक्षको साजसज्जा र अवस्था विशेषको संस्कृति यहाँ बोध हुन्छ। त्यस्तै विमानले चिठी र शारदा पत्रिका ल्याएकाले वि.सं १९९० बाट प्रकाशनमा आएको

---

[१] पूर्ववत्, पृ. ४७
[२] पूर्ववत्, पृ. ५१

शारदा साहित्यिक पत्रिका र त्यसको सामाजिक सांस्कृतिक प्रभाव देखिन्छ।[1] रूपले देवताहरूलाई ढोगेर चिठी खोलेको दृश्य पनि रङ्गविधानमा छ। रूपमा मात्र होइन नाटककारमा पनि देववादी संस्कृतिको छाप छ भन्ने कुरा अनुमान गर्न सकिन्छ।[२]

चारौं अङ्कको पहिलो दृश्य भवदेवको घरको बैठकमा खुल्दछ। घरको बैठकको दृश्य काठमाडौंको वास्तु संस्कृतिलाई संझाउने खालको छ। एकातिर ४ झ्याल, अर्कोतिर ३ दराज, भित्तामा ढोका भित्तामा नै श्री ३ महाराजको, रामराज्याभिषेकको, शिवपार्वती गणेश वयलमा चढेका तस्वीर छन्, ठूलो ऐना छ। घरभित्र देखाइएका सवैजसो दृश्यमा कतै न कतै कुनै न कुनै रूपमा देवताको तस्वीर देखाइएको पाइन्छ। यसवाट समको झुकाव र उनको चेतनामा रहेको सांस्कृतिक प्रभावको समेत अध्ययन गर्न सकिन्छ।[३]

दृश्य २ पुनः इन्दिराको कोठामा खुल्दछ। झुल गाँठो पारेर झुड्याएको देखिन्छ। इन्दिरा संझ्यालमुनि खास्टोमा सन्जाप हालिरहेकी देखिन्छिन्। विमान मुनिया, मैना, सुगाका पिंजडासहित देखापर्दछ रङ्गमञ्चमा र रूपले ती पन्छी पाल्न पठाएको कुरा सुनाउँछ। इन्दिरा ती पन्छीलाई पिजडावाट छोडिदिन्छिन्। चराचुरुङ्गी पाल्ने संस्कृति काठमाडौंमा पाइन्छ। त्यसको प्रतिविम्व यहाँ भेटिन्छ। 'राम राम भन् राधाकृष्ण बोल्' भन्दै आफ्ना प्रेमी भए ठाउँ जान बन्धनमुक्त गरिदिन्छन्। पतिका विषयमा अनेक कुरा गर्छिन् र सिरानमुनिबाट रामायण झिक्छिन् र 'राम यो नाममा शक्ति केही बाँकी भए अव। ठाउँ देऊ मलाई यो कालो मुख लुकाउने'[४] भन्दछिन्। यसबाट संस्कृतिप्रतिको अगाध ममता भाव झल्कन्छ।

दृश्य ३ सिम्भु सरस्वती स्थानमा खुल्दछ। त्यहाँ मन्दिर र पाटी देखिन्छन्। सरस्वती अगिल्तिर बसेर धनमती र राजामती पूजापाठ गर्न लागेका छन्। यसले मूर्ति पूजाको सिङ्गो संस्कृतिको प्रतिनिधित्व गरेको छ भने पाटी सभ्यताको पनि परिचय दिएको छ। पौरस्त्य संस्कृतिमा पाटीपौवा बनाउने, मठमन्दिर वनाउने, गुठी राख्ने, कुवा, धारा, इनार, पोखरी, चौतारो बनाउने धार्मिक सामाजिक परम्परा छ। यहाँका पाटीपौवा र मठमन्दिरले यही सभ्यतालाई संकेत गर्दछन्। यहाँ दुई डोली र चार डोले देखिन्छन्। यसले तत्कालीन यातायातको अवस्था र व्यवस्थालाई संकेत गर्दछ।[५] विद्यार्थीहरू पनि मन्दिरको प्रदक्षिणा र सरस्वतीको दर्शन गर्दछन्। यहाँ छात्रहरू सूर्य पृथ्वीको गति र भ्रमण कक्षका विषयमा पनि कुरा गर्दछन्, विज्ञानवादी दृष्टिकोण राख्दछन्।[६] मास्टर पनि सरस्वतीलाई ढोगेर वाहिर निस्कन्छन्। त्यस्तै बूढा डोलेहरूको मद्दत लिई

---

[१] पूर्ववत्, पृ. ६५
[२] पूर्ववत्, पृ. ६८
[३] पूर्ववत्, पृ.६९
[४] पूर्ववत्, पृ. ७७
[५] पूर्ववत्, पृ. ८०
[६] पूर्ववत्, पृ. ८३

सरस्वतीलाई ढोगेर डोली चढी निस्कन्छन्। यस दृश्यमा वेद, देव, वेदान्त र पौरस्त्य चिन्तनको समर्थन पाइन्छ।

दृश्य ४ रूपनारायणको घर पछिल्तिरको बारीमा ऊषः समयमा खुल्दछ। इन्दिरा झ्यालमा देखापर्दछिन्। मुकुन्द पर्खालमा देखापर्दछ। र यी दुई वीच गम्भीर संवाद चल्दछ। मुकुन्द आफ्नो प्रेम प्रस्ताव राख्दछन्। इन्दिरा अस्वीकार गर्दछिन्। अवदेखि पापी अनुहार नदेखाउन आग्रह गर्दछिन्। र 'देश भक्ति त मर्दैन चुत्थै देश भए पनि। पति भक्ति त मर्दैन पापी पति भए पनि'[1] भन्दछिन्। इन्दिराको सतीत्व र अगाध पतिभक्ति देखेर मुकुन्द मानसिक रूपमा परास्त हुन्छ। पौरस्त्य संस्कृतिको उत्कर्ष यहाँ देखाइएको छ।

पाँचौं अङ्कको प्रथम दृश्य भवदेवको घर कोठामा अरुणोदयका साथ खुल्दछ। भव र पुनाचा दराजवाट काठका कुँदिएका वाघचालका गोटी झिकेर खेल्न थाल्दछन्। काठका गोटीले राणापरिवार साहचर्यजन्य संभ्रान्त संस्कृतिलाई संकेत गर्दछ। यहाँ भव, मुकुन्दको संवाद चल्छ र ऊ परास्त भएको स्वीकार्दछ। साथै हिमालमा प्रायश्चित्त गर्न जाने कुरा गर्दछ।[2] पौरस्त्य संस्कृतिमा अनेक किसिमका प्रायश्चित्तका विधान छन्। त्यो यहाँ संकेतित छ।

दृश्य २ रूपनारायणको सुत्ने कोठामा खुल्दछ। रूपनारायण र राजामतीका लोग्ने वसिरहेका धनमती र राजामती ढक्की वरिपरि वत्ती कातिरहेका देखिन्छन्। व्राह्मणहरू रुद्री पाठ सिध्याएर जलप्रसाद वाँडी निस्कँदै गरेको देखिन्छ।[3]

महिलाहरूले वत्ती कात्ने कुरा पौरस्त्य परम्परामा रुढ देखिन्छ। विभिन्न समयमा विभिन्न किसिमका वत्ती वाल्ने प्रचलन भेटिन्छ। तीनसुते, पाँचसुते, वाह्रसुते, एक्काइसुते वत्ती, वाँहादीप, महादीप, अखण्डदीप, अकाशदीप, कार्तिकदीप, लक्षदीप, कोटीदीप आदिको विस्तृत विवरण र परम्परा पाइन्छ। त्यस्तै विभिन्न अवस्था र सन्दर्भमा रुद्री चण्डीको पूजा र पाठ गर्ने गराउने परम्परा नेपाली समाजमा प्रचलित रहेको पाइन्छ। यहाँमात्र होइन हिन्दू समाजमा सर्वत्र भेटिन्छ। वर्षकृत्यका रूपमा वा रोगव्याधि निको होस् भनेर वा गृहप्रवेश गर्दा, सप्ताह, नवाह, अन्य कतिपय यागहरूमा रुद्रीचण्डी लगाउने विशिष्ट धार्मिक सांस्कृतिक परम्परा भेटिन्छ। मुकुन्द प्रकट हुने पूर्वसन्ध्यामा रुद्रीचण्डी लगाएर धार्मिक आस्था र विश्वासलाई अझ वढी महत्त्व दिएको बुझिन्छ। तीर्थाटनका विषयमा यहाँ कुराकानी चलेको पाइन्छ। रूपनारायण सवै तीर्थ नेपालमै छन् कतै जान पर्दैन भन्ने मत राख्दछन्। पछि धनमती एक चिम्टी खरानी लिएर शपथ लिन्छिन्, बाहिर तीर्थाटनमा नजाने भनेर। पूजाकै दिन इन्दिरा माइत गएको घटना

---

[1] पूर्ववत्, पृ. ९२
[2] पूर्ववत्, पृ. ९९
[3] पूर्ववत्, पृ.१०५

त्यति मिलेको देखिदैन। 'सलाम छ रे' भन्नु पनि त्यति राम्रो मिलेको छैन। यो वाह्य संस्कृतिको प्रभाव पनि हो। रुद्री लाएकै दिन मुकुन्दको सुराक (नियताप्ति) पनि मिल्दछ।[१]

तेस्रो दृश्य इन्दिराको कोठामा खुल्दछ। झ्यालबाट कलिलो जून छिरिरहेको छ, खोपामा टुकी बलिरहेको, अर्धबन्ध झूलभित्र सिरानीमा रामायण राखेर बाचिरहेकी छिन्।[२] सीता हरणपछि लङ्का अशोक वाटिका सीता सामु पुगेका हनुमान् : 'काम् बित्ला भनि सानु बोलि झटपट बोल्या हनुमान् तसै' भन्ने ठाउमा पढ्दै छिन् इन्दिरा। उनको मनमा अन्तर्द्वन्द्व छ। जीवनप्रति घृणा र वितृष्णा छ। किताब बन्द गर्दछिन्। पतिप्रति प्रेमभाव व्यक्त गर्छिन्। भित्ताको गङ्गावतरणको तस्वीरलाई हात जाडी जीवन बाच्ने दृढता व्यक्त गरी 'सुखी हुन्छन् भने रक्सी सधैं पिइरहून् उनी। तर बिग्रोस् कलेजा यो मेरो चाहिं, केवल, यसैका निम्तिमा मात्रै खालि बाँचिरहूँ यहाँ ॥'[३] भन्दै ओछ्यानमा पल्टन्छिन्। सोही वेला मुकुन्द झ्यालबाट पसी गजबार लगाएर चूप रहन आग्रह गर्दछ। इन्दिरा झूलपछाडि लुक्छिन्। मुकुन्दले झूल खोल्दा दुवै हातमा तरबार लिएर रणचण्डी रूपमा देखापर्छिन्। मुकुन्द जाइलाग्दा खुकुरी प्रहार गर्दछिन्। उत्तिखेरै भवदेव आपुग्दछन् र परिचय गराएपछि उनी मूर्च्छामा पर्छिन्। घरका परिवार सबै रङ्गमञ्चमा देखिन्छन्। उपचार चल्दछ। मुकुन्दइन्दिराको पवित्र मिलनमा नाटकीय रङ्गविधान टुङ्गन्छ। 'वियोगान्तं न नाटकम्' भन्ने मान्यता पौरस्त्य नाट्य संस्कृतिमा भेटिन्छ, यस मान्यतालाई पनि यहाँ आत्मसात् गरिएको बुझिन्छ। त्यस्तै पौरस्त्य नाट्यसंस्कृतिमा प्रत्येक अङ्कको अन्त्यमा रङ्गमञ्चबाट पात्रहरू निस्कन्छन्। समको यस नाटकमा पनि अन्तिम दृश्यबाहेक सबै दृश्यमा रङ्गमञ्चबाट पात्रहरू निस्कन्छन्।

४. उपसंहार

यसरी १८ दृश्यमध्ये १० दृश्यमा प्रत्यक्ष रूपमा पौरस्त्य संस्कृतिको प्रभाव रहेको पाइन्छ। देवदेवीको तस्वीर, मन्दिर, पूजापाठ, रामायण पाठ, दीपज्वलन, जस्ता अनेक संस्कृति प्रदत्त रङ्गविधान यस नाटकमा रहेका छन्। त्यसैले गर्दा यस नाटकको परिवेशचित्रण र रङ्गविधानमा पौरस्त्य संस्कृतिको प्रभाव रहेको पुष्टि हुन्छ।

सन्दर्भसूची

---

[१] पूर्ववत, पृ. १०७
[२] पूर्ववत, पृ. ११४
[३] पूर्ववत, पृ. ११५

अमरसिंह, अमरकोश, सम्पा. कुलचन्द्र गौतम, काठ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०२२ ।

उपाध्याय, केशवप्रसाद, साहित्य प्रकाश, ल.पु. साझा प्रकाशन, २०२८

.........................., नेपाली नाटक र रङ्गमञ्च, काठमाडौँ : रुमुप्रकाशन ।

कुमारप्रसाद कोइराला, समको नाटकमा द्वन्द्व विधान, २०६५, त्रिवि, अप्रकाशित विद्यावारिधि शोधप्रवन्ध ।

ताना शर्मा, सम र समका कृति, ल.पु. साझा प्रकाशन, २०५८,

देवी सुवेदी, समको सुखान्त नाट्यकारिता, काठ., एकता प्रकाशन, २०६६ ।

नवराज कट्टेल : 'वालकृष्ण समको अन्धवेग नाटकमा सांस्कृतिक पक्ष', उन्नयन अङ्क ७३, २०६६ मंसिरपुस ।

वालकृष्ण सम, मुकुन्द इन्दिरा, ल. पु., साझा प्रकाशन, २०५८ ।

सोमनाथ सिग्देल, साहित्य प्रदीप, काठ. पुस्तक संसार,२०२८ ।

♣♣♣

काव्यको स्वरूप : एकचर्चा

नन्दन भट्टराई
उपप्राध्यापक

१.१ कविको स्वरूप

काव्यको स्वरूपको अनुसन्धान गर्ने क्रममा काव्य के हो त भन्ने जिज्ञासा उत्पन्न हुन्छ। काव्यलाई कविको कर्म मानिएको छ। यस प्रसङ्गमा कवि शब्दको व्युत्पत्ति अनेक प्रकारको पाइन्छ। 'कुङ् शब्दे- कवते इति कविः' भनेर मुखवाट शव्दोच्चारण गर्नेलाई कवि भनिएको छ। अथवा 'कौति कवते कवयति वा कविः' यस्तो व्युत्पत्ति पनि देखिन्छ। निरुक्तकार यास्कले पण्डितको पर्यायवाची भनेर कवि क्रान्तदर्शी हुन्छ र कवतेबाट व्युत्पन्न हुन्छ भनेका छन्- "सर्वाणि प्रज्ञानानि प्रतिमुञ्चते मेधावी। कविः क्रान्तदर्शनो भवति। कवतेर्वा।"[१] अतीत अनागत विप्रकृष्ट विषयक युगपदज्ञान जसलाई छ त्यो क्रान्तदर्शन हुन्छ। 'कवृ वर्णने स्तुतौ च' भन्ने आधारमा तत्त्वदर्शन गर्ने र वर्णन गर्ने कवि हो भन्ने भट्टस्तौतको अभिमत छ -

"नानृषि : कविरित्युक्तम् ऋषिश्च किल दर्शनात्।
दर्शनाद् वर्णनाच्चाथ रुढा लोके कविश्रुतिः ॥[२]

वेदमा अनेक ठाउँमा परमात्मालाई कवि भनेर सम्वोधन गरिएको छ- 'कविर्मनीपी परिभूःस्वयम्भूः'।[३] त्यसैगरी वैदिक वाणीका प्रथम प्रकाशक ब्रह्माजीलाई पुराणहरूले आदिकविको उपाधि दिएका छन्- "तेने ब्रह्म हृदा य आदिकवये।[४] गीतामा पनि परब्रह्म परमात्मालाई कवि भनिएको छ- "कविं पुराणमनुशासितारम्।'[५] लौकिक वाणीमा सर्वप्रथम वर्णन गर्ने वाल्मीकिलाई आदिकवि र उनको रामायणलाई आदिकाव्य मानिएको छ। सन्त तुलसीदासले पनि वर्ण, अर्थ, रस, छन्द एवम् मंगलका कर्ता अर्थात् कविका रूपमा सरस्वती र गणेशलाई स्वीकार गरेर वाल्मीकिलाई कवीश्वर भनेका छन्- 'वन्दे विशुद्धविज्ञानौ कवीश्वरकपीश्वरौ'।[६] भृगुपुत्र शुक्राचार्य पनि कवि र काव्य भनेर चिनिन्छन्- "शुक्रो

---

१ निरुक्त १२/१३।
[२] हेमचन्द्र, काव्यानुशासन ३७९।
[३] शुक्लयजुर्वेद संहिता ४०/८।
[४] श्रीमदभागवत् १।१।१।
[५] गीता ८।९।
[६] तुलसीकृत रामायण वालकाण्ड श्लोक १/४।

दैत्यगुरुः काव्य उशना भार्गवः कविः।"[१] कोशहरूले पण्डितको पर्यायवाची रूपमा कवि शब्दको परिगणना गरेका छन्- 'संख्यावान् पण्डितः कविः।'[२] सामान्य इतिवृत्त वर्णन गर्ने कवि होइन, अपूर्व चमत्कारी वस्तु वर्णन गर्नमा क्षमतावान् नै कवि हो भन्ने आनन्दवर्धनको मत प्रशंसनीय छ।[३] यसैगरी स्वामी प्रणवानन्दजीले हरेक कुरामा नित्य नवीन सुझबुझ राख्ने कवि हो भनेका छन्।[४] यसरी हरेक कुरामा नित्य नवीन सुझबुझ राखेर अपूर्व चमत्कारी वस्तु वर्णन गर्न सक्ने कवि हो र उसको कर्म काव्य हो भन्ने सिद्ध हुन्छ।

१.२ काव्यको स्वरूप

वेदको वचनअनुसार वेद देवको अमरकाव्य हो-"देवस्य पश्य काव्यं न ममार न जीर्यति।"[५] जगत् सृष्टिकर्ता स्वयं कवि भएकाले उनको रचना अर्थात् सम्पूर्ण सृष्टि नै काव्य हो भनेर भन्न सकिन्छ। "नानृषिः कविरित्युक्तम्"को आधारमा वेदादि सम्पूर्ण वाङ्मय काव्यको रूपमा परिभाषित हुन सक्छ। यस अर्थमा क्रान्तदर्शन कविको कृति नै काव्य हो। यस सन्दर्भमा आचार्य कुन्तकले कविको कर्म काव्य हो भन्ने अभिव्यक्ति दिएका छन्- 'कवेः कर्म काव्यम्।'[६] लोचनकारको मतमा 'कवनीयं काव्यम्' भन्ने पाइन्छ। आचार्य मम्मटले अलौकिक वर्णनमा निपुण कविको कर्म काव्य हो भनेका छन्- "लोकोत्तरवर्णनानिपुणकविकर्म काव्यम्।'[७]

यस्तो अलौकिक वर्णन गर्न निपुण कविको कर्म अर्थात् काव्य के हो त भन्ने सन्दर्भमा आचार्य भामहले *शब्दार्थौ सहितौ काव्यम्*[८] भनेर शब्द र अर्थको सहभाव अर्थात् साहित्यलाई काव्यको रूपमा स्वीकार गरेका छन्। कुन्तकले यसलाई अझ प्रस्ट पार्दै यस्तो सहभाव विशिष्ट हुनुपर्दछ र काव्यमा सौन्दर्याधानका लागि शब्द र अर्थको मनोहारिणी स्थितिको नाम नै साहित्य हो भनेका छन्। उनका विचारमा "शब्दार्थौ सहितौ सहभावेन साहित्येनावस्थितौ।...विशिष्टमेवेह साहित्यमभिप्रेतम्। ....साहित्यमनयोः शोभाशालिताम् प्रतिकाप्यसौ। अन्यूनानतिरिक्तत्वमनोहारिण्यवस्थितिः"[९] भन्ने पाइन्छ।

---

[१] अमरकोश दिग्वर्ग।
[२] अमरकोष ब्रम्हवर्ग।
[३] ध्वन्यालोक १९४।
[४] गीता प्रणवभास्य २३०।
[५] अर्थववेद १०।८।३२।
[६] वक्रोक्तिजीवितम् १३।
[७] काव्यप्रकाश १-२ वृत्ति।
[८] काव्यालंकार १-१६।
[९] वक्रोक्तिजीवितम् १-१७।

१.३ काव्यको स्वरूप

काव्यको स्वरूपलाई बाह्य स्वरूप र आन्तरिक स्वरूप गरी प्रतिपादन गर्न सकिन्छ। शब्द र अर्थ काव्यको बाह्य स्वरूप हो भने आत्मतत्त्व काव्यको आन्तरिक स्वरूप हो। काव्य शरीर घटक बाह्य स्वरूपको निरूपणमा मूलतः दुई मत देखिन्छ- शब्दवादी र शब्दार्थवादी।

१.३.१ बाह्य स्वरूप

क) शब्दवाद : काव्यमा शब्दको प्राधान्य मानेर 'शब्दः काव्यम्' भन्ने विचार धारालाई शब्दवाद भनिन्छ। शब्दलाई प्रधानतः काव्य मान्ने आचार्यहरूमा अग्निपुराणकार, दण्डी, कान्तिचन्द्र, शौद्धोदनि, केशवमिश्र, भोजराज, विश्वनाथ तथा जगन्नाथ प्रमुख हुन्। यिनीहरूको मतमा मनोहर अर्थ प्रतिपादन गर्ने शब्द, पदावली वा वाक्य नै काव्य हो। यस सन्दर्भमा केही आचार्यहरूको काव्यलक्षण यस्तो छ-

अ) "संक्षेपाद् वाक्यमिष्टार्थव्यवच्छिन्ना पदावली।
काव्यं स्फुरदलंकारं गुणवद् दोषवर्जितम्॥" (अग्निपुराण)

आ) "शरीरं तावदिष्टार्थव्यवच्छिन्ना पदावली।"[१]

इ) "निर्दोषा लक्षणवती सरीतिर्गुणभूषणा।
सालङ्काररसानेकवृत्तिर्वाक् काव्यशव्दभाक्॥"[२]

ई) "आस्वादजीवातुः पदसन्दर्भः काव्यम्॥"[३]

उ) "वाक्यं रसात्मकम् काव्यम्।"[४]

ऊ) "वाक्यं रसादिमत् काव्यम्।" (शौध्दोदनि र केशवमिश्र)

ऋ) "रमणीयार्थप्रतिपादकः शब्दः काव्यम्।"[५]

उपर्युक्त मतको सारांश अर्थाश्रित शब्दको काव्यत्व मान्नुमा छ अर्थात् अर्थलाई विशेषण (गौण) र शब्दलाई प्रधान मानिएको छ।

ख) शब्दार्थवाद : काव्यमा शब्द र अर्थ दुवैको प्राधान्य स्वीकार गरेर 'शब्दार्थौ काव्यम्' भन्ने विचारधारा शब्दार्थवाद हो। शब्दार्थकाव्यतावादी आचार्यहरूमा भामह, वामन, रुद्रट, राजशेखर, वाग्भट, आनन्दवर्धन, कुन्तक र मम्मट आदि उल्लेखनीय छन्। यीबाहेक इन्दुराज, क्षेमेन्द्र, विद्यानाथ, कर्णपूर, अच्युतराय,

---

[१] दण्डी काव्यादर्श १-१०।
[२] जयदेव चन्द्रालोक १-७।
[३] चण्डीदास काव्य प्रकाश दीपिका (काव्यप्रकाश प्रथम भाग ८६)
[४] विश्वनाथ साहित्यदर्पण
[५] पण्डितराज जगन्नाथ रसगंगाधर ४

धर्मसूरि आदि पनि शब्दार्थवादका समर्थक हुन्। यीमध्ये केही प्रमुख आचार्यहरूको काव्यलक्षण यस्तो छ-

अ) "शब्दार्थौ सहितौ काव्यम्।"[१]

आ) "काव्यशब्दोऽयं गुणालङ्कारसंस्कृतयोः शब्दार्थयोर्वर्तते।"[२]

इ) "ननु शब्दार्थौ काव्यम्।"[३]

ई) "शब्दार्थौ सहितौ वक्रकविव्यापारशालिनि।
बन्धे व्यवस्थितौ काव्यं तद्विदाह्लादकारिणि॥"[४]

उ) "तददोषौ शब्दार्थौ सगुणावनलङ्कृती पुनः क्वापि॥"[५]

उपर्युक्त लक्षणहरूको तात्पर्य दोषरहित, गुणसहित, प्रायः सालङ्कार शब्द र अर्थको साहित्य नै काव्य हो भन्ने देखिन्छ। महाकवि कालिदासले पनि सहभाव समन्वित विशिष्ट शब्दार्थमा काव्यत्व मानेका छन्- "वागर्थाविवसंपृक्तौ वागर्थप्रतिपत्तये।"[६] महाकवि माघको अभिमत पनि यस्तै छ- "शब्दार्थौ सत्कविरिव द्वयं विद्वानपेक्षते।"[७]

ग) व्यञ्जनाव्यापारवाद : कतिपय विद्वान्हरू शब्द र अर्थ दुवैको सहभाव स्वीकार गरेर पनि काव्यमा 'शब्दार्थयोरप्राधान्यम्' भन्ने भिन्न मत प्रदर्शन गर्दछन्। यिनीहरूले वेद, पुराण र इतिहासवाट काव्यको विलक्षणता प्रतिपादन गर्न शब्द र अर्थ दुवैलाई गौण मानेका छन्। यस सन्दर्भमा मम्मटाचार्य भन्दछन्- "शब्दार्थयोर्गुणभावेन व्यापारप्रवणतया विलक्षणं यत्काव्यं तत्कान्तेव सरसतापादेनाभिमुखीकृत्य रामादिवत् प्रवर्तितव्यं न रावणादिवदित्युपदेशं यथायोग्यं सहृदयस्य च करोति।"[८] आनन्दवर्धनले पनि भनेका छन्-

"यत्रार्थः शव्दो वा तमर्थमुपसर्जनी कृतस्वार्थौ।
व्यङ्क्तः काव्यविशेषः स ध्वनिरिति सूरिभिः कथितः॥"[९]

त्यस्तै हृदयदर्पणकारले शब्दप्रधान शास्त्र हुन्छ, अर्थप्रधान पुराण इतिहास हुन्छ, शब्द र अर्थ दुवै गौण भएर व्यञ्जना व्यापारको प्रधानता जहाँ हुन्छ त्यो काव्य हुन्छ भनेका छन्-

"शब्दप्राधान्यमाश्रित्य तत्र शास्त्रं पृथग् विदुः।

---

[१] भामह काव्यालंकार १।१६।
[२] वामनकाव्यालंकार सूत्र ४।
[३] रुद्रटरुद्रटालंकार २/१।
[४] कुन्तक वक्रोक्तिजीवित १७।
[५] मम्मट काव्यप्रकाश १।१।
[६] रघुवंश १।१।
[७] शिशुपालवधम् २ र ८८।
[८] काव्यप्रकाश १।१ र
[९] ध्वन्यालोक १।१३।

अर्थे तत्त्वेन युक्तेतु वदन्त्याख्यानमेतयोः ॥
द्वयोर्गुणत्वे व्यापारप्राधान्ये काव्यगीर्भवेत् ॥"[१]

उपर्युक्त मतलाई अनुभयवाद वा व्यञ्जनावाद पनि भन्ने गरिन्छ ।

१.३.२ आन्तरिक स्वरूप

काव्यको आन्तरिक स्वरूपको प्रतिपादन आत्मतत्त्वले गर्दछ । यही आत्मस्थानी तत्त्वको निरूपणमा देखिएको मतान्तरले काव्यमा अनेक वाद वा सम्प्रदायको सिर्जना हुन गयो । आ-आफ्ना सम्प्रदायगत दर्शन र सिद्धान्तको आधारमा रसवाद, अलंकारवाद, रीतिवाद, वक्रोक्तिवाद, ध्वनिवाद र औचित्यवादको जन्म हुन गएको हो । काव्यको आत्मा के हो ? भन्ने प्रश्नको विवेचनामा आधारित यी सिद्धान्तहरूको सङ्क्षिप्त चर्चा गर्नु सान्दर्भिक नै हुनेछ ।

क) रससम्प्रदाय : काव्यमा रसको प्राधान्य स्वीकार गरेर रससम्प्रदाय भनिएको हो । काव्यमीमांसामा राजशेखरले रससम्प्रदायको प्रारम्भ नन्दिकेश्वरबाट भएको उल्लेख गरेका छन् तर यिनको कुनै ग्रन्थ उपलब्ध नभएकोले नाट्यशास्त्रकार भरतमुनिलाई यस सम्प्रदायको प्रर्वतक मानिन्छ । भरतमुनिको 'विभावानुभावव्यभिचारिसंयोगाद् रसनिष्पत्तिः' भन्ने सूत्र प्रसिद्ध छ । रससिद्धान्तको व्याख्याकारका रूपमा भट्टलोल्लटको उत्पत्तिवाद, शङ्कुकको अनुमितिवाद, भट्टनायकको भुक्तिवाद र अभिनवगुप्तको अभिव्यक्तिवाद प्रसिद्ध छ । रसवादका प्रौढ समर्थक विश्वनाथले काव्यको आत्मा रस हो भनेर रसवादको प्रतिष्ठा गरेका छन्- 'वाक्यं रसात्मकं काव्यम् ।'

ख) अलङ्कार सम्प्रदाय : अलङ्कारवादी आचार्यहरूको मतमा काव्यको आत्मा अलङ्कार मानिन्छ । भामहले काव्यमा चारुत्वहेतु शब्दालङ्कार र अर्थालङ्कार दुवैलाई अभीष्ट मानेका छन्- 'शब्दाभिधेयालङ्कारभेदादिष्टं द्वयं तु नः ।'[२] त्यसैले उनको 'शब्दार्थौ सहितौ'को अर्थ 'शब्दार्थौ सालङ्कारौ' भन्ने हुन्छ । उनले सवै अलङ्कारको मूलमा अतिशयोक्ति रहन्छ र यो नै वक्रोक्ति (अलङ्कार प्रपञ्च) हो भनेका छन्- "सैषा सर्वत्र वक्रोक्तिरनयार्थो विभाव्यते । यत्नोस्यां कविना कार्यः कोऽलङ्कारोऽनया विना ॥"[३] जयदेवले त उष्णताविनाको आगो जसरी हुँदैन त्यसैगरी विनाअलङ्कार काव्य हुँदैन भनेका छन् ।[४] यस सम्प्रदायको प्रवर्तक भामह हुन् । अन्य आचार्यहरूमा उद्भट, दण्डी, रुद्रट, प्रतिहारेन्दुराज, जयदेव आदि हुन् ।

---

[१] हेमचन्द्र काव्यानुशासन ४ ।
[२] काव्यालङ्कार १।-१५ ।
[३] काव्यालङ्कार २। ८४-८५ ।
[४] चन्द्रालोक १।८ ।

ग) रीतिसम्प्रदाय : काव्यमा पदसन्निवेशको शैलीलाई रीति भनिन्छ- 'पदसंघटना रीतिः ।' वामनले 'रीतिरात्मा काव्यस्य' भनेर रीतिसम्प्रदायको स्थापना गरेका छन् । माधुर्यादिगुणविशिष्ट रचना रीति भएकाले यसलाई गुणसम्प्रदाय पनि भनिन्छ ।[१]

घ) वक्रोक्तिसम्प्रदाय : आचार्य कुन्तकलाई वक्रोक्तिसम्प्रदायको प्रवर्तक मानिन्छ । यिनले 'वक्रोक्तिः काव्यजीवितम्' भनेर वक्रोक्तिलाई काव्यको प्राण मानेका छन् । यिनको वक्रोक्तिको अर्थ चतुर मानिसको चामत्कारिक भनाइ हो- 'वक्रोक्तिरेव वैदग्ध्यभङ्गीभणितिरुच्यते ।'[२]

ङ) ध्वनिसम्प्रदाय : ध्वनिसम्प्रदायका प्रवर्तक आनन्दवर्धन हुन् । यिनले ध्वनिलाई काव्यको आत्मा मानेका छन्- 'काव्यस्यात्मा ध्वनिरिति' । [३] ध्वनिसिद्धान्तको पुनः प्रतिष्ठा गरेका हुनाले काव्यप्रकाशकार मम्मटलाई 'ध्वनिप्रस्थापनपरमाचार्य' भनेर भनिन्छ ।

च) औचित्यसम्प्रदाय : औचित्यसम्प्रदायका संस्थापक आचार्य क्षेमेन्द्र हुन् । यिनले औचित्यलाई काव्यको जीवन मानेका छन्- 'औचित्यं रससिद्धस्य स्थिरं काव्यस्य जीवितम् ।'[४] जहाँ जे गर्नुपर्छ त्यो उचित हो र उचितको भाव नै औचित्य हो ।

१.४ उपसंहार

यसरी प्रारम्भमा परब्रह्म परमात्मा, सृष्टिकर्ता ब्रह्माजी, मन्त्रद्रष्टा ऋषि आदि कुनै पनि अर्थको वर्णन गर्नेलाई कवि भनिन्थ्यो भने कालान्तरमा कविको अर्थ सुन्दर अर्थको सौन्दर्यपूर्ण वर्णनद्वारा सहृदयको हृदयलाई झङ्कृत गर्न समर्थ व्यक्ति हुन गयो । त्यसैगरी काव्यको अर्थ वेद, पुराण, इतिहास हुँदै अलौकिक वर्णनमा निपुण कविकर्म हुन गयो । काव्य र साहित्यलाई शब्दार्थको सहभावको रूपमा पर्यायवाची स्वीकार गर्दागर्दै पनि आधुनिक कालमा साहित्यको क्षेत्र व्यापक हुन गएको छ । दर्शन, तन्त्र, ज्यौतिषलगायत चिकित्सा र इन्जिनियरिङजस्ता प्राविधिक विषयको समेत लेखबद्ध रचनालाई साहित्य मान्ने प्रचलन बढेको छ । तर सबै साहित्यलाई काव्यको रूपमा स्वीकार गर्न सकिन्न । समान समस्त गुणले सम्पन्न

---

१ काव्यालङ्कारसूत्र ।
२ वक्रोक्तिजीवित १।१० ।
३ ध्वन्यालोक १।१ ।
४ औचित्यविचारचर्चा ।

दुई मित्रजस्तै पारस्परिक शोभाका निमित्त समान रूपले युक्त शब्द र अर्थको सङ्गति नै साहित्य हो र यही सहृदय-हृदयाह्लादकरी कमनीय कोमल साहित्य मात्र काव्यको रूपमा परिभाषित हुन सक्छ। यस सन्दर्भमा महाकवि विह्लणको 'साहित्यरूपी समुद्रबाट उत्पन्न काव्यामृत' भन्ने सूक्ति स्मरणीय छ।[1] साहित्य किंवा काव्य शास्त्रद्वारा नियमन हुने क्रममा शब्द र अर्थसँगै अलङ्कार, गुण, रीति, औचित्य, वक्रोक्ति आदिको पनि स्वरूप र सार दुवैमा परिवर्तन भएको छ। यसै क्रममा ध्वनिको स्पष्टताले काव्यको चमत्कृतिमा नयाँ उल्लास थपियो। आलोचकका मान्यता वैचित्र्यले काव्यमा सम्प्रदाय अथवा वादको उत्पति हुन गई काव्यको स्वरूप अनुसन्धानमा मौलिक सिद्धान्तहरू स्थापना भए। चारुताहेतुमा देखिएको प्राधान्य अप्राधान्य विवादले मूल रूपमा काव्यको आत्मतत्त्व निरूपणमा सहायता दिएको छ। व्युत्पत्ति र अभ्यास सम्मिलित प्रतिभाजन्य कमनीय लोकोत्तर कवि वर्णनको दृष्टादृष्ट प्रयोजन स्वीकार गर्दागर्दै पनि अनिर्वचनीय ब्रह्मास्वादसहोदर अलौकिक आनन्दको प्राप्तिको निमित्त कवि वाणीको समुल्लासको निष्यन्द 'रसो वै सः' हो भन्नेमा विमति छैन। यस अर्थमा काव्यको मूल स्वरूप रस हो भन्ने सिद्ध हुन्छ।

सन्दर्भग्रन्थसूची

आनन्दवर्धन, ध्वन्यालोक, विश्वेश्वरी टीका, ज्ञानमण्डल लि., वाराणसी। गीता।

जयमन्त मिश्र, काव्यविच्छित्तिमीमांसा, राष्ट्रिय संस्कृत संस्थान, दिल्ली।

दण्डी, काव्यादर्श, चौखम्बा विद्या भवन, वाराणासी।

पण्डितराज जगन्नाथ रसगङ्गाधर, चन्द्रिका टीका, नागेश टीका, चौखम्भा विद्या भवन।

भामहाचार्य, काव्यालङ्कार, विहार राष्ट्र भाषा परिषद्, पटना।

मम्टाचार्य, काव्यप्रकाश, नाग प्रकाशन, दिल्ली, १९९५।

" " विश्वेश्वरी टीका, ज्ञानमण्डल लि., वाराणासी, १९६०।

राजनक कुन्तक, वक्रोक्तिजीवितम्, चौखम्बा संस्कृत संस्थान, २०४७।

राजानक रुय्यक, अलङ्कारसर्वस्व, जयरथकृत विमर्सिनी, त्रिलोकनाथ द्विवेदीटीका।

रुद्रट, काव्यालङ्कार, चौखम्बा विद्या भवन, वाराणासी।

वामनाचार्य, काव्यालङ्कारसूत्र, चौखम्बा सुरभारती प्रकाशन।

विश्वनाथ, साहित्यदर्पण, रा. सं. संस्थान, १९९९।

" " सम्पा. शालग्रामशास्त्री टीका, मोतीलालवनारसीदास, १९७७।

♣♣♣

[1] विक्रमाङ्कदेवचरित।

मीमांसाशास्त्रमा यज्ञ अधिकार

नारायणप्रसाद नेपाल
सहायक प्राध्यापक

१.१ विषय प्रवेश

माङ् माने धातुबाट जिज्ञासा अर्थमा सन् प्रत्यय लागेर त्यसमा टाप् प्रत्यय गाँसिएर मीमांसा शव्द निष्पन्न हुन्छ। मीमांसाशास्त्र एउटा विद्याको रूपमा विकसित भएको शास्त्र हो। यसको चर्चा प्राचीन कालदेखि नै भइरहेको छ। पुराण, न्याय, मीमांसा, धर्मशास्त्र, वेद (चार वेद) र वेदाङ्गहरू शिक्षा, कल्प, निरुक्त, छन्द, ज्यौतिष र व्याकरण गरी चौध विद्यालाई प्राचीन गुरुकुलीय विद्याको मणिका रूपमा बुझिन्थ्यो र अहिले पनि ती विद्यालाई पूर्वीय ज्ञानको प्रथम प्रहरमा सम्झन सकिन्छ।[१] "मीमांसा" त्यही चौध विद्यामध्येको एउटा विद्या हो। जसमा वेदको दुरुह वाक्यको निर्णय अधिकरणमा भनेअनुसार गरिन्छ। जसमा कुनै विषयको विषय, संशय, पूर्वपक्ष, उत्तरपक्ष र निर्णय गरेर पाँच भागमा कुनै पनि सन्दिग्ध वाक्यको निर्णय गरिन्छ। जुन आधुनिक न्यायालयमा पनि यही मीमांसाको पद्धति अँगालिएको देखिन्छ। तर पूर्वमीमांसामा भने धर्मको विषयमा नै निर्णय गरिने पद्धति रहेको छ। आज पनि त्यसको महतत्त्व धर्मशास्त्रको न्याय दिनुमा रहेको पाइन्छ।[२]

१.२ पूर्वमीमांसाको विकासक्रम

मीमांसाशास्त्रको विकासक्रम कहिलेदेखि भएको हो, भन्ने तिथिमिति उल्लेख छैन तर जहिलेदेखि वेदको प्रादुर्भाव भयो, त्यही वेलादेखि नै यसको पनि चर्चा भएको हुनुपर्छ, किनकि पूर्वमीमांसाले वेदलाई अपौरुषेय सिद्ध गरेको र वेदको पनि नित्यता छ भन्ने मानेकाले यसको पनि इतिहास लामो नै भएको हुनुपर्छ, किनकि यस शास्त्रलाई पहिले ब्रह्माले प्रजापतिलाई, प्रजापतिले वृहस्पतिलाई, वृहस्पतिले द्वैपायनलाई, द्वैपायनले जैमिनिलाई र जैमिनिले आफ्ना शिष्यहरूलाई पढाएको पाइन्छ।[३] त्यस पछि जैमिनिले मीमांसा सूत्रको रचना गरी बाह्र अध्यायको ग्रन्थ बनाएका थिए। जसलाई द्वादशीलक्षणी भनिन्छ। जसमा प्रथम अध्यायमा-प्रमाण, दोस्रोमा-कर्मभेद, तेस्रोमा-शेष शेषी, चौथोमा- प्रयुक्ति प्रयोजक, पाँचौंमा-

---

[१] याज्ञवल्क्य स्मृतिः अ. १/३ निर्णय सागर प्रेस बम्बई

[२] श्लोक वार्तिकम्, कुमारिल भट्ट अ.१/२, पृष्ठ

[३] पार्थसारथी मिश्रः, न्यायरत्नम्, पृष्ठ ८।

क्रम, छैटौँमा-अधिकार, सातौँमा-सामान्य अतिदेश, आठौँमा-विशेष अतिदेश, नवौँमा-ऊह, दसौँमा-बाध, एघारौँमा-तन्त्र र बाह्रौँमा- प्रसङ्ग, यसरी विवेचना गरिएको छ ।[१]

मीमांसा सूत्र जटिल बन्दै गएपछि मूर्धन्य विद्वान शवरस्वामीले यसको भाष्य रचना गरे जसलाई "शावरभाष्य" भनिन्छ । जसको रचनाकाल इ. ४०० मानिएको छ ।[२] शवरस्वामीपछि इ.पू. ७०० तिर कुमारिल भट्टले यसमा श्लोक वार्तिक, तन्त्रवार्तिक र टुप्टीका जस्ता ग्रन्थको रचना गरे जसमा वेदविरोधी चार्वाक, वौद्ध र जैन मत तथम वेदाविरोधी न्याय, वैशेषिक, साङ्ख्य, योग र वेदान्तको समेत आलोचना गरेका छन् ।[३] मीमांसाका मूर्धन्य विद्वान् कुमारिल भट्टले आफ्ना समकक्षी अन्य दर्शनका मतको खण्डन गर्दै वैदिक कर्म प्रतिपादक मीमांसाको प्रतिष्ठा आर्यावर्तमा फैलाएका थिए ।[४] त्यसपछि प्रभाकर मिश्रले वृहती र लघ्वीजस्ता टीका लेखेर मीमांसाको अर्को मत पनि विकास गरे उनका अनुयायी शालीकनाथ मिश्रले दीपशिखा, ऋजुविमला र प्रकरणपञ्चिका जस्ता ग्रन्थहरू लेखे । कुमारिलका अनुयायीहरूमा पार्थसारथी मिश्रले शास्त्रदीपिका, न्यायरत्नमाला, तन्त्ररत्नम्, न्यायरत्नाकरजस्ता ग्रन्थहरू लेखे र प्रचारप्रसार गरे । भामतीपति वाचस्पति मिश्रले न्यायकणिका जस्ता टीका लेखे र मीमांसालाई पूजित विचार वचन भनेर भनेका छन् । मीमांसामा तेस्रो मत मुरारी मिश्रको रहेको छ । उनको त्रिपाद, नीतिनयन भन्ने ग्रन्थ प्रकाशित भएको छ ।[५] यिनी भट्टमत र प्रभाकरमतभन्दा भिन्दै मतका संस्थापक मानिन्छन् ।

१.३ मीमांसाको प्रयोजन

मीमांसाको प्रथम सूत्र "अथाऽतो धर्म जिज्ञासा" हो । यही सूत्रबाट कुमारिल भट्टले आफ्नो ग्रन्थ श्लोकवार्तिकमा मीमांसाको प्रयोजन धर्मको विषयमा बोल्नु हो भनेका छन् ।[८] यसर्थ धर्म तथा धर्म निर्णयमा विचार गर्नु नै यसको मूल प्रयोजन हो ।

१.४ मीमांसाको उद्देश्य

मीमांसाको उद्देश्य धर्मद्वारा अपूर्व सिद्ध हुन्छ भन्ने रहेको छ । अपूर्व भनेको वेदमा बताइएको विहित र निषिद्ध कर्मको तत् तत् वाक्यद्वारा तत्तत् फल साधनका लागि ज्ञान भएपछि चाँडै विनाश हुने कर्मको कालान्तरमा उत्पन्न हुने स्वर्ग तथा नरक आदि फलको प्रति साधन कारण हो । यसद्वारा वेदविहित कर्म गरेपछि स्वर्गादि फल र

---

[१] मीमांसादर्शनम् तर्कपादः, डा. शर्मा उमाशंकर, पृष्ठ ८ ।
[२] मीमांसादर्शनम् तर्कपादः, डा. शर्मा उमाशंकर, पृष्ठ ९ ।
[३] पूर्ववत्, पृष्ठ ११ ।
[४] पूर्ववत्, पृष्ठ ११ ।
[५] दर्शनामृत, पराजुली बुद्धिसागर, पृष्ठ ८,९ ।
[६] श्लोकवार्तिकम्, भट्ट कुमारिल, पृष्ठ १ ।

वेदनिषिद्ध कर्म गरे नरक आदि फल प्राप्त हुन्छ। त्यसैले कर्म तथा स्वर्गादि फलको वीचमा गरिने कल्पनालाई अपूर्व भनिन्छ।[1]

१.५ मीमांसामा प्रतिपाद्य विषयहरू

मीमांसामा बाह्र अध्यायहरू रहेका छन्। यसमा धर्म, अर्थ र काम सम्बन्धी विचारहरू रहेका छन् भने मोक्षचाहिँ वेदान्त दर्शनमा रहेको छ। तसर्थ पूर्व मीमांसामा लोकव्यवहारको माध्यममात्रै रहेको पाइन्छ। बाह्र अध्यायहरूमा प्रमाण-भेद- शेषत्व- प्रयुक्ति- क्रम- अधिकार- समान्यातिदेश- विशेषातिदेश- ऊह वाध तन्त्र-प्रसङ्ग गरी वाह्रवटा विषयहरू पुरुषार्थसम्बन्धी रहेका छन्। त्यसमा पनि सार रूपमा धर्म नै यसको प्रतिपाद्य विषय हो।[2]

१.६ मीमांसाअनुसार वैदिक यज्ञका अधिकारीहरू

वैदिक यज्ञको अधिकारीका लागि आठ वर्षमा व्राह्मणको, एघार वर्षमा क्षेत्रीको, बाह्र वर्षमा वैश्यको उपनयन गर्नुपर्छ।[3] उपनयन पछाडि वेदाध्ययन गर्नुपर्छ अनि मीमांसाको अध्ययन प्रारम्भ हुन्छ। मीमांसा अध्ययन गरेपछि मात्रै शास्त्रको रहस्यहरू बुझ्दछ अनि त्यो व्यक्ति आचार्य हुन्छ।[4] त्यसैले वेदाध्ययन गरेको व्यक्ति वेद विहित कर्ममा प्रथम अधिकारी हो। त्यसपछि यज्ञको फलभोगको इच्छा गर्ने व्यक्ति पनि यज्ञ अधिकारी हो। ब्राह्मण, क्षेत्रीय, वैश्य र तिनीहरूका पत्नीहरूमा पनि यज्ञको अधिकार हुन्छ। त्यसै गरी रथाकार जातिको पनि वर्षा ऋतुमा अधिकार छ। रथाकार भनेको रथ बनाउने विशेष जाति हो, त्यो जाति वर्णसंकर हो। माहिष्यवाट शुद्रामा उत्पन्न भएको त्यस जातिलाई यज्ञ अधिकारी मानिएको छ।[5] त्यसै गरी निषादस्थपतिको पनि अधिकार छ। यो जाति संकीर्ण भए तापनि धन खर्च गरेर रौद्र याग गर्ने कुरा बताइएको छ।[6] त्यसैले लोकमा पनि वैदिक यज्ञको प्रतिनिधिको रूपमा रुद्री प्रचलनमा आएको अनुमान गर्न सकिन्छ।

१.७ वैदिक यज्ञका अनाधिकारीहरू

वैदिक यागमा देवताहरूको असंस्कृत मनुष्यको, कीटपतङ्ग वा पशुपंक्षीहरूको, आँखा नदेख्ने अन्धाको, कान नसुन्ने वहिराको, पङ्गुहरूको भने अधिकार छैन। किनभने देवताहरूको शरीर नभएको हुनाले, असंस्कृत मनुष्यको संस्कार नभएको हुनाले, कीटपतङ्ग वा पशुपंक्षीहरूले मनुष्यझैँ कर्म गर्न नसक्ने हुनाले, अन्धाहरूले द्रव्य निरीक्षण गर्न नसक्ने हुनाले, कान नसुन्ने वहिराहरूले मन्त्र

---

[1] कृष्ण यज्वा:, मीमांसा-परिभाषा, पृष्ठ १५।
[2] मीमांसादर्शनम् तर्कपाद:, डा. शर्मा उमाशंकर, पृष्ठ ११
[3] मनुस्मृति:, पृष्ठ ४५।
[4] प्रकरण पञ्चिका, शालीकनाथ मिश्र, पृष्ठ १२।
[5] जैमिनीय न्यायमाला, माधवाचार्य:, पृष्ठ ३४०।
[6] पूर्ववत्, पृष्ठ ३४५-४७।

उच्चारण गर्न सामर्थ्यको अभावले र पङ्गुहरू हिँडडुल गर्न नसक्ने हुनाले तिनीहरूलाई यज्ञमा अधिकारी मानिएको छैन ।[1]

सन्दर्भ ग्रन्थसूची :-

आपदेवः मीमांसान्याय प्रकाशः, चौखम्वा संस्कृत संस्थान, वनारस, चौथौ संस्करण वि.सं. २०५८ ।

कृष्ण यज्वाः मीमांसा-परिभाषा, (अलका हिन्दी व्याख्या सहित), चौखम्वा पब्लिसर्स, वाराणसी, तृतीय संस्करण, इ. २००५ ।

जैमिनि, जैमिनिसूत्रम्, वनारस, जयकृष्णदाश गुप्ता विद्या विलास प्रेस वनारस, इ. १९९७ ।

वुद्धिसागर पराजुली दर्शनामृतम्, संकटा प्रेस काठमाडौँ, वि.सं. २०२५ ।

भट्ट, कुमारील, श्लोकवार्तिकम्, चौखम्वा विद्या भवनं, वाराणासी इ. १९९६ ।

मण्डन मिश्रः मीमांसानुक्रमणिकाः, चौखम्वा संस्कृत सिरिज, विद्या विलास प्रेस, वनारस, इ. १९२९ ।

मनुः मनुस्मृतिः, (कल्लुकभट्टप्रणीत मन्वर्थमुक्तावली, मणिप्रभा टीकासहित, चौखम्वा संस्कृत संस्थान, वनारस, वि.सं. २०६० ।

माधवाचार्यः, जैमिनीय न्यायमाला, प्रकाशकः स्वामी शैलाभिजनः वि. स्वामीनाथार्यः वम्बई इ. १९८३ ।

मिश्र, पार्थसारथी न्यायरत्न, चौखम्वा संस्कृत संस्थान, वाराणसी ।

शवरस्वामी, शावरभाष्यम् आनन्दाश्रम संस्कृत ग्रन्थावलीः ग्रन्थांक-९७, आनन्द आश्रम, इ. १९८४ ।

शर्मा उमाशङ्करः मीमांसादर्शन तर्कपादः, चौखम्वा सुरभारती ग्रन्थमाला, वाराणसी, द्वितीय संस्करण, इ. १९९१ ।

♣♣♣

[1] जैमिनीय न्यायमाला, माधवाचार्यः, पृष्ठ ३४१-४४ ।

व्याकरणशास्त्रको परम्परा

नारायणप्रसाद पौडेल
उपप्राध्यापक

व्याकरण वेदाङ्ग भएको हुनाले वेदका वारेमा सामान्य चर्चा गर्न आवश्यक देखिन्छ । विदन्ति अनेन यस्तो विग्रह गर्दा ज्ञानार्थक विद्धातुदेखि अकर्तरि च कारके संज्ञायाम् (पा.सू.३।३।१९) यो सूत्रले घञ् प्रत्यय भएर निष्पन्न भएको वेद शब्दको अर्थ हुन्छ ज्ञान । ज्ञान शब्द व्यापक अर्थको वाचक शब्द हो । जस्तै इतिहास पनि एक ज्ञान हो, भूगोल, गणित आदि शास्त्र पनि ज्ञानका शाखाहरू हुन् तापनि यहाँ वेद शब्दले त्यो ज्ञानलाई जनाउँछ जो सर्वप्रथम ऋषि महर्षिहरूले अन्वेषण वा साक्षात्कार गरेका थिए । पारम्परिक रूपमा वेदका मन्त्रहरूका द्रष्टा नै ऋषिहरू हुन् भन्ने मान्यता रहेको छ । त्यस कारण यास्कले निरुक्तमा ऋषिहरूलाई[1] मन्त्रद्रष्टा भनेका छन् । वेद विश्वको प्राचीनतम् ग्रन्थ हो, ज्ञान विज्ञानको भण्डार हो । यसैबाट नै अन्य विद्याका विधाहरू विकसित भएका हुन् ।[2]

मन्त्र र ब्राह्मण ग्रन्थलाई वेद मान्ने गरिए तापनि वस्तुतः वेद मन्त्रसंहिता हो । वेद चार छन्- ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद । ब्राह्मणग्रन्थ, आरण्यक, उपनिषद् षड् वेदाङ्ग तथा उपाङ्ग (पुराण न्याय मीमांसा धर्मशास्त्र) आदि वेदवाट नै विकसित भएका हुन् । उपनिषद्पछि वेदका ६ अङ्गहरूको क्रम रहेको छ - १) शिक्षा २) कल्प ३) व्याकरण ४) निरुक्त ५) छन्द ६) ज्योतिष । यिनीहरूको मूलस्रोत वेद हो । वेदाङ्गमध्ये तेस्रो स्थान ओगट्ने व्याकरण हो । व्याकरणले प्रकृति, प्रत्यय आदि उपदेशद्वारा पदको स्वरूप र त्यसको अर्थ निश्चय गर्न मद्दत गर्दछ । व्याक्रियन्ते-व्युत्पाद्यन्ते शब्दा येन यस्तो विग्रहमा वि आङ् (आ) उपसर्गपूर्वक कृ धातुदेखि[3] ल्युट् प्रत्यय र अन आदेश भएर व्याकरण शब्द बन्दछ । जसद्वारा शब्दहरू व्युत्पत्ति गरिन्छन् त्यसलाई व्याकरण भनिन्छ । शब्दहरूको यथार्थ ज्ञान गर्न व्याकरणको ज्ञान आवश्यक पर्दछ । व्याकरणशास्त्रको उत्पत्ति कहिले भयो भनेर ठम्याउन निकै कठिन छ तापनि वैदिक युगमा नै व्याकरणका सिद्धान्तहरूको सूत्रपात भैसकेको हुनुपर्छ । त्यस कारण नै चत्वारि वाक् परिमिता पदानि तानि विदुर्ब्राह्मणा ये मनीषिणः । गुहा त्रीणि निहिता नेङ्गयन्ति तुरीयं वाचो मनुष्या वदन्ति । (ऋग्वेद १। १६४।४५) र चत्वारि श्रृङ्गा त्रयो अस्य

---

[1] ऋषयो मन्त्रद्रष्टारः । निरुक्तम् १।१० ।

[2] विधातुस्तस्य लोकानामङ्गोपाङ्गनिबन्धनाः ।
विद्याभेदाः प्रतायन्ते ज्ञानसंस्कारहेतवाः ॥ वाक्यपदीयम् ।१।१० ।

[3] करणाधिकरणयोश्च पा. सू. अ. ३।३।११७ । युवोरनाकौ (पा.सू.), अ. ७।१।१

(ऋग्वेद ४।५८।३) इत्यादि मन्त्रहरूको अर्थ निरुक्तकार यास्कले र महाभाष्यकार पतञ्जलिले व्याकरणपरक अर्थ गरेको पाइन्छ। गोपथब्राह्मणमा व्याकरण र व्याकरणका पारिभाषिक केही शब्दहरूका बारेमा स्पष्ट रूपमा वर्णन गरिएको छ- *ओङ्कारं पृच्छामः को धातुः, किं प्रातिपादिकम्, किं नामाख्यातम्, किं लिङ्गम्, किं वचनम्, का विभक्तिः, कः प्रत्ययः, कः स्वर उपसर्गो निपातः, किं वै व्याकरणम्, को विकारः को विकारी, कतिमात्रः, कतिवर्णः, कत्यक्षरः, कतिपदः, कः संयोगः किं स्थाननादानुप्रकरणम्...*(गोपथब्राह्मणम्, पूर्व १।२४)

मैत्रायणी-संहितामा पनि भनिएको छ- तस्मात् षड् विभक्तयः (मै.सं. १।७ ३) रामायण कालसम्म आइपुग्दा व्याकरण विद्याको वैज्ञानिक ढङ्गले अध्ययन अध्यापन भैसकेको कुरा सङ्केत प्रस्तुत श्लोकले गर्दछ ।

नूनं व्याकरणं कृत्स्नमनेन बहुधा श्रुतम् ।
बहु व्याहरताऽनेन न किञ्चिदपभाषितम् ॥
(वाल्मीकिरामायणम्, ३।३। २९)

पतञ्जलिले महाभाष्यमा उल्लेख गरेअनुसार ब्रह्माले[1] वृहस्पतिलाई, वृहस्पतिले इन्द्रलाई, इन्द्रले भरद्वाजलाई, भरद्वाज ऋषिले अन्य ऋषिहरूलाई र ऋषिहरूले ब्राह्मणहरूलाई व्याकरणशास्त्र उपदेश गरे। यस भनाइवाट व्याकरणशास्त्रका प्रथम वैयाकरण ब्रह्मा हुन् भन्ने कुरा सिद्ध हुन्छ तापनि उनको यस विषयको ग्रन्थ उपलब्ध छैन। यास्कको निरुक्तका वृत्तिकार दुर्गाचार्यले इन्द्र, चन्द्र, काशकृत्स्न, आपिशलि शाकटायन, पाणिनि, अमर र जैनेन्द्र आठ व्याकरणकारहरूको नाम उल्लेख गरेका छन्। व्याकरणका भेद- मुख्य रूपमा तीन रहेका छन्। १)वैदिक २)लौकिक र ३)वैदिक-लौकिक। वैदिक-व्याकरण-प्रातिशाख्य आदि। लौकिक व्याकरण- कातन्त्र व्याकरण आदि र वैदिक-लौकिक-व्याकरण-पाणिनीय आदि छन्। प्रातिशाख्य ग्रन्थ वैदिक व्याकरणसँग सम्वन्धित ग्रन्थ हो। शाखां शाखां प्रति प्रतिशाखम्, प्रतिशाखम् भवम् प्रातिशाख्यम् यस व्युत्पत्तिअनुसार वेदका प्रत्येक शाखाका अलगअलग प्रातिशाख्य हुनुपर्थ्यो तर आजकल सम्पूर्ण शाखाका प्रातिशाख्य ग्रन्थहरू उपलब्ध छैनन्। उपलब्धहरूमा ऋग्वेदप्रातिशाख्य (शौनककृत) वाजसनेयिप्रातिशाख्य तैत्तिरीयप्रातिशाख्य, शौनकीया चतुरध्यायिका, अथर्ववेदप्रातिशाख्य, ऋक्तन्त्र र शुक्लयजुर्वेद प्रातिशाख्य। प्रातिशाख्यमा- ध्वनि, वर्ण, स्वर, सन्धि, उदात्त अनुदात्त, स्वरित आदि स्वर र छन्द आदिका बारेमा वर्णन पाइन्छ। त्यस्तै वर्णसमाम्नाय, सन्धि, स्वरविचार, संहितापाठ, पदपाठ, क्रमपाठ इत्यादि र उच्चारण आदिका नियमहरू विधान गरिए तापनि पाणिनीय व्याकरणमा झैँ शब्दहरूको स्पष्टसँग व्युत्पत्ति गरेको पाइँदैन। अतः लौकिक र वैदिक दुवै थरी शब्दहरूको ज्ञान गर्नका लागि पाणिनीय व्याकरण सर्वश्रेष्ठ मानिन्छ। पाणिनि

---

[1] ब्रह्मा वृहस्पतये प्रोवाच, वृहस्पतिरिन्द्राय, इन्द्रो भरद्वाजाय, भरद्वाज ऋषिभ्यः ऋषयो ब्राह्मणेभ्यः। (महाभाष्यम् १।४)

व्याकरणको महत्त्वको वर्णन पराशरपुराणले पनि गरेको छ।[1] पाणिनीय व्याकरणभन्दा पहिलेका व्याकरणहरू अहिले पूर्ण रूपमा उपलब्ध छैनन्। पाणिनिको समय कहिले हो भनेर निक्यौंल गर्न गाह्रो छ, कसैले ईसापूर्व ५०० शताब्दी मानेका छन् भने त कसैले २५०० विक्रमभन्दा पूर्व मान्दछन्। युधिष्ठिर मीमांसकले त वि. पूर्व २९०० भन्दा पहिले मान्दछन्। सम्पूर्ण मत केलाएर हेर्दा ईसापूर्व ४०० देखि ७००का वीचमा पाणिनिको समय मान्न सकिन्छ। वैदिक कालपछि मूर्धन्य व्याकरणकारका रूपमा पाणिनि देखा परेका छन्। पाणिनिभन्दा पहिले पनि लौकिक संस्कृत भाषामा व्याकरणिक चिन्तन प्रारम्भ भैसकेको थियो। पाणिनिले आफ्नो अष्टाध्यायी ग्रन्थमा दश वैयाकरणहरूको नाम उल्लेख गरेका छन्[2] शाकटायन, शाकल्य, गार्ग्य, गालव, काश्यप, आपिशलि, भारद्वाज, चाक्रवर्मण, स्फोटायन र सेनक।

पाणिनिले स्मरण नगरेका दुई दर्जनभन्दा धेरै वैयाकरणहरू थिए भन्ने कुरा इतिहासविद्ले भन्ने गरेका छन्। पाणिनि संसारकै सर्वश्रेष्ठ वैयाकरण हुन् भने उनको अष्टाध्यायी सूत्रपाठ सर्वोत्कृष्ट रचना मानिन्छ। अष्टाध्यायीमा लगभग चार हजार (३९९६) सूत्रहरू रहेका छन्। आठ अध्यायमा विभाजन भएकाले अष्टाध्यायी वा अष्टक भन्ने गरिन्छ। महेश्वरको वरदानबाट पाणिनिले प्राप्त गरेका १४ माहेश्वर सूत्रहरू अष्टाध्यायीको प्रारम्भमा राखिएका छन्। ती हुन्- १) अइउण् २)ऋलृक् ३) एओङ् ४)ऐऔच्, आदि। यिनीहरूको प्रयोजन प्रत्याहार (सङ्क्षेप) संज्ञा गर्नका लागि हो। जस्तै अइउण् सूत्रको अगाडिको अकार र पछाडिको खुट्टा काटिएको व्यञ्जन वर्ण मिलाएर अण् प्रत्याहार बन्दछ, यसले अ, इ, उ वर्णहरूलाई जनाउँछ यसमा दीर्घ आदि पनि पर्दछन्। प्रत्याहारको ज्ञानविना पाणिनिका सम्पूर्ण सूत्रहरूको अर्थवोध गर्न सकिँदैन। पाणिनिले सूत्रपाठदेखि अरु पनि लेखेका छन्। ती हुन्- गणपाठ, धातुपाठ, उणादिपाठ र लिङ्गानुशासन। यी पाँच मिलेर पाणिनीय व्याकरणलाई पञ्चाङ्ग व्याकरण वा साङ्ग व्याकरण भनिएको हो। अष्टाध्यायीका सूत्रहरूको अनुवृत्तिशैली विचित्र प्रकारको छ। आवश्यकता परेका ठाउँमा पूर्व सूत्रहरूबाट पदहरूको अनुवृत्ति ल्याउने प्रचलन छ। अनुवृत्तिका पनि केही नियमहरू रहेका छन्। संस्कृत भाषाजस्तो कठिन भाषाका नियमलाई अत्यन्त सङ्क्षेपमा सूत्रवद्ध गर्नु र त्यसलाई व्यापकतामा सिद्ध गर्न सक्नु पाणिनीय व्याकरणका विशेषता हुन्। पाणिनीय व्याकरणको प्रभाव अत्यन्त व्यापक र दूरगामी हुन पुग्यो जसको फलस्वरूप पाणिनिभन्दा पहिलेका व्याकरणहरू विस्तारै लोप भएर गए भन्ने विद्वान्हरूको धारणा रहिआएको छ। पाणिनिका सूत्रहरूमा छुटेका शव्दहरू तथा त्यहाँ रहेका कमीकमजोरीलाई केलाउँदै कात्यायनले

---

[1] पाणिनीयं महाशास्त्रं पदसाधुत्वलक्षणम्।
सर्वोपकारकं ग्राह्यं कृत्स्नं त्याज्यं न किञ्चन॥ पराशरपुराण।८।२९।

[2] वैदिक धर्म मूल रूपमा, (पृष्ठ सं. १६०)।

वार्तिकहरू रचना गरे। त्यसैगरी पतञ्जलिले सूत्रहरू र वार्तिकहरूलाई समेटेर तिनीहरूको व्याख्या एवम् उदाहरणहरू समेत देखाएर व्याकरणमहाभाष्यको रचना गरे। पाणिनि, कात्यायन, पतञ्जलिलाई त्रिमुनि र उनीहरूको व्याकरणलाई त्रिमुनि व्याकरणको रूपमा प्रसिद्ध भएको पाइन्छ। पतञ्जलिपछि पनि अष्टाध्यायीका विभिन्न व्याख्याताहरू भए। तिनीहरूमध्ये जयादित्य र वामन (छैटौँ सातौँ शताब्दीका) बीचले अष्टाध्यायीमा काशिकावृत्ति नामक टीका ग्रन्थ लेखेका छन्। पहिलो ५ अध्यायका व्याख्याता जयादित्य र बाँकी तीन अध्यायका व्याख्याता वामन हुन्। काशिकावृत्तिमा पाणिनिका सम्पूर्ण सूत्रहरूलाई पर्याप्त उदाहरणका साथ सुबोधतापूर्वक सम्झाइएको छ, कतिपय ठाउँमा महाभाष्यको मत खण्डन गरेर समेत प्राचीन वैयाकरणहरूका मतहरूको पुष्टि पनि गरेको देखिन्छ। काशिकावृत्तिमा पनि अनेक टीका ग्रन्थहरू लेखिएका छन्। तीमध्ये जिनेन्द्रवुद्धि (७२५-७५० इ.) ले काशिकाविवरणपञ्जिका अथवा न्यास र हरदत्त मिश्र (१०५९ इ.) ले पदमञ्जरी टीका ग्रन्थ लेखेका छन्। त्यस्तै महाभाष्यका टीकाकारहरूमा भर्तृहरि, कैयट र नागेश प्रमुख रहेका छन्। महाभाष्यलाई आधार बनाएर भर्तृहरि (३४०ई.) तिरकाले दार्शनिक ग्रन्थ वाक्यपदीय रचना गरेका छन्। यिनीबाट व्याकरणको दार्शनिक ग्रन्थको सूत्रपात भएको मानिन्छ। यिनीपछिका नागेश भट्ट (१६७०-१७५० ई.बीच) ले दार्शनिक अनेक ग्रन्थहरू लेखेका छन्। तिनीहरूमध्ये स्फोटवाद, वैयाकरणसिद्धान्तलघुमञ्जूषा, परमलघुमञ्जूषा आदि प्रमुख रहेका छन्। महावैयाकरण पाणिनिपछि पनि चन्द्राचार्य आदि अनेक विद्वान्हरूले छुट्टै व्याकरणहरू बनाएका छन्। तापनि तिनीहरू पाणिनीय व्याकरणसँग तुलना गर्न नसकिने खालका छन्। अन्य व्याकरण हुँदाहुँदै पनि पाणिनीय व्याकरणलाई नै संस्कृत जगत्मा प्रामाणिक रूपमा लिइन्छ।

पाणिनीय व्याकरण-अध्ययन परम्परा प्राचीन र नव्य गरी दुई प्रकारको छ। सूत्रपाठलाई आधार मानेर पहिले कसरी अध्ययन अध्यापन हुन्थ्यो भन्ने कुराको प्रमाण काशिका आदि वृत्ति ग्रन्थहरू र त्यसका व्याख्या ग्रन्थहरू रहेका छन्।

पाणिनि सूत्रहरूलाई प्रक्रियाअनुसार सङ्कलन गरेर प्रकरण विभाजन समेत गरेर अध्ययन गर्ने परम्पराको थालनी विक्रमको एघारौँ शताब्दीमा बौद्धदार्शनिक तरुण धर्मकीर्तिले रूपावतार नामक ग्रन्थ लेखेर तयार गरेका हुन्। त्यसलाई पूर्णता दिने काम भट्टोजिदीक्षित (वि.१६ औँको उत्तरार्ध र सत्रौँको पूर्वार्ध)ले पाणिनिका सूत्रहरू कात्यायनका वार्तिकहरू तथा महाभाष्य, प्रक्रियाकौमुदी, काशिकावृत्ति, भट्टिकाव्य आदिका उदाहरणहरू समेटेर संज्ञा, परिभाषा, सन्धि, अजन्तपुँल्लिङ्ग आदि ६ प्रकरण, अव्यय, स्त्रीप्रत्य, कारक, समास, तद्धित, द्विरुक्त, तिङन्त, कृदन्त, वैदिक तथा फिट्सूत्र सहितको स्वर प्रकरणलाई समेत समेटेर वैयाकरणसिद्धान्तकौमुदी नामक ग्रन्थ तयार गरे। यसै परम्परामा आधारित रहेर अध्ययन गर्ने परम्परा नव्यव्याकरण हो। भट्टोजिदीक्षितले सिद्धान्तकौमुदी लेखेपछि उनले पनि त्यसमा टीकाग्रन्थ प्रौढमनोरमा र नागेश भट्टले लघुशव्देन्दुशेखर

लेखेपछि कौमुदी परम्परामा आधारित नव्यव्याकरण पढ्ने परम्परा बढ्दै गयो र अष्टाध्यायीअनुसार अध्ययन गर्ने परम्परा प्रायः लोप हुँदै गएको अवस्थामा २०औँ विक्रम शताब्दीका विरजानन्द सरस्वतीद्वारा व्यापकता दिइयो। वस्तुतः अष्टाध्यायी एवम् कौमुदी दुवै परम्पराबाट छुट्टाछुट्टै अध्ययन गर्दा पनि एक अर्काको आवश्यकता परि नै रहन्छ।

अष्टाध्यायीमा प्रकरणको अभाव देखिन्छ, सूत्रहरू सवै थरी एउटा अध्यायमा छन्। त्यसका उदाहरण समेट्न गाह्रो हुन्छ भने कौमुदीअनुसार पनि कतिपय सूत्रका लागि कुन सूत्र पूर्वको हो अथवा परको हो भन्ने कुराको जानकारी अष्टाध्यायी ज्ञानविना पूर्णरूपमा हुन सक्दैन। कुन सूत्रमा कहाँबाट के अनुवृत्ति आएको छ थाहा नभएर वृत्ति घोक्न पर्ने समस्या पर्दछ। त्यस कारण अष्टाध्यायीअनुसार सूत्र अध्ययन गरेर आवृत्तिको अभ्यास गर्ने तथा कौमुदीलाई पनि नयाँ ढङ्गले अध्ययन अध्यापन परम्पराको विकास नभएसम्म वर्षौं वर्षसम्मको कौमुदी अध्ययनले पनि व्याकरण ज्ञान पूर्ण हुन सक्दैन।

सन्दर्भग्रन्थसूची

ऋग्वेदसंहिता ।

कौण्डिन्न्यायन, शिवराज, वैदिक धर्म मूल रूपमा, स्वाद्ध्यायशाला २०६२।

गैरौला, वाचस्पति, वैदिक साहित्य और संस्कृति, वाराणसी : चौ.सं. प्रतिष्ठान १९८९

दाहाल, लोकमणिः, व्याकरणशास्त्रेतिहास, वाराणसी : भारतीय विद्या प्रकाशन, २०४६।

द्विवेदी, कपिलदेव, भाषाविज्ञान एवम् भाषाशास्त्र, वाराणसी : विश्वविद्यालय प्र. १९९७।

पाण्डेयः, गोपालदत्त(व्या.), वै. सिद्धान्तकौमुदी, वाराणसी :चौ. सुरभारती प्र १९८८।

भर्तृहरि, वाक्यपदीयम्, भावप्रदीप व्याख्या, सूर्यनारायण शुक्ल, वाराणासी : चौ. सं. संस्थान २०५५।

मिश्र, जगदीशचन्द्र, वैदिकवाङ्मयस्येतिहासः। चौ सुरभारती प्र. वाराणसी १९८९।

वर्मा, वीरेन्द्रकुमार अनु. ऋग्वेदप्रातिशाख्यम्, चौखम्वा संस्कृत प्रतिष्ठान दिल्ली १९८६।

शर्मा उमाशङ्कर,सम्पा, निरुक्तम्, वाराणसी : चौखम्वा विद्याभवन१९८३।

शास्त्री, गोपाल, परिष्का., अष्टाध्यायीसूत्रपाठः, वाराणसी : चौ.सुरभा., सन् १९९२।

एकाङ्कीकार बालकृष्ण सम र उनको 'नालापानीमा' एकाङ्की : एक अध्ययन

भागवत ढकाल
उपप्राध्यापक

१.१ पृष्ठभूमि

जीवन आफैमा अभिनय हो, प्रत्येक सचेत व्यक्तिले जीवनभरि अनेकन क्रियाकलाप गर्छ, दौडधुपमा लाग्छ यसैक्रममा उसका अभिनयहरू प्रकट हुन्छन् अनि जन्मिन्छन् साहित्यिक विधाहरू । साहित्यका श्रव्यदृश्य र पाठ्य विधाहरूमध्ये नेपाली समाज र पाठकले औधि रुचाएको विधा हो एकाङ्की ।

१.२ चिनारी

कथ्यको एकोन्मुखता भएको आख्यानपरक, अभिनय र सम्वादात्मक लघु रचनालाई एकाङ्की भनिन्छ । (शर्मा र अन्य २०४६, १६६) एकाङ्कीको प्रयोग पूर्वीय एवं पश्चिमी दुवै साहित्यमा भएको छ । संस्कृत नाटकहरूमा दृश्यहरू नहुने हुँदा एकाङ्की भन्नाले एकै दृश्यको भन्ने कुरा पनि स्पष्ट छ । पाश्चात्य नाटकहरूमा भने एकै अङ्कभित्र अनेक दृश्य रहन्छन् । (बन्धु सम्पा.२०५२, ख) नेपाली साहित्यमा एकाङ्की समृद्ध तुल्याउने मध्येका एक प्रतिभा बालकृष्ण समले यसमा एउटै विषय, एउटै समय र एउटै अङ्क वा दृश्य हुनु आवश्यक छ .... यो घोडदौडको एक दौडजस्तो हो, जसमा विश्राम हुनुहुँदैन ....यसमा दृश्यको अन्त्य नै पूर्णविराम हो जसमा एक कथानक वाक्य टुङ्गिन्छ । (ढकाल २०५५, १६४) यसैगरी एकाङ्कीका सम्बन्धमा पूर्वीय एवं पश्चिमी अवधारणा राखेपछि आफ्नो निष्कर्ष परिभाषा जीवनका कुनै एक पक्षको चित्रण गरिएको संक्षिप्त संरचनामा आबद्ध संवादात्मक शैलीमा प्रस्तुत नाटकभन्दा छोटो तर स्वयंमा पूर्ण विधा एकाङ्की हो (लुइटेल २०५४: ३) भनेर गरिएको छ । नेपाली बृहत् शब्दकोशले 'एक अङ्क भाव भएको वा हुने आफैमा पूर्ण छाटो नाटक (पोखरेल र अन्य २०४० १६८) भनेर अर्थ्याएको पाइन्छ । यिनै विभिन्न जगका आधारमा हामी के निष्कर्षमा पुग्न सक्छौँ भने एउटै अङ्कमा आबद्ध द्वन्द्व कौतूहलमय भाषिक प्रयोग भएको आफैमा पूर्ण प्रभावैक्य दिन सक्षम संवादात्मक रचना एकाङ्की हो ।

१.३ एकाङ्कीको सामान्य पुर्ख्यौली र नेपालीमा प्रवेश

'एकाङ्कीको जन्म पश्चिमी साहित्यको देन हो। इसाई सन्तहरूले आफ्नो धर्म प्रचारका लागि धर्म, नीति र उपदेशमूलक आफ्ना चरित्रलाई अभिनयमार्फत् प्रस्तुत गरेर ईसाको दशौं शताव्दीमा 'मिरेकिल्स' र 'मारेलिटिज' जस्ता एकाङ्कीका पूर्वरूपहरू त्यहाँ प्रचलित थिए। (बर्मा र अन्य सम्पा. १९८५, १४५) त्यसपछि विश्वले क्रमशः गति लिँदै जाँदा दोस्रो विश्वयुद्धपछि युरोपमा औद्योगिक क्रान्तिस्वरूप समयको अत्यन्त महत्त्व वुझियो, नाटक हेरेर मनोरञ्जन लिनुभन्दा छोटाछरिता रचना र हास्यव्यङ्ग्य रचनाहरू प्रदर्शित हुन थाले। अझ राजा महाराजाहरू शासकहरू नाटकका बीचमा खानाखान जाँदा अन्य दर्शकलाई अल्झाउन मनोरञ्जनमूलक अभिनय देखाउन थालियो, त्यसैले पछि लोकप्रियता हासिल गऱ्यो र वेफुर्सदी मान्छेहरू त्यही मध्यान्तरको ठट्यौली हेरेर फर्किन थालेपछि क्रमशः एकाङ्कीको विकास भएको हो। नेपाली साहित्यमा यसको प्रयोग १९८९ मा 'एक अनुभवी' उपनामधारीको 'आत्माभिमान' शीर्षक एकाङ्कीवाट भएको हो। (ढकाल १६५) त्यसपछि वावु उपनामधारीको 'जब पूर्व पश्चिम औ पश्चिम चाहिँ पूर्व हुन्छ' १९९६, 'गाउँ सुधार' र पत्रिका कालिम्पोङवाट प्रकाशित देखिन्छ। अनि १९९८ मा भीमनिधि तिवारीको 'काशीवास' एकाङ्की पुस्तकाकार रूपमा प्रकाशित भएको छ। यसपछि १९९९ को शारदा पत्रिकामा पुष्करशमशेरको लक्ष्यहीन र वालकृष्ण समको 'बोक्सी' एकाङ्की प्रकाशित छन्। यसै परम्परामा देखापरेका प्रतिभा हुन् वालकृष्ण सम, जसका चारवटा एकाङ्कीको सङ्कलन 'चार एकाङ्की' (२०२०) प्रकाशित छ। यसै सङ्ग्रहभित्र रहेका चार एकाङ्कीमध्ये एक हो 'नालापानीमा'।

१.४ नालापानीमा एकाङ्कीको विवेचना

१.४.१ विषयप्रवेश

नालापानीमा सङ्गीत नाटक नामकरण गरिएको यो एकाङ्की ऐतिहासिक विषयवस्तुमा आधारित छ। झण्डै छ पृष्ठ आयाम भएको यो एकाङ्की १८७१ मा वीर नेपालीहरूले वीरबलभद्र कुँवरको नेतृत्वमा अङ्ग्रेजविरुद्ध लडेको लडाइँ र देखाएको साहसमा आधारित छ। इतिहासजस्तो रुखो विषयलाई पनि साहित्यिक जलप लगाउन सकिन्छ भन्ने कुराको राम्रो उदाहरण हो 'नालापानीमा' एकाङ्की। विश्वविजयी वन्दै आइरहेको अङ्ग्रेज शासन व्यवस्थाले नेपालप्रति पनि वक्रदृष्टि लगाएको हो तर नेपाल र नेपालीको वहादुरी एवं तत्कालीन राजनैतिक सामाजिक परिस्थितिले जनधनको धेरै क्षति गर्नुभन्दा अङ्ग्रेजसँग सम्झौता गर्ने नीति वन्यो जसको फलस्वरूप नेपालले आफ्नो तत्कालीन आयाम केही सङ्कुचित तुल्याउनु परे पनि सिङ्गो राष्ट्र परचक्रीको अधिनमा पर्नवाट वच्यो, वचाइयो, यसै प्रसङ्गलाई आधारभूमि वनाएर वालकृष्ण समले यो एकाङ्की लेखेका हुन्।

हुनत यहाँ नेपाल र नेपालीकै नैतिक विजय देखाइएको छ तर पनि अङ्ग्रेजहरूलाई कुनै दोष दिइएको छैन। अङ्ग्रेजहरूलाई पनि इमान्दार, सहयोगी, युद्धनियम पालना गर्ने, मानवतावादी एवं राष्ट्रवादी चरित्रका रूपमा चित्रण गरेर समले कताकता अङ्ग्रेजहरूलाई पनि रिझाउन खोजेका हुन् कि भनी आशङ्का गर्न चाहिँ अवश्य सकिन्छ। तर विशुद्ध साहित्यिक आँखाले हेर्ने हो र त्यो इतिहासलाई एकछिन बिर्सने हो भने एकाङ्की सजीव र जीवन्त बनेको छ। प्रारम्भ अत्यन्त डरलाग्दो अवस्थाबाट भए पनि पूर्वीय वियोगान्तं ननाटकम् वा मधुरेण समापयेत्को भावनालाई आत्मसात् गरिएको छ

१.४.२ एकाङ्कीको विषयवस्तु

वालकृष्ण सम समाज इतिहास र पुराणलाई विषयवस्तु बनाएर सिर्जना गर्न सक्षम प्रतिभा हुन्। नेपाली नाटकलाई विशिष्टतामा पुऱ्याउने समले तुलनात्मक रूपमा एकाङ्की थोरै लेखे पनि तिनको गुणात्मक मूल्य भने कम छैन। यसै सन्दर्भमा उनको 'नालापानीमा' एकाङ्कीतर्फ दृष्टि दिंदा यहाँ इतिहाससम्वद्ध घटनालाई समयसापेक्ष र सार्वभौम तुल्याएर प्रस्तुत गरिएको छ। यहाँ देहरादून क्षेत्रको नालापानीमा भन्ने किल्लामा १८७१ मा अङ्ग्रेजविरुद्ध भएको घटना छ। एकाङ्कीले त्यति लामो युद्ध समेट्न सम्भव छैन, यस कुरालाई मध्यनजर गर्दै समले नाटकको प्रारम्भ हुँदा नै केही घटना घटिसकेको सङ्केत गरेका छन्। केही दिनदेखि चलेको युद्धमा अङ्ग्रेजतर्फ ठूलै क्षति भइसकेको छ। जनरल जिलेस्पी र अन्य कतिपय सिपाहीहरू मरिसकेको स्थिति छ। अङ्ग्रेज सिपाहीहरू शोकसूचक कालो पट्टी र घाइतेसूचक सेतो पट्टीको रङ्गीचङ्गी दृश्यमा उपस्थित छन्। यता नेपाली सेनाको नायक नरे कार्कीलाई पनि गोलीको छर्राले छोएको छ, मुखवाट रगत वगेको छ। यस्तो परिस्थितिमा गोली नहान भन्ने सङ्केत एक हातले र अर्को हातले मुख छोप्दै नरे कार्की अङ्ग्रेजशिविरतर्फ वढ्छ। अङ्ग्रेजहरू ठान्छन्- 'एक नेपाली यतै आयो, आत्मसमर्पणको खबर ल्यायो। (सम : पृ. ११) यथार्थ यस्तो हुँदैन, जब अङ्ग्रेजसँग उसको भेट हुन्छ सोध्छ- 'के हार खाई आयौ' तर नरे भन्छ हैन मार खाई आएँ। (ऐ.पृ.१२) यस्तै वहादुरीपूर्ण संवादका क्रममा बेहोस भएको नरे कार्कीलाई अङ्ग्रेजहरू शिविरभित्र लान्छन् र उपचार थाल्छन् यता यो खवर नेपालभरि फैलिन्छ। नेपाल आमाले उसलाई हौसला र आशीष दिन्छिन्- 'मर्नैपर्दछ एकदिन निश्चय दुई दिनकै हो देह भने त्यसको ममता छोडिदे अमर यशले देश वना ! छोरा नरो.... (पृ. १३) 'नरे' घाइते थियो परचक्रीको फन्दामा पऱ्यो भन्ने खवरले आहत् उसकी श्रीमती पनि गाउँमा आफ्नो प्रितमलाई सम्झेर 'प्रान अब दोधारमा भो मर्नु न बाँच्नु भो' भनी गुनासो गर्छिन्। गाउँका अन्य स्वास्नीमानिसहरू, पूर्व सिपाहीहरू, सवै नरे र नेपालीको बहादुरीलाई सम्झन्छन्। यसैवीच नेपाल तराईवासी नेपाल खाल्डानिवासी, हिमालनिवासी र पर्वतवासी चारजोडीहरू आआफ्नो जातिको लयमा गाउँछन्, उनीहरूको लय र भाषा फरक छ

तर भावना एउटै छ, देश र जातिलाई बचाउन, काथर हुनुभन्दा मर्नु निको चन्द्रसूर्य झण्डा आकाशमा पाऊ, चोमोलुङ्मा शिखर उक्ल, आफ्नो स्वदेशको दूधजस्तो छातीमाथि केही कलङ्क नहोस् जस्ता राष्ट्रवादी भावना ती चारजोडी युवायुवतीले व्यक्त गरेका छन्। ती जोडीहरू तराई पहाड र हिमालका प्रतिनिधि हुन्। खाल्डानिवासी भनेर काठमाडौँका नेवारलाई उनले सम्झेका छन्। आफूले काठमाडौँ नछाडेकाले पनि समलाई यो ठाउँ, आफ्नो जन्मस्थल प्यारो छ। यसर्थ उनले खाल्डानिवासी भनेर काठमाडौँलाई स्थान दिए, सम्झिए। सारा नेपाल र नेपालीले सहानुभूति र सद्भाव राखेर छिटो ठीक हुने कामना गरेपछि नरे पनि ब्युँझिन्छ, होसमा आउँछ। सम्पूर्ण नेपाल र नेपालीको आसिक लाग्दछ। 'आएँ' नफर्की किन म छाड्थेँ पन्छी झैँ गुँडको गुँडैमा' भन्दै ऊ नेपाल फर्किन चाहन्छ तर उसलाई रोकिन्छ। पालेले रोकेर आफ्ना हाकिमलाई खबर पुऱ्याउँछ। मवीले फकाउन खोज्छन् भनेजति तलवका माध्यमबाट आर्थिक प्रलोभन देखाउँछन् नरे बिक्दैन। ज्यान मार्ने, मारिने धम्की दिन्छन् नरे झुक्दैन, मिठो खानेबस्ने प्रस्ताव तेर्स्याउँछन् राम्रा लुगा र घरबारको समेत आग्रह गर्छन्; सामान्य नेपाली हुँदो हो त पदोन्नति, धनवर्षा, सुखसुविधा, राम्रो तलब आदिआदि कुनै एक कमजोरीमा बिक्थ्यो तर नरे कार्की त सिङ्गो नेपाल र नेपालीको प्रतिनिधि चरित्र हो। उसलाई देखाइएका यावत् आसक्तिप्रति ऊ अनाशक्त बन्छ र भन्छ कि यो प्रान लेऊ कि जसको प्रान हो उसलाई यो दान गर्न देऊ (पृ.१९) अङ्ग्रेजहरूका यावत् प्रलोभनका पुलिन्दामा नरे नबिके नझुकेपछि बाध्य भएर मवी भन्छ - हुन्छ हुन्छ लौ वीर जाऊ,.... (पृ.१९) यसरी नरे कार्की केही दिन उपचारका लागि अङ्ग्रेज छाउनीमा पुगेको प्रसङ्गलाई यस एकाङ्कीको विषयवस्तु बनाइएको छ।

१.४.३ समावेशी चरित्र

नालापानीमा एकाङ्कीमा बालकृष्ण समले चरित्रगत विविधतालाई कलात्मक उपस्थिति गराएका छन्। 'नालापानीमा' एकाङ्कीले सिङ्गो नेपालका अतिरिक्त नेपालबाहिरका विदेशी चरित्रलाई पनि स्थान दिएको छ। मानवतावादी विचारका स्रष्टा सम असल र खराब मान्छे जुनसुकै भूगोलमा हुन सक्छ भन्नेमा विश्वस्त छन्। यस एकाङ्कीमा आएका चरित्र सबै सत् प्रवृत्तिका छन्। यहाँ आआफ्नो राष्ट्रका लागि प्राण उत्सर्ग गर्न पछि नपर्ने राष्ट्रवादी चरित्रहरू उपस्थित गराइएको छ। नेपालतर्फ नरे कार्कीले आम नेपालीको प्रतिनिधित्व गरेको छ। ऊ क्षेत्री हो, नेपालको इतिहासमा बहादुरीका लागि यहाँका क्षत्रियहरूले महत्त्वपूर्ण पहिचान कायम गरेका छन्। जर्मन चान्सलरले एकपटक विश्वका अन्य फौजसँग लड्न सकिन्छ तर गोर्खाली फौजसँग सकिँदैन भनी टिप्पणी गरेका थिए रे। जे होस्, नरे कार्की वीर बलभद्र कुँवरको छाया/प्रतीकात्मक चरित्र हो। ऊ स्वाभिमानी छ, इमानदार छ। युद्धकौशल भएको विचारमा स्थिर र अडिग पात्र हो। आफू मरेपछि ....राजा भनेको छैन। आफू घाइते भएपछि अन्य नेपाली सिपाही

नमारियून् भनी ऊ स्वयं युद्ध रोकेर विदेशी छाउनीमा छिरेको छ, जसबाट एकातिर नेपाली फौजले रसदपानी जम्मा गर्ने अवसर पायो भने अर्कातिर अङ्ग्रेजहरूका योजना र उनीहरूको वास्तविक शक्ति पत्ता लगाउन पनि ऊ परचक्रीकहाँ पुगेको हो । निजी स्वार्थ उसको केही देखिँदैन । उसलाई हार खाइ आयौ ? भनी प्रश्न गर्दा होइन 'मार खाई आएँ' भनेको छ । हार खानु र मार खानु फरक कुरा हो । 'जुन आगोले पोलेथ्यो घाउ त्यसैमा म सेक्न आएँ' भनेर उसले आफ्नो त्यो दशा वनाएको हो; उनीहरूवाटै उपचार गराउनु भनेको एकप्रकारले नेपालको नैतिक जित पनि हो । वास्तविक युद्ध त नेपालले जित्नै सक्दैनथ्यो, यो यथार्थलाई बुझेको नरे कार्कीले नैतिक युद्ध जितेको अर्को उदाहरण पनि छ; उसले अङ्ग्रेजले प्रस्ताव गरेका पदोन्नति, धनलाभ, मिठो खाना, घरबास आदि मानवीय यावत् कमजोरीलाई तिरस्कार गरेर अङ्ग्रेजहरूभन्दा आफू सबल रहेको प्रमाण दिएको छ । उनीहरूले आफ्ना यावत् सुखसुविधा तेर्स्याउँदा पनि नअघाउने, नझुक्ने, अटल चरित्रका रूपमा नरे कार्की रहेको छ । यसैले त नेपाल आमाले पनि उसलाई छोराका रूपमा सम्वोधन गरेकी छन्, माया दिएकी छन् । नरे ती सम्पूर्ण नेपालीहरूको प्रतिनिधि चरित्र हो, जसको अन्तस्करणमा थोरै मात्र पनि राष्ट्रप्रेम छ, जातिप्रेम छ, राष्ट्रिय एकता र अखण्डताको भावना छ । ती सम्पूर्ण अग्रज वीर सहिदहरूको प्रतिनिधित्व पनि नरेले गरेको छ, उसमा निश्वार्थ राष्ट्रप्रेम छ । व्यक्तिगत र पारिवारिक दायित्ववाट ऊ माथि उठेको छ । 'कस्तुरीलाई हिमालको शिरमा चर्न देऊ नेपालीलाई नेपालको निम्ति मर्न देऊ' भनी आफ्ना वीरतापूर्ण र ओजस्वी विचारले अङ्ग्रेजहरूको मन पगालेको छ । आफ्नो हातमा परेको शत्रुपक्षको सेनानायकलाई छोड्न अङ्ग्रेजहरूलाई विवश तुल्याएको छ । उनीहरूले गरेको मानवीय व्यवहारप्रति ऊ कृतज्ञता पनि व्यक्त गर्छ, कृतघ्न स्वभाव उसमा छैन, ऊ भन्छ 'घाइते भो मानिस मानिस कहाँ आयो ....धन्य कहलाऊ खोली हृदयको द्वार, यसरी आफूलाई उपचार गरेर वचाउने अङ्ग्रेहरूप्रति धन्यवादका शव्द दिन ऊ कन्जुस्याइँ गर्दैन । यस्तो कुटनैतिक क्षमता भएको राष्ट्रप्रेमी वहादुर चरित्र हो नरे कार्की । यस्तै यहाँ तराईबासी, खाल्डाबासी, हिमाल र पर्वतवासी भनेर जुन चार जोडी युवायुवती अघि सारिएको छ, तिनीहरू सिङ्गो नेपालका प्रतिनिधि हुन् । नेवारहरू राजामतीको लयमा, तराईवासीहरू रासधारी लयमा, हिमालबासी तामाङ्सेलोको लय र पर्वतबासी लोकलयमा आफ्ना भावना पोख्छन् आफ्नै संस्कार र संस्कृतिका कुरा गर्दै देशप्रेमको भावना प्रकट गर्छन् । चोमोलुङ्मा शिखर उक्ल भन्छन् शङ्कर भन्ने भोटे होऊन् वा काथर हुनुभन्दा मर्नु निको भन्ने पर्वतेहरू सवैको हृदयमा देशप्रेम छ । साथी सिपाही नेपालकै सितलुसासले फुक्तै हिमालले घाऊ निको पारोस् भन्छन् । श्रीमती चाहिँ आफ्नो प्रियतमको वियोगव्यथा असह्य भो भनी गुनासो गर्छिन् । हो ऊ राष्ट्रका लागि योद्धा भए पनि कसैको पति, पिता, साथी, सहयोगीजस्ता अन्य भूमिकामा पनि थियो । तर, ती सवै आज नामेट हुँदै छन् भन्ने गुनासो यहाँ आइरहेको छ । यसरी नेपालतर्फ मुख्य चरित्र नरे कार्कीसँग सम्वन्धित

साथी सिपाही, श्रीमती, एवं अन्य आएका छन् भने नरे कार्कीको वीरता र शौर्य देखेर नेपालआमा सूच्य पात्रका रूपमा ध्वन्यात्मक भावना व्यक्त गर्छिन् र भन्छिन् 'छोरा नरो' ! शत्रुलाई कातर स्वर नसुना, जातिलाई छि नभना आँसुलाई फिर्ता गरिदे ..., मेरो काखमा जतिजति तैंले तपतप रगत चुहाइस् उतिउति मातृऋण तिरैं भनी पुत्र बरू सन्तोष मना' भनेर सम्झाउँछिन्। नेपाल आमाको सच्चा सपूतका रूपमा नरेकै सेरोफेरोमा यो एकाङ्कीका नेपाली चरित्र आएका छन्। उता विदेशी चरित्रतर्फ सूच्यरूपमा जनरल जिलेस्पीले वीरगति प्रात गरिसकेका छन्। रिचार्डस्, मवी र पाले प्रत्यक्ष रूपमा र अन्य केही योद्धा चरित्र सूच्य रूपमा रहेका छन्। यहाँ अङ्ग्रेज चरित्रहरूलाई पनि अत्यन्त सरल मानवतावादी पात्रका रूपमा अघि सारिएको छ। औपधि गर्छौं तर हाम्रा लागि काम गर्नुपर्छ भन्नु वा एउटा हात उठाएर आएको देखेपछि आत्मसपर्मणको खवर ल्यायो; एउटा नेपाली यतै आयो भन्ठान्नु स्वाभाविकै हो। नरेले गोली नहान भनेर हात उठाएको हो तर टाढाबाट अङ्ग्रेहरू आत्मसमर्पणको आश लगाउँछन् मार मात्र खाएर आएको दृढ विश्वास सुनेका रिचार्डस् र मवी उपचारपछि आफ्नो तुल्याउने आश गर्छन् जुन अत्यन्त स्वाभाविक हो। विना रसदपानी लडिरहेका नेपालीलाई पद, धन, सुखसुविधाको प्रलोभन वा मृत्युको त्रास देखाएर आफ्नो बनाउन खोज्नु युद्धको पृष्ठभूमिमा जायज छ, तर आफ्नो बलवर्कतले नभ्याएपछि ससम्मान जाऊ वीर जाऊ देशप्रेमलाई उजिल्याऊ भनेर विदाइ गरेका छन्। यसवाट अङ्ग्रेजहरू पनि यस एकाङ्कीमा इमानदार राष्ट्रभाषा मानवतावादी सिपाहीका रूपमा छन्। हो, निश्चित समयमा राष्ट्रका लागि लड्छन्, युद्धमा जोजे पनि हुन सक्छ अन्यथा अरू समयमा एउटा सहयोगी, मानवतावादी चरित्रका रूपमा उभ्याएर वालकृष्ण समले यो एकाङ्की लेखेका छन्।

१.४.४ राष्ट्रिय एकता र अखण्डताको सन्देश

समीक्ष्य एकाङ्कीले नेपाललाई ठेस लाग्दा हिमालमा वस्ने भोटे होस् तराईको मधिसे होस् वा उपत्यकाको नेवार सबैको मनमस्तिष्कमा उस्तै र एउटै पीडा महसुस हुन्छ भनी देखाइएको छ। यहाँ नरे कार्की क्षत्रिय भए पनि उसलाई कुनै पनि जातीय वन्धन छैन। कसैले विभेद गर्दैन, भाका र वोली फरक छन्, वेशभुषा भिन्न छ तर सबैको भावना एउटै छ। आज लोकतन्त्रपछि नेपाल र नेपालीको मनस्थिति फेरिएको छ, आज तराइ वल्दा हिमाल चिसै रहने र काठमाडौं उफ्रिँदा पहाडले प्रतिक्रिया नजनाउने जस्तो संवेदनाशून्य अवस्था समेत आंशिक रूपमा सिर्जना भएको छ। यति हुँदाहुँदै पनि यस एकाङ्कीमार्फत् समले जातीय विविधता भित्रको राष्ट्रिय एकता र अखण्डताको दह्रो समर्थन गरेका छन्।

१.४.५ प्रस्तुतिमा नवीनता

वालकृष्ण समले पद्यनाटक भित्र्याएर नेपाली साहित्यलाई प्रदान गरेको उचाइ एकाङ्कीमा पनि देख्न सकिन्छ। सम्पूर्ण गीतिलयमा अङ्ग्रेज र नेपालीका

भावना मात्र होइन; नेपाल आमाका विचार समेत यहाँ व्यक्त छन्। थोरै पात्र, गृहीत पात्रलाई यथेष्ट भूमिका दिएर देशी/विदेशी पात्रका माध्यमबाट गीतिशैलीमा एकाङ्कीको सिर्जना आफैमा नवीन प्रयोग हो। युद्धको विषयवस्तु भए पनि मञ्चनयोग्य तुल्याएर प्रस्तुत गर्नु उनको खुवी हो। साथै देशभित्रका पनि विभिन्न लयलाई समात्नु उनको पहिचान र वैशिष्ट्य हो।

१.४.६ भावनाको प्रकटीकरण/साधारणीकरण

प्रत्येक व्यक्तिमा आफ्नो जाति, धर्म, समाज, संस्कृति, भाषा, सभ्यता आदि प्रति मोह हुन्छ नै। नेपाल र नेपाली पनि जातीय दृष्टिले फरक छन्, बसोबास फरक छ, वेशभुषा अभिव्यक्तिकला भिन्न छ। यदि हुँदाहुँदै पनि कतिपय बिन्दुमा हामी व्यक्तिगत पहिचानबाट माथि उठ्छौँ, त्यो हो देशप्रेम। देशमाथि चोट लाग्दा वा परचक्रीले वक्रदृष्टि दिँदा पाँचथरको लिम्बूलाई जति पीडा हुन्छ, मुगुमा बस्ने भोटेलाई पनि त्यति नै हो। यो राष्ट्रप्रेमको सूत्रभित्र उनिएका आम नेपालीको भावनालाई यस एकाङ्कीले छोएको छ। आज पनि विदेशी सिपाही नेपाल पसेर नेपालीलाई दुर्व्यवहार गर्दा होस् वा सीमाका पिलर सारिएको घटना सुन्दा तराईको थारूलाई जति दुख्छ पहाडको घर्तीलाई पनि त्यस्तै दुख्छ। तसर्थ यहाँ एकाङ्कीकार वालकृष्ण समले नेपाल र नेपालीको हृदयको समानता र भावनाको सामञ्जस्यलाई कलात्मक ढङ्गले समन्वय गरी प्रस्तुत गरेका छन्।

१.४.७ मानवतावादी विचार

एकाङ्कीमा युद्धको विषय छ, विदेशी चरित्र छन् तर पनि मानवता यत्रतत्र छचल्किएको छ। मानवले मानवसँग मानवीय व्यवहार गर्नुपर्छ, गर भन्ने सन्देश यहाँ छ। मान्छे मान्छे कहाँ गएको छ, नेपाली विदेशी कहाँ होइन। अङ्ग्रेजले नेपालीलाई होइन, मान्छेले मान्छेलाई उपचार गरेको छ। मान्छेले मान्छेलाई धन्यवाद दिएको छ, नेपाली सेनानायकले विदेशी सेनानायकलाई होइन। मान्छे मान्छेका दुःखमा दुःखी छन् ऊ आफ्नो क्षेत्री वा अन्य कुनै जातिविशेष भएर होइन। यस्ता गहन सन्देश र विचार यस एकाङ्कीभित्र छरिएका छन्। यसर्थ विवेच्य एकाङ्कीमा मानवतावादी विचारले यथेष्ट चलखेल गर्ने अवसर पाएको छ र सन्देश दिएको छ।

१.४.८ बिसौनीअघि

वालकृष्ण सम र उनका रचनाका बारेमा सानो लेखमा धेरै कुरा समेट्न सम्भव छैन। यति हुँदाहुँदै पनि नालापानीमा कुनै एउटा युद्धपछिको सन्देश हो भने आजको नेपालले पनि लामो युद्ध भेलेर तङ्ग्रिन खोज्दै छ। यो अवसरमा हामी सवै नेपाली वन्न सकौँ, सम्पूर्ण नेपाल नेपाल वन्न सकोस्, यो भावना आम नेपालीमा छ। यस सन्दर्भमा यो एकाङ्कीका विषय र घटना समयसापेक्ष लागेर यहाँ सूत्रात्मक चर्चा गरिएको हो।

सन्दर्भग्रन्थसूची

ढकाल, भागवत, 'एकाङ्कीको चिनारी....अध्ययन' वाङ्मय समालोचना शैलेन्दुप्रकाश नेपाल र अन्य (सम्पा.) काठमाडौँ : नेपाली वाङ्मय प्रतिष्ठान, २०५५ ।

थापा, हिमांशु,(डा.) साहित्य परिचय (ते.सं.)काठमाडौँ: साझा प्रकाशन, २०४७ ।

पोखरेल, बालकृष्ण, (प्रा.)र अन्य नेपाली वृहत् शब्दकोश काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४० ।

वन्धु, चूडामणि, (सम्पा.) साझा एकाङ्की (छै.सं.) काठमाडौँ : साझा प्रकाशन, २०५२ ।

वर्मा, धीरेन्द्र र अन्य,(सम्पा.) हिन्दी साहित्यकोश भाग १ (ते.सं.) वाराणसी : ज्ञानमण्डल लिमिटेड, १९८५ ।

लुइटेल, खगेन्द्र, नेपाली एकाङ्की, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५४।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, नेपाली साहित्यको सङ्क्षिप्त इतिहास (ते.सं.) काठमाडौँ : साझा प्रकाशन, २०४६ ।

सम, बालकृष्ण, चार एकाङ्की, काठमाडौ : रायल नेपाल एकेडमी, २०२० ।

♣♣♣

नेपालको अन्तरिम संविधान २०६३ मा मौलिक हकको व्यवस्था

डा. भेषराज अर्याल

१.१ विषयप्रवेश

२०६२ साल मंसिर ७ गते भारतको राजधानी दिल्लीमा नेपालका प्रमुख ७ राजनीतिक दल र विद्रोही माओवादी पक्षबीच १२ बुँदे सहमति भयो। नेपाली जनताले यसको खुलेरै स्वागत गरे। त्यसको मर्म र उद्देश्य प्राप्त गर्नका निमित्त सात दलको आह्वानमा २०६२ साल चैत्र २२ गते देखि निरङ्कुश राजतन्त्रको अन्त्यका निम्ति जनताहरू सडकमा ओर्लिए। लगातार १९ दिनसम्म चलेको यस जन आन्दोलनबाट निरङ्कुश सत्ता हल्लियो। २०६३ साल वैशाख ११ गते राजा ज्ञानेन्द्रले जनताको मागबमोजिम २०५८ साल जेष्ठ ९ गते विघटित संसदको पुनर्बहाली गरे। पुनर्बहाली गरिएको संसदले २०६३ साल जेष्ठ ४ गते "प्रतिनिधि सभाको घोषणा २०६३" जारी गऱ्यो। यस घोषणाद्वारा राजाका कैयौँ अधिकारहरूको कटौति गरियो।[1]

प्रतिनिधि सभाको उक्त घोषणालाई आधार मानेर संविधान सभाद्वारा नयाँ संविधान निर्माण नगरुन्जेल सम्मका निम्ति एक अन्तरिम संविधान निर्माण गर्नका निमित्त नेपाल सरकार र ने.क.पा. माओवादीको सहमतिअनुसार मिति २०६३/३/२ मा एक संयोजकसहित ६ सदस्यीय "अन्तरिम संविधान मस्यौदा समिति" गठन गरियो। तर यसलाई मिति २०६३/३/३१ मा ९ जना सदस्यहरू थप गरी १५ सदस्यीय बनाउँदै यसको कार्यावधि २५ दिन कायम गरिएको थियो। यस समितिमा दलित समुदायको उचित प्रतिनिधित्व नभएको हुँदा मिति २०६३/४/१४ गते पुनः एकजना दलित अधिवक्तालाई थप गरी समितिलाई निम्नानुसार १६ सदस्यीय बनाइएको थियो।[2]

१) श्री लक्ष्मण अर्याल	संयोजक	२) श्री सिन्धुनाथ प्याकुरेल	सदस्य
३) श्री महादेव यादव	"	४) श्री हरिहर दाहाल	"
५) श्री शम्भु थापा	"	६) श्री खिमलाल देवकोटा	"
७) श्री अग्नि खरेल	"	८) श्री पुष्पा भुषाल	"
९) श्री सुशीला कार्की	"	१०) श्री छत्रकुमारी गुरुङ	"
११) श्री शान्ता राई (शान्तिकुमारी राई)	"	१२) श्री सुनिल प्रजापति	"

१३) श्री पर्शुराम झा " १४) श्री कुमार योञ्जन तामाङ "
१५) श्री चण्डेश्वर श्रेष्ठ " १६) श्री मीनवहादुर विश्वकर्मा "

उक्त "अन्तरिम संविधान मस्यौदा समिति"ले मिति २०६३ भाद्र ९ गते विभिन्न विकल्प राखी सरकार माओवादी वार्ता टोलीलाई अन्तरिम संविधानको मस्यौदा बुझाएको थियो । राजनीतिक दलको शीर्ष वैठकले यसलाई २०६३ पौष १ गते पूर्णता दिई जारी गर्ने सहमति भएको थियो । यस क्रममा ने.क.पा. एमालेले संविधान सभा निर्वाचनमा समानुपातिक प्रतिनिधिको निर्वाचन प्रणालीका बारेमा र नेपाल सद्भावना पार्टी (आनन्ददेवी)ले जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र कायम गरिनु पर्ने लगायतका धारणाहरू राख्दै विरोध जनाएका थिए ।[३] अन्ततः यो संविधानको निमार्णका क्रममा जेजस्ता अवरोध आइपरे तापनि सम्पूर्ण राजनीतिक दलहरूको सहमतिमा २०६३ साल माघ १ गते यसलाई लागू गरियो ।

प्रस्तावनासहित चार अनुसूचि १६७ धारा रहेको यस संविधानको प्रस्तावनामा नै "आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न संविधानसभावाट नयाँ संविधान नबनेसम्मका लागि राजनैतिक सहमतिबाट तयार भएको यो नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको घोषणा गर्दछौं । "[४] भनिएको छ ।

१.२ मौलिक हक

मानव अधिकारको प्रत्याभूतिका निम्ति प्रस्तावनामा नै "प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिक मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मान्यता प्रतिको पूण प्रतिवद्धता व्यक्त" गरिएको छ ।

त्यस्तै विश्वका अन्य राष्ट्रहरूका संविधानहरूमा र "नेपाल अधिराज्यको संविधान २०४७" मा जस्तै "नेपालको अन्तरिम संविधान २०६३" मा पनि मौलिकहरूलाई एक छुट्टै अध्यायमा विस्तृत वर्णन गरिएको छ। यो संविधानको भाग ३ को धारा १२ देखि ३२ सम्म जम्मा २१ धाराहरूमा "मानव अधिकारको विश्वव्यापी घोषणा " मा उल्लेख गरिएका केही आधारभूत अधिकारहरूलाई समेत समेटिएको छ । ती विभिन्न अधिकारहरूलाई निम्नानुसार अध्ययन गरिएको छ ।

क) स्वतन्त्रताको हक[५]

धारा १२ मा उल्लेख गरिएको स्वतन्त्रताको हक मानव अधिकारको महतत्त्वपूर्ण अधिकारहरूअन्तर्गत पर्दछ। यसलाई अन्य ३ वटा उप-धारामा विभाजन गरि प्रस्ट पारिएको छ। उपधारा एकमा नेपालमा रहेका जुनसुकै व्यक्तिहरूलाई पनि सम्मानपूर्वक बाच्न पाउने हकको प्रत्याभूति गराउदै जस्तो अपराध गरे तापनि मृत्युदण्डको सजाय हुने गरी कुनै कानुन बनाइनेछैन भनिएको

छ। यस्तै उप-धारा २ मा कानुनमा उल्लेख गरिएकामा वाहेक कुनै पनि व्यक्तिको व्यक्तिगत स्वतन्त्रतालाई अपहरण नगरिने सुनिश्चितता प्रदान गरिएको छ। उप-धारा ३ मा नेपालका प्रत्येक नागरिकहरूलाई निम्न लिखित स्वतन्त्रताहरू दिइएको छ।

क) विचार र अभिव्यक्तिको स्वतन्त्रता

ख) विनाहात हतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता

ग) राजनैतिक दल खोल्ने स्वतन्त्रता

घ) सङ्घ संस्था खोल्न पाउने स्वतन्त्रता

ङ) नेपालको कुनै पनि भागमा स्वतन्त्रतापूर्वक आवत-जावत र बसोवास गर्न पाउने स्वतन्त्रता

च) कुनै पेशा, रोजगार उद्योग र व्यापार गर्न पाउने स्वतन्त्रता

तर यी माथि उल्लिखित अधिकारहरूलाई १, २, ३, ४ र ५ नम्बरका प्रतिवन्धात्मक वाक्यहरूद्वारा अविच्छिन्न र निर्वाध रूपमा उपभोग गर्ने सन्दर्भमा कुनै कुराले नेपालको सार्वभौम स्वतन्त्रता वा जात जाति धर्म सम्प्रदायवीचको सुसम्वन्ध र नैतिकता, शान्ति र व्यवस्थामा खलल पार्ने भएमा उचित किसिमको प्रतिवन्ध लगाउने गरी कानुन वनाउन रोक लगाएको नमानिने कुरालाई समेत उल्लेख गरिएको छ।

ख) समानताको हक[६]

चार उप-धारामा विभाजित धारा १३ मा समानताको हकलाई प्रस्ट पार्दै कानुनको दृष्टिमा नेपालका सबै नागरिकहरूलाई समानताको दृष्टिले हेरिएको छ। सामान्य कानुनको प्रयोग गर्दा "राज्यले नागरिकहरूका वीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिनेछैन"[७] भनिएको छ। तर नेपालको कुनै पनि स्थानमा रहे वसेका, "महिला, दलित, आदिवासी जनजाति, मधेशी वा किसान, मजदूर वा आर्थिक सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिनेछैन"[८] भनिएको छ। त्यस्तै उप-धारा ४ मा समान कामका निम्ति महिला र पुरुषका बीचमा पारिश्रमिक एवं सामाजिक सुरक्षामा भेदभाव नगरिने कुरालाई प्रस्ट पारिएको छ। यो अधिकारद्वारा नेपाली समाजमा स्त्री, पुरुषबीच कामको पारिश्रमिकमा दिइने भेदभावलाई समानताको यो अधिकारले समाप्त पारेको देखिन्छ।

ग) छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक :[९]

धारा १४ को उप-धारा १ देखि ४ सम्म उल्लेख गरिएको यो अधिकार नेपाली समाजका बीचमा नितान्त नविन देखिएको छ। नेपाल अधिराज्यको संविधान २०४७ मा समेत यो अधिकारलाई संविधानमा उल्लेख गरिएको थिएन।

नेपाली समाज युगौंदेखि कथित उच्च र नीच जातका वीचमा गरिने एवं छुवाछुतको व्यवहारले गर्दा ग्रसित भएको छ। त्यस्तो परम्परागत रूपमा उचित मानिएर अपनाइँदै आएको चलन भए तापनि हाल आएर वदलिँदो विकसित र सुसभ्य समाजमा त्यसलाई अव्यवहारिक र अमानवीय रूपमा लिन थालिएको छ। सहरी, शिक्षित र सभ्य समाजमा छुवाछुत तथा जातिय भेदाभाव कम गरिए तापनि नेपालका सुदूर ग्रामीण र दुर्गम भेगमा यसले अझै पनि जरा गाडिरहेको महसुस गरिएको छ। त्यसै कारणले गर्दा यस अन्तरिम संविधानमा नै यो मौलिक हकलाई उल्लेख गरिएको हो। यस वारे संविधानमा "कुनै पनि व्यक्तिलाई जातजाति वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन"[१०] भनिएको छ। यदि कसैले यस्तो भेदभावपूर्ण व्यवहार गरे गराएमा त्यसलाई दण्ड दिई पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति दिइने व्यवस्था समेत गरिएको छ।

जातजातिकै आधारमा कुनै पनि व्यक्तिलाई सार्वजनिक सेवामा रहेका सुविधाहरूको प्रयोग गर्नवाट वा सार्वजनिक, धार्मिक स्थलमा प्रवेश गरी धार्मिक कार्य गर्नबाट रोक लगाइने छैन भनिएको छ। त्यस्तै कुनै निश्चित जाति विशेषको व्यक्तिलाई मात्र किन-वेच गर्न प्रश्रय दिइनेछैन। कुनै जाति विशेषको उत्पत्तिको आधारमा मात्र कसैलाई सर्वोच्चता वा घृणाको विचार प्रसार गर्न वा प्रोत्साहन गर्न नपाइने र कसैले गरे गराएमा त्यो दण्डको भागि हुने कुराको उल्लेख गरिएको छ।

घ) प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक :[११]

यो अधिकारलाई नेपाल अधिराज्यको संविधान २०४७ मा "छापाखाना र पत्रपत्रिका सम्बन्धी हक"को रूपमा व्यवस्था गरिएको थियो। तर संविधानमा यो हकवारे लेखिएको भए तापनि कैयौं पटक सरकारका कमीकमजोरी र जनताका मौलिक हकअधिकारलाई संरक्षण संवर्धन गर्ने खालका समाचारहरू लेखेवापत राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन कालमा कैयौं पटक टेलिभिजन, एफ.एम रेडियो तथा पत्र-पत्रिका प्रकाशन गृहमा धावा बोलियो। त्यसैकारणले यो "नेपालको अन्तरिम संविधान २०६३" मा "प्रकाशन, प्रसाराण तथा छापाखाना सम्बन्धी हक"को रूपमा व्यवस्था गरिएको हो। यस धारामा प्रस्ट रूपमा "विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका अन्य जुनसुकै माध्यमवाट कुनै समाचार, सम्पादकीय, लेख रचना वा अन्य कुनै पाठ्य, श्रव्य दृश्य सामग्रीका प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्ण प्रतिवन्ध लगाइनेछैन"[१२] भनिएको छ।

यो संविधानले प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी उक्त हक अधिकार प्रदान गरे पनि प्रतिवन्धात्मक वाक्यको रूपमा अन्य देशका संविधानहरूमा उल्लेख गरिए जस्तै नेपालको सार्वभौम सत्ता अखण्डता तथा विभिन्न जातजाति वा सम्प्रदायहरू बीचमा सदियौं पहिलादेखि रही आएको एकता र सुसम्बन्धलाई खलल पार्ने, राज्य अपराध वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकतामा असर गर्ने कार्यमा उचित प्रतिवन्ध लगाउने गरी कानुन वनाउन रोक लगाएको मानिनैछैन[१३] भनिएको छ।

यस धाराले "कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यमवाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारणवारे वा छापे वापत रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटलमा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई वन्द, जफत वा दर्ता खारेज गरिनेछैन"[१४] त्यस्तै कुनै समाचार, लेख वा सम्पादकीय वा कुनै पाठ्यसामग्री प्रकाशन गरेवापत पत्रपत्रिकाको जफत वा छापाखाना वन्द र दर्ता खारेज गरिने छैन भनिएको छ।

संविधानमा प्रकाशन, प्रसारण तथा छापाखाना सम्वन्धी उक्त अधिकार प्रदान गरिए पनि आफ्नो दलको वा समूहको हित नभएमा ट्रेड युनियन वा अज्ञात समूहको माध्यमवाट प्रकाशन वा प्रसारण गृहमा गरिएका आक्रमणहरूले संविधानमानै उल्लेख गरिएका नेपाली नागरिकहरूका हक अधिकारहरूलाई चुनौति दिएको सवैले महसुस गरेका छन्।

ङ) वातावरण तथा स्वास्थ्यसम्बन्धी हक [१५]

यो संविधानको धारा १६ मा "वातावरण तथा स्वास्थ्य सम्वन्धी हक" को व्यवस्था गरिएको छ। पूर्ववर्ती संविधानहरूमा यो हकका बारेमा उल्लेख गरिएको थिएन। यो अधिकारअन्तर्गत प्रत्येक नागरिकहरूलाई राज्यको अन्य कानुनमा व्यवस्था गरिए अनुसार आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिने प्रतिवद्धता जनाइएको छ। यही संवैधानिक प्रावधानअनुरूप २०६५/१०/१ देखि प्रत्येक जिल्लामा अवस्थित सरकारी अस्पतालमा उपचार र प्रसूति गराउन आउने महिलाहरूलाई निःशुल्क सेवा दिइने व्यवस्था गरिएको छ।

च) शिक्षा तथा संस्कृतिसम्बन्धी हक [१६]

नेपाल विभिन्न जाति, भाषाभाषी र संस्कृति भएका व्यक्तिहरूको देश हो। यसै कुरालाई हृदयाङ्गम गरी प्रत्येक समुदायका बालबालिकाहरूका निमित्त कानुनमा व्यवस्था गरिए वमोजिम आफ्नै मातृभाषामा आधारभूत शिक्षा पाउने हक र प्रत्येक नागरिकलाई माध्यमिक तह सम्मको निःशुल्क शिक्षा प्राप्त गर्न पाउने हकको उल्लेख गरिएको छ। यसै गरी प्रत्येक भाषा, लिपि, संस्कृति, सभ्यता र सम्प्रदाको संरक्षण र सम्वर्धन गर्न पाउने हक अधिकार सम्बन्धित समुदायहरूलाई हुने भनिएको छ।

छ) रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक [१७]

नागरिकलाई कानुनवमोजिम रोजगारीका साथै नेपालका प्रत्येक महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकहरूलाई सामाजिक सुरक्षाको खाद्य सम्प्रभुताको हक हुने उल्लेख गरिएको छ।

ज) सम्पत्तिको हक[१८]

यो धाराले प्रत्येक नेपाली नागरिकहरूलाई कानुनअनुसार सम्पत्ति आर्जन गर्ने, भोग गर्ने र बेचविखन गर्ने हक प्रदान गरेको देखिन्छ। राज्यद्वारा अवैध ढङ्गले आर्जन गरेको वाहेक कुनै पनि व्यक्तिको सम्पत्तिलाई अधिग्रहण वा अन्य अधिकारको सृजना नगर्ने ग्यारेन्टी गरिएको छ। तर "वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्दा वा सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अतिक्रमण वा प्राप्त गर्दा त्यस्तो सम्पत्ति उपर कुनै अधिकारको सृजना गर्दा कानुन वमोजिम क्षतिपूर्ति दिइनेछ।"[१९] भनिएको छ।

झ) महिलाको हक

नेपाल एक विकासोन्मुख परम्परावादी र पुरुषप्रधान देश भएको हुँदा यहाँ सदियौंदेखि नै महिला अधिकारको दमन र शोषण गरिएको महसुस सवैले गरेका छन्। अझै पनि वर्तमान २१ औं शताव्दीमा समेत त्यस किसिमको दमन र अत्याचार नहोस् भन्ने उद्देश्यले संविधान निर्माताहरूद्वारा यो संविधानमा महिलाहरूको हक अधिकारवारे संविधानमा उल्लेख गरिएको हो। संविधानमा "महिला भएकै कारणवाट कुनै पनि किसिमका भेदभाव गरिनेछैन"[२०] भनिएको छ। त्यस्तै महिलाहरूलाई प्रजनन स्वास्थ्य सम्वन्धी हक र पैतृक सम्पत्तिमा छोरासरह हक लाग्ने व्यवस्था गरिएको छ। महिलामाथि कसैले शारीरिक, मानसिक तथा अन्य कुनै .... क्रियाकलाप गरेमा त्यो दण्डनीय मानिएको छ।

ञ) सामाजिक न्यायको हक

यस धाराले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका गरिव, महिला, आदिवासी जनजाति, दलित, मधेशी तथा उत्पीडित समूहलाई समानुपातिक र समावेशी रूपमा राज्यको संरचनामा सहभागी हुन पाउने अधिकार दिएको छ।[२१]

ट) बालबालिकाको हक

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ मा उल्लिखित वालवालिका सम्वन्धी हकलाई यस संविधानमा उल्लेख गरिएको छ। यस अनुसार प्रत्येक बालबालिकालाई आफ्नो नाम राख्न पाउने, पालन पोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्न पाउने अधिकारको प्रत्याभूति गरिएको छ। कुनै पनि "असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका सडक वालवालिकालाई सुनिश्चित भविष्यका लागि राज्यवाट विशेष सुविधा पाउने हक हुनेछ"[२२] भनिएको छ। त्यस्तै कुनै पनि बालवालिकालाई जोखिमपूर्ण कलकारखाना वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाइने कुरालाई समेत प्रस्ट पारेको देखिन्छ।

ठ) धर्मसम्बन्धी हक

संविधानको धारा ४ ले नेपाललाई धर्म निरपेक्ष समावेशी र पूर्ण लोकतान्त्रिक राज्यको रूपमा घोषणा गरेको छ। त्यसै अनुसार धारा नं. २३ ले प्रत्येक नेपालीलाई आफ्नो परम्परित सामाजिक, सांस्कृतिक मर्यादाअनुसार आफ्नो धर्मको अनुसरण, अभ्यास र संरक्षणको अधिकार प्रदान गरिएको छ।[२३] यस सन्दर्भमा कसैले कसैको इच्छाविपरीत धर्म परिवर्तन गर्न नपाउने व्यवस्था गरेको छ।

ड) न्यायसम्बन्धी हक[२४]

यो अधिकारअन्तर्गत कुनै पनि व्यक्तिलाई कारणसहितको प्रमाण विना थुनामा नराखिने, थुनामा परेको व्यक्तिले आफूले चाहेको कानुन व्यवसायीसँग कानुनी सहयोग प्राप्त गर्न पाउने हक, पक्राउ परेको व्यक्तिलाई बाटोको म्याद बाहेक २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनुपर्ने र सो अधिकारीको आदेश भएमा बाहेक पक्राउ व्यक्तलाई थुनामा राख्न नपाइने व्यवस्था यो संविधानले गरेको छ।

कुनै पनि व्यक्तिलाई लगाइने आरोप प्रमाणित नभएसम्म कसुरदार नमानिने, एकै कुरामा एकपटक भन्दा बढी दण्ड नदिइने र कसुर गर्दाको समयमा जुन कानुन प्रचलित छ सोही कानुन अनुसार दण्ड दिइने व्यवस्था गरेको छ। कुनै पनि अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर नगरिने र कुनै पनि असमर्थ पक्षको सहयोगका निमित्त निःशुल्क कानुनी सेवा पाउने हकसमेत प्रदान गरिएको छ।

ढ) निवारक नजरबन्द विरुद्धको हक[२५]

आज विश्वका विभिन्न देशहरूमा आतङ्कवादले आफ्नो प्रभाव बढाउदै गैरहेको छ। सेप्टेम्वर ११ मा अमेरिकाका ट्विन टावर एवं हालै भारतको मुम्वइमा रहेको ताज होटलमा गरिएका आक्रमण यसै शृङ्खलाअन्तर्गत पर्दछन्। यस्ता विध्वंशकारी हमलाहरूले निर्दोष नागरिकहरूको शान्तिपूर्वक आफ्नो जीवनमा गर्न पाउने क्रियाकलाप र त्यसको उपभोगको अधिकार वञ्चित हुन जान्छ। अर्कोतर्फ आतङ्ककारीलाई नियन्त्रण गर्ने नाममा निदोर्ष नागरिकहरूसमेत यसका सिकार हुँदै आएका छन्। यस्तो स्थिति नआओस् भन्ने उद्देश्यले नै यो संविधानले "नेपाल राज्यको सार्वभौम सत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजर बन्दमा राखिनेछैन "[२६] भनेको छ। कहीँकतै काम गर्ने सिलसिलामा अधिकारीले कानुन विपरित कसैलाई नजरबन्द राखेको खण्डमा कानुनअनुसार क्षतिपूर्ति पाउने अधिकार यो संविधानले प्रदान गरेको देखिन्छ।

ण) यातनाविरुद्धको हक[२७]

अपराधी पत्ता लगाउने उद्देश्यले वा अन्य कुनै किसिमले थुनामा राखिएको व्यक्तिलाई अमानवीय रूपमा शारीरिक एवं मानसिक यातना नदिइने र यदि यस्तो कार्य कसैले कानुनविपरीत गरेगराएमा कानुनअनुसार क्षतिपूर्ति दिइने व्यवस्था गरिएको छ ।

त) सूचनाको हक[२८]

यो संविधानमा प्रत्येक नागरिकले राज्यसँग आफ्नो वा सार्वजनिक सरोकार सम्वन्धी विषयसँग सम्वन्धित सूचना माग्न पाउने हक छ तर पनि कानुनमा उल्लेखित विषय र सन्दर्भका सम्वन्धमा गोप्य राखिनुपर्ने कुराहरू गोप्य नै रहन सक्ने व्यवस्था गरिएको छ ।

थ) गोपनीयताको हक[२९]

नेपालमा वसोवास गर्ने कुनै पनि व्यक्तिको जीउ, धन, लिखित, पत्राचार, चरित्रका सम्वन्धमा कानुनद्वारा तोकिएको अवस्थामा वाहेक अनतिक्रम्य वनाइएको छ ।

द) शोषणविरुद्धको हक[३०]

नेपालमा वसोवास गर्ने प्रत्येक व्यक्तिलाई कुनै पनि रीति, रिवाज, प्रथाको नाममा शोषण गर्ने वेचविखन गर्ने, दास वा वाँधा वनाउन वा उसको इच्छा विरुद्ध कुनै पनि काम गर्न गराउन नपाउने व्यवस्था गरेको छ ।

ध) श्रमसम्बन्धी हक :[३१]

श्रमसम्वन्धी हकअन्तर्गत प्रत्येक कामदार कर्मचारीलाई उचित श्रमको अभ्यासका साथै आफ्नो हित रक्षाका निमित्त ट्रेड युनियन खोल्ने सङ्गठित हुने र सङ्गठन पक्षसँग सौदावाजी गर्ने हक प्रदान गरिएको छ ।

न) देशनिकाला विरुद्धको हक[३२]

राज्यविरुद्ध वा कुनै अपराध गरेवापत राणा शासनकालमा देशनिकाला गर्ने गरिन्थ्यो । तर यो संविधानले जेजस्तो अपराध गरे पनि देशनिकाला नगर्ने प्रतिवद्धता जनाएको छ ।

प) संवैधानिक उपचारको हक :[३३]

संवैधानिक उपचारको हकलाई हकहरूको पनि हक भनिन्छ । किनभने संविधानमा जेजस्ता र जति हकहरूको उल्लेख गरे पनि त्यसको उचित कार्यान्वयन भएन वा हक अवरुद्ध भयो भने कहाँ जाने ? कसले त्यसको उपचार गर्ने ? भन्ने

कुराको प्रस्ट उल्लेख गरिएको हुनुपर्छ। सोहीअनुसार यस संविधानले पनि कही कदाचित कुनै व्यक्ति, समुदाय, सङ्गठन वा राज्य पक्षले यस संविधानले प्रदान गरेका हकहरू उपभोग गर्न बाधा अवरोध गरे गराएमा संविधानको धारा १०७ अनुसार सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र सर्वोच्चले सो निवेदनका सम्बन्धमा अनुसन्धान, तहकिकात गरी निर्णय गर्न पाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई दिइएको छ।

१.३ निष्कर्ष :

"नेपालको अन्तरिम संविधान, २०६३" मा उल्लिखित उक्त मौलिक हकहरू प्रशंसनीय छन्। तर संविधानमा कुनै पनि हक अधिकारहरू लेखेर मात्र केही हुँदैन। त्यसको कार्यान्वयन पक्ष पनि बलियो र निष्पक्ष भएको हुनुपर्छ। वर्तमान नेपालमा चलिरहेको सङ्क्रमण कालमा घटेका घटनाहरू र थोरै समयमा संविधानको धेरै संशोधन भैरहे पनि नागरिकहरूले स्वतन्त्र रूपमा संवैधानिक हकको भोग गर्न नपाउनुको कारणमा अस्थिर र कमजोर सरकार रहनु र संविधानमा तत्तत् सन्दर्भमा किटानीका साथ उल्लेख नगरिएकै कारणले यस्तो भएको हो भन्न सकिन्छ।

पादटिप्पणी

१. कान्तिपुर दैनिक, (२०६३ जेष्ठ ५) पृ. १

२. इन्सेक, नेपाल मानव अधिकार वर्ष पुस्तक २००७, (काठमाडौँ : इन्सेक २००७) पृ.९१

३. ऐजन, पृ. ९०

४. नेपाल सरकार, नेपालको अन्तरिम संविधान, २०६३ दास्रो संस्करण, (काठमाण्डौं : कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताव व्यवस्था समिति, २०६४) प्रस्तावना।

५.ऐजन, धारा १२। ६. ऐजन, धारा १३। ७. ऐजन, धारा १३ को उपधारा ३,। ८. ऐजन । ९. ऐजन, धारा १४ । १०. ऐजन धारा १४ को उपधारा १ । ११. ऐजन, धारा १५ । १२. ऐजन, धारा १५ को उपधारा १ । १३. ऐजन। १४. ऐजन, धारा १५ को उपधारा २। १५. ऐजन, धारा १६। १६. ऐजन, धारा १७। १७. ऐजन, धारा १८। १८. ऐजन, धारा १९ । १९. ऐजन। २०. ऐजन, धारा २० । २१. ऐजन, धारा २१ । २२. ऐजन, धारा २२ । २३. ऐजन, धारा २३। २४. ऐजन, धारा २४। २५. ऐजन, धारा २५। २६. ऐजन। २७. ऐजन, धारा २६। २८. ऐजन, धारा २७। २९. ऐजन, धारा २८। ३०. ऐजन, धारा २९ । ३१. ऐजन, धारा ३० । ३२. ऐजन, धारा ३१। ३३. ऐजन, धारा ३२।

♣♣♣

वैदिक कालिक राज्यव्यवस्था

माधवराज गौतम
प्राध्यापक

१. प्राक्कथन

ऐतिहासिक दृष्टिबाट विचार गर्दा भारतवर्षमा राज्यको विकास प्रक्रिया प्रमुख तीन परिवर्तनबाट अगाडि बढेको देखिन्छ। प्रथममा वैदिक कालको राज्यरहित अवस्थाबाट वंशमा आधारित आदिम राजनीतिक व्यवस्था हुँदै उत्तरवैदिक कालको राज्य संस्थाको उदयसम्मको अवधिलाई लिन सकिन्छ। दोस्रो अवधिमा ऐतिहासिक कालमा भारतीय उपमहाद्वीपका क्षेत्रीय राज्यहरूबाट महादेशिक साम्राज्यहरूको विकास, जसको प्रारम्भ ईशा पूर्व चौथो शताब्दी[१]देखि दोस्रो शताब्दीमा विकसित मगध साम्राज्य हुँदै त्यसको परिणति उन्नाईसौं र बीसौं शताब्दीको ब्रिटिस औपनिवेशिक राज्यमा भयो। यसलाई नेपालको सन्दर्भमा भन्ने हो भने लिच्छवी र मल्लकालका साथै अठारौं शताब्दी[२]को शाहवंशको उदयदेखि राणाशासनको अन्तसम्मको अवधिलाई समावेश गर्न सकिन्छ। यस अवधिको शासन व्यवस्थाको प्रकृति सामान्यतः एकै खाले स्वरूपमा रहेको पाइन्छ। तेस्रो अवस्थामा इसवीय सन् १९५० देखि विकसित भएको राजनीतिक अवस्थादेखि हालसम्मको राज्यको स्वरूपलाई लिन सकिन्छ। तृतीय अवस्थामा आइपुग्दा एउटा सामन्ती अर्थव्यवस्थामा आधारित राज्यव्यवस्थालाई उदारवादी लोकतन्त्रात्मक राज्य व्यवस्थाले अङ्गीकार गरेको मिश्रित अर्थव्यवस्थामा आधारित शासन व्यवस्थामा रूपान्तरित हुन पुगेको देखा पर्दछ। यस अर्थव्यवस्थामा एकातर्फ कृषिमा अर्धसामन्ती र पुँजीवादी पद्धतिहरूको सहगमन चलिरहेको छ भने अर्कोतर्फ उद्योग, शिक्षा र स्वास्थ्यको क्षेत्रमा सार्वजनिक या राजकीय र निजी पुँजीवादी उपाङ्गहरूको सम्मिश्रण रहेको छ।

त्यसैगरी राज्यहरूका बारेमा चिन्तन र त्यसमा सन्निहित संस्थाहरूको चर्चा गर्दा भारतवर्षको इतिहास र राजनीतिमा देखा पर्ने दुई प्रमुख समाज केन्द्रित र राज्य केन्द्रित दृष्टिकोणलाई उपस्थापित गर्न सकिन्छ। समाज केन्द्रित दृष्टिको प्रारम्भ ऋग्वैदिक र उत्तरवैदिक व्यवस्थाहरूबाट भएको थियो। यो व्यवस्था संकुलतामा आधारित व्यवस्था थियो। त्यस समयसम्म राज्यसंस्थाको उदय भएको थिएन। यस संकुलतामा विभेदका प्रमुख आधारहरूमा उमेर, परिवार, आवासीय आर्थिक उत्पादन, जसमा गोधनमा स्वामित्वको भावना प्रमुख थियो। यसका अतिरिक्त उपहार र वलिको अनुष्ठान पूर्वक आदान-प्रदान प्रमुख थिए। उत्तर वैदिक कालमा राजतन्त्रात्मक तथा गणतन्त्रात्मक राज्यहरूको उदयपछि पनि समाज

केन्द्रित राजनीतिक दृष्टि, मगधमा एउटा सबल साम्राज्यवादी राज्यको स्थापना पूर्वसम्म यथावत् रूपमा प्रचलनमा रहेको देख्न सकिन्छ। मगधको मौर्य साम्राज्य प्राचीन भारतमा प्रथम केन्द्रीभूत अधिकारी राज्य थियो। यसको आदर्शस्वरूप कौटिल्यको अर्थशास्त्रमा वर्णित छ। मौर्यसाम्राज्यको पतनपछि प्राचीन भारतमा सामन्तवादको उदय भयो। सामन्तवादी राज्यहरूमा प्रमुख थिए गुप्त साम्राज्य[३] र तत्काल उत्तरभारतमा विकसित क्षेत्रीय राज्यहरू। यस राज्य व्यवस्थाको आदर्शस्वरूप धर्मशास्त्रहरूमा वर्णित छ। विभिन्न धर्मशास्त्रहरूमा हिन्दुराज्य व्यवस्थाको जुन स्वरूपको विश्लेषण गरिएको छ; त्यसमा समाजमा वर्णाश्रम धर्मको व्यवस्था, जातीय, शिल्पसंघीय एवं सामन्तस्वायत्ततालाई रक्षा गर्नु राज्यको प्रमुख दायित्व मानिएको छ। नेपालका लिच्छवी र मल्लराज्यहरू एवं त्यस समय नेपालका विभिन्न क्षेत्रमा प्रचलनमा रहेका बाइसे-चौबीसे राज्यहरूका साथै नेपालको शाहवंशीय राज्य व्यवस्था पनि यसै चरित्रका राज्यहरूभित्र पर्दछन्।

१.१ वैदिक प्रशासनिक व्यवस्था

वैदिक कालको शासन व्यवस्थामा धर्मतान्त्रिक, लोकतान्त्रिक या प्रजातान्त्रिक र राजतान्त्रिक गरी तीन प्रकारको राज्य व्यवस्था रहेको कुरा उपलव्ध हुन्छ। कुनै पनि राजनैतिक संस्थाहरूको विकास पूर्व समाज प्राकृतिक नियमद्वारा शासित हुने गर्दथ्यो। यसलाई हामीहरूले स्वशासन या धर्मतान्त्रिक शासन व्यवस्था भन्न सक्तछौं। यो एउटा आदर्श शासन व्यवस्था थियो। यो कुनै तन्त्रात्मक शासन व्यवस्था विना नै सवै जनताहरू ऋतधर्मका नियमद्वारा शासित थिए। वैदिक साहित्यमा प्रयुक्त अराजक, अराजता, अपरुद्ध आदि शव्दहरूले राजाविहीन समाजतर्फ संकेत गर्दछन्। यस धर्मतन्त्रात्मक शासनको वर्णन महाभारतमा मिल्दछ।[४]

परन्तु जव व्यक्तिहरूका मनमा क्रोध, अहङ्कार, लोभ, स्वार्थ, घृणा र धेरै प्रकारका आसुरी प्रवृत्तिहरूको वास भयो। त्यसपछि यस शासन व्यवस्थालाई धक्का लाग्नुका साथै कमजोरलाई बलवान्ले भयभीत गर्न थाले। यस्तो अवस्थामा एउटा शक्तिशाली र विवेकी व्यक्तिको आवश्यकता हुन गयो। जसले कमजोरलाई सहायता र सहयोग प्रदान गर्नुका साथै शोषक बलशाहीलाई दण्डित गरेर धर्मको शासनलाई सुनिश्चित गरोस्। ऐतरेय ब्राह्मणमा राजाको अनुपस्थितिमा देवताहरूले हारेको र सोमलाई राजा बनाएपछि सवै दिशामा विजय गरेको प्रसङ्गले यसैतर्फ संकेत गर्दछ। शतपथब्राह्मणमा पनि जलको अभावमा सुख्खा परेर मत्स्यन्यायको स्थिति आएकोले राजाको आवश्यकतातर्फ बल दिने सन्दर्भ प्रयुक्त भएको देखिन्छ। कौटिल्यले पनि मत्स्यन्यायबाट दुःखित जनहरूले आफ्नो सुरक्षाका लागि मनुलाई आफ्नो राजा नियुक्त गरे भनेर यसैतर्फ सङ्केत गरेका छन्।

१.२ वैदिक साहित्यमा प्रजातान्त्रिक प्रणाली

वैदिक वाङ्मयमा प्रजातान्त्रिक पद्धतिको प्रजापद्धति नामले पनि उल्लेख मिल्दछ। शासनको प्रमुखलाई राजा मानिए पनि राजसिंहासन उसलाई वंशानुगत अधिकारको आधारमा मिल्दैनथ्यो। प्रजाद्वारा त्यसको चुनाव हुने गर्दथ्यो। वैदिक संहिताहरूमा यससँग सम्बद्ध धेरै सन्दर्भहरू उपलब्ध हुन्छन्। ऋग्वेदमा ऋषिले भनेका छन्- 'हे राजन ! तपाईंलाई हामीहरूले राष्ट्राध्यक्षका रूपमा वरण गरेकाले तपाईं हामीहरूका बीचमा रहनुहोस् र शक्तिशाली बन्नुहोस्। सवै प्रजाले तपाईंलाई रुचाउन्। तपाईंको हातबाट राष्ट्र अलग न होस्।'[५] त्यसैगरी अथर्ववेदका ऋषिले पनि यसैसँग मिल्दोजुल्दो आशय व्यक्त गरेका छन्। उनी भन्छन्- 'यिनी प्रजाहरूले तिमीलाई राजा नियुक्त गरेका छन्, पाँच देवीहरूले तिमीलाई चुनेका छन्। राष्ट्रको सर्वोच्च पदलाई तपाईंले अलङ्कृत गर्नुहोस् र त्यहीँबाट आफ्ना प्रजाहरूलाई धन वितरण गर्नुहोस्।'[६] यस वैदिक कालिक प्रजातान्त्रिक शासन व्यवस्थाले जनहरू (प्रजाहरू)को हित र राष्ट्रको सुरक्षामा विशेष ध्यान दिने गर्दथ्यो। राजाले आफूलाई त्यस पदको अनुरूप शक्तिशाली या योग्य सिद्ध गर्न नसक्दा राजपदबाट त्यसलाई हटाएर प्रजाले अर्कोलाई नियुक्त गर्दथे। एकपटक हटाइएको पदमा जनताको विश्वास र कुशल प्रशासनको आश्वासन दिँदा पुनः पद प्राप्त गरेको प्रसङ्ग अथर्ववेदमा वर्णित छ।[७] राजा चुनिँदा या पुनः प्रतिष्ठित हुँदा अनेक याज्ञिक कार्यहरू सम्पन्न गरिन्थे।

१.३ वैदिक कालमा राजतन्त्रात्मक पद्धति

वैदिक साहित्यमा राजतन्त्रात्मक शासन प्रणालीको पनि उल्लेख मिल्दछ। त्यस समय धेरै राज्यहरू थिए। क्षेत्रफलको दृष्टिवाट स-साना राज्यहरू हुँदा हुँदै पनि वैदिक संहिताहरूमा पाइने सम्राट्, एकराज, अधिराज, राजाधिराज शव्दहरूले राज्यहरू विस्तृत पनि हुने संकेत गर्दछन्। एउटा राजाले आफूलाई अन्य राजाहरू भन्दा श्रेष्ठ देखाउन ठूला-ठूला उपाधिहरू ग्रहण गर्थे। अश्वमेघ र राजसूय यज्ञहरूले त्यसतर्फ संकेत गर्दछन्। महत्वाकांक्षी राजा छिमेकी राज्यहरूमा आफ्नो प्रभुत्व स्थापित गर्न सदा सक्रिय रहन्थे। यस व्यवस्थामा प्रजाको हित र राज्यलाई शत्रुहरूबाट रक्षा गर्नु राजाको मुख्य कर्तव्य अन्तर्गत पर्दथे। प्रजाको रक्षाजस्तै ऋतको रक्षा पनि त्यसको प्रमुख कर्तव्य थियो। त्यसैले राजालाई 'ऋतस्य गोपाः' भनिएको छ। उसलाई ऋतको रक्षकको रूपमा वरुण मानिएको छ। राज्याभिषेकका समयमा त्यसलाई यम, कुवेर, वरुण, इन्द्र र रुद्रका रूपमा सम्वोधन गरिन्थ्यो। यमका रूपमा अपराधीलाई दण्ड दिने, कुवेरका रूपमा प्रजालाई धन बाड्ने, वरुणका रूपमा नैतिक मूल्यलाई संरक्षण गर्ने, इन्द्रका रूपमा शत्रुलाई जित्ने तथा रुद्रका रूपमा पापीहरूलाई संहार गर्ने (संहारक) मानिन्छ। यसरी वैदिक कालीन राजामा देवताहरूका गुण पाइने हुँदा त्यसलाई ईश्वरको रूप मानिन्थ्यो। राजालाई धर्मपतिको उपाधि पनि प्राप्त हुने गर्दथ्यो। यहाँ त्यसको अर्थ धर्मको स्वामी न भएर धर्मको पालक भन्ने वुझाउँछ। त्यसैकारण ऊ अदण्ड्य थियो तर त्यो धार्मिक

नियम भन्दा माथि थिएन र त्यसलाई धर्मका नियम बनाउने अधिकार पनि थिएन। त्यो पनि धर्मको अधीनमा थियो र त्यसलाई पालन नगर्दा दण्ड्य हुन्थ्यो। राज्याभिषेकका समयमा अध्वर्यु र त्यस राज्यका प्रजाहरूका तर्फबाट राजामाथि पवित्र जल सेचन गर्दै 'अदण्ड्योऽसि' भनिन्थ्यो, त्यसै समयमा एउटा ब्राह्मणले 'धर्मदण्ड्योऽसि' भन्दथ्यो। वैदिक कालमा यही राजतन्त्रमाथि धर्मतन्त्रका नियन्त्रणको द्योतक हो।

१.४ वैदिक कालमा राज्यका प्रशासनिक इकाइहरू

वैदिक कालमा राज्य धेरै इकाइहरूमा बाँडिएको थियो। ती प्रशासनिक इकाइहरूमा ग्राम, जन, विश र राष्ट्र पर्दथे।

१.४.१ ग्राम : विभिन्न गृहहरूको समूह, जुन सुरक्षाको दृष्टिवाट एक आपसमा निकट थिए तिनीलाई 'ग्राम' भनिन्थ्यो। यो प्रशासनको सबैभन्दा सानो इकाइ थियो। त्यसको प्रमुखलाई 'ग्रामणी' भनिन्थ्यो। यसले वैदिक प्रजातान्त्रिक राज्य व्यवस्थामा गाउँको नेता र राज्यको सभामा ग्रामको प्रतिनिधित्व गर्दथ्यो। यसको कर्तव्य ग्रामीणहरूको दैनिक कार्यक्रमहरूको निरीक्षण गर्नु रहेको थियो भने यसलाई राजाका तर्फवाट सुरक्षा प्रदान गरिन्थ्यो। यो एउटा समृद्ध व्यक्ति हुन्थ्यो। ऋग्वेदमा मनुलाई ग्रामणी भनिएको छ र उनलाई 'सहस्रदा' हजारौं दान गर्ने भनेर उल्लेख गरिएको छ।[८] ऋग्वेदको अर्को मन्त्रमा ग्रामणीका उदान्त गुणहरूको वर्णन गर्दै पुरोहितहरूलाई दान गर्ने कार्यका ग्रामका व्यक्तिहरू मध्येमा त्यो प्रथम हुने कुरा वर्णित छ।[९]

१.४.२ जनपद : राज्य दोस्रो इकाइ थियो जनपद। यसमा विशेष समुदायका व्यक्तिहरू हुने गर्दथे। ऋग्वेदमा जनशव्द मनुष्यका अतिरिक्त जन समूहमा पनि प्रयुक्त भएको छ। वैदिक साहित्यमा अनेक जनहरूको उल्लेख भएको छ। ऋग्वेदकालमा एउटा निश्चित व्यवस्था या प्रशासनका अधीनमा रहने समान जातीय व्यक्तिहरूको समुदाय या वर्गलाई जन भनिन्थ्यो। ऋग्वेदमा 'भरतजन'[१०] र 'यादव जन'[११] को उल्लेख भएको छ। एउटा अर्को प्रसङ्गमा परुष्णी नदीको दुवै तर्फ २१ जनहरूको निवास भएको उल्लेख पाइन्छ।[१२] यिनीहरू दाशराज युद्धमा सुदासका विरुद्ध लडेका थिए। यिनीहरूलाई सुदासले पराजित गरेका थिए। 'पञ्चजना'को उल्लेख मन्त्र साहित्यमा अनेक पटक भएको छ।[१३] वैदिक साहित्यमा 'पञ्चजना'को पर्यायका रूपमा 'पञ्चमानुषाः' आदि शव्दहरूको प्रयोग पाइन्छ। पञ्चजनाका वारेमा पर्याप्त मतभेद छ। ऐतरेय ब्राह्मणका अनुसार पञ्चजनको अभिप्राय देव, गन्धर्व, अप्सरस्, सर्प र पितर हो।[१४] यास्कका अनुसार यसको अर्थ गन्धर्व, पितर, देव, असुर र राक्षस गरिएको छ।[१५] औपमन्ववले यसलाई ब्राह्मण, क्षेत्रीय, वैश्य, शुद्र र निपाद अर्थ गरेका छन्।[१६] पाश्चात्य विद्वान् राँथ र गोल्डनरले

'सर्वेजना:' मानेका छन्। यसका कुनै सन्देह छैन, 'पञ्चजन' शव्द तत्कालीन समाजमा प्रमुख पाँचजनहरूको पनि वाचक थियो। यी पाँचजनहरू आर्यहरूका विभिन्न शाखा थिए। ऋग्वेदमा सोमलाई पाञ्चजनसँग सम्वन्धित भनिएको छ।[१७] यिनी सोम वा यज्ञ संस्कृतिका उपासक थिए। यिनीहरू सरस्वती नदीको तटमा रहेको कुरा आएको छ।[१८] ऋग्वेदमा इन्द्रलाई 'पाञ्चजन्य' भनिएको छ[१९] र एउटा अन्य प्रसङ्गमा अग्निलाई पनि पाँचजनहरूको मानिएको छ।[२०] यो 'पञ्चजन' शव्द र 'पाँचमानव' शव्द आर्यका पाँच जनहरूको पनि संकेत हो। यी यदु, तुर्वशु, द्रुह्यु, अनु र पुरु थिए। ऋग्वेदमा यिनीको एकसाथ उल्लेख भएको छ।[२१] यिनी पाँच जनहरू पूर्व वैदिक कालका हुन्, जुनवेला आर्यहरू सप्तसिन्धु प्रदेशमा रहने गर्दथे। यिनीहरू नै सवैभन्दा प्राचीन वैदिक जन हुन्।

तृत्सुहरूको शक्तिशाली एवं महत्त्वपूर्ण जनका रूपमा अनेक पटक उल्लेख भएको छ। सुदासका नेतृत्वमा तृत्सुहरूले दाशराज युद्धमा अनेक आर्य एवं अनार्य जनहरूलाई परास्त गरेका थिए। ऋग्वेदमा सुदासले परुष्णीको तटमा दश राजाहरूका साथ युद्ध गरेको[२२] र यमुनाका तटमा भेद, अज, शिशु आदिसँग लडेको कुरा आएकोले[२३] यिनीहरूको राज्य पशिचममा परुष्णी नदीवाट पूर्व यमुना नदीसम्म फैलिएको थियो। उत्तर वैद्धिक कालीक साहित्यमा यिनीहरूको उल्लेख छैन।

१.४.३ जनराज : जनहरूको प्रधानलाई जनराज भनिन्थ्यो।[२४] त्यसलाई 'जनस्य गोपा:' नामवाट पनि सम्वोधन गरिएको छ।[२५]

१.५ राष्ट्र

राज्यको सवैभन्दा ठूलो इकाइ राष्ट्र थियो। जसको शासक राजा हुन्थ्यो। एक राष्ट्रमा धेरै जनपदहरू हुने गर्दथे। यसरी अनेक जनपद मिलेर राष्ट्र वन्ने गर्दथ्यो। राष्ट्रमा रहनेहरूलाई 'विश' भनिने चलन थियो। ऋग्वेदमा आर्यविश[२६] र दासीविश[२७] शव्दहरूको उल्लेखवाट एकै राष्ट्रमा रहने सम्भवत: आर्य एवं दासहरू प्रतिको संकेत थियो। राजालाई 'विशपति' या 'विशांपति' भनिन्थ्यो। राजाको निर्वाचन विशहरूले गर्दथे। राजाले सदैव विशहरूको समर्थन प्राप्त गर्ने प्रयास गर्दथे। दुवैको सम्वन्ध सुमधुर रहोस् भनेर अनेक यज्ञहरू आयोजित हुन्थे। तैत्तिरीय संहितामा सामनद्वारा गरिएका यज्ञको फल राष्ट्रलाई मिल्दछ भने ऋकद्वारा गरिएका यज्ञको फल विशलाई प्राप्त हुने कुरा उल्लेख छ।[२८] राष्ट्रलाई एक पर्ण र विशलाई अश्वत्थ वृक्ष भनिएको छ।[२९] जब जुहूपात्र पर्णको तथा उपभृत्पात्र अश्वत्यवाट निर्माण गरिनुको आशय हो राजा विशभन्दा माथि हुन्छ। पूर्व वैदिक कालमा राजामाथि विशहरूको पूर्ण नियन्त्रण थियो। राजाले पनि आफूलाई राज्यको धरोहर र त्यसको संरक्षक मान्दथे।

१.५.१ सभा र समिति : पूर्व वैदिक कालमा राज्यको कार्य निष्पादन र राजालाई सहयोग गर्न विशहरूका सभा र समिति गरी दुई संस्था रहेको पाइन्छ। यी दुवै संस्थाहरूको राजामाथि पूर्ण नियन्त्रण थियो। यी दुई संस्थालाई अथर्ववेदमा प्रजापतिका जुम्लिया पुत्री भनिएको छ।[३०]

१.५.२ सभा : वैदिक साहित्यमा सभा शब्द दुई अर्थमा आएको छ ती अर्थ हुन् व्यक्तिहरूको समूह र त्यो गृह जहाँ व्यक्तिहरू एकत्रित हुन्छन्। यो सभागृह सामाजिक कार्य र जुवा खेल्न प्रयोग गरिन्थ्यो। सभामा संलग्न व्यक्तिलाई सभासद् भनिन्थ्यो र त्यसका अध्यक्षलाई सभापति। सभाको सदस्य बन्नु गौरवको कुरा मानिन्थ्यो। मानिसहरूले कामना गर्दथे उसको छोरो 'सभेय' होस्।[३१] ऋग्वेदमा सभाको सदस्य बन्नका लागि स्तुतिहरूका साथ ब्रह्मणस्पति देवताको आहुति प्रदान गर्ने उल्लेख छ।[३२] मैत्रायणी संहितामा ग्रामको न्यायाधीश (ग्रामवदिन्) को न्यायालयलाई पनि सभा भनिएको छ।[३३]

१.५.३ समिति : समितिलाई एउटा सामान्य सभा भन्न सकिन्छ। यसमा सबै वर्गका प्रतिनिधि रहने गर्दथे। समितिका बैठकको अध्यक्षता राजाले गर्दथे। यस समितिलाई 'संसद' नामले पनि जानिन्थ्यो। यसका सदस्यहरूलाई पनि सांसद भनिन्थ्यो। समितिको बैठकमा राज्यका अधिकारीहरूले विभिन्न स्थानका व्यक्तिहरूका समक्ष राज्यका अधिकारीहरूले राजाद्वारा प्राप्त धनको घोषणा गर्दथे।[३४] सबै कुराहरूमा समग्रको (समितिमा रहेको सबै व्यक्तिहरूको) सहमति वाञ्चित मानिन्थ्यो।

१.५.४ पुरोहित : वैदिक कालमा राजाका साथसाथै पुरोहितको पनि महत्त्वपूर्ण स्थान थियो राजा र पुरोहितले क्षत्र एवं ब्रह्मबलको प्रतिनिधित्व गर्दथे। वैदिक प्रशासनसम्वन्धी रथका यी दुई पाङ्ग्रा थिए। पुरोहित ब्राह्मणहरू हुने गर्दथे र यिनीहरूले धार्मिक कार्य सम्पन्न गर्न सहयोग गर्नुका साथै सम्पूर्ण राजनीतिक कुराहरूका समाधानमा समेत सहायता गर्दथे। युद्धकालमा पनि यिनीहरू राजाका साथ युद्ध क्षेत्रमा जानुका साथै उनको विजयका लागि देवताहरूसँग प्रार्थना गर्दथे। अथर्ववेदमा ब्राह्मण पुरोहितका महिमाको विशेष वर्णन गरिएको छ।[३५] ऋग्वेदमा पुरोहितको महिमालाई प्रतिवादन गर्दै त्यही राजा आफ्ना राज्यमा सुप्रतिष्ठित हुन्छ, जसको शासनमा ब्राह्मण पुरोहितको सम्मान हुन्छ भनिएको छ।[३६] गोभिल गृहसूत्रका अनुसार राजाको धार्मिक कृत्य सम्पादनका लागि राम्रा कुलको विद्वान्, वक्ता, सुन्दर उचित आयु भएको गुणी, उच्च र राम्रो आदत भएको ब्राह्मणलाई आफ्नो पुरोहित नियुक्ति गर्न भनिएको छ।[३७] आपस्तम्भ धर्मसूत्रका अनुसार पुरोहितलाई धर्मशास्त्र र राजनीतिशास्त्रमा पूर्ण पारङ्गत हुनुपर्ने बताइएको छ।

१.५.४ प्रशासनिक अधिकारीहरू : वैदिक ग्रन्थहरूमा प्रशासनिक व्यवस्थासँग सम्बद्ध अनेक अधिकारीहरूको उल्लेख भएको पाइन्छ। राजसूय यज्ञको रत्न-हवींषि नामक आहुतिका प्रसङ्गमा राजदरवारका ११ अधिकारीको उल्लेख भएको छ। यिनीहरूलाई 'रत्निन्' भनिन्थ्यो। यी रत्निन् थिए- महिषी, पुरोहित, सेनानी, सूत, क्षत्तृ, संग्रहीतृ, भागदुघ, अक्षावाप, रथकार, ग्रामणी तथा पालागल।[३८] राज्यको स्थायित्वका लागि राजाका साथ यिनीहरूको सांमनस्य आवश्यक थियो। यिनीहरू मध्ये कुनै रुष्ट हुँदा राज्यलाई खतरा हुन सक्दथ्यो। राज्यका अधिकारी र विशहरूका गतिविधिको जानकारी दिन गुप्तचर विभाग पनि सक्रिय थियो। गुप्तचरका लागि 'स्पश' शब्दको प्रयोग भएको पाइन्छ। राजाका संदेशवाहक पनि हुने गर्दथे। त्यसलाई दूत भनिन्थ्यो। दूतहरू नै विभिन्न राज्यसँग सम्पर्क गराउने संचारका साधन थिए। पूर्व वैदिक साहित्यमा त्यस समय प्रचलित न्यायप्रणाली र कानूनका विषयमा धेरै जानकारी नमिलेतापनि धर्मसूत्रहरूमा यसको पुरा विवेचन गरिएको छ।

६.१ निष्कर्ष

वैदिक ऋषिहरूमा राष्ट्र प्रेमको उत्कट भावना विद्यमान थियो। राष्ट्रको सुरक्षा र सुसंचालनका लागि सभा, समिति, नरिष्ठा आदि विभिन्न प्रकारका परिषद्हरू निर्माण गरिएको थियो। यी परिषद्हरूमा राष्ट्रका विधिवेत्ता विद्वान् धार्मिक नेता र समाजका विभिन्न क्षेत्रका सुयोग्य मानिसहरूको प्रतिनिधित्व हुने गर्दथ्यो। राष्ट्रका रक्षाको दायित्व राजामा थियो। त्यसैले अथर्ववेदमा व्रह्मचर्य र तपद्वारा राजाले राष्ट्रको रक्षा गर्न सक्दछ भनिएको छ।[३९] राजाको मात्र नभएर जनताको पनि राष्ट्रका साथ घनिष्ठ सम्वन्ध हुने गर्दथ्यो। जनताले नै राष्ट्रको निर्माण गर्दथे।[४०] राष्ट्र त्यो महान् शक्ति हो, जसलाई मनुष्यमात्र नभएर देवताहरूले पनि नमन गरेका प्रसङ्गहरू वैदिक साहित्यमा आएका छन्। अथर्ववेदमा राष्ट्रको अभ्युदय र महत्त्वलाई दर्शाउँदै एउटा मन्त्रमा भनिएको छ- 'समस्त जनताका कल्याणको इच्छा गर्ने आत्मज्ञानी ऋषिहरूले आरम्भमा दीक्षा लिएर तपस्या गरे। त्यसको फलस्वरूप राष्ट्र, बल, र ओजको निर्माण भयो। त्यसैले समस्त देववर्गले पनि राष्ट्रको भक्ति गर्नु पर्दछ'।[४१] वैदिक कालमा राष्ट्र र राष्ट्रधर्मलाई अत्यधिक महत्त्व दिँदै त्यसको कल्याण र मङ्गलका लागि शुभकामना प्रकट गरिएका अनेक प्रसङ्गहरू पनि आएका छन्। ऋग्वेदमा वरुण, वृहस्पति, इन्द्र र अग्निवेदले राष्ट्रलाई स्थिर र दृढ गराऊन् भन्ने कामना गरिएको छ।[४२] त्यसैगरी यजुर्वेदमा आफ्नो (हाम्रो) राष्ट्रमा लक्ष्य भेदी धनुर्धर एवं महारथी क्षेत्रीयवीर पैदा होऊन् भन्ने कामना गरिएको छ।[४३] त्यस्तै राष्ट्रको नेतृत्व गर्नेहरू सदा जागरित रहुन् भन्ने भावना पनि व्यक्त गरिएको छ।[४४] देवताहरू र मनुष्यहरूद्वारा वन्दित वैदिक राष्ट्रको स्वरूप विश्लेषण गर्दा आजको भन्दा भिन्न प्रकारको व्यवस्था रहेको देखिन्छ। प्रारम्भमा यसका लागि कुल (परिवार), ग्राम, विश, जन (जनपद) राष्ट्र

गरी पाँच अङ्ग निश्चित गरिएका थिए। यिनै पाँच अङ्गहरूमा वैदिक भारतवर्षको सामाजिक व्यवस्था विभाजित थियो। ऋग्वेदमा ग्रामका सबै निवासी निरोग र हृष्टपुष्ट होऊन् भन्ने कामना गरिएको छ।[४५] राष्ट्रका धार्मिक, न्यायिक एवं प्रशासन सम्वन्धी कार्य हेर्न गठित जतिपनि परिषद्हरू थिए, तिनको गठन राष्ट्रका उपर्युक्त पाँच अङ्गका आधारमा गरिएको थियो। वैदिक राष्ट्रको यसै जनसामान्य व्यवस्थाले नै वर्तमान जनतन्त्रलाई जन्म दिएको हो।

पादटिप्पणी

१.मौर्यसाम्राज्य : यवनहरूको पराधीनतावाट भारतलाई मुक्त गर्ने श्रेय चन्द्रगुप्त मौर्यलाई दिइन्छ। यिनी ब्राह्मण ग्रन्थहरूका अनुसार मगधका नन्दवंशका शासकका मुरा नामक नीच कुलकी स्त्रीका छोरा थिए। यिनै मुराबाट मौर्यवंशको नाम रहेको भनिन्छ। यिनलाई बौद्ध इतिवृत्तमा क्षेत्रीय भनिएको छ। महापरिनिब्बान सुत्तका अनुसार पिप्फलिधनका मोरिय नामक क्षत्रीय भनिएको छ। महापरिनिब्वान सुत्तका अनुसार पिप्फलिधनका मोरियनामक क्षेत्रीय कुलमा चन्द्रगुप्तको जन्म भएको थियो। यिनीहरू गौतम बुद्धका समयमा एक गणतन्त्रीय जातिका रूपमा प्रसिद्ध थिए। चन्द्रगुप्तमौर्यको सफलतामा उनको सैनिक प्रतिभाका साथै उनका प्रधानमन्त्री कौटिल्यलाई पनि जान्छ। यिनी नन्दवंशलाई उन्मूलन गरेर ईशापूर्व ३२२ मा मगधको सिंहासनमा बसेका थिए। उनले विशाल साम्राज्य स्थापना गरे जुन सिन्धुको मुहानदेखि गङ्गाको मुहानसम्म विस्तृत थियो। यस वंशले ईशापूर्व ३२२ देखि इसापूर्व १८५ सम्म करीव १३७ वर्ष शासन गऱ्यो। यस वंशका अशोक पछिका सातौ वंशज बृहद्रथलाई उनका मन्त्री पुष्पमित्रले हत्या गरेर राज्य शासन आफ्नो हातमा लिए। यस वंशलाई इतिहासमा शुङ्गवंश भनिन्छ। यसै वंशको शासनकालमा मनुस्मृतिको रचना भयो। डा. वुहलरले यसको रचना ईशापूर्व २०० देखि ईशवीय सन् २०० को बीच भएको बताएका छन्। डा.पा.वा.काणेले धर्मशास्त्रका इतिहास भाग १ (हिन्दी अनुवाद)मा अन्तसाक्ष्यका आधारमा ईशापूर्व दोस्रो शताब्दी मानेका छन्। यस वंशले इसापूर्व १८५ देखि इसापूर्व ७३ सम्म ११२ वर्ष शासन गऱ्यो। यस वंशमा दसौ राजा देवभूमिलाई उनका मन्त्री वासुदेवले हत्या गरी शासन आफ्नो हातमा लिए। यसरी विश्वासघातबाट उदितराज्य व्यवस्था विश्वासघातवाट नै अन्त भयो। वासुदेवद्वारा स्थापित वंशलाई कण्ववंश भनिन्छ। यस वंशका चार राजाले ४५ वर्ष शासन गरेका थिए।

२. श्री ५ पृथ्वीनारायण शाह शासनकाल (इसवीय सन् १७४२-१७७४)

३. गुप्तसाम्राज्य : ईशाको चौथो शताब्दीको आरम्भमा गुप्त या श्रीगुप्त नामक व्यक्तिले मगधको सानो राज्यमा राज्य गर्दथे। यसको अधीनमा बंगालको केही भाग थियो। त्यसपछि उनका छोरा घटोत्कच शासक भए। यिनका छोरा चन्द्रगुप्त थिए। उनले ईशवीय सन् ३२० मा राज्यारोहण गरे। यिनले आफूलाई महाराजाधिराजको उपाधिले विभूषित गरेका छन्। यिनको विवाह लिच्छवीवंशकी

राजकुमारी कुमारी देवीसँग भएको थियो। यिनको निधन ईशवीय सन् ३४० मा भयो र उनका छोरा समुद्रगुप्त राजा भए। यिनको समयमा वंगाल, आसाम, नेपाल आदि पूर्वका राज्य तथा मालवा, यौधेय, आर्जुनाय, मद्र, आभीर, पंजाव एवं राजपुतानाका पश्चिमी गणतन्त्रात्मक राज्यहरू एवं मालवा तथा मध्यप्रदेशका स-साना राज्यहरूले सम्राट् समुद्रगुप्तको अधीनता स्वीकार गरेर करदिन मञ्जुर गरेका थिए। यथार्थमा भन्दा गुप्त साम्राज्यका सेनाको आतङ्कवाट सुदूर अफगानिस्थानका कुषाणराजा र गुजरातका शकक्षत्रप पनि समुद्रगुप्तको अनुकम्पाका लागि उत्सुक थिए। यिनको विजयीसेना दक्षिणमा कांचीको (मद्रासको दक्षिण पश्चिमस्थित कांजिवरम्) प्रसिद्ध पल्लवराज्यसम्म पुगेको थियो। यिनले करीव १७ दर्जन राज्यलाई जितेर पुनः प्रतिष्ठित गर्दै करद वनाए। यिनको मृत्यु ईशाको ३८० को आसपासमा हुन गयो। त्यसपछि चन्द्रगुप्त द्वितीय राजगद्दीमा वसे। यिनले शक क्षत्रपका अन्तिम राजा रुद्रसिंहलाई मारेर गुप्त साम्राज्यको पश्चिमी प्राकृतिक सीमा अरव सागरसम्म पुऱ्याए। चिनीयात्री फाहियान यिनैका समयमा आएका थिए। समुद्रगुप्त र चन्द्रगुप्त द्वितीय विक्रयादित्यको उपाधिले विभूषित गरेका थिए। भारतीय जनश्रुतिमा शकविजेता विक्रमादित्य र ईशापूर्व ५८ वर्ष पहिले भएका राजा विक्रमादित्यको सम्वत् भारतीय इतिहासमा उल्झेको प्रश्नका रूपमा गनिन्छ। चन्द्रगुप्तको मृत्यु ई. सन् ४१३ मा भयो। उनका छोरा ४० वर्ष राजगद्दीमा बसे। यिनको शासनको अन्तिम चरणमा पुष्यमित्रहरूका समूहले आक्रमण गरे, सम्भवतः यिनीहरू हुण जातिसँग सम्वन्धित थिए। राजकुमार स्कन्दगुप्तको वीरता र सैनिक योग्यताले वरवर जाति पराजित भए। स्कन्दगुप्त इ. सन् ४५५ का राजगद्दीमा वसे। तर यिनको राज्यारोहण शान्तिपूर्णरूपमा हुन सकेन। उनका वैमातृक भाइ एवं कुमारगुप्तकी राजमहिषीका छोरा पुरुगुप्तमा संघर्ष चल्यो। श्वेत हुणहरूले हिन्दकुश पर्वत पार गरेर गान्धारमा अधिकार गरे।.. यो महान् गुप्तसाम्राज्य माथिको हमला थियो। स्कन्दगुप्तले युवराजको वेलामा जस्तै वीरताले लड्दै हुणहरूलाई पराजित गरेर विक्रमादित्यको उपाधि धारण गरे। सम्भवतः ई. सन् ४६७ मा उनको निधन भयो। गुप्त अभिलेखमा स्कन्दगुप्तको उल्लेख न भएर पुरुगुप्तलाई कुमारगुप्तको उत्तराधिकारी मानिएको छ। इ.सन् ४७७ मा पुरुका छोरा बुध गुप्तराजगद्दीमा बसेका थिए।

४. न राज्यं न च राजाऽसीन्न दण्ड्यो न च दाण्डिकः।
धर्मेणैव प्रजाःसर्वा रक्षन्तिस्म परस्परम् ॥ - महाभारत, शान्तिपर्व ५९।१९

५. आ त्वाहार्षमन्तरेधि ध्रुवस्तिष्ठाविचलाचलिः।
विशस्त्वा सर्वा वाञ्छन्तुमा त्वद्राष्ट्रमधि भ्रशत् ॥
इहैवैधि माप च्योष्ठा : पर्वत इवाविचलाचलिः।
इन्द्र इवेह ध्रुवस्तिष्ठेह राष्ट्रमु धारय ॥ -ऋग्वेद १०।१७३।१-२

६. त्वां विशो वृणतां राज्याय त्वामिमाः प्रदिशः पञ्च देवीः।
वर्ष्मनराष्ट्रस्य ककुदि श्रयस्व ततो न उग्रो वि भजा वसूनि ॥ अथर्ववेद ३।४।२

७. श्येनो हव्यं नयत्वा परस्मादन्यक्षेत्रे अपरुद्धं चरन्तम् ।
अश्विना पन्थां कृणुतां सुगं त इमं सजाता अभिसंविशध्वम् ॥ - अथर्ववेद ३।३।४

८. ऋग्वेद १०।६२।११

९. ऋग्वेद १०।१०७।५

१०. ऋग्वेद ३।५३।१२

११. ऋग्वेद ८।६।४८

१२. ऋग्वेद ७।१८।११

१३. ऋग्वेद ३।३७।९, ऐतरेय ब्राह्मण ३।३१।४।२७, तैत्तिरीयसंहिता १।६।१।२, काठक संहिता ५।६ र बृहदारण्यकोपनिषद् ४।२।९

१४. ऐतरेयब्राह्मण ३।३१

१५. निरुक्त ३।८

१६. निरुक्त ३।८

१७. ऋग्वेद ९।६५।२३

१८. ऋग्वेद ६।६१।१२

१९. ऋग्वेद ५।३२।११

२०. ऋग्वेद ९।६६।२०

२१. ऋग्वेद १।१०८।८

२२. ऋग्वेद ७।१८।८-९

२३. ऋग्वेद ७।१८।१९

२४. ऋग्वेद १।५३।९

२५. ऋग्वेद ३।४३।५

२६. ऋग्वेद १०।११।४

२७. ऋग्वेद ३।३४।९

२८. तैत्तिरीयसंहिता १।६।१०।९

२९. तैत्तिरीयसंहिता ३।५।७।५

३०. अथर्ववेद ७।१२।१

३१. ऋग्वेद १।९१।२, र पा.सं. २२।२२

३२. ऋग्वेद २।२४।१३

३३. मै.सं. २।२।१

३४. ऋग्वेद ८।४५।२५

३५. अथर्ववेद ५।१७-१९

३६. ऋग्वेद ४।५०।७-९

३७. गोभिल गृहसूत्र ११।१४।१५

३८. शतपथब्राह्मण ५।३।१।१-१३

३९. ब्रह्मचर्येण तपसा राजा राष्ट्रं वि रक्षति । अथर्ववेद १९।४१।१

४०. राष्ट्राणि वै विशः । ऐतरेय ब्राह्मण ८।२६

४१. भद्रमिच्छन्त ऋषयः स्वर्विदस्तपो दीक्षामुपदेशुरग्रे ।
ततो राष्ट्रं बलमोजश्च जातं तदस्मै देवा उप सं नमन्तु ॥- अथर्ववेद १९।४१।१

४२. ऋग्वेद १०।७३।४ ।

४३. आ राष्ट्रे राजन्यः इषव्योऽ तिव्याधी महारथो जायताम् । - यजुर्वेदः २२।२२

४४. यजुर्वेद ९।२३ ।

४५. पुष्टं ग्रामे अस्मिन्ननातरम् । ऋग्वेद १।११४।१ ।

♣♣♣

अभिवादनका केही शास्त्रीय मान्यता

माधवप्रसाद लामिछाने
उपप्राध्यापक

अभिपूर्वक वद्धातुमा घञ्प्रत्यय र त्यसपछि ल्युट्प्रत्यय भएर बनेको अभिवादन शव्दले नमस्कारात्मक अर्थद्योतन गर्छ। नमः, नमस्ते, नमस्कार, प्रणाम आदि शव्दले वहन गर्ने साझा अर्थबोध गराउँछ अभिवादन शव्दले। भाषा, धर्म तथा सम्प्रदायगत भिन्नताका आधारमा अभिवादन गर्न प्रयोग गरिने शव्दहरू पनि फरकफरक छन्। उक्त भिन्नताका आधारमा अभिवादन गर्न नमस्ते, प्रणाम, ओम् शान्ति, ओम् साइराम, नारायण-नारायण, राधे-राधे, सलाम, जदौ, गुड डे, गुड मोर्निङ जस्ता विभिन्न शब्दावलीहरूको प्रयोग भएको पाइन्छ। तर उपर्युक्त सम्पूर्ण शव्दहरू अभिवादनका निमित्त प्रयोग गरिने भए पनि कतिपय: शव्दहरू अभिवादनका सामान्य प्रक्रिया पूरा गर्न उच्चारण गरिएका हुन्छन् भने कतिपय: शव्दहरू भने विशेष अर्थबोध गराउन प्रयोग गरिएका हुन्छन्। सामान्य अर्थमा साधारण महतत्त्व भएका व्यक्तिद्वारा विशेष महतत्त्व भएका व्यक्तिउपर आदरभाव प्रकट गर्न यस्ता शव्दावलीको प्रयोग गरिन्छ। अभिवादनशव्दले सम्वोधन अर्थसमेत वोध गराउँछ। अभिवादनकार्यमा अभिवाद्य व्यक्तिलाई सम्वोधन र स्वनामोच्चारणसमेत *हुन्छ* भन्ने शास्त्रसम्मति पाइन्छ।[1]

सृष्टिको उषाकालदेखि मान्यजनप्रति सम्मान गर्ने परिपाटि रहिआएको हो। वेद, उपनिषद्, पुराणहरू तथा काव्यहरूमा अभिवादनका प्रक्रियाहरू पूर्ण गरिएकै हुन्छन्। हाम्रा वैदिक ग्रन्थहरू अभिवादनका खानी नै हुन्। यहाँका अधिकांश मन्त्रहरूले अभिवादनको व्यापक महतत्त्व रहेको कुरालाई स्पष्ट पारेका छन्। ऋग्वेददेखि आजसम्मकै सम्पूर्ण संस्कृत ग्रन्थहरूमा अभिवादनसूचक नमस्कारादि शव्दको अत्यन्त महतत्त्वका साथ प्रयोग हुँदै आएको छ।[2]

कतिपय मानिसहरू अभिवादन गर्ने कार्यलाई अनावश्यक ढाँचा, चाकडी वा चाप्लुसीका रूपमा लिने गर्छन्। निहित स्वार्थसिद्धिका निमित्तमात्र मान्यजनलाई अभिवादन गरिन्छ भने त्यसको तातित्वक महतत्त्व हुँदैन। तर कर्तव्यपरायणताका

---

[1] भोः शव्दं कीर्तयेदन्ते स्वस्य नाम्नोभिवादने। नाम्नां स्वरूपभावो हि भोभाव ऋषिभिः स्मृतः॥
(मनुस्मृतिः२।१२४, द्र. : मन्वर्थमुक्तवली, पृ.५५)

[2] नमो गणेभ्यो गणपतिभ्यश्च वो नमोनमो व्रातेभ्यो व्रातपतिभ्यश्च वो नमो नमो गृत्सेभ्यो गृत्सपतिभ्यश्च वो नमो नमो विरूपेभ्यो विश्वरूपेभ्यश्च च वो नमः॥ (शुक्लयजुर्वेदसंहिता १६। २५)

साथ अन्तर्मनको प्रेरणाद्वारा अभिवादन गरिन्छ भने त्यसले मानिसहरूलाई व्याख्या गरेरै नसकिने लाभ दिन्छ । अभिवादनकार्य मानवमात्रले पाएको सुन्दर आचरण हो । यस आचरणलाई पालन गर्न कुनै परिश्रमको भार उठाइरहनु पर्दैन । कुनै खतरा पनि मोलिराख्नु पर्दैन । केवल आफूमा रहेको अहङ्कार त्यागिदिए पुग्छ अनि विनयशील व्यक्तिहरूको आचरणलाई अवलम्वन गरिदिए पुग्छ । निरन्तर रूपमा मान्यजनहरूप्रति अभिवादन गर्दा मानिसमा आयु, विद्या, यश, बल जस्ता कुराहरूको वृद्धि हुन्छ भनेर मानवधर्मशास्त्रले किटानी गरेको छ ।[१] वास्तवमा मानिस धेरै वाँच्न चाहन्छ, ऊ धेरै विद्वान् हुन चाहन्छ, जताततै आफ्नो कीर्तिपताका फहराओस् भन्न चाहान्छ । ऊ अरूभन्दा ज्यादा शक्तिशाली भएर पूरै समाजमाथि आफ्नो पकड जमाउन चाहन्छ । तर यी सबै कुरा कल्पनाले मात्र प्राप्त हुँदैन । आदरणीय व्यक्तिहरूको अपमान गर्नेलाई अरूले भित्रैदेखि घृणा गर्छन् । सामाजिक शिष्टता अतिक्रमण गर्नखोज्नेलाई कसैले पनि राम्रो दृष्टिले हेर्दैन । अन्ततः ऊ आफूलाई मनोवैज्ञानिक रूपमै तिरस्कृत र अपहेलित ठान्नसक्छ । कर्तव्य पूरा गर्न नसक्ने मान्छे वाहिरबाट हेर्दा सशक्त देखिए पनि उसमा सधैं आत्मबलको कमी हुन्छ ।

हाम्रो शिष्ट परम्परामा आफ्नो दैलामा उपस्थित व्यक्तिहरूको सम्मानार्थ आफू बसेको आसनबाट उठेर अभिवादन गर्ने गरिन्छ । त्यसरी नै उठेर अभिवादन गरिसकेपछि आगन्तुक मान्य व्यक्ति हृदयदेखि नै प्रफुल्ल हुन्छ र आशीर्वाद दिन्छ एवं अभिवादनकर्ता आफूले गरेको शिष्टाचारकार्यले स्वयं पनि भित्रैदेखि सन्तुष्ट हुनपुग्छ । गरिमामय व्यक्तिहरूको सम्मानार्थ गरिने सद्व्यवहारले व्यवहर्तालाई भौतिक रूपमा वेजोड लाभ पुग्ने कुरा शास्त्रनिर्दिष्ट छ । आफ्ना मान्यजनहरू आफ्नै अघि उपस्थित भएपछि हतपत उठेर सादर अभिवादन नगर्दा सम्म कर्ताको प्राणवायु विचलित भइरहन्छ अर्थात् कर्ता आफ्नो आसनबाट नउठ्दै उसको प्राणशक्ति खडा भइसक्छ र मान्यजनहरूलाई सम्मान गरिसकेपछि त्यो शक्ति आफ्नै ठाउँमा फर्केर जान्छ र स्वभाविक परिस्थिति निर्माण हुन्छ भन्ने कुरा हाम्रा धर्मग्रन्थहरूमा उल्लिखित छ ।[२] यसरी हेर्दा आयु, आरोग्य, बल, कीर्ति जस्ता कुराहरू हात पार्न मानिसले शास्त्रोक्त निर्देशनको पालन गर्नुपर्ने कुरा सिद्ध हुन्छ ।

यस संसारमा महत्त्व नभएका कुनै वस्तु छैनन् । सम्पूर्ण प्राणीहरू ईश्वरकै सृष्टि हुन् । सबैमा ईश्वरको वास हुन्छ । अर्थात् सम्पूर्ण जगत् ईश्वरमय नै छ ।[३] त्यसकारण यस दुनियाँका हरेक व्यक्ति वा वस्तु वन्दनीय नै छन् । तर

---

[१] अभिवादनशीलस्य नित्यं वृद्धोपसेविनः ।
चत्वारि तस्य वर्धन्ते आयुर्विद्या यशो वलम् ॥ – मनुस्मृतिः (२। १२१)

[२] ऊर्ध्वं प्राणाः ह्युत्क्रामन्ति यूनः स्थविरआयति ।
प्रत्युत्थानाभिवादाभ्यां पुनस्तान्प्रतिपद्यते ॥ मनुस्मृतिः २।१२०)

[३] ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् ....॥ (ईशावास्योपनिषद् श्लोक १)

पनि सभ्यता र शिष्टाचारगत भिन्नताकै कारणले संसारका अन्य प्राणीभन्दा मानिसलाई भिन्न र महिमामण्डित मानिएको हो। तर जव मानिसमा शिष्टाचाररूपी धर्म रहदैन तव ऊ पशु आदि समान्य प्राणीभैं वन्न पुग्छ। मानवले जीवनमा पूरा गर्नुपर्ने अनगिन्ती कर्तव्यहरू छन्। सवै कर्तव्य पूरा गर्न सक्ने मान्छे संसारमा विरलै भए होलान्। तर पनि मान्छेलाई आफ्ना जीवनभरि कर्तव्यका अनेकौं वोभ्काहरू उठाउनु पर्ने हुन्छ। शिष्टताको प्रथम आधार अभिवादनरूपी कर्तव्यको भने मानिसले कुनै वोभ्का उठाइरहनु पर्दैन। यसका निमित्त उसमा अनुशासनरूपी गुण भए पुग्छ।

पूर्वीय संस्कृतिमा हरेक शुभकार्य गर्दा वा नयाँ कामको थालनी गर्दा आफ्ना इष्टदेव वा ईश्वरलाई नमन गरिन्छ। काम गर्दा विघ्न नआओस् भनेर विघ्नेश्वर गणेशलाई नमस्कार गरिन्छ। वक्ताहरूले भाषण गर्नु अघि विद्याकी अधिष्ठात्री देवी सरस्वतीलाई नमन गर्छन्। कुनै नयाँ ग्रन्थ लेख्दा, ग्रन्थको भाष्य गर्दा, अध्ययन गर्दा वा अध्यापन गर्दा देवता वा गुरुलाई नमन गर्ने गरिन्छ। संस्कृत वाङ्मयमा हात चलाएर सफलता प्राप्त गरेका सम्पूर्ण ग्रन्थकारहरूको कृतिका सुरुमा हेर्दा ईश्वरस्मृति वा गुरुवन्दना गरिएको पाइन्छ।[१] धेरै जसो ग्रन्थहरूका सुरुमा आउने ईश्वरनमन सङ्क्षिप्त रूपमा आएको हुन्छ। तर कतिपय: सस्कृत ग्रन्थहरूमा ग्रन्थकारहरूले धेरै पदावली वा श्लोकावलीका साथ ईश्वराभिवादन गरेका छन्। महाकवि वाणभट्टले कादम्वरी महाकाव्यको आरम्भमा अभिवादनको लामो प्रक्रिया पूरा गरेका छन्।[२] नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाले पनि आफ्नो महाकाव्य 'सुलोचना' मा अभिवादनको लामै शृङ्खला तय: गरेका छन्।[३] यसरी नै यात्रा गर्दा, घर वनाउँदा वा कुनै पनि कार्यको आरम्भ गर्दा आफ्ना आराध्य वा इष्टदेवलाई अभिवादनस्वरूप मङ्गलाचरण गरी सम्भावित विपत्ति टार्ने प्रयास गरिएको पाइन्छ।

आफूले मान्नुपर्ने सवैलाई अभिवादन गर्नुपर्छ। आमा, वावु, गुरु, गुरुआमा, दिदी, दाजु-भाउजू आदि सम्पूर्ण मान्य नातेदारहरूलाई अभिवादन गर्नुपर्छ। त्यसरी नै आफूभन्दा वढी उमेरका व्यक्ति, विद्वान्, धनी, राजा, मन्त्री आदि सवैलाई अभिवादन गर्नुपर्छ। अभिवादन मान्यताको मापदण्डअनुसार नै गर्नुपर्छ। धन, वन्धु, उमेर, कर्म र विद्यालाई आधार मानेर सामान्यले विशेषलाई अभिवादन गर्नुपर्छ भन्ने कुरा मनुस्मृतिमा स्पष्ट परिएको छ।[४] आफूभन्दा धनी

---

१ मुनित्रयं नमस्कृत्य तदुक्तीः परिभाव्य च।
वैयाकरणसिद्धान्तकौमुदीयं विरच्यते॥ (वैयाकरणसिद्धान्तकौमुदी, भट्टोजिदीक्षित)

२ रजोजुषे जन्मनि सत्त्ववृत्तये स्थितौ प्रजानां प्रलये तमःस्पृशे॥ अजाय सर्गस्थितिनाशहेतवे
त्रयीमयाय त्रिगुणात्मने नमः॥ जयन्ति वाणा........इत्यादि (कादम्वरीमहाकाव्य, मङ्गलाचरण श्लोक १-२०)

३ भरदिलदतन्त्री नवलय मन्त्री, अयि करवीणा इत्यादि (सुलोचना महाकाव्य, सर्ग १ सम्पूर्ण)

४ वित्तं वन्धुः वयः कर्म विद्या भवति पञ्चमी।
एतानि मान्यस्थानानि गरीयो यद्यदुत्तरम्॥ (मनुस्मृतिः २।१३६)

व्यक्तिलाई कमै उमेरको भए पनि अभिवादन गर्नुपर्छ। नातासम्बन्धको आधारमा आफूभन्दा माथिल्लो भए पछि आफूभन्दा कमै उमेरको भए पनि अभिवादन गर्नुपर्छ। त्यसरी नै आफूभन्दा ज्यादा उमेर भएकालाई, श्रौतस्मार्तादि कर्ममा लागी पर्ने व्यक्तिलाई, विद्याले वरिष्ठ व्यक्तिलाई पनि अनिवार्य रूपमा अभिवादन गर्नुपर्छ भन्ने शास्त्रीय मर्यादा रहिआएको. छ। हाम्रा लोकव्यवहारमा पनि यिनै विषयलाई मापदण्ड बनाएर अभिवादन गर्ने गरिएको छ।

उपर्युक्त मापदण्डका आधारमा अभिवादन गरिएमा सामाजिक व्यवस्थामा अनुकूल प्रभाव पर्छ। तर आजकल कतिपयः व्यक्तिले धनसम्पत्ति र वाहुबललाई मात्रै अभिवादनको आधार बनाउन खोजेको पाइन्छ। पाश्चात्य शिक्षामात्र पाएका कतिपयः गुरुहरू आफ्नै विद्यार्थीहरुलाई पहिला गुड मोर्निङ् भनी अभिवादन गर्न चुक्तैनन् जुन कुरा त्यति सहज लाग्दैन। बल र धनलाई भन्दा ज्ञान, विवेक र आचरणलाई अभिवादनको कसी बनाउनुपर्छ भन्ने कुरा सर्वमान्य छ।

आफ्ना मान्यजनलाई अभिवादन गर्दा विनम्र हुनुपर्छ। अभिवादन गर्दा श्रद्धा र आदर झल्किनुपर्छ। उत्ताउलो पाराले अभिवादन गर्दा त्यो निष्फल नै हुनपुग्छ। दुई हात जोडेर आदरका साथ अभिवादन गरियो भने त्यसको महत्त्व बेग्लै हुन्छ । शास्त्रले एक हातले गरिने अभिवादनलाई दोषपूर्ण र कर्तालाई लाभ नहुने हुनाले एक हातले अभिवादन गर्ने कार्यलाई वर्ज्य मानेको छ।[१] आजकल हाम्रो समाजमा एक हातले अभिवादन गर्ने चलन मौलाउन थालेको छ जुन अशास्त्रीय छ। कतिपयले सम्मान गर्ने बहानामा अपमान गर्न समेत एक हात उठाउने गरेको र कतिपयले सम्मान्य व्यक्तिका अघि झुक्नुको सट्टा हात तेर्स्याउने गरेको पाइन्छ मिलाउनलाई। जुन प्राच्य सभ्यताको प्रतीक होइन। जुत्ता लगाएर, कपडाले टाउको बाँधेर तथा हातमा सरसामान लिएर कहिल्यै पनि अभिवादन गर्नु हुदैन।[२] यसरी अभिवादन गर्दा अभिवादनकै महत्त्व घट्ने कुरा ख्याल राख्दै अभिवादनसम्बन्धी शिष्टाचार बुझेका व्यक्तिहरू चिसो हात पुछेर, भारी बिसाएर, सिँढीबाट तल ओर्लेर तथा अनुकूल परिस्थिति मिलाएर मात्र वृद्धहरूलाई अभिवादन गर्छन्।

अभिवादन गरिने प्रक्रियागत भिन्नताका आधारमा अभिवाद्य व्यक्तिहरूको कोटि फरकफरक छ। कसैलाई साष्टाङ्ग दण्डवत् प्रणाम गर्नुपर्छ, कसैलाई पाउमा शिर राखेर ढोग्नुपर्छ, कसैलाई कहिलेकाहीँ मात्र शिर पाउमा राखेर अभिवादन गर्नुपर्छ भने कसैलाई दुई हात जोडेर नमस्कार गरेपछि कर्तव्य पूरा हुन्छ। वावुआमा, गुरु तथा सहोदर दाजुहरूलाई साष्टाङ्ग दण्डवत् प्रणाम गर्नुपर्ने शास्त्रीय विधान छ। त्यसरी नै दाजुभाउजू दिदी, काका, फुपू आदिलाई गोडामै अभिवादन गर्नुपर्छ भनेर लेखिएकिो छ। यी आदि वाहेकका मान्य व्यक्तिहरूलाई आफू

---

१ जन्मप्रभृति यत्किञ्चित् सुकृतं समुपार्जितम्।
तत्सर्वं निष्फलं याति एकहस्ताभिवादनात्॥ (व्याघ्रपादस्मृतिः ३६७)

२ न सोपानद्वेष्टितशिरा अवहितपाणिर्वाभीवादयीत। (आपस्तम्बधर्मसूत्र १।४।१४।१९)

बसिरहेको आसनबाट उठी दुई हात जोडेर विनम्र भई श्रद्धापूर्वक अभिवादन गर्नुपर्छ भन्ने शास्त्रीय मर्यादा रहेको छ र व्यवहार पनि त्यस्तै रहिआएको छ हाम्रो समाजमा। छोरीहरूले भने बाबुआमा, दाजु आदि कसैलाई पनि पाउमा ढोग्ने चलन छैन *नेपाली हिन्दुपरम्परामा*।

अभिवादन मान्यजनलाई आदरभाव राख्ने एक शिष्टाचार हो। तर कतिपय व्यक्तिहरू अभिवादन गरिन योग्य ठहरिए पनि आफ्नै आचारणगत प्रतिकूलता तथा विशेष परिस्थितिमा रहँदा तिनलाई अभिवादन गर्नु हुँदैन। वेदादि शास्त्रहरूको बेवास्ता गर्ने, धार्मिक मान्यता तोड्ने, कृतघ्न, ग्रामपुरोहित, चोर तथा धूर्त व्यक्तिहरूलाई कहिल्यै पनि अभिवादन गर्नु हुदैन।[1] त्यसरी नै पाखण्डी, संस्कारच्युत, महापातकी, पतित, पागल, सोपानत्क, शत्रु, मन्त्र पढिरहेको व्यक्ति, खाइरहेको व्यक्ति, अशुद्ध व्यक्ति, दौडिरहेको व्यक्ति, नास्तिक, वमन गरिरहेको व्यक्ति, हाइ गरिरहेको तथा दाँत माझिरहेको व्यक्तिलाई अभिवादन गर्नु हुदैन।[2] यसरी नै श्राद्ध, व्रत, दान, देवार्चन, यज्ञ तथा तर्पण जस्ता क्रियाकलापमा संलग्न व्यक्तिलाई अभिवादन गर्नु हुदैन। त्यसरी नै शरीरभरि तेल घसेर स्नान नगरेका व्यक्तिलाई, जुठो मुख भएका व्यक्तिलाई, पानीले भिजेका वस्त्र लगाएका व्यक्तिलाई, स्त्रीजातिहरूसँग खेलवाड गरिरहेको व्यक्तिलाई पनि अभिवादन गर्नु हुदैन भन्ने मान्यता रहिआएको छ।[3] अरूबाट सम्मान सत्कार पाएर मात्र व्यक्ति पूर्ण हुन सक्तैन। उसमा अरूले गरेको सम्मानको मर्म बुझेर तदनुसारको व्यवहार गर्ने क्षमता र कुशलता समेत हुनुपर्छ। जो व्यक्ति अरूबाट अभिवादन प्राप्त गर्छ तर तदनुसारको प्रत्यभिवादन फर्काउन जान्दैन त्यस्तो व्यक्तिलाई अभिवादन गर्नुको समेत औचित्य रहदैन।[4] वास्तवमा मानिस वन्दनीय हुनका लागि उसमा गुणग्राहिता हुनैपर्ने कुरा व्यवहारसिद्ध पनि छ र शास्त्रनिर्दिष्ट पनि छ।

अभिवादन गर्दा दायाँ र बायाँ दुवै हातको प्रयोग हुन्छ। त्यसरी नै देवताको प्रतिमा, राजा, विद्वान्, गुरुआदिलाई पनि दुई हात जोडेर अभिवादन गर्ने परम्परा छ पूर्वीय संस्कृतिमा। अभिवादन क्रियामा दुवै हातको समान सहभागिता हुन्छ। यसरी गरिने नमनक्रियालाई यौगिकक्रियाको उत्कृष्ट नमुनाको रूपमा लिन सकिन्छ। दुई पृथक्पृथक् अर्थको सङ्केत गर्ने दुवै हातको एकीकरणरूप नमनक्रियाले तेस्रो विलक्षण अर्थ प्रकट गरिरहेको हुन्छ। यस प्रकारको अभिवादन क्रियाले

---

[1] नास्तिकं भिन्नमर्यादं कृतघ्नं ग्रामयाजकम्।
स्तेनं च कितवं चैव कदाचिन्नाभिवादयेत्॥ (नारदपुराण, पूर्व. २५।३६-३७, पृ. ११४)

[2] पाखण्डं पतितं व्रात्यं महापातकिनं शठम्।
सोपानत्कं कृतघ्नं च मन्त्रोच्चारकृतं रिपुम्॥ (व्याघ्रपादस्मृतिः, ३६१, द्र : पूर्ववत्)

[3] श्राद्धं व्रतं तथा दानं देवताभ्यर्चनं तथा।
यज्ञं च तर्पणं चैव कुर्वन्तं नाभिवादयेत्॥ (नारदपुराण, पूर्व. ३७, द्र : पूर्ववत्)

[4] यो न वेत्त्यभिवादस्य विप्रः प्रत्यभिवादनम्।
नाभिवाद्यः स विदुषा यथा शूद्रस्तथैव सः॥ (मनुस्मृतिः, २।१६)

सम्पूर्ण प्राणीका सृष्टिका स्रोत अर्धनारीश्वरलाई सङ्केत गरेको छ।[1] स्त्री र पुरुष दुवैको समायोजनबाट अर्धनारीश्वररूप एकीकृत आकृतिको कल्पना गरिएको छ। शिव र शक्ति दुवैको योगबाट निर्मित शिवशक्तिको चर्चा हाम्रा शास्त्रहरूमा पाइन्छ। त्यस तेस्रो अर्थलाई विविध योगसमाधिबाट ज्ञेय र बोध्य एवं पूर्वीय सभ्यता र संस्कृतिको साररूप परं सत्य वा सर्वशक्तिमान् परब्रह्म हो भनेर बुझ्न सकिन्छ। यस शक्तिशाली प्रतीकलाई अभिवाद्य व्यक्ति, वस्तु र स्थानको सम्मानमा प्रयोग गरिन्छ। यहाँ व्यक्ति भनेर सम्पूर्ण शरीरधारीहरू, वस्तु भनेर सृष्टिका समग्र भौतिक पदार्थ र स्थान भनेर विभिन्न तीर्थ, देवमन्दिर, नदीहरू इत्यादि अर्थलाई लिइन्छ। हाम्रो संस्कृतिमा निराकाररूप परं सत्य जसलाई कसैले जान्न र बुझ्न सक्तैनन् त्यसलाई पनि यही पवित्र प्रतीकको प्रयोग गरेर नमन गर्ने परम्परा बसाएका छन् मनिषीहरूले।

दुवै हातहरूको योगबाट अभिवादनक्रिया सम्पन्न हुन्छ। यसमा सहभागी बायाँ हातले भौतिक तत्त्व र दायाँ हातले आत्मतत्त्वको सङ्केत गर्दछ। भौतिक तत्त्वको प्रतीक बायाँ हात र आत्मिक तत्त्वको प्रतीक दायाँ हातको योगबाट यो क्रिया सम्पादन हुन्छ। अभिवादनक्रियामा दुवै हातका पाँचपाँच औँलाका यथाक्रम योग हुन्छ। देब्रे हातका पाँच औलाले पाँचओटा कर्मेन्द्रियका र दायाँ हातका पाँच औँलाले पाँचओटा ज्ञानेन्द्रियका प्रतीकको काम गर्छन्। यसरी हेर्दा अभिवादनक्रियाको माध्यमबाट मानिसले आफ्ना शरीरका पाँच कर्मेन्द्रियलाई दायाँ हातका पाँच औँलाले सङ्केत गर्ने पाँचैवटा ज्ञानेन्द्रिय मिसाएर आत्मतत्त्वको अन्वेषण गर्दछन्। यसरी दुवै हातका फरकफरक तत्त्वलाई सङ्केत गर्ने दुवै पाँचपाँच औँलालाई एकीकरण गरेर अभिवादनक्रियाको माध्यमले मान्छेमान्छेका बीचमा सहमति गराउने कार्य गरेको देखिन्छ।

प्राच्य संस्कृतिमा शरणमा आएकालाई मरण गर्नुहुदैन भन्ने अटल मान्यता छ। रणभूमिमा आफैंसँग युद्ध गरिरहेको शत्रुलाई समेत दुई हात जोडेर शरणमा परेको अवस्थामा घात गर्न नहुने युद्धनीति रहेको छ।[2] अभिवादनकार्यमा संलग्न व्यक्तिका विघ्नबाधा सहजै हटेर जान्छन्। हाम्रो संस्कृतिमा कुनै कार्यारम्भ गर्नुअघि त्यस कार्यमा पर्नसक्ने व्यवधान हटाउन विघ्नेश्वर गणेशलाई सभक्ति नमन गर्ने परिपाटि छ। अभिवादनकर्ताले आफ्नो अघिको शत्रु वा मित्र जोसुकै होस्, ऊसँग अभिवादनक्रियाको माध्यमले सहमति खोजिरहेको हुन्छ। यस कार्यले जसका निमित्त

---

[1] द्विधा कृत्वात्मनो देहमर्धेन पुरुषोऽभवत्।
अर्धेन नारी तस्यां स विराजमसृजत्प्रभुः॥ (मनुस्मृतिः, १।१।३२)

[2]. No man does any action, leave alone voilent action, when in Namaste pose. (Namaste, Page 22)

अभिवादनकार्य सम्पादन हुन्छ, त्यस व्यक्तिलाई मनोवैज्ञानिक प्रभाव पार्छ। फलस्वरूप भिन्न सोच राख्ने व्यक्ति सहजै सकारात्मक वन्न जान्छ। कार्यक्षेत्रका विभिन्न विघ्नबाधा हटाई सन्मार्गतर्फ डोऱ्याउन नमनक्रियाको ठूलो भूमिका रहन्छ भन्ने कुरामा विद्वान्हरू सहमत छन्।[1]

आत्मसमर्पण अभिवादनको एक सुन्दर सरल र सहज उपाय पनि हो। व्यावहारिक जीवनमा आत्मसमर्पणको फरकफरक अर्थ लगाइएको हुन्छ। कतिपय सन्दर्भमा आत्मसमर्पणलाई पलायनवादको अर्थमा पनि व्याख्या गरिएको पाइन्छ। राजनीतिक सन्दर्भमा आत्मसमर्पणलाई सिद्धान्तत्यागको रूपमा अर्थ्याउने प्रयास गरेको देखिन्छ। तर अभिवादनकार्यद्वारा गरिने आत्मसमर्पणलाई एक विलक्षण र त्रुटिहीनकार्यका सन्दर्भमा वुझ्नुपर्छ। मानिसभित्र राग, द्वेष, ईर्ष्या, घृणा, लोभ, अहङ्कार जस्ता कुराहरू संस्कारगत रूपमा रहेका हुन्छन्। अलिकति वातावरण अनुकूल हुनेवित्तिकै मानिसभित्रका यी खराव वृत्तिहरू मानिसलाई धमिल्याउन वाहिरिन थाल्छन्। यी वृत्तिमध्ये सवैभन्दा खराब अहङ्कार हो। यसै अहङ्कारको प्रभावमा परी संसारका महान् हुने सम्भावना वोकेका व्यक्तिहरू (रावणादि) को अस्तित्व समाप्त भएको हो। अहङ्कारयुक्त व्यक्ति रोगाक्रान्त भएको मानिन्छ। जव मानिस अरूको सम्मानमा नतमस्तक हुन्छ तव ऊ अहङ्काररूपी रोगवाट मुक्त हुनपुग्छ। अरूको सम्मानमा अभिवादन गर्न नहिच्किचाउने मान्छे भित्रैदेखि सशक्त र आत्मविश्वासी हुन्छ। जसरी कुनै रोगाक्रान्त व्यक्ति एक कुशल चिकित्सकको उपचार पाएर रोगमुक्त भई स्वस्थ र सवल हुन्छ, त्यसरी नै मान्यजनलाई अभिवादन गर्ने व्यक्ति पनि आफ्नो कर्तव्य (अभिवादनरूपी) पूरा भई स्वस्थ र वलशाली हुन्छ।

अभिवादनकार्यले स्नेह र प्रेमको ढोका खोल्छ। तटस्थभावले रहेका व्यक्तिहरूलाई अभिवादनकार्यले सन्निकट तुल्याउछ। सानो कुरावाट टाढिएका फरकफरक वाटोतर्फ लागेका दुई धारका व्यक्तिलाई मिलाइदिन्छ। अभिवादनकार्यले एकअर्कासँग वोली वन्द गरेका दुई विरोधीलाई एकआपसमा सुमधुर वचन वोलेर सहकर्मी वनाइदिने भूमिका खेल्छ। अभिवादनकार्यमा दुवै हातका पाँचपाँच औँलालाई मुटुनजिक ल्याएर यथाक्रम मिलाउदै मान्य व्यक्तिहरूको सम्मान गरिन्छ। आफूभन्दा ज्यादा उमेरका व्यक्तिलाई अभिवादन गर्दा जोडिएका दुई हातका औँलालाई शिरको नजिक पुऱ्याइन्छ।

समग्रमा भन्दा अभिवादन हाम्रो सभ्यता, संस्कृति र समाजकै मूल कुरा हो। शिष्टताको थालनी हो। यो सम्पूर्ण समस्याको समाधानको पनि आरम्भक हो। विनयशीलता, समर्पण तथा अरूप्रति प्रदर्शित आदरभाव कहिल्यै निष्फल

---

[1]. Namaste helps us to break all the barriers in us and to become humble. (Namaste, Page 14, A.K. Krishna Nambiar)

हुँदैन। बरु अभिवादनप्रक्रियाको अवलम्बनले मानिस ठोस सत्यको पहिचान गरी परिवार, समाज, राष्ट्र र संसारमै आफ्नो स्थान निर्धारण गर्न सक्षम रहन्छ। यी सवै कुरालाई विचार गर्दा अभिवादन क्रियाभित्र मानवजीवनसँग सम्बन्धित आध्यात्मिक, भौतिक तथा मनोवैज्ञानिक पक्षहरूसमेत अन्तर्भूत भएको प्रतीत हुन्छ। अतः हाम्रा प्राच्य धर्मग्रन्थहरूले अभिवादनरूपी सदाचारको मुक्तकण्ठले प्रशंसा गरेका हुन्।

सन्दर्भसामग्री

आप्टे वामन, शिवराम (प्र.सं.१९६६) संस्कृत हिन्दीकोश, दिल्लीः मोतीलाल बनारसीदास पब्लिशर्स प्रा.लि.

क्षेमराजः श्रीकृष्णदासश्रेष्ठी (सम्पा.१८८१शक) अष्टादशस्तयः, बम्वईः श्री वेंकटेश्वर स्टीमयन्त्रालय

चौबे अर्जुन (अनु. १९६५ई) धर्मशास्त्र का इतिहास (द्वितीय भाग), लखनऊः हिन्दी समिति, सूचना विभाग

देवकोटा माधवप्रसाद (अनु.२०३०) ईशादि नौ उपनिषद् , काठमाडौँः ने.रा.प्र.प्रतिष्ठान

देवकोटा लक्ष्मीप्रसाद (२०४६ छैटौँ सं.) सुलोचना महाकाव्य, पुलचोक ललितपुरः साझा प्रकाशन

धवन राजेन्द्रकुमार (२०६० वि.सं) क्या करें, क्या न करें ? (नवौं संस्करण), गोरखपुरः गीताप्रेस

वाणभट्ट (१९८२ ई) कादम्बरी (द्वि.सं.) वाराणसीः चौखम्वा सुरभारती प्रकाशन

भट्टोजिदीक्षितः (१९३७ई) वैयाकरणसिद्धान्तकौमुदी, बनारससिटी : ज्योतिप्रकाश प्रेस

मनुस्मृतिः (१९८३ ई), दिल्लीः मोतीलाल बनारसी दास

यजुर्वेदसंहिता (२००२ ई), वाराणसीः चौखम्वा संस्कृत प्रतिष्ठान

याज्ञवल्क्यस्मृतिः (१९९७ ई) दिल्लीः मोतीलाल बनारसी दास

हरदत्त मिश्र, आपस्तम्बधर्मसूत्र द्वि.सं.(वि.सं.२०२६), वाराणसी : चौखम्वा संस्कृत सिरिज अफिस

Nambiar A.K. Krishna (1979), **NAMASTE**, Madarsa Road: Spiritual India Publishing House

♣♣♣

पाणिनीय व्याकरणका धातुको पूर्णविकारनियम र प्रयोगको समीक्षण[1]

मतिप्रसाद ढकाल
उपप्राध्यापक

१. विषय-प्रवेश

संस्कृत व्याकरणको इतिहासमा पाणिनिद्वारा प्रवर्तित एवम् कात्यायन र पतञ्जलिद्वारा संशोधित-परिवर्द्धित *पाणिनीय व्याकरण*को महत्त्वपूर्ण स्थान छ। पाणिनिपूर्वको व्याकरणशास्त्रप्रवचनको सुदीर्घ परम्परामा अनेकौँ व्याकरणहरूको अस्तित्व पाइए पनि *काशकृत्स्न व्याकरण, आपिशल व्याकरण* एवम् *ऋक्प्रातिशाख्य, वाजसनेयिप्रातिशाख्य* आदि प्रातिशाख्यग्रन्थहरूबाट पा.व्या.का केही नियम र प्रयोगहरू प्रभावित भएका पाइन्छन् तापनि अनुबन्धशैली र प्रत्याहारशैलीको विशेष उपयोग गरिएका कारण संस्कृत व्याकरणमा पा.व्या.को पृथक् अस्तित्व रहन गएको देखिन्छ। पा.व्या.मा अभावरूप *लोप*, अतिरिक्त वर्ण वा अक्षरको उपस्थितिरूप *आगम*का साथै वर्णात्मक, अक्षरात्मक, धात्वात्मक, प्रातिपदिकात्मक, प्रत्ययात्मक र पदात्मक रूपमा हुने *विकार* वा परिवर्तनका प्रक्रियाहरू महत्त्वपूर्ण मानिन्छन्। यस लेखमा सम्पूर्ण धातुका स्थानमा वर्णसमुदायान्तरको विकारका लागि प्रवृत्त हुने

---

[1] यस लेखमा उपयोग गरिएका प्रमुख सङ्क्षिप्त शब्द एवम् सङ्केत चिह्नहरू निम्नलिखित छन् :

इक्षिप्त शब्दहरू		सङ्केत चिह्नहरू
अ. : अष्टाध्यायी	पा. : पाणिनि	→ : देखि उत्तरवर्ती
आर्ध. : आर्धधातुक	प्र. : प्रत्यय	← : देखि पूर्ववर्ती
उप. : उपसर्ग	पा.व्या. : पाणिनीय व्याकरण	+ : आधार र आधेय तत्त्वको परिच्छेदक
ऋ :ऋग्वेद	व. : वहुल	/ : वैकल्पिक
का. : कात्यायन	भ.दी. : भट्टोजि दीक्षित	> : परिवर्तित
कै. : कैयट	म.भा. : महाभाष्य	= : सिद्ध प्रयोग
क्र. : क्रमशः	ल. :लकार	– ...देखि... सम्म
मै.सं. : मैत्रेय संहिता		... : नियम र प्रयोगक्रमको रिक्तता
त.बो. : तत्त्वबोधिनी टीका		
तै.ब्रा. : तैत्तिरीय ब्राह्मण	वा.सं. : वाजसनेय संहिता	
धा. : धातु	श्लो.वा. : श्लोकवार्तिक	
निपा. : निपातन	सि.कौ. : सिद्धान्तकौमुदी	
प. : पतञ्जलि	सू. : सूत्र	

पा.व्या.का नियम र तदन्तर्गतका प्रमुख उदाहरणहरूको समीक्षात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

२. धातुको पूर्णविकारनियम र प्रयोग

तिङ्प्रत्यय र कृत्प्रत्ययलाई निमित्त मानेर सम्पूर्ण धातुका स्थानमा वर्णसमुदायान्तरको परिवर्तन हुने प्रक्रियालाई *धातुको पूर्णविकारनियम* मानिन्छ। धातुको पूर्णविकारका लागि प्रवृत्त हुने पा.व्या.का नियम र प्रमुख प्रयोगहरू निम्नलिखित छन् :

धातुको पूर्णविकार-नियम	*धातुको पूर्णविकार-प्रयोग*
१. अद् धा.> जग्ध् ←ल्यप् र तकारादि कित् प्र. (पा.,अ. २।४।३६)	१.१ प्र+अद्+क्त्वा> प्र+अद्+ल्यप्> प्र+जग्ध्+य =प्रजग्ध्य १.२ अद्+क्तवतु>जग्ध्+तवत्.... = जग्धवान्
२. अद् धा.> घस्लृ ←लुङ् र सन् प्र. (पा.,अ. २।४।३७)	२.१ अद्+लुङ्> घस्लृ+ल्... =अघसत् २.२ अद्+सन्> घस्लृ+स... =जिघत्सति
३. अद् धा.> घस्लृ ←अच् प्र. (का.,म.भा. २।४।३७।१)	३.१ प्र+अद्+अच्> प्र+घस्लृ+अ =प्रघसः
४. अद् धा.> घस्लृ ←घञ् र अप् प्र. (पा.,अ. २।४।३८)	४.१ अद्+घञ्> घस्लृ+अ... =घासः ४.२ वि+अद्+अप्>वि+घस्लृ+अ =विघसः
५. वेदमा अद् धा.> घस्लृ *व.* ←लुङ् ल. (पा.,अ. २।४।३९)	५.१ अद्+लुङ्> घस्लृ+तस्.... =घस्तानूनम् (वा.सं. २१।४३) ५.२ अद्+लुङ्...=आत्तामद्य (वा.सं.११।४३)

वेदविषयक नियम ५ मा वहुल ग्रहण गरिएकाले प्रयोग ५.१ मा *अद्* धातुको *घस्लृ*विकार भए पनि प्रयोग ५.२ मा उक्त नियम अप्रवृत्त भएको हुँदा *घस्लृ*विकार भएको पाइँदैन ।

६. अद् धा.> घस्लृ/ ←लिट् ल. (पा.,अ. २।४।४०)	६.१ अद्+लिट्> घस्लृ+तिप्... =जघास/आद
७. वेञ् धा.> वय्/ ←लिट् ल. (पा.,अ. २।४।४१)	७.१ वेञ्+लिट्>वय्+ल्..=उवाय/ववौ
८. हन् धा.> वध←आशिर्लिङ् ल. (पा.,अ. २।४।४२)	८.१ हन्+आशिर्लिङ्>वध+ल्... =वध्यात्
९. हन् धा.>वध ←लुङ् ल. (पा.,अ. २।४।४३)	९.१ हन्+लुङ्> वध+ल्... =अवधीत्

१०. हन् धा.>वध/←आत्म.लुङ् ल. आ+वध+त... (पा.,अ. २।४।४४)	१०.१ आ+हन्+लुङ्> आ+हन्+त> =आवधिष्ट/आहत
११. इण् धा.> गा ←लुङ् ल.	११.१ इण्+लुङ्> गा+ल्.... =अगात् (पा.,अ. २।४।४५)
१२. वोधनभिन्न अर्थमा इण् धा.>गम् ←णिच् प्र. (पा.,अ. २।४।४६)	१२.१ इण्+णिच्> गम्+इ... =गमयति
१३. बोधनभिन्न अर्थमा इण् धा.>गम् लट्...←सन् प्र. (पा.,अ. २।४।४७)	१३.१ इण्+सन्> गम्+स...>जिगमिष =जिगमिषति
१४. इण् धातुजस्तै इक् धा.> गा र गम् ←क्र. लुङ् र णिच् एवं सन् प्र. (का.,म.भा. २।४।४५।१)	१४.१ अधि+इक्+लुङ्> अधि+गा+ल्... =अध्यगात्
	१४.२ अधि+इक्+णिच्> अधि+गम्+इ.. =अधिगमयति
	१४.३ अधि+इक्+सन्> अधि+गम्+स... =अधिजिगमिषति
१५. इङ् धा.> गम् ←सन् प्र. (पा.,अ. २।४।४८)	१५.१ अधि+इङ्+सन्> अधि+गम+स... =अधिजिगांसते
१६. इङ् धा.> गाङ् ←लिट् ल. (पा.,अ. २।४।४९)	१६.१ अधि+इङ्+लिट्> अधि+गाङ्+ल्> अधि+गा+त... =अधिजगे
१७. इङ् धा.> गाङ्/ ←लुङ् र लृङ् ल. (पा.,अ. २।४।५०)	१७.१ अधि+इङ्+लुङ्> अधि+गाङ्+ल... =अध्यगीष्ट/अध्यैष्ट
	१७.२ अधि+इङ्+लृङ्> अधि+गाङ्+ल्.. =अध्यगीष्यत/अध्यैष्यत
१८. अस् धा.> भू ←आर्ध.प्र.को विवक्षामा (पा.,अ. २।४।५२),	१८.१ अस्+लिट्> भू+ल्... =वभूव
	१८.२ अस्+तुमुन्> भू+तुम्... =भवितुम्
	१८.३ अस्+तव्यत्> भू+तव्य... =भवितव्यम्
१९. ब्रू धा.> वच् ←आर्ध.प्र. (पा.,अ. २।४।५३)	१९.१ ब्रू+लिट्> वच्+तिप्... =उवाच
	१९.२ ब्रू+तृच्> वच्+तृ...=वक्ता
	१९.३ ब्रू+तव्यत्> वच्+तव्य... =वक्तव्यम्
२०. चक्षिङ् धा.> ख्याञ् ←आर्ध.प्र. पा.,अ. २।४।५४)	२०.१ आ+चक्षिङ्+लृट्>आ+ख्याञ्+ल्... =आख्यास्यति
२१. वर्जनभिन्न (का.,म.भा.२।४।५४।९) अर्थमा चक्षिङ् धा.> क्शाञ् ←अस् र	२१. आ+चक्षिङ्+तव्यत्>आ+क्शाञ्+तव्य =आक्शातव्यम्

असम्भिन्न (का.,म.भा.२।४।५४।१०) आर्ध. (का.,म.भा. २।४।५४।१)संचक्ष्या	अन्यत्र–सम्+चक्षिङ्+ण्यत्=दर्जना: प्र. चक्षिङ्+असुन्... =नृ चक्षा रक्ष नि+चक्षिङ्+ल्युट्... =विचक्षण:
२२. *अन्न, वधक, गात्र, विचक्षण र अजिर शब्दको सिद्धिका लागि* (का.,म.भा. २।४।५४।१२) संज्ञार्थ र वेदमा अद्, हन्, इण्, चक्षिङ् र अज् धा.> क्र. जग्ध्, वध, गा, ख्यात्र् र वी *ब.* ←आर्ध प्र. (का.,म.भा. २।४।५४।११)	२२.१ अद्+क्त> अद्+त... =अन्नम् २२.२ हन्+ण्वुल्> वध+अक =वधक: २२.३ इण्+ष्ट्रन्> गा+त्र =गात्रम् २२.४ वि+चक्षिङ्+ल्युट्> वि+चक्ष्+अन =विचक्षण: २२.५ अज्+किरच्> अज्+इर =अजिर:

नियम २२ मा पनि बहुलको ग्रहण गरिएको हुँदा प्रयोग २२.२ र २२.३ मा नियमको प्रवृत्ति र प्रयोग २२.१, २२.४ र २२.५ मा नियमको अप्रवृत्ति भएको देखिन्छ ।

२३. चक्षिङ् धा. ख्यात्र्/ ←लिट् ल. (पा.,अ. २।४।५५)	२३.१आ+चक्षिङ्+लिट्> आ+ख्यात्र्+ल्> आख्या+तिप्... =आचख्यौ
२४. अज् धा.> वी←घञ्, अप् र *क्यप्-भिन्न* (का.,म.भा.२।४।५६।१) आर्ध.प्र. (पा.,अ. २।४।५६	२४.१ अज्+लिट्> वी+तिप्... =विव्याय २४.२ अज्+लिट्> वी+सिप्... =विवयिथ/विवेथ/आजिथ २४.३ अज्+लुट्>वी+तिप्...=वेता/अजिता २४.४ प्र+अज्+ण्वुल्>प्र+वी+अक=प्रवायक: २४.५ प्र+अज्+तुमुन्...=प्रवेतुम्/प्राजितुम् अन्यत्र– समाज:, उदज:, समज्या
२५. अज् धा.>वी/ ←यकारादि आर्ध.प्र. (पा.,अ. २।४।५७)	२५.१ प्र+अज्+ल्युट्> प्र+वी+यु... =प्रवयणम्/प्राजनम्
२६. यत् प्र.का प्रसङ्गमा हन् धा.> वध/ (का.,म.भा. ३।१।९७।२)	२६.१ हन्+यत्> वध+य =वध्य:/घात्य:
२७. अप् प्र.का प्रसङ्गमा अनुपसर्ग हन् धा.> वध (पा.,अ. ३।३।७६)	२७.१ हन्+अप्> वध+अ... =वधश्चौराणाम्, वधेन दस्युम्
२८. काठिन्यार्थक अप् प्र.का प्रसङ्गमा हन् धा.> घन् (पा.,अ. ३।३।७७)	२८.१ अभ्र+हन्+अप्> अभ्र+घन्+अ =अभ्रघन:
२९. देशार्थक अप् प्र.का प्रसङ्गमा *अन्तर्* उप.→ हन् धा.> घन् (पा.,अ.३।३।७८)	२९.१ अन्तर्+हन्+अप्> अन्तर+घन्+अ =अन्तर्घन:/अन्तर्घणो देश:
३०. करणार्थक अप् प्र. का प्रसङ्गमा अयस्, वि र द्रु→हन् धा.>घन् (पा.,अ.३।३।८२)	३०.१ अयो हन्यतेऽनेनअयस्+हन्+अप्> अयस्+घन्+अ... =अयोघन: ३०.२ वि+हन्+अप्>वि+घन्+अ=विघन:

३०.३ द्रु+हन्+अप्>द्रु+घन्+अ
=द्रुघण:/द्रुघन:

३१. करणार्थक अप् प्र.का प्रसङ्गमा *स्तम्व*→ हन् धा.> घन् (पा.,अ. ३।३।८३)

३१.१ स्तम्व हन्यतेऽनेन–
स्तम्व+हन्+अप्>
स्तम्व+घन्+अ... =स्तम्वघन:
अन्यत्र– स्तम्वघ्न:, स्तम्वघात:

३२. करणार्थक अप् प्र.का प्रसङ्गमा *परि* उप.→ हन् धा.> घ (पा.,अ.३।३।८४)

३२.१ परिहन्यतेऽनेन परि+हन्+अप्>
परि+घ+अ =परिघ:/पलिघ:

३३. लट्सम्वन्धी तिप् आदि पाँचको णल् आदि विकारका प्रसङ्गमा ब्रू धा.> आह् / (पा.,अ. ३।३।८४)

३३.१ ब्रू+लट्> ब्रू+तिप्> ब्रू+णल्>
आह्+शप्+अ>आह्=आह/ब्रवीति

३३.२ ब्रू+लट्>ब्रू+थस्>ब्रू+अथुस्..
=आहथु:/ब्रूथ:

३४. चाय् धा.> की ←यङ् प्र. (पा.,अ. ६।१।२१)

३४.१ चाय्+यङ्>की+य..>चेकीय+लट्..
=चेकीयते

३५. स्फाय् धा.> स्फी ←निष्ठा प्र. (पा.,अ. ६।१।२२)

३५.१ स्फाय्+क्त> स्फी+त... =स्फीत:

३५.२ स्फाय्+क्तवतु> स्फी+तवत्...
=स्फीतवान्

३६. प्याय् धा.> पी/ ←निष्ठा प्र. (पा.,अ. ६।१।२८)

३६.१ प्याय्+क्त> पी+त =पीनं मुखम्

३६.२ प्याय्+क्त> पी+त... =पीन:/प्यान: स्वेद:

नियम ३६ मा *व्यवस्थित विभाषा*को ग्रहण गरिएको हुंदा स्वाङ्गवाची प्रयोग ३६.१ मा नित्य र अन्यत्र (भ.दी., सि.कौ.,सू.३०७२) स्वाङ्गभिन्न प्रयोग ३६.२ मा वैकल्पिक रूपमा *प्याय्* धातुको *पी* विकार भएको भेटिन्छ ।

३७. अन्धु (कुवा) र ऊध अर्थमा मात्र केवल *आङ्* उप.→ प्याय् धा.> पी ←निष्ठा प्र. (का.,म.भा. ६।१।२८।१)

३७.१ आङ्+प्याय्+क्त> आ+पी+त
=आपीनोऽन्धु:

३७.२ आङ्+प्याय्+क्त> आ+पी+त
=आपीनमूध:
अन्यत्र–आप्यानश्चन्द्रमा, प्रप्यानोऽन्धु:

३८. प्याय् धा.> पी ←लिट् र यङ् प्र. (पा.,अ. ६।१।२९)

३८.१ प्याय्+लिट्> पी+त... =पिप्ये

३८.२ आङ्+प्याय्+यङ्> आ+पी+य...
=आपेपीयते

३९. वेदमा चाय् धा.> की *व.* (पा.,अ. ६।१।३५)

३९.१ चाय्+लिट्...>की+झि>की+उस्...
=चिक्युर्न निचिक्युरन्यम्
(ऋ. १।१६४।३८)

३९.२ नि+चाय्+क्त्वा> नि+चाय्+ल्यप्

=अग्निज्योतिर्निचाय्य (वा.सं. ११।१)

वेदविषयक नियम ३९ मा वहुल ग्रहण गरिएको हुँदा प्रयोग ३९.१ मा *चाय्* धातुको *की* विकार भए पनि प्रयोग ३९.२ मा विकारनियम ३९ अप्रवृत्त भएको पाइन्छ ।

४०. शास् धा.>शा ←हि प्र. पा.,अ. ६।४।३५)

४०.१ शास्+लोट्...> शास्+हि> शा+हि =शाधि

४१. हन् धा.>ज ←हि प्र. (पा.,अ. ६।४।३६)

४१.१ हन्+लोट्...> हन्+हि> ज+हि =जहि

४२. पा, घ्रा, ध्मा, स्था, म्ना, दाण्, दृश्, ऋ, सृ र शद् धा.> क्र. पिव, जिघ्र, धम, तिष्ठ, मन, यच्छ, पश्य, ऋच्छ, धौ, शीय र सीद ←शित् प्र. (पा.,अ. ७।३।७८)

४२.१ पा+लट्>पा+शप्+तिप्>पिब+अति =पिबति

४२.२ शद्+लङ्>अट् शद्+शप्+तिप्> असीद+अत् =असीदत्

४३. ज्ञा र जन् धा.> जा ←शित् प्र. (पा.,अ. ७।३।७९)

४३.१ ज्ञा+लट्>ज्ञा+श्ना+तिप्=जानाति

४३.२ जन्+लट्> जन्+श्यन्+त> जायत=जायते

४४. देङ् धा.> दिगि ←लिट् ल. (पा.,अ. ७।४।९)

४४.१ देङ्+लिट्>दिगि+त> दिगि+एश्> दिगि+ए =दिग्ये

४५. धा धा.>हि ←तकारादि कित् प्र. (पा.,अ. ७।४।४२)

४५.१ अभि+धा+क्त> अभि+हि+त =अभिहितम्

४५.२ धा+क्त्वा> हि+त्वा =हित्वा

४६. ओहाक् धा.> हि ←क्त्वा प्र. (पा.,अ. ७।४।४३)

४६.१ ओहाक्+क्त्वा> हा+त्वा= हित्वा अन्यत्र– ओहाङ्+क्त्वा =हात्वा

४७. वेदमा ओहाक् धा.> हि/←क्त्वा प्र. (पा.,अ. ७।४।४४)

४७.१ ओहाक्+क्त्वा =हित्वा शरीरं वातव्यम् (तै.ब्रा. २।५।६।५)/हात्वा

४८. घुसंज्ञक दा धा.> दद् ←तकारादि कित् प्र. (पा.,अ. ७।४।४६)

४८.१ दा+क्त> दद्+त =दत्तः

४८.२ दा+क्तिन्> दद्+ति =दत्तिः अन्यत्र– दाप्+क्त =दातं बर्हिः

नियम ४८ का प्रसङ्गमा घुसंज्ञक दा धातुको *दथ्, दत्* र *दध्* विकारका पक्षहरू पनि निर्दोष रूपमा स्वीकृत (प., म.भा.७।४।४६) भएको देखिन्छ ।

४९. गतिभिन्न हिंसा अर्थमा हन् धा.> घ्नी ←यङ् प्र. (का.,म.भा. ७।४।३०।३)

४९.१ हन्+यङ्>घ्नी+य..> जेघ्नीय+लट् =जेघ्नीयते, अन्यत्र– जङ्घन्यते

धातुको पूर्णविकारनियम १–४९ का आधारमा प्रयोग १.१–५.१, ६.१–२१.१, २२.२, २२.३, २३.१–३९.१ र ४०.१–४९.१ मा क्त्वा, ल्यप्, क्त, क्तवतु, लट्,

लिट्, आशिर्लिङ्, लुङ्, लृङ्, अच्, अप्, घञ्, णिच्, तुमुन्, तव्यत्, तृच्, ण्वुल्, ष्ट्रन्, यत्, यङ्, शप्, श्ना, श्यन्, सन् र हि प्रत्ययनिमित्तक अद्, वेञ्, हन्, इण्/इक्, इङ्, अस्, ब्रू, चक्षिङ्, अज्, चाय्, स्फाय्, प्याय्, श्रीञ्, शास्, देङ्, धा/ओहाक्, दा, पा, घ्रा, ध्मा, स्था, म्ना, दाण्, दृश्, ऋ, सृ, शद्, सद् र ज्ञा/जन् धातुका स्थानमा क्रमशः जग्ध्/घस्लृ, वय्, वध/घन्/घ/ज/घ्नी, गा/गम्, गम्/गाङ्, भू, वच्/आह, ख्याञ्/क्शाञ्, वी, की, स्फी, पी, श्रा/शिर्, शा, दिगि, हि/दद्, हि/दद्, पिव, जिघ्र, धम, तिष्ठ, मन, यच्छ, पश्य, ऋच्छ, धौ, शीय, सीद र जा वर्णसमुदायमा परिवर्तन भएको छ।

धातुको पूर्णविकारका प्रसङ्गमा निम्नलिखित निपातननियम ५०–५९ प्रवृत्त हुन्छन्:

धातुको पूर्णविकारनिपातन-नियम	*धातुको पूर्णविकारनिपातन-प्रयोग*
५०. घरका द्वारको वाह्य कोठालाई वुझाएमा अप् र घञ् प्र. एवं उप.→ हन् धा.>घन् *निपा.* (पा.,अ. ३।३।७९)	५०.१ प्र+हन्+अप्>प्र+घन्+अ=प्रघण: ५०.२ प्र+हन्+घञ्> णत्वको प्रसङ्गमा *प्र* प्र+घन्+अ> प्र+घान्+अ =प्रघाण:
५१. जुन काठमाथि राखेर अन्य काठहरू चिरिन्छ वा ताछिन्छ, त्यस्तो शव्दलाई वुझाएमा अप् प्र.का प्रसङ्गमा *उत्* उप.→ हन् धा.>घन् *निपा.* (पा.,अ. ३।३।८०)	५१.१ उद्+हन्+अप्> उद्+घन्+अ =उद्घन:, अन्यत्र– उद्घात:
५२. शरीरका अङ्ग हात वा गोडा वुझाएमा अप् प्र.का प्रसङ्गमा हन् धा.> *अप* उप.→ घन् *निपा.* (पा.,अ. ३।३।८१)	५२.१ अप+हन्+अप्> अप+घन्+अ =अपघन:, अन्यत्र– अपघात:
५३ अप् प्र. र टिलोपका प्रसङ्गमा गण र प्रशंसा अर्थमा क्र. *सम्* र *उत्* उप.→ हन् धा.>घन् *निपा.* (पा.,अ.३।३।८६)	५३.१ संहननम्– सम्+हन्+अप्> सम्+घन्+अ> सम्+घ्+अ> सङ्घ =सङ्घ: ५३.२ उद्धन्यते (उत्कृष्टो ज्ञायते)– उत्+हन्+अप्>उत्+घन्+अ> उत्+घ्+अ =उद्घ:
५४. निर्विशेष अर्थमा अप् प्र. र टिलोपका प्रसङ्गमा *नि* उप.→ *निपा.* (पा.,अ. ३।३।८७)	५४.१ निर्विशेषं हन्यन्ते ज्ञायन्ते– हन् धा. >घन् नि+हन्+अप्> नि+घन्+अ> नि+घ्+ =निघा: वृक्षा:
५५. क्षीर र हविस् विषयक पाक अर्थमा श्रा र श्रै धा.> शृ *निपा.* ←क्त प्र. (पा.,अ. ६।१।२७)	५५.१ श्रा+क्त> शृ+त = शृतं क्षीरम् ५५.२ श्रै+क्त> श्रा+त> शृ+त =शृतं हवि: अन्यत्र– श्राणम्/श्रपितम्

५६. वेदमा श्राता, आशिर र आशीर्त शब्दको सिद्धिका लागि श्रीञ् धा.> श्रा र शिर् *निपा.* ←निष्ठा र क्विप् प्र. (पा.,अ. ६।१।३६)	५६.१ श्री+क्त...=श्रातास्त इन्द्रसोमा: ५६.२ आङ्+श्री+क्विप्... =आशिरं दुह्रे ५६.३ आङ्+श्री+क्त...=आशीर्त: (ऋ.८।२।९)
५७. इडभावका प्रसङ्गमा अप उप.→ चाय् धा.>चि *निपा.* / ←क्त प्र. (पा.,अ.७।२।३०)	५७.१ अपचायितोऽनेन– अप+चाय्+क्त> अप+चि+त =अपचित:/अपचायित:
५८. अप धा.→ चाय् धा.> चि *नित्य निपा.*←क्तिन् प्र. (का.,म.भा. ७।२।३०।२)	५८.१ अप+चाय्+क्तिन्> अप+चि+ति> अपचिति+सु =अपचिति:
५९. अजन्त अव, वि, प्र., सु, अनु र नि उप.→ घुसंज्ञक दा धा.> दद् *निपा.*/ ←तकारादि कित् प्र. (श्लो.वा.,म.भा. ७।४।४७)	५९.१ अव+दा+क्त> अव+दद्+त =अवदत्तम्/अवत्तम् ५९.२ प्र+दा+क्त> प्र+दद्+त =प्रदत्तम्/प्रत्तम्

अजन्त उपसर्गपूर्वक घुसंज्ञक *दा* धातुका अन्त्य आकारको तकारमा परिवर्तन हुने नियम (पा.,अ. ७।४।४७) को अपवादमा देखिएको हुँदा नियम ५९ लाई निपातन नियम (ज्ञा.स,त.वो.,सि.कौ., सू.३०७८) का रूपमा ग्रहण गर्न उपयुक्त देखिन्छ ।

धातुको पूर्णविकारनिपातननियम ५०–५९ अनुसार प्रयोग ५०.१–५९.२ मा अप्, घञ्, क्त, क्विप् र क्तिन् प्रत्ययनिमित्तक हन्, श्रा/श्रै, श्रीञ्, चाय् र दा धातुका स्थानमा क्रमश: घन्, शृ, चि र दद् वर्णसमुदायान्तरको निपातन भएको छ ।

३. उपसंहार

पा.व्या.मा प्रातिपदिक, प्रत्यय र पदको पूर्णविकारका तुलनामा धातुको पूर्णविकारमा प्रवृत्त हुने नियमहरू न्यून रहेका छन् । धातुको पूर्णविकारका दृष्टिले पा.व्या.मा अद् आदि ३४ प्रकारका धातुका स्थानमा जग्ध् आदि ३९ प्रकारका धात्वन्तरको परिवर्तन सम्भव देखिन्छ । अद् आदि विकारी धातु झैं विकृत जग्ध् आदि धातु पनि पाणिनिपूर्ववर्ती व्याकरणहरूमा आदेशका रूपमा नभई धातुकै रूपमा पढिएको हुनु सम्भव छ । पाणिनि स्वयम्ले पनि विकृत रूपमा गृहीत घस्लृ, गम्, भू, वच् आदि धातुलाई औपदेशिक धातुका रूपमा समेत पढेको देखिन्छ । पाणिनिको समयमा सबै धातुका रूपहरूको प्रयोग सबै लकार र कृत्प्रत्ययविशेषमा नभएको हुँदा उनले सबै रूपहरू उपलब्ध हुने धातुहरूलाई औपदेशिक धातुका रूपमा र आंशिक रूपहरू उपलब्ध हुने धातुहरूलाई आदेशका माध्यमले धात्वन्तरका रूपमा पढेका हुनसक्छन् । त्यसैले धातुमा रहेका एउटा वर्णका

स्थानमा मात्र प्रवृत्त हुने वर्णविकारका नियमहरू वर्णवैज्ञानिक दृष्टिले उपयुक्त भए पनि धातुमा रहेका सम्पूर्ण वर्णका स्थानमा प्रवृत्त हुने धात्वन्तरविधानमूलक नियमहरूलाई वर्णवैज्ञानिक नियम मान्न सकिँदैन ।

सन्दर्भ कृतिसूची

दीक्षित, भट्टोजि, वैयाकरणसिद्धान्तकौमुदी (३–४ भाग) दिल्ली : मोतीलाल वनारसीदास, १९५१–२००५ इ. ।

पतञ्जलि, व्याकरणमहाभाष्यम् (२–६ खण्ड, सम्पा. जोशी, भार्गव शास्त्री), दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान, १९९१–२००४ इ. ।

पाणिनि, अष्टाध्यायीसूत्रपाठः (सम्पा. मिश्र, नारायण), वाराणसी : चौखम्बा ओरियण्टालिया, १९७७ इ. ।

वामन-जयादित्य, काशिकावृत्तिः (३–१० भाग, सम्पा. त्रिपाठी, जयशङ्करलाल र मालवीय, सुधाकर), वाराणसी : तारा प्रिन्टिङ् वर्क्स, २०४३–२०५७ ।

♣♣♣

पूर्वमीमांसक सूत्रकार, भाष्यकार र वार्तिककारको समयनिर्धारण

रामप्रसाद रिमाल
सहायक प्राध्यापक

१.१ विषयप्रवेश

मीमांसा शब्द विचार अर्थमा प्रयोग हुँदै आएको देखिन्छ। यसलाई आस्तिक षड्दर्शनमध्येको एक प्रभावकारी दर्शनका रूपमा विद्वान्हरूले लिएको पाइन्छ। मीमांसालाई विद्वान्हरूले दुई भागमा बाँडेर पूर्वमीमांसा (धर्ममीमांसा) र उत्तरमीमांसा (ब्रह्ममीमांसा) भनी प्रस्ट्याएका छन्। यिनै शास्त्र कर्ममीमांसा र वेदान्तका रूपमा पनि प्रसिद्ध भएको देखिन्छ।

पूर्व र उत्तरका भेदले परिचित मीमांसाका प्रणेता (स्रष्टा, सूत्रकार) मुनिहरू रहेका छन्। पूर्वमीमांसा सूत्रका प्रणेता जैमिनि मुनि हुन्। उनको प्रथम सूत्र "अथातो धर्मजिज्ञासा"[१] रहेको छ। जैमिनिप्रणीत धर्ममीमांसासूत्र ग्रन्थमा लागभग २७०० (दुई हजार सत सय) सूत्र रहेको कुरा विद्वान्हरूबाट ज्ञात हुन्छ। उत्तरमीमांसा सूत्रका सूत्रकार वादरायण मुनि हुन्। उनको प्रथमसूत्र "अथातो ब्रह्मजिज्ञासा"[२] रहेको छ। पूर्वमीमांसामा वैदिक कर्मकाण्ड (श्रौतकर्म) सम्वन्धी विचारणीय विषयहरूका सम्वन्धमा विचार गरिन्छ। वेदमा विशेष गरी कर्मकाण्ड र ज्ञानकाण्ड (मोक्षविद्या) गरी दुई भाग देखिन्छन्। ती दुई भागमध्ये कर्मकाण्डसम्वन्धी विषय पूर्वार्द्धमा र मोक्ष (ज्ञान) सम्वन्धी विषय उत्तरार्ध भागमा रहेका छन्। तिनै कर्मकाण्डका सन्दिग्ध विषयहरूको निर्णायक शास्त्रको रूपमा पूर्वमीमांसा रहेको छ।

उत्तरमीमांसामा वेदका उत्तरार्द्धमा रहेका उपनिषद्हरू (ज्ञानकाण्ड) का वाक्यहरूलाई लिएर ज्ञान विषयमा विचार विमर्श लिएको पाइन्छ। यसका रचयिता हुन् वादरायण मुनि। उनको सूत्रग्रन्थलाई 'ब्रह्मसूत्र' भन्ने गरिएको पाइन्छ। त्यसै ग्रन्थका आधारमा व्याख्या विश्लेपण गरिएका अन्य प्रशस्तै ग्रन्थहरू उपलब्ध छन्।

पूर्वमीमांसामा जैमिनि मुनिले सूत्रको रचना गरेको पाइन्छ। ब्राह्मण गन्थहरूमा रहेका सन्दिग्ध श्रौतकर्म (वैदिक यज्ञ) सम्वन्धी र कठिन विधिहरूका

---

[१] जैमिनीय धर्ममीमांसासूत्र- १/१/१

[२] वादरायणीय ब्रह्ममीमांसासूत्र- १/१/१

सम्बन्धमा उठेका समस्याको पूर्वमीमांसाले वेदलाई प्रमाणको आधार मानेर समाधान गरेको पाइन्छ। यसै क्रममा कुनै एक विद्वान्को भंनाइलाई मात्र आधार मानेको पाइँदैन। पूर्वपक्षीहरूका तर्कहरू समेटेर छलफल गरी आएको निष्कर्षलाई नै निर्णय मानेको पाइन्छ। त्यसैले पूर्वमीमांसलाई विद्वान्हरूले न्यायशास्त्र भनी नामकरण गरेका छन्।[1] हाल पनि यसलाई कानुनको व्याख्या गर्ने नियमका रूपमा ग्रहण गर्न सकिन्छ। ततत्कालिक समयमा यो पूर्णरूपले कानुनको व्याख्या गर्ने शास्त्रका रूपमा स्वीकारिएको थियो भन्ने कुरा विद्वानहरूले चर्चा गरेको पाइन्छ।

१.२ पूर्वमीमांसाको शैली

पूर्वमीमांसा शास्त्रको वर्णनशैली विशिष्ट खालको र महत्त्वपूर्ण रहेको छ। सर्वप्रथम विषय (समस्या) लाई चिनाइन्छ। त्यसपछि विशय (संशय) उत्पन्न हुन्छ र त्यस सन्देहात्मक विषयमा पूर्वपक्षीहरूको तर्क समावेश गरी वेदवाक्यसम्मत प्रमाणका आधारमा खण्डन गरी अन्त्यमा सिद्धान्त स्थापना गरिन्छ। यस वारेमा मीमांसक विद्वान्हरूले उल्लेख गरेका छन्। पूर्वमीमांसाका विश्लेषणका क्रममा पाँच अङ्गलाई आधार मानेको देखिन्छ।[2] जैमिनीय सूत्रहरूलाई वाह्र अध्यायमा वाह्रवटा मूल शीर्षकहरूमा विभाजन गरेको पाइन्छ। तिनीहरूको क्रम यसप्रकार छ[3] -

मीमांसा दर्शन' को पहिलो अध्यायमा प्रमाणलक्षणबारे विचार गरिएको छ। दास्रो अध्यायमा कर्म भेदलक्षणको विचार गरेको पाइन्छ। तेस्रो अध्यायमा शेषलक्षणको वर्णन उपलव्ध छ। चौथो अध्यायमा प्रयुक्ति विषयको वर्णन गरिएको छ। पाँचौं अध्यायमा क्रमलक्षणका वारेमा विश्लेपण गरेको देखिन्छ। छैटौं अध्यायमा अधिकारलक्षण वर्णित छ। सातौं अध्यायमा सामान्य अतिदेशलक्षणको विषय विचार गरिएको छ। आठौं अध्यायमा विशेष अतिदेशलक्षणको वर्णन पाइन्छ। नवौं अध्यायमा ऊहलक्षण वर्णित छ। दसौं अध्यायमा वाधलक्षणका विषयमा वर्णन भेटिन्छ। एघारौं अध्यायमा तन्त्रलक्षण विषयक शीर्षकलाई पुष्टि गरिएको छ र। वाह्रौं अध्यायमा प्रसङ्गलक्षणका स्वरूप र उदाहरणद्वारा मीमांसाको उपसंहार गरिएको पाइन्छ।

---

[1] महाप्रभुलाल गोशवामी, मीमांसा दर्शन भाग १, तार पिन्टिङ्ग वर्क्स वाराणसी, २०४१ (प्र.सं.) पृ. २१ (भूमिका)

[2] विषयो विशयश्चैव पूर्वपक्षोस्तथोत्तरम्।
सङ्गतिश्चेति पञ्चाङ्ग शास्त्रेधिकरणं स्मृतम ॥- (मीमांसामयूख ने.रा.प्र.पु. काठमाडौं २०३१।

[3] धर्मो द्वादशलक्षण्या व्युत्पाद्यास्तत्र लक्षणैः। प्रमाण-भेद-शेषत्व-प्रयुक्तिक्रमसंज्ञकाः॥
अधिकारोऽतिदेशोऽथ सामान्येन विशेषतः।
ऊहो वाधश्च तन्त्रञ्च प्रसङ्गश्चोदिताः क्रमात्॥ पृ. ५ इति
माधवाचाय, जैमिनीय न्यायमाला, चौखम्वा संस्कृत संस्थान : वाराणसी, वि.सं. २०५७।

१.३ सूत्रकार जैमिनिको परिचय

जैमिनि मुनि धर्ममीमांसाका सूत्रकार हुन्। उनले लगभग २७०० (दुई हजार सात सय) सूत्रमा वेदको अर्थका विषयमा विचार गर्ने जिज्ञासा निर्णायक शास्त्रको रचना गरेका छन्। जैपिनि मुनिको समय र जन्मस्थानका बारेमा सङ्क्षिप्त रूपमा विचार गरिन्छ।

जैमिनिमुनिको जन्म कहिले र कहाँ भयो भन्ने बारेमा उनी आफैले कहीँ केही उल्लेख गरेका छैनन्। त्यसैले प्रस्ट रूपमा उनको परिचय प्राप्त छैन, तर विभिन्न इतिहासविद्हरूको अनुमानित उल्लेखहरूमा मात्र चित्त बुझाउनुपर्ने देखिन्छ। त्यसअनुसार मीमांसाकेसरी पार्थसारथि मिश्रले श्लोकवार्तिकको 'न्यायरत्नाकर' नामक व्याख्याग्रन्थमा पूर्वमीमांसाको प्रवचन परम्पराको उल्लेख गरेका छन्। "ब्रह्माले प्रजापतिलाई मीमांसाको प्रवचन गरे (सुनाए)। त्यसपछि प्रजापतिले इन्द्रलाई, फेरि इन्द्रले आदित्यलाई, आदित्यले वशिष्ठलाई, वशिष्ठले पराशरलाई, पराशरले कृष्णद्वैपायनलाई र कृष्णद्वैपायनले पनि जैमिनि मुनिलाई यस मीमांसाशास्त्रको उपदेश गरेका छन् भन्ने कुराको जानकारी पाइन्छ।[१] भगवान् श्रीकृष्ण अवतारको समय नै कृष्णद्वैपायन व्यासको समय भएकाले जैमिनि मुनि पनि त्यसै समयका हुन्। अर्थात् कलियुग प्रारम्भ हुनुभन्दा ठीक अधिका हुन् भन्ने देखिन्छन् किनभने शवरस्वामीले आफ्नो ग्रन्थ 'शावरभाष्य'मा बौद्धमतको खण्डन गरेका छन्। शवरस्वामी जैमिनिभन्दा चार शताब्दीपछिका देखिन्छन् भनी उल्लेख गरेको पाइन्छ। जैमिनि नामका तीनजना विद्वान् थिए भन्ने पनि पाइन्छ। पौराणिक र ज्योतिषीहरूका अनुसार कलिवर्ष ५०७४ व्यतीत भएको हुँदा ५०७४ वर्षभन्दा अधिका जैमिनि थिए। पण्डित बुद्धिसागर पराजुलीका अनुसार ५१५१ वर्ष पुराना जैमिनि मुनि र त्यति नै पुरानो मीमांसाको समय मान्नुपर्छ।[२] दर्शनका इतिहासकार भारतीय विद्वान् डा. राधाकृष्णनले आफ्नो ग्रन्थ 'भारतीय दर्शन'मा जैमिनिको समय इ.पू.चौथो शताब्दी ठहऱ्याएका छन्।[३] मीमांसाका अर्का विद्वान् अ.सुब्रह्माण्य शास्त्रीले पनि यही कुरा बताएका छन्।[४]

यसरी जैमिनि मुनिको जन्म र जन्मस्थानका बारेमा ठोस प्रमाण प्राप्त हुन नसकेको कारण उनले कतै आफ्नो परिचय नदिनु हो। नेपालमा जैमिनिको मन्दिर

---

[१] "व्रह्मा प्रजापतये मीमांसा प्रोवाच, सोऽपीन्द्राय, सोऽप्यादित्याय, स च वसिष्ठाय, सोऽपि पराशराय, पराशः कृष्णद्वयामनाय, सोऽपि नैमिनये। स च एवोपदेशानन्तरमिमं न्यायं गन्येनिवद्धवान्।" श्लोकवार्तिक पृ. ८।

[२] वुद्धिसागर पराजुली दर्शनामृत सङ्टा प्रेस टेवहाल काठमाडौँ (२०२५) पृ. ८१/८२।

[३] डा.राधाकृष्णन्, भारतीय दर्शन (भाग २), राजपाल एन्ड सन्ज, दिल्ली, सन् १९९६ पृ. ३७१।

[४] अ. सुब्रह्माण्यशास्त्री (सम्पादक) प्रकरण पञ्चिका (भूमिका) काशीहिन्दू विश्वविद्यालय (वि.सं.२०१८) पृ. २२।

रहेको र जैमिनिनगरको नामले ठाउँको नामसमेत राखिएकाले उनी नेपाली विद्वान् हुन सक्ने सम्भावना पनि त्यत्तिकै देखिन्छ। उनी आजभन्दा २४०० (दुई हजार चार सय) वर्षभन्दा पनि पहिलेका अर्थात् गौतमवुद्धभन्दा प्राचीन देखिन्छन्। उल्लेख गरेअनुसार शबर स्वामीले आफ्नो शावर भाष्यमा बौद्धमतको खण्डन गरेका छन् र शवरस्वामी जैमिनिभन्दा चार शताव्दीपछिका विद्वान् देखिन्छन्। शवरस्वामीले जैमिनिसूत्रको भाष्य लेखेका छन्। उनको भाष्यलाई 'शावरभाष्य' भनिन्छ। शावरभाष्यमा वौद्ध आदि दार्शनिकहरूको मत खण्डन गर्दै सूत्रको मूल अर्थ र मौलिक विचारसमेत समावेश गरिएको छ। जैमिनिका वारेमा जेजति उपलब्ध छ त्यति मात्र होइन उनलाई चिन्न र वुझ्नका लागि थप अध्ययन अनुसन्धानको आवश्यकता छ। भावी पीढिले अझ बढी जानकारी हासिल गर्न सक्ने देखिन्छ।

१.४ भाष्यकार शवरस्वामी

शवरस्वामी पूर्वमीमांसाका भाष्यकार हुन्। उनले जैमिनीय सूत्रग्रन्थका वाह्रवटा अध्यायको पूर्ण र अति उत्कृष्ट भाष्य लेखका छन्। उनी यति विद्वान् व्राह्मण भए तापनि शवर नामले विख्यात छन्। उनी वौदिक सनातन धर्मका कट्टर अनुयायी भएका कारण वौद्धहरूको आक्रमणबाट आफू र वेदतत्त्वलाई संरक्षण र समवर्द्धनका लागि शवर रूपमा रहेर सनातन धर्मको अध्ययन चिन्तन र प्रचार गर्दै हिँडेको कुरा द्वारिकादास शास्त्रीले श्लोकवार्तिकको भूमिकामा उल्लेख गरेका छन्।[१] उनी त्यसैले शवरस्वामीका नामले प्रसिद्ध भए।

यसरी हेर्दा उनी बौद्धधर्मको उदयपछिका धुरन्धर चतुर मीमांसक र कट्टर सनातन धर्मावलम्वी आचार्य हुन् भन्ने कुरा ज्ञात हुन्छ। शवरस्वामी इसाको तृतीय शताव्दीमा जन्मेका थिए भन्ने जानकारी गरेका छन्।[२] उनको जन्मस्थलका वारेमा ठोस प्रमाण छैन, कसैले उनलाई मैथिल व्राह्मण हुन् भनेका छन् भने कसैले दाक्षिणात्य पनि भनेका छन्। उनको समयका वारेमा पनि एकमत देखिँदैन। सुव्रण्य शास्त्रीका अनुसार इसाको दोस्रो शताव्दी उल्लेख गरेका छन्।[३]

विभिन्न विद्वान् तथा इतिहासकारहरूको धारणा समेटर हेर्दा शवरस्वामी आजभन्दा १६-२३ सय वर्प प्राचीन विद्वान् हुन् भन्ने थाहा हुन्छ। उनको शवर नामले गर्दा सवर जाति जङ्गलमा घुमफिर गर्ने र कन्दमूल फल खाई त्यहीं जीवन विताउने धेरै नेपालीहरू आज पनि विद्यमान छन्, जस्तै- राउटे, कुसुन्डा आदि। तिनैमध्ये कुनैसँग शवरस्वामीले मिलेर शवर भेष गरेर वसेको पनि हुन सक्छ।

---

[१] द्वारिकादासशास्त्री, श्लोकवार्तिक (भूमिका) तार प्रिन्टिङ्ग पव्लिकेसन्स वाराणसी (सन् १९७८) पृ. ९।

[२] डा.राधाकृष्णन भारतीय दर्शन (भाग २) राजपा एन्ड सन्ज दिल्ली (१९६६)।

[३] अ. सुव्रह्मण्य शास्त्री (सम्पादन) प्रकरण पञ्चिका (भूमिका) काशी हिन्दू विश्वविद्यालय वाराणसी (इ. १९६१) पृ. २२ ।

त्यसैले शवरस्वामी नेपाली हुन सक्ने सम्भावना पनि त्यत्तिकै छ। अनुसन्धानका क्रममा उनका बारेमा अझै अध्ययन र अनुसनधानको आवश्यकता देखिन्छ।

१.५ वार्तिककार कुमारिल भट्ट

कुमारिल भट्ट पूर्वमीमांसाका वार्तिककार हुन्। उनले बौद्ध आदि दार्शनिकहरूको मत खण्डन गर्दै गम्भीर तर्कपूर्ण विचारहरू प्रकट गरी उत्त्कृष्ट गर्न ग्रन्थहरूको रचना गरेका छन्। उनी उच्च प्रतिभाका धनी थिए भन्ने कुरामा शिवराज आचार्य कौण्डिन्यायनले पनि उल्लेख गरेका छन्।[१] उनका (कुमारिल भट्ट कुमार स्वामीका) कृति उदाएपछि सूर्य उदाएपछि तारा अदृश्य भएभैँ उनीभन्दा अघिका उनले अनुसरण गरेका शवरस्वामीबाहेक अरू बोधायन, उपवर्ष, देवस्वामी, भवदास, भर्तृमित्त्र, भर्तृहरि इत्यादिका जैमिनीय मीमांसाव्याख्याहरू अदृश्य भएर गए। कुमारिल भट्टलाई कुमारस्वामीका नामले पनि चिनिन्छ। यिनलाई सप्तम शताव्दीका शङ्कराचार्य समकालीन मानिन्छ। यिनी स्कन्दका अवतारका रूपमा चिनिन्छन्। मीमांसकशिरोमणि उपाधिसमेत प्राप्त भट्टले जैन-बौद्धजस्ता दार्शनिकहरूलाई पराजित गरेका थिए।[२] यिनले शावरभाष्यको व्याख्या गर्ने क्रममा तीनवटा ग्रन्थ रचेका छन्। ती यसप्रकार छन् - (क) श्लोकवार्तिक (अध्याय १ पाद १), (ख) तन्त्रवार्तिक (अध्याय १ पाउ २ देखि अ. ३ पूर्ण) र (ग) दुप्टीका (अध्याय ४-१२)।

कुमारिल भट्टलाई सातौँ शताव्दीका भनेर विद्वान्हरूले उलेख गरेको पाइन्छ।[३] अ. सुव्रह्मण्यम शास्त्रीले ६२०-७०० लाई कुमारिल भट्टको समय मानेका पाइन्छ।[४] शास्त्रीका अनुसार प्रभाकर मिश्रभन्दा कुमारिल भट्ट जेठा हुन्।[५] यसरी वहुसङ्ख्यक विद्वान्हरूको मनमा कुमारिल भट्टको समय सातौँ शताव्दी भएको कुरा स्पष्ट हुन्छ। यसरी विद्वान्हरूको प्रयास र अनुसन्धानले जेजति उपलव्धि भयो यो नै पयाप्त भने छैन। अझ नव अन्वेषकहरूले नयाँ र भरपर्दा तथ्यहरू ल्याउन सक्ने सम्भावना देखिन्छ भन्ने लाग्दछ। कुमारिल भट्टजस्ता महान् विद्वान्का वारेमा थप अनुसन्धानको आवश्यकता पर्दछ।

१.६ निष्कर्ष

---

[१] शिवराज आचार्य कौण्डिन्यायन, वैदिक धर्म मूलरूपमा, स्वाध्यायशाला, काठमाडौं (२०४५ पृ. ९१।

[२] स्वामी द्वारिकादास शास्त्री, श्लोकवार्तिक, (भूमिका) तारा पव्लिकेसन्स वाराणसी, (सन् १९७८) पृ. १०।

[३] डा. राधाकृष्णन, भारतीय दर्शन, राजपाल एन्ड सन्ज दिल्ली छ, (१९६६) पृ. ३७२।

[४] अ.सुव्रह्मण्य शास्त्री, पूर्ववत्।

[५] डा.राधाकृष्णन, पूर्ववत्।

पूर्वमीमांसा आजको समयमा अत्यन्त महत्त्पूर्ण विषय हुँदाहुँदै धेरैको पहुँच यसमा पुग्न नसकेको देखिन्छ। त्यसो हुनुमा यसको गाम्भीर्यलाई बुझ्ने र बुझाउने जनशक्तिको कमी नै कारण देखिन्छ। यो शास्त्र भाग्यवादी नभई कर्मवादी हो। पूर्वमीमांसा भाषाशास्त्रका दृष्टिले पनि महत्त्वपूर्ण छ। यसमा वाक्यविश्लेषण र वाक्यार्थ विचारका गहन पक्षहरू समेटिएका छन्। पूर्वपक्ष र उत्तरपक्षका तर्कहरूको गम्भीर विश्लेषण गरिने भएकाले यो शास्त्र अत्यन्त महत्त्वपूर्ण देखिन्छ। वेदका वाक्यको मात्र होइन कुनै पनि विधि नियम ऐन कानुका वाक्यको सही अर्थ ठम्याउन पनि मीमांसा शास्त्रको उपयोग हुन सक्छ। हिन्दूहरूको न्यायालय (अदालत) मा पनि यस शास्त्रको विज्ञको उपस्थिति आवश्यक मानिन्थ्यो।

मीमांसा शास्त्रका प्रमुख आचार्य जैमिनि शवरस्वामी र कुमारिल भट्टका वारेमा उनीहरू स्वयंले कहीं कतै उल्लेख नगरेका कारण ठोस रूपमा समय निर्धारण गर्न सकिएको छैन। अहिलेसम्मको खोज अनुसार जैमिनिको समय पौराणिक मतमा ई.पू. वत्तीसौं शताव्दी र आधुनिक मतमा ई. पू. चौथो शताव्दी, शवरस्वामीको समय ई.पू. तेस्रोदेखि ईशाको तेस्रो शताव्दी वीचको समय र कुमारिल भट्टको समय ईशाको सातौं शताव्दी कायम गर्न सकिन्छ।

सन्दर्भग्रन्थसूची

राधाकृष्णन्, भारतीयदर्शन (भाग २) राजपाल एन्ड सन्ज दिल्ली ६, १९९६।

स्वामी द्वारिकादास, श्लोकवार्तिक (भूमिका) तारा प्रिन्टिङ्ग पब्लिकेसन्स दिल्ली ६, १९७८।

सुब्रह्मण्य शास्त्री, (सम्पादक) प्रकरण पञ्चिका, काशीहिन्दू विश्वविद्यालय, वाराणसी सन् १९६१।

पट्टाभिरामशास्त्री, (सम्पादक) मीमांसादर्शन (तन्त्रवार्तिक भूमिका) तारा प्रिन्टिङ्ग वर्क्स कमच्छा वाराणसी वि.सं.२०४१।

शिवराजआचार्य कौण्डिन्यायन,वैदिक धर्म मूल रूपमा, स्वाध्यायशालाकुटुम्व काठमाडौं, २०४५।

माधवाचार्य, जैमिनीयन्यायमाला, तृ.सं., चौखम्वा संस्कृत संस्थान वाराणसी, वि.सं. २०५७।

प्रा.चूडानाथ भट्टराई, मीमांसामयूख नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान काठमाडौं वि.सं. २०३१।

♣♣♣

भाषाविज्ञान र ज्ञानका अन्य क्षेत्र

लक्ष्मीप्रसाद पराजुली
उपप्राध्यापक

ज्ञान अखण्ड र अनन्त हुन्छ। त्यस अखण्ड र अनन्त ज्ञानलाई सजिलोका लागि मान्छेले खण्डखण्ड गरी अलग शास्त्र, अलग विज्ञान भनी विभाजन गरेको देखिन्छ। त्यसैले ती ज्ञानका खण्डलाई तात्त्विक नभएर व्यावहारिक विभाजन हुन् भनी बुझ्नु उपयुक्त हुन्छ। अखण्डताका कारणले ज्ञानका क्षेत्र एकअर्कामा सम्बन्धित रहन्छन्, कुनै बढी, कुनै नगण्य।
ज्ञानका अभिव्यक्तिको माध्यम भाषा भएको र त्यसको आद्योपान्त अध्ययन गर्ने भाषाविज्ञान नै भएकाले भाषाविज्ञानको सम्वन्ध ज्ञानका अन्य सवैजसो क्षेत्रमा धेरथोर परेकै देखिन्छ (तिवारी,१९९४ इ. २१)। यहाँ भाषाविज्ञान र ज्ञानका केही प्रमुख ज्ञान, विज्ञान र शास्त्रसँग रहेका सम्वन्धलाई देखाउने प्रयत्न गरिएको छ।

क) भाषाविज्ञान र व्याकरण

भाषाविज्ञान र व्याकरणको अत्यन्तै नजिकको सम्वन्ध देखिन्छ। यी दुवै भाषाको अध्ययन गर्ने ज्ञानका क्षेत्र हुन्। व्याकरणले लोकप्रयुक्त साधु शव्दको व्युत्पादन गर्छ र लोकप्रयुक्त भाषाको विश्लेषण गर्दछ। भाषाविज्ञानले पनि उही लोकमा व्यवहृत भाषाको वैज्ञानिक अध्ययन गर्छ (न्यौपाने, २०५१ : ८६)। त्यसैले पूर्व र पश्चिम दुवैतिर भाषिक चिन्तन गर्ने ज्ञानको क्षेत्र सिङ्गैलाई व्याकरण भनेको देखिन्छ। संस्कृतको प्रातिशाख्यदेखि पाणिनि हुँदै आएको भाषाको विश्लेषण-परम्परा व्याकरणका नामले चिन्ने गरिन्छ र पश्चिमको व्लुमफिल्डपूर्वको भाषिक चिन्तन व्याकरणै भनी परिचित छ। संस्कृत, ग्रीक, ल्याटिन, फरसीजस्ता भाषाको तुलनात्मक अध्ययन हुन थालेपछि भने भाषिक चिन्तनको क्षेत्र निकै व्यापक र गहिरो वन्यो अनि व्याकरण शास्त्रका रूपमा र भाषाविज्ञान विज्ञानका रूपमा स्पष्ट छुट्टिन थाले। संरचनावादको विकास भएपछि भाषिक चिन्तन पुनः व्याकरणका नामले आउन थाले। रूपार्थपरक व्याकरण, स्तरीकरणात्मक व्याकरण, व्यवस्थापरक व्याकरण, रूपान्तरण व्याकरण, कारक व्याकरण पश्चिमेली सम्प्रदाय हुन्।

भाषाविज्ञानलाई विज्ञान र व्याकरणलाई शास्त्र भन्नु उपयुक्त हुन्छ। यसको कारण भाषाविज्ञानले यस्तो हुन्छ वा छ भन्छ भने व्याकरण शास्त्र भएकाले यस्तो हुनुपर्छ भन्छ। उदाहरणका रूपमा नेपाली वोलीमा पनि/पानी एकै किसिमले

उच्चारण हुने हुँदा भाषाविज्ञानले पनि/पानिको नि ह्रस्व छ भन्छ। व्याकरणले चाहिँ पनिको नि ह्रस्व र पानीको नी दीर्घ हुनुपर्छ भन्ने शासन गर्छ। अर्को कुरा भाषाविज्ञान र व्याकरणको व्यापकता र गहिराइमा पनि अन्तर देखिन्छ। नेपाली भाषामा जान्छुको भूत कालको गएँ हुन्छ। व्याकरणले यतिमै चित्त बुझाउँछ तर भाषाविज्ञान यतिमै सीमित हुँदैन। यो किन भयो भन्ने कुराको पत्तो लगाउनु उसको काम हुन्छ। त्यसैले नेपाली भाषा संस्कृतबाट विकसित भएको हो, जानु र गयो तद्भव क्रिया हुन्, संस्कृतमा गम् र या दुई धातु छन्। गम् धातुबाट ग र या धातुबाट जा क्रिया नेपालीमा प्रयोग भएका हुन् र ती दुई धातु नेपालीमा चाहिँ एउटै जा धातुका रूपमा रही प्रयोग भए भन्ने तथ्य निकाल्छ।

भाषाविज्ञान र व्याकरण एक सिक्काका दूई पाटाजस्ता लाग्छन्। भाषाविज्ञानको विशिष्ट ज्ञानविना व्याकरण निर्माणको सम्भावना रहन्न भने भाषाको नियमशास्त्र व्याकरणविना भाषाविज्ञानको अध्ययन हुने कुरै हुँदैन। भाषाको विश्लेषण व्याकरणमा आधारित हुने कुरा हो र भाषाविज्ञानका प्रमुख क्षेत्र रूपविज्ञान तथा वाक्यविज्ञान पूरै व्याकरणै हुन् भने पनि हुन्छ। त्यस्तै व्याकरणको सन्धि (रूपध्वन्यात्मक परिवर्तन) पूर्णतः भाषाविज्ञानमा आधारित देखिन्छ।

ख) भाषाविज्ञान र साहित्य :

भाषाविज्ञान र साहित्य भाषासँगै खेल्ने ज्ञान हुन्। सामाजिक भाषाविज्ञानको एउटा पाटो लोकसाहित्य र ऐतिहासिक भाषाविज्ञानको आधार लिखित साहित्य हुन्छ। भाषाविज्ञानले जीवित भाषाको कथ्य रूपलाई छोडेर सिङ्गो सामग्री साहित्यवाटै लिन्छ। यदि संस्कृत, ल्याटिन, अवेस्ताजस्ता भाषाका साहित्य नहुँदा हुन् त भाषाविज्ञानले यी तीन भाषा कुनै एउटा माउ भाषाबाट विकसित भएका हुन् भन्ने आधार पाउने नै थिएन। ऐतिहासिक र तुलनात्मक अध्ययनका लागि साहित्यको परम्परा रहनु आवश्यक छ। भानुभक्तीय रामायण र सोमनाथको आदर्शराघव बीचको नेपाली भाषाको परिवर्तित स्वरूप नियाल्नुपर्दा भाषाविज्ञानले साहित्यको सहारा लिनुपर्ने देखिन्छ।

अर्कातिर साहित्यले पनि भाषाविज्ञानवाट सहायता लिएकै हुन्छ। कठिन अर्थ र अनौठा प्रयोग तथा उच्चारणसम्वन्धी समस्याको समाधान गर्न भाषाविज्ञानको सहयोग आवश्यक छ। शुद्ध पाठको निर्धारणका लागि पनि साहित्यले भाषाविज्ञानको सहारा लिनुपर्छ। भाषाविज्ञानका पिता मानिएका फर्डिनान्ड डि सस्युरका वाक् (ल्याङ) र अभिव्यक्ति (प्यारोल) को व्याख्या चार्ल्स वेलीले गरेपछि साहित्यको शैलीपक्ष हुने प्रायोगिक भाषाविज्ञानको शैलीविज्ञानको जग बस्यो (अधिकारी, २०६१:९)। रूपान्तरण व्याकरणको आन्तरिक संरचना र वाह्य संरचनाको विश्लेषणले साहित्यको विवेचना गर्ने उक्त पाटो अझ व्यवस्थित वन्यो। आज आएर शैलीविज्ञान भाषाविज्ञान र साहित्यशास्त्रको सङ्गमस्थल वन्न पुगेको छ। प्रकरणार्थविज्ञानका व्याख्याता जे. आर. सर्लेले व्याख्या गरेको अप्रत्यक्ष

वाक्क्रिया (लम्साल, २०६१ : ५) ले अभिधेयभिन्न अर्थ बोध गर्नलाई सहयोग गरेको पाइन्छ । अत: भाषाविज्ञान र साहित्य दुवै एकअर्काका सहायक देखिन्छन् ।

ग) भाषाविज्ञान र दर्शन

प्राचीन कालको पूर्वीय तथा पाश्चात्य परम्पराको भाषिक चिन्तन दर्शनमा आधारित देखिन्छ। पहिले भाषाको चिन्तन दर्शनशास्त्रीहरूले नै गर्ने गर्थे। पूर्वका मीमांसक, नैयायिक, बौद्धहरूले विशेषत: भाषाविज्ञानको सहयोग लिएका हुन् भने पश्चिमा दार्शनिक प्लेटोदेखि नै भाषिक चिन्तन हुँदै आएको (बन्धु, २०६४:२५) मानिन्छ। परम्परागत व्याकरणहरू दर्शनशास्त्रबाटै अनुप्राणित भएका मानिन्छन्। भाषामा प्रयोग हुने प्रकृति, प्रत्यय, उद्देश्य, विधेय तथा नामको वर्गीकरणका जाति, व्यक्ति, द्रव्य, समूह र भाव भन्ने धारणा दर्शनशास्त्रको भाषामाथि परेको प्रभावको द्योतक हो। अर्थविज्ञानलाई भाषाविज्ञानले आफ्नो क्षेत्र वनाउनुअघि अर्थको विषय शुद्ध दर्शनकै हो (यादव, ऐ: ४१)। वेदका ६ अङ्गमध्ये ज्योतिष र कल्पवाहेकका अरू शिक्षा, निरुक्त, छन्द र व्याकरण भाषिक चिन्तनमै आधारित (वन्धु ऐ. पृ.१) छन्। पूर्वीय दार्शनिकहरूले आनन्दको खोजी गर्ने सन्दर्भमा सच्चिदानन्दस्वरूप ब्रह्मको चिन्तनलाई केन्द्रमा राखेको पाइन्छ। यो वैदिक कालदेखि नै चलिआएको परम्परा हो। वैयाकरणहरू शब्दब्रह्मको व्याख्या गर्छन्। परमतत्व निर्विशेष चैतन्य हो, किनभने चैतन्य र शब्द अभिन्न छन् , यही नै निर्विशेष शब्द हो (शास्त्री, २०४९:२३) वैयाकरणहरूका धारणाले दार्शनिक प्रभाव भाषाविज्ञानमा कति परेको छ भन्ने वुझ्न कठिन पर्दैन ।

ठ्याक्कै सोझो सम्वन्ध नदेखिए पनि दर्शनकै एउटा अङ्गका रूपमा रहेको तर्कशास्त्रसँग पनि भाषाविज्ञानको साइनो चाहिँ लाग्ने देखिन्छ। भाषाविज्ञान स्वभावैले वर्णनात्मक विषय नभएर व्याख्याप्रधान भएकाले तर्कविनाको व्याख्या फितलो हुने हुँदा भाषाविज्ञान तर्कशास्त्रको ऋणी हुनैपर्छ। यास्कमुनिले अर्थविज्ञानको प्रसिद्ध ग्रन्थ निरुक्तमा तर्कशास्त्रबाट ठूलो सहयोग लिएको (तिवारी, ऐ. २४) देखिन्छ। यसका साथै तर्कशास्त्रले पनि भाषाविज्ञानवाट पर्याप्त सहयोग लिनुपर्ने बाध्यता छ। तर्क भाषणका सहाराले चल्ने ज्ञान हो, त्यसकारण तर्कले आफ्ना अध्ययनका लागि शब्द तथा वाक्यमा सतर्कता साथ हरेक क्षण वैज्ञानिक दृष्टि लगाउनुपर्छ। त्यसवाट यी दुईका वीच निकटको सहयोगात्मक सम्वन्ध रहेको पुष्टि हुन्छ।

घ) भाषाविज्ञान र मनोविज्ञान

भापा व्यक्तिका धारणा व्यक्त गर्ने सशक्त माध्यम हो। यो वक्ता र वोद्धा दुवैका मनसँग सम्वन्धित हुन्छ र नै आधुनिक भाषाविज्ञानका एक हस्ती व्लुमफिल्डले भाषाको परिभाषा गर्दा विशेष खालको उत्तेजनाको प्रतिक्रिया हो भनेका हुन् (वन्धु, ऐ: ६१)। अत: भापालाई मानसिक क्रियाकलाप हो भन्न

सकिन्छ। मनोविज्ञानसँग सम्वन्धित भई भाषाको अध्ययन गर्ने नवीन शाखा नै छ- मनोभाषाविज्ञान। त्यसैले भाषाविज्ञान र मनोविज्ञानको गहिरो सम्वन्ध रहेको देखिन्छ। विचारको सोझो सम्वन्ध मस्तिष्क तथा मनोविज्ञानसँग हुने हुनाले भाषाका आन्तरिक गुत्थी सुल्झाउन भाषाविज्ञानले मनोविज्ञानको सहारा लिनुपर्छ। अर्थविज्ञान त अझ पूरै मनोविज्ञानमै आधारित देखिन्छ। भाषाको उत्पत्ति र प्रारम्भिक रूपको जानकारी लिन विशेषत: बालमनोविज्ञान र अविकसित समाजका मानिसको मनोविज्ञानबाट भाषाविज्ञानलाई धेरै सहयोग पुग्छ (तिवारी, ऐ. २२)। भाषाशिक्षणका सन्दर्भमा मनोविज्ञानको भूमिका अझ सान्दर्भिक ठानिन्छ। भाषाप्राप्ति, भाषासिकाइ, पहिलो र दोस्रो भाषासिकाइमा सहजता र कठिनाइ आदि पहिचान गरी अध्यापन गर्न मनोभाषाविज्ञानको सहारा लिनुपर्छ। यसका साथै मनोविज्ञानले पनि भाषाविज्ञानबाट पर्याप्त सहायता लिएको हुन्छ। सामान्य अवस्था, उत्तेजित अवस्था या विकृत अवस्था आदिका भाषिक अभिव्यक्तिमा आउने भिन्नताले उसका मनको विश्लेषण गर्न सकिन्छ। मानिसका कुण्ठाहरू भाषामै अभिव्यक्त हुन्छन्। मनोचिकित्सकलाई भाषिक विश्लेषणले रोगको पहिचान गर्न मद्दत गर्छ। मनोरोगीका अन्टसन्ट कुराको विश्लेषण गर्न मनोभाषाविज्ञानको सहारा लिनैपर्ने हुन्छ।

ङ) भाषाविज्ञान र शरीरविज्ञान

भाषिक व्यवहारका लागि मात्रै मानवशरीरका कुनै छुट्टै अङ्ग छैनन्। सास फेर्ने फोक्सो, निल्ने घाँटी, खाने मुख, चाट्ने जिब्रो, टोक्ने दाँत, चुस्ने ओठ, सुघ्ने नाक, सुन्ने कान, हेर्ने आँखा, सोच्ने दिमाग नै भाषिक व्यवहारका अवयव भई काम गर्छन्। फोक्सो, घाँटी, जिब्रो, मुख, दाँत, नाक आदिका सहायताले भाषिक आवाज निस्कन्छन्। ती आवाजलाई श्रवणेन्द्रियले ग्रहण गर्दछ र मस्तिष्कमा सञ्चार गर्छ। त्यसकारण के स्पष्ट हुन्छ भने फोक्सोदेखि ओठ र नाकसम्म तथा कानका संरचना भाषाविज्ञान र शरीररचनाविज्ञान दुवैका अध्ययनका विषय हुन्छन्।

ध्वनिविज्ञानका दुई शाखा औच्चारिक ध्वनिविज्ञान र श्रावणिक ध्वनिविज्ञान शरीर संरचनासँग सोझै सम्बन्धित छन्। त्यस्तै लेख्नलाई हात, हेर्नलाई आँखा र वुझ्नलाई मस्तिष्क लेख्य भाषाको व्यवहार गर्ने अङ्ग हुन्। मौखिक वा लिखित भाषालाई सुनेर वा हेरेर ग्रहण गर्नलाई सम्पूर्ण अङ्गमध्ये एउटा मात्रै अलिक कमजोर भयो भने व्यावहारिक पूर्णता आउँदैन। कुन अङ्गमा कस्तो कमजोरी किन आयो भन्ने कुराको निर्क्यौल शरीर रचनाविज्ञानले मात्रै गर्न सक्छ। त्यसकारण भाषाविज्ञानले शरीरविज्ञानबाट मद्दत लिनुपर्ने देखिन्छ। सुर, आघात, मात्रा, अनुनासिकता आदिको अध्ययन शरीर विज्ञानको सहायताविना हुन सक्दैन। स्फोटवादी (वैयाकरण) को परा, पश्यन्ती, मध्यमा र वैखरीको व्याख्या शरीररचनासँग सम्वन्धित छ। यी चार वाणी योगशास्त्रका पनि चर्चाका विषय हुन्। मस्तिष्कको कार्यप्रणाली अध्ययन गर्ने स्नायुविज्ञानद्वारा भाषिक उत्पादन र

ग्रहणमा रहेको मस्तिष्कको भूमिका थाहा पाइने हुन्छ। कानले सुनेका ध्वनिबाट भाषिक अर्थको विश्लेषण गरी धारणालाई ध्वनिमा रूपान्तरण गर्न ध्वनिअवयवलाई निर्देशन गर्ने प्रक्रियामा स्नायविक सहभागिता भाषाविज्ञान र स्नायुविज्ञान दुवैको अध्ययनक्षेत्र बन्छ। हाल आएर स्नायविक भाषाविज्ञान भनी छुट्टै शाखा स्थापना भएको (यादव, ऐ.४२) छ। यसले भकभकाउने, रोकिने र शब्दमा ध्वनिको क्रम यताउता पार्नेजस्ता समस्या देखिनाको कारण विश्लेषण गर्न यसबाट सहयोग पुग्छ।

च) भाषाविज्ञान र इतिहास

इतिहास बितेका घटनाहरूको अध्ययन गर्ने शास्त्र हो। विगत घटनाको जानकारी राख्ने सामग्री इतिहासबारे अध्ययन गर्नका लागि सहयोगी हुन्छन्। पुराना लेखोट, टिपोट र कपोटहरू ऐतिहासिक समाग्री हुन्। इतिहासका सामग्रीबाट भाषाको अध्ययन गर्ने भाषाविज्ञानको एउटा शाखा ऐतिहासिक भाषाविज्ञान नै विकसित छ। मूलतः राजनीतिक, धार्मिक वा सांस्कृतिक र सामाजिक इतिहासलाई भाषा प्रयोगका प्रेरक प्रकरण मान्नुपर्ने हुन्छ। भाषाको पारिवारिक वर्गीकरण, भाषाको उत्पत्ति, विकास, भाषिक परिवर्तनजस्ता कुरा इतिहाससँग सम्बन्धित रहन्छन्। यसैको अध्ययन गर्ने शाखा ऐतिहासिक भाषाविज्ञान हो। भाषिक प्रसार, आन्तरिक पुनर्निर्माण, तुलनात्मक पुनर्निर्माणमा ऐतिहासिक भाषाविज्ञान क्रियाशील रहन्छ (यादव, ऐ. ४२)। भाषामा एकअर्का भाषाको मिश्रण राजनीतिक आक्रमण र व्यापारिक कारणले हुन्छ। भारतवर्षमा अरबी-फारसी शब्दको बाहुल्य र अङ्ग्रेजी भाषाको प्रभाव देखिनु यसको प्रमाण हो। धार्मिक कारणले विशेषतः व्यक्तिवाचक नाम रहेका हुन्छन्। नेपाली समाज प्रायः हिन्दूधर्मप्रति बढी आस्थावान् रहेकाले तिनका नाम धेरैजसो पौराणिक पात्र र स्थानसँग सम्बन्धित देखिन्छन्। सामाजिक कारणले नातासम्बन्धी (साइनो) का स्वरूप प्रयोग भएका हुन्छन्। नेपाली समाजमा सती जाने प्रथा थियो, जो सती जाँदैन त्यो राम्रो हुन्नथ्यो। त्यसैले असती शब्द गालीमा प्रयोग भयो। पुरुषप्रधान समाज भएकाले र विधवाविवाह स्वीकार्य नहुनाले विधुवा प्रचलित भयो विधुर प्रचलनमा त्यति आएन। यी आदि भाषिक पहिचान इतिहासबाट र ऐतिहासिक पहिचान भाषिक प्रयोगबाट हुने हुनाले भाषाविज्ञान र इतिहासको निकट सम्बन्ध छ भन्ने कुराको पुष्टि हुन्छ।

छ) भाषाविज्ञान र सामाजशास्त्र

भाषा आद्यन्त सामाजिक वस्तु भएकाले भाषाविज्ञान र समाजशास्त्रको गहिरो सम्बन्ध रहन्छ। भाषाको समाजपरक अध्ययन गर्ने एउटा शाखाको नाम सामाजिक भाषाविज्ञान हो। भाषा बोधगम्य भईकन पनि त्यसको प्रयोगसन्दर्भ फरक हुन्छ। यस्तो हुनुमा सामाजिक विविधताका कारणले महत्त्व राखेको देखिन्छ।

सामाजिक संरचनाका कारणले भाषिक भेदहरू देखिने गर्छन्। भाषाका सामाजिक भेद, प्रयुक्तिगत भेद, भाषिक परिवर्तन, द्विभाषिकता तथा बहुभाषिकता,

भाषा र भाषिकाको निर्धारण, भाषिक योजनाजस्ता विविध कुराहरू सामाजिक भाषाविज्ञानले हेर्छ। यी तथ्य पर्गेल्न भाषाविज्ञानले समाजशास्त्रको सहयोग लिनु अनिवार्य हुन्छ। समाजशास्त्रले सम्बन्धित समाजको जात, लिङ्ग, धर्म, संस्कृति आदिको अध्ययन गर्न त्यहाँ प्रयोग भएको भाषालाई नियाल्नुपर्ने देखिन्छ।

ऐतिहासिक र तुलनात्मक भाषाविज्ञानको अध्ययन गर्ने क्रमको थालनी समाजशास्त्रीहरूले नै गरेका हुन्। पूर्वीय भाषाचिन्तकले उच्चारण र अर्थलाई लोकव्यवहारमा हेर्नुपर्ने मान्यता राखे भने संरचनावादको लन्डन सम्प्रदायका फर्थले भाषाको समाजपरक अध्ययनलाई जोड दिए। मानवशास्त्री मेलिनोस्कीको प्रत्यक्ष प्रभावमा उनले भाषाविज्ञानलाई सामाजिक विज्ञान हो भन्ने मान्यता राखे (बन्धु, ऐ.१२२)। वस्तुतः भाषावैज्ञानिकहरू मान्छेका क्रियाकलापलाई समाजमा हेर्छन् र अर्थको सन्दर्भगत कार्य तथा भाषाको सांस्कृतिक भूमिका रहने देख्छन्।

ज) भाषाविज्ञान र भूगोल

भाषाविज्ञान र भूगोलको निकट सम्बन्ध रहन्छ। संसारमा मानवबस्ती रहेको भूबनोट एकै किसिमको छैन। भूबनोटको प्रत्यक्ष प्रभाव भाषामा पर्छ अनि भाषाका वक्ताको भौगोलिक वितरणअनुसार भाषिक भेद देखिन थाल्छन्। यस्ता भाषिकभिन्नताको अध्ययन गर्ने भाषाविज्ञानको एउटा छुट्टै शाखा छ- भाषिक भूगोल/भौगोलिक भाषाविज्ञान।

कुनै स्थानमा बोलिने भाषामा त्यहाँका बोटबिरुवा, जनावर, पक्षी तथा अन्न आदिका नाम अर्को स्थानमा नहुन सक्छन्। लेकको यार्सागुम्बा, कुड्कीजस्ता वस्तु तराईका मान्छेलाई थाहा छैन र तराईको पर्वल, खेसरीका नाम लेकमा प्रयोग हुँदैनन्। नेपाली भाषाका पूर्वेली भाषिकाको क्षेत्र ठूलो हुनु तर माझाली, ओरपच्छिमा, मझपच्छिमा र परपच्छिमा भाषिकाका क्षेत्र साना र उपभाषिकागत विविधता बढी हुनुमा भौगोलिक कारणले असर पुऱ्याएको स्पष्टै छ। पहाडका मानिसहरू कुराकानी गर्दा सानो स्वरले बोल्ने र तराईका मानिस ठूलो स्वरले कराएर बोल्ने कारण भूबनोटकै प्रभाव हो।

भूगोलले देश, नगर, नदी, क्षेत्र आदिका नामको अध्ययन गर्न भाषाविज्ञानलाई राम्रा सामग्री प्रदान गर्छ। अर्थको विचारमा भूगोल अझ बढी सहयोगी हुन्छ। अर्ना बुझाउने उष्ट्र शब्दले उँट लाई कसरी बुझायो, सैन्धव शब्दले घोडा र नुन कसरी बुझिने भए, आजभोलि सोमलता किन नामविशेष छजस्ता कुराको गुत्थी सुल्झाउन भूगोलको सहायता लिएर मात्रै सम्भव छ।

झ) भाषाविज्ञान र भौतिकविज्ञान

भाषाविज्ञान र भौतिक विज्ञानको अध्ययनको प्रक्रिया एउटै हुन्छ। सामग्री सङ्कलन, अध्ययन, वर्गीकरण, विश्लेषण, परीक्षण र निष्कर्ष दुवैका अध्ययन-प्रक्रिया हुन्। भाषाविज्ञान र भौतिक विज्ञानले निकालेका निष्कर्षमा यति चाहिँ

फरक हुन्छ- भौतिक विज्ञानले अनुसन्धान गरी निकालेको निष्कर्ष सर्वमान्य र सर्वकालिक हुनसक्छ तर भाषाविज्ञानले निकालेको निष्कर्ष चाहिँ वहुमान्य र वहुकालिक मात्रै हुन सक्छ। दुई भाग हाइड्रेजन र एक भाग अक्सिजन मिलाए पानी बन्दछ, पहेलो बेसार, फुस्रो खरानी र सङ्लो पानी मिसाए रातो रङ बन्छ भनी भौतिकविज्ञानले निकालेको निष्कर्ष सधैँ, सबैतिर र सबैले मान्ने खालको हुन्छ। परन्तु अत्यन्तै वैज्ञानिक ढङ्गले निष्कर्ष निकाली पाणिनिले भनेको इचुयशानां तालु हाल नेपाली जिब्रोले यबाहेक तालुस्थानी स्विकार्दैन। यसो हुनुमा भौतिक पदार्थका गुणमा अपरिवर्तित स्वभाव हुनु र भाषाको परिवर्तनशील स्वभावका कारणले गर्दा भएको हो भन्ने स्वीकार गर्नुपर्छ।

भाषाविज्ञानले भौतिक विज्ञानबाट पर्याप्त सहयोग लिएको देखिन्छ। भौतिक विज्ञानले विशेष गरी ध्वनि र वर्णका तहमा मद्दत गर्छ। स्वर र व्यञ्जनको तात्त्विक स्वरूप पहिचान गर्न हालका वर्षहरूमा भौतिक विज्ञान निकै सहयोगी सिद्ध भएको छ। सबैभन्दा बढी सहयोग ध्वनिविज्ञानले लिएको देखिन्छ। जब मान्छे बोल्छ तब ध्वनिको उच्चारण हुन्छ। औच्चारिक ध्वनिविज्ञानको अध्ययनका लागि प्रयोगशालीय अध्ययन निकै प्रभावकारी हुन्छ। वक्ताका मुखबाट उच्चरित ध्वनि स्रोताका कानसम्म नपुगुन्जेल हुने ध्वनिको सञ्चार कसरी हुन्छ भन्ने कुराको अध्ययन गर्नलाई त साञ्चारिक ध्वनिविज्ञानलाई भौतिक विज्ञानको सहारा अनिवार्य नै छ। भाषिक ध्वनि र अन्य आवाजको तरङ्गमा कस्तो भिन्नता छ भन्ने कुरा पत्तो लगाउन पनि त्यसै सकिन्न। तरङ्गित ध्वनि कर्णविवरमा छिरेपछि त्यसलाई तान्ने र श्रवण हुने प्रक्रिया अध्ययन गर्नलाई श्रावणिक ध्वनिविज्ञान भौतिक विज्ञानकै भर पर्छ। प्रयोगात्मक ध्वनिविज्ञानका अध्येताहरूले यसवाट निकै लाभ उठाउने सम्भावना देखिन्छ।

भौतिक विज्ञानको हालसम्मको कान्छो आविष्कार कम्प्युटर भाषाविज्ञानको भरपर्दो सहयोगी बनेको छ। यसले मान्छेकै झैँ ध्वनिको उत्पादन गर्ने, उच्चरित ध्वनिको विश्लेषण गर्ने, मानवनिर्मित वाक्यको विश्लेषण गर्ने र वाक्यको निर्माण गर्नेसमेतका काम गरेको देखिन्छ। कोशनिर्माण र अनुवाद गर्नका लागि कम्प्युटरविज्ञानले पुऱ्याएको सहायता सह्राहनीय छ। त्यसै हुनाले कृत्रिम प्रतिभाको प्रयोग गरेर सम्पादित भाषिक कार्यलाई अध्ययन गर्न कम्प्युटर भाषाविज्ञान (यादव, ऐ. : ४४) प्रचलनमा ल्याइएको छ।

ञ) भाषाविज्ञान र गणित

भाषाविज्ञान गणितसँग निकै नजिक रहेको देखिन्छ। हुनत गणित पनि एककिसिमको भाषा नै हो तर यिनीहरूको स्थान अलग्गै छ। जेहोस्, भाषाविज्ञानमा गणितका सिद्धान्त पहिलेदेखि नै प्रयोगमा आएका छन्। पाणिनिको अष्टाध्यायीका सूत्रहरू वीजगणितका सूत्रसँग तुलनीय छन् भने वीसौँ शताब्दीको

स्तरीकरण व्याकरणका प्रवर्तक ल्याम्वले पनि बीजगणितको सहारा लिएर भाषाको विन्यासपरक विश्लेषण (वन्धु, ऐ. : ११३) गरेका छन् ।

वर्णविज्ञान, रूपविज्ञान, वाक्यविज्ञान र अर्थविज्ञानमा गणितको समुच्चय सिद्धान्त (सेट थियरी) प्रयोग गर्नु उपयुक्त हुन्छ। वर्णविश्लेषण गर्दा न्यूनतम युग्म निर्धारण गर्ने काम, वाक्यविज्ञानमा पदवर्ग छुट्टयाउने काम, अर्थविज्ञानमा अर्थतात्त्विक अभिलक्षण पहिचान गर्ने काम समुच्चय सिद्धान्तसँग सोझै सम्वन्धित देखिन्छन् ।

गणितका ओरख/आलेख भाषाविज्ञानका लागि विश्लेषण गर्न सहयोगी हुन्छन् । -, =, /, //, (), {}, +, #, ∴, >, ≡, % आदि गणितीय चिह्न भाषाविज्ञानका सहयोगी वन्दछन् । भाषिक अनुसन्धानका क्रममा गरिने भाषिक सर्वेक्षणका लागि गणित अपरिहार्य छ भने गणितीय सिद्धान्तका अभावमा नमुनाछनौटको काम अधुरै रहन्छ। भाषिक अनुसन्धानमा साङ्ख्यिकीको ज्ञान र त्यसको प्रयोग गर्नु वेस हुन्छ। प्रतिशत गणना, औसत, मानक विचलन, सहसम्वन्ध गुणाङ्क, जेडपरीक्षण, टीपरीक्षण, काइस्क्यायर परीक्षण, एफपरीक्षण अनुसन्धानका क्रममा प्रयोगमा आउँछन् । गणितीय विधि र सिद्धान्त प्रयोग गरेर भएको भाषिक अध्ययन छोटो, छरितो र स्पष्ट हुने देखिन्छ ।

जुनसुकै ज्ञानको वाहक भाषा र भाषाको विश्लेषक भाषाविज्ञान भएकाले ज्ञानका विविध क्षेत्रंसँग यसको सम्वन्ध रहनु स्वाभाविक हो। भाषाशिक्षण, काव्यशास्त्र, यान्त्रिकी आदिसँग यसको सम्वन्ध नजिकै देखिन्छ। विश्वभूमण्डलीकरणका क्रममा नौला-नौला ज्ञानहरू पनि विकसित हुँदै, नजिकिँदै र घुलमिल हुँदै आएका छन्। यता भाषाविज्ञानको क्षेत्र अझ विशिष्टीकृत हुँदै गइरहेको सन्दर्भमा यसले सम्वन्ध राख्ने ज्ञानका क्षेत्र वढ्दै जाने निश्चित छ। माथि टिपोट गरेका क्षेत्रहरू प्रमुख र नमुना मात्रै हुन् भन्नु चाहिँ उपयुक्त हुन्छ।

सन्दर्भ-सामग्री

अधिकारी, हेमाङ्गराज, (२०६१), शैलीविज्ञान : पृष्ठभूमि र विश्लेषण प्रक्रिया, सम्प्रेषण, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

तिवारी, भोलानाथ, (१९९४इ.), भाषाविज्ञान, इलाहवाद : किताव महल ।

न्यौपाने, टङ्कप्रसाद, (२०५१), भाषाविज्ञानको रूपरेखा, धरान : नेपाल वुक डिपो ।

वन्धु, चूडामणि, (२०६४), भाषाविज्ञान सम्प्रदाय, काठमाडौँ : एकता वुक्स ।

यादव, योगेन्द्र र भीमनारायण रेग्मी, (२०५९) भाषाविज्ञान, काठमाडौँ : न्यु हिरा वुक्स ।

लम्साल, रामचन्द्र, (२०६१) प्रकरणार्थविज्ञानः परिचय र प्रकृति सम्प्रेषण, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

'युगको सिकार' एकाङ्कीले दर्साएको सङ्क्रमणकालीन द्वन्द्व

डा.लेखप्रसाद निरौला
उपप्राध्यापक

१.१ विषयप्रवेश

आधुनिक नेपाली नाट्यपरम्परामा सामाजिक यथार्थवादी-मनोविश्लेषणवादी प्रवृत्तिलाई आत्मसात् गर्दै समसामयिक युगीन चेतका साथ देखा पर्ने बहुमुखी प्रतिभाको नाम गोविन्दबहादुर मल्ल 'गोठाले' हो। ऋद्धिबहादुर मल्लका छोरा र विजय मल्लका दाजुका रूपमा यिनको जन्म काठमाडौँको मध्यम वर्गीय परिवारमा १९७९ असार २६ गते भएको हो। आइ.एस्सीसम्मको शिक्षा लिएका गोठालेले सर्वप्रथम १९९६ ममता शीर्षकको कविता लेखे पनि यिनको पहिलो प्रकाशित कविताका रूपमा त्यसको भाले (१९९७ : शारदा) देखा पर्दछ। त्यसपछि यिनले शारदा (२००५) र आवाज (२००७) जस्ता पत्रिकाहरूको सम्पादन गर्दै साहित्यिक योगदानलाई निरन्तरता दिँदै आएका हुन्। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका मानार्थ सदस्य एवम् निर्वाचन आयोगको सदस्यका रूपमा समेत रहेका गोठालेलाई 'त्रिभुवन प्रज्ञापुरस्कार' (२०४२), 'भवानी साहित्यिक पत्रकारिता पुरस्कार' (२०४५), 'वेदनिधि पुरस्कार' (२०४८), 'पाण्डुलिपि पुरस्कार' (२०५३) र 'जगदम्बाश्री पुरस्कार' (२०५५) आदि पुरस्कारद्वारा पुरस्कृत एवम् सम्मानित गरिएको छ। कथा, उपन्यास, नाटक र एकाङ्कीजस्ता विधामा कलम चलाउँदै प्रतिभा प्रष्फुटन गर्ने गोठालेका मूलतः कथासङ्ग्रह (२००३ : कथासङ्ग्रह), भुसको आगो (२०१३ : नाटक), च्यातिएको पर्दा (२०१६ : नाटक), कथैकथा (२०१६ : कथासङ्ग्रह), पल्लो घरको झ्याल (२०१६ : उपन्यास), दोष कसैको छैन (२०२७ : नाटक), भोको घर (२०३४ : एकाङ्कीसङ्ग्रह), प्रेम र मृत्यु (२०३९ : कथासङ्ग्रह), र अपर्णा (२०५३ : उपन्यास) आदि कृतिहरू प्रकाशित छन्। सङ्ख्यात्मक दृष्टिले यिनका कृतिहरू अपेक्षाकृत केही कम देखिए पनि गुणात्मकताका दृष्टिले भने निकै महत्त्वपूर्ण रहेका छन्। यिनका एकाङ्कीहरू २०११ सालबाट प्रकाशित हुन थालेका हुन्। यिनले आफ्ना धेरै उकाङ्कीहरूमा सात सालदेखि सत्रका बीचको कथ्य र सामाजिक परिवेशलाई जीवन्त रूपमा प्रस्तुत गरेका छन् (आचार्य : २०६६)। सबैजसो एकाङ्कीहरू भोको घरअन्तर्गत नै सङ्कलित छन्, जसमा मूलतः समस्यामूलकता, मनोविश्लेषणात्मकता र यथार्थता पाइन्छ (श्रेष्ठ र शर्मा : २०६४)।

गोविन्दबहादुर मल्ल 'गोठाले'को प्रारम्भिक नाट्यप्रवृत्ति आधुनिक नेपाली नाट्यजगत्का प्रसिद्ध नाट्यकार गोपालप्रसाद रिमालद्वारा प्रतिपादन गरिएको सामाजिक यथार्थवादी नाट्यप्रवृत्तिबाट प्रभावित रहेको छ। त्यसैले, यिनका प्रारम्भिक एकाङ्कीहरू सामाजिक यथार्थवादी प्रवृत्तिअन्तर्गत लेखिएका पाइन्छन्। मूलतः यथार्थवादी साहित्यभित्र आजको मान्छे, युग तथा परिस्थितिलाई जस्ताको तस्तै प्रस्तुत गरिन्छ। यथार्थभित्र विषयवस्तु, भाषा र परिवेशजस्ता कुराहरूलाई संशोधन गरिँदैन। गोठालेले आफ्ना एकाङ्कीमा आजको युग र यस युगमा बाँचेको मानव जीवनलाई यथार्थ किसिमले प्रस्तुत गर्ने जमर्को गरेका छन्। मानवीय जीवनलाई यथार्थ किसिमले चित्रण गर्ने क्रममा यिनले मानिसमा पाइने सुख-दुःख, आशा-निराशा र ईर्ष्या-कुण्ठा आदिलाई दुरुस्तै प्रस्तुत गरेका छन् भने सामाजिक एवम् राष्ट्रिय सन्दर्भसँग गाँसिएका विकृति-विसङ्गतिलाई पनि विनासंशोसन प्रस्तुत गरेका छन्। यिनका एकाङ्कीमा सङ्क्रमणकालीन समाजको समेत जीवन्त प्रस्तुति पाइन्छ। यिनले सहरिया मध्यमवर्गीय सामाजिक सन्दर्भलाई प्रमुखताका साथ उठाउने गरेका छन्। त्यस्तो समाज, जसमा पुरानो र नयाँ पुस्ताका बीच द्वन्द्व भइरहेको हन्छ; त्यसको चित्रणमा पनि यिनले सफलता पाएका छन्।

मनोविश्लेषणात्मकता गोठालेका एकाङ्कीमा पाइने अर्को प्रवृत्ति हो। यिनले आफ्ना एकाङ्कीमा चेतन र अवचेतनका बीचको द्वन्द्वलाई दर्साउँदै अवचेतन मनले मान्छेका बाह्य क्रियाकलापमा पार्ने प्रभावको चित्रण गरेका छन्। अर्को शब्दमा भन्दा अवचेतनको तहसम्म पुगेर घटना र चरित्रको विश्लेषण गर्ने कार्य यिनीबाट भएको छ। मनोवैज्ञानिक यथार्थको प्रस्तुति गर्नु आफैमा जटिल कार्य मानिन्छ। यिनका रचनामा पुरुष एवम् महिला दुवै वर्गका जुनसुकै अवस्थाका अर्थात् बाल, युवा र प्रौढ आदि विभिन्न किसिमका व्यक्तिहरूको मनोदशालाई यथार्थपरक ढङ्गबाट प्रस्तुत गरिएको पाइन्छ। त्यसमा पनि विशेष गरी सामाजिक द्वन्द्वबाट ग्रस्त अथवा सङ्क्रमणकालीन परिवेशबाट ग्रस्त मनोदशालाई र यौनमनोदशालाई चिरफार गर्ने काम यिनीबाट भएको पाइन्छ (निरौला : २०६७)।

यस्तै यिनका एकाङ्कीमा समस्याहरूको घुइँचो पाइने गर्छ। यिनले आफ्ना एकाङ्कीमा खास गरी २००७ सालअघि र पछिको नेपाली समाज एवम् तत्कालीन मानिसका जीवनमा देखिएका सामाजिक, आर्थिक, राजनीतिकलगायत विविध प्रकृतिका समस्याहरूको चित्रण गर्ने काम गरेका छन्। नारीसमस्याको उद्घाटनका दृष्टिले समेत यिनका एकाङ्कीहरू उल्लेखनीय रहेका छन्। समस्यामूलक एकाङ्की लेखनको प्रारम्भ नाट्यसम्राट् बालकृष्ण समबाट भए पनि यसको सफल प्रयोग रिमालले गरेका हुन्। त्यसको सशक्त स्वरूप प्रस्तुत गर्ने कार्य भने गोठालेबाटै भएको हो (ढुङ्गेल : २०६५)। यिनका एकाङ्कीमा विद्रोही भावना सशक्त रूपमा प्रकट भएको पाइन्छ। यिनले निजी रचनाहरूमा सामाजिक अन्धविश्वास, रुढीवादी चिन्तन, आडम्बर, असमानता एवम् कुसंस्कारका विरुद्ध असहमति मात्र जनाएका छैनन् अपितु यिनी विद्रोहीसमेत बनेर देखा परेका छन्। खास गरी त्यस्ता नराम्रा

परम्पराप्रति व्यङ्ग्य गरेका छन्, जसले सामाजिक रूपान्तरणका लागि अवरोध सिर्जना गरेको हुन्छ। वस्तुतः पुराना एवम् सडेगलेका मूल्य र मान्यतालाई भत्काउँदै नवीन मूल्य र मान्यताको स्थापना गरी समाजलाई स्वस्थ बनाउने दृष्टिकोणवाट यिनका रचनाहरू देखा परेका छन्। यस्ता रचनामा विचार र शैली दुवै पक्षलाई अत्यन्त कलात्मक ढङ्गबाट प्रस्तुत गरिएको पाइन्छ।

गोठालेका रचनामा अन्धविश्वास, रुढिवादी चिन्तन र आडम्वरको जति विरोध गरिएको छ त्यति नै विद्रोहको स्वरलाई पनि चर्काइएको छ (न्यौपाने : २०६२)। कतिपय अवस्थामा यिनी निकै व्यङ्ग्य-विद्रोहीजस्ता बनेर देखा पर्दछन्। त्यस्तै यिनका एकाङ्कीमा कतै स्वैरकाल्पनिकता, कतै प्रगतिवादिता, कतै बौद्धिकता, कतै प्रतीकात्मकता र कतै मिथकीयताजस्ता प्रवृत्तिहरू पनि भेट्न सकिन्छ। यिनका एकाङ्कीहरू सरल भईकन जति गहन छन् त्यति नै मार्मिक र हृदयस्पर्शी पनि छन्। यस्तै विभिन्न प्रवृत्तिका साथ देखा पर्ने एकाङ्कीकार गोठालेको 'भोको घर'मा सङ्कलित युगको सिकार एकाङ्कीमा मूलतः पुस्तागत द्वन्द्व र सङ्क्रमणकालीन अवस्थाको जीवन्त प्रस्तुति पाइन्छ।

१.२ पुस्तागत वैचारिक द्वन्द्व

सङ्क्रमण काल भनेको भिन्नाभिन्नै दुई प्रकृतिका अस्तित्ववान् समयको द्वन्द्वपूर्ण मिलन काल हो। यस अवधिमा हरेक सङ्घर्षपूर्ण कुराको सम्झौताका बीच मिलन हुनुपर्ने अवस्था सिर्जना हुन्छ। चेतन-अचतेन वा जीवन-जगत्मा समेत सङ्क्रणकालले गहिरो प्रभाव पार्ने गर्दछ। जसरी दिवा र रात्रि दुई भिन्नाभिन्नै प्रकृतिका बीचको सङ्क्रमणकालका रूपमा देखा पर्ने सन्ध्या आफैमा द्वन्द्वपूर्ण अवस्थामा हुन्छ, त्यस्तै दुई भिन्नाभिन्नै विचारका बीचको सङ्क्रमण कालका रूपमा पुस्तागत द्वन्द्व सिर्जना हुन पुग्दछ। यस एकाङ्कीमा सङ्क्रमणकालीन तत्कालीन नेपालको सन्दर्भलाई विशेष रूपमा उठाइएको छ र त्यसकै सेरोफेरोवाट उत्पन्न द्वन्द्वपूर्ण अवस्थालाई सङ्केत गरिएको छ। त्यस्ता द्वन्द्वपूर्ण अवस्थालाई निम्न किसिमवाट दर्साउन सकिन्छ :

क) पुस्तागत द्वन्द्व (पुरानो पुस्ता र नयाँ पुस्ताका बीचको वैचारिक द्वन्द्व)
ख) लिङ्गगत द्वन्द्व (पुरुष र महिलाका बीचको वैचारिक द्वन्द्व)
ग) मानसिक द्वन्द्व (प्रभा र रामराजको निजी द्वन्द्व)

१.२.१ पुस्तागत द्वन्द्व (पुरानो पुस्ता र नयाँ पुस्ताका बीचको वैचारिक द्वन्द्व)

नेपाली समाजमा पाइने पुस्तागत द्वन्द्व र सङ्क्रमणकालीन अवस्थालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको 'युगको सिकार' एकाङ्कीमा सत्ताइस वर्षीया प्रभाको वैवाहिक स्थितिलाई टड्कारो रूपमा देखाइएको छ। यस एकाङ्कीका सत्तरी वर्षीय रामराज समाजकै पुरानो पुस्ताको प्रतीकका रूपमा आएका छन् अर्थात् उनी पुस्तागत द्वन्द्वको मूलविन्दु हुन्। उनी रिटायर्ड मीरसुव्वा हुन्। उमेर छउन्जेल

रातभरि मिसिल पल्टाएर काम गर्ने भएकाले उनले चन्द्रशमशेर र जुद्धशमशेर आदिबाट समेत खुव स्यावासी पाएका छन्। तत्कालीन राणा शासकहरूलाई रिझाएर काम गर्न मन पराउने भएकाले उनले जागिरे जीवन अवधिभर कहिल्यै जरिमाना खेप्नुपरेको छैन। तालुकवाला जर्नेलहरूलाई हात जोररै भए पनि टाउकामा राखेर आफ्नो औकात देखाउनमा उनी सफल देखिन्छन्। उनमा परम्परित धार्मिक मान्यताको समेत गहिरो प्रभाव रहन्छ। त्यसैले उनी मानिस भएर बिहे गर्नुपर्ने कुरामा जोड दिँदै पिण्डदान दिने सन्तान नजन्माए महापाप हुने कुरा बताउँछन्। शास्त्रमा पनि यस्ता कुराहरू लेखिएका छन् भन्दै उनी नातिनी प्रभालाई बिहे गर्न र पिण्डदान दिने छोरो जन्माउन आवश्यक रहेको धारणा सुनाउँछन्। उनका विचारमा सत्ताइस वर्षीया नातिनी प्रभाले विहे नगरी जोगिनी हुनुभन्दा आफ्नो धनाढ्य साथीको छोरो अर्थात् विक्रमप्रसाद (दुई छोरी र एक छोराको विधुर वावु) सँग विहे गर्नु नै उपयुक्त हुन्छ भन्ने रहन्छ। उनको यही परम्परित विचारकको प्रभावबाट मुक्त हुन नसकेकी प्रभा वास्तवमै पुस्तागत वैचारिक द्वन्द्वको सिकार हुन पुगेकी छे। प्रभा तिनै परम्परित विचार बोक्ने रामराजको घरमा हुर्किएकी आधुनिक पुस्ताकी पढेलेखेकी, रानीतिशास्त्रमा एम.ए. गरेर प्रोफेसर भएकी चरित्र हो। उसको विहे लामो समयसम्म पनि भइरहेको हुँदैन किनभने उसलाई उपयुक्त केटो नै भेटिएको छैन। कतै जातपात नमिल्ने, कतै धन-सम्पत्तिगत समानता नमिल्ने त कतै शिक्षादीक्षा नमिल्ने इत्यादिका कारण उसको विहे सोचेअनुसार हुन सकिरहेको छैन। बिहेका लागि जातपात, धनसम्पत्ति र कुलघरान हेर्नुपर्छ भन्ने रामराजजस्ता व्यक्तिको पुरानो मान्यताकै कारण आधुनिक मान्यताकी प्रभाको बिहे हुन सकिरहेको छैन। प्रभाले चक्रवहादुरलाई चाहिँ भित्रदेखि नै चाहेकी हुन्छे तर उनीहरूका वीचमा पनि वैवाहिक बन्धनले बाँधिने स्थिति देखिएको छैन। प्रभाका यिनै हजुरवुवा रामराजको भनाइअनुसार चक्रप्रसादको कुल खानदान नै राम्रो छैन; ऊ कमैया वा कमाराको सन्तान हो, त्यसैले ऊ नीच वा निम्नस्तरको छ; ऊसँग प्रभाले वार्तालाप गर्नु पनि ठीक हुँदैन। यद्यपि रामराजको यस्तो मान्यता हुँदाहुँदै पनि प्रभाले चक्रवहादुरलाई विहेका लागि आग्रह गरेकी हुन्छे तर चक्रवहादुरभित्रको हीनतावोधका कारण ऊ त्यस्तो महान् आँट वा विद्रोह गरेर अभिशप्त हुन चाहँदैन। पुस्तौंदेखि शिर ठाडो पार्न नसकेको चक्रवहादुर पढेलेखेको विद्वान् भए पनि परम्परित संस्कारको दास वनेर देखिन्छ। प्रभाजस्ती सक्षम विदुषीलाई उसले साथ दिन सकेको छैन; नेपाली समाजको परम्परित संस्कारद्वारा दास मनोवृत्तिमा हुर्किएको चक्रेको स्वभाव परिवर्तन हुन सकेको छैन। चक्रबहादुर आधुनिक पुस्ताको भए पनि उसमा पुरानै पुस्ताको संस्कारजन्य विचारले जरो थाडेको पाइन्छ। यसरी जसलाई प्रभाले आफै रोज्छे, आखिर त्यो रामराजका दृष्टिमा कमाराको सन्तान हुन पुग्दछ र आखिर त्यही पुरानो कुलघरान हेरिनुपर्छ भन्ने विचारले आधुनिक चिन्तनमा प्रभाव पार्दछ।

वस्तुतः यो युग २००७ साल पछिको हो। प्रजातन्त्रले शिक्षाका क्षेत्रमा राम्रो प्रगति गर्न थालेको युग हो, तर यो त्यस्तो युग हो, जहाँ न त परम्पराले पूरै प्रभाव पारेको छ न पूरै आधुनिकताको प्रभाव कायम हुन सकेको छ; यसलाई नै सङ्क्रमणकालीन युग मान्न सकिन्छ। सङ्क्रमण कालमा कुनै पनि पक्षको विशेष प्रभाव पर्न सक्छ। यसमा पुस्तागत वा विचारगत द्वन्द्व तीव्र रूपमा रहेको हुन्छ। प्रभा र रामराजका बीचको पुस्तागत द्वन्द्वमा अनेकौं विचारहरूको तालमेल हुन सकेको छैन। अथवा भनूँ, नयाँ पुस्तामा पनि पूर्णतः नयाँ विचारको व्यावहारिक पक्ष सन्तुलन हुन सकेको छैन। राजदास होस् वा चक्रबहादुर दुबै नयाँ पुस्ताका चरित्र हुन् तर दुबै परम्परित सङ्कीर्ण विचारप्रधान युगकै सिकार भएका छन्। अझ प्रभाको बिहेका सम्बन्धमा नयाँ पुस्ताले नै वैचारिक परिवर्तन ल्याउन नसकेकाले प्रभा युगको सिकार हुने नै भएकी छे। प्रभाले जतिसुकै शिक्षा-दीक्षा लिए पनि वा आत्मोन्नति गरे पनि उसले बोकेको नयाँ युगीन चिन्तनलाई कसैले पनि आत्मसात् गर्न सकेका छैनन्। हुनत देशमा राजनीतिक परिवर्तनले प्रजातन्त्रको लहर ल्याएको छ तर सँगसँगै पुरानो पुस्तामा पाइने सामाजिक संस्कारमा परिवर्तन ल्याउन सकेको छैन। त्यसैको प्रतिफल प्रभाले विराटनगरको अधबैँसे दुई-तीन छोराछोरीको बाबुसँग विहे गर्नुपर्ने पक्षलाई नै रोज्नुपरेको छ। प्रभाको यस किसिमको निर्णय उसको स्वैच्छिक एवम् हार्दिक निर्णय होइन; यो त बाध्यात्मक एवम् करकापमूलक निर्णय भएकाले ऊ निश्चय नै पुरानो युगको सिकार भएकी छे। अथवा, सङ्क्रमणकालीन परिस्थितिमा नयाँ चिन्तनको उपलब्धि नभएर पुरानै मान्यताको दास हुनुपरेकाले ऊ पूर्णतः युगको सिकार हुन पुगेकी छे। यसबाट यहाँ चरित्रहरूका बीच प्रशस्त मात्रामा द्वन्द्व विद्यामान रहेको तथ्य फेला पर्दछ। वस्तुतः यही चारित्रिक द्वन्द्वका माध्यमबाट पुस्तागत द्वन्द्व र सङ्क्रमणकालीन अवस्थालाई सजीव रूपमा दर्साइएको छ।

१.२.२ लिङ्गगत द्वन्द्व (महिला र पुरुषबीचको वैचारिक द्वन्द्व)

प्रस्तुत युगको सिकार एकाङ्कीमा सङ्क्रमणकालीन नेपाली समाजबाट लिइएका विभिन्न प्रकृतिका पुरुष तथा महिलावर्गका प्रतिनिधिमूलक पात्रहरूका माध्यमबाट द्वन्द्व सिर्जना गरिएको छ। त्यस्ता द्वन्द्व सिर्जना गर्ने पात्रहरूमध्ये विशेष गरी प्रभा, रामराज, चक्रबहादुर, राजदास, हरिदास, विक्रमप्रसाद, योगमान, उपेन्द्र र राजदासकी सालीलगायतका पात्रहरू रहेका छन्। तिनमा पुरुष वर्गका पात्रअन्तर्गत रामराज, चक्रबहादुर, राजदास, हरिदास, विक्रमप्रसाद, योगमान र उपेन्द्र देखा पर्दछन् भने महिला पात्रका रूपमा प्रभा र राजदासकी सालीको सन्दर्भ आएको छ। यिनीहरूमध्ये पनि खास गरी प्रभा र राजदास, प्रभा र चक्रबहादुर, प्रभा र विक्रमप्रसाद एवम् प्रभा र रामराजका बीचको संवाद अथवा अभिव्यक्तिहरूबाट महिला र पुरुषबीचको वैचारिक द्वन्द्व प्रस्तुत भएको छ।

महिलाप्रतिको आआफ्नै दृष्टिकोण राख्ने पुरुप पात्रहरूमा राजमान, चक्रवहादुर, विक्रमप्रसाद र योगमान नयाँ पुस्ताका व्यक्ति हुन् भने रामराज पुरानो पुस्ताका व्यक्ति हुन्। राजदास नयाँ पुस्ताको चरित्र हो तापनि ऊ नारीलाई भोग्याबाहेक केही ठान्दैन। उसका विचारमा नारी केवल पुतली हुन्, तिनलाई पुरुषहरूले जसरी खेलाए पनि हुन्छ। वास्तवमा हेर्ने हो भने राजदास र प्रभाका वीचको सम्वन्ध घनिष्ठ देखिन्छ। उनीहरू एकआपसमा घन्टौँसम्म खुलेर बहस गर्न सक्छन्। उनीहरूका वीच प्रेम र विवाहका वारेमा गहिरो छलफल हुन्छ। त्यसैक्रममा प्रभा र राजदासका वीच भएको संवादलाई हेर्न सकिन्छ :

प्रभा : तर तपाईंलाई म प्रेम गर्छु। यसकारण त अप्ठ्यारो छ।

राज : सत्ते प्रभा ?

प्रभा : तर म तपाईंसँग बिहे गर्दिनँ। (युगको सिकार : पृ.८१)

प्रभाले राजदासको पुरुषत्वलाई राम्ररी बुझ्केकी छे। उसमा विद्यमान नारीप्रतिको दृष्टिकोण र उसको चाहनालाई नजिकवाटै विश्लेषण गरेकी छे। ऊ राजदासले चक्रवहादुरसँग ईर्ष्या गर्दै आफूसँग सम्मानपूर्वक प्रेम गरेको बताउँछे। उसलाई थाहा छ लोग्नेमान्छेहरू कसैले कसैसँग प्रेम गरेकामा इर्स्यालु हुन्छन् र यहाँ पनि चक्रवहादुरसँगको प्रेमलाई राजदासले ईर्ष्या नै गरेको छ। लोग्नेमान्छेले प्रेम र विवाहलाई भिन्नै रूपमा हेर्छन् भन्ने कुरा प्रभाले राजदाससँग यसरी गर्छे- तपाईं मसँग बिहे गर्न चाहनुहुन्न। बिहे गर्नलाई त लाज मान्ने पवित्र कुनै किसिमको कुरा नकाटेको स्काण्डल नभाच्चिएको चाहिन्छ गृहलक्ष्मी। तपाईं मेरो उद्वेगलाई नियन्त्रण गर्न सकनुहुन्न। .... तपाईंलाई त तपाईंको गर्वलाई मद्दत दिने आइमाई चाहिन्छ ताकि तपाईंको आधारमा त्यो जिइरहोस् (युगको सिकार : पृ.८२)। प्रभाले राजदासलाई सानैदेखि एकाहोरो रूपमा प्रेम गरेकी हुन्छे। तर उसले कहिल्यै प्रभाको भावना बुझ्न सकेन। प्रभाको व्यक्तित्वलाई वेवास्ता गर्दै उसले आफै राम्री श्रीमती भित्र्यायो तर त्यो पनि मरी। त्यसपछि पनि प्रभाले राजदासलाई चाहेकी थिई किन्तु उसले सालीसँग बिहे गर्ने निर्णय गरिसकेको छ। यो कुरा पनि प्रभाले थाहा पाएकी छे। सालीले म्याट्रिक पास नगरुन्जेल राजदास आफूसँग आएको कुरा उसलाई राम्ररी थाहा छ। यसै सन्दर्भसँग गाँसिएर आएको प्रभाको अभिव्यक्तिलाई हेर्न सकिन्छ- लौ भन्नुस् त स्वास्नी मरेपछि तपाईंको साली पर्नेसित बिहेको छिनछ्यान भएको छैन ? त्यो सानै छ। म्याट्रिक पास नभएसम्मलाई तपाईं पर्खिरहनुभएको छ। त्यसबीचमा मसित .... (पृ.८४)। यसरी प्रभाले राजदासलाई मन नपराएकी होइन तर राजदासका दृष्टिमा स्त्रीहरू भोग्यामात्र रहने गरेको प्रवृत्ति उसले नजिकैबाट बुझ्केकी छे। राजदासलाई जतिखेर ऊ चाहन्थी त्यतिखेर राजदासले प्रभासँग बिहे नगरी अर्कै केटीसँग बिहे गरेको र उसकी श्रीमतीको मृत्युपछि सालीसँग बिहे गर्ने निर्णय लिएपश्चात् उसले आफूसँग केवल मनोरञ्जनका लागि मात्र इच्छा राखेको कुरा उसले प्रस्टसँग बुझ्केकी छे। उसले राजदासलाई परम्परित रुढिग्रस्त मान्यता भएको पुरुषप्रधान समाजको प्रतीकका

चिनेकी छे अर्थात् प्रभाका दृष्टिमा राजदास बिलकुल उपयुक्त छैन किनभने उसमा नारीप्रतिको दृष्टिकोण परम्परित छ र ऊ पुरानो पुरुषप्रधान समाजबाट प्रभावित नयाँपुस्ताको प्रतिनिधिका रूपमा मात्र रहेको छ। दुवैका बीचको वैचारिक भिन्नताले समस्या सिर्जना भएको छ।

यद्यपि प्रभा र चक्रवहादुरका बीच वैचारिक रूपमै द्वन्द्वको सिर्जना भएको छैन तापनि चक्रवहादुरभित्रको दासमनोवृत्ति र पुरुषत्व बेलाबेलामा देखा पर्ने गरेको छ। जतिखेर प्रभाले चक्रलाई विहेको प्रस्ताव राख्छे त्यतिखेर ऊबाट व्यक्त विचारलाई यसरी हेर्न सकिन्छ :

प्रभा : (केहीबेर टोलाएर) व्यथापूर्ण : (शान्ति। भ्यालसमम गएर अचानक फर्केर) तपाईं मलाई लैजान सक्नुहन्छ ? कुरा बुझ्नुभएन ? तपाईंसित म बिहे गर्छु।

चक्र : मसित ?

प्रभा : ठट्टा गरेको होइन। ....

चक्र : कहिलेकाहीँ मनको कुरा मनैमा .... मेरो मतलब अवचेतनमा रहेको कुरा दबाउनुपर्छ, (पृ.९२)।

चक्र र प्रभाका बीच खुलेर बहस भइरहँदा समेत ऊ आफूलाई दु:खान्तका लागि कारण नवनाउने पक्षमा उभिइन्छ। यसबाट प्रभाको इच्छालाई वहसको विषय वनाउने तर आत्मसात् नगर्ने प्रवृत्ति देखा पर्छ। वस्तुत: चक्रको यो प्रवृत्ति आफैमा दुई ध्रुवका बीचको द्वन्द्वमा आधारित रहेको छ। त्यस्तै समाजको अर्को पुरुष पात्र विक्रमप्रसाद पनि हो। उसलाई आफू विधुर हुनासाथ नारीको आवश्यकता परेको छ। ऊसँग धनसम्पत्ति छ; भोगविलासको पर्याप्त साधन छ तर ऊ अशिक्षित एवम् पाको उमेरको, आकर्षणविहीन स्वरूप भएको चार-पाँच सन्तानको वावु र विधुर पुरुष हो। उसले पनि परम्परित समाजकै मान्यताअनुसार श्रीमतीको मृत्युपछि लगत्तै विहे गर्ने धारणा बनाएको छ। धनसम्पत्तिका आडमा प्रभाजस्ती नारीलाई वलिको वोको वनाउन आतुर विक्रमप्रसादले पुरानै पुरुषप्रधान चरित्रलाई दर्साएको छ। विक्रमसँग प्रभाको प्रस्ताव लिएर आउने हरिदासमा समेत नारीप्रतिको दृष्टिकोण राम्रो पाइँदैन। ऊ जसरी भए पनि विक्रम र प्रभाका वीचमा सम्वन्ध गँसाउन तल्लीन रहेको छ तर कहीँकतै पनि वैचारिक द्वन्द्वको अन्त्य हुन सकेको छैन। समाजको अर्को विकृति वा समस्याका रूपमा उपेन्द्र देखा पर्दछ। ऊ सधैँ व्यस्तताका कारण आफूलाई उद्यमविहीन बनाउँछ र पारिवारिक समस्याप्रति सचेत रहँदैन। उसको विचारसँग पनि कोही सहमत छैनन्। अझ भन्ने हो भने पुरुषप्रधान समाजले स्त्रीलाई हेर्ने दृष्टिकोणका कारण र प्रभाको वैयक्तिक आधुनिक जीवनदर्शनका कारणे उसको विहे हुन सकेको छैन। उल्टै रामराज पुरानो पुस्ताका भएकाले उनले नातिनीको उमेर पुगेपछि पनि विहे हुन नसकेका अवस्थामा नातिनीलाई शिक्षादीक्षा दिएको कुराप्रति नै पश्चात्ताप गरेका छन्। उनका विचारमा नारीले विहे गरेर पिण्ड दिने छोरो जन्माउनुपर्छ भन्ने पाइन्छ।

१.२.३ मानसिक द्वन्द्व

यस एकाङ्कीभित्र मानसिक द्वन्द्वलाई दर्साउने प्रमुख पात्रहरूमा प्रभा र रामराज नै रहेका छन्। उनीहरूमध्ये सबैभन्दा बढी मानसिक द्वन्द्वको भुवरीमा प्रभा नै परेकी छे। ऊ यस एकाङ्कीकी सक्रिय नारी पात्र हो। ऊ पुरुषहरूको चाहना र व्यवहारलाई नजिकैबाट विश्लेषण गर्न सक्छे। उसलाई नै यहाँ युगको सिकार भएकी पात्रका रूपमा देखाइएको छ। ऊ आफ्ना हजुरबुवा सत्तरी वर्षीय रामराजको अभिभावकत्वमा हुर्किएकी सत्ताइस वर्षीया अविवाहिता युवती हो। उसलाई सानो उमेरमै बिहे गराउने रामराजको इच्छालाई उसले मानिन र ऊ विदेश गएर रानजीतिशास्त्रमा एम.ए. पूरा गरी प्रोफेसर भएकी छे। 'प्रजातन्त्र आए पनि जातपात नमानी हुँदैन' भन्ने चिन्तन बोकेका रामराजको संरक्षकत्वमा हुर्किएकी प्रभाको विहेका लागि खुलेर हात माग्न एकमात्र व्यक्ति विक्रमप्रसाद आएको हुँदा रामराजले प्रभालाई सोही व्यक्तिसँग विहे गर्नु राम्रो हुन्थ्यो भन्ने कुरा बताएका छन्। त्यस्तै 'मानिस भएर विहे नगर्नु, पिण्ड दिने सन्तान नजन्माउनु महापाप हो' भन्ने रामराजका दृष्टिमा प्रभाले त्यही अधवैँसे, दोब्बर उमेरको, दुई छोरी एक छोराको बाबु एवम् विधुर भएर पनि विराटनगरको धनाढ्य खानदानी र भलादमी व्यक्तिसँगै विहे गर्नु उचित हुने कुरा बताइएको छ। यद्यपि प्रभाले दुई जनासँग आफूखुसी विहे गर्ने इच्छा राखेकी थिई तर तीमध्ये कसैमा रुढिवादी परम्परित पुरुषप्रधान समाजको विकृतिले पारेको प्रभावका कारण र कोही दासमनोवृत्तिका कारण उसको बिहे हुँदैन। प्रभाले सहकर्मी साथी राजदासलाई मन पराएर बिहेको आशा राखेकी थिई तर राजभित्रको नारीप्रति दृष्टिकोणका कारण बिहे हुन सकेन। अर्थात्, राजदासका दृष्टिमा नारीहरू खेलौना वा पुतली बराबर हुन्छन् जसलाई पुरुषहरूले जेजसरी पनि उपभोग गर्ने प्रतीक्षा गरिरहन्छ भन्ने मान्यता बुझेकाले प्रभाले राजदाससँगको बिहे स्विकारेकी हुन्न। उसले नारीलाई भोग्याका रूपमा मात्र हेर्नु र सालीसँग विहेको प्रतीक्षा गर्नुबाट उसको यथार्थता झल्किसकेको हुँदा प्रभाले ऊसँग बिहे नगर्ने निर्णय गरेकी हो। त्यस्तै प्रभाले मन पराएको व्यक्ति चक्रबहादुर हो र ऊ पनि प्रभाकै साथी हो। तर, चक्रबहादुर कमजोर मानसिकताको व्यक्ति हो। उसलाई पुस्तौँदेखिको कमजोर मानसिकताले ग्रस्त तुल्याएको छ, किनभने उसका हजुरबा र बादेखि नै अर्काको अधीनमा रहने प्रवृत्तिका कारण ऊ दासताको सिकार भएको छ। प्रभाका हजुरबा रामराजाले त चक्रबहादुरसँग संसर्ग पनि गर्नु नहुने बताए पनि प्रभाले चाहिँ चक्रबहादुरसँग बिहे गर्ने आग्रह गरेकी हुन्छे तर प्रभाको आग्रहलाई स्वीकार गर्न नसक्ने चक्रबहादुर पढेलेखेर शिक्षित भए पनि उसले तत्कालीन समाजबाट हुने वा हुन सक्ने दुःखान्तलाई ननिम्त्याउने धारणा प्रकट गरेको छ। यसरी प्रभाको बिहे न त उसले सोचेअनुसारका व्यक्ति राजदाससँग भएको छ न चक्रबहादुरसँग नै भएको छ। दुवै व्यक्ति प्रभाको योग्यता, क्षमता र कार्यकुशलतासँग मेल खान सक्ने किसिमका हुँदाहुँदै पनि एक जनामा नारीप्रतिको दृष्टिकोणले पारेको गहिरो छाप र अर्कामा

परम्परित समाजको वर्गव्यवस्थाले पारेको हीनतावोधी प्रवृत्तिको विकासले दुवैमध्ये कसैको पनि बिहे प्रभासँग हुन सक्तैन। यी विभिन्न परिघटनाहरूका कारण प्रभा एकपछि अर्को गर्दै मानसिक द्वन्द्वमा पिल्सिँदै गएर अन्ततः उसको मानसिकता विपरीत वाध्यात्मक अवस्थामा ऊ घटनालाई सहजताका साथ सम्झौता गर्ने पक्षमा देखिएकी छे।

१.३ निष्कर्ष

यसरी प्रस्तुत एकाङ्कीमा प्रजातन्त्रोत्तर कालमा पनि रामराज, राजदास हरिदास र विक्रमप्रसादजस्ता चरित्रद्वारा परम्परित रुढिग्रस्त पुरुषप्रधान समाजको गहिरो प्रभावकै कारण समाजलाई सङ्कीर्ण घेराभित्रै राख्ने प्रयास गरिएको विचार प्रस्तुत भएको छ। यिनीहरूबाट कतै पुरानो पुस्ताको प्रतिनिधित्व गर्दै समाजलाई त्यही जातपात, कुलघरान, उँचोनीचो, धनीगरिव आदि दृष्टिकोणका कारण अँझै विखण्डित र विभाजित अवस्थामा पुऱ्याउने प्रयास भएको छ भने कतै नारीहरू पुतली बरावर हुन्छन्, सजाउने सामान मात्र हुन् र केवल भोगका लागि योग्य हुन्छन् भन्ने व्यवहार देखाइएको छ। वस्तुतः यसै किसिमको विचार वा व्यवहारका कारण सामाजिक समस्या उत्पन्न भएको मान्न सकिन्छ। रामराजले प्रभाको सानै उमेरमा बिहे गर्न चाहेका थिए तर प्रभाले मानिन र उसले राजनीतिशास्त्रमा एम.ए.गर्न थाली। यस घटनाबाट पुरानो संस्कारले चेलीवेटीको पढाइलाई भन्दा विहेको हतारलाई महत्त्वपूर्ण मान्ने गरेको तथ्य देखा पर्दछ। त्यसपछि पनि जव प्रभाले सवै कुरा मिल्ने चक्रवहादुरसँग विहेको इच्छा राखेकी थिई तर त्यहाँ पनि सामाजिक दृष्टिले तल्लो कमारो परिवारको सदस्यका कारण बिहे सम्भव भएन। जहाँजहाँ नयाँ पुस्ताले आफ्नो अनुकूल वातावरण सिर्जना गर्ने प्रयास गरेको छ त्यहींत्यहीं पुरानो सामाजिक संस्कार बाधक वन्दै गएको छ र अन्त्यमा विक्रमजस्ता व्यक्तिसँग प्रभाको बिहे हुने भएपछि समाजले प्रभालाई युगको सिकार वनाएरै छोडेको छ। अतः पुस्तागत द्वन्द्व अर्थात् पुरानो पुस्ता र नयाँ पुस्ताका बीचको वैचारिक द्वन्द्व एवम् लिङ्गगत द्वन्द्व अर्थात् पुरुष र महिलाका बीचको वैचारिक द्वन्द्वलाई समेट्ने कुरामा यो एकाङ्की निकै सबल रहेको प्रस्ट हुन्छ। यसभित्र मानसिक द्वन्द्वको समेत उल्लेख्य रूपमा परिचर्चा भएको पाइन्छ।

सन्दर्भसूची

उपाध्याय, केशवप्रसाद, २०५६, नाटकको अध्ययन, ललितपुर : साझा प्रकाशन।

.........................., २०४५, समको दुःखान्तनाट्य चेतना, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

.........................., २०५९, नेपाली नाटक तथा रङ्गमञ्च उद्भव र विकास, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

उपाध्याय, केशवप्रसाद र अन्य,सम्पा. २०४९, नेपाली एकाङ्की भाग ३, द्वि.सं., ललितपुर : साझा प्रकाशन ।

आचार्य, व्रतराज, सम्पा.,२०६६, आधुनिक नेपाली नाटक, ललितपुर : साझा प्रकाशन ।

गोठाले मल्ल, गोविन्दवहादुर, २०५८,भोको घर, ते.सं, ललितपुर : साझा प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद, २०६५, नेपाली नाटक एकाङ्की र निबन्ध, काठमाडौँ : एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, ।

निरौला, लेखप्रसाद, २०६७, नेपाली कविता र नाटक, काठमाडौ : प्रधान बुक हाउस ।

न्यौपाने, श्रीराम, २०६२, नेपाली नाटक एकाङ्की र निबन्ध, छै.सं., काठमाडौ : पैरवी प्रकाशन

प्रधान, कृष्णचन्द्रसिंह (सम्पा.) २०४४, साझा समालोचना, ते.सं. ललितपुर : साझा प्रकाशन ।

वन्धु, चूडामणि, सम्पा. २०४०, साझा एकाङ्की, ललितपुर : साझा प्रकाशन ।

वराल ईश्वर र अन्य, (सम्पा.) २०५६, नेपाली साहित्य कोश, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई घटराज, २०५६, नेपाली लेखककोश, काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

मल्ल, अशेष, (सम्पा.) २०५७, समकालीन नेपाली नाटक, ललितपुर : साझा प्रकाशन, ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, २०६४, नेपाली साहित्यको संक्षिप्त इतिहास, नवौँ स., ललितपुर : साझा प्रकाशन ।

♣♣♣

सनातन धर्ममा पञ्चमहायज्ञको महत्त्व

वासुदेव खनाल
उपप्राध्यापक

१.यज्ञ

यज्ञ भनेको पवित्रता हो, पवित्र कार्य हो । मन, वचन र कर्मवाट आत्मिक उन्नति तथा प्रगतिका साथसाथै सांसारिक एवं पारलौकिक उन्नतिका लागि गरिने जति पनि पवित्र क्रियाकलापहरू छन्, ती सवै 'यज्ञ' हुन् । हामीले विहान उठेदेखि राती नसुत्दासम्म जेजति पवित्र क्रियाकलापहरू गर्दछौँ, ती सवै 'यज्ञ' स्वरूप रहेको कुरा हाम्रा धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएको छ । हामीले जीवनमा जेजस्ता सत्कार्यहरू गर्दछौँ, ती सवै यज्ञीय क्रियाकलापहरू हुन् तसर्थ हामी यो भन्न सक्दछौँ -'यज्ञ' भनेको हाम्रो जीवनपद्धति हो । हामीले हाम्रो जीवनको उन्नति तथा प्रगतिका लागि, संसारमा रहेका प्राणीहरूको उद्धारका लागि र दिवङ्गत आत्माको शान्ति एवं तृप्तिका लागि जेजस्ता पूनीत कार्यहरू गर्दछौँ, ती सवै 'यज्ञ' नै हुन् । परम्परागत सनातन धर्मसँग यज्ञको घनिष्टमात्र होइन, नङ र मासुका वीच जस्तो सम्वन्ध रहेको छ । 'यज्ञ'लाई अर्को शव्दमा कल्याण पनि भन्न सकिन्छ । शारीरिक तथा मानसिक पवित्रता, शान्ति तथा कल्याणका लागि मानव सधैँ क्रियाशील रहन्छ र रहनुपर्दछ । संसारमा रहेका प्राणीहरूमा मानव यस्तो प्राणी हो, जसले आफ्नो, आफ्नो परिवारको मात्र होइन सम्पूर्ण चराचर जगतको कल्याण चाहन्छ । यही चराचर जगतको कल्याण कसरी हुन्छ भन्ने चिन्तनका लागि हाम्रा पूर्वजहरूले धेरै समय खर्चेका छन् । हाम्रा पूर्वजहरूको पुस्तौँपुस्ता यसैका लागि खर्चिएको छ । संसारमा रहेका सम्पूर्ण प्राणीहरूप्रति सद्भाव राख्नु, उनीहरूको जीवन रक्षाका लागि आफूलाई सदा क्रियाशील राख्नु मानव समाजको दायित्व हो र यही नै सनातन धर्मको विशेषता हो ।

हाम्रा ती पूर्वजहरू जसले आत्मिक, लौकिक एवं पारलौकिक उन्नतिका लागि विभिन्न साधना गरेर आफ्नो शरीरलाई मात्र पवित्र वनाएनन् लोक एवं परलोकको कल्याणका लागि आफूलाई समर्पित गरेर यज्ञिय साधना पनि गरे । जुन यज्ञवाट यज्ञियदेवतालाई प्रसन्न गराउनुको साथै दैवी राज्यको संवर्द्धनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरे । साधकले ऐहिक र पारलौकिक कल्याण तथा उन्नतिका लागि जुन साधना गर्दछ जस्तो पुत्रेष्टियाग, अग्निहोत्रादि याग यसलाई पनि 'यज्ञ' भनिन्छ । जुन कार्यवाट व्यक्तिको वैयक्तिक उन्नतिका साथै जगत्‌को कल्याण हुन्छ, त्यस्तो पवित्र कार्यलाई 'यज्ञ' भनिएको हो ।

यस्तै देवता र यज्ञको अन्योन्याश्रित सम्वन्ध रहेको छ र यो सम्वन्ध मन्त्रका माध्यमवाट हुन्छ। मन्त्रमा अग्निदेवताको स्तुति श्रुति (वेद) हरूमा सवैभन्दा पुरानो ऋग्वेदमा पाइन्छ। ऋग्वेदको पहिलो मन्त्रमै यज्ञ शव्दको प्रयोग भएको पाइन्छ। त्यहाँ भनिएको छ[1]- म अग्निदेवताको स्तुति गर्दछु, ती पुरोहित यज्ञका देवता अर्थात् यज्ञदेवताका आह्वाता हुन्, श्रेष्ठतम् रत्नहरूका खानी हुन्, तिनीहरूले हामीलाई श्रेष्ठतम् रत्न प्रदान् गरुन्। ऋग्वेदको यो प्रथम मन्त्रका देवता अग्नि हुन् अतः यो मन्त्र अग्निस्वरूप हो। अग्निको रचना र यसको प्रयोग अनादिकालदेखि भए जस्तै अग्निसँग सम्वन्धित यो मन्त्र पनि अनादि हो। हामीले वेदलाई अपौरुषेय मानेका छौँ। अपौरुषेयको अर्थ सनातन अर्थात् जसको रचयिता नै छैन भन्ने हो। त्यसैले वेद अपौरुषेय र अनादि मानिन्छ। वेदमन्त्रको कार्यरूपलाई लिएर हामी यो भन्न सक्दछौ कि कुनै पनि कार्यका पछाडि कारण हुन्छ[2] भन्ने न्यायको सिद्धान्तको वाधक ठानिएको अवस्थामा यहाँ मन्त्रलाई कार्य नमानेर नित्य मानिएको छ। मन्त्र वाणीका रूपमा ऋपिहरूका अन्तःस्करणवाट अभिव्यक्त हुन्छ। ऋषि मन्त्रद्रष्टा मात्र हुन् रचयिता होइनन्। ऋग्वेदको यस मन्त्रमा भनिएको छ- यज्ञद्धारा ऋषिहरूको अन्तःस्करणमा प्रवेश गरेर मन्त्रहरू वाणीका रूपमा प्राप्त हुन्छन्।[3] यस्ता पवित्र यज्ञवाट वान्छित फल प्राप्त हुन्छ भन्ने सम्वन्धमा गीतामा भनिएको छ - सृष्टिको आदिमा प्रजापतिले यज्ञका साथ देवता, मनुष्यको सृष्टि गरिसकेपछि उनीहरूलाई आशीर्वाद दिँदै भने-यो यज्ञद्धारा सुखभोग गर र यज्ञ गर्नाले वाञ्छित फल प्राप्त हुन्छ[4]। ऋषिमुनिहरूले यज्ञ विधानको माध्यमवाट यो लोकमा दिव्यभावना प्रवाहित गरिरहेका छन्। यो प्रवाह वैदिक कालदेखि अहिलेसम्म कुनै न कुनै रूपमा रही आएको छ। यस्ता यज्ञानुष्ठानमा ऋग्वेद, यजुर्वेद र सामवेदको एकै साथ प्रयोग हुन्छ अतः यज्ञका साथ वेदको अटुट सम्वन्ध रहेको छ। हाम्रो जीवनमा हामीले जेजस्ता क्रियाकलापहरू विहान उठेदेखि राती सुत्दासम्म गर्दछौँ ती सवैलाई यज्ञिय रूपको मान्यता हाम्रा ती पूर्वजहरूले दिएका छन्। श्रौत र स्मार्त गरी 'यज्ञ' मुख्यतया दुई किसिमका हुन्छन्।

१.१.श्रौतयज्ञ

वेदको विषय यज्ञ हो। वेदका उपास्य देवता हुन् र यज्ञमा पनि देवता नै उपास्य हुन्छन्। यज् धातुको मुख्य अर्थ पनि देवपूजा नै हुन्छ। श्रौत यज्ञमा

---

१ ॐ अग्निमीले पुरोहितम। यज्ञस्य देवमृत्विजम्। होतारं रत्नधातमम्॥

२ यद्यत्कार्यं तत्तत्कारणपूर्वम।

३ यज्ञेन वाचः पदवीयमायन्तामन्वविन्दन्नृषिषु प्रविष्टाम॥ ऋ.सं।१०।७१।३॥

४ सहयज्ञाः प्रजाः सृष्टा पुरोवाच प्रजापतिः।
अनेन प्रसविष्यध्वमेष वो स्त्विष्टकामधुक्॥ गीता। ३।१०।

पुरोहित मुख्य हुन्छ र अग्निका माध्यमद्वारा देवताहरूलाई तृप्ति गराइन्छ। यहाँ अग्निलाई देवताको हवि धारण गर्ने वाला भनिएको छ। यहाँ यो पनि भनिएको छ कि अग्नि नै देवताका मुखस्थानीय हुन्।[1] उनले प्राप्त गरेको हवि देवतालाई प्राप्त हुन्छ र जसबाट देवता तृप्त हुन्छन्। यज्ञको उद्देश्य देवताहरूको तृप्तिको साथसाथै वायुमण्डलको शुद्धि पनि हो। यज्ञबाट निस्किएको धुवाबाट वायुमण्डलमा रहेको विषालु पदार्थको शुद्धीकरण हुन्छ। यस्ता यज्ञमा यज्ञकर्ता अर्थात् गृहस्थको स्थान गौण हुन्छ। यस्तै यी यज्ञमा क्रियाको प्रधानता हुन्छ जस्तै स्वर्ग, सम्पत्ति, पुत्र आदिको कामना यज्ञका माध्यमबाट गरिन्छ। यस्ता यज्ञ गर्नका लागि ठूलो लगानी गर्नुपर्ने र यज्ञको प्रकृतिअनुसार अनेक प्रकारका सामग्रीहरू जुटाउनुको साथै पुरोहितहरूको पनि व्यवस्था गर्नुपर्दछ, जुन सानोतिनो खर्चबाट सम्पन्न हुन सक्दैन। जसका कारण 'पश्चात् कालीन समयमा श्रोत यज्ञहरू कमै मात्रामा भएको पाइन्छ।

१.२. स्मार्तयज्ञ

स्मार्तयज्ञ स्मृतिसँग सम्बन्धित यज्ञ हुन्। यी यज्ञहरूको उद्देश्य नैतिकता, आध्यात्मिकता, सदासयता आदि रहेको पाइन्छ। स्मार्त यज्ञ गर्नका लागि खासै विशेष सामग्री जुटाउनका लागि विशेष खर्चको व्यवस्था गर्नु पर्दैन थोरै खर्च गरेर र घरमै प्राप्त सामग्रीबाट यस्ता यज्ञहरू सम्पन्न गर्न सकिन्छ। घरमा जेजस्ता सामग्रीहरू उपलब्ध हुन्छन्। यिनै सामग्रीहरूवाट यज्ञ सम्पन्न गर्न सकिने भएको हुनाले पश्चातकालीन समयमा स्मार्त यज्ञहरू विशेष लोकप्रिय वन्न पुगेका थिए। स्मार्त यज्ञ यस्ता यज्ञहरू हुन्, जसका लागि पुरोहितको पनि व्यवस्था गर्नु पर्दैन। गृहस्थ आफैँले कुनै पुरोहितको सहयोग नलिइकन यस्ता यज्ञहरू सम्पन्न गर्न सक्दथ्यो। उदाहरणका लागि पञ्चमहायज्ञ स्मार्त यज्ञअन्तर्गत पर्दछन्।

२.पञ्चमहायज्ञ

पञ्चपहायज्ञको चर्चा गर्नुअघि पञ्चमहायज्ञको मूल के हो ? यसको सुरुआत कसरी भयो भन्नेसम्बन्धमा चर्चा गर्नु उपयुक्त देखिन्छ। प्राचीनकालमा गरिने ब्राह्मण एवं श्रौतसूत्रहरूमा वर्णित यज्ञहरूमा सबैको पहुँच थिएन। धेरै समय र पैसा खर्च हुने ती यज्ञ गर्न सवै सक्षम थिएनन्। स्वर्ग साधनाको मूल बिन्दु भनेको अग्नि नै हो। स्वर्गको मुखको रूपमा रहेको अग्निमा एउटामात्र समिधा राखेर पनि सबै देवताहरूका प्रति आफ्नो भावना अभिव्यक्त गर्न सकिन्थ्यो। यस्तै एक दुई मन्त्र तथा श्लोक वाचन गरेर प्राचीन ऋषि, साहित्य तथा संस्कृतिप्रति आफ्नो

---

[1] अग्निर्हि देवानां मुखम्। शतपथ ब्राह्मण ।३।।७

अगाद श्रद्धा प्रकट गर्न सकिन्थ्यो, एक अञ्जली तथा एक दुना जल पितृहरूलाई अर्पण गरेर पितृहरूप्रति अगाध श्रद्धा व्यक्त गर्न सकिन्थ्यो। यस्तो महान् कार्य सामान्य किसिमले गर्न सकिने हुँदा यसप्रति सबै आकर्षित हुनु स्वाभाविक पनि थियो। संसारका सबै प्राणीहरूको रक्षाका निम्ति र सबैको कल्याणका निम्ति यी कुराहरू महतत्वपूर्ण वन्दै गए।

सारा विश्वका सबै प्राणीहरू एउटै सृष्टिवीजका प्रतीक हुन्। सबै बाँच र सबैलाई बाँच्न देऊ भन्ने भावनावाट अभिप्रेरित हाम्रा ती पूर्वजहरूले कार्यक्षेत्रमा उत्रनका लागि नै पञ्चमहायज्ञको आवश्यकता महसुस गरेका हुन्। सम्पूर्ण चराचरका प्रति भक्ति, कृतज्ञता, सम्मान, उदारता, सहिष्णुताको भावना प्रकट गरेर 'उदारचरितानां तु वसुधैव कुटुम्बकम्' (उदार चरित्रनै विश्वबन्धुत्व हो) भन्ने भावना फैलाएर संसारमा रहेका जीवहरूप्रति देखाएको सद्भाव निश्चय पनि उदाहरणीय र अनुकरणीय रहेको छ। पञ्चमहायज्ञ गर्ने व्यक्ति क्षणिक स्वार्थभन्दा माथि उठेर आफ्नो आत्मा एवं शरीरलाई पवित्र वनाउँदै व्रह्ममय वन्नुपर्दछ।

ऋषिहरूको तृप्तिका लागि गरिने यज्ञ ब्रह्मयज्ञ हो, देवताहरूको संवर्द्धनका लागि जो यज्ञ गरिन्छ त्यो देवयज्ञ हो। अर्यमा आदि पितृगण र आफ्ना मृतक पूर्वजहरूको तृप्तिका लागि गरिने यज्ञ पितृयज्ञ हो। यस्तै उद्भिदज, स्वेदज, अण्डज र जरायुज गरी यी चारप्रकारका प्राणीहरूको कल्याणका लागि गरिने यज्ञ भूतयज्ञ हो र अर्को यज्ञ मनुष्यजातिसँग सम्बन्धित रहेको छ। भोजन गर्नुभन्दा पहिले आएको व्यक्तिलाई अर्थात् अतिथिको यथाशक्य सत्कार गर्नु मनुष्य यज्ञ हो। यिनीहरूलाई एउटा एउटा शव्दमा भन्दा वलि, स्वधा, होम, स्वाध्याय र अतिथिसत्कारलाई क्रमश भूत, पितृ, देव, व्रह्म र मनुष्य यज्ञ गरी यी पाँचलाई पञ्चमहायज्ञ भनिन्छ।[१]

कालान्तरमा पञ्चमहायज्ञ अन्य उद्देश्यका लागि पनि गर्न थालियो अर्थात् जीवनका अन्य पक्षसँग पनि जोडेर हेर्न थालियो जस्तो हाम्रो व्यावहारिक जीवनमा अनेक किसिमका वाधा तथा व्यवधानहरू आइपर्दछन् ती बाधा तथा व्यवधानलाई हटाउनका लागि जानेर होस् या नजानेर धेरै किसिमका प्राणीहरूको हत्या भइरहेको हुन्छ। संसारमा यस्ता प्राणीहरू पनि छन्, जो हाम्रा यी आँखाले देख्न सक्दैनौं। यस्ता सयकडौं प्राणीहरूको हत्या हामीले नचाहँदा नचाहँदै पनि गरिरहेका हुन्छौं। हामीले फेर्ने श्वासप्रश्वासमा पनि यस्ता धेरै प्राणीहरूको हत्या भइरहेको हुन्छ। हामीले हिंडडुल गर्दा कुचेर, च्यापेर पनि यस्ता धेरै प्राणीहरूको हत्या गरिरहेका हुन्छौं जो हामीलाई थाहा हुँदैन। हाम्रो दैनिक जीवनमा खाना पकाउँदा, कुटपीस गर्दा, बढार्दा तथा लिपपोत गर्दा, गाग्रीवाट पानी सार्दा दैनिक हजारौं जीवहरूको

---

[१] वलिकर्मस्वधाहोमस्वाध्यायातिथिसत्क्रियाः।
भूतपित्रमरव्रह्ममनुष्याणां महामखाः ॥याज्ञवल्क्यस्मृति, आचाराध्याय ॥१०१॥

हत्या भइरहेको हुन्छ।[१] यसरी दैनिक हुने हत्याबाट लाग्ने पापबाट छुटकारा पाउनका लागि पञ्चमहायज्ञहरू प्रत्येक दिन गर्नुपर्ने व्यवस्था गरेर हामीले नजानेर गर्ने पापसँग पञ्चमहायज्ञलाई जोड्न थालियो।[२] यी पञ्चमहायज्ञहरूमा अध्ययन-अध्यापन ब्रह्मयज्ञ, तर्पण पितृयज्ञ, होम देवयज्ञ, बलि भूतयज्ञ र अतिथि सत्कार मनुष्ययज्ञ हुन् ।[3] पश्चातकालीन समयमा पञ्चमहायज्ञहरूलाई क्रमशः अहुत, हुत, प्रहुत, ब्राह्म्य-हुत एवं प्राशित नामसमेत दिइयो।[४]

हाम्रो आत्मामा जब प्रत्यक्षानुभूति प्रारम्भ हुन्छ तवमात्र हामी धार्मिक हुन सक्दछौँ र हाम्रो जीवनमा धर्मको आरम्भ पनि त्यहीँबाट नै हुन्छ। सुखसम्बन्धी हाम्रो धारणा परिवर्तित रहेको छ। हामीले कुनै वस्तुको चाहना गरेर त्यसको प्राप्तिका लागि जुन सङ्घर्ष गर्दछौँ र हामीले सोच्दछौँ यदि त्यो वस्तु प्राप्त भयो भने हाम्रो सुख नै त्यही हो। तर त्यो प्राप्त गरेपछि फेरि त्यो भन्दा उच्चस्तरको सुखको कामना हामी चाहन्छौँ। यो हाम्रो दैनिकी हो र यो प्रत्येक व्यक्तिको अन्तर हृदयमा रहेको चाहना हो। पञ्चमहायज्ञको प्रमुख उद्देश्य विधाता, प्राचीन ऋषिमहर्षि, पितृहरू, अनेक जीव तथा प्राणीहरू र सम्पूर्ण ब्रह्माण्डका प्रति(जहाँ असङ्ख्य जीवहरू रहन्छन्) आफ्नो कर्तव्य पालन हो। पञ्चमहायज्ञका सम्बन्धमा यो भन्न सकिन्छ कि यहाँ नैतिकता, आध्यात्मिकता, प्रगतिशीलता एवं सदाशयता बढी देखिन्छ। पञ्चमहायज्ञ गर्ने व्यक्ति क्षणिक स्वार्थभन्दा माथि उठेर आफ्नो आत्मालाई उच्च बनाउँदै शरीरलाई पवित्र बनाएर ब्रह्ममय बनाउँछ।[५]

२.१. ब्रह्मयज्ञ

ब्रह्मयज्ञका सम्बन्धमा विभिन्न ऋषिहरूबीच मतैक्य पाइदैन। कसैले सन्ध्या पूजाका समयमा गरिने जुन जप हो त्यसैलाई ब्रह्मयज्ञ मानेका छन् भने कसैकसैले प्रत्येक दिन गरिने वेदाध्ययन (स्वाध्याय) लाई ब्रह्मयज्ञ मानेका छन्। वाणी, मन, आँखा, मानसिक शक्ति, सत्य आदि स्वर्गका प्रतिनिधि हुन्। जसले दिनप्रतिदिन स्वाध्याय गर्दछ उसले तीन गुणा फल प्राप्त गर्दछ भनी शतपथ ब्राह्मणमा उल्लेख

---

[१] पञ्च सूना गृहस्थस्य चुल्ली पेषण्युपस्करः।
कण्डनी चोदकुम्भश्च वध्यते यास्तु वाहयन् ॥ मनुस्मृति ॥३।६८॥
[२] तासां क्रमेण सर्वासां निष्कृत्यर्थं महर्षिभिः।
पञ्च क्लृप्ता महायज्ञाः प्रत्यहं गृहमेधिनाम ॥ मनुस्मृति ॥३।६९॥
[३] अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञस्तु तर्पणम्।
होमो दैवो बलिर्भौतो नृयज्ञो तिथिपूजनम ॥ मनुस्मृति ॥३।७०॥
[४] अहुतं च हुतं चैव तथा प्रहुतमेव च।
ब्राह्म्यं हुतं प्राशितं च पञ्चयज्ञान्प्रचक्षते ॥
जपो हुतो हुतो होमः प्रहुतो भौतिको बलिः।
ब्राह्म्यं हुतं द्विजाग्र्यार्चा प्राशितं पितृतर्पणम् ॥ मनुस्मृति ॥३॥७३-७४॥
[५] स्वाध्यायेन व्रतैर्होमैस्त्रैविद्येनेज्यया सुतैः।
महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनुः ॥ मनुस्मृति ॥२॥२८॥

गरिएको छ। यहाँ ब्रह्म यज्ञको प्रसंशा पनि गरिएको छ र त्यहाँ भनिएको छ- जसले दैनिक ब्रह्मयज्ञ गर्दछ त्यसप्रति देवता प्रसन्न हुन्छन् र देवताले उसको सुरक्षा गर्नुको साथै सम्पत्ति, आयु, बीज तथा सम्पूर्ण प्रकारका मङ्गलमय वस्तुहरू दिन्छन् र त्यस्ता व्यक्तिका पितृहरूलाई घीउ एवं महको धारा दिएर सन्तुष्ट गराउनुपर्दछ। ब्रह्मयज्ञ अन्तरगत ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदको साथसाथै ब्राह्मण, कल्प, गाथा, नाराशंसी, इतिहास एवं पुराण आदिको मनोयोगपूर्वक जति स्वाध्याय गर्न सकिन्छ, त्यति गर्नुपर्दछ भनिएको छ। त्यसै गरी ब्रह्मयज्ञमा वेदहरूका अतिरिक्त अन्य ग्रन्थहरूको अध्ययनका सम्बन्धमा पनि चर्चा परिचर्चा गरिएको पाइन्छ। जस्तो अनुशासनसम्बन्धी शिक्षा (वेदाङ्ग), विद्या (सर्प एवं देवजन), वाकोवाक्य (ब्रह्मोद्य नामक धार्मिक वाद-विवाद), इतिहास, पुराण, गाथाहरू, नाराशंसी आदि पढ्नाले सम्पूर्ण देवताहरू प्रसन्न भई उपयुक्त वरदान दिन्छन्।[1] देवताहरूले यस्तो वरदान दिन्छन्, जसबाट मानिस दीर्घआयु, दीप्ति एवं चमकले युक्त तथा तेज, सम्पत्ति, यश, आध्यात्मिक उच्चतावाट सुशोभित हुन्छ। यसै गरी एकअर्को प्रसङ्गमा याज्ञवल्क्यस्मृतिमा भनिएको छ-समय एवं योग्यताअनुसार ब्रह्मयज्ञमा अथर्ववेदसहित अन्य वेदहरूका साथ इतिहास एवं दार्शनिक ग्रन्थहरू पनि अध्ययन गरोस्।[२]

२.२.पितृयज्ञ

दिवङ्गत आत्माहरूप्रतिको सम्मान नै पितृयज्ञ हो। हाम्रा प्राचीन ग्रन्थ वेद एवं स्मृतिहरूका अनुसार प्रत्येक दिन अन्न, जल, दूध, कन्दमूल वा फल अर्पण गरेर पितृहरूप्रति सम्मान व्यक्त गर्नु पितृयज्ञ हो।[3] पितृहरूको नाममा ब्राह्मण भोजन गराएर पनि पितृप्रति सम्मान व्यक्त गर्न सकिन्थ्यो। मनुस्मृतिमा पञ्चमहायज्ञअन्तर्गत रेहेको पितृयज्ञलाई उद्देश्य गरेर एउटा ब्राह्मण भोजन गराउनु भनिएको छ।[4] प्राचीन कालमा पितृयज्ञ तीन किसिमले सम्पादित गरिन्थ्यो, जस्तै तर्पणद्वारा, बलिहरणद्वारा र ब्राह्मण भोजन गराएर। जसरी भए पनि पितृहरूलाई खुसी तुल्याउनु नै पितृयज्ञको उद्देश्य हो।

---

[१] वाकोवाक्यं पुराणं च नाराशंसीश्च गाथिकाः।
इतिहासांस्तथा विद्याः शक्त्याधीते हि योन्वहम्॥ याज्ञवल्क्यस्मृति, आचारअध्याय॥४५॥

[२] वेदाथर्वपुराणानि सेतिहासानि शक्तितः।
जपयज्ञप्रसिद्ध्यर्थं विद्यां चाध्यात्मिकीं जपेत्॥ याज्ञवल्क्यस्मृति, आचाराध्यायः॥१०१॥

[३] कुर्यादहरहः श्राद्धमन्नाद्येनोदकेन वा।
पयोमूलफलैर्वापि पितृभ्यः प्रीतिमावहन्॥ मनुस्मृति, अध्याय ३॥८२॥

[४] एकमप्याशयेद्विप्रं पित्रर्थे पाञ्चयज्ञिके।
न चैवात्राशयेत्कंचिद्वैश्वदेवं प्रति द्विजम्॥ मनुस्मृति, अध्याय ३॥८३॥

२.३.देवयज्ञ

देवयज्ञको सम्पादन अग्निमा समीधा होमेर गर्न सकिन्छ भन्ने कुरा विभिन्न स्मृतिग्रन्थहरूमा उल्लेख गरिएको छ। कुनै पनि देवताको नाम लिएर त्यो देवताको नाममा हवि तथा समीधा होम गर्नु देवयज्ञ हो। विभिन्न गृह्य एवं धर्मसूत्रअनुसार विभिन्न देवताहरूका लागि गरिने होम तथा देवताहरूलाई उद्देश्य गरेर दिइने आहुतिलाई नै देवयज्ञको संज्ञा दिइएको छ। तर पश्चात कालीन समयमा होम र वैश्वदेव पूजालाई एउटै मान्न थालियो। अझ पश्चातकालीन समयमा त होमको स्थान मूर्तिपूजाले लिएको पाइन्छ। मूर्तिपूजालाई हाम्रा प्राचीन धर्मशास्त्रीय ग्रन्थहरूले स्थान दिएको पाइँदैन तथा मूर्ति पूजाका सम्बन्धमा प्राचीन धर्मग्रन्थहरू मौन रहेका छन्। तर पश्चातकालीन समयमा मूर्ति पूजा पनि सनातन धर्मको अभिन्न अङ्गको रूपमा स्वीकार गरिएको पाइन्छ। वैदिक कालमा अग्नि, सूर्य, वरुण आदि देवताहरूको पूजा गर्ने गरिएको पाइन्छ। तर त्यो पूजा प्रत्यक्ष नभएर परोक्ष रूपमा गरिन्थ्यो। यी देवताहरू एक दैवी शक्तिका अभिव्यक्ति थिए, प्राकृतिक शक्ति थिए विश्वगतिका स्वरूप थिए। तर पश्चात कालीन समयमा देवयज्ञको स्वरूप नै मूर्ति पूजामा परिवर्तन भएको पाइन्छ।

२.४.भूतयज्ञ

भूतयज्ञलाई अर्को शव्दमा वलिहरण पनि भनिन्छ। वलिहरण तथा भूत यज्ञका सम्वन्धमा प्राचीन गृह्य सूत्रहरू, मध्यकालीन निवन्धात्मक ग्रन्थहरू र आधुनिक व्यवहारमा खासै मतैक्य पाइँदैन। वलिवैश्वदेवको समयमा देवताहरू, पितृहरूका साथसाथै जल, जडिवूटिहरू, वृक्षहरू, घर एवं घरेलु देवताहरू, स्थानीय देवताहरू, इन्द्र तथा उनका अनुचरहरू, यम तथा उनका अनुचरहरू, वरुण तथा वरुणका अनुचरहरू, विभिन्न दिशाका अनुचरहरू, दिनमा चलने विभिन्न प्राणीहरू तथा रात्रिमा चल्ने रात्रिचरहरूलाई सम्झिइन्थ्यो र उनीहरूलाई सम्झेर वलि दिइन्थ्यो। देवयज्ञमा यसरी देवताहरूलाई सम्झेर अन्न अग्निमा हवन गरिन्छ भने यो भूत यज्ञमा अग्निमा हवन नगरेर सफा स्थानमा जल छर्केर उनीहरूको नाममा वलि दिई फेरि जल दिइन्छ। यसै सन्दर्भमा याज्ञवल्क्यस्मृतिमा भनिएको छ- यसरी देवताहरूलाई हवन गरी तृप्त बनाइसकेपछि त्यही अन्नबाट भूतवलि देओस् र यसरी दिने अन्नजल भूमिमा कुकुर, चाण्डाल, काग आदिलाई देओस्।[1] गृहस्थ केवल मानवमात्रको नभएर पृथ्वीमा जेजति प्राणीहरू छन् ती सबै प्राणीहरूको पालक हो र यसले प्रतिदिन ती प्राणीहरूलाई लक्ष गरेर घरमा जेजस्तो अन्नजल

---

[1] देवेभ्यश्च हुतादन्नाच्छेषाद भूतवलिं हरेत्।
अन्नं भूमौ श्वचाण्डालवायसेभ्यश्च निक्षिपेत् ॥ याज्ञवल्क्यस्मृति, आचाराध्याय ॥१०३॥

तथा वस्तुहरू प्राप्त हुन्छन्, ती वस्तुहरूले उनीहरूलाई तृप्त वनाउने भएको हुनाले यो जगत्मा रहेका प्राणीहरूको पालक पनि हो।

२.५. मनुष्ययज्ञ

मनुष्य यज्ञ तथा नृयज्ञ भनेको अथितिहरूको सत्कार हो। कठोपनिषद्मा ब्राह्मण अतिथिलाई अग्नि (वैश्वानर) भनिएको छ। यसरी वैश्वानरको रूपमा रहेका ब्राह्मणलाई अन्न जल आदि दिएर तृप्त गराउनु गृहस्थको कर्तव्य हो।[1] प्राचीन कालमा अतिथिका सम्वन्धमा भेद गरेको पनि पाइन्छ। तर पश्चात् कालीन समयमा अतिथिका सम्वन्धमा कुनै विभेद गरेको पाइँदैन। पराशरस्मृतिमा भनिएको छ - यदि इष्ट तथा मित्र होस् वा शत्रु, मूर्ख होस् वा पण्डित वैश्वदेवको समयमा जोसुकै आएको किन नहोस्, त्यो अतिथि हो र त्यसको सेवा तथा सत्कार गर्नाले स्वर्ग प्राप्ति हुन्छ।[2] यस्तै अतिथिकै सन्दर्भमा पराशरस्मृति मै भनिएको छ-जो पहिले आएको छैन र जो धेरै टाढावाट आएको छ र जो थाकेको छ त्यो अतिथि हो, त्यसको सेवा तथा सुश्रुषा गर्नु[3] गृहस्थको परम् कर्तव्य हो। एउटै गाउँको अतिथि हुन सक्दैन र दिनदिनै आउने पनि अतिथि हुन सक्दैन।[4] यसरी वलिवैश्वदेवको समयमा आएको व्यक्तिका सम्वन्धमा गोत्र, वेदशाखा आदि कुनै कुरा नसोधी हृदयले साक्षात् देवतासमान मानोस्।[5] यसरी घरमा आएका अतिथिहरूलाई सेवा, सुश्रुषा गर्नु भनेको साक्षात् भगवान् कै सेवा सुश्रुषा हो भनी अतिथिलाई अपूर्वको रूपमा परिकल्पना गरिएको छ। माथिको यो अध्ययनवाट हामी यो भन्न सक्दछौँ कि पञ्चमहायज्ञ भनेको हाम्रो जीवनपद्धति हो, जीवनशैली हो र यसैमा नै हाम्रो अस्तित्व रहेको छ।

सन्दर्भग्रन्थहरू

अनुसन्धान-प्रकाशः, नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रद्वारा प्रकाशित वुलेटिन, वर्ष १, अङ्क १, २०६५ श्रावण।

---

[1] वैश्वानरः प्रविशत्यतिथिर्ब्राह्मणो गृहान्।
तस्यैतां शान्तिं कुर्वन्ति हर वैवस्वतोदकम्॥ कठोपनिषद ॥१॥७॥९॥

[2] इष्टो वा यदि वा द्वेष्यो मूर्खः पण्डित एव वा।
सम्प्राप्तो वैश्वदेवान्ते सोऽतिथिः स्वर्गसंक्रमः॥ पराशरस्मृतिः ॥१॥४०॥

[3] दूराध्वोपगतं श्रान्तं वैश्वदेव उपस्थितम्।
अतिथिं तं विजानीयान्नातिथिः पूर्वमागतः॥ पराशरस्मृति ॥१॥४१॥

[4] नैकग्रामीणमतिथिं संगृह्णीत कदा च न।
अनित्यमागतो यस्मात्तस्मादतिथिरुच्यते॥ पराशरस्मृति ॥१॥४२॥

[5] नपृच्छेद्गोत्रचरणे न स्वाध्यायं श्रुतं तथा।
हृदये कल्पयेद्देवं सर्वदेवमयो हि सः॥ पराशरस्मृति ॥१॥४८॥

मनुस्मृतिः, श्रीकुल्लुकभट्टविरचितया मन्वर्थ मुक्तावल्या व्याख्यया समुपेता, मोतीलाल बनारसीदास पब्लिशर्स प्रा.लि. दिल्ली, फष्ट एडिसन सन् १९८३।

याज्ञवल्क्यस्मृतिः,विज्ञानेश्वरप्रणीतमिताक्षराव्याख्यासंबलिता,निर्णयसागरमुद्रणयन्त्रालये मुद्रयित्वा प्रकाश्यं नीता, तृतीयावृत्ति सन् १९२६।

नित्यकर्म-पूजाप्रकाश, लेखकः परमाचार्य पं.श्रीरामभवनजी मिश्र श्रीलालविहारीजी मिश्र सत्रहवाँ संस्करण वि.सं.२०५५, गीताप्रेस, गोरखपुर।

श्रीमद्भगवद्गीताः, यथारूप, स्वामी प्रभुपाद, आठवाँ संस्करण, सन् १९८६।

कल्याणः-आरोग्य, अङ्क, गीताप्रेस, गोरखपुर, सन् २००१।

धर्मशास्त्रका इतिहास, मूल लेखक डा.पाण्डुरंग वामन काणे।

अनुवादक, अर्जुन चौवे काश्यप, उत्तरप्रदेश हिन्दी संस्थान चतुर्थ संस्करण सन् १९९२।

कल्याणः, नारी अङ्क, बाईसवें वर्षका विशेषांक, गीताप्रेस गोरखपुर, सातवाँ संस्करण, वि.सं.२०५५।

कल्याणः, उपनिषद् अङ्क, तेइसवें वर्षका विशेषांक, गीताप्रेस गोरखपुर, पाँचवाँ संस्करण, वि.सं. २०५७।

कल्याणः, हिन्दुसंस्कृति अङ्क, चौवीसवें वर्षका विशेषांक, गीताप्रेस गोरखपुर, छठाँ संस्करण, वि.सं. २०५९।

कल्याणः, नीतिसार अङ्क, ७६ वाँ वर्ष, गीताप्रेस गोरखपुर, सन् २००२।

भारतीय संस्कृति, साने गुरुजी, सत्साहित्य प्रकाशन, अनुवादक वाबूराव जोशी, एम.एं १९६४।

पराशर स्मृतिः, पंडितवर श्री विनायकधर्माधिकारीकृतविद्वन्मनोहराख्यव्याख्यासहिता, राजकीयसंस्कृतपाठशालाध्यापकेन पंडित नागेश्वर पन्त धर्माधिकारिणा संशोधिता च १९५५।

♣♣♣

अद्वैतवेदान्तमा मुक्तितत्त्वको विवेचना

विपिराज न्यौपाने
आचार्य प्रथम वर्ष

१.१ प्राक्कथन

मुक्ति शव्दको निष्पत्ति मुच् धातुमा क्तिन् प्रत्यय भएर हुन्छ। जसको अर्थ छुटकारा पाउनु भन्ने हुन्छ। उपर्युक्त व्युत्पत्तिका आधारमा हेर्दा आत्मज्ञान भइसकेपछि अध्यासजन्य मिथ्या वन्धनवाट छुटकारा पाउनु नै मुक्ति हो भन्ने सजिलै वुभ्न सकिन्छ। वस्तुत: आत्मा सदैव विकाररहित हुने हुँदा वन्धन र मोक्षको प्रश्नभन्दा अतीत हुन्छ तथापि अविद्यावश जीवकोटिमा आउँदा त्यस आत्मामा जगत्प्रति ममत्व परत्व आदि विविध वन्धनहरू उत्पन्न हुन पुग्दछन्। त्यसै कारण जीवले आत्मवोध गर्न सक्दैन। अत: सम्पूर्ण वन्धनको मूल अविद्याको निवृत्ति जव हुन्छ तव मात्र जीव मुक्त हुन पुग्दछ।[1] मानव जीवनका चारओटा पुरुषार्थहरूलाई सम्पूर्ण विचारकहरूले स्वीकार गरेका छन्। ती हुन्- धर्म, अर्थ, काम र मोक्ष। यी चारवटै पुरुषार्थहरूमध्ये श्रेष्ठ भएकै कारण मोक्षलाई परमपुरुपार्थ भनिएको हो। मानवले त्यस पुरुषार्थलाई यसै जीवनमा प्राप्त गर्नुपर्दछ। अन्यथा जन्म जन्मान्तर जगत्मा आवागमन गरि नै रहनुपर्ने हुन्छ। जन्ममृत्युको वन्धनमा वाँधिएर दु:खहरूवाट पीडत भइरहनुपर्दछ। त्यसैले संसारवाट मुक्त हुनका लागि आत्मज्ञान आवश्यक हुन्छ। यदि मनुष्यले आफूलाई वुभ्न सक्यो अथवा "म को हूँ ?" भन्ने कुराको वोध गर्न सक्यो भने उसलाई कुनै पनि किसिमको दु:ख हुन सक्दैन।[2] यही कुरालाई वुझाउन याज्ञवल्क्यले श्वेतकेतुलाई उपदेश दिँदै भनेका थिए - हे श्वेतकेतु। हामीले यस आत्माको दर्शन गर्नुपर्दछ, यसका विषयमा गुरुवाट श्रद्धापूर्वक सुन्नुपर्दछ, सुनेका कुराको मनन गर्नुपर्दछ र त्यसैमा ध्यान लगाउनुपर्दछ।[3] यदि मानव देहमा अर्थात् मानिस जीवित रहँदै साधकले व्रह्मलाई वोध गर्न सक्यो भने ऊ सांसारिक वन्धनवाट मुक्त भयो। यदि साधकले आत्मवोध वा व्रह्मज्ञान गर्न सकेन भने फेरि पनि शरीर धारण गर्नु नै पर्दछ। अत: शरीरपातभन्दा पूर्व नै आत्मज्ञानका लागि भरपूर प्रयत्न गर्नुपर्दछ।[4] वेदान्त

---

[1] अद्वैव वेदान्त (पृ. २२८-२२९) शर्मा राममूर्ति - नेसनल पब्लिशिंग हाउस, दिल्ली १९७२।
[2] आत्मानं चेदविजायीयादयमस्मीति पुरुष:।
किमिच्छन मस्य कामाय वारीरमनुसंज्वरेत ॥ वृहदारण्यकोपनिषेद्, ४/४/१२।
[3] आत्मा वाऽरे द्रष्टव्य: श्रोतव्यो मन्तत्यो विदिध्यासितत्यश्च। वृहदारण्यकोपनिषद् २/४/५
[4] काठोपनिषद्, (शाङ्करभाष्य) २/३/४।

दर्शनका ग्रन्थहरूमा आत्मज्ञानका लागि साधन चतुष्टयको प्रतिपादन गरिएको पाइन्छ। ती हुन्- (क) नित्यानित्यवस्तुविवेक (ख) इहामुत्र भोगविराग (ग) शमदमादिसम्पत्ति र (घ) मुमुक्षुत्व। यी चारवटा साधनहरूका अतिरिक्त पनि ब्रह्मज्ञानको अधिकारीका लागि केही अपेक्षाहरूको निर्धारण गरिएको छ। उपर्युक्त नियमहरूमा अनुशासित अधिकारी जब गुरुका समीपमा उपस्थित हुन्छ त्यसै वेला परम कारुणिक गुरुद्वारा उसलाई "तत्त्वमसि"को उपदेश दिइन्छ। त्यसै उपदेशलाई सुनेर अधिकारीले त्यसको मनन तथा निदिध्यासन गर्दछ। त्यसपश्चात् उसलाई "अहं ब्रह्मास्मि"का रूपमा आत्मबोध हुन पुग्दछ। उक्त अनुभूतिवाट जीव र ब्रह्ममा रहेको अविद्याजनित मिथ्याज्ञान नष्ट हुन्छ। त्यसपछि ब्रह्मवेत्ता जीव ब्रह्म नै बन्दछ। अतः अविद्या हटिसकेपछि जीवले प्राप्त गर्ने ब्रह्मभावको स्थितिलाई नै वेदान्तमा मुक्तिको संज्ञा दिइएको छ।[1] मुक्तिको पर्यायका रूपमा अविद्यानिवृत्ति, आत्मज्ञान, आत्मलाभ, स्वस्वरूप परामर्श तथा मोक्ष आदि शव्दहरूको प्रयोग भिन्नभिन्न शास्त्रहरूमा उल्लेख गरिएको पाइन्छ।

वस्तुतः चराचर जगत्मा रहेको अविद्या नै जीवको वन्धनको मुख्य कारक हो। त्यस सत्यलाई बुझेर नै शंकराचार्यले अविद्याकै कारण आत्मामा अनात्माको अध्यास हुन्छ। फलस्वरूप सच्चिदानन्दस्वरूप आत्मतत्त्व सीमित, दुःखी, कर्ता, भोक्ता आदि देखिन पुग्छ। त्यही अविद्याको निराकरणको अवस्था नै मुक्ति हो।[2] त्यसै गरी अद्वैतसिद्धिको 'लघुचन्द्रिका' टीकामा भनिएको छ - "अविद्यानाशाो मोक्ष"[3] अर्थात् अविद्याको समाप्ति नै मोक्ष हो। सुरेश्वराचार्यले अविद्यालाई यस संसारको वीज मानेका छन् साथै त्यसको निवारणमा नै मुक्तिको सम्भावना रहेको हुन्छ भन्ने तथ्यलाई पनि स्वीकार गरेको छन्।[4]

१.२ मुक्तिको स्वरूप

मुक्ति तत्त्वको विवेचनका क्रममा अगाडि नै मुक्त पुरुष सर्व संसारधर्मातीत भएर ब्रह्मस्वरूप हुन्छ भन्ने कुरा वताइसकिएको छ। शंकराचार्यका अनुसार मुक्ति भनेको परमार्थ, कुटस्थ, नित्य, आकाश समान सर्वव्यापक, सगग्र विकाररहित, नित्यतृप्त, निरवयव र स्वयं प्रकाशस्वरूप हो। यसलाई पाप र पुण्यले तीनै कालमा स्पर्श गर्न सक्दैनन्।[5] मुक्तिको स्वरूप प्रतिपादन गर्दै भनेका छन् कि मोक्षको सम्वन्ध कर्मसँग हुँदैन। मुक्तिलाई कर्मजन्य मान्ने हो भने अनेक आपत्तिहरू आउँछन्। त्यसको निवारण गर्दै आचार्य शंकरले भनेका छन्- मोक्ष कुनै

---

[1] सदानन्द योगीन्द्र, वेदान्तसार, ६/२१८

[2] वृहदारण्यकोपनिषद, (शाङ्करभाष्य) १/४/१० फलं च मोक्षोऽविद्यानिवृत्तिर्वा। ऐ.ऐ. १/४/१७

[3] अद्वैतसिद्धि, लघुचन्द्रिका। पृ. २

[4] अविद्या संसृते बीजं तन्नाशो मुक्तिनरात्मनः। नैष्कर्म्यसिद्धि १/७

[5] इदं तु पारमार्थिकं कूटस्थनित्यं त्योमवत ....तदशरीरत्वं मोक्षाख्यम्-ब्रह्मसूत्र (शांकरभाष्य) १/१/४

उत्पन्न वस्तु होइन। उत्पन्न वस्तुको विनाश निश्चित हुन्छ तर मोक्ष नाशवान् हुँदैन। त्यसैले यो कुनै उत्पन्न वस्तु कदापि होइन। मोक्ष विकार पनि होइन। यदि त्यो विकार हुन्थ्यो भने नित्य हुने थिएन। मोक्ष विकार पनि होइन र प्राप्त पनि होइन। मोक्ष अरू केही नभएर त्यो त ब्रह्मको अनुभव मात्र हो।[1] मुक्तिको अवस्थामा समस्त कर्महरू क्षीण हुन पुग्दछन्। कर्मक्षयबाट संस्कारको नाश हुन्छ। फलस्वरूप जीवद्वारा शरीर धारणको प्रक्रिया समाप्त हुन्छ। मण्डुकोपनिषद्मा भनिएको छ -

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः।
क्षीयन्ते चास्य कर्माणि तस्मिन् दृष्टे परावरे ॥[2]

त्यसै गरी श्रीमद्भगवद् गीतामा पनि भनिएको छ कि ज्ञानरूपी अग्निले सबै कर्महरूलाई भस्मसात् पारिदिन्छ।[3] वेदान्तका विद्वान्हरूका बीचमा पनि कर्महरूको क्षीणताका विषयमा एउटै धारणा भने पाइँदैन।

वस्तुतः जीव र ब्रह्मको एकताका मध्यमा जुन आवरण रहेको हुन्छ त्यसलाई हटाउनु नै मोक्ष वा मुक्ति हो। त्यसका लागि जीवद्वारा आत्मस्वरूपलाई चिन्नु आवश्यक हुन्छ। यसलाई स्पष्ट पार्दै श्री अशोककुमारले भनेका छन् - मोक्षको प्राप्त अनुभवात्मक जगत्को रूपान्तरण होइन, त्यसको पुनर्मूल्याङ्कन मात्र हो। मुक्त पुरुषको ज्ञानरूपी दिव्यज्योतिमा सम्पूर्ण जगत् 'ब्रह्ममय' देखिन पुग्दछ।[4] मुक्तपुरुषको जगत्प्रतिको दृष्टिकोण नै परिवर्तित हुन जान्छ। उसलाई समग्र संसार नै ब्रह्ममय लाग्दछ ब्रह्मकै अनुभूतिमा ऊ रम्न पुग्दछ। त्यही नै मुक्तिको स्वरूप हो। परमानन्दको अनुभूति त्यहिनेर हुन्छ। समग्र सांसारिक पदार्थहरूप्रतिको लगाव पनि त्यही नै टुङ्गिन पुग्दछ।

१.२ मुक्तिका भेदहरू

अवस्थाका दृष्टिले अद्वैत वेदान्तमा मुक्तिका चारवटा भेदहरू स्वीकार गरिएको पाइन्छ। ती हुन् - (क) जीवनमुक्ति (ख) विदेहमुक्ति (ग) सद्योमुक्ति र (घ) क्रममुक्ति। जब जीवलाई शरीरधारणकै अवस्थामा ब्रह्मज्ञान हुन जान्छ। त्यस अवस्थालाई 'जीवनमुक्ति' को अवस्था भनिन्छ। जब प्रारब्ध कर्महरूका फलहरूको उपभोग गरिसकेपश्चात् देहपात हुन्छ। त्यसलाई विदेह मुक्ति भनिन्छ। त्यसैगरी कहिलेकाहीं ज्ञान प्राप्त हुने बित्तिकै त्यसै क्षण मुक्तिप्राप्ति हुन्छ। त्यसलाई

---

[1] अशोककुमार, भारतीय दर्शनमा मोक्ष चिन्तन पृष्ठ १६१ (मध्य प्रदेश हिन्दी ग्रन्थ एकेडेमी, १९७३)
[2] माण्डुकोपनिषद २/४/८
[3] ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुतेऽर्जुन। श्रीमदभगवदगीता, ४/३६
[4] अशोक कुमार, पूर्ववत्।

'सद्योमुक्ति' भनिन्छ र जव उपासनाद्वारा ईश्वरको सान्निध्य प्राप्त गरी अन्त्यमा ब्रह्मको प्राप्ति हुन्छ भने त्यसलाई 'क्रममुक्ति'का रूपमा वर्णन गरिएको पाइन्छ।[1]

सांख्यसूत्रमा जीवनमुक्तको उल्लेख धेरैतिर पाउन सकिन्छ।[2] त्यसै गरी योगसूत्रमाथि लिखित व्यासभाष्यमा जीवनमुक्तको वर्णन पाइन्छ। त्यहाँ भनिएको छ- क्लेशकर्मादिको निवृत्ति भएपछि विद्वान् पुरुष जीवित अवस्थामा नै मुक्त हुन्छ। त्यसै गरी सांख्य तथा योग दर्शनमा जीवन्मुक्तिको कारण मानिएको छ।[3]

१.४ निष्कर्ष

बौद्ध दर्शनमा मनुष्य जीवनको अन्तिम लक्ष्य भनेको निर्वाणप्राप्ति हो। रागादिको समाप्ति यही शरीर धारणाकै अवस्थामा पनि हुन सक्दछ। बौद्ध दर्शनमा निर्वाणका दुईवटा भेदहरूको परिकल्पना गरिएको छ। ती हुन् (क) उपाधिशेष र (ख) अनुपाधि शेष।[4] त्यसै गरी विभिन्न दर्शन एवं दार्शनिकहरूले आ-आफ्ना पक्षमा अनेकानेक तर्कहरू उपस्थापित गरे तापनि सबैजसो दार्शनिहरूले चरम लक्ष्यमा मुक्तिलाई नै वताएको तथ्य हामी शास्त्रहरू र ग्रन्थहरूको आलोडनमा पाउन सक्दछौं। जबसम्म प्रलयका साथ आत्माहरू परब्रह्ममा लीन हुँदैनन् त्यस वेलासम्म यी आत्माहरू ईश्वरका साथ अथवा ईश्वरको रूपमा विद्यमान रहिरहन्छन्।[5] छान्दोग्योपनिषद्मा तिनको पुनरावृत्तिको निषेध गरिएको छ। त्यस विषयमा प्रसिद्ध विद्वान् पालडायसन लेख्दछन्- जब सम्यक् दर्शनबाट तिनको अज्ञान ध्वस्त हुन्छ, तब सर्वोच्च लक्ष्यका रूपमा नित्यसिद्धि निर्वाण तिनका लागि खुल्दछ। त्यसैमा उनीहरूको आश्रय हुन्छ र त्यसै कारण सगुण ब्रह्मका शरणमा जानेहरूको पनि पुनरावृत्ति हुँदैन।[6] मुक्ति प्राप्त गर्नु मानव जीवनको सर्वाधिक लक्ष्य हो। त्यसलाई ज्ञानद्वारा प्राप्त गर्न सकिन्छ र जसलाई ज्ञानप्राप्तिमा विलम्व हुन्छ। तिनले सगुण ब्रह्मको उपासनाबाट पनि मुक्ति प्राप्त गर्न सक्दछन् भन्ने निष्कर्षमा अद्वैत वेदान्तका विविध ग्रन्थहरूको अध्ययन तथा दार्शनिकहरूका विचारको चर्चाबाट सहजै निकाल्न सकिन्छ।

सन्दर्भग्रन्थसूची

ईश्वरकृष्ण, सांख्यकारिका, मोतीलाल बनारसीदास, दिल्ली १९६९।

---

[1] ऐ.ऐ.
[2] जीवन्मुक्तश्च सांख्यासूत्र, ३/७८
[3] क्लेशकर्मनिवृत्तौ जीवन्नेव विद्वान विमुक्तो भवति। योगदर्शन। (व्यासभाष्य), ४/३०
[4] अशोक कुमारलाई भारतीय दर्शनमा मोक्षचिन्तन। पृ. ७६।
[5] मण्डुकोपनिषद, १/२/११।
[6] डायसनं पालवेदान्त दर्शन (हिन्दी अनुवाद) पृ. ४१३, उत्तरप्रदेश हिन्दी ग्रन्थ एकेडेमी, १९६२।

घोष, मनमोहन (सं.) पाणिनीयशिक्षा, पाणिनि, युनिभर्सिटी अफ कलकत्ता, १९३८ ।
धर्मराजाध्वरीन्द्र, वेदान्तपरिभाषा, चौखम्वा विद्याभवन, १९७७, वाराणसी ।
मनु, मनुस्मृति, चौखम्वा संस्कृत सीटीज, वाराणसी १९७९ ।
विद्यारण्य, पञ्चदशी, निर्णयसागर प्रेस, १९४९ ।
शङ्काराचार्य, भाष्य., ईशावास्योपनिषद्, गोरखपुर, गीताप्रेस, वि.सं. २०२६ ।
शंकराचार्य, ब्रह्मसूत्रशाङ्करभाष्यम्, चौखम्वा विद्याभवन, वाराणसी, १९३४ ।
शास्त्री,जगदीशलाल (सं.), उपनिषत्संग्रह, मोतीलाल वनारसीदास, १९७०, ।
शाङ्करभाष्य, छान्दोग्योपनिषद् गीताप्रेस, गोरखपुर, वि.सं. २०२८ ।
सदानन्द, वेदान्तसार, भारती प्रकाशन, इन्दौर, १९७७ ।

♣♣♣

नन्दिकेश्वर काशिकाको सृष्टिवर्णन

डा. विष्णु दहाल
उपप्राध्यापक

नृत्यमा कुशल नटराजहरूका आराध्य विश्वरूप भगवान्ले नटराजराज वल्लभहरूलाई यो अनन्त सृष्टिको रहस्य बुझाउन नाचे। नाचिसकेपछि चौदह पटक डमरु बजाए। सनकादि सिद्धहरूको उद्धारको निम्ति दिव्य उपदेश गरिएका यिनै चौध डमरुज ध्वनिहरूलाई कल्याणरूपी शिवसूत्र[1] भनिन्छ। सम्पूर्ण लोकका नायक परमेश्वर परमशिव नटराजराजले[2] सनक सनन्दन सनातन सनत्कुमार र नन्दिकेश पतञ्जलि व्याघ्रपाद वशिष्ठ आदि तत्त्वजिज्ञासु मुनिहरूको मुक्ति कामना राखेर चौधपटक डमरु बजाई चौध सूत्रात्मक तत्त्वशास्त्रको उपदेश गरे। तत्त्वबोधको चाहनाले चिरकालदेखि साधनारत मुनिहरूले हामीलाई उपदेश गरिएको चौध सूत्रात्मक ध्वनिको अर्थ के होला ? आफ्ना लागि उपदिष्ट नटराजराजपथको रहस्य खुल्न नसकेपछि, नटराजराजको द्वार खुल्ने उपकरणहरूको पत्ता नलागेपछि, नटराजराजको सायुज्य प्रभुसत्ता यो अनन्त विश्व ब्रह्माण्डको रहस्य अज्ञात नै रहिरहेपछि, नटराजराजको आज्ञा बुझ्न गाह्रो परेपछि यसको सत्यार्थ नन्दिकेश्वरले नै जान्दछन् भन्ने निष्कर्ष निकालेर नन्दिकेश्वरसामु पुगी नियमसंगत ढङ्गले प्रमाण गरी विनयपूर्वक सोध्न थाले। सोधिरहेका मुनिवरलाई दृष्टिगत गरी नन्दिकेश्वरले नटराजद्वारा बजाइएको चौध पटकैको डमरुको ध्वनिलाई पहिले चौध सूत्रमा परिणत गरी सम्झाउन थाले।

तत्त्वबोधका लागि लालायित मुनिवरसमामु यिनै चौदह सूत्रहरूलाई पहिले उनले छब्बीस कारिकाको स्वरूप दिए र व्याख्यात्मक शैलीमा रहस्य बोध गराउन थाले। आदि तत्त्वशास्त्रको रूपमा सुपरिचित डमरु ध्वनिहरूलाई अक्षरसमाम्नाय वर्णसमाम्नाय माहेश्वरसूत्र[3] आदि नामले परापूर्वकालदेखि पुकारिँदै आएको छ। यसमा सृष्टिको वर्णन गरिएको छ। गति नै नभई सृष्टि हुँदैन। यी चौध ध्वनिहरू गतिका कारक हुन्। ज्ञानको स्रोत हुन्। विचारको मुहान् हुन्। संसारमा सृजित सबै भाषा र बोलीका बीजरूप कारण हुन्। गतिको आकाङ्क्षा विद्यमान रहुन्जेल चौध सूत्रको सार्थकता प्रस्फुटित भइरहने छन्। आदि, मध्य र अन्त्यलाई च्यापेर खरबौं वर्षदेखि प्रवाहमान काललाई जन्म दिने डमरुज ध्वनि नै हुन्।

---

१ नृत्यावसाने नटराजराजो ननाद ढक्कां नवपञ्चवारम्
उद्धर्तुकामः सनकादिसिद्धानेतद्विमर्शे शिवसूत्रजालम्। नन्दिकेश्वर काशिका-१
२ विश्वरूपविलासवैचत्र्य चमत्कारप्रवीवत्वान्नटराजराजः नन्दिकेश्वरकाशिका भाष्य-१
३ इति माहेश्वराणि सूत्राणि - लघुसद्धान्तकौमुदी।

शिवाथर्वशीर्षमा समेत भनिएको छ अक्षरदेखि कालको उत्पत्ति हुन्छ।[1] हामीले देखिरहेका चौध सूत्रहरूमा लगाइएका अनुबन्धहरू पाणिनिको उद्देश्यका लागि जाडिएका हुन्। अनुबन्ध अन्त्यवर्णको सहयोगले पाणिनिले प्रत्याहारको निर्माण गरे। अनुवन्धको प्रयोगबाट धातु वने।[२] धातुमूलक शव्दशास्त्रमा यथेष्ट प्रवृत्तिको पथ प्रचलनका लागि अनुवन्ध जोडिएका हुन्। यसरी धातुपाठको विकास भयो। धातुवाट धातुरूप-क्रियारूप वने। धातुबाट कृदन्त शव्द वने। कृदन्त र उणादि शव्दवाट तद्धितान्त। यसरी सामासिक शव्दहरूको वन्ने क्रम पनि वन्यो। व्याकरणशास्त्रको विकासमा जसरी पूर्वाधार तयार भयो, संस्कृत वाङ्मयको व्यापक विस्तारमा पनि डमरुज ध्वनिहरू नै कारण देखिन्छन्।

आत्मसत्ता परमात्म सत्ताको लहर हो। आत्मसत्तादेखि परमात्म सत्तासम्म पुऱ्याउने शब्द नाम जहाज हो। शब्द वर्णहरूको समूह हो। बाइविलको लोगास, कुरान शरीफको कुन वा कलमा, वेदको नाद उपनिषद्को अनहद, गुरुग्रन्थ साहवको शब्दधुन, सुफी सन्तहरूको सता ए आसमानी, भर्तृहरिको शब्दव्रह्म सवैले अक्षर समूहको महिमालाई मुक्तकण्ठले भ्याएसम्म वर्णन गरेका छन्। बाइबिलको वर्णन छ- सृष्टिको आदिमा शव्द थियो। शव्द परमात्माको साथ थियो र शव्द नै परमात्मा हो। जो वन्यो शव्दले बनायो। शव्दले नवनाई केही पनि वन्दैन। नानक भन्छन्- धरती र आकाशको रचना शव्दले[३] नै गरेको हो। संस्कृत मानव सभ्यताको इतिहास वोकेको भाषा हो। सन्तुलित पर्यावरणभित्र मानवताको प्रवर्द्धनका लागि संस्कृत वाङ्मयको विकास भएको हो। संस्कृतको विकास वर्णमा आधारित छ। यसर्थ वर्ण र शव्दबाट सृष्टिको वर्णन यसमा अझ विशद रूपमा पाइन्छ। कानले सुनिने र आँखाले देखिने शव्दरूपात्मक यो जगत् डमरुज ध्वनिबाट फैलिएको हो।

निर्गुण निराकार सर्वव्यापक परमेश्वर अले चित्कला इ मायामा आश्रित भएर सगुण ईश्वर उको रूप धारण गरेपछि अनि यो अखिल विश्व ब्रह्माण्डको आधारशिला बस्यो। निश्चय नै अदृश्य[४] शक्तिबाट दृश्य शक्तिको आविष्कार भयो। अकारादि हकारपर्यन्त वर्णहरू मिलेर नै यो सारा संसार फैलियो। प्रकाश

---

१ अक्षरात् सञ्जायते कालः कालाद्व्यापक उच्चते। व्यापको हि भगवान् रुद्रो भोगायमानो यदा शेते रुद्रस्तदा संहार्यते प्रजाः उच्छ्वसिते तमो भवति तमस आपोऽश्वङ्गुल्यामर्थिते मथितं शिशिरे शिशिरं मथ्यमानं फेनं भवति फेनादण्डं भवत्यण्डाद् ब्रह्मा भवति ब्रह्मणो वायुः वायोरोङ्कार ओङ्कारात्सावित्री सावित्र्या गायत्री गायत्र्या लोका भवन्ति। - शिवाथर्वशीर्ष।

२ अन्त्यवर्ण समुद्भूता धातवः परिकीर्त्तिता- इन्द्र

३ शव्दे धरती शव्दे आकाश शव्दे शव्द गया परगास
सगली सृष्ट शव्द के पीछे नानक शव्द घटे घट आछे - प्राण सगली

४ असद् वा इदमग्र आसीत्ततो वै सदजायत (श्रुति) असद् व्रह्म वै निश्चयेन अग्रे सृष्टेः पूर्वमिदमक्षरात्मकमासीत्। ततोऽक्षराद् असतो वै सत् सगुणमजायत जातमिति- नन्दिकेश्वर काशिका भाष्य।

परमेश्वरको रूपमा सवैभन्दा पहिले अकार[१] देखियो। सबै वर्ण र पदार्थलाई जन्माउने सर्वव्यापक ऊर्जाको स्रोत प्रकाश परमेश्वरको रूपमा अक्षरहरूमा अकार[२] म हुँ भनेर सच्चिदानन्दघन परब्रह्मा परमात्माले भनेका छन्। जीवहरूलाई तत्तत् कर्ममा प्रेरित गर्ने अनादि अनन्त ईश्वर नै प्राण व्यापारपछि मायाको परिणामले परा नाम गरेको नाभि देशमा पुगेर पश्यन्ती[३] नाम गरेको मुटुदेश हुँदै मध्यमा नाम गरेको विशुद्धि चक्रमा पुग्यो। त्यसपछि वैखरी नाम गरेको कण्ठदेश ताल्वादिस्थान हुँदै वेदादिरूपमा प्रकटित भयो। वाणीले[४] नै विश्वको उत्पत्ति गरेको हो। अनन्त रूप विश्व ब्रह्माण्डको विकासको आधार वाणी[५] हो। ब्रह्मशक्ति मायाश्रित भएर प्रस्फुटित भइसकेपछि यो विस्तार विस्तारै विकसित हुँदै गयो।

ऋ परमेश्वरले लृ मायाख्य मनोवृत्तिलाई क् देखाए। ऋकारलाई[६] परमेश्वर भनिएको छ। उसले इच्छा गर्‍यो म विकसित हुँदै जाऊँ[७]। सवर्णसंज्ञा नित्यपक्षमा ऋ र लृ एउटै हुन्छ। त्यसैले ऋ र लृ को तादात्म्य पक्षमा लृकारलाई[८] परमेश्वरी भनेर सम्बोधन गरेको पाइन्छ। वृत्ति र वृत्तिमान्, चन्द्र र चन्द्रिका, वाणी र अर्थजस्तै ऋ र लृ वर्ण हुन्। यो छुट्टाछुट्टै रहन पनि सक्छ। स्वतन्त्र अस्तित्वमा पनि यसको गणना गरिन्छ। यी दुवैलाई एउटै पनि मानिन्छ। उत्पत्ति गर्‍यो भन्ने सन्दर्भमा जन्य जनकभाव सम्बन्ध देखाएर अद्वैत पक्षलाई हानि पुर्‍याउन खोजिएको त होइन ? भन्ने प्रश्न पनि यदाकदा उब्जिन सक्छ। यसवारेमा श्रुतिले स्पष्ट पारेको छ। परमात्मा सृष्टि गर्दै त्यसमै प्रविष्ट हुँदै गयो। जुन रूपमा परिवर्तित भए पनि समाहित भइरहँदा जन्यजनकभाव सम्बन्ध बाँकी रहँदैन। अकार उकार मिलेर वन्ने ओकारले जसरी सगुण निर्गुण एकवद्भाव जनाउँछ, यसै दृष्टान्तलाई ख्याल गरेर सवै ठाउँमा एकवुद्धिद्वारा द्वैतनिरास गर्न सकिन्छ।

आ+ई= ऐ, आ+ऊ = औ इच्छाले जगद् विस्तार गर्न उत्सुक वन्यो। ओंकारले व्याप्त यो संसार मायामा टिकेको छ।[९] अच् भन्नाले ह्रस्व दीर्घ जोडेर चौदह हुन्छ। स्वरवोधक चौध अक्षरहरू[१०] चौध भुवन, चौध चक्र र चौध

---

१ अकारः सर्ववर्णाग्र्यः प्रकाशः परमेश्वरः
आद्यमन्त्येन संयोगादहमित्येव जायते - नन्दिकेश्वर काशिका-४
२ अक्षराणमकारो ऽस्मि - श्रीमदभगवद्गीता
३ सर्वं परात्मकं पूर्वं ज्ञाप्तिमात्रमिदं जगत्। ज्ञप्तेर्वभूव पश्यन्ती मध्यमा वाक् ततः स्मृताः।
वक्त्रे विशुद्धि चक्राख्ये वैखरी सा मता ततः। सृष्ट्यादि भाविमासाद्य मध्यमा वाक् समा मता - नन्दिकेश्वर काशिका ५-६
४ वागेव विश्वा भुवनानि जज्ञे - श्रुति
५ वाचैव विश्वं वहुरूपं निवद्धं तयैवेकं प्रविभज्योपभुङ्क्ते -श्रुति
६ ऋतं सत्यं परं ब्रह्म पुरुषं कृष्णपिङ्गलम् - श्रुति
७ सोऽकामयत वहुस्यां प्रजायेय - श्रुति
८ मत्तो ह्यभून्मनोरूपं लृकारः परमेश्वरि - श्रीतन्त्र
९ प्रणवेन जगद्व्याप्तं मायायाभवतिष्ठते - ज्ञानोत्तम
१० विन्दुः श्रीचक्रराजस्य परब्रह्मात्मकस्त्विति।

प्रकारहरूको प्रतीक हो। हयवरट्वाट भूतपञ्चक[1] आकाश, वायु, अग्नि, जल र पृथ्वीको उत्पत्ति भयो। माहेश्वर सूत्रको पाँचौं परमात्मशक्तिवाट आकाशादि भूतपञ्चकको प्रपञ्च रचियो। भूताधार पृथिवीमा उद्भिज स्वेदज जरायुज अण्डज प्राणीहरूको उत्पत्ति भयो।[2] सबैलाई अन्नपानादिको आवश्यकता पर्छ। अन्नपानादिकै कारण सबैको जीवन चल्ने भएका कारण लण्[3] रूप परमात्माले अन्नब्रह्मको उत्पत्ति गऱ्यो। पृथ्वी आदिमा कारणरूपमा स्थित तन्मात्रहरूको उत्पत्ति ञमङणनम् रूप परमात्म शक्तिले गऱ्यो। शव्द स्पर्श रूप रस गन्ध यिनलाई आकाशादि गुण पनि भन्ने गरिन्छ। झभञ् विराट्रूप शिव परमात्माशक्तिवाट कर्मेन्द्रियको उत्पत्ति भयो। वर्गहरूको तुर्य (चौथो) अक्षरहरूवाट कर्मेन्द्रियगण सबै जन्तुहरूको काम गर्ने इन्द्रियहरू निक्लिए। जश्= जबगडदश् वर्गहरूको मध्यम अक्षरवाट पाँच ज्ञानेन्द्रियको उत्पत्ति भयो।[4] सबै प्राणीहरूको ज्ञानेन्द्रिय उत्पत्ति गर्ने भएका कारण जबगडद वर्णसमूहलाई ज्ञानेन्द्रियगण भन्ने गरिन्छ। खफछठथचटतव् वर्णरूप सदाशिव परमात्मशक्तिवाट पाँच प्राण[5] र मध्यम वर्गका तीन आदि अक्षरहरूवाट अन्तःकरणमा रहने मन,[6] बुद्धि र अहङ्कारको उत्पत्ति भयो। कपय् माहेश्वर शक्तिवाट प्रकृति पुरुषको उत्पत्ति भयो। शषसर परमात्मशक्तिवाट आदि, मध्य र अन्त्यको समेत सृष्टि भई हल् परमात्माशक्ति यसै जगत्मा अन्तर्भूत भयो। यसरी वर्णसमाम्नायवाट यो संसार कसरी वन्यो भन्ने आद्योपान्त वर्णन नन्दिकेश्वर काशिकामा पाइन्छ।

सन्दर्भसूची

भट्टाचार्य, वरदराज, लघुसिद्धान्तकौमुदी, वाराणसी : मोतीलाल वनारसीदास, इ.१९८३।

नन्किेश्वरकाशिका।

श्रीमदभगवद्गीता।

☘☘☘

चतुर्दर्दशात्मक पश्चाच्चक्रकारेण संभवः
उत्पन्न भुवनान्यत्र चतुर्दश चतुर्दश - महामन्त्रतत्त्वप्रकाशिनी

१ हकाराद्व्योमसंज्ञं च यकाराद्वायुमुच्यते
रकाराद् वन्हिस्तोयं तु वकारादिति सैववाक् - नन्दिकेश्वर काशिका १६।

२ तस्माद् वा एतस्मादात्मन आकाशः संभूतः, आकाशाद् वायुः वायोरग्निरग्नेरापोऽद्भ्यः पृथिवी - श्रुति

३ आधारभूतं भूतानामन्नादीनां च कारणम्
अन्नाद्रेतस्ततो जीवः कारणत्वाल्लणीरितम्, नन्दिकेश्वर काशिका १७।

४ श्रोत्रत्वङ्नयनघ्राणजिह्वाधीन्द्रियपञ्चकम्
सर्वेषामपि जन्तूनामीरितं ज ब ग ड द श्, नन्दिकेश्वर काशिका २१।

५ प्राणादि पञ्चकं चैव मनोबुद्धिरहंकृतिः। बभूव कारणत्वेन ख फ छ ठ थ च ट त व्।
वर्ग द्वितीयवर्णोत्थाः प्राणद्य पञ्च वायवः, नन्दिकेश्वर काशिका २२-२३।

६ मध्यमवर्गत्रयाज्जाता अन्तः करणवृत्तयः, नन्दिकेश्वर काशिका २३।

बौद्ध तर्कशास्त्र

वेदराज ज्ञवाली
सहायक प्राध्यापक

१. भूमिका

भारतीय उपमहाद्वीपको साँस्कृतिक जीवनको आधार दर्शन हो। दर्शन परम सत्य या परम तत्त्वलाई देख्ने या प्राप्त गर्ने उपाय, मार्ग या दृष्टि हो। सत्य या परम तत्त्वको निर्धारण विशुद्ध विचारद्वारा हुन्छ। विचारको सत्यताको परीक्षा तर्कद्वारा गरिन्छ। तर्कद्वारा परीक्षित विचार नै विशुद्ध हुन्छ या मानिन्छ।

भारतीय दर्शनमा तर्कशास्त्रलाई हेतुविद्या, हेतुशास्त्र, प्रमाणशास्त्र, न्यायशास्त्र, आन्वीक्षिकी आदि अनेक नामले जानिन्छ। प्रसङ्गअनुसार यी शब्दमध्ये कुनै एक शब्द प्रयोग गरिए तापनि यी शब्दहरू सवै तर्कशास्त्रका पर्यायवाची या समानार्थी शब्दहरू हुन्।

दर्शनमा तर्कको उपयोग मुख्य रूपले तीन कर्मका लागि गरिन्छ : (क) आफ्नो सिद्धान्तको स्थापना एवं सिद्धिका लागि; (ख) आफ्ना मत वा विचारमाथि लगाइएका आरोप, आक्षेप एवं दोषहरूको निवारणका लागि र (ग) परमतको खण्डनका लागि। दर्शनका प्रत्येक सम्प्रदाय उक्त कार्यका लागि तर्कको सहारा लिन्छन्। त्यसैले सबैका लागि तर्कको उपयोग आवश्यक हुन जान्छ। यस प्रकारको तार्किक विवेचनायुक्त विचारलाई कथा या संवाद भनिन्छ। कथा वा संवादका तीन भेद वा प्रकार हुन्छन् : वाद, जल्प र वितण्डा।

वाद एक प्रकारको विचार विमर्श हो जसको लक्ष सत्यको परीक्षा एवं प्राप्ति हो। यो वादविवादको आदर्श रूप हो। यो धेरै जसो शिक्षक र विद्यार्थीका बीचमा उत्पन्न हुन्छ। यसमा पक्ष विपक्षका सबै पक्षमाथि ध्यान राखेर कुनै निश्चित निर्णयमा पुगिन्छ। यहाँ वाद विवाद या शास्त्रार्थ सही एवं तार्किक ढङ्गले हुन्छ। केवल जितका लागि वाद विवाद गरिन्छ भने त्यसलाई जल्प भनिन्छ। यहाँ शास्त्रार्थ सत्यप्राप्तिका लागि हुँदैन। प्रत्येक पक्ष कुनै न कुनै प्रकारले आफ्नो जित प्राप्त गर्न चाहान्छ। यसका लागि उसले युक्तिका साथै छलछाम आदि कुतर्कहरूको प्रयोग गर्दछ। यहाँ उचित एवं अनुचित कुनै पनि साधनद्वारा जित्ने चेष्टा गरिन्छ।

जब जल्प गर्ने वाला आफ्नो पक्षलाई प्रमाणित गर्न छोडेर विपक्षको खण्डन गर्न मात्र वाद-विवादमा सरिक हुन्छ, तब यसलाई नै वितण्डा भनिन्छ ।[1]

तर यो आलेखमा समग्र भारतीय दर्शनको सन्दर्भमा तर्कशास्त्रको विवरण प्रस्तुत गर्न खोजिएको होइन । यहाँ केवल बौद्ध दर्शन र तर्कशास्त्रका वारेमा चर्चा गर्न खोजिएको छ । त्यसमा पनि प्रारम्भिक बौद्ध दर्शनमा तर्कको प्रयोग र त्यसको क्रमिक विकासबाट बौद्धहरूको छुट्टै तर्कप्रणाली वा बौद्धतर्क शास्त्रको विकासको सन्दर्भमा छोटकरीमा चर्चा गर्ने प्रयत्न गरिएको छ ।

२. प्रारम्भिक बौद्धदर्शनमा तर्क प्रयोगको सन्दर्भ

बुद्धको जन्म काल शास्त्रार्थको युग थियो । वुद्धिवादको प्रधानता थियो; विचारको स्वतन्त्रता थियो । सूत्रपिटकको अध्ययनबाट प्रतीत हुन्छ कि वुद्धसित शास्त्रार्थ गर्ने मानिसको कमी थिएन । शाक्य मुनि स्वयं शास्त्रार्थ=वादविवादलाई न महत्त्व दिन्थे न त प्रोत्साहन नै दिन्थे; परन्तु शास्त्रार्थ गर्नका लागि विशेष आग्रही मानिसको आग्रहको उपेक्षा पनि गर्दैनथे । विनय पिटकको परिवारमा चार प्रकारका अधिकरणको उल्लेख गरेको पाइन्छ । अधिकरणको अर्थ हो - ती मत जसका बारेमा निर्णय गर्नु आवश्यक छ । अधिकरण : (क) विवादाधिकरण - जुन एक विषयमा भिन्न भिन्न राय हुन्छ त्यसको निर्णय । (ख) अनुवादाधिकरण - त्यो विषय जसमा एक पक्ष अर्को पक्षलाई निर्णय उल्लङ्घनको दोषी ठहऱ्याओस् । (ग) आपत्ताधिकरण - त्यो विषय जहाँ कुनै भिक्षुले आचारको कुनै सिद्धान्तको जानिबुझिकन उल्लङ्घन गरेको होओस् । (घ) किञ्चाधिकरण - सङ्घको कुनै नियमका विषयमा विचार । कुनै विवादको निर्णायकको संज्ञा अनुविज्जक दिइएको छ । सङ्घ कुनै किञ्चाधिकरणको विधान कसरी गर्दथ्यो, यसको स्पष्ट उदाहरण पातिमोक्खमा मिल्दछ । यसबाट वाद को महत्त्वको परिचय मिल्दछ ।[२]

अभिधम्म पिटकको कथावत्थुमा (कथावस्तु-मोग्गलि पुत्ततिस्सद्वारा ईपु तृतीय शताव्दीमा विरचित ग्रन्थ) न्याय शास्त्रसित सम्बन्धित अनेकौं पारिभाषिक शव्दको प्रयोग भएको पाइन्छ । जस्तो कि अनुयोग (प्रश्न), आहरण (उदाहरण), पटिञ्चा (प्रतिज्ञा), उपनय (हेतुको प्रयोगको स्थल निर्देश), निग्गह=निग्रह=पराजय, जस्ता शव्दको प्रयोग स्पष्टतः सूचित गर्दछ कि ईपू तृतीय शताव्दीमा न्यायशास्त्रको विशेष उन्नति भएको थियो । कथावत्थुमा प्रतिपक्षीसित शास्त्रार्थ गर्ने प्रक्रियाको विशिष्ट उदाहरण पनि दिइएको छ, जसबाट तर्कशास्त्रको राम्रो उन्नतिको पर्याप्त उदाहरण मिल्दछ । कुनै सिद्धान्तको शास्त्रार्थका निमित्त

---

[1] Dr. S. P. Shrma, **Indian Philosophy**, Patna: Bharati Bhawan (Publisher and Distributors), AD 2003, P.103.

[२] आचार्य वलदेव उपाध्याय, बौद्ध-दर्शन-मीमांसा, वाराणसी: चौखम्वा विद्याभवन, इ. १९९९, पृ.२८१-२८२ ।

प्रतिपादनलाई अनुलोम भनिन्थ्यो। प्रतिपक्षीको उत्तरलाई पटिकम्म (प्रतिकर्म) भनिन्थ्यो। प्रतिपक्षको पराजयको नाम निग्गह (निग्रह) थियो। प्रतिपक्षीको हेतुलाई (उसैको सिद्धान्तमा प्रयोग गर्नेलाई) उपनय भनिन्थ्यो तथा अन्तिम सिद्धान्तलाई निगमन भनिन्थ्यो।

कथावत्थुभन्दा लगभग दुई सय वर्षपछि विरचित मिलिन्दप्रश्नमा वादप्रक्रियाको वैशिष्टचको वर्णन गरिएको छ। यी दुवै ग्रन्थहरूको समीक्षाबाट न्यायशास्त्रको उदयको परिचय ईशापूर्वभन्दा पहिला नै प्राप्त हुन्छ।

३. तार्किक बौद्ध आचार्यहरू

बौद्ध आचार्यहरूमा न्यायशास्त्रलाई स्वतन्त्र शास्त्रको रूपमा प्रतिष्ठित गराउने समग्र श्रेय आचार्य दिङ्नागलाई जान्छ। तर बौद्धदर्शनमा दिङ्नागभन्दा अघि र पछि पनि अनेक नैयायिक थिए। तिनीहरूमा नागार्जुन (करिब इसं ३००), आर्यदेव (लगभग ३२० इसं), मैत्रेय (करिब इसं ४००) आर्य असङ्ग (करिब इसं ४०५-४७०), वसुवन्धु (करिब इसं ४१०-४९०), दिङ्नाग (करिब इसं ४८०), परमार्थ (करिब इसं ४९८-५६९), शङ्कर स्वामी (करिब इसं ५००), धर्मपाल (करिब इसं ६००-६३५), शीलभद्र (करिब इसं ६३५), धर्मकीर्ति (करिब इसं ६३५-६५०), देवेन्द्रबोधि (करिब इसं ६५०), शाक्यबोधि (करिब इसं ६७५), विनीतदेव (करिब इसं ७००), रविगुप्त (करिब इसं ७२५), जिनेन्द्रबोधि (करिब इसं ७२५), शान्त रक्षित (करिब इसं ७०५), कमलशील (करिब इसं ७२८-७८६), कल्याण रक्षित (करिब इसं ८२९), धर्मोत्तराचार्य (करिब इसं ८४७), मुक्तकुम्भ (करिब इसं ९००), अर्चट (करिब इसं ९००), अशोक (करिब इसं ९००), चन्द्रगोमी (करिब इसं ९२५), प्रज्ञाकर गुप्त (करिब इसं ९४०), आचार्य जेतारि (करिब इसं ९४०-९८०), जिन (करिब इसं ९४०), रत्नकीर्ति (करिब इसं ९४०-१०००), रत्नबज्र (करिब इसं ९७९-१०४०), जिन मित्र (करिब इसं १०२५), ज्ञानश्रीमित्र (करिब इसं १०४०), ज्ञानश्रीभद्र(करिब इसं १०५०), रत्नाकार शान्ति (करिब इसं १०४०), यमरी (करिब इसं १०५०), शङ्करानन्द (करिब इसं १०५०), शुभकर गुप्त (करिब इसं १०८०) र मोक्षाकार गुप्त (करिब इसं ११००)।[1]

४ बौद्ध तर्कशास्त्रको प्रादुर्भाव

बौद्ध दर्शनको विकासक्रमलाई हेर्ने हो भने प्रारम्भदेखि नै तर्कको प्रयोग हुँदै आए तापनि यस सन्दर्भमा २ जना बौद्धाचार्यहरूले बौद्ध तर्कशास्त्रको विकासमा विशिष्ट योगदान गरेका छन् उनीहरू हुन् : आचार्य दिङ्नाग र आचार्य धर्मकीर्ति। आचार्य दिङ्नाग र आचार्य धर्मकीर्तिको जीवनीबारेमा छोटो चचा गरौं।

---

[1] डा.चक्रधर विजल्वान, भारतीय न्यायशास्त्र, लखनऊ: उत्तर प्रदेश हिन्दी संस्थान, इ. १९९८, पृ. २९-३६।

४.१ आचार्य दिङ्नाग

आचार्य दिङ्नागले बौद्ध तर्कशास्त्रको विकासमा मात्र होइन कि समग्र भारतीय तर्कशास्त्रको विकासमा नै ठूलो योगदान गरेका छन्। न्याय अथवा तर्कशास्त्रको परम्परा भारतमा अत्यन्त प्राचीन हो, तर पनि आचार्य दिङ्नाग प्रथम हुन, जसले साधन, सधनाभास, दूषण, दूषणाभास, प्रत्यक्ष, प्रत्यक्षाभास तथा अनुभव तथा अनुभवाभासजस्ता विशुद्ध तर्क शास्त्रीय विषयमा नै आफ्ना रचना प्रस्तुत गरेका छन्। अतः विद्वान्हरू यिनलाई भारतीय न्यायशास्त्रका पिता मान्दछन्।[1]

आचार्य दिङ्नागको जन्म दक्षिण भारतमा काञ्चनगर (काञ्जीवरम्) को नजीक "सिंहवक्त्र" नामक स्थानमा ब्राह्मण परिवारमा भएको थियो। बाल्यकालमा नै उनले वैदिक धर्मको शिक्षा ग्रहण गरेर वेदवेदाङ्ग विद्यामा नै पूर्णता प्राप्त गरे। संयोगवश एक वात्सीपुत्रीय बौद्ध भिक्षु आचार्य महास्थवीर नागदत्तबाट प्रव्रज्याग्रहण गरेर बौद्ध भिक्षु बने। दिङ्नाग नै भिक्षुद्वारा प्रदान गरिएको नाम हो। आचार्य नागदत्तबाट उनले सम्पूर्ण श्रावकपिटक शास्त्रको अध्ययन गरेर त्यसमा पारङ्गत विद्वान् बने।

आचार्य दिङ्नागको समयमा मुख्यतः बौद्ध परम्पराका आधारमा डा.विनयतोष भट्टाचार्यले इसं ३४५-४२५ मानेका छन्। सुरुमा उनी नागदत्तका शिष्य बने तापनि पछि महायानी आचार्य वसुबन्धुका शिष्य बने। त्यसपछि यिनी नालान्दामा आएर बसे। उनी ठाउँ ठाउँमा भ्रमण गरी अन्य तीर्थिकहरूलाई वादविवादमा परास्त गर्दथे। त्यसैले यिनको उपाधि 'तर्कपुङ्गव' रहन गएको थियो।[2] आचार्य दिङ्नागले अनेकौँ कृतिहरूको रचना गरेका छन्। उनका कृति हुन् : प्रमाणसमुच्चय, प्रमाणसमुच्चयवृत्ति, आलम्वनपरीक्षा, न्यायद्वार-न्यायमुख, हेतुचक्रसमर्थन, आलम्वनपरीक्षावृत्ति र त्रिकालपरीक्षा।

४.२ आचार्य धर्मकीर्ति

दिङ्नागजस्तै धर्मकीर्ति पनि दक्षिण भारतको त्रिमलयमा ब्राह्मणकुलमा जन्मेका थिए। उनको जन्ममितिका बारेमा विद्वान्हरूका बीचमा मतभिन्नता रहेको भए तापनि धेरैजसो विद्वान्हरूले उनको जन्म इसंको सातौँ शताब्दीमा भएको मानेका छन्। धर्मकीर्तिले प्रारम्भिक शिक्षा ब्राह्मण दर्शनका बारेमा लिएका थिए। वसुबन्धुका शिष्य धर्मपाल जो अत्यन्त बृद्ध भएका थिए, उनीसित बौद्ध दर्शनको विशेष रूपले अध्ययन गर्नका लागि धर्मकीर्ति नालन्दा आए। उनलाई तर्क शास्त्रमा विशेष रुचि थियो। अत एव दिङ्नागका शिष्य ईश्वरसेनको सम्पर्कमा रहेर उनले

---

[1] स रिनपोछे, प्रकाशकीय, आचार्य दिङ्नाग, न्यायप्रवेशकसूत्रम् (अनु.तथा सम्पा.डा. रम्जनकुमारःशर्मा), वाराणसी: कन्द्रयि उभ्भ तिवव्ती शिक्षा संस्थान, ईसं १९९९, पृ. V.

[2] पण्डित दलसुखभाई मालवणिया, प्रश्यावना, पंडित दुर्वेक मिश्र, धर्मोत्तरप्रदीप (सम्पा. पण्डित दलसुखभाई मालवणिया), पटना: काशीप्रसाद-जयसवाल-अनुशीलन संस्थान, ईसं २००५, पृ. ४०-४१।

प्रमाणशास्त्रको अध्ययन गरे। त्यसपछि उनले वादविवाद तथा अनेकौं बौद्ध ग्रन्थको रचना गरेर बाँकी जीवन बिताए। धर्मकीर्तिले विभिन्न सातवटा ग्रन्थको रचना गरेका छन्। ती ग्रन्थ यसप्रकार रहेका छन् - प्रमाणवार्तिक, प्रमाणविनिश्चय, न्यायबिन्दु, हेतुबिन्दु, वादन्याय, सम्बन्धपरीक्षा र सन्तानान्तरसिद्धि। बुदोनका अनुसार उनका यी सातवटा ग्रन्थ दिङ्नागको प्रमाणसमुच्चय नामक ग्रन्थका वार्तिक रूप हुन्।[1] आचार्य दिङ्नाग तथा आचार्य धर्मकीर्तिका ग्रन्थहरूले गर्दा बौद्धतर्कले एउटा छुट्टै शास्त्रको मान्यता पाएको हो। त्यसैले यी दुई आचार्यहरूको बौद्धदर्शनको इतिहासमा ठूलो भूमिका रहेको छ।

५. बौद्ध तर्कशास्त्र वा बौद्ध प्रमाण व्यवस्था

वौद्धदर्शनअनुसार सम्यक् ज्ञान प्राप्त नगरिकन मोक्ष वा निर्वाण प्राप्त गर्नु सम्भव छैन। अथवा सम्यक् ज्ञान नै निर्वाण प्राप्तिको उपाय हो। सम्यक् ज्ञानका दुइटा स्थिति हुन्छन् : प्रमाण र प्रमाणफल। प्रमाण स्वयं ज्ञान स्वरूप हुन्छ। ज्ञानमा दुईवटा मौलिक तत्त्व देखिन्छन् - अर्थसाक्षातकार र कल्पना। साक्षात्कारमा ज्ञान उपस्थित विषयको ग्रहणमात्र गर्दछ। यसमा ज्ञानले कुनै कल्पना गर्दैन, केवल देख्दछ मात्र। अर्को तर्फ शब्दको सहाराले एवं त्यसद्वारा पहिलाका स्मृति एवं संस्कारबाट प्रभावित भएर ज्ञानले अनेक साक्षात्कारको छाँटकाँट गरेर तथा जोड-तोड गरेर कल्पनाहरू प्रस्तुत गर्दछ। यसमा नाम, जाति, द्रव्य, गुण र कर्म यी पाँचै कल्पनाहरू त अनादि वासनाबाट सिद्ध हुन्छन् र यिनलाई चित्तले आफ्नो स्थायी साँचोझैं प्रयुक्त गर्दछ। अनुभवका सारा सामग्री यिनमा ढालिन्छ। यस प्रकार विकल्पात्मक ज्ञान सिद्ध हुन्छ। विकल्प एक प्रकारले मन गढन्ते हुन्छ, किन्तु दृष्ट वस्तुमा अन्य व्यावृत्तिद्वारा आरोपित हुने हुनाले तिनमा व्यवहार समर्थता परम्परया सिद्ध हुन्छ। विकल्प नियतविषयक तथा अनियतविषयक दुवै हुन्छन्। नियतविषयक विकल्प प्रमाण कोटिमा आरुढ हुन्छ। यही अनुमान कहलिन्छ। यसरी ज्ञानमा प्रतीत द्वैतबाट नै प्रमाणहरूको द्वैत सिद्ध हुन्छ - साक्षात्कारात्मक ज्ञान प्रत्यक्ष हो र नियत विकल्पात्मक अनुमान। सबै नियतविषयक ज्ञान यी दुई कोटिमा समावेश हुन्छन्। यी दुई प्रमाण तुल्यवल हुन्।[2]

यसरी बौद्ध प्रमाण शास्त्र अनुसार सम्यक् ज्ञान प्राप्तिका दुई वटा माध्यम, साधन वा प्रमाण हुन्छन्, ती हुन् : प्रत्यक्ष र अनुमान। अथवा प्रत्यक्ष र अनुमानबाट मात्र सत्य वा सम्यक् ज्ञान प्राप्त गर्न सकिन्छ।

---

[1] पण्डित दलसुखभाई मालवणिया, ऐजन, पृ. ४३।

[2] गोविन्दचन्द्र पाण्डे, प्रवेश, धर्मकीर्ति, न्यायविन्दु (अनु. एवं व्याख्या गोविन्दचन्द्र पाण्डे), वाराणसीः केन्द्रीय उच्च तिब्वती शिक्षा संस्थान, ईसं १९९५, पृ. XVi

बौद्ध मतमा प्रमाणका विषय दुईवटा अथवा दुई प्रकारका हुन्छन् : स्वलक्षण तथा सामान्य लक्षण। जब दुईवटा मात्र विषय छन् भने तिनीहरूका ग्राहक प्रमाण पनि दुई नै हुनुपर्दछ। स्वलक्षणलाई ग्रहण गर्ने वाला प्रत्यक्ष तथा सामान्य लक्षणलाई ग्रहण गर्ने वाला अनुमान। अब प्रत्यक्ष र अनुमान प्रमाणका बारेमा चर्चा गरौं।[१]

५.१ प्रत्यक्ष प्रमाण

प्रत्यक्ष शब्दको वौद्ध सम्मत अर्थ हो, अर्थ साक्षात्कार। नैयायिक आदि दार्शनिकले अक्षाश्रित (इन्द्रिय आश्रित), ज्ञानको अर्थमा प्रयोग गरेका छन्। त्यसैले उनीहरूले प्रत्यक्षको इन्द्रियार्थ सन्निकर्षजन्य ज्ञान भन्ने अर्थ निकाले। अर्थ साक्षात्कार अर्थ लगाएका कारण बौद्धहरूले इन्द्रिय ज्ञानका अतिरिक्त अन्यविध प्रत्यक्षका प्रकार - स्वसंवेदन, मानस अथवा मनोविज्ञान र योगीज्ञानलाई पनि प्रत्यक्ष ज्ञान वा प्रत्यक्ष प्रमाण मानेका छन्।[२] यसरी बौद्ध मत अनुसार प्रत्यक्ष प्रमाण चार प्रकारका हुन्छन् - इन्द्रिय प्रत्यक्ष, स्वसंवेदन, मनोविज्ञान (मानस प्रत्यक्ष) र योगजप्रत्यक्ष (योगीज्ञान)। बौद्ध सम्मत उपर्युक्त चतुर्विध ज्ञानहरूको सङ्ग्रह गर्ने वाला एक प्रत्यक्ष लक्षण हो, प्रत्यक्ष ज्ञान कल्पना स्वभावरहित हुनुपर्दछ र त्यो अर्थक्रिया सम वस्तुमा कुनै प्रकार विपर्यस्त या भ्रान्त हुनु हुँदैन। कल्पनाराहित्य नै बौद्धहरूको प्रत्यक्ष लक्षणको हृदय हो। अब चार प्रकारका प्रतयक्षका बारेमा चर्चा गरौँ।

५.१.१.इन्द्रिय प्रत्यक्ष (इन्द्रिय आश्रित ज्ञान)

इन्द्रिय प्रत्यक्ष त्यस समय उत्पन्न हुन्छ, जब चारैतिरबाट आफ्नो ध्यान हटाएर कुनै व्यक्ति निश्चिल चित्तले कुनै वस्तुमा केन्द्रित हरन्छ। हाम्रा पाँच प्रकारका ज्ञानेन्द्रिय छन् जसबाट पाँच प्रकारका बाह्य ज्ञान प्रप्त हुन्छन्। जस्तै आखाँ, नाक, जिह्वा, शरीर (छाला) र कान ज्ञानेन्द्रिय छन्, जसबाट रूप, गन्ध, रस, स्पर्श र शब्द आदि विषयको ज्ञान हुन्छ। यसैलाई इन्द्रिय प्रत्यक्ष ज्ञान भनिन्छ।[३]

५.१.२. मानस-प्रत्यक्ष (मनोविज्ञान)

इन्द्रिय ज्ञानको सहकारीको द्वितीय क्षण नै मानस प्रत्यक्ष या मनोविज्ञान कहलिन्छ। अतः प्रत्यक्षका लागि प्रयुक्त यस संस्कृत शब्दमा केवल इन्द्रिय प्रत्यक्षवाट भन्दा बढी अर्थ निहित छ। यस अर्थमा यो साक्षात्ज्ञान अथवा अन्तःप्रज्ञा

---

[१] जगन्नाथ उपाध्याय, प्राक्कथन, मोक्षाकरगुप्त, बौद्ध-तर्कभाषा, (सम्पा. तथा हिन्दी अनु. डा. रघुनाथगिरी), वाराणसीः प्राच्य प्रकाशन, इ १९६९, पृ. २३-२४।
[२] ऐजन, पृ.२६।
[३] डा बी एन सिंह, प्रमाण परिचय, वाराणसीः आशा प्रकाशनईसं १९९४, पृ. ११०-१११।

हो तथा परोक्ष ज्ञान अथवा विकल्पको ज्ञानभन्दा भिन्न हुन्छ । साधारण मानिस यस प्रकारको साक्षात् ज्ञाको क्षमता राख्दैनन् । यो केवल योगीहरूले मात्र साक्षात्कार गर्न सक्दछन् । अर्को शब्दमा भन्ने हो भने प्रत्यक्षको प्रथम क्षण ऐन्द्रिक विज्ञान हुन्छ । अर्को क्षण बौद्धिक विज्ञान । हामीले प्रथमलाई विशुद्ध ज्ञानको एक क्षण र दोस्रोलाई मानस प्रत्यक्ष भन्न सक्दछौं, जुन योगीहरूले मात्र प्रत्यक्ष गर्न सक्दछन् ।[1]

५.१.३ स्वसंवेदन

समस्त चित्त तथा चैत्तहरूको आत्मसंवेदन स्वसंवेदन हो । चित्त वस्तु मात्रको ग्रहण गर्ने वाला ज्ञान हो । चित्तमा उत्पन्न हुने वाला चैत्त कहलिन्छ । ती समस्त चित्त र चैत्तको आत्मा (वास्तविक स्वरूप) को जुन रूपले ज्ञान हुन्छ त्यो रूप आफ्नो स्वरूपको साक्षात्कार गराउने वाला हुनाले स्वसंवेदन प्रत्यक्ष, कल्पनाद्वारा अपोढ, अभ्रान्त ज्ञान कहलिन्छ ।

५.१.४ योगी प्रत्यक्ष

यो एक विशेष प्रकारको प्रत्यक्ष हो । यसलाई भूतार्थ भावनाको प्रकर्षपर्यन्त ज्ञान मानिएको छ । योगचित्तको एकाग्रता रूप समाधि हो । (यो) समाधि अशेष वस्तुको स्वरूपको विवेचना गर्ने वाला प्रज्ञा हो । योग (प्रज्ञा) जसलाई प्राप्त भएको छ, त्यो योगी हो । योगीको जुन ज्ञान हुन्छ त्यो प्रत्यक्ष हो । त्यो ज्ञान कस्तो हो ? भूतार्थको भावना प्रकर्षपर्यन्तवाट उत्पन्न हुन्छ । प्रमाणबाट उत्पन्न अर्थ भूतार्थ हो । बारम्वार चित्तमा समारोप नै भावना हो । भूतार्थको भावनाको प्रकर्षपर्यन्तबाट जुन विज्ञान उत्पन्न हुन्छ त्यो कल्पनादेखि अपोढ र अभ्रान्त ज्ञान हो ।

५.२ अनुमान

जसद्वारा अर्थलाई प्राप्त गरिन्छ, त्यसलाई मान भनिन्छ । अनु शव्दको अर्थ हो पश्चात् । यसरी पश्चात् (पछि) हुने वाला मान=प्रमाणलाई अनुमान भनिन्छ । हेतुको ज्ञान तथा हेतु र साध्यको सम्वन्धको स्मरणपछि पर्वत आदि पक्षमा जुन परोक्ष वस्तु (अग्नि आदि) का सम्वन्धमा उत्पन्न हुने वाला ज्ञान छ, त्यो नै अनुमान हो । अनुमान दुई प्रकारका हुन्छन् : स्वार्थानुमान र परार्थानुमान ।

५.२.१ स्वार्थानुमान

जुन अनुमान आफ्ना लागि हुन्छ, त्यो स्वार्थानुमान हो । यो ज्ञान रूप हो । पर्वत आदि पक्षमा धुवाँ आदि हेतुलाई देखेर देख्नेलाई अग्नि आदि साध्यको

---

[1] एफ. टी. सेरवात्सकी, बौद्ध न्याय (हिन्दी अनु. डा.रामकुमार राय), वाराणसीः चौखम्वा विद्याभवन, ईसं १९६९, पृ.१९१-१९२

ज्ञान उत्पन्न हुन्छ। देख्ने वालालाई नै यस ज्ञानबाट परोक्ष अर्थको प्रतिपत्ति हुन्छ, अरुलाई होइन, त्यसैले यसलाई स्वार्थानुमान भनिन्छ। अथवा त्रिरूप लिङ्गबाट अनुमेयको विषयमा जुन ज्ञान उत्पन्न हुन्छ त्यो स्वार्थानुमान हो। लिङ्गको अर्थ गमक=निश्चायक हो। जुन निश्चायक हेतुद्वारा परोक्ष विषयको अनुमान गरिन्छ यसलाई लिङ्ग भनिन्छ। धुवाँलाई देखेर परोक्ष अग्निको अनुमान गरिन्छ, अतः धुवाँलाई अग्निको लिङ्ग मानिन्छ। बौद्ध न्यायका अनुसार तीन रूपले युक्त हेतु नै सद् हेतु या लिङ्ग कहलिन्छ। लिङ्गका तीन रूप यस प्रकार छन् : क) सत्त्व- लिङ्गको पक्षमा अवश्य हुनु। ख) सपक्ष = सपक्षमा नै हुनु, विपक्षमा होइन। (ग) विपक्षमा असत्त्व = विपक्षमा कहिल्यै नहुनु। जस्तै पर्वतमा अग्नि छ, धुवाँ हुलाले, पाकसाल समान। यी तीनवटै रूप भएपछि मात्र अनुमान हुन सक्दछ।

५.२.२ परार्थानुमान

अरुका लागि जुन अनुमान हुन्छ, त्यो परार्थानुमान हो। परार्थानुमान वचनात्मक हुन्छ। तीन रूपमा लिङ्गको प्रतिपादन गर्ने वाला वचन अरुलाई पनि अर्थको प्रतिपादन गराउँदछ र ज्ञान गराउँदछ भन्ने मानेर नै वचनलाई अनुमानले सम्वोधन गरिन्छ। तीन रूपमा लिङ्गको कथन परार्थानुमान हो। अन्वय, व्यतिरेक तथा पक्षधर्मता नामक तीनरूप जुन वचनवाट भनिन्छ त्यो वचन (कथन) औपचारिक रूपले परार्थानुमान कहलिन्छ। लिङ्ग पक्षमा अवश्य हुनु। उदाहरणार्थ पर्वतमा अग्नि छ, धुवाँ हुनाले। यहाँ पर्वत पक्ष हो, वहाँ धुवाँ अवश्य छ। अर्को लिङ्ग सपक्षमा नै हुनु जस्तो जहाँ धुवाँ छ त्यहाँ अग्नि। यहाँ सवै अग्नियुक्त स्थान सपक्ष हुन्, धुवाँ ती सबै सपक्षमा रहन्छ। तेस्रो हो लिङ्ग विपक्षमा कहिल्यै नरहनु जसरी जहाँ अग्नि छैन त्यहाँ धुवाँ पनि हुँदैन। यहाँ विपक्ष जलाशय आदि हो जसमा धुवाँ कहिल्यै रहँदैन। यसरी लिङ्गको प्रथम रूप पक्षधर्मता, अन्वय र व्यतिरेक हो। त्रिरूप लिङ्गलाई प्रकट गर्ने वाला वाक्य नै परार्थानुमान हो। यो त्रिरूप लिङ्ग नै अनुमानको असाधारण या निमित्त हो। यस त्रिरूप लिङ्गको स्वरूप दुई छन् : स्वयं जानिएको र अरुद्वारा वताइएको। पहिलो स्वार्थानुमान र अर्को परार्थानुमानको विषय हो। परार्थानुमान पनि साधर्म्यवत् र वैधर्म्यवत् गरी दुई किसिमका हुन्छन्।

६ उपसंहार

पूर्वीय वा भारतीय दर्शनमा आ-आफ्नै तर्क व्यवस्था रहेका छन्। शास्त्रार्थ अथवा वादविवादद्वारा ज्ञानको सर्वोच्च रूप अथवा सम्यक् ज्ञान प्राप्ति तथा आफ्नो मतवादको मण्डन तथा परमतको खण्डन नै तर्क प्रक्रियाको मूल पक्ष हो। यो तर्क प्रक्रियाले बौद्धदर्शनमा विशिष्ट रूपमा विकास गरेको हुनाले यसले बौद्ध तर्कशास्त्र वा बौद्ध न्यायको रूप लिएको हो। यसको प्रमुख विशेषता अथवा

अन्य तर्क प्रणालीभन्दा भिन्नता प्रमाण व्यवस्थामा अन्तर्निहित रहेको छ। वौद्धदर्शनअनुसार तर्कविद्या लौकिकविद्या भए तापनि सम्यक् ज्ञान प्राप्तिमा यो साधन बन्ने हुनाले निर्वाण पथमा लाग्नेले यसको ज्ञान गर्नु आवश्यक छ।

सन्दर्भग्रन्थसूची

उपाध्याय, जगन्नाथ, **प्राक्कथन**, मोक्षाकरगुप्त, बौद्ध-तर्कभाषा, (सम्पा. तथा हन्दी अनु. डा. रघुनाथगिरी), वाराणसी: प्राच्य प्रकाशन, इसं १९६९।

उपाध्याय, वलदेव, **बौद्ध-दर्शन-मीमांसा**, वाराणसी: चौखम्बा विद्याभवन, इसं १९९९।

पाण्डे, गोविन्दचन्द्, **प्रवेश**, धर्मकीर्ति, न्यायबिन्दु (अनु. एवं व्याख्या गोविन्दचन्द्र पाण्डे), वाराणसी: केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, इसं १९९५।

स रिनपोछे, **प्रकाशकीय**, आचार्य दिङ्नाग, न्यायप्रवेशकसूत्रम् (अनु.तथा सम्पा.डा. रम्जनकुमार शर्मा), वाराणसी: केन्द्रयि उच्च तिवव्ती शिक्षा संस्थान, इसं १९९९।

बिजल्वान, चक्रधर, **भारतीय न्यायशास्त्र**, लखनऊ: उत्तर प्रद्श हिन्दी संस्थान, इसं १९९८।

मालवणिया, दलसुखभाई, प्रश्थावना, पंडित दुर्वेक मिश्र, धर्मोत्तरप्रदीप (सम्पा.पण्डित दलसुखभाई मालवणिया), पटना: काशीप्रसाद-जयसवाल-अनुशीलन संस्थान, इसं २००५।

सिंह, बी एन, **प्रमाण परिचय**, वाराणसी: आशा प्रकाशनइसं १९९४।

सेरवात्स्कि, एफ. टी., **बौद्ध न्याय** (हिन्दी अनु. डा.रामकुमार राय), वाराणसी: चौखम्वा विद्याभवन, इसं १९६९।

अङ्ग्रजीको सन्दर्भग्रन्थ

Shrma, S.P. **Indian Philosophy**, Patna: Bharati Bhawan (Publisher and Distributors), AD 2003.

♣♣♣

लग्नसारणीको गणना

शम्भुप्रसाद ढकाल
प्राध्यापक

१.१ विषयप्रवेश

क्रान्तिवृत्त र क्षितिजवृत्तको पूर्वसम्पातको नाम प्रथमलग्न हो। यसलाई लोकव्यवहारमा लग्न मात्र भन्ने गरिएको छ। वृत्तको परिभाषाअनुसार क्रान्तिवृत्त भनेको सूर्य हिँड्ने काल्पनिक बाटोको नाम हो। फलादेश ग्रह र नक्षत्रमा आधारित हुने भएकाले र आकाशका ग्रहहरूको स्थिति लग्नबाट स्पष्टसँग थाहा पाउन सकिने भएकाले ज्योतिषशास्त्रमा लग्नलाई ज्यादै ठूलो महत्त्व दिइएको छ। इष्टकालको तात्कालिक स्पष्टसूर्य र त्यही इष्टकालको आधारमा लग्नसाधन गरिन्छ। हाम्रा पूर्वज ज्योतिर्विद् आचार्यहरूले आ-आफ्ना ग्रन्थहरूमा लग्न ल्याउने तरिकाहरू दिएका छन्। ती तरिकाहरू अलि लामो भएको कारण त्यति व्यवहारपयोगी हुन नसकेकाले पछि आएर सारणीको निर्माण भयो र सोही सारणीको आधारमा लग्नको गणना गर्न थालियो। तर त्यती वेला बनाएको सारणी अलि स्थूल थियो। सारणी परिष्कार गर्ने क्रममा अहिले आएर सो सारणी अति नै सूक्ष्म वन्न गएको छ। चिनाको गणना गर्दा हाम्रा पञ्चाङ्गहरूमा दिइएको लग्नसारणीको प्रयोग गरेर ल्याएको लग्न सूक्ष्म लग्न हुने कुरामा कुनै किसिमको शङ्का गर्ने ठाउँ छैन। लग्नसारणी बनाउन अक्षांश, अयनांश र परमक्रान्तिको आवश्यकता पर्छ। अक्षांश भनेको ध्रुवतारादेखि क्षितिजवृत्त सम्मको याम्योत्तर वृत्तीय चापको नाम हो। हेरेर त्यसको मान निकालिन्छ। हाम्रो देशको राजधानी काठमाडौँको अक्षांश २७ अंश ४२ कला निर्धारण गरिएको छ। त्यस्तै अयनांश भनेको कुनै पनि एउटै इष्टकालको दृश्यसूर्य र गणितागत सूर्यको अन्तरको नाम हो। अनि परमक्रान्ति भनेको नाडीवृत्त र क्रान्तिवृत्तको बीचको अयनप्रोतवृत्तीय परमान्तरको नाम हो। कुनै पनि एक ठाउँको अक्षांश स्थिर हुन्छ तर विभिन्न कारणहरूले गर्दा अयनांश र परमक्रान्ति स्थिर हुँदैन। अयनांश स्थिर नहुने कुरा दक्षिण एशियाली ज्योतिष महासङ्घको छैटौँ वार्षिकोत्सव २०६५ को अवसरमा प्रकाशित मन्दाकिनी पत्रिकाको स्मारिकामा अयनांश र पर्वसुधार' शीर्षकको लेखभित्र स्पष्ट सँग उल्लेख गरिसकेको छु। त्यस्तै पूर्वकालमा परमक्रान्ति २४ अंश मानिने गरेकोमा पछि आएर त्यो परमक्रान्तिको मान स्थिर नभएको कुरा पत्ता लाग्यो। अहिले आएर सोहीअनुसार गणना गर्न थालिएको छ। आधुनिक सूक्ष्म अयनांश र परमक्रान्ति साधन गर्ने तरिका सर्वत्र उपलब्ध छैन। विना अयनांश र परमक्रान्ति सूक्ष्म लग्नसारणी वनाउन सकिँदैन। त्यस कारण मैले सजिलोका लागि भनेर आधुनिक सूक्ष्म

परमक्रान्ति ल्याउने र अयनांश ल्याउने दुई-दुई वटा श्लोकहरूको रचना गरेको छु। यहाँ सबभन्दा पहिले परमक्रान्ति ल्याउने श्लोक, तरिका र उदाहरण प्रस्तुत गर्दछु -

१.२ परमक्रान्तिसाधनम्

२०००
खखाभ्रनयनैरूनोऽभीष्टो विक्रमहायनः ।
०.४६८१४४
वेदवेदेन्दुसर्पाङ्गांनायबिन्दुसमाहतः ॥१॥
३६००
खखर्तुज्वलनै र्भक्तः फलेनांशादिना च्युताः ।
२३° २६' ४८"
अग्न्योष्ठाः षड्यमा नागकृताः स्युः क्रान्तयः पराः ॥२॥

इष्ट विक्रमवर्षबाट २००० घटाउनु। शेषलाई ०.४६८१४४ ले गुनेर ३६०० ले भाग गर्नु। प्राप्त अंशादि फललाई २३°।२६'।४८" अंशादिबाट घटाउनु, अभीष्टवर्षको परमक्रान्ति हुन्छ। यहाँ उदाहरणका लागि २०६७ सालको परमक्रान्ति साधन गर्दा माथि उल्लेख गरिएको तरिका अनुसार २०६७ बाट २००० घटाउँदा ६७ बाँकी रहन्छ। यसलाई ०.४६८१४४ ले गुणन गर्दा ३१.३६५६४८ गुणनफल आउँछ। यसलाई ३६०० ले भाग गर्दा ०.००८७१२६८ आउँछ। यसलाई अंशादिमा परिवर्तन गर्दा ०°।००'।३१".३७ हुन्छ। यसलाई लगेर २३°।२६'।४८" अंशादिबाट घटाउँदा २३°।२६'।१६".६३ परमक्रान्ति आउँछ। दशमलवाङ्क ०.५० भन्दा वढी भएकाले विकलामा एक बढाउँदा परमक्रान्ति २३°।२६'।१७" हुन्छ। २०६७ सालको सूक्ष्म परमक्रान्ति यही नै हो। अब अयनांश ल्याउने श्लोक, तरिका र उदाहरण प्रस्तुत गर्दछु -

१.३ अयनांशसाधनम्

१९९०
खनन्दनन्दचन्द्रोनोऽभीष्टो विक्रमवत्सरः।
५८.८१९६८
गजर्तुनन्दचन्द्राष्टाणुगजाशुगसँगुणः॥१॥
३६००
खाभ्रर्तुरामभक्तश्चेद् भागाद्येन युतास्तदा ।
२३° ४' ८"
वन्हिहस्ताः कृता नागा जायन्ते चायनांशकाः ॥२॥

इष्ट विक्रम वर्षबाट १९९० घटाएर बाँकी रहेको शेषलाई ५८.८१९६८ले गुन्नु ३६०० ले भाग गर्नु अंशादिक भागफललाई २३°।४'।८"

अंशादिमा लगेर जोड्नु अभीष्ट वर्षको अयनांश आउँछ। जस्तै वि.सं. २०६७ को अयनांश साधन गर्दा २०६७ बाट १९९० घटाउने। अन्तरफल ७७ लाई ५८.८१९६८ ले गुन्दा ४५२९.११५३६ गुणनफल आउँछ। यसलाई ३६०० ले भाग गर्दा १.२५८०८७६ हुन्छ। पुनः यसलाई अंशादिमा परिवर्तन गर्दा १°।१५'।२९".१२ हुन्छ। यस अंशादि फललाई २३°।४'।८" मा लगेर जोड्दा २४°।१९'।३७".१२ अयनांश आउँछ। विकलामा रहेको दशमलव अङ्क ०.५० भन्दा थोरै भएकाले त्यसलाई छोड्दा २४°।१९'।३७" अयनांश हुन्छ। २०६७ सालको सूक्ष्म अयनांश यही हो। मैले यो तरिका परमक्रान्तिको घट्दो वार्षिक गति र अयनांशको बढ्दो वार्षिक गतिको आधारमा रचना गरेको हो। मेरा परमश्रद्धेय गुरु श्रीकेशवराम जोशीसँग मैले धेरै वर्षसम्म बसेर अध्ययन चिन्तन र मनन गर्ने सुअवसर पाएँ। उहाँको कृपाद्वारा मैले धेरै कुराहरू प्राप्त गर्न सकेको छु। उहाँ निरन्तर गणना मात्र गरिरहनु हुन्थ्यो। उहाँलाई ग्रहहरूको गतिस्थित्यादिको हिसाव पानी बराबर थियो। केही वर्ष पहिले तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयले गुरुको संयोजकत्वमा म र खिलानाथ वस्ताकोटी सम्मिलित तीन सदस्यीय एउटा समिति गठन गरेर सूर्य सिद्धान्तीय पञ्चाङ्ग सारिणी बनाउने काम दिएको थियो। त्यस प्रसङ्गमा हामीले धेरै परिश्रम गरेर पञ्चाङ्ग सारिणी बनाएर विश्वविद्यालयलाई बुझायौँ। सो पञ्चाङ्ग सारिणी प्रकाशमा आएको छैन। त्यस सारिणीमा धेरै नयाँ कुराहरूले स्थान पाएका छन्। त्यस समयमा हामीले ज्योतिर्गणितादि विभिन्न ग्रन्थहरूको आधारमा परमक्रान्तिको घट्दो २८.०८८६६६६७ प्रतिविकलात्मक गति निर्धारण गरेर र अयनांशको बढदो ५८.८१९६८ विकलात्मक गति निर्धारण गरेर त्यस सारणीमा समावेश गरेका थियौँ। मैले परमक्रान्ति र अयनांश ल्याउने माथि प्रस्तुत तरिका त्यसैको आधारमा रचना गरको हुँ। यो तरिका सबैका लागि उपयोगी हुनेछ भन्ने सम्झेको छु। अब म लग्नसारणी बजाउने तरिका प्रस्तुत गर्दछु।

१.४ लग्नसारणी बनाउने तरिका

हामीले सधैँ देखिरहेको सूर्य सायन हुने भएकाले र समय त्यसै सायन सूर्यमा आधारित हुने भएकाले समय सायन हुने कुरामा शङ्का गर्ने ठाउँ रहँदैन। गणितागत इष्ट समयको सूर्य निरयण हुन्छ। सायन सूर्य र इष्ट समयको आधारमा लग्नको गणना गरिन्छ। त्यसैले हाम्रा पूर्वाचार्यहरूले निरयण सूर्यमा अयनांश जोडेर लग्न ल्याउने तरिकाहरू दिएका छन्। सारणी बनाउँदा पनि यही नियम लागू हुन्छ। जस्तै मेषादिको सूर्य ० ले बराबर हुँदा सायन सूर्य त्यस समयको अयनांशले बराबर हुन्छ। त्यसलाई सायन सूर्य मानेर त्यसको भुज बनाउने अनि त्यस भुजबाट विषुवांश बनाउने। अर्कोतिर त्यस भुजबाट क्रान्ति ल्याउनुपर्छ। अनि त्यस देशको अक्षांश र साधित क्रान्तिको आधारमा चरांश ल्याउनुपर्छ। त्यसलाई चरसंस्कारको नियम अनुसार विषुवांशमा धन अथवा ऋण गर्नुपर्छ। अझ सूक्ष्मताका लागि किरणवक्रीभवन संस्कार पनि गर्नुपर्छ। बाँकी

रहेको अंशादिक फललाई ६ ले भाग गर्नुपर्छ। यसबाट प्राप्त भएको लब्धि मेषादिगत ० राशि र ० अंश मिलेको सारणीको पहिलो कोठाको घट्यादिक अङ्क आउँछ। विषुवांशलाई ६ ले भाग गर्दा दशमलग्नसारणीको कोष्ठाङ्क आउँछ। संक्षेपमा लग्नसारणी वनाउने तरिका यही हो। उदाहरणार्थ २०६७ सालको लग्नसारणी वनाउने गणितीय तरिका तल दिन चाहन्छु।

लग्नसारणी बनाउँन अयनांश परमक्रान्ति र अक्षांश चाहिन्छ भनेर मैले पहिले नै उल्लेख गरिसकेको छु। जस अनुसार वि.सं. २०६७ को अयनांश ≠ २४°।१९'।३७", परमक्रान्ति ≠ २३°।२६'।१७" र काठमाडौँको अक्षांश ≠ २७°।४२' छ। यहाँ निरयण सूर्य अंशादि ०°।०'।०" हुँदा सायनसूर्य ≠ २४°।१९'।३७" हुन्छ। यो सायनसूर्य ३ राशिभन्दा कम भएकाले यसैलाई भुज मानेर काम गरिन्छ। अब म २४°।१९'।३७" को विषुवांश साधन गर्दछु। अर्थात्

विषुवांश ≠ स्प$^{-1}$(कोज्या परमक्रान्ति×स्प भुज)

≠ स्प$^{-1}$ (कोज्या २३°।२६'।१७" × स्प २४°।१९'।३७")

≠ स्प$^{-1}$(०.९१७४९०६३९७×०.४५२०८३५७५४)

≠ स्प$^{-1}$ ०.४१४७८२४४८८

≠ २२.५२७८६२५७

अर्थात् २४°।१९'।३७" भुजको विषुवांश ≠ २२.५२७८६२५७ हुन्छ।

यस पछि अभीष्ट भुजांशको क्रान्ति ल्याइन्छ। त्यसका लागि ज्या$^{-1}$ (ज्या परमक्रान्ति × ज्या भुज) यो सूत्र प्रयोग गर्नुपर्छ। जस्तै :-

क्रान्ति ≠ ज्या$^{-1}$ (ज्या २३°।२६'।१७" × ज्या २४°।१९'।३७")

≠ ज्या$^{-1}$ (०.३९७७५७३७०८ × ०.४११९४२९१८)

≠ ज्या$^{-1}$ ०.१६३८५३३३२

≠ ९.४३०६०२६१

अतः २४°।१९'।३७" भुजको क्रान्ति ≠ ९.४३०५०२६१ हुन्छ।

अब यो क्रान्ति र अक्षांशको आधारमा किरणवक्रीभवनसंस्कार समेत समावेश गरिएको चरांश साधन गर्नुपर्छ। सूत्रमा अ भनेको अक्षांश, क्रां भनेको क्रान्त्यांश र कि भनेको किरणवक्रीभवनसंस्कार भनेर वुझ्नुपर्छ। किको मान ५ पला अर्थात् ०.५ अंश मानिएको छ। यहाँ केवल चर मात्र साधन गर्ने सूत्र भनेको ज्या$^{-1}$ ((स्प.अ×स्प.क) यो हो। अब यहाँ सब भन्दा पहिले कि युत चरसाधन गर्ने परिवर्तित सूत्रहरू प्रस्तुत गर्दछु-

क) चरांश ≠ ज्या$^{-1}$((ज्याअ×ज्याक्रां.)-कोज्या कि)/कोज्याअ/कोज्याक्रां)

ख) चरांश ≠ ज्या$^{-1}$((ज्याअ×ज्याक्रां.)+ज्या कि)/कोज्याअ/कोज्याक्रां)

ग) चरांश≠ ज्या$^{-1}$((स्प.अ×स्प.क्रां)-(कोज्या कि/(कोज्याअ×कोज्या क्रां)))

किन्तु लग्नसारणी निर्माणार्थ कियुत चरसाधन गर्ने वास्तव सूत्र ज्या$^{-1}$ (स्प. अ × स्प. क्रां)+ कि यो हो । यस सूत्रानुसार परिगणित चरांश निम्नानुसार हुन्छ ।

चरांश ≠ ज्या$^{-1}$ (स्प.अ×स्प.क्रां)+कि

≠ ज्या$^{-1}$ (स्प.२७.७×स्प.९.४३०६२८६७७)+०.५

≠ ज्या$^{-1}$ (०.५२५०११७३७४×०.१६६०९७७२९६)+०.५

≠ ज्या$^{-1}$ ०.०८७२०३२५७६+०.५

≠ ५.००२७३२८०५+०.५

≠ ५.५०२७३२८०५

अतः चरांश ≠ ५.५०२७३२८०५

उन्मण्डल वृत्त र क्षितिजवृत्तको अन्तर अहोरात्रवृत्तमा चरखण्डकाल हुन्छ । त्यसको ज्याको नाम कुज्या हो । त्यसलाई त्रिज्यावृत्तमा परिणत गर्दा चरज्या हुन्छ । त्यसलाई चापमा परिणत गरेपछि चरांश आउँछ । त्यसले क्षितिज वृत्तमा लागेको क्रान्तिवृत्तीय बिन्दुको निर्धारण गर्छ । त्यस समयमा किरणको वक्रताले गर्दा चरनिर्दिष्ट विन्दुभन्दा अझ तलको विन्दु देखिने हुन्छ । चरनिर्दिष्ट विन्दु र किरणवक्र निर्दिष्ट विन्दुको अन्तर ०.५ अंश अर्थात् ३० कला हुन्छ । त्यसकारण साधित चरांशमा ०.५ अंश जोड्यो भने किरणवक्रीभवन संस्कारयुत चरांश स्वतः आउँछ । त्यसका लागि विशेष काम गरिरहनु पर्ने आवश्यकता नै रहँदैन । त्यसैले लग्नसारणी निर्माणार्थ चरांश ल्याउँदा ज्या$^{-1}$ (स्प.अक्षांश×स्प.क्रान्त्यंश)+०.५ यो सूत्र प्रयोग गर्नुपर्छ । यस सूत्रवाट प्राप्त चरांश नै वास्तव चरांश हुन्छ । माथि सोही अनुसार काम गरिएको छ ।

यहाँ सूर्य मेषादिको भएकाले यस चरांशलाई विषुवांशबाट घटाउँदा इष्टलग्नांश आउँछ । अर्थात्-

इष्टलग्नांश ≠ विषुवांश-चरांश

≠ २२.५२७८६२५७-५.५०२७३२८०५

≠ १७.०२५०८३

यस लग्नांशलाई ६ ले भाग गर्दा घडी पला र विपला भएको सारणीमा राख्ने प्रथम कोष्ठाङ्क आउँछ । अर्थात्-

प्रथमकोष्ठाङ्क ≠ १७.०२५०८३/६ ≠ २.८३७५१३८३३ ≠ २।५०।१५.०५ घट्यादि ।

यस कारण प्रथमलग्न सारणीको ० राशि ० अंश मिलेको पहिलो कोठाको घट्यादिक अङ्क यही हो । यसै गरी भुजांश सङ्ख्यामा एक-एक अंश वढाउँदै जाँदा क्रमशः प्राप्त हुने २।५७।४२, ३।५।११, ३।१२।४२ आदि अङ्कहरू क्रमशः दोस्रो, तेस्रो र चौथो कोठाका घट्यादिक अङ्कहरू आउँछन् । एवं रीतले गर्दै जाँदा ३६० कोठाका अङ्कहरू सजिलै सँग ल्याउन सकिन्छ । प्रथमलग्न सारणी वनाउँदा प्राप्त भएका विषुवांशहरूलाई ६ ले भाग गर्दै जाँदा दशमलग्नसारणीका कोष्ठाङ्कहरू

आउँछन्। यस किसिमले लग्नसारणीमा राख्ने अङ्कहरू ल्याउँदा विभिन्न किसिमका समस्याहरू आउँन सक्छन्। ती समस्याहरूलाई राम्रो सँग विचार गरेर समाधान गर्दै जानुपर्छ। अहिले सम्म लग्नसारणी बनाउने तरिका वाहिर आएको थिएन जस्तो लाग्छ। सबैको भलाइका लागि मैले यो प्रयास गरेको हुँ। यसवाट सबैको कल्याण नै हुनेछ भन्ने सम्झेको छु।

१.५ निष्कर्ष

अहिलेको जमाना भनेको गणकहरूका लागि सङ्गणकयन्त्र (क्याल्कुलेटर, कम्प्यूटर) को जमाना हो। त्यसैले गणकहरूको साथमा यथासम्भव एउटा प्रोग्रामेवल क्याल्कुलेटर हुनु अत्यावश्यक हुन्छ। लग्नसारणीको हिसाब हातले गरेर साध्य हुँदैन। हामीलाई एक घण्टा लाग्ने काम क्याल्कुलेटरले एक क्षणमा गरिदिन्छ। मैले माथि प्रस्तुत गरेको हिसाव क्याल्कुलेटरले गरेको हुँ। यहाँ लग्नसारणीको बारेमा भन्नु पर्दा सो सारणी कुनै ठाउँको निश्चित अक्षांशको आधारमा बनाइने हुँदा एउटा मात्र लग्नसारणी सबै ठाउँका लागि काम लाग्दैन। आ-आफ्नो ठाउँका लागि आ-आफ्नै अक्षांशद्वारा पृथक्-पृथक् लग्नसारणी बनाउनुपर्छ। हाम्रा पञ्चाङ्गहरूमा दिइएको लग्नसारणी काठमाडौंका लागि भनेर बनाइएको हो। त्यसैले यो लग्नसारणी सम्पूर्ण नेपालका लागि काम लाग्दैन। समान अक्षांश भएको ठाउँका लागि भने सामान्यतया काम चलाउ हुन सक्छ। त्यसैले आफ्नो ठाउँका लागि हामी आफैं लग्नसारणी बनाउने गरौं। सोही लग्नसारणी अनुसार लग्नसाधन गर्ने गरौं। सूक्ष्मातिसूक्ष्म चिना टिप्पनहरू बनाउने गरौं।

♣♣♣

योगाचार दर्शनमा पदार्थको सङ्ख्या र स्वरूप

शेखर दाहाल
सहायक प्राध्यापक

बौद्धदर्शनमा ज्ञानलाई सत् पदार्थका रूपमा स्वीकार गर्ने विज्ञानवादलाई योगाचार दर्शन भनेर चिनिन्छ। बोधिप्राप्तिका लागि योगसाधनालाई विशेष जोड दिने भएकाले यस दर्शनलाई योगाचार दर्शन भनिएको हो।[1] योगाचार शब्दको उत्पत्ति योचावचर शब्दबाट भएको हो। जसको उल्लेख पुराना पिटकहरूमा पनि पाइन्छ।[२] बाह्यार्थ, दुःख, अज्ञान, शून्यता आदि समस्त पदार्थहरूको बोधका लागि ज्ञानको आवश्यकता पर्दछ। त्यसैले समस्त पदार्थ विज्ञप्ति मात्र हुन्।[३] विज्ञप्ति भनेको चित्त, मन, ज्ञान वा विज्ञान हो। यो समस्त जगत् त्यही ज्ञानको विवर्त (फैलावट) मात्र हो। योगाचारवादीहरूका मतमा ज्ञान विज्ञानको नै प्रवृत्ति र निवृत्ति हुने हो र ज्ञानभन्दा इतर कुनै वस्तु वा पदार्थको उत्पत्ति वा विनास हुँदैन भन्ने रहेको छ।[४] पारमार्थिक रूपमा विज्ञान मात्र सत् पदार्थ हुने भए तापनि दृश्यमान जगतमा परतन्त्र स्वभावले युक्त पदार्थहरूको पनि अनुभूति हुने भएकाले योगाचार दर्शनमा संस्कृत र असंस्कृत गरी दुई प्रकारका पदार्थहरूको उल्लेख पाइन्छ। परतन्त्र स्वभावात्मक पदार्थहरूको सङ्घातबाट जगत्को उत्पत्ति हुने भएकाले पदार्थहरूको सत्ता स्वीकारिएको हो। कुनै कारणे वा समवायीकारणबाट उत्पन्न पदार्थ संस्कृत हुन् भने कुनै कारणबाट उत्पन्न नभइ स्वतः सिद्ध पदार्थहरू असंस्कृत हुन्। बौद्ध दर्शनमा पदार्थ शब्दको सम्बोधनका लागि धर्म शब्दको प्रयोग भएको छ।[५] धर्म शब्दको अभिप्राय ती सूक्ष्म तत्त्वसँग छ, जसलाई अझ टुक्र्याउन सकिँदैन। बौद्धदर्शनका सम्प्रदायमा धर्मका सम्बन्धमा मतैक्य पाइँदैन। सङ्ख्या र स्वरूपका विषयमा सम्प्रदायहरू बीच विवाद भए पनि यहाँ योगाचार दर्शन सम्मत धर्मको सङ्ख्या र स्वरूपको मात्र चर्चा गरिएको छ। योगाचार दर्शनमा संस्कृत धर्म

---

[1] नन्दकिशोर देवराज, भारतीय दर्शन, पृ. २१७।
[२] राहुल सांकृत्यायन, दर्शन दिग्दर्शन, पृ. ५७९।
[३] वसुवन्धु, त्रिंशिका, सामशंकर त्रिपाठी, सम्पा., पृ. ८।
[४] चित्तं हि वर्तते चित्तं चित्तमेव विमुच्यते।
चित्तं हि जायते नान्यच्चित्तमेव निरूध्यते। लंकावतारसूत्र, १४५
[५] वलदेव उपाध्याय, बौद्धदर्शन मीमांसा, पृ. १५९।

९४ र असंस्कृत धर्म ६ गरी जम्मा १०० धर्म रहेका हुन्। जसको चर्चा तल गरिन्छ।

१. संस्कृत धर्म

कुनै कारण वा समवायीकारणबाट उत्पन्न आश्रव (विकारले युक्त) धर्महरू नै संस्कृत धर्म हुन्। संस्कृत धर्म अनेक धर्महरूको सङ्घातबाट उत्पन्न हुने भएकाले अस्थायी, अनित्य, गतिशील[१] र क्षणिक[२] हुन्छन्। यहाँ संस्कृत शब्दको प्रयोग प्रचलित अर्थमा नभएर विशेष अर्थमा गरिएको छ। जसको व्युत्पत्तिलभ्य अर्थ सम्-सम्भुय अन्योन्यमयेक्ष कृता जनिता 'इति' संस्कृता अर्थात् धर्महरू आफैँमा मिलेर एक-अर्काका सहायताले उत्पन्न हुने धर्म नै संस्कृत धर्म हुन् भन्ने हुन्छ। योगाचार मतमा संस्कृत धर्महरू रूप, चित्त चैतसिक र चित्तविप्रयुक्त गरी चार प्रकारका छन्।

(क) रूपधर्म

रूत्यत इति रूपम् अर्थात् जुन धर्मले रूपको धारण वा ग्रहण गर्दछ, त्यो रूप हो। रूपको लक्षण सप्रतिघत्व हुन्छ।[३] प्रतिघको अर्थ हो बाधा वा विरोध।[४] योगाचार दर्शनका अनुसार रूप धर्मले एक समयमा जुन स्थानको ग्रहण गर्दछ, त्यही समयमा सोही स्थान दोस्रोका लागि ग्रहणीय हुँदैन। चक्षुरिन्द्रिय, श्रोत्रेन्द्रिय, घ्रोठोन्द्रिय, जिह्वेन्द्रिय, कायेन्द्रिय, रूप, शब्द, गन्ध, रस, स्पर्स र अविज्ञप्ति गरेर रूपधर्महरू एघार प्रकारका छन्।[५] चक्षुरिन्द्रियदेखि कार्येन्द्रियसम्मका पाँचवटा बाह्य इन्द्रिय हुन्, रूपदेखि स्पर्ससम्मका पाँचवटा इन्द्रियका विषयहरू हुन् भने अविज्ञप्ति भनेको एक विशेष कर्म हो। चेतना र चेतनाजन्य गरी कर्महरू दुई प्रकारका हुन्छन्। 'चेतनाको अर्थ मानसकर्म'[६] र चेतनाजन्य कर्मको अर्थ कायिक तथा वाचिक भन्ने हुन्छ। चेतनाजन्य कर्म पनि विज्ञप्ति र अविज्ञप्ति दुई किसिमको हुन्छ। कुनै कर्म तत्काल फल दिने हुन्छन् भने कुनै कालान्तरमा फल दिने हुन्छन्। त्यही कालान्तरमा फल दिने कर्म नै अविज्ञप्ति हो।

(ख) चित्तधर्म

बौद्धदर्शनमा अन्य पौरस्त्य दर्शनले प्रयोग गरेको 'जीव'को पयाथपाचस शब्दका रूपमा 'चित्त' शब्दको प्रयोग पाइन्छ। इन्द्रिय तथा तद्ग्राह्य विषयको घातप्रतिघातको सत्ता रहेसम्म चित्तको सत्ता रहन्छ। इन्द्रिय र विषयको

---

[१] राममूर्ति शर्मा, भारतीय दर्शनकी चिन्तन धारा, पृ. ८६।
[२] संस्कृतं क्षणिकं यत वसवन्धु अभिधर्मकोश, ४।२।
[३] वलदेव उपाध्याय, पूर्ववत् पृ. १६६।
[४] फणिन्द्रप्रसाद पाण्डेय, संस्कृत-नेपाली शब्दकोस, मसंवि पृ. ८१७।
[५] भरतसिंह उपाध्याय, बौद्धदर्शन तथा अन्य भारतीय दर्शन, पृ.
[६] चेतना मानसं कर्म, वसुवन्धु, अभिधर्मकोश, ४।१।

घातप्रतिघातको अन्त्यसँगै चित्तको पनि समाप्ति हुन्छ। योगाचार दर्शनमा चित्त, मन तथा विज्ञानलाई समानार्थक शब्दका रूपमा लिइन्छ। यस मतमा चित्तलाई असन्दिग्ध एकमात्र परमतत्त्व मानिए तापनि प्रतिक्षण परिवर्तनशील तथा कार्यकारण सम्वन्धका कारण प्रत्येक क्षण नवीन रूप धारण गर्ने भएकाले चित्तको स्वतन्त्र सत्ता हुँदैन। योगाचार दर्शनानुसार मन, श्रोत्र, घ्राण, जिह्वा, काय, मनोविज्ञान (क्लिष्टमनोविज्ञान) र विपाक गरेर आठ प्रकारका चित्तधर्म छन्।[१] चक्षु, श्रोत्र, घ्राण, जिह्वा र कायविज्ञान: रूप, शव्द, गन्ध, रस र स्पर्सको ग्रहणसँग सम्वन्धित छन्। मन छैटौं इन्द्रियको रूपमा विज्ञानको अस्तित्व हो जसले वाह्य इन्द्रियद्वारा अगोचर अमूर्त धर्मको ग्रहण गर्दछ। इन्द्रियहरूको सहायता विना अमूर्त धर्महरूको ज्ञान हुनु मनोविज्ञान हो भने विपाक पारमार्थिक ज्ञानको सोमानको रूपमा रहेको हुन्छ।

(ग) चैतसिक धर्म

चित्तका उपकारक धर्महरू नै चैतसिक धर्महरू हुन्। चित्तसँग घनिष्ट सम्वन्ध राख्ने भएकाले चैतसिक धर्मलाई 'चित्तविप्रयुक्त धर्म' पनि भनिन्छ। चैचसिक धर्महरू 'सर्वत्रग, विनियत, कुशल, क्लेश, उपक्लेश र असंप्रजन्य'[२] गरी छ भेदका ५१ उपभेद रहेका छन्।

(अ) सर्वत्रग: सर्वत्र गपति गच्छतीति सर्वत्रग: अर्थात् आठै विज्ञानमा समानरूपले जाने भएकाले सर्वत्रग भनिएको हो। स्पर्स, मनस्कार, वेदना, संज्ञा र चेतनासहित पाँच प्रकारका सर्वत्रग हुन्छन्। सर्वत्रग आठ प्रकारकै विज्ञानमा समानरूपमा पाइन्छ।

(आ) विनियत: समानरूपमा सबै विज्ञानहरूमा नपाइने चैतसिक धर्महरू विनियत हुन्। चक्षु, श्रोत्र, घ्राण, जिह्वा, काय र मनोविज्ञानमा मात्र विनियतधर्मको प्रवृत्ति पाइन्छ। योगाचारदर्शनानुसार छन्द=अभिष्ट वस्तुको अभिलाषा, अधिमोक्ष=वस्तुप्रतिको निश्चित धारणा, स्मृति=पूर्वस्मरण, समाधि=चित्तएकाग्रता, प्रज्ञा=ज्ञान गरेर पाँच प्रकारका विनियत धर्महरू रहेका छन्।[३]

(इ) कुशल :

कुशलको अर्थ नैतिक संस्कार हो। कुशललाई असल रूपले समजातीय कुशल चित्तहरूमा संप्रयुक्त हुने भएकाले कुशल भनिएको हो। यो एघार प्रकारको हुन्छ। जो यस प्रकारका छन् -[४] श्रद्ध= चित्तशुद्धि, ह्रि= आफैले गरेको कार्यका कारण लज्जा, अपत्रया= अरूले गरेको कार्यप्रति लज्जा, अलोभ= त्यागको भावना,

---

[१] चन्द्रधर शर्मा, भारतीय दर्शन, आलोचना और अनुशीलन पृ. १०३।
[२] सर्वत्रशैविनियतै कुशलैश्चैतसैरसौ
संप्रयुक्ता तथा क्लेशैरूपक्लेशै..... । वसुवन्धु, त्रिंशिका, का.९।
[३] वसुवन्धु, विज्ञप्तिमात्रतासिद्धि प्रकरणद्वयम्, रामशंकर त्रिपाठी सम्पा. पृ. २०४।
[४] पूर्ववत्, पृ. २११।

अद्वेश= मैत्री, अमोह= मोह नहुनु, वीर्य= शुभकार्यमा उत्साह, प्रश्रब्धि= चित्त शङ्कोच, अप्रमाद= कुशल कार्यमा जागरूकता, उपेक्षा= प्रतिकूल वस्तुबाट प्रभावित नहुनु, अहिंसा= हिंसा त्याग ।

(ई) क्लेश :

नराम्रा कार्यका विज्ञानसँग सम्बद्ध धर्महरू क्लेश हुन् । यी अकुशल विकारले युक्त हुन्छन् । क्लेश ६ प्रकारका हुन्छन् ।[1] जो यसप्रकार हुन्- राग= संसार र सांसारिक वस्तुप्रतिको चाहना, द्वेश= वैरता, मान= अभिमान, दृष्टि= मिथ्या दृष्टि, मोह= सुगति एवं दुर्गति वारेमा अज्ञान, विचिकित्सा= बुद्ध देशनाप्रति अविश्वास ।

(उ) उपक्लेश :

क्लेशको आश्रयबाट उपक्लेशको उत्पत्ति हुन्छ । उपक्लेश पनि नराम्रा कार्यका विज्ञानसँग सम्बद्ध धर्महरू हुन् । उपक्लेशहरूको सङ्ख्या बीस किसिमको छ[2] । क्रोध= रिसाउनु, उपनाह= शत्रुता, म्रक्ष=दम्भ, प्रदाश= नराम्रो वस्तु ग्रहण, ईर्ष्या= घृणा, मात्सर्य= डाह, माया= छल, शाठ्य= मूर्खता, मद= आत्मसम्मानमा प्रसन्नता, विहिंसा= कष्ट दिनु, आहीक्य= आफ्नै कुकर्ममा लज्जाको अभाव, अनत्रत्राप्य= निन्दतीय कार्यमा लज्जाको अभाव, स्त्याम= आलम्बनप्रति चित्तमन्दता उत्पन्न हुनु, उद्वव= चित्तको अशान्ति, अश्रद्धा= वुद्धवचनमा अनास्था, कोशीक्य= कुशल कर्ममा अनुत्साह, प्रमाद= घमण्ड, मुषिता स्मृति= अकुशल स्मृति, विक्षप= चित्त चञ्चलता, असम्प्रजत्य=क्लिष्ट ज्ञानहरू नै उपक्लेशहरू हुन् ।

(ऊ) अनियत चैतसिक :

अनियत चैतसिक धर्महरू चार प्रकारका छन् । कुशल चित्तको योगमा कुशल र अकुशल चित्रको योगमा अकुशल हुने भएकाले कौकृत्य, मिद्व, वितर्क र विचारलाई अनियत चैतसिक धर्म भनिएको हो ।[3]जसको अर्थ यस्तो हुन्छ- कोकृत्य= पश्चाताप, मिद्व=निद्रा वा विस्मृतिपरक चित, वितर्क= कल्पनापरक चित्त, विचार= निश्चय ।

(घ) चित्तविप्रयुक्त धर्म :

रूपात्मक भौतिक धर्म र चैतसिक धर्ममा पनि समावेश नहने धर्महरूलाई 'रूपचित्त विप्रयुक्त धर्म भनिन्छ । यी धर्महरू दुवैमा समावेश नहुने भएकाले पृथक

---

[1] पूर्ववत्, पृ. २२४ ।
[2] पूर्ववत् पृ.२३०
[3] वलदेव उपाध्याय, पूर्ववत् ।

वर्गमा राखिएको हो। योगाचार मतमा चित्तविप्रयुक्त धर्महरू चौवीस प्रकारका छन्।[1] ती यसप्रकार छन् - प्राप्ति= प्राप्त गर्ने शक्ति, अप्राप्ति= प्राप्तिको विपरित धर्म, निकाय समागता= प्राणीमा समानताको भाव उत्पन्न गराउने धर्म। असंज्ञिक= प्राचीन कर्मको फलअनुसार मानिसको चेतनालाई हीन समाधिमा पुऱ्याउने शक्ति, असंज्ञी समापत्ति= मानस प्रयत्न, निरोध समापत्ति= चेतनालाई वन्द गरेर निरोध उत्पनन गराउने शक्ति, जीवित= बाँच्ने शक्ति, जाति= जन्म, स्थिति= जीवित रहनु, जरा=बुढो हुनु, अनित्य= नाश, नामकाय=भाषिक पद, पदकाय= वाक्य, व्यन्जनकाय= वर्ण, प्रवृत्ति= संसार, एवंभागीय= व्यक्तित्व, प्रत्यनुवन्ध= परस्पर सापेक्ष सम्बन्ध, जनन्य= परिवर्तन, अनुक्रम= क्रमिक अवस्थिति, देश= स्थान, काल=समय, सङ्ख्या= गणना, सामग्री= परस्पर समवाय र भेद= पृथक स्थिति।

योगाचार मतमा संस्कृत धर्महरूको सङ्ख्या चौरानव्वे रहेको छ। एकआपसको सङ्घातबाट संस्कृत धर्महरू उत्पन्न हुने भएकाले अनित्य साश्रव र क्षणिक हुन्छन्। यी तत्त्वहरू पारमार्थिक रूपमा असत भए पनि परतन्त्रात्मक यस जगत् संस्कृत धर्महरूको अस्तित्व हुने भएकाले संस्कृत धर्मलाई स्वीकार गरिएको हो।

२. असंस्कृत धर्म :

हेतु वा कारणबाट उत्पन्न नभई स्वतःसिद्ध सदा नित्य धर्महरू असंकृत धर्महरू हुन्। विकाररहित हुने भएकाले असंस्कृत धर्मलाई अनाश्रव धर्म भनिन्छ। योगाचार दर्शनमा असंस्कृत धर्महरू छ प्रकारका छन्।

(क) आकाश :

योगाचारीहरू आकाशलाई नित्य धर्म मान्दछन्। बसुवन्धुले आकाशलाई 'अनावृति'[२] भनेका छन्। अनावृतिको आशय आकाश न कुनै धर्मको आवरण बन्छ, न कुनै धर्मलाई आवृत गर्छ। आकाश भूत भौतिक आदि धर्मको निषेध रूप पनि होइन, न यो शून्य रूप नै हो। आकाशले कुनै रूपलाई आफूमा प्रवेश गर्नबाट पनि रोक्दैन। त्यसैले आकाश नित्य र अपरिवर्तनशील असंस्कृत धर्म हो

(ख) प्रतिसङ्ख्यानिरोध :

प्रतिसङ्ख्याको अर्थ ज्ञान हो। ज्ञानद्वारा साश्रव (मलसहित) धर्महरूको पृथक्पृथक् वियोग हुन्छ[३]। ज्ञानद्वारा रागद्वेश आदिको नाश हुँदा प्रतिसङ्ख्यानिरोध

---

[1] बसुवन्धु पूर्ववत्, पृ. २५१।
[२] तत्राकाशं अनावृतिः, बसुवन्धु अभिधर्म कोश १५।
[३] प्रतिसंख्या निरोधो यो विसंयोग पृथक्पृथक् पूर्ववत् १,६।

स्थिति प्रारम्भ हुन्छ । साश्रव धर्महरूको वियोगलाई निर्वाण पनि भनिन्छ । ज्ञानको उदय हुँदा कुनै पनि साश्रव धर्मको सम्वन्धमा रागद्वेश वा ममताको परित्याग हुन्छ र त्यसबाट प्रतिसङ्ख्या निरोधको उदय हुने भएकाले यो पनि नित्य तत्त्व हो ।

(ग) अप्रतिसङ्ख्यानिरोध :

ज्ञानविना नै साश्रव धर्महरूको निरोधलाई अप्रतिसङ्ख्यानिरोध भनिन्छ। कुनै पनि हेतुप्रत्ययबाट उत्पन्न साश्रव धर्महरूको स्वभावतः निरोध हुन्छ अर्थात् तेलको समाप्तिपछि दीयो निभे जस्तै यिनीहरूको स्थिति हुन्छ । त्यस्तै विना ज्ञान नै साश्रव धर्मको निरोधलाई अप्रतिसङ्ख्यानिरोध भनिएको हो ।

(घ) अचल :

अचल शव्दको अर्थ उपेक्षा हो। सुख वा दुःखभावनाको तिरस्कारलाई उपेक्षा भनिन्छ। सुख दुःखको निरोधपछि अचल स्थितिको साक्षत्कार हुन्छ। अचल भनेको एक किसिमको मानसस्थिति हो । जुन चतुर्थ ध्यानावस्थामा प्राप्त हुन्छ ।

(ङ) संज्ञा-वेदना-निरोध :

योगी निरोध समापत्तिमा प्रवेश गरेपछि संज्ञा र वेदानाका मानस धर्महरूलाई आफ्ना वसमा पार्दछन् । सुख, दुःख, नसुख, नदुःख आदिको प्राप्तिमा हुने चित्तको विशेष अवस्था वेदना शो । वेदनाले गर्दा वस्तुको यथार्थताको ज्ञान हुन नसक्नु संज्ञा हो । योगीले दुवैलाई निरोध गर्नु वा वसमा लिनु नै संज्ञावेदना निरेध हो ।

(च) तथता :

'तथा' को भाव नै तथता हो । तथाको अर्थ जस्तो वस्तु छ, त्यस वस्तुको सोही अनुसारको स्थिति भन्ने हुन्छ । 'तभता' भनेको अविकारी तत्त्व हो । [१] जुन वस्तुमा कुनै प्रकारको विकास हुँदैन त्यो अविकारी तत्त्व हो । सहेतुक पदार्थ विकारी र संस्कृत हुन् । तथता अहेतुक एवं अनाश्रव हुनाले असंस्कृत धर्म हो । जगतका समस्त धर्महरूको नित्य र अविनासी तत्त्वका रूपमा यही अविकारी तत्त्वका रूपमा रहेको हुन्छ । तथतालाई भूतकोटी, परमार्थ आदिदि शव्दले सम्वोधन गरेमो पाइन्छ। भूतको अर्थ सत्य र अविपरित पदार्थ हुन्छ भने कोटी भनेको पर्यन्त हो । योभन्दा अतिरिक्त ज्ञेय अर्को पदार्थ छैन, त्यसैले यसलाई सत्यवस्तुको अन्तिम रूप (भूतकोटि) भनिएको हो।[२] लोकोत्तर ज्ञानद्वारा मात्र गोचर हुने भएकाले यो नै परमार्थ हो । तथतालाई शव्दद्वारा व्यक्त गर्न सकिदैन । कल्पनाको रहितनाले गर्दा यो नै परिनिष्पन्न स्वभाव हो ।

---

[१] तथता अविकारार्येनेत्यर्थ । मैत्रेयनाथ, मध्यान्तविभाग शास्त्रम् पृ. ४१ ।

[२] भूतं सत्यमविपरीतमित्यर्थः कोटीः पर्यन्तः । यक्त परेणान्यत् ज्ञेयं नास्ति अतो भूतकोटी भूत पर्यन्तः । स्थिरमति टीका, पूर्ववत् ।

योगाचार दर्शनमा अहेतुक असंस्कृत धर्महरू छ प्रकारका विज्ञान तथता वा भूतकोटी मात्र परमार्थतः सत् देखिन्छ। त्यसैले सुरुका आकाशादि पाँच धर्मलाई स्वतन्त्र मान्नु उचित देखिदैन। यिनीहरूलाई तथताका विभिन्न अवस्थाका भिन्नभिन्न रूप मान्नु युक्ति सङ्गत हुन्छ। त्यसैले अविनासी, नित्य अनिर्वचनीय धर्म एउटामात्र छ, त्यो हो तथता।

योगाचार दर्शनले हेतुजन्य प्रत्ययवाट उत्पन्न भएका चौरानव्वे धर्महरूलाई संस्कृत धर्मका रूपमा चिनाएको छ। ती पदार्थहरू सहेतुक भएकाले साश्रव हुन् र तिनीहरूको स्वरूप अनित्य र परत्रन्तात्मक छ। अहेतुक अनाश्रव धर्महरू छ प्रकारका छन्। ती अहेतुक र अनाश्रव भएकाले असंस्कृत हुन्। असंस्कृत धर्ममा परिनिष्पन्न स्वभावले युक्त धर्म तथता मात्र हो। आकाश, प्रतिसङ्ख्यानिरोध, अप्रतिसङ्ख्या-निरोध, अचल र संज्ञा-वेदना-निरोध तथताकै विविध अवस्थाका भिन्नभिन्न रूप हुन्। यसरी हेर्दा योगाचार दर्शनमा संस्कृत धर्मका रूपचितादि चौरानव्वे अनित्य धर्म, असंस्कृतका आकाशादि पाँच आंशिक सत्य र एउटा 'तथता' परमार्थतः सत् गरेर एक सय धर्म वा पदार्थहरू रहेका छन्।

सन्दर्भग्रन्थसूची :

१. उपाध्याय, बलदेव, वौद्धदर्शन मीमांसा, वाराणसीः चौखम्वा विद्याभवन सन् १९८१।

२. उपाध्याय भरतसिंह, बौद्धदर्शन तथा अन्य भारतीय दर्शन, प्रथम भाग, दिल्लीः मोतिलाल वनारसीदास, सन् १९९६।

३. देवराज, नन्दकिशोर, भारतीय दर्शन, लखनऊः उत्तर प्रदेश हिन्दी संस्थानः षष्ठ संस्करण, सन् २००२।

४. पाण्डेय, फणिन्द्र, संस्कृत-नेपाली वृहत शव्दकोश दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, २०५७।

५. मैत्रेयनाथ, महयान्तविभागशास्त्रम्, द्वारिकादास शास्त्री, सम्पा. वाराणसीः वौद्धभारती, सन् १९९८।

६. वसुबन्धु, विज्ञप्तिमात्रतासिद्धि, महेश तिवारी, सम्पा. वाराणसीः चौखम्वा विद्याभवन, सन् १९६७। विज्ञप्तिमात्रतासिद्धि प्रकरण्द्वयम्, रामशङ्कर त्रिपाठी, सम्पा., वाराणसीः सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, २०४९। अभिधर्मकोश, द्वारिकादास शास्त्री सम्पा., वाराणसीः वौद्धभारती, सन् १९९८।

७. शर्मा राममूर्ति, भारतीय दर्शनकी चिन्तन धारा, दिल्लीः मणिद्विप, सन् १९९९।

८. शर्मा चन्द्रधर, भारतीय दर्शन आलोचना और अनुशीलन दिल्लीः मोतिलाल वनारसीदास, सन् १९९०

९. साँकृत्यायन, राहुल, दर्शन दिग्दर्शन, द्वि.सं. इलाहवादः किताव महल, सन् २००३।

♣♣♣

वक्रोक्तिवाद : वक्रोक्तिको स्वरूप र काव्यको वक्रोक्तिवादी परिभाषा

श्यामप्रसाद खनाल
उपप्राध्यापक

१.१ विषयप्रवेश

अलङ्कारको रूपमा मात्र रहेको वक्रोक्तिलाई साहित्यशास्त्रीय सिद्धान्तका रूपमा काव्यको 'आत्मतत्त्व' मानी वक्रोक्तिवादको स्थापना गर्ने काम आचार्य कुन्तक (दसौं शताब्दी) बाट भएको हो। यो वाद भरतको रसवाद, भामहको अलङ्कारवाद, वामनको रीतिवाद र आनन्दवर्धनको ध्वनिवाद स्थापना भैसकेपछि पूर्वीय काव्यशास्त्रीय पाँचौं सिद्धान्तका रूपमा स्थापित भएको हो। पौरस्त्य काव्यचिन्तनपरम्परामा आनन्दवर्धनले स्थापना गरेको ध्वनिवादको वर्चस्व कायम भएको समयमा त्यसको आधार लिएर परोक्षरूपमा यसको खण्डन गर्ने उद्देश्य राखी कुन्तकले वक्रोक्ति सिद्धान्तको स्थापना गरेका हुन्। ध्वनिवादको वर्चस्वलाई खासै प्रभाव पार्न नसके पनि वक्रोक्तिलाई महनीय स्वरूप प्रदान गरी साहित्यशास्त्रीय मान्यताका रूपमा वक्रोक्तिवादको स्थापना गर्न कुन्तक सफल छन्। उनले भामहको प्रेरणा र प्रभावमा 'वक्रोक्ति' लाई काव्यको मूल तत्त्वका रूपमा स्थापित गरी काव्य वक्रोक्तिमा आश्रित हुन्छ, वक्रोक्ति काव्यको अनिवार्य तत्त्व हो, काव्यका सम्पूर्ण अङ्गहरू वक्रोक्तिमै अन्तर्भूत हुन्छन् भनेर वक्रोक्तिवादी चिन्तनलाई प्रस्तुत गरेका छन्। वक्रोक्तिवादी मान्यताको सैद्धान्तिक ग्रन्थ वक्रोक्तिजीवित हो र यसले 'वक्रोक्ति' लाई काव्यको प्राण वा जीवनाधायक तत्त्वको रूपमा स्थापित गरेको छ। काव्य सृजना र काव्य समालोचनाका सन्दर्भमा वर्ण, पद, प्रत्यय, वाक्य, प्रकरण र प्रबन्धको वैचित्र्य वा कलात्मकताको सूक्ष्म विवेचन भएको यो सिद्धान्त र प्रस्तुत ग्रन्थ पूर्वीय काव्यशास्त्रीय जगत्को महत्त्वपूर्ण निधिका रूपमा स्थापित छ।

वक्रोक्तिको स्वरूप

कुन्तकको स्थापनाअनुसार वक्रोक्ति काव्यको आत्मा हो। उनले वक्रोक्तिको परिभाषा यसरी गरेका छन्। प्रसिद्ध कथनभन्दा भिन्न विचित्र अभिधा अर्थात् विचित्र वर्णनशैली नै वक्रोक्ति हो। यो वैदग्ध्यपूर्ण (वैचित्र्यपूर्ण) भङ्गिमाद्वारा प्रस्तुत गरिने उक्ति (वैदग्ध्यभङ्गीभणितिः) हो। वैदग्ध्यको अर्थ विदग्धता वा कविकर्मकौशल हो, भङ्गी भनेको त्यसबाट उत्पन्न हुने शोभा वा चारुता हो, भणितिको अर्थ त्यसमा

आश्रित अभिव्यक्ति हो। विचित्र अभिधा नै वक्रोक्ति हो।[1] कुन्तकका अनुसार शास्त्र र व्यवहारको सामान्य प्रयोगमा प्रचलित शब्दार्थभन्दा भिन्न उक्ति नै वक्रोक्ति हो।[२] त्यस्तै, वक्रोक्तिमा वक्र कविव्यापार र सहृदयीको हृदयाह्लादकता पनि अनिवार्य रूपमा हुनुपर्ने उनको कथन छ।[३] उल्लिखित कथनका आधारमा 'वैचित्र्यपूर्ण उक्ति नै वक्रोक्ति' हो भन्ने कुरा स्पष्ट हुन्छ र यो तीनवटा गुणले सुसम्पन्न हुनुपर्दछः

(अ) कविकर्मकौशलता वा कविप्रतिभाजन्यचमत्कारकारिता।

(आ) शास्त्र तथा लोकव्यवहारमा प्रचलित शव्दार्थ प्रयोगभन्दा भिन्न।

(इ) सहृदयहृदयाह्लादकारिता।

यसरी कुन्तकको विश्लेषणअनुसार शास्त्र तथा लोकव्यवहारमा प्रयुक्त शब्द र अर्थको प्रयोगभन्दा भिन्न, कविकर्मकौशलमा आश्रित चमत्कारले युक्त, सहृदयीको मनलाई आनन्दित तुल्याउने उक्ति वा कथनशैली नै वक्रोक्ति हो। उल्लिखित तीनवटा तत्त्वहरूको समन्वित रूप नै वक्रोक्ति हो। उनले वक्रता, चारुता, वैचित्र्यलाई 'वक्रोक्ति'को पर्यायवाची शब्दका रूपमा प्रयोग गरेका छन्।

१.२ काव्यको वक्रोक्तिवादी परिभाषा

(क) व्युत्पत्ति (काव्यसर्जक) का आधारमा

काव्यशास्त्र 'वक्रोक्तिजीवितम्' को प्रारम्भमा उनले काव्यको व्युत्पत्तिपरक परिभाषा गरेका छन्। काव्य कविको कर्म हो अर्थात् कविको कर्मलाई काव्य भनिन्छ[४]। अलङ्कारयुक्त शव्द र अर्थको समष्टिमा नै काव्यता सिद्ध हुन्छ[५]। यसरी कुन्तकका अनुसार अलङ्कारयुक्त शव्द र अर्थको सहसंयोजनीयतापूर्ण कविको कर्म नै काव्य हो। शब्द, अर्थ र अलङ्कार यी तीनवटा तत्त्वको समष्टिमा नै काव्य निर्माण हुने ठहर उनको छ। पूर्वीय काव्यचिन्तन परम्परामा कविलाई विशेष महत्त्व दिई काव्यको परिभाषा गर्ने कुन्तकले कविस्वभाव वा कविको शैली काव्यमा प्रतिविम्वित हुने यथार्थलाई अघि सारेका छन्। उनले कविस्वभाव वा कविको प्रवृत्तिका आधारमा काव्यको वर्गीकरणसमेत गरेका छन् र यस्तो स्वभाव वा शैलीलाई उनले मार्ग भनेका छन्।[६]

---

१ वक्रोक्तिरेव वैदग्ध्यभङ्गी भणितिरुच्यते (१/१०) वक्रोक्तिः, प्रसिद्धाभिधानव्यतिरेकिणी विचित्रैवाभिधा। कीदृशी, वैदग्ध्यभङ्गीभणितिः। वैदग्ध्यं विदग्धभावः -कविकर्मकौशलं, तस्य भङ्गी विच्छित्तिः -तया भणितिः। विचित्रैवाभिधा वक्रोक्तिरित्युच्यते। (व.जी. १/१० को वृत्ति)

२ प्रसिद्धप्रस्थान व्यतिरेकिवैचिœयम्। १/१८ वृत्ति, कुन्तक

३ शव्दार्थौ सहितौ वक्रकविव्यापारशालिनि।
वन्धे व्यवस्थितौ काव्यं तद्विदाह्लादकारिणि। १/७, कुन्तक

४ कवेः कर्म काव्यम्। १/२ वृत्ति, कुन्तक

५ ..... सालङ्कारस्य काव्यता (१/६, कुन्तक)

६ सम्प्रति तत्र ये मार्गाः कविप्रस्थानहेतवः।
सकुमारो विचित्रश्च मध्यमश्चोभयात्मकः। (१/२४, कुन्तक)

वक्रोक्तिजीवितकार आचार्य कुन्तकले काव्यको लक्षण दिने क्रममा व्युत्पत्तिका आधारमा काव्य कविको कर्म हो भनेर कवि व्यक्तित्वलाई महत्त्वपूर्ण स्थान दिएका छन्। काव्यलाई कविको कर्म भनेर सर्जकलाई विशिष्ट स्थान र महत्त्व दिनु कुन्तकको विशिष्ट स्थापना हो। उनका पूर्ववर्ती आचार्यहरूले काव्यको हेतुका रूपमा कवि प्रतिभालाई स्थान दिए पनि मुख्य केन्द्रबिन्दु भने काव्यवस्तुलाई नै वनाए। सर्जक र उसको प्रवृत्ति वा शैलीलाई बिर्सेर कविले यस्तो गर्नुपर्छ भनेर निर्देशन दिने काम गरे। काव्यसर्जकको विशेषतालाई खासै महत्त्व नदिई सृजनाको गुणदोष विवेचनामा दत्तचित्त भए।[१] सृजनाकार काव्य वा साहित्यनिर्माणमा क्रियाशील हुन्छ र उसको काव्यनिर्माण प्रतिभाको फलस्वरूप काव्यमा सौन्दर्यको उत्पत्ति र प्रकाशन हुन्छ। उनले काव्यहेतुका रूपमा प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई प्रस्तुत गर्दै यी तीन कुरा कविस्वभावमा आधारित हुन्छन् भनेर सर्जकको वैयक्तिकतालाई विशेष महत्त्व दिएका छन्। सर्जकको स्वभावअनुसार प्रतिभाको आविर्भाव हुन्छ र त्यसैअनुसार साहित्यसृजना तयार हुन्छ। कविस्वभावलाई महत्त्वपूर्ण मान्ने कुन्तकले सर्जकको वैयक्तिक विशेषतालाई मार्गको संज्ञा दिएका छन्।

(ख) आत्मतत्त्व (काव्यरचना/काव्यकृति) का आधारमा

वक्रोक्तिवादले 'वक्रोक्ति' लाई काव्यको प्राण वा आत्मतत्त्व मान्दछ। कुन्तकले वक्रोक्तिवादी काव्यग्रन्थको नाम नै 'वक्रोक्तिजीवितम्' राखेका छन्, यसवाट वक्रोक्तिले जीवन्त रचना नै काव्य हो भन्ने कुरा स्पष्ट हुन्छ।उल्लिखित दुई आधारमा कविकर्ममा आश्रित वक्रोक्तिपूर्ण कृति नै काव्य हो भन्न सकिन्छ।

(ग) काव्यमर्मज्ञ (भावक) का आधारमा

वक्रोक्तिवादमा सहृदयलाई पनि धेरै महत्त्व दिइएको छ। वक्रोक्तिजीवितमा विभिन्न स्थान (कारिका र वृत्ति) मा काव्यमर्मज्ञको सन्दर्भ उठाइएको छ। यस आधारमा कुन्तकले सहृदयको हृदयलाई आह्लादित गर्ने रचना काव्य हो भनेका छन्[२]।उल्लिखित तीनवटै पक्षलाई समावेश गरी कुन्तकले काव्यको यस्तो परिभाषा गरेका छन्-सहृदयजनलाई आह्लाद प्रदान गर्ने, कवि कौशलयुक्त रचनाबन्धमा व्यवस्थित वक्रोक्तिपूर्ण (सौन्दर्यपूर्ण) शब्द र अर्थ समन्वितरूपमा काव्य हुन्[३]।

यस परिभाषाका आधारमा काव्यमा निम्नलिखित विशेषता हुन्छन्-

(क) शब्द र अर्थको सहभावजनित सौन्दर्य (वक्रोक्ति),

---

१ पूर्वीय साहित्य सिद्धान्त, २०४८, केशवप्रसाद उपाध्याय।

२ काव्यबन्धः .... हृदयाह्लादकारकः (१/३, व.जी., कुन्तक)

३ शब्दार्थौ सहितौ वक्रकविव्यापारशालिनि।
वन्धे व्यवस्थितौ काव्यं तद्विदाह्लादकारिणि। १/७, व.जी., कुन्तक)

(ख) वक्रतापूर्ण कविव्यापारशाली रचनाबन्ध,
(ग) काव्यमर्मज्ञका लागि आह्लादकारी ।

कुन्तकले काव्यको पर्यायवाची मानिने 'साहित्य' शव्दको परिभाषा पनि गरेका छन् । उनले परम्परागतरूपमा काव्यजगत्मा 'साहित्य' शव्द प्रचलित भए तापनि उनको समयसीमासम्म यसको वास्तविक अर्थ यही हो भनेर कसैले उल्लेख नगरेको कुरा औंल्याएका छन् । उनका अनुसार शव्द र अर्थको सहभाव साहित्य हो । काव्यका शोभाशाली वा सौन्दर्याधायक तत्त्व शव्द र अर्थको समभावबाट सहृदयका मनमा उत्पन्न हुने मनोहारी अवस्थिति नै साहित्य हो । यसमा शव्द र अर्थमध्ये कुनै एकको भूमिका न कम न बढी हुन्छ; दुवै परस्पर प्रतिस्पर्धी भएर रमणीय हुन्छन्; शव्द र अर्थको यही अन्यूनातिरिक्त विशिष्ट अवस्थिति नै साहित्य शव्दको अर्थ हो ।[1] उनले काव्यको परिभाषासँगै काव्यको पर्यायवाची शव्दका रूपमा प्रयोग हुँदै आएको 'साहित्य' शव्दको समेत विवेचना गर्नु उनको सूक्ष्म मौलिक चिन्तन हो ।

यसरी कुन्तकले शव्दार्थ चमत्कार, कविकर्म र त्यसको सेवनबाट आनन्दानुभूति गर्ने काव्यमर्मज्ञलाई समेटेर काव्य वा साहित्यको परिभाषा दिएका छन् । काव्यसर्जक, काव्याभिव्यक्तिको माध्यम शव्दार्थ र यसको सौन्दर्य (वक्रता) तथा काव्यसेवक यी तीनवटै पक्षलाई समावेश गरी दिइएको काव्यको परिभाषा अत्यन्त वैज्ञानिक, समन्वयवादी र महत्त्वपूर्ण छ । सर्जक, सृजना र भावक अर्थात् उत्पादक, उत्पादन र उपभोक्ता यी तीन पक्ष उनको काव्यलक्षणमा समाविष्ट छन् ।

सन्दर्भग्रन्थ

उपाध्याय, केशवप्रसाद, साहित्यप्रकाश, चौथो संस्करण, वि.सं. २०४९, साझा प्रकाशन, ललितपुर ।

........................, पूर्वीय साहित्य सिद्धान्त, दोस्रो संस्करण, वि.सं. २०४८, साझा प्रकाशन, ललितपुर ।

........................, सन् १९५५ हिन्दी वक्रोक्तिजीवित (सम्पा. आचार्य, विश्वेश्वर), रामलालपुरी, आत्माराम एण्ड सन्स, काश्मीरी गेट, दिल्ली, भारत

भामह, काव्यालङ्कार (पण्डित बटुकनाथ शर्मा, पण्डित वलदेव उपाध्याय), दो.सं., वि.सं. २०३८, चौखम्भा संस्कृत संस्थान, वाराणसी, भारत ।

१ साहित्यमनयोः शोभाशालितां प्रति काप्यसौ ।
अन्यूनातिरिक्तत्वमनोहारिण्यवस्थितिः ॥ (१/१७, व.जी., कुन्तक)

सार्वजनिक उत्तरदायित्वका सवाल, यसलाई प्रभावकारी बनाउने तत्त्वहरु र नेपालको सार्वजनिक उत्तरदायित्व प्रणालीका समस्या

सुवर्ण गौतम

सार्वजनिक सम्पत्तिको प्रबन्ध गर्ने जिम्मेवारी लिएको व्यक्तिहरूले आफ्नो कर्तव्यको कसरी पालना गरिरहेका छन् र तिनीहरूलाई घोषित उद्धेश्य, सिद्धान्त र कानुनी सीमाहरूवाट पन्छिन नदिनका निम्ति के कस्तो संयन्त्रको निर्माण गरिएको छ भन्ने कुराले राज्य व्यवस्थामा महत्त्वपूर्ण स्थान राखेको हुन्छ। यसरी अधिकार प्राप्त अधिकारीवाट अख्तियारको दुरुपयोग हुन नदिनका लागि निजले गरेको कामको जवाफ दिनुपर्ने दायित्वसमेत निजहरूमाथि राखिएको हुन्छ। यस्तो दायित्वलाई नै सार्वजनिक उत्तरदायित्व भनिन्छ।

यसप्रकार आफूलाई प्राप्त जिम्मेवारीअनुरूपका कामकारवाहीहरूको सम्बन्धमा अख्तियारप्राप्त अधिकारीले प्रतिवेदन वा स्पष्टीकरण वा उत्तर दिनुपर्ने दायित्व नै सार्वजनिक उत्तरदायित्व (public Accountability) हो। सार्वजनिक उत्तरदायित्वलाई "शक्तिको दुरुपयोग नियन्त्रण गर्ने उपकरण"का रूपमा *डेनिस प्लम्बो*ले परिभाषित गरेका छन्। उनको दृष्टिकोणमा प्रजातान्त्रिक सरकारमा शास्त्रीयसिद्धान्त अनुरूप उत्तरदायित्वको रेखा सरल र स्पष्ट हुन्छ। *अहमद सारिज बिन अब्दुल अहमद हमिद*ले "सार्वजनिक उत्तरदायित्वलाई कुनै व्यक्तिले आफ्नो कार्य र उपलब्धिका विषयमा उत्तर र स्पष्टीकरण लिने अधिकार भएकाहरूलाई उत्तर र स्पष्टिकरण दिने" दायित्वको रूपमा परिभाषित गरेका छन्। त्यसै गरी *आर्मस्ट्रङ्ग*का विचारमा "जुन परिणामहरूका निम्ति पदाधिकारीहरू जवाफदेही वा उत्तरदायी हुन्छन्, ती परिणाम वा उत्पादनहरूलाई उत्तरदायित्व" मानेका छन्। जनताको जीवन र समुदायमा प्रभाव पार्ने निजी तथा सरकारी संस्थाहरू सार्वजनिक हितका संरक्षक समेत हुनुपर्छ र त्यस्ता संस्थाहरू आफ्नो कार्यका निम्ति राष्ट्रिय व्यवस्थापिका र जनताप्रति समेत उत्तरदायी हुनुपर्ने कुरामा *विश्व मानव विकास प्रतिवेदन २००२* को पनि जोड रहेको पाइन्छ। तसर्थ जनताको करबाट पारिश्रमिक र सुविधा लिने सरकारी निकायहरू, अदालत, सैनिक तथा प्रहरी सङ्गठनहरू, राजनीतिक दलहरूका साथै जनताको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने निजी, सार्वजनिक वा बहुराष्ट्रिय संस्थाहरू पनि जनताप्रति उत्तरदायी हुनुपर्छ भन्ने आधारमा उत्तरदायित्वको अवधारणाको विकास भएको पाइन्छ। वर्तमान

समयमा उत्तरदायित्वको अवधारणा ऊर्ध्वमुखी (Upward-oriented) हुन्छ (उत्तरदायित्वको रेखा पदसोपानको क्रममा माथितिर बढ्दै गएको हुन्छ) भने जिम्मेवारीको रेखा तल्लो तहतिर क्रमशः झर्दै जान्छ र माथिल्लो तहले तल्लो तहलाई कामको जिम्मा दिएको हुन्छ (accountability ascends, responsibility descends and tasks are assigned) भन्ने मान्यतामा प्रश्न उठ्न थालेको छ र सार्वजनिक निकायका पदाधिकारीहरू माथिल्लो तहका पदाधिकारीहरूका साथसाथै जनताप्रति पनि उत्तरदायी हुनुपर्छ भन्ने मान्यताको विकास भएको पाइन्छ। त्यसै गरी सार्वजनिक निकायहरू तिनका कामका निम्ति समान स्तरका अन्य निकायहरूप्रति समेत उत्तरदायी हुनुपर्छ भन्ने मान्यताको समेत विकास भएको पाइन्छ। त्यसैले उत्तरदायित्व रेखा ऊर्ध्वमुखी वा एकदिशामुखी हुन्छ भन्ने मान्यतालाई बहुदिशामुखी उत्तरदायित्व रेखाहरूको अवधारणले विस्थापित गर्न थालेको छ। यसका अतिरिक्त यस धारणाले आफ्नो जिम्मेवारी पूरा नगर्ने व्यक्ति वा निकाय सजायको भागी हुने र आफ्नो जिम्मेवारी सही ढङ्गले पूरागर्ने व्यक्ति वा निकायले पुरस्कार पाउने गरी उचित दण्ड र पुरस्कारलाई समेत उत्तरदायित्वको अङ्गको रूपमा व्याख्या गरेको छ।

सार्वजनिक उत्तरदायित्वलाई प्रभावकारी वनाउनका निम्ति सार्वजनिक उत्तरदायित्वमा प्रभाव पार्ने तत्त्वहरूमा ध्यान दिनु पर्दछ। सार्वजनिक उत्तरदायित्वमा प्रभावपार्ने तत्त्वहरूको सन्दर्भमा विद्वानहरूमा फरकफरक दृष्टिकोण रहे तापनि यसका लागि केही खास तत्त्वहरूको आवश्यकता हुन्छ भन्ने कुरामा भने विद्वानहरूमा एकमत रहेको पाइन्छ। माइकेल इ.लो (Michael E. Lowe) ले सार्वजनिक उत्तरदायित्वलाई प्रभावकारी वनाउन निम्न तत्त्वले मद्दत पुऱ्याउने विचार प्रकट गरेका छन् :

१. राजनीतिक प्रतिबद्धता र इच्छाशक्ति,
२. जिम्मेवारीको सुस्पष्ट परिभाषा,
३. पारदर्शी निर्णय प्रक्रिया,
४. स्पष्ट मापदण्डहरू,
५. आधुनिक लेखाप्रणाली, लेखापरीक्षण र वित्तिय योजना,
६. प्रभावकारी र कुशल वोलपत्र एवं खरिदप्रक्रिया,
७. छानविन र अनुसन्धान व्यवस्था,
८. भ्रष्टाचार नियन्त्रण सम्बन्धी संयन्त्र,
९. खुला सूचना प्रणाली,
१०. प्रभावकारी खोज पत्रिका,
११. विकेन्द्रीकरण,
१२. संसदीय कामकारवाहीको प्रत्यक्ष प्रसारण,
१३. स्वतन्त्र अम्वड्स्म्यान(लोकायुक्त)

यसप्रकार माथि उल्लेखित बुँदाहरू कुनै पनि देश या समाजमा केकति मात्रा विद्यमान छन् भन्ने कुराको आधारमा त्यसको सार्वजनिक उत्तरदायित्वको स्तरको पहिचान, मूल्याङ्कन तथा सुधार गर्न सकिन्छ भन्ने कुरामा विद्वान्हरूको मतैक्य रहेको पाइन्छ। बँदा नं.१ देखि ३ सम्म विद्यमान भएको मुलुकमा उत्तरदायित्वको स्तर न्यून, ४ देखि १० सम्मको मध्यम र ११ वा सोभन्दा माथिका तत्त्वहरू भएको मुलुकमा उत्तरदायित्वको स्तर उच्च भएको निष्कर्ष *माइकल लो* को रहेको छ। माथि उल्लिखित कुनै पनि तत्त्व विद्यमान नभएको मुलुकको सरकारको कार्यशैली तानासाही हुन्छ भन्ने उनको निष्कर्ष छ। *माइकल लो* का उपरोक्त विश्लेषणका अतिरिक्त अन्य कतिपय तत्त्वहरू समेत समाजमा विद्यमान छन् जसले उत्तरदायित्वको स्तरमा महत्त्वपूर्ण प्रभाव पार्न सक्दछन्। उत्तरदायित्वमा प्रभाव पार्ने तत्त्वहरूको पहिचानले उत्तरदायित्वको अवस्थामा तात्त्विक सुधार गर्न आवश्यक कदम चाल्न मदत पुग्दछ। तसर्थ सार्वजनिक उत्तरदायित्वलाई थप प्रभावकारी बनाउन माथिको विश्लेषणका अतिरिक्त थप निम्नलिखित मापदण्डहरूलाई अँगाल्न सकिन्छ :

१. देख्न, नाप्न र प्रमाणित गर्न मिल्ने कार्य मापदण्डहरूको स्थापना,
२. खुला सूचना र सूचनाको हक,
३. विकेन्द्रीकरण,
४.स्वतन्त्र अम्बुड्स्म्यान (लोकायुक्त),
५.सबल खोज पत्रकारिता,
६.वोलकवोल एवम् खरिद प्रक्रियाको दक्षता र प्रभावकारिता,
७. राजनीतिक प्रतिबद्धता र इच्छाशक्ति,
८. स्पष्ट परिभाषित जिम्मेवारी,
९. निर्णयमा पारदर्शिता,
१०. भ्रष्टाचार नियन्त्रणका उपायहरू,
११. वित्तीय योजनाहरू, लेखा र लेखापरीक्षणका व्यवस्था,
१२. सोधपुछ तथा जाँच वा अनुसन्धानको प्रणाली,
१३. बहुमतको अधिनायकवादको अभाव वा विरोधको स्वतन्त्रता,
१४. उदाहरणीय नेतृत्व,
१५. सार्वजनिक बहस,
१६. कार्यविधि सरलीकरण,
१७. सूचना प्रवाहमा निरन्तरता,
१८. स्वतन्त्र, विवेकशील र ज्येष्ठताभापमुक्त स्वच्छ न्यायपालिका,
१९. जनचेतना,
२०. सुसेली संवाहक (सूचना संवाहक/सूचना सुसेल्ने/सूचना शङ्खवादक/सूचना सिठीवादक) को संरक्षण
२१. सरकारको खुलापनलाई सुनिश्चित बनाउने अन्य कानुनी वयवस्थाहरू र

२२. शक्तिको पृथकीकरण र सन्तुलन ।

यसरी माथि उल्लिखित विशेषताहरूमध्ये ६ वा सोभन्दा कम अवस्था विद्यमान भएको उत्तरदायित्व प्रणाली कमजोर प्रणाली हुन्छ भने १७ वा सोभन्दा वढी विशेषता भएको मुलुकको उत्तरदायित्व प्रणाली अत्यन्त सुदृढ र सवल प्रणालीको रूपमा लिइन्छ । तथापि सुदृढ उत्तरदायित्व प्रणालीका लागि खासखास विशेषताहरूको उपस्थितीलाई अपरिहार्य मानिएको छ। यसप्रकार सार्वजनिक उत्तरदायित्वलाई प्रभावकारी बनाउन त्यसलाई प्रभाव पार्ने तवहरूको सहि पहिचान गरि तिनीहरूको मात्रात्मक र गुणात्मक उपस्थितिलाई वृद्धि गर्न आवश्यक कदम चाल्न सकिन्छ ।

कुनै पनि देशको उत्तरदायित्व प्रणाली कति सुदृढ, सवल र प्रभावकरी छ भन्ने कुरालाई माथि उल्लेखित बुँदाहरूले प्रस्ट पार्दछन्। उपरोक्त बुँदाहरूमा उल्लेख भएका विशेषताहरूलाई मूलरूपमा त्यस देशको राजनीतिक स्थायित्व र शासन व्यवस्थाले प्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ। देशको सन्तुलित विकास र राजनीतिक स्थायित्वका लागि स्वच्छ, निष्पक्ष, न्यायिक सिद्धान्तमा आधारित समतामूलक र जवाफदेही एवं उत्तरदायीपूर्ण प्रशासनत्वको आवश्यकता पर्दछ। आधुनिक नेपाल निर्माणको सुरुआतसँगै १०३ वर्से जहानिया राणा शासनको दुश्चक्रमा रहेको नेपालको शासन व्यवस्थामा जनअधिकारहरू पूर्णरूपमा कुण्ठित र वञ्चित थिए, फलस्वरूप त्यस अवस्थामा कुनै प्रकारको जवाफदेहिता र जनउत्तरदायी शासनको कल्पनासमेत गर्न सकिँदैनथ्यो। २००७ को राजनीतिक परिवर्तनपश्चात् देश वहुदलीय व्यवस्थामा प्रवेश गरेपश्चात् मात्र सार्वजनिक उत्तरदायित्वको प्रश्नले स्थान पाएको हो। २०१५ सालमा प्रथमपटक जननिर्वाचित वि.पि. कोइराला नेतृत्वको प्रजातान्त्रिक सरकारलाई २०१७ साल पौष १ गते शाही कुमार्फत अपदस्त गरेपश्चात् लागू भएको पञ्चायती व्यवस्थामा जनअधिकारहरू पूर्णरूपमा कुण्ठित पारिएका कारण सरकार जनताप्रतिको सार्वजनिक उत्तरदायित्वमा पूर्णरूपमा निरपेक्ष रह्यो। प्रजातान्त्रिक शासन व्यवस्थामा मात्र सरकार जनताप्रति उत्तरदायी हुने र जनअधिकारको पूर्ण प्रत्याभूति हुने भएकाले सोको सुनिश्चितताका लागि विभिन्न समयहरूमा नेपालमा ठूलाठूला आन्दोलनहरू भएका छन्। २००७ सालपछि पनि २०३६, ०४२, ०४६ तथा २०६२/०६३ गरी पटकपटक भएका आन्दोलनहरूको मूल लक्ष्य दिगो शान्ति, पूर्ण प्रजातन्त्र र जनउत्तरदायी शासन व्यवस्थाको स्थापना गर्नु रहेको थियो। पछिल्लो समयमा सम्पन्न संविधानसभाको निर्वाचनपश्चात द्वन्द्वका सवै अवशेषहरूको अन्त्य गरी लोकतन्त्रको पूर्ण प्रत्याभूति दिने संविधान निर्माण कार्यमा सारा प्रयत्नहरू एकताबद्ध हुनुपर्छ भन्नेमा सवैको चासो रहेको छ। हालसम्म देशमा जनचाहनाअनुरूपको शासन व्यवस्थाले स्थायित्व पाउन नसके पनि सार्वजनिक उत्तरदायित्व प्रणालीलाई प्रभावकारी बनाउने बहानामा विभिन्न समयमा विभिन्न व्यवस्थाअन्तर्गत गठित सरकारहरूले विभिन्न कानुनी, संरचनात्मक र प्रक्रियागत व्यवस्था गर्ने प्रयास

गरेको पाइन्छ, तथापि नेपालको सार्वजनिक उत्तरदायित्व प्रणाली प्रभावकारी हुन सकेको देखिँदैन। नेपालको सार्वजनिक उत्तरदायित्व प्रणाली प्रभावकारी हुन नसक्नाका प्रमुख कारणहरूलाई बुँदागत रूपमा निम्नानुसार व्यक्त गर्न सकिन्छ :

१. राजनीतिक प्रतिबद्धता र इच्छाशक्तिको अभाव,
२. निर्णय प्रक्रियामा पारदर्शिताको अभाव,
३. सूचना संवाहक वा सूचना सुसेली संवाहक संरक्षण कानुनको अभाव,
४. निर्वाचन प्रणालीको अप्रभावकारिता,
५. स्वतन्त्र बुद्धिजीवी र विश्लेषकको अभाव,
६. स्वतन्त्र र विश्वसनीय मिडियाको अभाव/मिडियाको निष्पक्षता र विश्वसनीयताको कमी,
७. जनचेतनाको कमी,
८. गैरसरकारी सङ्गठनहरूको विश्लेषणमा अतिरञ्जना,
९. कमजोर र इमान्दार व्यक्तिलाई मात्र कानुन लाग्ने अवस्था,
१०. सार्वजनिक निकायहरूमा राम्रो उदाहरण प्रस्तुत गर्ने साहस र तत्परताको अभाव
११.उचित दण्ड र पुरस्कार प्रणालीको अभाव,
१२.शिक्षाको पहुँचमा कमी,
१३. आधुनिक प्रविधिमाथिको पहुँचमा कमी र
१४.राजनीतिक अस्थिरता।

यसप्रकार हाम्रो देशको उत्तरदायित्व प्रणालीमा विभिन्न कमीकमजोरीहरू रहेको तथा त्यसलाई सुदृढ बनाउन आवश्यक पर्ने विभिन्न तत्त्वहरूको अभाव भएकाले सार्वजनिक उत्तरदायित्व प्रणाली कमजोर रहेको देखिन्छ। यसलाई अझ कमजोर हुन नदिन यसका न्यूनताहरूको सही पहिचान गरी थप सबल र सुदृढ बनाउन सबै पक्षहरूबाट समयमै आवश्यक गम्भीरता देखाउनु जरुरी भएको छ।

सन्दर्भ सामग्री

उमेश मैनाली, सार्वजनिक उत्तरदायित्व : सैद्धान्तिक व्यावहारिक विवेचना,

कुमार चुडाल/ केशवप्रसाद विमली, संस्थान परिचय : (आठराई प्रकाशन २०५६)

युवराज पाण्डे, सार्वजनिक प्रशासन र सार्वजनिक कार्यको व्यवस्थापन, (विद्यार्थी पुस्तक भण्डार २०६२)।

३. HDR- 2002,P.65

४.Nicholas Henry, 2002,P.258

५. Armstrong,P.295

♣♣♣

An Understanding of General Equilibrium Analysis

Achyut Aryal
Lecturer

Introduction

General equilibrium analysis is different from partial equilibrium approach. In partial equilibrium, we reach to any conclusion based on ceteris paribus clasuse. A producer attains profit maximizing equilibrium with the assumptions of unchanged start or technology, demand conditions and some attendant conditions.

The price of a product is determined through the interactions between demand and supply of the said product, everything else held constant. Hence, the partial equilibrium analysis may not be adequate to explain the full-fledged picture of the system. General equilibrium analysis, however, does not require such assumptions (ceteris paribus) for the explanation of the equilibrium. This approach to equilibrium analysis is relatively complex and requires sophisticated devices to exhibit. Here, I have attempted to present one simple 2×2×2 model to give a feel of general equilibrium analysis.

Expalnation of General Equilibrium

To show how the economy attains equilibrium, this 2×2×2 model, which comprises two factors of production, two commodities (each produced by a firm) and two consumers, has the following assumptions:

Labor (L) and Capital (K) are two factors of production used in the production. These factors are fixed in quantity, homogeneous and perfectly divisible.

Only two commodities are produced X and Y. The production functions of the two commodities are represented by two isoquant maps, with the regular properties. Isoquants are negatively sloped and convex to the origin implying diminishing marginal rate of technical substitution. Each production function shows constant returns to scale. It is assumed that two productions function are independent (Maddala G.S and Miller Ellen).

There are two consumers in the economy, say A and B, whose preferences are represented by ordinal indifference curves again with usual properties such as convexity, diminishing $MRS_{X,Y}$ etc. choices of the consumers are independent, with no influence of the way a consumer consumes on the other's utility. Besides, consumers are sovereign in that their choice is not

influenced by advertising or other activities of the firms. Besides this, there are some additional assumptions as follows:

- Each firm is assumed to be a profit maximizer.
- Each consumer is assumed to behave in such a way so as to maximize the satisfaction, subject to the budget constraint.
- The consumers own the factors of production.
- There is full employment of factors of production and all incomes received by their owners (A and B) are spent.
- There is perfect competition in both commodity and factor market, consumers and firms pursue their goals with the same set of process (P_x, P_y, w and r).

Based on the above assumptions, a general equilibrium is reached when the four markets (Two commodity markets and two factor markets) are cleared at a set of equilibrium prices (P_x, P_y, w and r) and each participant is simultaneously at equilibrium (Salvatore, 2003). The general equilibrium thus requires the determination of the values of the following variables:

- The quantity of two commodities (X, Y) that will be produced by the firms and bought by the consumers.
- The allocation of the given K and L to the production of each commodity (K_X, K_Y, L_X, L_Y).
- Quantities of X and Y purchased by the two consumers (X_A, X_B, Y_A, Y_B).
- The prices of commodities (P_X and P_Y) and of factors of production (w, r).
- The distribution of factor ownership between the two consumers (K_A, K_B, L_A, L_B).
- The quantities of factors multiplied by their prices define the income distribution between A and B, and therefore their budget constraint.

Configuration of a General Equilibrium State

Three static properties may be observed in a general equilibrium solution, attained with a free competitive market mechanism:

1. Efficient allocation of resources among firms (Equilibrium of production).
2. Efficient distribution of the commodities produced between the two consumers (Equilibrium of consumption).
3. Efficient combination of products (Simultaneous equilibrium of production and consumption).

These above stated conditions are called marginal conditions of Pareto optimality. A situation is said to be Pareto optimal if one's position cannot

be made better off without making someone else's worse off. We, next, turn to different efficiencies one by one.

Equilibrium of Production (Efficiency in factor substitution). Equilibrium of production calls for the determination of the efficient distribution of the factors among the firms. A prior knowledge of how the firm minimizes the cost says that a particular firm chooses the factor combination which ensures the minimum cost. Hence the equilibrium of the firm requires that slope of isoquant=Slope of isocost; $MRIS_{L,K}$=w/r where $MRTS_{L,K}$ is the rate of change of capital with respect to labor, while w/r denotes a ratio of wages (w) to the interest rates (r).

The joint equilibrium of production of the two firms in our rather simple model can be shown by use of the Edgeworth box of production. On the axes of this construct we measure the given amount of the factors of production $\overline{L}$ and $\overline{K}$. The isoquants of Y are plotted with origin the North-east corner. The isoquants of commodity X are shown with origin the south-west corner. The locus of points of tangency of the X and Y is called the Edgeworth contract curve of production. This contract curve is of particular importance as it includes the efficient allocations of K and L between the firms.

Any point on the Edgeworth box shows some specific allocation of K and L in the production efficient in Pareto sense. An allocation of inputs is efficient if the produced combination of X and Y is such that it is impossible to increase the production the one commodity without having to reduce the other.



In the above box diagram we find that efficient production occurs along contract curve and any deviation suggests inefficiency. Let us take point 'z' for example, where production is inefficient, since a reallocation of K and L between two outputs (or firms) takes us to some points from a to b which leads to a greater production of one or both outputs.
Besides, Edgeworth contract curve is the locus of tangencies of the X and Y isoquants, with the slope of the isoquants being equal.

$$MRTS^{X}_{L,K} = MRTS^{Y}_{L,K}$$

Profit maximizing firms in competitive markets will be at equilibrium only is they produce somewhere along the contract curve. This follows from the fact that the factor price facing the producers are the same and their profit maximization requires that each firm equates its $MRTS_{L,K}$ with the ration of factor prices w/r:

$$MRTS^{X}_{L,K} = MRTS^{Y}_{L,K} = \frac{w}{r}$$

This criterion satisfies Pareto condition in order to reach the general equilibrium of production. However, the production equilibrium is not unique, since it may exist at any point along the contract curve. A contract curve can have an infinite number of Pareto-optimal production equilibria. With perfect competition, one of these equilibria will be realized, the one at which the condition $MRTS_{L,K}$ is equal to the ratio w/r.
Given the factor prices, one can arrive at the amounts of X any Y that maximize the profits for the firms. But in general equilibrium, these quantities must match consumers' want to buy in order to maximize their utility. This decision on the part of the consumers comes on the basis of the prices of the commodities P_X and P_Y. Thus, we now have to make use of a tool 'the production possibility curve' to bring together the production side of the system with the demand side (Koutsiyannis A 1979).
The production possibility curve can be derived from the Edgeworth contract curve of production, by mapping its points on a graph on whose axes we measure the quantities of the commodities X and Y. From each point of the Edgeworth contract curve of production we can read off the maximum obtainable quantity of one commodity, given the quantity of the other. For example, point 'a' below shows that given the quantity of X is

X_z, the maximum quantity of Y that can be produced is Y_z. In a similar fashion we will be able to locate other various points. Such points form a curve called production possibility curve.



General equilibrium of production, therefore, requires the equality between the slope of the transformation curve and the ratio of prices. Here, the ratio OA/OB measures the ratio of marginal cost of and hence the supply price of X to Y.



In the figure, the firms are in equilibrium producing the levels of output Y_e and X_e.

Equilibrium of Consumption (Efficiency in distribution of commodities)
Efficiency in distribution explains how each consumer reaches equilibrium. The rational consumer is said to be at equilibrium upon the fulfillment of the condition that the slope of the indifference curve (dy/dx) is equal to the

slope of the price ratio of commodities (px/py). Because both consumers in perfectly competitive markets face the same prices, the condition for general equilibrium of both consumers is

$$MRS^{A}_{X,Y} = MRS^{B}_{X,Y} = \frac{P_X}{P_y}$$

The general equilibrium of consumption for the product mix Y^e, X^e is shown in figure below:



Note that we construct the Edgeworth box by dropping lines parallel to commodity axes. This ensures the precise elimination of the box corresponding to Y^e and X^e outputs. Next, we plot indifference curves for both consumers A and B using south-west origin and north-east origin respectively. Again all points along contract curve represent efficient points, meaning they are Pareto-efficient distributions.

At each such point the condition $MRS^{A}_{X,Y} = MRS^{B}_{X,Y}$ is satisfied.

Only one of these points is consistent with general equilibrium of the system. This particular point satisfies the condition that $MRS^{A}_{X,Y} = MRS^{B}_{X,Y} = \frac{P_X}{P_y}$. In the above figure, the equilibrium of the consumers is defined by point 'T'. Consumer A reaches the utility level shown by the indifference curve A_z, buying level shown by the indifference curve B_4, buying the remaining amounts MX^e of X abd Ny^e of Y.

Efficiency in product mix – Equilibrium of production and Consumption

Finally, the general equilibrium of the system as a whole requires the fulfillment of yet another condition, namely that the marginal rate of product transformation (slope of PPC) be equal to marginal rate of substitution of the two commodities between the consumers $MRPT_{X,Y} = MRS^{A}_{X,Y} = MRS^{B}_{X,Y}$.

In perfect competition this condition is satisfied since $MRPT_{X,Y} = \frac{P_X}{P_y}$

and $$MRS^{A}_{X,Y} = MRS^{B}_{X,Y} = \frac{P_X}{P_y}$$ so

that $MRPT_{X,Y} = MRS^{A}_{X,Y} = MRS^{B}_{X,Y}$.

This is the third condition of Pareto efficiency. Since the MRPT refers to the rate at which a good can be transformed into another in production, and the MRS shows the rate at which the consumers are willing to exchange one good for another. For the system to be at equilibrium, the two ratios should be made equal.

Conclusion:

In conclusion, the paper gives insight into the general equilibrium analysis. With two persons, two products, and two inputs (2*2*2), one gets the ideas whether the analysis is useful in deriving welfare to the society. Welfare economics studies the conditions under which the solution to the general equilibrium model can be said to be optimal. Under perfect competition in all input and output markets, all the conditions for Pareto optimality are automatically satisfied. This is the basic argument in favor of perfect competition and proof of Adam Smith's law of invisible hand. Perfect competition, however, leads to maximum economic efficiency only in the absence of market failures.

References:

Koutsoyiannis A., (1979). *Modern Microeconomics:* Macmillan Press, London.

Maddala G.S, Miller Ellen (1989). *Microeconomics Theory and Applications*, McGraw-Hill, Singapore.

Salvatore, Dominick (2003). *Microeconomics, Theory and Applications*, Oxford University Press, New York.

♣♣♣

Manu's Laws on Warfare

Dr. Lal Mani Pandey
Lecturer

Introduction

Manusmriti, the work of Manu, is regarded as the essence of the Vedic knowledge. It has been given different names in Sanskrit such as the Manusmriti, Manusamhita, Manavadharmashastra etc. It occupies the most important place in Hindu literature on the regulation of life in social, political, economic, domestic, religious, legal and cultural aspects. The first rank in Smriti text belongs to him because he has embodied the essence of the Vedas. The Smriti text which is opposed to Manu is not approved. the Manusmriti is supposed to be the most important book on Hindu polity as it deals with different aspects of statecraft. Political ideas of Manu are regarded the most important and authentic work in Hindu polity. He has proposed an elaborate welfare state in domestic politics. A number of authors have explored his domestic policies, however, very few scholars have focused on Manu's discussions on war and foreign affairs. In this article discussion will principally be focused on views of Manu on the regulation of warfare.

Historical Background

There is a great controversy about the time of Manu. Like the Vedas, the Manusmriti traveled from mouth to mouth and finally it was compiled. Manu is the first king who is regarded the ancestor of human race in Hindu society. The Manusmriti is the laws of Manu. The school of Manu, in the history of Hindu political philosophy, has been popular and authentic since very ancient time. It is cited in other Hindu texts too. Like other authors, Kautilya has also cited the views of Manu in his Arthashastra, written towards the end of 4th century B.C. Considering his antiquity and authenticity in his writing, Manu has been regarded as the father of ancient Hindu polity. Most of the authors are of the view that the Manusmriti was actually compiled between 200 B.C. to 200 A.D.1 It is difficult to say any thing definite about the period of Manu and his work.

Duty of the Warrior Class

The Sanskrit term 'matsyanyaya' (the law of fishes) is a metaphorical expression to describe the state of anarchy. Just as the bigger fish swallow the smaller, the stronger or more powerful individuals exploit the weaker one. The society without a king was in the state of anarchy in the beginning. According to Manu, God created the king in order to relieve the people from the state of anarchy. For when this world was without a king and ran about in all directions out of fear. God, therefore, created the king from warrior class in order to relieve people from deplorable state.2 Like the monarch the state is also a creation of God. In ancient Hindu polity, the state was a well-knit political organization with seven constituents. The king, the minister, the fort, the territory, the treasury, the army and the ally are the seven elements of the state and so, the state is said to have seven elements.3

Manu has prescribed a detailed description of duties and functions of the king under the title of 'rajadharma' (duty of the king). Manu states that the king should control over his sense organs and he should be modest and courteous. He should be free from all the vices and possess an ideal character. The duties of the king as prescribed by Manu are concerned with maintaining internal peace, protecting the state from foreign aggression, collecting taxes and performing welfare activities of the society.

Firstly, Manu states that the foremost duty of the king is the protection of his people. It is concerned with maintaining law and order within the state. It was considered necessary to inflict punishment to maintain peace in society. Manu has laid down details about the administration of justice to punish the wicked and honour the good. The king holds the rod of punishment in his hand and he should use it properly in order to relieve the people of the state of anarchy. He should use punishment to maintain the values of dharma (religion). Through fear of punishment all living beings, stationary and moving allow themselves to be used and do not change direction from their own duty.4 Manu states that punishment, properly wielded with due consideration makes all the people happy; but inflicted without due consideration destroys everything.5

